ISSN 2091 2013

हाम्रो पुरुषार्थ

त्रैमासिक

किरण पुस्तकालय

स्वर्णवर्ष

विशेषाङ्क

किरण पुस्तकालय
तम्घास, गुल्मी

किरण पुस्तकालयको आधुनिक भवन निर्माण कार्यको वैदिक विधिपूर्वक शिलान्यास गर्दै प्रमुख अतिथि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण बिष्ट

किरण पुस्तकालयको स्वर्णमहोत्सवको अवसरमा आयोजित पुस्तक प्रदर्शनीमा पुस्तकालयका प्रकाशनहरूको मन्त्री बिष्टद्वारा अवलोकन

प्रमुख अतिथिबाट सम्मानग्रहणपश्चात् पुस्तकालयका सचिव तथा हाम्रो पुरुषार्थका सह-सम्पादक दीन पन्थी

हाम्रो पुरुषार्थ

(त्रैमासिक)

❑ वर्ष : ४६ ❑ अङ्क : १ ❑ सम्पूर्णाङ्क : ८० ❑ कात्तिक-पुस, २०७५

सम्पादक

शशि पन्थी

सह-सम्पादक

दीन पन्थी

सहायक सम्पादक

भेषबहादुर कुँवर

भुवनप्रसाद अर्याल

सहयोगी मण्डल

गोपाल पन्थी

राधा पन्थी

हिमकला राना

ईश्वर वि.क.

किरण पुस्तकालय

तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)

सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)

मो.नं. : ९८५११४८८०७, ९७४७००२०७९

E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com

Website : www.kiranpustakalaya.com

मूल्य : रु.५००/-

कम्प्युटर सेटिङ्ग : ईश्वर वि.क. र विशाल श्रेष्ठ

मुद्रक : सुशिला प्रिण्टर्स, गुल्मी ०७९-५२०४५०

E-mail : spgulmi 33@yahoo.com

हाम्रो पुरुषार्थ(त्रैमासिक)

काठमाडौं प्रतिनिधि

डा. दुर्गाप्रसाद अर्याल
फोन नं. ०१-४८२०५९७
डा. लक्ष्मीकान्त पन्थी
फोन नं. ०१-४८२०२२१
गोविन्दप्रसाद पोखरेल
फोन नं. ९८४१८४९६६६
भानुभक्त मरासिनी
फोन नं. ९८४१७१३३३६
ध्रुवराज पन्थी
फोन नं. ०१४२७८६५१
कृष्णप्रसाद भण्डारी 'मुमुक्षु'
फोन नं. ९८५६०३२४७७

पाल्पा प्रतिनिधि

कमल खत्री
फोन नं. ९८४७३०९०८

रुपन्देही प्रतिनिधि

गोपाल पन्थी
फोन नं. ९८५७०३३३३८
रुरु शर्मा
फोन नं. ९८४७०९३०११
कविता पन्थी
फोन नं. ९८४७०३३९२४
माधव गौतम
फोन नं. ९८५१०१३२८१

चितवन प्रतिनिधि

पुर्णप्रसाद अधिकारी
फोन नं. ०५६-५२८१६०

दाङ प्रतिनिधि

अर्जुनप्रसाद भट्टराई
फोन नं. ९८६८६३०४६१

पोखरा प्रतिनिधि

शङ्कर ज्ञवाली
फोन नं. ९८५६०३१४४४

विदेश प्रतिनिधि

डा. मणिलाल शर्मोपाध्याय
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१५४२२४१९९०६

शंकरप्रसाद शास्त्री
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

महेन्द्रकुमार लम्साल
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

विष्णु शर्मा
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

हरिनारायण सापकोटा
७१९-सेमेका एभेन्यू, १ आर, रिजबुड, क्वीन्स, जिप्कोड-११३८५, न्यूयोर्क, अमेरिका
फोन नं. १-३४७-५१०-२७७१

राष्ट्रपतिको स्वकीय सचिवालय

पत्र संख्या :- २०७५/०७६
चलानी नं. :- ९०

राष्ट्रपति भवन
शीतलनिवास, महाराजगञ्ज
काठमाडौं, नेपाल

मितिः २०७५/८/२४

सम्माननीय राष्ट्रपतिज्यूको शुभकामना सन्देश

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा रहेको ऐतिहासिक किरण पुस्तकालय स्थापनाको ५० वर्ष पूरा भएको अवसरमा हाम्रो पुरुषार्थको ८० औं अंक **किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क** प्रकाशित हुन लागेकोमा खुशी व्यक्त गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्नुभएको छ । समुदायको महत्वपूर्ण सहयोगमा साहित्यिक, सामाजिक तथा शैक्षिक क्रियाकलापहरु संचालन गर्दै आएको उक्त पुस्तकालयले आफ्नो क्षेत्रमा उल्लेख्य योंगदान पुऱ्याएकोमा राष्ट्रपतिज्यूले संस्थाको सराहना गर्नुभएको छ । सम्माननीयज्यूले पुस्तकालयद्वारा लामो समयदेखि नियमित रुपमा साहित्यिक पत्रिका प्रकाशन गर्न, साहित्य साधक पुरस्कृत गर्न, पुस्तकालयको लागि भौतिक संरचना विकास गर्न प्रयास भएकोमा धन्यवाद दिँदै संस्थालाई आवश्यक स्रोत र साधनले सम्पन्न तुल्याउन सम्बद्ध सबै पक्षबाट भविष्यमा थप सहयोग प्राप्त हुने अपेक्षा राख्नुभएको छ ।

भेषराज अधिकारी
प्रमुख स्वकीय सचिव

फोन:+९७७-१-४४१८०११, ४४१६०५६, फ्याक्स:+९७७-१-४४१६४९५
वेभसाइट: http://www.presidentofnepal.gov.np

प्रधानमन्त्री

काठमाडौँ, नेपाल

शुभकामना

गुल्मीको तम्घासमा रहेको किरण पुस्तकालयले स्वर्ण महोत्सव मनाउन लागेको खबर पाउँदा मलाई खुशी लागेको छ। यस अवसरमा म पुस्तकालय स्थापनामा योगदान गर्नेहरुको स्मरण गर्दै यस पुस्तकालयको उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछु।

नेपालमा पठन संस्कृतिको अभाव हुँदै गएको बेला किरण पुस्तकालयले यस क्षेत्रका बासिन्दालाई पुस्तक पढ्ने अवसर दिएको छ। यो पुस्तकालय स्थापना भएका बेला अहिले जस्तो सुचना प्रविधिको पहुँच थिएन। मानिसहरुले नयाँ सुचना र ज्ञान बढाउनका लागि दुर्गमका बासिन्दाहरुले चाहेर पनि पुस्तक पाउदैन थिए। शायद तम्घासका बासिन्दाको सुचना र ज्ञानको प्यासले यो पुस्तकालय स्थापना गर्न प्रेरित गऱ्यो होला।

अहिले सुचना प्रविधिको युग भएकोले पाठकहरुका आवश्यकता र रुची इन्टरनेटका विभिन्न माध्यमहरु प्रयोग गरेर पुस्तकहरुको खोजी गर्ने र अध्ययन गर्ने हुनसक्छ। त्यसैले यस पुस्तकालयले पनि आफूलाई आधुनिक सुचना प्रविधि मैत्री बनाएर इन्टरनेटका माध्यमबाट पाठकहरुले चाहे अनुसारका पुस्तक पढ्न सक्ने व्यवस्था गरिदिनु पर्दछ। जसले गर्दा लामो समय देखि यो पुस्तकालयमा रमाएका पाठकहरु अझै लामो समयसम्म यसकै वरिपरी रहिरहने छन्।

पुस्तकालयको स्वर्ण महोत्सवको अवसरमा त्रैमासिक पत्रिका 'हाम्रो पुरुषार्थ'को ८० औं अंक किरण पुस्तकालय विशेषांकको रुपमा प्रकाशन हुन लागेको रहेछ। यस विशेषांकमा पुस्तकालय स्थापनाको इतिहास ,पुस्तकालयको सान्दर्भिकता लगायतका विषयहरु पनि समेटिउन्। शुभकामना।

१९ मंसिर,२०७५

के.पी.शर्मा ओली

नेपाल सरकार

परराष्ट्र मन्त्री

परराष्ट्र मन्त्रालय
सिंहदरबार
काठमाण्डौं नेपाल।

शुभकामना

गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा रहेको किरण पुस्तकालयको स्वर्ण महोत्सवको उपलक्ष्यमा **"किरण पुस्तकालय स्वर्ण वर्ष विशेषाङ्क"** प्रकाशन गर्न लागेको जानकारी पाउँदा अति खुशी लागेको छ ।

आजभन्दा ५० वर्ष अगाडि जिल्लाको सदरमुकाम तम्घासमा पुस्तकालय स्थापना गर्नु वास्तवमा एउटा दूरदर्शी सोचको द्योतक हो भन्दा अत्युक्ति नहोला । कतिपय जिल्लाहरुमा हालसम्म पनि यस प्रकारका पुस्तकालयको सुविधा शायदै उपलब्ध छ । जसले पुस्तकालय स्थापनाको परिकल्पना गर्नुभयो, पुस्तकालयको महत्वलाई आत्मसात गर्नुभयो, स्थापनाका लागि मन, वचन र कर्मले साथ / सहयोग गर्नुभयो उहाँहरुप्रति हार्दिक नमन । उहाँहरु वास्तवमै धन्यवादका पात्र हुनुहुन्छ ।

पुस्तकालय ज्ञानको भण्डार हो, समाजको ज्योतिपुञ्ज हो अनि सभ्यता र संस्कारको आधारस्तम्भ हो । पुस्तकालय प्रविधि र प्रयोगको प्रयोगशाला हो, सिर्जना अनि आविष्कारको केन्द्रबिन्दु पनि हो । यो ज्ञानको क्षितिज फराकिलो पार्ने माध्यम हो । त्यसैले त पुस्तकालय स्थापनाको लामो इतिहास छ । हाम्रो जस्तो विकासोन्मुख देश अनि त्यस देशका नागरिकहरुका निम्ति पुस्तकालयको महत्व झनै बढी हुन्छ । हामी स्रोत साधन सम्पन्न छैनौं । अझै पनि हाम्रा सन्ततिहरु कलम, कापी, किताब, पेन्सिल जस्ता आधारभूत शैक्षिक सामग्रीहरुको अभावमा स्कूल जान सकिरहेका छैनन् वा बीचमै अध्ययन छोड्न बाध्य छन् । सिमीको पातबाट बनाइएको मसी, बाँसको सुपुला / अँगारले पोतेको कालो पाटी, निगालोको कलमले लेखेर शिक्षित पुराना पुस्ताका लागि यो नौलो प्रसङ्ग नभए पनि एक्काइसौं शताब्दीमा यो अवस्था हुनु हाम्रा लागि चुनौतीको विषय हो । यो अवस्थालाई सुधार गर्नुपर्छ । हाम्रा सन्ततिहरुलाई शिक्षाका सबै अवसरहरु उपलब्ध हुनु पर्दछ । पुस्तकालयलाई २१ औं शताब्दीअनुकूल प्रविधियुक्त बनाउनेतर्फ हाम्रो सोच, सहयोग र सहकार्य हुनु आजको आवश्यकता हो ।

ऐतिहासिक, धार्मिक तथा जैविक विविधताले भरिपूर्ण रेसुङ्गा र अर्जुन पहाडको काखमा अवस्थित त्यस पुस्तकालयले जिल्लाका अन्य स्थानहरुमा पनि यस्तै अनुकरणीय कार्यहरु गर्न प्रेरित गर्नेछ ।

अन्त्यमा, **"किरण पुस्तकालय स्वर्ण वर्ष विशेषाङ्क"** प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु । पुस्तकालयले आगामी दिनहरुमा आयोजना गर्ने कार्यक्रमहरु थप प्रभावकारी, सिर्जनात्मक, गुणस्तरीय अनि अनुकरणीय हुनेछन् भन्ने अपेक्षा सहित ।

प्रदीपकुमार ज्ञवाली

गोकर्ण विष्ट
मन्त्री
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या :-

च.नं.:-

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
स्वकीय सचिवालय, गुल्मी

नेपाल सरकार
स्वकीय सचिवालय
सिंहदरबार, काठमाडौं
फोन नं. : ९७७-१-४२११७१४/४२११९५९
फ्याक्स : ९७७-१-४२११८७७
Website : www.mole.gov.np

शुभकामना

किरण पुस्तकालय गुल्मीले स्वर्ण जयन्तीको अवसरमा '**किरण पुस्तकालय स्वर्णवर्ष विशेषांक**' प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ । गुल्मी जिल्लामा २०२५ सालमा स्थापित किरण पुस्तकालयले एक दर्जनभन्दा बढी पुस्तक र '**हाम्रो पुरुषार्थ**' नामक साहित्यिक पत्रिका प्रकाशन गर्दै आधा शताब्दीको गौरवमय यात्रा पूरा गरेको छ । देशविदेशका श्रष्टाहरुका रचनालाई पुस्तक र पत्रिकाकामार्फत पाठकसम्म पुर्याउने र पुस्तकालय माध्यमबाट ज्ञानको ज्योति छर्ने यस पुस्तकालय परिवारको योगदान अविस्मरणीय छ । किरण पुस्तकालयका सबै प्रकाशनहरु हाम्रा अमूल्य सम्पतिका रुपमा रहेका छन । नेपाली भाषा साहित्यको विकास गर्ने र चेतनाको प्रकाश छर्न किरण पुस्तकालयले पुर्याएको महत्वपूर्ण योगदानको लागि हार्दिक प्रशंसा गर्दछु ।

किरण पुस्तकालयको स्वर्णवर्षको अवसरमा प्रकाशन हुने विशेषांक संग्रहनीय र ज्यादै महत्वपूर्ण हुनेछ भन्ने विश्वास लिएको छु । यस पुस्तकालयलाई समयानुकूल प्रविधिमैत्री र साधनश्रोतले सम्पन्न बनाउदै अध्ययन, अनुसन्धान र सिर्जनाको केन्द्र बनाउन जरुरी छ । यसका लागि मैले सदैव साथ दिने प्रतिवद्धतासहित पुस्तकालयको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

२१ मंसिर, २०७५

गोकर्ण विष्ट
मन्त्री

प्रदेश सरकार
प्रदेश नं. ५
बुटवल, नेपाल

मुख्यमन्त्री

शुभकामना

गुल्मीको तमघासमा रहेको किरण पुस्तकालयले ५० वर्ष पूरा गरी ५१ औं वर्षमा प्रवेश गरेको र स्वर्ण जयन्ती वर्षलाई स्मरणीय बनाउनका लागि वर्षैभरी विविध महत्वपूर्ण कार्यक्रम आयोजना गरेको जानकारी पाउँदा खुशी लागेको छ।

पुस्तकालय समाजमा चेतनाको ज्योति छर्ने महत्वपूर्ण साधन हुन्। नेपालको लोकतान्त्रिक आन्दोलनमा जनमत बनाउन पुस्तकालयको भूमिका महत्वपूर्ण रहेको स्मरण गर्न चाहन्छु। पुस्तकालयलाई प्रविधिको प्रयोग गरी बदलिदो समाज अनुकुल सञ्चालन गरेर विगतमा झैं चेतनाको ज्योति छर्ने महत्वपूर्ण साधनको रुपमा स्थापित गर्न आवश्यक छ। यो कामलाई किरण पुस्तकालयले ध्यान दिनेछ भन्ने मैले विश्वास लिएको छु।

किरण पुस्तकालयले विगत ४५ वर्षदेखि साहित्यिक त्रैमासिक पत्रिका हाम्रो पुरुषार्थ प्रकाशित गर्दै आएको छ। मोफसलबाट नियमित पत्रिका प्रकाशन हुनु निकै चुनौतिपूर्ण काम हो। हाम्रो पुरुषार्थको नियमित प्रकाशनले मोफसलबाट पनि नियमित पत्रिका प्रकाशन हुन सक्छ, समाजको एउटा अभिन्न अंग बन्न सक्छ भन्ने सन्देश दिएको छ। हाम्रो पुरुषार्थलाई नियमित प्रकाशन गर्न जुट्ने किरण पुस्तकाय परिवार,सम्पादनकर्मी र व्यवस्थापनमा खट्नु भएका सबैप्रति म तपाईहरुको मिहिनेतको सम्मान व्यक्त गर्दछु।

अहिले मुलुक समृद्धिको यात्रामा अघि बढेको छ। संविधानले एकात्मक र केन्द्रिकृत राज्यव्यवस्थाको अन्त्य गरी संघात्मक राज्यव्यवस्था स्थापना गरेको र त्यसको व्यवहारिक प्रयोगको शुरुवात तीन तहको चुनाव सम्पन्न भई जनप्रतिनिधिमुलक शासन व्यवस्था शुभारम्भबाट भएको छ। शून्यबाट काम थाल्दै प्रदेशको सबै संरचना तयार गरी समृद्ध प्रदेश बनाउनुपर्ने अभियानमा प्रदेश सरकार जुटेको छ।

प्रदेश सरकारले समृद्ध प्रदेश खुशी नेपालीको नारा अघि सारेको छ। समृद्ध प्रदेश बनाउँदै समृद्ध मुलुक निर्माणको दिशामा अघि बढ्न सबैको सार्थक सहयोग आवश्यक छ। यो अभियानमा एकताबद्ध भएर बढ्न म सबैमा अपील गर्दछु।

अन्त्यमा, किरण पुस्तकालय स्वर्ण वर्ष विशेषांकको रुपमा प्रकाशन हुन लागेको हाम्रो पुरुषार्थको ८० औं अंक महत्वपूर्ण सामग्री सहित प्रकाशन हुन सकोस्, यही शुभकामना व्यक्त गर्दछु।

शंकर पोखरेल

मुख्यमन्त्री

प्रदेश सरकार
प्रदेश नं. ५

प्रदेश सरकार
प्रदेश न. ५
सामाजिक विकास मन्त्रीको
निजी सचिवालय
बुटवल, नेपाल

निजी सचिवालय
माननीय सुदर्शन बराल
सामाजिक विकास मन्त्री
बुटवल, नेपाल

पत्र संख्या :- ०६५/०६६
चलानी नं.:- ८६

मिति :- २०७५।०८।१२

शुभकामना

मानव जातिले आर्जन गरेको ज्ञान सम्पदालाई अन्य पुस्ता र व्यक्तिमा हस्तान्तरण गर्ने सशक्त माध्यमका रुपमा पुस्तकालय रहि आएको छ । यसै सन्दर्भमा गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा २०२५ सालमा स्थापित यस किरण पुस्तकालयले विभिन्न साहित्यिक सभा सम्मेलन , साहित्य साधना गर्ने स्रष्टालाई जानकी साहित्य पुरस्कार तथा हाम्रो पुरुषार्थ त्रैमासिक पत्रिका नियमित प्रकाशनको माध्यमबाट जनतामा चेतना फैलाउने, दर्जनौँ मुर्धन्य साहित्यकारको जन्म र विकास समेत गराएकोमा किरण पुस्तकालयको स्वर्णजयन्ती वर्षको अवसरमा **हाम्रो पुरुषार्थ** को ८० औँ अङ्क किरण पुस्तकालय स्वर्णवर्ष विषेशाङ्क प्रकाशन गर्न लागेको खवरले म अत्यन्तै खुसि भएको छु ।

उक्त साहित्यिक त्रैमासिक पत्रिकामा किरण पुस्तकालयको इतिहास, विकासका साथसाथै नेपाली मौलिक साहित्यको विभिन्न शैक्षिक तथा साहित्यिक विषयवस्तुहरु सामाजिक चेतनाको रुपमा विकास गर्दै गुल्मी जिल्लाका स्थानीय मौलिक संस्कृति, भाषा, इतिहासको संरक्षण र समग्र साहित्यिक विकासका लागि आवश्यक नीति योजना जस्ता आधारभुत विषयवस्तुहरु समेटिने छन भन्ने विश्वास सहित पत्रिका प्रकाशनको पुर्ण सफलता साथै किरण पुस्तकालयको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सुदर्शन बराल
सुदर्शन बराल
सामाजिक विकास मन्त्री

यात्रा पचास वर्षको

- उज्यालोको अर्को नाम किरण हो । उज्यालो सूर्यले छर्छ, अग्निले छर्छ, ज्ञानले पनि छर्छ । अँध्यारोमा भय छ, अविद्या छ । उज्यालोमा निर्भय छ, विद्या छ । उपनिषद् भन्छ - विद्या र अविद्या दुबै छन् लोकमा । विद्या अविद्या दुबै चिन्नुपर्छ । अविद्या छोडी विद्याको अमृत प्युनुपर्छ । विद्या अजरामर छ मर्त्यमा । विद्या अक्षर छ, अविनाशी छ । ज्ञान ज्योतिर्मय छ ।

- किरण एउटा प्रतीक हो - उज्यालोको, विद्याको, चेतनाको । पुस्तकालय एउटा मन्दिर हो - ज्योतिर्मयी वाग्देवीको । जहाँ किरण छ त्यहाँ सत्य आलोकित छ । जागौं किरणले ज्योतिर्मय पथको यात्री बनौं ।

- जहाँ हामी अक्षर रोपेर उज्यालो उमार्न उद्यत छौं, जहाँ हामी अँध्यारोमा किरण रोप्न लालायित थियौं समयको एउटा टुक्रामा, जहाँ अहिले उज्याला किरणहरू फुले समयको अर्को टुक्रामा, त्यहाँ किरणको रापताप सुदूरसम्म जाला - यो हाम्रो रहर हो । यही रहरमा, यही सन्तुष्टिमा, यही मायामा, यही उद्यानमा - हामी माली बन्छौं ।

- चुनौतीका पर्खालहरू नाघ्दै, समस्याका पहाडहरू चढ्दै कठिनाइँका जंघारहरू तर्दै तय भएको यात्रा हो यो पचास वर्षको । यसभित्र थुप्रै स्वप्नहरू छन्, दूरदृष्टिहरू छन्, अथक साधनाहरू छन्, कठिन तप र व्रतहरू छन् - जो गुणैकपक्षपातीहरूले बुझ्लान् ।

- ज्ञानका भोकहरू जाग्लान् - पछि पनि । विद्याका तिर्खाहरू जाग्लान् पछि पनि । यही आशामा जन्म्यो किरण पुस्तकालय एउटा गोशालामा । गोदुग्धले हाम्रा अंगअंग र मेधा परिपुष्ट भएका छन् । एउटा संयोग बन्यो - अत्युत्तम । पुस्तकालयबाट विद्याका किरणहरू प्रस्फुटन भई जनमन उज्ज्वल बनून् । सार्थक बनून् पुरुषार्थहरू । हाम्रा प्रतिभा, मेधा, पण्डाका द्वार खुलून् । पुष्ट बनून् हाम्रा दिल र दिमागहरू ।

-ooo-

कुटुरो फुकाउंदा

कति ?	के ?	कसको	कहाँ ?
१.	पुस्तकालय सेवा जति राम्रो, निःस्वार्थ र पवित्र सेवा अरू केही छैन ।	इन्दिरा दली	१
२.	५५ वर्षदेखिका तम्घासका सम्झना	मोदनाथ प्रश्रित	१७
३.	प्रजातान्त्रिक आन्दोलन र तम्घास जेल बस्दाका किरण पुस्तकालयका सम्झनाहरू	केशरमणि पोखरेल	२२
४.	गुल्मीका गौरव र गहना : किरण पुस्तकालय र हाम्रो पुरुषार्थ	भागवत ज्ञवाली	३२
५.	किरण पुस्तकालयको ज्योति : पूर्णचन्द्रको आभा	डा. रामप्रसाद ज्ञवाली	३५
६.	किरण पुस्तकालयका ५० वर्ष : एक सम्झना	पूर्णप्रसाद अधिकारी	३७
७.	पुस्तकालयको संस्थापन : एक सिंहावलोकन	गुणानिधि शर्मा	४१
८.	ज्ञानको दियो : किरण पुस्तकालय	रामचन्द्र पन्थी	४९
९.	किरण पुस्तकालयको परिकल्पना, स्थापना, विकास र विस्तार	भुवन 'अकिञ्चन'	५६
१०.	किरण पुस्तकालय : शैक्षिक चेतनाको संवाहक	भुवनप्रसाद श्रेष्ठ	६६
११.	शुभकामना	शान्तिनारायण श्रेष्ठ	६९
१२.	किरण पुस्तकालयका स्वर्णजयन्ती वर्षका कार्यक्रमहरू	गोपाल पन्थी	७०
१३.	गुल्मी जिल्लालाई चिनाउन किरण पुस्तकालयको भूमिका	लक्ष्मी पन्थी (अर्याल)	७५
१४.	किरण पुस्तकालयमा नारी सहभागिता	राधा पन्थी	८०
१५.	विश्वमा पुस्तकालयको विकास र गुल्मीमा किरण पुस्तकालयको स्थापना	ध्रुवराज पन्थी	८५

कति ?	के ?	कसको	कहाँ ?
१६.	किरण पुस्तकालयका विविध पक्षहरू	गोपाल पन्थी	९२
१७.	नेपालमा पठन संस्कृति र पुस्तकालय	डा. शिवप्रसाद पौड्याल	९८
१८.	कुरा प्राचीनतम पुस्तकालयका	डा. बाबुराम ज्ञवाली	११४
१९.	पुस्तकालय	यादवचन्द्र निरौला	१२०
२०.	प्रत्येक ठाउँले अनुकरण गर्ने एक अति प्रशंसनीय कर्म : किरण पुस्तकालय	डा. गोविन्दराज भट्टराई	१२८
२१.	किरण पुस्तकालय : अस्तित्व बोध	तीर्थराज वन्त	१३२
२२.	पुस्तक, पुस्तकालय र पठन-संस्कृति	कृष्ण ज्ञवाली	१३४
२३.	ज्ञानको किरण	प्रा.डा. कपिल लामिछाने	१४२
२४.	नेपालको बौद्धिक उन्नयनमा किरण पुस्तकालयको योगदान	डा. गणेश पाण्डेय	१४४
२५.	जीवेमशरद : सहस्राधिकम्	रामप्रसाद पन्त	१४९
२६.	किरण पुस्तकालयलाई नियाल्दा	नवराज पाण्डेय 'चातक'	१५३
२७.	गुल्मीको शैक्षिक जागरणमा किरण पुस्तकालयको महत्त्व	हेमराज पाण्डे	१५५
२८.	पुस्तकालयको सावाँअक्षर चिनायो किरणले	शिवशरण ज्ञवाली	१७०
२९.	पश्चिमको अब्बल किरण पुस्तकालय	पुष्कर अथक रेग्मी	१७४
३०.	शिक्षा, साहित्य, समाजसेवामा समर्पित शशि र किरण पुस्तकालयको स्वर्णजयन्ती	डा. हिरण्यलाल ज्ञवाली	१७८
३१.	गुल्मी तम्घास र किरण पुस्तकालय	विजय सागर	१८६
३२.	किरण पुस्तकालयले दलितसमुदायलाई लगाएको गुन	ईश्वर वि.क.	१८९
३३.	किरण पुस्तकालय र तम्घासको एउटा शालिक	चन्द्रकान्त आचार्य	१९२
३४.	किरण पुस्तकालय र गुल्मी जिल्ला	हीराबहादुर भलामी	१९८

कति ?	के ?	कसको	कहाँ ?
३५.	किरण पुस्तकालयसँगको सामीप्यता	हिमलाल ज्ञवाली	२०१
३६.	किरण पुस्तकालय मेरो विश्वविद्यालय	गोकर्ण मरासिनी	२०५
३७.	कहिल्यै भुल्न नसकिने किरण पुस्तकालयको सहयोग	बेदुराम भुसाल	२१२
३८.	दुःखको बेलाको साथी : किरण पुस्तकालय	बुद्धिबहादुर रायमाझी	२१६
३९.	किरण पुस्तकालयसितको मेरो चिनजान	उत्तरकुमार पराजुली	२२०
४०.	किरण पुस्तकालयमा अद्वैत संस्थाको कार्यक्रम	देवेश्वर सरस्वती	२२८
४१.	बौद्धिक साथी किरण पुस्तकालय	तुलसी गौतम	२३१
४२.	किरण पुस्तकालय	डा. दामोदर ढकाल	२३५
४३.	हाम्रो पुरुषार्थ : मेरो प्रेरणा-ग्रन्थ	पुष्पराज पौडेल	२४०
४४.	किरण पुस्तकालयसँग मेरो साइनो	गणेश ज्ञवाली	२४४
४५.	किरणको किरण	काशीनाथ मिश्रित	२४८
४६.	*THE FLICKERING MEMORY OF TAMGHAS DUNGEON*	*Prabha Krishna Poudel*	२४९
४७.	२०७४ सालको मदन-शीला साहित्यिक स्रष्टा र पत्रकारिता सम्मान समारोहमा कवितात्मक टिप्पणी	प्रह्लाद पोखरेल	२५३
४८.	किरण पुस्तकालयसँगको आत्मीयता	राजेन्द्रकुमार आचार्य	२५४
४९.	मेरो अनुभवमा किरण पुस्तकालय	खिमानन्द पोखरेल	२५७
५०.	पुस्तक, पुस्तकालय र किरण पुस्तकालय	डा. दुर्गाप्रसाद अर्याल	२६१
५१.	सत्कर्मलाई नमः	लक्ष्मण रिजाल	२६९
५२.	किरण पुस्तकालय	नमोनारायण पन्थी	२७०
५३.	किरण पुस्तकालय : सिर्जनाको उर्वर स्थल	मुकुन्दहरि गौतम	२७१

कति ?	के ?	कसको	कहाँ ?
५४.	किरण पुस्तकालय र शशि पन्थी	गणेश पुण्य श्रेष्ठ	२७३
५५.	किरण पुस्तकालयको प्रकाश	डा. लक्ष्मीकान्त पन्थी	२७५
५६.	किरण पुस्तकालयका पचास वर्ष	प्रा.डा. राजाराम उपाध्याय सुवेदी 'त्र्यम्बक'	२७८
५७.	किरण पुस्तकालय : एक संस्मरण	मोतीप्रसाद खनाल	२८३
५८.	विद्याको ज्योति : किरण पुस्तकालय	शारदा पन्थी खनाल	२८६
५९.	टुटेफुटेका टिपोटहरू	दीन पन्थी	२८७
६०.	किरण पुस्तकालय-स्वान्तसुखाय	हीरा ए.सी.	२९२
६१.	किरण पुस्तकालयको ऐतिहासिक पृष्ठभूमि	शेरजंगबहादुर बस्नेत	२९६
६२.	जिल्लामा गोरखापत्र हेर्न पाइने ठाउँ : किरण पुस्तकालय	त्रैलोक्य प्रताप सेन	२९८
६३.	किरण पुस्तकालय र हाम्रो पुरुषार्थ	कविता पन्थी	३०२
६४.	सभ्यताको केन्द्र : किरण पुस्तकालय	विष्णुप्रसाद खनाल	३०५
६५.	कृतज्ञता र धन्यवादका शब्दहरू	नरप्रसाद श्रेष्ठ	३०७
६६.	ज्ञानको भोजनालय बन्न सकोस् किरण पुस्तकालय	पन्थी रामप्रसाद	३०९
६७.	जेलभित्र किरण पुस्तकालयको सहयोग	लीलामणि ढुङ्गाना	३१७
६८.	५ नं. प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलनको सन्दर्भमा	पद्मप्रसाद शर्मा	३२०
६९.	किरण पुस्तकालय, हाम्रो पुरुषार्थ र म	वनमाली निराकार	३२४
७०.	चिरागको रूपमा किरण पुस्तकालय	अर्जुन ज्ञवाली	३२७
७१.	मेरो सम्झनामा किरण पुस्तकालय	काशीनाथ मरासिनी	३३०
७२.	पुस्तकालय	डा. कृष्ण भण्डारी 'मुमुक्षु'	३३७
७३.	किरण पुस्तकालय, चिसो कोठा र म	प्रकाश नेपाल	३३८
७४.	किरण तम्घासको	नारद गौतम	३४१
७५.	हराएका तीन थान रचनाहरू	दीपक विश्वकर्मा	३४२

प्रमाण/सूचना/उद्‌गार-खण्ड :

कति ?	के ?	कहाँ ?
१.	किरण पुस्तकालयको बारेमा संक्षिप्त जानकारी	xv
२.	५० वर्षे यात्राको क्रममा अतिथि तथा आगन्तुक पुस्तिकाका उद्‌गारहरू	३४७
३.	विभिन्न कार्यालयमा दर्ता भई प्राप्त प्रमाण-पत्रहरू	३७७
४.	वर्तमान संरक्षक सदस्यहरूको नामावली	३९१
५.	वर्तमान विशिष्ट सदस्यहरू	३९१
६.	वर्तमान आजीवन सदस्यहरू	३९२
७.	दिवंगत संरक्षक सदस्यहरू	३९५
८.	दिवंगत आजीवन सदस्यहरू	३९५
९.	पुस्तकालय व्यवस्थापन समितिको नामावली	३९६
१०.	किरण पुस्तकालय र हाम्रो पुरुषार्थको बारेमा लिखित शोधपत्रहरू	३९६

स्थायी स्तम्भहरू :

कति ?	के ?	कसको	कहाँ ?
१.	सम्पादकीय	सम्पादक	ix
२.	भेटघाट	शशि पन्थी	१
३.	पुस्तकालय परिचय	नवराज पाण्डेय 'चातक'	३९७
४.	पुस्तकालयको पातो	सचिव	३९९
५.	नौलो सृष्टि : सानो दृष्टि	अकिञ्चन	४००
६.	यताउताबाट		४०३
७.	पाठक-प्रतिक्रिया		४०४
८.	किरण पुस्तकालयका आजीवन सदस्यहरूको परिचय		४०५
९.	हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरूको नामावली		४०६

-ooo-

किरण पुस्तकालयसम्बन्धी संक्षिप्त जानकारी

१. स्थापना : २०२५ साल कार्तिक २० गते ।

२. स्थान : तत्कालीन लक्ष्मीपुर गाउँपञ्चायत वडा नं. १, हाल : रेसुङ्गा नगरपालिका वडा नं. ८, चिदीचौर, लाँकुरीमञ्च, तम्घास, गुल्मी ।

३. सरकारबाट पुस्तकालय सञ्चालनका लागि अनुमति प्राप्त मिति : २०२८/०५/०३, प्रमुख जिल्ला अधिकारी कार्यालय, शिक्षा शाखा, गुल्मीबाट ।

४. पुस्तकालयको विनियम स्वीकृति मिति : २०२८/१२/१४ जिल्ला शिक्षा कार्यालय, पाल्पाबाट ।

५. स्थायी स्वीकृति प्राप्त मिति : २०२९/०६/२९ गते जिल्ला शिक्षा अधिकारी कार्यालय, पाल्पाबाट तत्कालीन श्री ५ को सरकार र हालको नेपाल सरकारको परिवर्तित नीति नियमअनुसार समय-समयमा जिल्ला प्रशासन र जिल्ला शिक्षा कार्यालयमा दर्ता गराई स्वीकृति लिई अभिलेखीकरण र नवीकरण गर्दै/गराउँदै आएको ।

६. संस्थाको प्रकृति : गैरनाफामूलक, जनहितकारी, समुदायको सहयोगमा सार्वजनिक रूपमा सञ्चालित, विशुद्ध शैक्षिक, साहित्यिक, सामाजिक स्वशासित र संगठित संस्था ।

७. संस्थाको विधानअनुसार निश्चित प्रक्रियाबाट जुनसुकै नेपाली नागरिकले सदस्यता प्राप्त गर्न सक्ने । हाल १०० भन्दा बढी संरक्षक, विशिष्ट र आजीवन सदस्यहरू रहेको पुस्तकालय सभाबाट प्रत्येक ३/३ वर्षमा ९ सदस्यीय व्यवस्थापन समितिको गठन ।

८. प्रत्येक वर्ष वार्षिक सधाराणसभा, लेखापरीक्षण र अभिलेख नवीकरण गराउने गरेको ।

९. पुस्तकालयको नाममा १३ आनाभन्दा बढी जग्गा, ७ कोठे दुई तले भवन, आवश्यक फर्निचर र दश हजारभन्दा बढी संख्यामा पुस्तक तथा पत्र-पत्रिकाहरूको संग्रह ।

१०. २ जना स्वयम्सेवकहरूबाट दैनिक सञ्चालनको व्यवस्था ।

११. पुस्तकालयका मुख्य कामहरू : वाचनालय र पुस्तकालयमा सबैले निःशुल्क पढ्न पाउने । प्रमुख कविका जयन्तीहरू विविध कार्यक्रमको आयोजना गरी मनाउने ।

१२. समय-समयमा स्थानीयस्तरमा, जिल्लास्तरमा, प्रदेशस्तरमा र राष्ट्रियस्तरमा शैक्षिक र साहित्यिक गोष्ठी, सभा, सम्मेलनको आयोजना ।

१३. प्रत्येक वर्ष गुल्मीमा जन्मेर साहित्य साधना गर्ने एक स्रष्टालाई रू. ५ हजारको जानकी साहित्य पुरस्कार, प्रदान गर्ने गरी कोषको व्यवस्था ।

१४. एक दर्जनभन्दा बढी ऐतिहासिक, धार्मिक, सांस्कृतिक, शैक्षिक र अनुसन्धानात्मक कृतिहरूको प्रकाशन ।

१५. ४५ वर्षभन्दा लामो समयदेखि 'हाम्रो पुरुषार्थ' नामक राष्ट्रिय साहित्यिक पत्रिकाको प्रकाशन । विभिन्न विशेषाङ्कहरूसहित यसका ७९ अङ्क प्रकाशित । कुनै कुनै विशेषाङ्कहरू ५०० पृष्ठभन्दा बढीका । यसको ८० औं अंक किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्कको रूपमा पाठकहरूको हातमा ।

१६. हाम्रो पुरुषार्थको दर्ता नं. जि.प्र.का.गु. १/२०३५/०३६ र *ISSN* नं.२०९१/२०१३

१७. हाम्रो पुरुषार्थका स्वदेश र विदेशमा गरी १,००० भन्दा बढी आजीवन र स्थायी ग्राहकहरू ।

१८. विभिन्न संघ-संस्थाबाट पुस्तकालय, पत्रिका र सम्पादक पुरस्कृत ।

१९. स्वर्णजयन्ती वर्षको सन्दर्भमा पुस्तकालयको अत्याधुनिक भवन रू.५ करोडभन्दा बढीको लागतमा निर्माण गर्ने गरी मिति २०७५ साल कार्तिक १८ गते माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण बिष्टबाट एक भव्य समारोहकाबीच शिलान्यास ।

२०. पुस्तकालयको फोन नं. ०७९-५२०२८७

२१. इमेल : *hamropurushartha@gmail.com*,

२२. वेभ साइट : *www.kiranpustakalaya.com* यो वेभसाइट खोलेर संसारको जुनसुकै भागमा बस्ने व्यक्ति वा पाठकले सहजै पढ्न सक्ने ।

२३. सशर्त विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने गरी रू. दश लाखको अक्षयकोषको स्थापना ।

२४. आयस्रोत : अक्षयकोषको ब्याज, घरभाडा, पुस्तक तथा पत्रिका बिक्री, विज्ञापन, सदस्यता शुल्क, अन्य दान दातव्य र सरकारको पटके सहयोग ।

२५. स्थायी लेखा नम्बर : ६०७४६०७००

२६. आयकर छुट प्रमाणपत्र नम्बर : ३८

२७. पुस्तकालयको वर्तमान प्रचलित विधान **'किरण पुस्तकालयको विधान' (२०७२)** हो । यो विधान सर्वसाधारणको जानकारीका लागि हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ६८ को पृष्ठ ५७ देखि ६९ भित्र मुद्रित छ ।

-०००-

पुस्तकालय सेवा जति राम्रो, निःस्वार्थ र पवित्र सेवा अरू केही छैन ।

✍ इन्दिरा दली

(प्रख्यात समाजसेवी इन्दिरा दलीको जन्म २८ जनवरी १९४९ ई.मा ललितपुरमा भएको हो । समाजसेवामा दत्तचित्त दली हाल ललितपुर वार्ड नं. ३ सानेपामा स्थायी बसोबास गर्नुहुन्छ । पुस्तकालय सेवा र खास गरी गरिब, असहाय बालबालिकाको शिक्षाको लागि उहाँ सदा प्रयत्नरत रहनुहुन्छ । उहाँले बेङ्गलोर विश्वविद्यालय भारतबाट पुस्तकालय एवं सूचना विज्ञानमा M.L.I.Sc. गर्नुभएको छ । दलीले अनेक राष्ट्रिय अन्तर्राष्ट्रिय उच्च शैक्षिक संस्थाहरूमा विद्वद्वृत्ति प्राप्त गरेर आफ्नो प्राज्ञिक क्षेत्रलाई फराकिलो बनाउनु भएको छ । उहाँले राष्ट्रिय, अन्तर्राष्ट्रिय सेमिनार, कन्फ्रेन्स, कार्यशाला गोष्ठी आदिमा विषय विज्ञको रूपमा शोधपत्र, कार्यपत्रहरू प्रस्तुत गर्नुभएको छ । अनेक पत्रपत्रिकाको सम्पादन, खोजपूर्ण प्रबन्धहरूको लेखन, पुस्तकालय एवं महिलासम्बन्धी ग्रन्थहरूको लेखन, अनुवाद आदिद्वारा उहाँले नेपाली समाजलाई अविस्मरणीय योगदान दिनुभएको छ । उहाँले त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, सेडा पुस्तकालय, पाटन क्याम्पस पुस्तकालय, पद्मकन्या क्याम्पस पुस्तकालय आदि पुस्तकालयमा विभिन्न पदमा रहेर काम गरिसक्नुभएको छ ।

इन्दिरा दली पुस्तकालयविज्ञान, सूचनाविज्ञान, पत्रकारिता आदि विषयकी विज्ञ विदुषी हुनुहुन्छ । उहाँ नेपाली, अँग्रेजी, नेवारी, हिन्दी र जापानी भाषामा दक्ष हुनुहुन्छ । समाजसेवा, अध्ययन, चित्रकारिता, खेलौना संकलन, उद्यान

निर्माणजस्ता विषयमा रुचि राख्ने दलीले भारत, बङ्गलादेश, श्रीलङ्का, पाकिस्तान, थाइल्याण्ड, सिंगापुर, जापान, बेलायत, अष्ट्रिया, संयुक्त राज्य अमेरिका र क्यानाडाको भ्रमण गर्नुभएको छ । अहिले उहाँ पुस्तकालय विकास बोर्ड, पारिजात स्मृति केन्द्र, नेपाल पुस्तकालय संघ आदि संस्थामा संलग्न भई समाजसेवामा क्रियाशील हुनुहुन्छ । विशेष गरी पुस्तकालय सेवाको क्षेत्रमा विशिष्ट योगदान दिएकी इन्दिरा दली नेपालमा एक पुस्तकालयविद् महिलाको रूपमा सुपरिचित हुनुहुन्छ ।

त्रिभुवन विमानस्थलको मौसम पूर्वानुमान महाशाखामा आठ वर्ष सरकारी सेवामा कार्य गरी पी.एच्.डी.को तयारी गर्दागर्दै पुस्तकहरू रोज्ने र खोज्ने क्रममा दलीलाई त्रिभुवन विश्वविद्यालयको पुस्तकालय सेवामा जोडिने अवसर प्राप्त भयो । पुस्तकालयसम्बन्धी ३५ दिने तालिम लिई पद्मकन्या क्याम्पसको पुस्तकालयबाट दलीको पुस्तकालय सेवा शुरू भई त्रि.वि.का विभिन्न क्याम्पस, विभाग र केन्द्रीय पुस्तकालयमा ३६ वर्षभन्दा लामो समय बिताएर सेवानिवृत्त भए पनि दली वर्तमानमा पनि पुस्तकालय विकासको अभियानमा निरन्तर संलग्न हुनुहुन्छ । जीवनको आधाभन्दा बढी समय पुस्तकालयको सेवा र विकासमा बिताएकी दलीले नेपालका हरेक पुस्तकालयमा सानैदेखि पढ्ने बानीको विकास गरउन छुट्टै बाल पुस्तकालय शाखा स्थापना गर्नुपर्नेमा जोड दिंदै आउनुभएको छ । उहाँ वर्तमानमा पनि सामुदायिक बालविकास पुस्तकालय, सानेपा, ललितपुरको संयोजक र डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय, काठमाडौंको सदस्य हुनुहुन्छ । भेटघाट स्तम्भका लागि पुस्तकालयविद् इन्दिरा दलीसँग शशि पन्थीले लिएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ । -सम्पादक)

१. सर्वप्रथम तपाईंको परिचयबाट 'हाम्रो पुरुषार्थ'को भेटघाट स्तम्भका लागि कुरा सुरू गरौं । हाम्रा पाठकहरूका लागि सङ्क्षेपमा तपाईंको पारिवारिक पृष्ठभूमिसहित परिचय दिनुस् ।

❑ शशि सर, मेरो पारिवारिक पृष्ठभूमिसहित परिचयको सवाल अलि जटिल, गम्भीर र टेढोमेढो किसिमको छ । त्यसैले छोटोमा यसलाई राख्न सकिन्छ जस्तो मलाई लाग्दैन । आफ्नो परिचय दिने क्रममा म 'म, पुस्तक र पुस्तकालय' का बीचको त्रिकोणात्मक सम्बन्धबाट आफ्नो कुरा सुरू गर्न चाहन्छु ।

काठमाडौंको यङ्गाल टोलको एउटा मध्यम वर्गीय परिवारमा मेरो वि.सं. २००५ सालमा जन्म भएको थियो । काठमाडौंको निकै धनी परिवारकी

छोरी, मेरी आमा गुह्येश्वरी दली एउटी कुशल तथा जाँगरिली गृहिणी हुनुहुन्थ्यो भने बा काशीलाल दलीचाहिँ मध्यम वर्गको, त्यति बेलाको एउटा उच्च शिक्षा हासिल गरेको, अध्ययनशील र बौद्धिक व्यक्ति हुनुहुन्थ्यो । अति सरल, सोझो, शान्त र गम्भीर स्वभाव उहाँमा थियो । उहाँ सरकारी हाइस्कुलको गजेटेड स्तरको निकै नाम चलेको, अङ्ग्रेजी र गणित विषय पढाउने शिक्षक हुनुहुन्थ्यो । नाम चलेका शिक्षकमध्ये एक भएकोले साह्रै व्यस्त हुनुहुन्थ्यो । दिनभरि स्कुलमा र साँझबिहान पनि तीन, चार समूहलाई घरमा ट्युसन पढाउने । अलि पछि त बिहान-बेलुकी निजी स्कुल चलाएर हेड मास्टरका रूपमा पनि काम गर्नुभएको थियो ।

आमाका आठ सन्तानमध्ये दुई छोराहरूमध्ये एक जन्मदै र एक सानैमा मरेका थिए । बाँचेका हामी पाँच छोरीमध्ये म जेठी छोरीलाई बाले साह्रै माया गरेर तीन-चार वर्षसम्म भुईंमा खुट्टा नै हाल्न नदिई हुर्काउनुभएको थियो । बाको प्यारी छोरी हुन पाएकोमा म आफूलाई साह्रै भाग्यमानी ठान्थें ।

बाले घरमा पढाइरहँदा म उहाँको पछाडि एउटा कुनामा बसेर चुपचाप सुनिरहन्थें । खासगरी Nehru's Letter भन्ने कोर्सको किताब पढाइरहँदा म सधैं बडो ध्यान दिएर रुचिका साथ सुनिरहन्थें । भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूले आफू जेलमा हुँदा आफ्नी छोरी इन्दिरालाई (संयोगवश मेरैजस्तो नामकी) प्रकृति र अन्य विषयबारे जानकारी दिन चिठीका रूपमा लेखेर पठाएको पुस्तक रे त्यो । त्यो बेला मेरो बालमस्तिष्कमा सधैं एउटा प्रश्न उठिरहन्थ्यो-'ती दुई बाबुछोरीका बीचको माया बढी कि मेरो र बाका बीचको माया बढी ?' यसरी तुलना गर्दैगर्दा म सधैं एउटा कुन निर्णयमा पुग्थें भने मेरो बाले जति त अरू कसैको बाले पनि त्यति धेरै माया गर्न सक्तैनन् वा गरेका छैनन् । यसरी म आफ्नो बालाई संसारकै सबभन्दा बढी माया गर्ने बा ठान्थें ।

अङ्ग्रेजी र गणित पढाउने भए पनि बाको अरू विषयमा पनि धेरै रुचि रहेछ । त्यसैले आजभन्दा ६५/७० वर्षअघि उहाँले घरको एउटा कोठामा छ-सातवटा काठका दराजमा विज्ञान, दर्शन, भाषा-साहित्य, कला, स्वास्थ्य, शिक्षा जस्ता विभिन्न विषयका किताबहरू किनेर सङ्कलन गरेर राख्नुभएको थियो । त्यसका साथै मेरै लागि भनेर हुनुपर्छ बालसाहित्यका पुस्तकहरू पनि थुप्रै जम्मा गर्नुभएको थियो, खासगरी अङ्ग्रेजी बालसाहित्यका प्रख्यात पुस्तकहरू । जस्तै : सिन्ड्रेला, हान्सेल र ग्रेथेल, स्नो ह्वाइट क्विन आदि । विश्वप्रसिद्ध परिकथाकार हान्स क्रिस्चियन

एन्डरसनका परिकथाहरू, इसपका नीतिकथाहरू, पञ्चतन्त्रका कथाहरू आदि । त्यतिखेर आजभोलि जस्तो नेपालीमा बालसाहित्यका पुस्तकहरू धेरै उपलब्ध थिएनन् ।

घरमा फुर्सदको बेला बाको सधैं कुनै न कुनै पुस्तक पढिरहने बानी थियो । अनि मैले अङ्ग्रेजी राम्ररी पढ्न नसक्ता उहाँले मलाई किसिमकिसिमका पुस्तक आफैंले पढेर र त्यसभित्रका चित्रहरू देखाएर रमाइलोसँग कथा सुनाउनुहुन्थ्यो । तीमध्ये सिन्ड्रेला, हान्सेल र ग्रेथेलका कथाहरू मलाई यति धेरै मन पर्थे कि जति सुने पनि पुग्दैनथ्यो । हरेक दिन राति सुत्नुअघि उहाँले मलाई ती कथाहरू नसुनाई हुँदैनथ्यो । अनि म ती कथाका पात्रहरूसँगसँगै आफैंले दुःख पाए सरह दुःखी भएर साँच्चिकै रुने गर्थें । ती कथाका पुस्तक छोड्न मनै नलाग्ने । अनि त कहिले काखीमा च्यापेर र कहिले सिरानमुनि राखेर म सुत्ने गर्थें । मलाई ती मायालाग्दा पात्रहरूसँग छुट्टिन मनै लाग्दैनथ्यो ।

कहिलेकाहीं कथा सुनिसकेपछि बडो गम्भीर र भावुक भएर बालाई सोध्ने गर्थें- 'बा लोग्ने मानिसहरूले किन अर्की वा कान्छी स्वास्नी बिहे गर्छन् हँ ? अनि आफ्ना मायालु नानीहरूलाई किन त्यस्तो निष्ठुरी व्यवहार गरेर दुःख दिन्छन् हँ ? माया लाग्दैन ?' मेरो प्रश्न सुनेर बाले सधैं एउटै उत्तर दिने गर्नुहुन्थ्यो । प्रश्नकै रूपमा 'नाइँ सबै लोग्नेमान्छे कहाँ त्यस्ता हुन्छन् र ? हेर न मलाई नै, के मैले सौता हालेको छु ? के मैले तिमीहरू र तिम्री आमालाई कुटेको छु ? मैले त गालीसम्म गरेको छैन' ।

बाका त्यति धेरै किताब देखेर म यति प्रेरित हुन्थें कि प्रायः हरेक बिहान उठ्ने बित्तिकै म उहाँलाई मेरो इच्छा वा सपना यसरी भन्ने गर्थें-'बा म त सधैं पढिमात्र रहन्छु है, पढ्नेबाहेक अरू केही काम गर्दिनँ है, आमाले जस्तो भातसात पकाउने, भाँडा माज्ने, लुगा धुने आदि केही गर्दिनँ है, मात्र पढ्ने काम गर्छु, अनि संसारभरका सब ज्ञानगुनका कुरा पढ्छु र संसारमा सबभन्दा बढी पढ्ने, जान्ने, विद्वान् मानिस हुन्छु है, मैले अहिलेदेखि नै भनेकी छु नि तपाईंलाई' । विचरी चार-पाँच वर्षकी अबोध बालिका मलाई के थाहा ज्ञानको सीमा अपार हुन्छ भनेर । तर स्नातकोत्तर गरिसकेका मेरा शिक्षित बालाई त पक्कै थाहा थियो ज्ञानको कुनै सीमा हुँदैन भनेर । तर आफ्नी सानी छोरीलाई निराश नपार्न र हौसला दिन सधैं हाँसीहाँसी एउटै जवाफ दिने गर्नुहुन्थ्यो-'हुन्छ नाँई हुन्छ, तिमीलाई जतिसम्म पढ्न मन लाग्छ, त्यतिसम्म पढाइराख्छु, जे जे मन लाग्छ त्यै त्यै पढ्न दिन्छु, अरू क्यै काम अह्नाउँदिन बुझ्यौ' । बाको यस्तो आश्वासन पाएर म मख्ख पर्थें आफ्नो सपना पूरा हुने भयो भनेर ।

बाले मलाई घरमै अक्षर चिनाएर पढाइ सुरू गराउनुभयो । नेपाली वर्णमाला, अनि अङ्ग्रेजीको फस्ट बुक कि के पढ्न सिकाउनुभयो । अनि म छ-सात वर्षकी हुँदा काठमाडौंको न्ह्योखा टोलस्थित नाम चलेको स्कुल कन्या मन्दिर स्कुलमा लगेर कक्षा चारमा भर्ना गरिदिनुभयो । तर दुर्भाग्यवश दुई, तीन महिनामा नै मैले त्यो स्कुल छोड्नुपऱ्यो । कारण नेपाली भाषा पटक्कै नजानेको हुँदा पढ्न साह्रै गाह्रो भयो । घरमा र वरिपरि पनि नेवारी मात्र बोल्ने-सुन्ने भएकाले नेपाली बोल्न-बुझ्न एकदम कठिन भयो । गणितका शिक्षकले बोर्डमा लेखेका जोड, घटाउ, गुणन जस्ता पाठहरू सब बुझ्थें र सजिलैसित ती पाठहरू पूरा गर्थें । तर शिक्षकले पाठ देखाउन ल्याऊ भनेको नबुझेर डेस्कमाथि कापी पल्टाएर चुपचाप बसिरहन्थें । शिक्षकलाई कापी देखाउन जान्नथें । एक दिन त कस्तो बिजात्रा भयो भने कक्षामा नेपाली पढाउने सरले पढाइरहँदा मलाई पिसाबले असाध्यै च्याप्यो । तर 'म पिसाब फेर्न जाऊँ' भन्न नजानेकाले र बाहिर निस्कने आँट नभएकाले मैले बेन्चमा उठेर रूँदै सुरूवालमै सुइँक्याइदिएँ । सँगैका साथीहरू सब जिल्ल परे मेरो त्यो दुर्दशा देखेर । मातृभाषामा पढाइ हुने गरेको भए मैले पक्कै पनि यस्तो दुर्दशा भोग्नुपर्ने थिएन । मातृभाषामा शिक्षाको आवश्यकता किन छ यस सानो घटनाले मलाई प्रत्यक्ष सिकायो ।

बाले २०१३ सालको अन्त्यतिर काठमाडौंको बसाइ छाडेर ललितपुरको झम्सिखेल र सानेपा (हाल म बसेको ठाउँ) मा नयाँ घर किन्नुभयो र त्यहीँ बस्न थाल्यौं । अनि त्यहींकै श्री टीका विद्याश्रम नामको (किरण शमसेरले आफ्नी आमाको नाममा खोलेको) निजी स्कुलमा बाले मलाई फेरि कक्षा चारमै भर्ना गरिदिनुभयो । यसरी मेरो औपचारिक शिक्षाको थालनी म नौ वर्षको हुँदा २०१४ सालमा भयो ।

त्यहाँ पनि एक-दुई महिना त मलाई निकै गाह्रो भयो नेपाली भाषा राम्ररी बोल्न नजानेर । तै स्कुल र गाउँभरि प्रायः क्षत्री-बाहुनका छोराछोरीहरू मात्र भएकाले नेपाली भाषा बोल्न र लेख्न मैले चाँडै सिकें । त्यति मात्र होइन कक्षाको परीक्षामा समेत प्रथम नै हुन पुगें । प्रथम हुने क्रम पछिसम्म नै जारी रह्यो कक्षामा ।

२०१६ सालतिर अकस्मात् हाम्रो सुखी परिवारमा दुःखको ठुलो पहाड खस्यो । आमाले अन्तिम सन्तानका रूपमा छोरी नै जन्माइन् भनेर अन्धविश्वास र रूढिबुढीका कट्टर विरोधी रहेका आधुनिक र शिक्षित हाम्रा बाले छोराको हातको दागबत्ती नपाइनेभो, श्राद्धमा पिण्डपानी नपाइनेभो

जस्ता अनावश्यक परम्पराको त्रासले हामीलाई थाहै नदिई कान्छी स्वास्नी ल्याएर काठमाडौंको घरमा बस्न जानुभयो हामीलाई गाउँमा चट्ट छाडेर । विनादोष एक जना शिक्षित र जिम्मेवार व्यक्तिले यसरी एक महिनाकी सुत्केरी स्वास्नी र पाँच, पाँच जना कलिला छोरीहरूलाई अन्धविश्वास र रूढिवादको पछिलागेर चटक्क छाडेको देख्ता अन्धविश्वास र रूढिवादप्रति घृणा लागेर आउँछ ।

यस अप्रत्यासित घटनाले मेरो कलिलो मनमस्तिष्कमा ठूलो आघात पाऱ्यो, असहनीय पीडा दियो । यतिबिघ्न माया गर्ने बाले यसरी धोका देलान् भनेर विश्वास गर्न सकिन । यसले मानवसमाजप्रति नै वितृष्णा र घृणा जगायो ममा । यस घटनाले कसैमाथि विश्वास गर्ने सकिन्न भन्ने प्रभाव मलाई दियो ।

फिस तिर्ने पैसा नभएर म स्कुल जान छाडें । हरेक दिन नौ-दस बजेतिर बिहानको स्कुलबाट मेरा साथीहरू र अरू विद्यार्थीहरू फर्केको झ्यालबाट रूँदै हेरिबस्थें । सधैं पढिरहने आफ्नो मिठो सपना यसरी चकनाचुर भएको र निःसहाय हुनुपरेकोमा म अति दुःखित भएँ ।

केही हप्ता बितेपछि मेरा सहपाठीहरू दुई-तीन पटक हेडमास्टरले तिमीलाई भेट्न बोलाउनुभएको छ, स्कुल आऊ भनेर बोलाउन आए । 'पैसा तिर्ने' बोलाउनुभएको हुनुपर्छ भन्ने मलाई लाग्यो । खानलाई समेत धौ धौ भएको बेला कहाँ पाउनु पैसा भन्ने ठानेर डरले म गइनँ । केही दिनपछि एकाबिहानै मेरो नाम काढेर कसैले आँगनबाट बोलायो । झ्यालबाट बाहिर हेर्दा त स्कुलका हेडमास्टर बलबहादुर बिस्ट पो हुनुहुँदो रहेछ । डरले म कालीनिली भएँ । अब पैसा कहाँबाट, कसरी तिर्ने ? म थरर्र कामें । म बिस्तारै डराई डराई तल झरें । 'त्यत्रो चोटि बोलाउन पठाउँदा पनि किन नआएकी हँ तिमी ?' भन्ने प्रश्न गर्दै उहाँले मेरो टाउको मुसार्नु मात्र के भएको थियो म त एक्कासि डाको छोडेर रुन थालें । 'माङ्साहेब मसँग पैसा छैन फी तिर्नलाई' भन्ने मेरो बोली सुनेर उहाँले भन्नुभयो-'धत् लाटी, पैसा तिराउन बोलाएको हो त ? कक्षाको फस्ट गर्ल, निःशुल्क पढाइदिन्छु भनेर पो बोलाउन पठाएको त । ल हिँड, अहिल्यै स्कुल । बरू जाऊ माथिबाट तिम्रा किताबकापी लिएर आऊ' । म खुसी भएर एक सासमा माथि गएँ र किताबकापी बोकेर ओर्लें । उहाँले मलाई छ कक्षामा भर्ना गरिदिनुभयो स्कुलमा । आफ्नै बाबुले त्यसरी धोका दिए पनि बलबहादुर मास्टरसाहेबको सहृदयी व्यवहारले म किताबसित फेरि जोडिन पुगें । उहाँले लगाउनुभएको यो गुनको रिन म कहिल्यै तिर्न सक्तिनँ ।

२. तपाईं पुस्तकालयप्रति कसरी आकर्षित हुनुभयो ?

❑ माथि उल्लेख गरेजस्तै सबभन्दा पहिले म आफ्नै घरको अध्ययनशील वातावरणबाट पुस्तकालयप्रति आकर्षित भएकी हुँ । बा अध्ययनशील, बालबालिकालाई दिनभरि जस्तो पढाइरहने र ज्ञानका विभिन्न शाखाहरूमा अभिरुचि राखेर किताबहरू पढ्ने व्यक्ति हुनुहुन्थ्यो । घरमा पुस्तकालय भन्न सकिने किसिमको विभिन्न विषयका किताबहरू छ-सातवटा दराजमा भरिभराउ थिए । बालसाहित्यको लोभलाग्दो सङ्कलन थियो । त्यही सङ्कलनले मलाई पुस्तकहरू पढ्ने, जीवनभरि पढिमात्र रहने, संसारभरिको ज्ञान हासिल गर्ने र यसरी संसारको सबभन्दा बढी पढेको विद्वान् मान्छे बन्ने प्रेरणा दिएको थियो । बाले हामीलाई छाडेर सानी आमा ल्याएर बसेपछि त पुस्तक पढ्ने मोहले अझ बढी पछ्यायो । पुस्तकलाई म जीवनको एउटा अभिन्न, साह्रै प्यारो र इमानदार साथी मान्छु, जसले मान्छेले जस्तो धोका दिँदैन, बरू सुखमा आनन्द र दुःखमा प्रेरणा र हौसला दिन्छ ।

पुस्तकलाई म जीवनको एउटा अभिन्न, साह्रै प्यारो र इमानदार साथी मान्छु, जसले मान्छेले जस्तो धोका दिँदैन, बरू सुखमा आनन्द र दुःखमा प्रेरणा र हौसला दिन्छ ।

यसरी आफूलाई मन पर्ने पुस्तक किन्न नसक्ने अवस्था भए तापनि म सानैदेखि, खासगरी एस.एल.सी. गरिसकेपछि काठमाडौंका नेपाल-भारत सांस्कृतिक केन्द्र (पुस्तकालय), अमेरिकन पुस्तकालय, रसियन लाइब्रेरी, बृटिस काउन्सिलजस्ता विभिन्न पुस्तकालयमा नियमित रूपमा जान्थें र राम्रा राम्रा उपन्यास, कलाका किताबहरू, जीवनीहरू ल्याएर पढ्थें । यसरी सानैदेखि पुस्तक र पुस्तकालयप्रति आकर्षित भएकी ममा आजसम्म पनि त्यो लत छँदै छ । पुस्तकालयमा आकर्षित हुने अर्को कारण के पनि थियो भने ब्रिटिस काउन्सिलले हप्तैपिच्छे राम्रा, राम्रा फिल्महरू, खासगरी सेक्सपियरका नाटकका फिल्महरू देखाएर साह्रै लोभ्याउँथ्यो । यसरी नै अमेरिकन लाइब्रेरीले पनि बेला बेलामा राम्रा फिल्महरू देखाएर हामीजस्ता पाठकहरूलाई तानिरहन्थ्यो ।

३. अध्ययनशील समाजको प्रारम्भ कहाँबाट हुन्छ ?

❑ अध्ययनशील समाजको प्रारम्भ मेरो आफ्नै अनुभवले सिकाएअनुसार परिवारबाट नै हुने हो । परिवारका हरेक सदस्यले सानैदेखि पढ्ने अवसर पाएदेखि, पढ्ने बानी विकास गरेदेखि परिवारका हरेक सदस्य अध्ययनशील

हुन्छन् र यसरी हरेक परिवार अध्ययनशील भएपछि समुदाय नै अध्ययनशील बन्न पुग्छ । अनि तिनै अध्ययनशील समुदायबाट अध्ययनशील समाजको निर्माण हुन्छ । अध्ययनशील हुनका लागि अध्ययनको उपयुक्त वातावरण, उपयुक्त पठन वा ज्ञानसामग्री र अध्ययन गरेको सूचना र ज्ञानलाई सही ढङ्गले प्रयोग गर्ने उपयुक्त अवसरको आवश्यकता पर्छ । पाठ्यपुस्तक पढ्ने मात्र नभई औपचारिक शिक्षादीक्षा सकिएपछि पनि निरन्तर आफ्नो रुचि र आवश्यकताअनुसारको विभिन्न किसिमका (परम्परागत, विद्युतीय वा डिजिटल) पठनसामग्री जीवनपर्यन्त अध्ययन गरिरहने बानी वा प्रवृत्तिलाई नै हामी अध्ययनशीलता भन्न सक्छौं ।

४. तपाईं अर्थशास्त्रमा स्नातकोत्तर, जनप्रशासनमा स्नातक र कानुनसमेत पढेकी मान्छे पुस्तकालयसेवातिर कसरी लाग्नुभयो ?

❑ अर्थशास्त्रमा एम.ए.सकेर पिएच.डी. गर्दैगर्दा मेरा गाइड प्रोफेसर डा. एस.के.सिंहले अर्थशास्त्रमा अध्यापन गर्नका लागि मलाई अनुरोधसमेत गर्नुभएको हो । तर मैले उहाँको प्रस्ताव मानिनँ । कारण मलाई हाम्रो शिक्षाप्रणाली त्यसमा पनि परीक्षाप्रणाली एकदमै गलत लाग्छ, मनै पर्दैन । मेरो जीवनको कटु अनुभव के छ भने परीक्षामा विद्यार्थीको सही मूल्याङ्कन हुँदैन । स्कुलदेखि नै मैले परीक्षामा धाँधली हुने गरेको देखेकी छु । इमानदार विद्यार्थीले वर्ष दिन लगाएर पढेको विषय र ज्ञानलाई सीमित प्रश्नको आधारमा तीन-चार घन्टा लेख्न लगाएर उसको योग्यताको आँकलन गर्न खोज्नु सही प्रणाली हुनै सक्तैन । अनि फेरि जति लेखेको हो त्यसको

पुस्तकालयसेवा जति राम्रो अरू सेवा छ भन्ने मलाई लाग्दैन । यस सेवामा बस्दा कसैलाई बिगार्ने, ठग्ने, भेदभाव गर्ने जस्ता कुरा हुन सक्तैनन् । यस सेवामा आउने जति सबलाई जात,जाति, वर्ग, वर्ण, धर्म, लिङ्ग, उमेर आदि केहीको पनि भेदभाव नगरी निःस्वार्थ भावले ज्ञान प्रदान गर्ने जस्तो महत्त्वपूर्ण सेवा दिन पाइन्छ । उनीहरूको रुचि र आवश्यकताअनुसार सही र उचित सूचना-ज्ञान दिएर सन्तुष्ट पार्न सकिन्छ । सधैं विभिन्न विषयका ज्ञानसामग्रीहरूको सङ्कलन, व्यवस्थापन, सम्प्रेषण र स्याहारसम्भार तथा संरक्षण गरेर सबलाई आवश्यक ज्ञानको सेवा दिनु चानचुने कुरा होइन ।

आधारमा नम्बर पाइन्छ, अझ कहिलेकाहीँ त लेखेअनुसार पनि विभिन्न कारणले कम नम्बर पाइन्छ । अर्कातिर परीक्षाअघि नै कतिले विभिन्न स्रोतबाट प्रश्नपत्र नै हात पार्छन् र त्यहीअनुसार तयारी गरेर आउँछन् । कतिले चिटहरू ल्याएर परीक्षाहलमै लुकीछिपी वा हाक्काहाक्की चोर्छन् वा गार्ड आफैंले आफ्ना मान्छेलाई चिट ल्याएर दिन्छन् वा खाली कापी बुझाउनेले पनि कतिपय अवस्थामा घरमै गएर लेख्ने मौका पाउँछन् । यस्ताले मिहिनेत गरेर राम्ररी पढेकाले भन्दा बढी नम्बर ल्याउने गर्छन् । यस्तो परीक्षाप्रणाली र मूल्याङ्कन परिपाटी मैले मन पराउनै सकिन र पढाउनतिर लागिन । जनप्रशासनतिर पनि सिद्धान्तमा त निकै राम्रा राम्रा कुरा सिकाइन्छ, तर व्यवहारमा भने ती सिद्धान्तहरू लागु हुँदैनन् । सोर्स, फोर्स छ भने जस्तोसुकै कामचोर, भ्रष्ट, अनुशासनहीन कर्मचारीले पनि अवसरमाथि अवसर पाइरहन्छ भने इमानदार, मिहिनेती, अनुशासित कर्मचारीले चाहिँ चाकरी, चाप्लुसी नगरे वा सोर्स, फोर्स लगाउन नसके पाउनुपर्ने सेवासुविधा, अवसर आदि सब कुराबाट वञ्चित हुनुपर्छ । यस्ता स्थितिहरू मैले आठ वर्ष सरकारी कार्यालयमा र छत्तीस वर्ष त्रिविसेवामा काम गर्दा राम्रैसित देखेकी छु र कति चोटि त म आफैं यस्तो कुव्यवस्थाको सिकार भएकी छु । त्यसैले मलाई प्रशासनसेवातिर पनि जान मन लागेन । न्यायसेवामा पनि उनान्सय जना दोषी फुत्किए पनि एक जना निर्दोष व्यक्तिले सजाय नपाओस् भन्ने गरिन्छ तापनि व्यवहारमा त्यसको ठिक उल्टो छ । दोषीले भन्दा निर्दोषीले सजाय पाइरहेको भेटिन्छ । मैले बासँगको आमाको अंशमुद्दा पर्दा यस्ता धेरै तिता अनुभव आफैंले सँगालेकी छु । मलाई त कानुन भनेको सोझासाझालाई नियन्त्रण गर्न, दुःख दिन र टाठाबाठा र फटाहालाई उम्काउन, जिताउन बनाइएको हो जस्तो लाग्छ । अनि त्यस्तो न्यायसेवामा जाने कुरै आएन ।

मेरो दृष्टिमा पुस्तकालयसेवा जति राम्रो, निःस्वार्थ र पवित्र सेवा अरू कुनै छ जस्तो लाग्दैन । सम्बन्धित सेवामा संलग्न सबैले आफ्नो क्षेत्रको सेवा सबभन्दा राम्रो हो भन्नु स्वाभाविक नै मानिएला । तर पुस्तकालयसेवा जति राम्रो अरू सेवा छ भन्ने मलाई लाग्दैन । यस सेवामा बस्दा कसैलाई बिगार्ने, ठग्ने, भेदभाव गर्ने जस्ता कुरा हुन सक्तैनन् । यस सेवामा आउने जति सबलाई जात,जाति, वर्ग, वर्ण, धर्म, लिङ्ग, उमेर आदि केहीको पनि भेदभाव नगरी निःस्वार्थ भावले ज्ञान प्रदान गर्ने जस्तो महत्त्वपूर्ण सेवा दिन पाइन्छ । उनीहरूको रुचि र आवश्यकताअनुसार सही र उचित सूचना-ज्ञान दिएर सन्तुष्ट पार्न सकिन्छ । सधैं विभिन्न विषयका ज्ञानसामग्रीहरूको सङ्कलन, व्यवस्थापन, सम्प्रेषण र स्याहारसम्भार तथा संरक्षण गरेर

सबलाई आवश्यक ज्ञानको सेवा दिनु चानचुने कुरा होइन । यिनै कारणले गर्दा म पुस्तकालय सेवामा संलग्न भएकी हुँ ।

५. त्यस बेलाको श्री ५ को सरकार जलस्रोत तथा जलवायु विज्ञान विभाग, जलवायु विज्ञान शाखा (हाल मौसम पूर्वानुमान महाशाखा) मा आठ वर्षसम्मको सेवा छाडेर त्रिभुवन विश्वविद्यालयको पुस्तकालयसेवामा प्रवेश गरेपछि कुनै पछुतो त परेन ?

❑ अहँ, विलकुलै पछुताइनँ, बरू यस पवित्र पुस्तकालयसेवामा आउन पाउँदा गौरव पो लागेको थियो र छ । यहाँनिर मलाई कक्षा १० मा पढेको 'दि स्कलर' शीर्षकको अङ्ग्रेजी कविता झलझल्ती सम्झन्छु । त्यसमा एउटा कुरा के छ भने विद्वान्हरूका वरिपरि सधैं किताबै किताब हुने भएकाले उसले आफ्नो वर्तमान समयको मात्र होइन, विगतका विद्वान्हरूसँग पनि किताबमार्फत भेट्ने मौका पाउँछ रे । त्यसो हो भने त हामी पुस्तकालयाध्यक्षहरू वा पुस्तकालयकर्मीहरू पनि कुनै विद्वान्भन्दा के कम ? साँच्चै भन्ने हो भने एउटा विद्वान्ले भन्दा एउटा पुस्तकालयाध्यक्षले अझ धेरै देशका धेरै विषयका विगत, वर्तमान र भविष्यका विद्वान्हरूसँग पनि पुस्तकालयमा सङ्कलित हजारौं-लाखौं किताबहरूमार्फत भेट्ने मौका पाउँछन् । के यो कम खुसी र गौरवको विषय हो ?

६. पीएच.डी.को तयारी गर्दागर्दै सो छाडेर लाइब्रेरी एन्ड इन्फर्मेसन साइन्समा स्नातक तथा स्नातकोत्तर गर्न प्राथमिकता दिनुको कारण के हो ?

❑ पुस्तकालयहरूमा करिब पाँच वर्ष जति काम गरेको अनुभव तथा सोही समयमा देश, विदेशका केही पुस्तकालयहरूको अवलोकन भ्रमणबाट पुस्तकालयका बारेमा केही महत्त्वपूर्ण कुरा सिक्ने मौका पाएँ । जस्तै :

- हाम्रो देशका प्रायःअधिकांश पुस्तकालय एकदमै अविकसित र दयनीय अवस्थामा रहेका छन् ।
- पुस्तकालय विकास र विस्तारको लागि आवश्यक ऐन, नीति, नियम र योजनाको अभाव छ ।
- प्राविधिक जनशक्तिको अभाव छ
- आवश्यक बजेटको अभाव छ ।
- पुस्तकालय पेसाप्रति समाजको दृष्टिकोण र धारणा त्यति सकारात्मक छैन ।

- पुस्तकालयसेवीहरू प्रायः सबैको खासगरी सम्बन्धित अधिकारी र प्रशासनको दृष्टिमा सधैं निम्न वा तल्लो दर्जा वा प्राथमिकतामा पर्छन् । त्यसैले उनीहरू सधैं उपेक्षित र अपहेलित छन् ।
- अन्य कर्मचारीले पाए सरहको सुविधा र अवसरबाट सधैं वञ्चित हुन्छन् ।
- समाजमा खासगरी शैक्षिक संस्थामा समेत उनीहरूको महत्त्वपूर्ण भूमिकाको उचित मूल्याङ्कन र कदर हुँदैन ।
- उनीहरूले आफ्नो कामअनुसारको उचित माम, स्थान र सम्मान पाउन सकेका छैनन् । त्यसैले उनीहरूको मनोबल न्यून हुन्छ र कामप्रति वितृष्णा हुन्छ ।
- पुस्तकालय तथा त्यहाँका कर्मचारीको भूमिका, महत्त्व र आवश्यकताका बारेमा जनचेतनाको अभाव छ ।
- कतिपय पुस्तकालयको अमूल्य ज्ञानसामग्री र सेवाको प्रचार-प्रसारमा कमी छ ।

यी गम्भीर मुद्दा र स्थिति देखेर यो क्षेत्रको र यस पेसाको निकै माया लाग्यो । यसलाई कसरी उकास्न, विकास र विस्तार गर्न सकिन्छ होला भन्ने चिन्ताले सताउन थाल्यो । यसले मभित्र ठूलै अन्तर्द्वन्द्व सिर्जना भयो । यति धेरै रहर गरेर गर्दैगरेको पीएच.डी. पूरा गर्ने कि सबैतिरबाट उपेक्षा र अवहेलना गरिएको पुस्तकालय क्षेत्र र पेसालाई उकास्न, विकास र विस्तार गर्न यही क्षेत्रमा समर्पित भएर काम गर्ने ? नयाँ विषय पुस्तकालय विज्ञान नै पढेर सक्दो योगदान पुऱ्याउने ?

धेरै दिन आफैंभित्र चलेको द्वन्द्वले मलाई पुस्तकालय क्षेत्र नै रोज्न लगायो । मानिसहरूको प्रायः राम्रो, सम्मानित, सजिलो, बढी आमदानी हुने, बढी सुविधा र अवसर पाइने र देश, विदेश घुम्न पाइने पेसा रोज्ने बानी छ । नराम्रो, गाह्रो, मर्यादाहीन ठानिएको, कम पैसा आउने, कम सुविधा र अवसर पाइने जस्ता पेसालाई कमैले मात्र छान्छन् । त्यसैले मैले धेरैले उपेक्षा गरेको पेसा छान्ने निर्णय गरें र आधाउधि काम गरिसकेको पीएच.डी.लाई तिलाञ्जलि दिएर सन् १९८० मा त्रिविले भारतमा पुस्तकालय विज्ञान पढाउन तेस्रो ब्याच पठाउँदा म पनि छ महिनाको काखको सानो छोरो आमाको जिम्मामा छाडेर चण्डिगढ, पंजाव विश्वविद्यालयमा रमाएर पढ्न गएँ । पुस्तकालय विज्ञानमा स्नातक त भएँ । तर स्नातकोत्तर गर्ने

मौका नपाएर थकथक लागेकै थियो । आफै पढ्न सक्ने आर्थिक हैसियत थिएन । तर त्रिविको हाइयर एजुकेसन प्रोजेक्टबाट सन् १९९७-९८ मा बङ्लोर विश्वविद्यालयमा गएर स्नातकोत्तर गर्ने मौका मिल्यो । यसरी म पुस्तकालय क्षेत्रमा पूर्ण रूपमा समर्पित भएँ ।

७. तपाईंलाई चार दशकभन्दा बढी समय पुस्तकालयमा बिताउँदा कस्तो अनुभव भएको छ ?

❑ चार दशकभन्दा बढी समय विभिन्न पुस्तकालयहरूमा काम गर्ने मौका पाएको कारणले थुप्रै ज्ञान र अनुभव हासिल भयो । थुप्रै विद्वान्हरूसँग भेट्ने र सरसङ्गत गर्न पाएँ । त्यही अनुभव बटुलेर फेरि पनि पुस्तकालयसेवामै काम गर्ने प्रेरणा र हौसला मिलेको छ । त्यसैले वि.सं. २०६७ देखि एउटा आमा समूहसँग आबद्ध भएर बालपुस्तकालय सञ्चालन गरिरहेका छौं । अर्कोतिर बेला बेलामा विभिन्न संस्थाले सञ्चालन गर्ने गोष्ठी, सेमिनार, तालिमहरूमा लेखहरू लेखेर प्रस्तुत गर्न ठूलो सहयोग पुगिराखेको छ ।

८. वर्तमान समयमा नेपालमा पुस्तकालयको अवस्था कस्तो छ ? हाम्रो देशमा भविष्यमा पुस्तकालयको विकासमा के गर्नुपर्ला ?

❑ एकाध अपवादलाई छाड्ने हो भने नेपालका प्रायः अधिकांश पुस्तकालयको अवस्था सन्तोषजनक छैन । अरूको कुरै छाडौं । २०७२ सालको भूकम्पमा तहसनहस भएको हरिहरभवनस्थित नेपाल राष्ट्रिय पुस्तकालयले समेत झन्डै तीन वर्ष बितिसक्दा पनि आफ्नो भवन नभएको कारण अमूल्य ज्ञानसामग्रीहरू बन्द कोठाहरूमा कोचेर थुपार्नुपरेको स्थिति छ । त्यसबाट जनताले कुनै सेवा पाउन सकेका छैनन् । अन्य विभिन्न किसिमका पुस्तकालयको अवस्था पनि नाजुक छ । २०७३ सालमा बुझाएको पुस्तकालय गुरुयोजनाको र पुस्तकालय अभिलेख व्यवस्थापनको मसौदा प्रतिवेदनहरू आजसम्म कार्यान्वयन हुन सकेका छैनन् । ती

पुस्तकालयको विकास गर्नका लागि हरेक तहका स्थानीय सरकार (प्रदेश, नगरपालिका, गाउँपालिका र वडा) र सोभित्रका सबै जनसमुदायहरूले समेत काँधमा काँध मिलाएर पुस्तकालयको विकासको कार्यलाई अभियानका रूपमा अझ भनौं क्रान्तिकै रूपमा अगाडि बढाउन आवश्यक छ ।

प्रतिवेदनमा दिएका सुझावहरूलाई चाँडोभन्दा चाँडो क्रियान्वयन गर्ने कुरामा हाम्रो ध्यान जान जरूरी छ ।

पुस्तकालयको विकास गर्नका लागि हरेक तहका स्थानीय सरकार (प्रदेश, नगरपालिका, गाउँपालिका र वडा) र सोभित्रका सबै जनसमुदायहरूले समेत काँधमा काँध मिलाएर पुस्तकालयको विकासको कार्यलाई अभियानका रूपमा अझ भनौं क्रान्तिकै रूपमा अगाडि बढाउन आवश्यक छ । आजको सूचना तथा सञ्चारको युगमा आधुनिक सूचना र सञ्चार प्रविधिलाई अधिकतम रूपमा उपयोग गर्दै लैजानुपर्छ । समुदायको सहभागिता जुटाउन घर घर, दैलो दैलोमा पुस्तकालय सचेतना कार्यक्रम लैजानुपर्छ ।

९. तपाईं किरण पुस्तकालय गुल्मीले आयोजना गरेको ५ नं. प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलनमा पनि सहभागी हुनुभएको थियो । यस पुस्तकालयले अहिले स्वर्ण-जयन्ती मनाइरहेको छ । भविष्यमा यसको विकास र विस्तारका लागि तपाईंका केही सुझावहरू छन् कि ?

❑ स्वर्ण-जयन्ती मनाउनुका साथै ५ नं. प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलन त्यति भव्यताका साथ सञ्चालन र सम्पन्न गर्न सक्नु ठुलो उपलब्धि र गौरवको विषयसमेत हो । यसले अन्य प्रदेशका पुस्तकालयसेवीहरूलाई समेत प्रेरणा दिएको हुनुपर्छ । यसको सम्पूर्ण श्रेय ५ नं. प्रदेशका सम्पूर्ण जनता, नेता, गण्यमान्य व्यक्तिहरू, पाठकहरू र विशेष गरी तपाईंजस्ता सक्रिय र समर्पित व्यक्तिहरूलाई छ ।

भविष्यमा किरण पुस्तकालयको विकास र विस्तारको सन्दर्भमा कुरा गर्दा एक दिन आएर यसो हेर्ने मजस्तो मान्छेलाई भन्दा पुस्तकालयलाई जन्माएर ५० वर्षको प्रौढावस्थामा ल्याइपुऱ्याउने तपाईंहरूलाई नै के कसो गर्नुपर्ला भन्ने बढी थाहा हुन्छ । तथापि यहाँको स्थिति हेरेर म यहाँ केही सुझाउ दिन चाहन्छु :

१. सबभन्दा पहिले पुस्तकालयका लागि एक प्राविधिक जनशक्ति, सकेसम्म पुस्तकालय विज्ञानमा स्नातक वा स्नातकोत्तर गरेको नभए कम्तीमा पनि तीन महिना तालिम प्राप्त गरेको कर्मचारीको व्यवस्था गर्न आवश्यक छ । पुस्तकालयको काम एक जनाले मात्र गर्न असम्भव जस्तै हुन्छ । त्यहाँ भएका पुरानो सङ्कलनको उचित व्यवस्थापन गर्नका लागि अन्य कर्मचारी वा स्वयंसेवकहरूलाई कम्तीमा सात दिनको तालिम दिने व्यवस्था मिलाउनुपर्छ ।

२. पुस्तकालयमा भएको सङ्कलनलाई राम्ररी छानेर आवश्यक तथा उपयोगी ज्ञानसामग्रीहरूको वर्गीकरण र सूचीकरण गरी अन्य कामहरूको व्यवस्थापन गर्न आवश्यक छ ।

३. नयाँ सङ्कलन विकास गर्दा त्यहाँका विभिन्न समुदाय र उमेर समूह, जस्तै : बालबालिका, युवा, विशेष क्षमतावान् (अपाङ्ग), महिला, ज्येष्ठ नागरिक, विभिन्न जनजातिहरू, व्यावसायिक समूहहरूको आवश्यकता र रुचिलाई ध्यान दिनुपर्छ ।

४. त्यस प्रदेशको नमुना पुस्तकालय बनाउन त्यहाँको धर्म, संस्कृति, कला, साहित्य, रीतिरिवाज, भूगोल,इतिहास, प्राकृतिक स्रोत तथा सम्पदा, व्यवसाय आदि बारेका ज्ञान तथा सूचनासामग्रीहरू पाएसम्म सङ्कलन र व्यवस्थापन गर्न आवश्यक छ ।

५. अर्को महत्त्वपूर्ण कुरो घरमा थन्किएका विभिन्न विषयका हस्तलिखित वा पाण्डुलिपिहरू, पुस्तक-पुस्तिकाहरू उपलब्ध भएसम्म मौलिक नै नत्र स्क्यानिङ्ग वा फोटोकपी गरेर भए पनि सुरक्षित राख्न ध्यान दिनुपर्छ ।

६. आजको सूचना तथा सञ्चारको युगमा सकभर हरेक कामका लागि कम्प्युटरको प्रयोग गर्न सकेको खण्डमा समय, स्रोत, शक्तिको समुचित बचत हुन्छ र पाठकहरूलाई सन्तोषजनक सुविधा उपलब्ध गराउन सकिन्छ ।

७. पुस्तकालयको स्रोत, सेवा र साधनहरूको बढीभन्दा बढी उपयोग गराउन बेला बेलामा विभिन्न किसिमका धार्मिक, मनोरञ्जनात्मक, रचनात्मक, सांस्कृतिक, बौद्धिक, शैक्षिक आदि कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ ।

८. सकेसम्म बालबालिका, युवा, विशेष क्षमतावान्, महिला, ज्येष्ठ नागरिक, व्यवसायी जस्ता हरेक उमेर समूहका पाठकहरूलाई सजिलो होस् भन्ने उद्देश्यले छुट्टाछुट्टै कोठाहरूको व्यवस्था गर्नुपर्छ ।

९ पुस्तकालयको स्रोत, सेवा, सुविधा र साधनहरूका बारेमा बढीभन्दा बढी प्रचार-प्रसार गरेर हरेकमा पढ्ने बानी बसाई पठनसंस्कृति विकास र विस्तार गर्न सबैको ध्यान जानु आवश्यक छ ।

१०. तपाईंहरूले बनाउनुभएको पुस्तकालयसम्बन्धी गुरुयोजना कार्यान्वयन गर्न-गराउन के गरिरहनुभएको छ ?

❑ मैले त सुरूदेखि नै यस कार्यका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सबै सम्बन्धित अधिकारीहरूलाई बारम्बार घच्घच्याइरहेकी छु । तर कुनै नतिजा भने आएको छैन । तर खुसीको कुरो के छ भने नेपाल राष्ट्रिय पुस्तकालयको दुर्दशालाई मनन गर्दै बारम्बार गम्भीरताका साथ घच्घच्याइरहँदा गत असोज २८ गते उक्त पुस्तकालयको भवन निर्माण गर्नका लागि नेपाल सरकार, मन्त्रीपरिषद्ले जमलस्थित करिब आठ रोपनी जग्गा उपलब्ध गराएको छ । यसका लागि सम्बन्धित मन्त्रीज्यूलाई धन्यवाद दिनुपर्छ । आशा गरौं अब बिस्तारै गुरुयोजना पनि आवश्यक प्रक्रिया पूरा गराएर कार्यान्वयनमा आउने छ ।

११. पुस्तकालयका सम्बन्धमा तपाईंका अरू थप कुरा केही छन् कि ?

❑ यतिका कुरा भइसकेका छन्, थप कुरा कति गर्ने अरू ? तथापि थोरै कुरा थपौं न त ।

जुनसुकै देशको पनि विकास त्यतिखेर मात्र हुन सक्छ जतिखेर विकासका कार्यक्रम सञ्चालन गर्न अन्य स्रोतसाधनका साथै आवश्यक सही सूचना र ज्ञान उपलब्ध हुन्छ । त्यस्तो आवश्यक सूचना र ज्ञानको स्रोत केवल संस्थागत पुस्तकालय (परम्परागत वा डिजिटल) बाट मात्र प्राप्त हुन सक्छ । आजभोलिको सूचना र सञ्चार प्रविधिको विकासले गर्दा संसारभरिको सूचना र ज्ञान कम्प्युटरको त के कुरा हातमा हातमा भएको ससानो मोबाइलमा समेत तत्काल हेर्न नसकिने होइन । तर कतिपय अवस्थामा विशेष स्थानको धर्म, संस्कृति, कला, साहित्य, भाषा, परम्परागत ज्ञान, सीप र प्रविधि आदि बारे सही सूचना र ज्ञान खोजेको समयमा यस किसिमका उपकरणमा उपलब्ध नहुन सक्छ । तर विभिन्न स्तर र किसिमका संस्थागत पुस्तकालयहरूबाट त्यस्ता आवश्यक, उपयोगी सूचना र ज्ञान सजिलै पाइन्छ । त्यसैले सबै तह र किसिमका पुस्तकालयहरूको संस्थागत विकास हुनु अनिवार्य हुन्छ । तिनको विकास बालपुस्तकालयहरूको विकासमा भर पर्छ । किनभने हरेक व्यक्तिले सानै उमेरदेखि पुस्तकालयमा गएर पढ्ने बानी विकास गर्न सकेको खण्डमा त्यो दिगो हुन्छ र पठनसंस्कृतिको विकास हुन्छ । अनि पढ्ने बानीको नसा लागेपछि ठुलो भएपछि पनि विभिन्न पुस्तकालयमा गएर आफ्नो रुचिअनुसार ज्ञानसामग्रीहरू पढ्ने आदत बस्छ । यसैले बालपुस्तकालयलाई

सबै तह र किसिमका पुस्तकालयहरूको बलियो जग मान्दा अन्यथा हुने छैन ।

यही कुरालाई दृष्टिगत गरेर हामी (मसहित त्रिविका भू.पू. प्राध्यापक, अन्य व्यावसायिक महिलाहरू र गृहिणीहरू)ले २०६७ सालमा 'नवजीवन आमा समूह' भन्ने मुनाफारहित गैरसरकारी संस्था खोलेर त्यसैअन्तर्गत एउटा सामुदायिक बालविकास पुस्तकालय पनि त्यही सालदेखि सञ्चालन गर्दै आएका छौं । यस पुस्तकालयको चार प्रमुख कुरा : पुस्तक, खेलौना, शैक्षिक खेलौना, बालमैत्री र आकर्षक फर्निचर तथा पुस्तकालयव्यवस्थापन उपलब्ध गराउने दायित्व मैले लिएकी छु । सो समूहले केवल कोठा उपलब्ध गराउने जिम्मा लिएको छ । पहिला यो पुस्तकालय आमा समूहअन्तर्गत थियो भने एक वर्षयता स्वतन्त्र रूपले दर्ता गरेर सञ्चालन हुन थालेको छ । सम्भव भए गुल्मीमा पनि ५ नं. प्रदेशको एउटा नमुना बालपुस्तकालय स्थापना गर्नु बेस हुनेछ ।

–ooo–

चन्द्रकोट गाउँवासीहरूमा हार्दिक अनुरोध

- फोहर सकेसम्म कम उत्पादन गर्न र जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं । फोहर व्यवस्थापनको लागि तोकिएको शुल्क समयमा नै तिरी सभ्य नागरिकको परिचय दिऔं ।
- जन्मदर्ता, विवाह दर्ता, मृत्यु दर्ता, सम्बन्ध विच्छेद एवम् बसाईंसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवम् खोलानालालाई फोहर ढल विसर्जन स्थलको रूपमा प्रयोग नगरौं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- सवारीसाधन जथाभावी रूपमा पार्किङ्ग नगरौं ।
- पूर्वपश्चिम लोकमार्ग तथा सहायक मार्गहरू मिची सडकमा भौतिक संरचना निर्माण, सामग्री नराखौं ।
- फोहोर अव्यस्थित रूपमा खाली जग्गा, सार्वजनिक स्थल, सडक, नदी, नहरका छेउमा फाल्दा गाउँ नै दुर्गन्धित हुने भएकोले यसरी अव्यवस्थित रूपमा फोहर फाल्ने कार्य तत्काल बन्द गरी उत्पादन तहमै स्थानीय टोल समुदाय तहमै व्यवस्थित गर्न फोहर संकलन गर्ने सवारी साधनमा राखी गाउँ सफा राख्ने अभियानमा सहयोग गर्नुहुन अनुरोध छ ।
- आफ्नो टोललाई हप्ताको एक दिन नियमित रूपमा सफा गर्ने गरौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- गाउँपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं, हरियाली बढाऔं, स्वच्छ वातावरण बनाऔं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- प्लाष्टिकका झोला प्रयोगलाई निरुत्साहित गरौं ।

राधिका अर्याल
उपाध्यक्ष

तथा

द्रोणबहादुर खत्री
अध्यक्ष

चन्द्रकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, चन्द्रकोट, शान्तिपुर, गुल्मी

५५ वर्षदेखिका तम्घासका सम्झना

✍ मोदनाथ प्रश्रित

वि.सं. २०२१ सालमा पाल्पाको अर्गलीमा एउटा सामाजिक शैक्षिक भेला भएको थियो । त्यसमा म पनि सहभागी थिएँ । त्यसबेला म आयुर्वेद आचार्यको अन्तिम वर्षको तयारीमा थिएँ । प्रसंगवश त्यहाँबाट आएका गुल्मीका जिल्ला शिक्षा अधिकारी भीष्मजीसँग भेटघाट भयो । दुई दिनको घुलमिलपछि मैले बनारसमा आचार्य परीक्षा तयारीनिम्ति खर्च जुटाउन अस्थायी शिक्षकको व्यवस्था गरिदिन सक्नुहुन्छ कि भनी उहाँसँग अनुरोध गरें ।

उहाँले भन्नुभयो "म प्रयास गर्छु, तपाईं आउनुहोस् ।" बोलाएका मितिमा बडो उत्साहसाथ म तम्घास पुगें । रातिसम्म विविध कुराकानी भयो । उहाँले भन्नुभयो- "म भोलि बिहानै बडाहाकिमज्यूसँग तपाईंको समस्याबारे कुरा गर्छु ।" मेरो मनमा केही आशा जाग्यो ।

बिहानै उठेर चियाखाजापछि भीष्मजी-उत्साहका साथ बडाहाकिमको निवासतिर जानुभो । म आकांक्षाका साथ तीन घण्टा प्रतीक्षामा बसें । फर्कदाखेरि उहाँ निराश मुद्रामा देखिनुभयो । केही बेरपछि उहाँले भन्नुभो-"तपाईंको बारेमा बडाहकिमले भन्नुभो- मोदनाथ प्रश्रित बनारसमा बसेर पञ्चायत व्यवस्था विरोधी संगठनमा क्रियाशील छन् । हामीले उनलाई कुनै सहयोग गर्न मिल्दैन । यहाँ बसेभने पनि निगरानी गरिरहनुपर्छ ।"

मलाई केही झस्को लाग्यो । म दिउँसो सानो तम्घास बजार घुम्दै जाँदा त्यहाँका सरकारी जिल्ला कार्यालय, निजी संस्था र पसलहरूमा दफ्तीमा साना अक्षर लेखेर साइनबोर्ड झैं झुण्डाएको देखें । मलाई तत्काल आशा लाग्यो-तानसेन गएर विभिन्न रंग ल्याई साइनबोर्ड लेख्न थालें भने मेरो बनारसको अध्ययन र परीक्षासम्मको लागि पुग्ने आर्थिक संकलन गर्न सक्छु होला ।

मैले, त्यहीं अठोट गरी तानसेन गएर विभिन्न ढिका रंग, रंगमा घोल्ने तेल र विभिन्न आकारका ब्रश ल्याएँ । तम्घासको खोलाको पश्चिमतिरको बजारमा सानो कोठा लिएर "प्रश्रित कला-कुटी" खोलें । त्यसपछि अड्डा, अदालत, विद्यालय,

पसल, पुस्तकालय आदिका साइनबोर्डका अनुरोध भकाभक आउन थाले । त्यसबेला मट्टितेलका पसलमा खालि भएका टीनवालाको पनि व्यापार थपियो । अनि गाउँगाउँका विद्यालय र पञ्चायतहरूले साइनबोर्डको माग गर्न थाले । उपल्लो तम्घासमा मेरो भाइकी सानिमा सासूको घर थियो । धेरै छोरी जन्मेका र श्रीमान्‌ले सौता ल्याएकाले उहाँको पनि आर्थिक स्थिति अप्ठेरो रहेछ । पसल राख्दा नचलेर खालि रहेको बाटातिरको कोठा भेटियो । सासूको परिवारलाई पनि सहयोग पुग्ने सल्लाहले त्यहीं डेरा लिएँ ।

तीन चार दिनमा कोठा व्यवस्थित पारी घर गएर आयुर्वेदका पुस्तक, टेथिस्कोप र केही औषधि पनि जुटाएर ल्याएँ । बाहिर भित्तामा "दीनबन्धु स्वास्थ्य निकेतन"को सूचनापाटी पनि झुन्डाएँ ।

अनि शुरू भयो- बिहान बिरामीहरूको रोग जाँचेर उपचार गर्ने र दिनभरि तल्लो तम्घास बजारको "प्रश्रित कला-कुटी" मा मट्टितेलका रित्ता टीन किनेर, काटकुट गरी चेप्टाएर काठका फ्रेम ठोकी आदेशअनुसारका साइनबोर्ड लेख्ने ।

त्यसबेला एक-डेढ फिट लम्बाइ, चौडाइ साइनबोर्डको दस रूपियाँ र त्यसको दोब्बर आकारको लागि बीस रूपियाँ मूल्य तोकिएको थियो । त्यतिबेला तम्घासमा साइनबोर्ड लेख्ने अरू कोही नभएकाले मैले प्रशस्त काम पाएँ । दिनभरि साइनबोर्ड लेख्ने र साँझ-बिहान "मानव महाकाव्य" सिर्जनामा कलम चलाउँदै गएँ ।

त्यहीं डेरामा बसेको बेला एक दिन बिहान सेतै केश फुलेका गोरा, अग्ला वृद्ध मानिस लट्ठी टेकी धड्धडाउँदै आएर ढोकामा उभिए । मैले नमस्कार गर्दै परिचय सोधें । उनले अत्यन्तै विनम्र स्वरमा भने-"मोदनाथ बाबु तपाईं नै हुनुहुन्छ ?"

"हो" भन्दै मैले उनलाई भित्र लगेर तपाईंको परिचय पाऊँ भन्दा उनले "ज्यूँदै मरेका मान्छेलाई चिन्नै किन पर्‍यो ?" भन्दै दलिनतिर फर्केर टल्पलाएका आँसु पुछ्दै भने-"धैरेनीको चिरञ्जीवी राजा भन्ने अभागी बूढो मै हुँ ।" मैले सम्झें इतिहासको कस्तो उलटफेर !

"कति कामले यहाँ आउनुभयो ?" भन्दा "आफ्नो गुल्मी राज्य खोसिएपछि मेरो बिहाल भयो । म दम र खोकीको रोगले ग्रस्त भएँ । अस्पताल जाने पनि पैसा छैन । यहाँ तपाईंले औषधि उपचार गर्नुहुन्छ भन्ने सुनेर भेट्न आएको हुँ ।" भन्दै आँसु खसाए । मैले रोग जाँचेर दश दिनका लागि औषधिको मात्रा बनाएर दिएँ ।

उनले "बाबु ! मेरो त औषधिको मूल्य तिर्ने उपाय पनि छैन है, कसो गरौं ?" भन्दै दीनता प्रदर्शन गरे । "मैले तपाईंको स्थिति बुझें धन्दा नमान्नुस्" भनेर आश्वस्त पारें ।

"तपाईंको जय होस् बाबु !" भन्दै निहुरेर नमस्कार गरी उनी निस्के । मलाई लाग्यो-प्राचीनताका सामन्ती भग्नावशेषहरूले बिदा लिने क्रम शुरू भयो । केन्द्रीय राजाका "गोडाहरू" यसरी थर्थराउन लागेपछि राजधानीको श्रीपेच संग्रहालयमा जाने समय आउन लाग्यो भन्ने अनुभव भयो मलाई । सम्झें-राजतन्त्रका गोडा थर्थराउन थालेपछि शिरको अवशानको समय कति टाढा होला र ?

तम्घास बस्दा त्यहाँको महेन्द्र हाइ स्कूलमा बाबुराम पोखरेल र नरहरि रिजाल मेरा पूर्व परिचित साथी हुनुहुन्थ्यो । उहाँहरू आएर "प्रश्रित कलाकुटी"मा भेटघाट गर्नुहुन्थ्यो । त्यहाँ केही महिना बस्दा बजार र छिमेकी गाउँका धेरै मानिससँग परिचय भएको थियो ।

म त्यहाँ छ महिना जति बसेर लगातार ब्रस चलाउँदा गुल्मी जिल्लाका धेरै विद्यालय, गाउँ पञ्चायत आदिका साइनबोर्ड बनेका थिए । महेन्द्र विद्याबोध हाइ स्कूल, बलकोटको त्यो साइनबोर्ड पछिसम्म जाँदा पनि देखेको थिएँ ।

तम्घासमाथिको रेसुङ्गा हाम्रा मावली खलकका पूर्वज सन्त शशिधर र योगी लक्ष्मीनारायणको तपस्थल भएकोले त्यहाँ गएर आश्रम, मन्दिर, पोखरी, देवी-देवताका प्रतीक मूर्ति आदि देख्दा बडो गौरव र खुशीको अनुभूति भएको थियो ।

यताका अनेक वर्षदेखि तम्घासमा शिक्षा, सामाजिक क्षेत्र, साहित्य सिर्जना, पत्रिका सम्पादन, प्रकाशन आदिमा सक्रिय रूपमा लाग्नुभएका शशि पन्थीज्यूसँग बनारसको ब्रह्माघाटमा "मानव" महाकाव्य प्रकाशनको सन्दर्भमा भेट भएको सम्झना आउँछ । त्यसपछि समय सन्दर्भहरूमा उहाँसँग र भाइ दीन पन्थीसँग भेटघाट- परिचय भई हार्दिकता झाँगिदै गयो । २०२६ सालपछि म बनारस बस्दा नेपाली संस्कृत महाविद्यालयमा म नेपाली विषयको प्राध्यापक थिएँ । त्यसबेला दीन पन्थी मेरो कक्षामा समावेश भएको कुरा सम्झिरहेको छु । त्यसबेला उहाँ प्रगतिशील अध्ययन मण्डलमा पनि सक्रिय हुनुहुन्थ्यो ।

तम्घासमा अहिले भव्य रूपको जुन "किरण पुस्तकालय" भवन बन्दैछ, त्यसको स्थापनादेखि अहिलेसम्म शशिज्यूको विशिष्ट भूमिका रहेको छ । अहिले त्यो पुस्तकालय सिँगै पश्चिमाञ्चलको बहुआयामिक उत्कृष्ट पुस्तकालयको स्तरमा पुगेको छ । त्यसले अहिले विविध विषयका अध्येता, अन्वेषकहरूलाई अधिकतम लाभ हुने गरी भव्य रूप लिंदै गएको छ । त्यो तम्घासको मात्र होइन, पश्चिम नेपालकै गौरव बनेको छ ।

शशिज्यूले मेरो "मानवताको कलङ्क जातपात र छुवाछूत प्रथा" शीर्षकको पुस्तक वि.सं. २०५८ सालमा किरण पुस्तकालयद्वारा ३,००० प्रति प्रकाशित गर्नुभएको थियो । त्यस पुस्तकले मानवता विरोधी वर्णवादी चिन्तन र प्रवृत्तिको कुसंस्कारलाई परास्त गर्न राम्रो भूमिका खेलेको छ भन्ने पाठकहरूको अभिमत प्राप्त भएको छ ।

हामीले वि.सं. २०५८ को माघमा विज्ञान तथा प्रविधि संघको आयोजनामा सर्वप्रथम गुल्मी जिल्लाको तम्घासमा नै प्रत्येक गाउँविकास समितिबाट एक एक जना महिला या पुरुष प्रतिनिधित्व हुने गरी सात दिने वनौषधि चिकित्सा एवं योग प्रशिक्षण अभियान चलाएका थियौं । त्यस कार्यक्रममा जिल्लाका प्रमुख अधिकारीहरू योगाभ्यासमा सहभागी हुनुभएको थियो । त्यस काममा हामीलाई गुल्मी जिल्ला विकास समितिबाट एक लाख रूपियाँ सहयोग प्राप्त भएको थियो । त्यो अभियान क्रमशः रूपन्देही र मोरङ जिल्लामा भव्य रूपले सम्पन्न भएको थियो । तर पछि माओवादीहरू जंगल प्रवेशको कारणले त्यो देशव्यापी लक्ष्यको अभियान स्थगित गर्न हामी बाध्य भएका थियौं । त्यो महत्त्वपूर्ण अवसर ७२ जिल्लाले पाएनन् ।

...गुल्मीको तम्घासमा स्थापित किरण पुस्तकालयसँग मेरो सम्पर्क जेलभित्रबाट पनि बढी भएको थियो। म भैरहवा र गौरको जेलमा बन्दी भएको बेला किरण पुस्तकालयबाट प्रकाशित "हाम्रो पुरुषार्थ" पढ्ने र त्यसमा लेख्ने मौका पनि पाएको थिएँ। जेलबाट छुटेपछि गुल्मीतिरको भ्रमणको क्रममा किरण पुस्तकालयमा गई त्यहाँको वस्तुस्थिति अध्ययन-अवलोकन गर्ने अवसर प्राप्त भएको थियो। गुल्मीमा आयोजित शैक्षिक संगोष्ठी र अन्य अवसरमा किरण पुस्तकालयमा गई त्यहाँको साहित्यिक गतिविधिसँग २-४ पटक परिचित हुने मौका पनि मिलेको थियो। ...

तम्घास बस्दाको पुनः संस्मरण शृङ्खला वि.सं. २०७३ मा मैना भण्डारीले आयोजना गरेको नारी सम्मानको कार्यक्रमले जोडिदियो । त्यसबेला तानसेनबाट म चढेको बस रिडी, थोर्गा आदिको बाटो हुँदै जब तम्घासतिर भित्रियो । मैले डेरा गरेर बसेको उपल्लो तम्घासको घरको त के कुरा त्यो ठाउँ कहाँनिर थियो भन्ने संकेतसम्म ठम्याउन सकिनँ । उसबेला हराभरा रहेको त्यस ठाउँलाई पनि सिमेन्टका घरपंक्तिले गर्लम्मै ढाकेछन् । तम्घासको पुरानो सानो बजारले ठूलै सहरको रूप लिएछ । उसबेला खेतीपाती गाईभैंसीले भरिएको समतल गाउँ अहिले बुटवल र धरान बजार जस्तो देखिन थालेछ ।

मैले वि.सं. २०१५ सालमा हाम्रा पिता-पुर्खाले संकलन गरेका विविध पुस्तकका साथै केही नयाँ पुस्तक थपथाप गरी खिदिम घरमा पिता र पितामहको नामका दुई शब्द-जोडी "श्याम-शोभा पुस्तकालय" स्थापना गरेको थिएँ । त्यसको संरक्षण हुन सकेन । अहिले आफ्नै मानसिक सन्तोषको लागि काठमाडौं घरभित्रकै एउटा कोठामा सातवटा आलमारीमा विविध विधाका पुस्तकहरू सजाएर राखेका छौं । अर्को कोठामा लामो समयदेखि संकलन गरेका र हाम्रै प्रकाशित पुस्तकहरू कोठाभरि राखिएका छन् ।

"श्याम शोभा पुस्तकालय"को एक शाखा खिदिम, पोखराथोकको हरिहर संस्कृत विद्यालयमा राखिएको छ ।

गुल्मीको तम्घासमा स्थापित किरण पुस्तकालयसँग मेरो सम्पर्क जेलभित्रबाट पनि बढी भएको थियो । म भैरहवा र गौरको जेलमा बन्दी भएको बेला किरण पुस्तकालयबाट प्रकाशित "हाम्रो पुरुषार्थ" पढ्ने र त्यसमा लेख्ने मौका पनि पाएको थिएँ । जेलबाट छुटेपछि गुल्मीतिरको भ्रमणको क्रममा किरण पुस्तकालयमा गई त्यहाँको वस्तुस्थिति अध्ययन-अवलोकन गर्ने अवसर प्राप्त भएको थियो । गुल्मीमा आयोजित शैक्षिक संगोष्ठी र अन्य अवसरमा किरण पुस्तकालयमा गई त्यहाँको साहित्यिक गतिविधिसँग २-४ पटक परिचित हुने मौका पनि मिलेको थियो । डा. टीकराम पन्थी, शशि पन्थी र दीन पन्थीहरू गुल्मीमा बसी गरेको साहित्यिक सेवाको क्षेत्र निकै फराकिलो बन्दै गएको छ ।

पछिका दिनहरूमा दीन पन्थीज्यूको साहित्यिक अध्ययन र सिर्जना क्षेत्रको विकासका साथसाथै समालोचनाको क्षेत्रमा पनि निकै प्रगति भएछ । दीन पन्थीले "जुही" मोदनाथ प्रश्रित विशेषाङ्कमा मेरो मानव महाकाव्यबारे अत्यन्त सुन्दर र गहन समीक्षा गरेको देख्दा ज्यादै खुशी लाग्यो । उहाँको अध्ययन, चिन्तन र सिर्जनशीलताको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

शशि पन्थीज्यूको अगुवाइमा स्थापित किराण पुस्तकालय उसबेला दुई कोठामा भरिभराउ पुस्तक भएको पत्र-पत्रिकाहरूले नियमितता पाउने गरेको स्थिति हामीले देखेका थियौं । शशिज्यूले अहिले किरण पुस्तकालय निम्ति चारतले भवन बनाउन थालेको र त्यहाँ अन्य विविध विषयहरू पनि समावेश हुने सूचना दिनुभएको छ । त्यो बहुआयामिक भवन पूरा भई पुस्तकालय र अन्य विविध आयाम थपिनु देशकै लागि गौरवको कुरा हो । तपाईंहरूका समाज विकासका प्रयासहरू उत्तरोत्तर प्रगतिको दिशामा अघि बढ्दै जाऊन् । हार्दिक शुभकामना !

प्रख्यात साहित्यकार तथा पूर्व शिक्षामन्त्री ।

-०००-

प्रजातान्त्रिक आन्दोलन र तम्घास जेल बस्दाका किरण पुस्तकालयका सम्झनाहरू



केशरमणि पोखरेल

तम्घास जेल बसाइको सन्दर्भ देशको निरंकुश पञ्चायती व्यवस्थाविरोधी प्रजातान्त्रिक आन्दोलनसँग जोडिएको छ । त्यसैले हामीहरूको (केशरमणि पोखरेल, हेमनाथ भुसाल, बेदुराम भुसाल, नेत्रप्रसाद ढुङ्गाना, प्रभाकृष्ण पौडेल, लीलामणि ढुङ्गाना, भेषराज ढुङ्गाना, बुद्धिबहादुर रायमाझी र रामचन्द्र पौडेल) तम्घास जेल बसाइ देशको पञ्चायती तानाशाही विरोधी, प्रजातान्त्रिक आन्दोलनसँग घनिष्ट रूपमा जोडिएको छ । त्यसैले प्रजातन्त्रको पुनर्वहालीको लागि देशमा भएको आन्दोलनबारे लुम्बिनी अञ्चलमा भएका संक्षिप्त गतिविधिका प्रस्तुतिविना यो लेख अधुरो रहन्छ । त्यसकारण तम्घास जेलमा बस्दा र जेलभित्र किरण पुस्तकालयले पुऱ्याएको सेवाको चर्चा गर्नुअघि जेलमा पर्नुको पृष्ठभूमिको उल्लेख गर्नु उपयुक्त नै होला ।

२०१७ साल पुस १ पछि देश अन्धकारमा

राजा महेन्द्रको २०१७ साल पुस १ गतेको कदम २००७ सालपछि दरबारद्वारा प्रजान्त्रविरूद्ध गरिएको षड्यन्त्रहरूको पराकाष्ठा थियो । राजनीतिक पार्टीहरूका कार्यकर्ता र नेताहरूको दमन र विना अभियोग पक्राउ एवं जेल चलान सामान्य भएको थियो । देशमा दमनचक्र तीव्र रूपमा बढेको थियो । नेपाल कम्युनिष्ट पार्टी र नेपाली काँग्रेसमाथि विशेष निगरानी र दमन तीव्र थियो । यसको विरोधमा लडाइँ र आन्दोलन गर्न दुबै अग्रसर थिए । नेता र कार्यकर्ताहरू निर्वासित वा भूमिगत जीवन बिताउन बाध्य भएका थिए । जनताका सम्पूर्ण अधिकारहरू खोसिएका थिए । नेपाल कम्युनिष्ट पार्टीले तेस्रो महाधिवेशन गरेर यसको विरोधमा संघर्ष गर्ने उद्घोष गरेको थियो । देशका सबै नागरिकहरूलाई बन्दी गृहका कैदीसरह बनाउने प्रयत्नमा राजा अग्रसर थिए । नेपाली कम्युनिष्ट नेता तथा कार्यकर्ता सबै राजाको तानाशाही व्यवस्थाको विरूद्ध, पञ्चायती

निरंकुश शासन अन्त गर्न र प्रजातन्त्रको पुनः बहाली गर्न क्रान्तिकारी समर्पण र उत्साहका साथ अग्रसर भएका थियौं ।

हाम्रा आन्दोलनकारी प्रयासहरू

तत्कालीन लुम्बिनी अञ्चलका ६ वटै जिल्लाहरूमा गुल्मी, अर्घाखाँची, पाल्पा, रूपन्देही, कपिलवस्तु र नवलपरासीमा हामीले कम्युनिष्ट पार्टीका सांगठनिक सञ्जालहरू बनाउन सफल भएका थियौं । हामीले शाही अधिनायकवादी-शासन व्यवस्था विरूद्धको लडाइँलाई गाउँ-ठाउँ-देशका सामन्त विरोधी किसान आन्दोलनसँग समायोजन गर्दै तीब्रताका साथ अगाडि बढाउने काम गरेका थियौं । लुम्बिनी अञ्चल कमिटीका सबै नेताहरू-मोहनलाल आचार्य, हरि ज्ञवाली, केशव ज्ञवाली, सिद्धिनाथ ज्ञवाली, एकदेव ज्ञवाली, माधव ज्ञवाली, जीवराज आश्रित, देवेन्द्र घिमिरे, जयप्रसाद वि.क.ले भूमिगत भएर किसान, मजदुर, विद्यार्थी, व्यापारी र जनताका सबै तप्काको आन्दोलन बढाउन भूमिगत रूपमा समर्पणका साथ लागेका थिए । साथै अन्य नेताहरू, वामदेव गौतम, देवी पाण्डे, नेत्र पन्थी, गुणानिधि भुसाल, डिल्लीराज ज्ञवाली, पूर्णबहादुर राना मगर, मदन पौडेल, तिरूथ हरिजन, विश्वम्भर पाण्डेलगायत १५० जना नेताकार्यकर्ताहरू भूमिगत भई काम गरिरहेका थिए । गाउँहरूमा किसान आन्दोलन चलाउने र सामन्तहरूलाई जनअदालत गठन गर्दै सजायँ दिने कामसमेत भइरहेका थिए । पञ्चायती निरंकुशतन्त्र विरोधी-पर्चा-पोष्टर टाँसिने र छर्ने काम निरन्तर भइरहन्थे र साथै आन्दोलनको लागि पार्टी र जनवर्गीय संगठन सञ्जाल बढाउने काम भइरहेको थियो । तराईका जिल्लाहरूमा ठाउँठाउँमा जमिन्दार विरोधी किसान आन्दोलन बढिरहेका थिए ।

चौंथो पार्टी सम्मेलनपछि आन्दोलनमा ऊर्जा

नेपाल कम्युनिष्ट पार्टीको चौंथो राष्ट्रिय सम्मेलनपछि पार्टीले आदरणीय नेता पुष्पलालको नेतृत्वमा प्रजातन्त्रको पुनर्वहालीको आन्दोलनलाई उचाइमा पुर्‍याउँदै संयुक्त रूपमा चलाउन आह्वान गर्दै गोप्य रूपमा पार्टी पंक्तिमा १/३ सर्कुलर तयार गरी पठाएको थियो । त्यसले पार्टीपंक्तिमा झनै क्रान्तिकारी ऊर्जा एवं जुझारूपन बढाउने काम गरेको थियो । संयुक्त जनआन्दोलनको निम्ति राजनीतिक वातावरण तयार गर्ने काम पनि जिल्ला जिल्लामा भइरहेको थियो । यसै सन्दर्भमा केन्द्रीयस्तरमा पुष्पलाल र बी.पी.कोइरालाबीच पाँच पटकसम्म वार्ताहरू भएका थिए । पहिलो वार्ता महामुरगञ्जमा भयो । त्यसपछि विभिन्न समयमा गोदौलिया, लहुरावीर, सारनाथ र ने.क.पा.को केन्द्रीय कार्यालय दशपुत्र गल्ली वाराणसीमा भएका थिए । सारनाथबाहेकका सबै वार्ताहरूमा मेरो उपस्थिति थियो र साथै गणेशमान, गिरिजाप्रसाद कोइराला र सुशील कोइरालाको पनि

उपस्थिति थियो । ती कार्यहरू संयुक्त आन्दोलन गर्नमा केन्द्रित थिए । यसबारे एउटा वार्तामा भएको रोचक प्रसङ्ग उल्लेख गर्न आवश्यक ठान्दछु । वार्तामा सबै कुरा भएपछि बी.पी.कोइरालाले फेरि भन्नुभयो -"पुष्पलालजी संगै त हिंड्ने हो, तर मेरो पिठ्यूमा पछाडिबाट छुरा नहान्नुहोला ।" त्यसपछि पुष्पलालले भन्नुभयो- 'तपाईं र मेरो बीचमा विश्वासको सङ्कट आउन हुँदैन, मेरो पार्टीको चौंथो राष्ट्रिय सम्मेलनबाट संयुक्त जनआन्दोलनको नारा, प्रजातन्त्रको पुनर्वहालीको नारा पारित गरेर म तपाईंसँग वार्ता गर्न आएको छु ।' अनि बी.पी.ले भन्नुभयो - "ठीक छ, कार्यकर्ता तहमा तित्तता कम गराउँदै जाऊँ, अहिले नै संयुक्त जनआन्दोलन गर्ने घोषणा नगरौं, मेरा पनि आफ्ना अन्तर्राष्ट्रिय बाध्यता छन् ।"

'पुष्पलालजी तपाईंको आर्थिक कार्यक्रममा म दस्तखत गर्छु-मेरो राजनीतिक कार्यक्रममा दस्तखत गर्नुहोस् ।' अनि पुष्पलालले भन्नुभयो "म पञ्चायती निरंकुश तन्त्रको अन्त्य र प्रजातन्त्रको पुनर्वहालीको कार्यक्रमका साथ अगाडि बढ्न चाहेको छु । तपाईंले चिन्ता गर्नु पर्दैन ।"

किसान आन्दोलन र प्रदर्शनको तयारी

संयुक्त आन्दोलनका लागि वार्ताहरू भइरहेको भए तापनि नेपाली काँग्रेस सशस्त्र विद्रोहमार्फत पञ्चायती निरंकुशता समाप्त गर्ने अठोटका साथ अगाडि बढ्यो । झापाका केही युवा कम्युनिष्टहरूले भारतको नक्सलपन्थी विद्रोहको प्रभावमा परी हतियार उठाइरहेका थिए । राजाले नेपाललाई बन्दी गृहजस्तो बनाएका थिए । धेरै ठाउँहरूका आन्दोलनका र विद्रोहका क्रान्तिकारी खबरहरू आइरहन्थे । यही पृष्ठभूमिमा नेपाल कम्युनिष्ट पार्टीको अञ्चल कमिटीले पञ्चायती दमन र अन्य विभिन्न नाराको साथ जनप्रदर्शन गर्ने निर्णय गर्‌यो । वि.सं. २०३० साल भाद्र महिनामा बसेको अञ्चल कमिटीले तत्कालीन लुम्बिनी अञ्चलका सबै ६ वटै जिल्लाहरूमा एउटै दिन र मितिमा कार्तिक २६ गते जनप्रदर्शन गर्ने गरी विभिन्न नौवटा नाराहरू तय गरेको र तयारी शुरू गरेको । यी सबै तयारीहरू र कामहरू भूमिगत रूपमा नै रहेका थिए । हाम्रा नेता पुष्पलाललाई समेत जानकारी गराई केन्द्रको समेत समन्वयमा यी सबै कामहरू भइरहेका थिए । आन्दोलनको तयारीको सिलसिलामा स्वयं म पनि भूमिगत रूपमा भित्र आएको थिएँ ।

२०३० कार्तिक २६ मा जुलुस प्रदर्शन

नेकपा लुम्बिनी अञ्चल समितिले अञ्चलभित्रका सबै जिल्लाहरूमा किसान-विद्यार्थी, युवा जनप्रदर्शनको तयारी गरेको थियो । तयारीअनुसार गुल्मीको तम्घासमा, अर्घाखाँचीको सदरमुकाम नरपानीमा, पाल्पाको तानसेनमा, नवलपरासीको गोपीगञ्जमा र कपिलवस्तुको पिपरामा २०३० साल कार्तिक २६

गते जुलुस प्रदर्शनहरू भएका थिए । आन्दोलनका क्रममा बचत उठाउन बन्द गर ! हाम्रो बचत फिर्ता गर ! मालपोत (तिरो भरो) कम होस् ! शिक्षा कर बन्द होस् ! तराईका सबै किसानले नागरिकता पाउनैपर्छ ! नेपालमा भारतीय हस्तक्षेप बन्द होस् ! सरकारी अन्याय दमन बन्द होस् ! घरकर बन्द होस् ! बन्दुक कर बन्द होस् ! जाली फटाइँ बन्द होस् ! राजबन्दी छोडी दे ! भरूवा बन्दुकको लाइसेन्स खारेज गर ! यी र अन्य यस्तै राजनीतिक प्रकृतिका नाराहरू छापिएका पर्चाहरू वितरण गर्दै हजारौं जनताका जुलुस प्रदर्शनहरू भएका थिए । सरकारले यो आन्दोलनलाई निर्मम तरिकाले दमन गरेको थियो । आन्दोलनपछि नेकपा लुम्बिनी अञ्चल समितिले एउटा पर्चामार्फत प्रदर्शनकारी क्रान्तिकारी जनसमुदायलाई झन् ठूलो संघर्षको लागि अझै बढी संगठित हुनुहोस् ! भनेर आह्वान गरेको थियो ।

पर्चा यस्तो थियो-

झन् ठूलो संघर्षको लागि अझैं बढी संगठित हुनुहोस् !

प्यारा मजदुर किसान, विद्यार्थी र बुद्धिजीवीहरू !

"हाम्रो बचत फिर्ता होस् ! मालपोत (तिरोभरो) कम होस् !, शिक्षा-कर-बन्द होस् !, तराईका सबै किसानले नागरिकता पाउनैपर्छ !, नेपालमा भारतीय हस्तक्षेप बन्द होस् ! सरकारी अन्याय दमन बन्द होस् !, घर-कर बन्द होस् !, बन्दुक कर बन्द होस् ! जाली फट्याइँ-बन्द होस् !, तराईमा चरन टैक्स बन्द होस् !" भन्ने नाराहरू लगाउँदै तथा "सबैमा एकताको अपील" गर्दै यो नाराहरू छापिएको रातो पोष्टर हातमा लिँदै र टाँस्दै तपाईंहरूले हज्जारौंको संख्यामा यस लुम्बिनी अञ्चलका विभिन्न जिल्लाका सदरमुकामहरूमा भेला भई कार्तिक २६ गते संयुक्त आन्दोलन र जुलुस प्रदर्शन गर्नुभयो । गुल्मी तम्घासमा यी नाराहरूका साथै "धरपकड बन्द होस् !, दमनकारी करकाप-बयान-बन्द होस् !, कूट-पीट-बन्द होस् !, सन्धीसर्पन गौचरन-कायम होस् !, महंगी बन्द होस् ! का नाराहरू पनि घन्किए । एकैदिन एउटै समय र एकै किसिमका नाराहरू लगाउँदै पचासौं हाजार जनताले आफ्ना मागहरू लिई आ-आफ्ना जिल्लाका सदरमुकामहरू घेर्न जानुले स्पष्ट गर्दछ कि, तपाईंहरूले आफूलाई सामन्ती शोषणको विरूद्ध दृढ भई लड्ने लडाकु शक्तिको रूपमा पेश गर्नुभएको छ । नेपाल कम्युनिष्ट पार्टी सामन्ती पञ्चायती व्यवस्थाको विरूद्धमा र तपाईंहरूको उपरोक्त जायज मागहरूको निम्ति लड्न कृतसंकल्प छ ।

क्रान्तिकारी साथी हो !

तपाईंहरूले आफ्ना जायज माग, खाँचो र आवश्यकतालाई लिएर आ-आफ्ना जिल्लाका सदरमुकाममा जानुभयो, मागको जवाफमा सामन्ती पञ्चायती सरकारले मृत्यु, कुटाइ, पिटाइ, जेल, नेल र अनेक शारीरिक यातनाहरू दियो र दिइरहेको छ । आन्दोलनको दिनमा नै श्री ५ को प्रशासनले गुल्मी तम्घासमा शान्तिपूर्ण जुलुसमाथि बर्बर तरिकाले लाठी चार्ज गरयो । ६ जना किसानहरूको हत्या गरयो र ४० जना किसानहरूलाई गिरफ्तार गरी अनेक शारीरिक यातना दियो । सयौं किसान, विद्यार्थी र बुद्धिजीवीहरूको टाउकोमा पुलिसले डण्डा प्रहार गरे । आन्दोलनपछि पनि गुल्मीमा ७० भन्दा धेरै किसान, विद्यार्थी तथा शिक्षकहरूलाई गिरफ्तार गरी अनेक शारीरिक यातनाहरू (बाँच्न मुस्किल हुने गरी पिट्ने, वस्त्र विहीन बनाई १४/१५ दिन सम्म आलो सिस्नोमा सुताउने र पानी छम्कने, टाउको तल, खुट्टा माथि बनाई झुण्डाएर पिट्ने, नाङ्गो बनाई रात-दिन सिमेन्टेड कोठाको मैला र पिसाबमा सुताउने, खाने राशनसम्म पनि नदिने, खाडल खनी आधाभन्दा धेरै शरीर माटोले पुर्ने आदि आदि) दिने गरेको छ । पाल्पामा जुलुसबाट प्रतिनिधि पठाऊँ भनी गएका ५ जना प्रतिनिहरूलाई शारीरिक यातना दिई जेल नेल दिइएको छ । यो दमन अरू जिल्लामा पनि शुरू गरेको छ । गाउँ-गाउँमा सशस्त्र पुलिस आतंक छ । जनताको ज्यूधनको कुनै सुरक्षा छैन । अञ्चलभरि नै गाउँ-गाउँमा सी.आई.डी.को जाल बिछ्याइएको छ । यस किसिमको कठिन स्थितिमा पनि मार्ग १७ गते रूपन्देही जिल्लामा एक जना सामन्त जमिन्दारले अन्यायपूर्ण तरिकाबाट किसानको जमिन हडपेको विरूद्ध, त्यहींका २,००० भन्दा बढी किसानहरू "सामन्ती शोषण मुर्दावाद ! किसान एकता जिन्दावाद !" आदि नाराका साथको जुलुसले धानबाली जफत गरी किसानलाई दिलाए । उक्त जुलुसमा ३५% महिलाले भाग लिएका थिए । सामन्त जमिन्दारको पक्ष लिई धरपकड गर्न आएका पुलिसलाई स्थानीय महिलाहरूले हाँक दिंदै "तागत छ, भने पक्रेर लैजा" भन्ने बहादुरीपूर्ण जवाफ दिएका थिए ।

जुन धर्तीमा किसान जन्मे, हुर्के, जग्गाको कमोद गर्दै आए, मालपोत-तिरो तिर्दै आए, आज त्यहीं किसानलाई "यो जमिन मेरो हो " भन्ने अधिकार छैन । यहीं धर्तीका किसान सबैलाई "म नेपालको नागरिक हुँ" भन्ने अधिकार छैन, यहीं धर्तीको किसानले आफ्नो मिहिनेत र पसिनाको उपभोग गर्न पाउँदैन । यस व्यवस्थामा हामीलाई आफ्ना पीरमर्का र अधिकारलाई लिई बोल्न, लेख्न र माग गर्नसम्म पनि प्रतिबन्ध लागेको छ ।

साथी हो !

हाम्रो अञ्चलमा राजाको सामन्ती अधिनायकवादी पञ्चायती व्यवस्थाको शोषण र दमनको विरूद्ध, परासी, लुम्बिनी, अजगरा आदिमा विशाल किसान आन्दोलनहरू भए । तर ती सबै आन्दोलनहरू समुद्रको तरंग झैं बिलाएर जानुको मुख्य कारण नै असंगठित भएर हो । यस पटकको यो अञ्चलव्यापी आन्दोलनले हाम्रो अञ्चल र अझ देशकै निम्ति पनि विशेष महत्त्व राख्दछ । किनकि खास गरी २०१७ सालपछि संगठित रूपमा भएको यो सबैभन्दा ठूलो आन्दोलन हो । यस्तै प्रकारका अझै विशाल आन्दोलनको निम्ति अझै बढी संगठन, आँट र दृढताको खाँचो पर्दछ । आँटिलो, अनुशासित र व्यापक जनसंगठनबाट नै सामन्ती पञ्चायती व्यवस्थालाई खत्तम पारी नयाँ जनवादी व्यवस्थाको स्थापना गर्ने निर्णायक क्रान्तिको विकास हुनेछ । यो सामन्ती पञ्चायती व्यवस्था र भारतीय एकाधिकार पूँजीवादको शोषण र हस्तक्षेपको अन्त अवश्य हुनेछ । यसको निम्ति हाम्रो संगठित शक्तिको आवश्यकता रहेछ भन्ने कुरा यस आन्दोलनबाट प्रत्यक्ष शिक्षा मिलेको छ । अतः अझै ठूलो संघर्षको निम्ति अझै बढी संगठित हुन अपील गर्दछौं ।

नेपाल कम्युनिष्ट पार्टी - जिन्दावाद !
कार्तिक २६ को जुलुस प्रदर्शन - जिन्दावाद !
सामन्ती पञ्चायती व्यवस्था - मुर्दावाद !
जाली फटाहा साहु जमीन्दार वर्ग - मुर्दावाद !
सामन्तविरोधी र व्यवस्था विरोधी सम्पूर्ण राजनैतिक शक्ति - एक होऔं !
मजदुर, किसान ,विद्यार्थी र बुद्धिजीवी एकता - जिन्दावाद !

नेपाल कम्युनिष्ट पार्टी

लुम्बिनी अञ्चल समिति

२०३०

आन्दोलनपछि मोहनलाल आचार्य, हरि झवाली, केशव झवाली, सिद्धिनाथ झवाली र पूर्णबहादुर रानालगायतका साथीहरू बनारस जानुभयो र पुष्पलालले सफल जनप्रदर्शनको लागि धन्यवाद दिनुभयो । साथै बी.पी.कोइरालासँग पनि तपाईंहरूले भेट गर्नुहोस् भनेर सल्लाह दिनुभयो । मोहनलाल आचार्य, सिद्धिनाथ झवाली, हरि झवाली र केशव झवालीहरूले बी.पी.सँग भेट गर्नुभयो । बी.पी.ले साथीहरूलाई यसरी सम्बोधन गर्दै भन्नुभयो-"तपाईंहरूले धेरै राम्रो काम गर्नुभयो, लुम्बिनी अञ्चलको पञ्चायतविरूद्धको यो आन्दोलनले नेपालको इतिहासमा राजनीतिक क्रान्तिको राजनीतिक पूँजी र आदर्श स्थापित गरेको छ । २००७ सालको क्रान्तिको राजनीतिक पूँजी र आदर्शले काँग्रेस नेपालका राजनीतिक शक्तिको

रूपमा जीवित छ । तपाईंहरूले गरेको आन्दोलनले तपाईंहरूलाई सदैव जीवित राख्नेछ ।"

आन्दोलनपछि निरंकुश शाही शासनको दमन धेरै बढेर गयो । गाउँठाउँका सामन्तहरूलाई सरकारी जासुसको रूपमा प्रयोग गर्दै काम गर्न प्रेरणा र सहयोग गर्न शुरू भयो । त्यहीं रूपमा सिद्धारा बर्रेका एक जना जासुस थिए । उनलाई सजायँ र नसियत दिन हामी मेरै नेतृत्वमा बर्रे संघर्षमा लागेका थियौं ।

बर्रे संघर्ष २०३० फागुन २८

यो आन्दोलन समान्तवाद विरोधी किसान आन्दोलन थियो । यहींका सामन्तहरूले (सरकारी जासुसहरूले) अर्घाखाँचीको जिल्ला कमिटी सदस्य देवराज भारसहितका केही साथीहरूलाई पत्राउने कामसमेत गरेका थिए । हाम्रो पार्टी ने.क.पा. त्यतिबेलासम्म सिद्धारामा सांगठनिक रूपले प्रवेश गरिसकेको थियो । बलियो हुँदै थियो । त्यस क्षेत्रमा काम गर्न देवराज भारको नेतृत्वमा पीताम्बर भुसालसहितको एउटा टीम लागेको थियो । त्यसैले ऐतिहासिक सफल किसान आन्दोलन एवं प्रदर्शनपछि लगत्तै सिद्धारामा सामन्तविरोधी आन्दोलनमा (बर्रे संघर्षमा) लाग्यौं । यसमा करिब २०० जना साथीहरूको संलग्नता थियो । त्यहाँ हतियारसहितको जासुसी सामन्ती जत्थाबाट हामीमाथि आक्रमण हुन सक्छ भन्ने सूचना हामीलाई प्राप्त थियो । त्यसैले हामी २ टोलीमा विभाजित भएर सम्भावित खतरा सामना गर्न सक्ने गरी पूरै तयारीका साथ हतियारसहित गएका थियौं । तर कसैको हत्या गर्ने वा कसैमाथि गोली प्रहार गर्ने हाम्रो योजना थिएन । हामी आफ्नो मिशन पूरा गरेर सुरक्षित रूपमा फर्केका थियौं । यो संघर्षबाट सामन्तवाद विरोधी ऐतिहासिक किसान आन्दोलन (बर्रे संघर्ष)को नामले चिनिन्छ । यो आन्दोलनपछि एउटा जासुसको रिपोर्टिङ्गको आधारमा मसमेत यो संघर्षका नायकहरू नौ जना केशरमणि पोखरेल, बेदुराम भुसाल, हेमनाथ भुसाल, बुद्धिबहादुर रायमाझी, भेषराज ढुङ्गाना, नेत्रप्रसाद ढुङ्गाना, लीलामणि ढुङ्गाना, रामचन्द्र पौडेल र प्रभाकृष्ण पौडेल गिरफ्तार भयौं र बयानपछि तम्घास जेलमा राखियो नेल-हतकडी लगाएर ।

तम्घास जेल बसाइको अनुभूति र केही स्मरणहरू

चैत्र चौंथो साता २०३० मा हामीलाई पञ्चायती शासनले झुटो अभियोग लगाएर तम्घास जेल चलान गरयो । हामी सबैलाई नेल-हतकडी लगाएर राख्यो । बस्ने कोठामा एउटा सानो झ्याल थियो । कोठा १०/१२ फीटको थियो । कोठाभित्र रातिमा हामीले बाल्टीमा दिसापिसाब गर्न पर्दथ्यो । यस्तो अमानवीय यातनाका साथ हामीलाई राखिएको थियो । आ-आफ्ना परिवारबाहेक अरू कसैसँग भेट

गर्न पूरै प्रतिबन्ध थियो । भात खाँदा र पकाउँदा मात्र हतकडी खोल्ने गरिएको थियो । दुई महिनासम्म यहीं अवस्थामा जीवन बिताउन हामी बाध्य थियौं । खानको लागि दिएको प्रतिव्यक्ति १५ मुठी चामलमा एक चौंथाइ ढुटो र कनिका मिसाएको हुन्थ्यो । त्यस्तै अन्य आवश्यक खाने सामग्रीहरूको व्यापार जेलर आफै गर्दथे । महगोमा किन्न हामी विवश थियौं । एवं प्रकारले २ महिना बिते । त्यसपछि मात्र हाम्रा खुट्टा र हातका नेल-हतकडीहरू खुले । हामी सबै जेलभित्र घुमफिर गर्न सक्ने भयौं । तबसम्म हामीले अरू केही बन्दीहरूसँग राम्रो सम्बन्ध स्थापित गरिसकेका थियौं । उनीहरूमार्फत बाह्य संसारसँग सम्पर्क सूत्र व्यवस्थापन गरिसकेका थियौं । जेलगार्डका २ जना प्रहरीभाइहरूमार्फत हाम्रो बाह्य सम्पर्क हुन थाल्यो । अब हाम्रो ध्यान पढाइतिर पनि जान थाल्यो ।

जेल परेका साथीहरूमध्ये एक जनाले मात्र सर्टिफिकेट लेवल पास गर्नुभएको थियो र एक जनाले एस्.एल्.सी. तथा ३ जना मध्यमा उत्तीर्ण हुनुहुन्थ्यो । मेरो ध्यान अब साथीहरू सबैलाई सुशिक्षित कसरी गर्न सकिन्छ ? त्यसमा केन्द्रित थियो । यस क्रममा सम्पर्क सूत्रमार्फत मैले तम्घासको महेन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक ज्ञानहरि आचार्य र अध्यापक शशि पन्थीज्यूलाई सम्पर्क गरें । उहाँहरू दुबै पञ्चायतइतर शक्ति ने.का.सँग वैचारिक रूपमा आबद्ध हुनुहुन्थ्यो । ज्ञानहरिको दाइ यज्ञप्रसाद झ्न् २०१८ सालमा राजाको निरंकुश शासनविरूद्ध हतियार बोकेर लडेका व्यक्ति हुनुहुन्थ्यो । उहाँहरू दुबैको हामीप्रति सद्भाव र सहयोगको भावना थियो । हाम्रो पार्टीको नीति संयुक्त आन्दोलनको रहेको र साथै काँग्रेससँग मिलेर प्रजातन्त्रको पुनर्वहालीको लागि समर्पणका साथ आन्दोलनमा लागेको हुँदा मित्रवत् व्यवहार हामीप्रति रहेको थियो । हामीलाई वैधानिक रूपमा प्रकाशित पत्र-पत्रिका पठाउने र साथै सेन्सर गर्दा जेलभित्र जान नसक्ने सामग्री गोप्य रूपमा सम्पर्क सूत्रमार्फत पठाउने काम हुन थाल्यो । यसबाट हामी सबै लाभान्वित भयौं ।

जेलभित्र किरण पुस्तकालयको अविस्मरणीय सहयोग

किरण पुस्तकालयको स्थापना र सञ्चालनमा शशि पन्थीको विशेष भूमिका थियो । पुस्तकालयबाट संस्कृति, साहित्य, इतिहास, पृथ्वीको उथलपुथल, जीवित प्राणीको उत्पत्ति, महाद्वीप र सागरहरूको निर्माण एवं मानवजातिको उत्पत्ति र विकास बारेका धेरै पठनयोग्य किताबहरू हामीले प्राप्त गर्न थाल्यौं । म खास गरी त्यसबाट अरू बढी ज्ञान प्राप्त गर्न सफल भएँ । त्यसको लागि फेरि अहिले पुनः यो लेखमार्फत धन्यवाद नदिइरहन सक्दिनँ । सहयोगको कुरा गर्दा उल्लेख गर्नै पर्ने व्यक्ति हो-केशव खड्का, उहाँ तम्घास अस्पतालमा कार्यरत हेल्थ असिस्टेन्ट हो । अस्पताल जाँदा औषधि उपचारमा धेरै सहयोग हुने गरेको थियो।

ज्यादै संकट पर्दा ज्ञानहरिबाट केही आर्थिक सहयोग पनि हुने गर्दथ्यो । किरण पुस्तकालयबाट शशि पन्थीमार्फत हुने गरेको सहयोग अविस्मरणीय छ ।

मबाहेकका साथीहरूको एकेडेमिक स्तर माथि उठाउन त्यत्तिकै बढी आवश्यक थियो । त्यसका लागि सम्पर्क सूत्रमार्फत मैले ज्ञानहरि र शशि पन्थी दुबैलाई अनुरोध गरें । त्यसको लागि सहयोग गर्न दुबै तयार भएको सन्देश मैले प्राप्त गरेको थिएँ । तर त्यो काम जेल प्रशासनको दमनकारी अमानवीय व्यवहारका कारण २०३१ सालको शैक्षिक सत्रमा पूरा हुन सकेन ।

किरण पुस्तकालयबाट शशि पन्थीजीमार्फत पठाइएका किताबहरू पनि पढेपछि साथीलाई दिने गर्दथें। अनि छलफल गर्न म पर्खने गर्दथें। साथीहरूसँगै बस्दा अंग्रेजी, गणित र इतिहासबारे ज्ञान प्राप्त गर्न मेरो सहयोग हुने गर्दथ्यो। यसबाट साथीहरू धेरै सुशिक्षित हुन सक्नुभयो। पछि सबै साथीहरूलाई केन्द्रीय कारागार चलान गरियो। बेदुराम भुसाल, बुद्धिबहादुर रायमाझीले त मास्टर्स पनि गर्नुभयो, त्यस्तै प्रभाकृष्ण पौडेलले पनि। अरू साथीहरूले पनि आफ्नो स्तर धेरै माथि उठाउनुभयो।

जेलमा हामीलाई दिइने रासन तोकिएको मापदण्डभन्दा धेरै नै गुणस्तरहीन हुन थालेको थियो । त्यो काम ठेकेदारसँग जेल प्रशासनको मिलिमतोमा हुने गरेको थियो । हामीले जेल प्रशासनलाई सुधारको लागि अनुरोध गर्‍यौं । जेलरले आफै व्यापार गर्दथे । खाद्यान्नबाहेकका सबै आवश्यक वस्तुहरू महङ्गो भाउमा लिने गर्न थाले । एक दिन जम्मा रू.१ ।- मा पाइने र त्यसैमा पनि डबल मूल्य तिरेर किन्नुपर्ने परिस्थितिमा त भान्छा चल्न गाह्रो थियो । हामीले यसको जबरजस्त बिरोध गर्‍यौं । अरू बन्दीहरूले पनि हामीलाई साथ दिने निश्चित भयो । यी सबैको डिलिङ्ग नेत्रप्रसाद ढुङ्गानाले गर्नुभएको थियो । एक दिन साँझ हामीसमेत सबै बन्दीहरूलाई ढोका बन्द गरेर थुनिसकेपछि जेलर दलबलसहित आएर ढोका खोलेर नेत्रप्रसाद ढुङ्गानालाई बीभत्स तरिकाले यातना दिएर भित्र पठाए । भोलिपल्टै हामीले यसको ठूलो प्रतिवाद गर्‍यौं । साथै जेलभित्र आएको समयमा उसलाई कोठामा तानेर नसिहत दियौं । त्यसको भोलिपल्ट हामी सबैलाई नेल हतकडी पुनः लगाइयो र मलाई अलग्गै एउटा सानो कोठामा एकान्तवास सजायँ (Solitary Confirenment) मा राखियो र अरू साथीहरूलाई बस्ने गरेकै कोठामा । जेल कम्पाउण्डभित्र दुई महिनासम्म घुम्नसमेत दिइएन । भात पकाउनको लागि र खानको लागि हतकडी खोल्ने र पछि लगाउने गरिएको थियो । यसले गर्दा एस्.एल्.सी. आई.ए.को फर्म भर्ने, परीक्षाकेन्द्र जेलमा नै राख्ने कुरा स्थगित हुन पुग्यो । अर्को वर्ष नेल हतकडी खुलेपछि मात्र सबै साथीहरूले तम्घासको महेन्द्र माध्यमिक

विद्यालयमार्फत जाँच दिने अवसर पाउनुभयो । मलाई भने छ महिनापछि नेल हतकडी खोलेर काठमाडौं केन्द्रीय कारागारमा चलान गरिएको थियो । मलाई चलान गरिएको भए तापनि साथीले जाँच दिन पाउनुभयो । यी सबै सहयोग ज्ञानहरि र शशि पन्थीमार्फत भएका थिए । तीनजना साथीहरू बेदुराम भुसाल, बुद्धिबहादुर रायमाझी र प्रभाकृष्ण पौडेलले मास्टर डिग्री पनि प्राप्त गर्न सफल हुनुभयो । जेलमा मैग्जिन, पत्रपत्रिका र किताबहरू म आफै पढ्ने र साथीहरूलाई पढ्न दिने गर्दथें । त्यसपछि बुझेका कुरा राख्नुस् भनेर उहाँहरूको बुझाइ सुन्दथें । अनि आफूले सबै कुरा बताउने गर्दथें । किरण पुस्तकालयबाट शशि पन्थीजीमार्फत पठाइएका किताबहरू पनि पढेपछि साथीलाई दिने गर्दथें । अनि छलफल गर्न म पर्खने गर्दथें । साथीहरूसँगै बस्दा अंग्रेजी, गणित र इतिहासबारे ज्ञान प्राप्त गर्न मेरो सहयोग हुने गर्दथ्यो । यसबाट साथीहरू धेरै सुशिक्षित हुन सक्नुभयो । पछि सबै साथीहरूलाई केन्द्रीय कारागार चलान गरियो । बेदुराम भुसाल, बुद्धिबहादुर रायमाझीले त मास्टर्स पनि गर्नुभयो, त्यस्तै प्रभाकृष्ण पौडेलले पनि । अरू साथीहरूले पनि आफ्नो स्तर धेरै माथि उठाउनुभयो ।

हामीलाई नेल हतकडीमा देख्दा मेरी जीवन साथी विमला पोखरेल पहिलोपटक रोइहालिन् । पछि भेट गर्न आउँदा पनि जहिले पनि मलीन हुने गर्दथिन् । त्यो अवस्था देख्दा उनीमा र त्यो सानो बच्चा विनोदमा कस्तो र कति गहिरो मानसिक तनाब भएको होला । त्यहीं हालत अरू विवाहित साथीहरूका जीवनसाथीहरूमा र अविवाहित साथीहरूका आमा-बुबा, भाइबहिनीहरूमा परेको थियो । पार्टीको आजको युवापुस्ताले यो इतिहासलाई कसरी हेर्ला र विश्लेषण गर्ला, त्यो उत्सुकताको विषय भएको छ ।

नेपाली कम्युनिष्ट आन्दोलनका एक सशक्त योद्धा ।

–ooo–

गाउँवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाईंसराइ जस्ता व्यक्तिगत घटनाहरू गाउँपालिकाको कार्यालय वा वडा कार्यालयमा दर्ता गराऔं ।
- कर तिरौं, सभ्य नागरिकको पहिचान दिऔं । गाउँपालिकाको विकासमा टेवा पुऱ्याऔं ।
- घर आँगन, टोल सधैं सफा राखौं गाउँपालिका सफा राख्ने अभियानमा सहभागी बनौं ।

खगेन्द्रराज मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

बालकृष्ण शर्मा (आचार्य)
अध्यक्ष

तथा

मालारानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची

गुल्मीका गौरव र गहना : किरण पुस्तकालय र हाम्रो पुरुषार्थ

✍ भागवत ज्ञवाली



आज सम्झँदा भर्खरै जस्तो लाग्दछ । केही वर्षअगाडि गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा बालमन्दिरको प्राङ्गणअगाडि सानो साँघुरो ठाउँमा किरण पुस्तकालय सञ्चालन भएको थियो । यसको प्रारम्भ शशि पन्थीको घरको एकनाले गोठबाट भएको हो । उहाँले गाईगोठको सानो कोठामा केही पुस्तकहरू संग्रह गरेर राख्नुभएको थियो । त्यही सानो पुस्तकालय आज किरण पुस्तकालयका नामले गुल्मी जिल्लामा मात्र नभएर बाहिर पनि प्रख्यात छ ।

पुस्तकालयको नालीबेली पहिल्याउँदा वि.सं. १९५६ मा श्री ५ पृथ्वी वीरविक्रमको पालामा श्री ३ तथा प्रधानमन्त्री वीर शमशेरद्वारा विभिन्न हस्तलिखित पुस्तकहरू संग्रह गरेर स्थापित राष्ट्रिय अभिलेखालयलाई नेपालको पहिलो आधुनिक पुस्तकालय मान्न सकिन्छ । जय पृथ्वीबहादुर सिंहले आफू इलाहावाद र कलकत्तामा अध्ययन गर्दा संकलन गरेका नेपाली, अंग्रेजी, हिन्दी, उर्दू, फारसी र बंगाली भाषाका पुस्तकहरू, जनचेतना फैलाउने भएकाले ती पुस्तकहरू अभिलेखालयबाट हटाई जैसीकोठामा सारिएका थिए । हाल यो पुस्तकालयभन्दा पुरातात्विक महत्त्वका कागजपत्र ग्रन्थ अभिलेख राख्ने संग्राहलयका रूपमा परिचित रहेको छ ।

त्यसपछि राजधानीमा पुस्तकालयको क्रममा केसर पुस्तकालय, राष्ट्रिय पुस्तकालय, त्रि.वि. केन्द्रीय पुस्तकालय, प्रज्ञा पुस्तकालय, डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय र मदन पुरस्कार पुस्तकालयलाई लिन सकिन्छ । यसै गरी काठमाडौंमा रहेका पुस्तकालयहरूमा मुख्यतः अमेरिकी पुस्तकालय, नेपाल-भारत सांस्कृतिक केन्द्र, ब्रिटीश काउन्सिल पुस्तकालय र बाहिर रहेका पुस्तकालयहरूमा नवलपरासीको डण्डामा रहेको अर्ग्यौली सामुदायिक पुस्तकालय, लम्जुङको लक्ष्मीनारायण सामुदायिक पुस्तकालय र पाल्पाको धवल पुस्तकालयलाई उल्लेख गर्न सकिन्छ ।

समयको परिवर्तनसँगै धेरै कुरामा अदलबदल भएको छ । देश काल र परिस्थितिले गर्दा धेरै ठाउँमा आमूल परिवर्तन भएको देखिएको छ । किरण पुस्तकालयको सानो भवन आकर्षक पुस्तकालय भवनको रूपमा बदलिएको छ । सम्वत् २०२५ सालमा खुलेको यस पुस्तकालयमा पछि धेरै पुस्तकहरू थपिएका छन् । आज सम्वत् २०७५ कार्तिक महिनामा आइपुग्दा ५० वर्ष पूरा भएको प्रतीत हुन्छ । ५० वर्षको अवधिलाई स्वर्ण महोत्सवको रूपमा मनाउने चलन छ । यसले पनि नयाँ रूपमा स्वर्ण महोत्सव मनाउँदै छ । मानिसको जीवनमा ५० वर्षको अवधि लामै मानिन्छ तर विद्यालय र पुस्तकालय जस्ता संघसंस्थाहरूको लागि खास लामो मानिँदैन । यो अवधि भनेको संस्थाहरूले आफ्नो स्वरूप आकार-प्रकार निर्माण गर्ने र आफ्नो गन्तव्य निर्धारण गर्ने समय हो । यसरी हेर्दा यसले आफूलाई आत्मनिर्भर र सक्षम तुल्याउँदै प्रगतिपथमा अघि लम्केको भान हुन्छ । यो नश्वरताबाट अमरतातिर लागेको छ ।

साहित्यिक र सांस्कृतिक फाँटमा यसले थुप्रै कार्यहरू गरेको देखिएको छ । बेलाबेलामा सभा-सम्मेलन र गोष्ठीहरू गरेर आफूलाई जीवन्त तुल्याएको छ । यसले एकातिर साथीभाइलाई सम्पर्क गर्ने थलो बनाएको छ भने अर्कोतिर नेपाल र नेपालबाहिरबाट पनि नयाँ र धेरै पत्रपत्रिका मगाएर पाठकहरूको चाहना र रुचिलाई पूरा गरेको छ । पुस्तकालयले मुखपत्रको रूपमा सम्वत् २०३० सालदेखि हाम्रो पुरुषार्थलाई नियमित रूपमा प्रकाशित गर्ने गरेको छ ।

यस अवधिसम्म आइपुग्दा यस पत्रिकाले आफूलाई क्रमशः वार्षिकबाट, अर्धवार्षिक हुँदै त्रैमासिक पत्रिकाको रूपमा स्थापित गरेको छ । समयसमयमा यसले उपयोगी, ज्ञानवर्धक र विशिष्ट विशेषाङ्कहरू प्रकाशित गरेको छ । लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क, पत्रकारिता विशेषाङ्क, डा. टीकाराम पन्थी विशेषाङ्क, बी.पी. विशेषाङ्क, भानु विशेषाङ्क विशेष महत्त्वपूर्ण छन् । यीद्वारा हाम्रो पुरुषार्थले आफ्नो गुणवत्तालाई प्रकट गरेको छ । यसबाट आफू स्वयंलाई गहकिलो, चहकिलो र महकिलो तुल्याउन सफल बनेको छ । अहिले आएर यो पत्रिका धेरैको प्रिय पत्रिका बनेको छ । लुम्बिनी अञ्चलबाट प्रकाशित हुने सिद्धार्थ, किरण, बिहानीपख, उजेली जस्ता साहित्यिक पत्रिकाहरू हराएर गएका छन् तर यो पत्रिका पहाडबाट निस्केको झरनाझैं अटूट रूपमा बगिरहेको छ र निस्किरहेको छ ।

यो पत्रिका नेपालभित्रका सतहत्तरै जिल्लाहरू, सातवटै प्रदेशहरू र बाहिरका देशहरू भारत, चीन, बर्मा, जापान, सिङ्गापुर, जर्मनी, फ्रान्स, अस्ट्रेलिया, बेलायत, अमेरिकासम्म पुगेर आफ्नो प्रभाव फैलाएको छ । साहित्यिक पत्रिकाहरूलाई जन्माउन जति सजिलो हुन्छ, तिनीहरूलाई हुर्काउन र दिगो तुल्याउन उति गाह्रो हुन्छ ।

राष्ट्रिय स्तरमा कहलिएका युगवाणी, रूपरेखा र रचना जस्ता केन्द्रबाट निस्कने पत्रिकाहरू बीचैमा हराउने जटिल परिस्थितिमा यसले मोफसलबाट प्रकाशित भएर आफूलाई यतिका वर्षसम्म निर्वाध रूपमा गतिशील तुल्याउनु कम चुनौतीपूर्ण कुरा होइन । यी यावत् समस्यालाई समाधान गर्दै अगाडि बढ्नसक्नु यस पत्रिकाका सम्पादक शशि पन्थीको कुशलता हो ।

"हाम्रो पुरुषार्थ"को स्थायी स्तम्भ भेटघाट ज्यादै महत्त्वपूर्ण स्तम्भको रूपमा रहेको छ। भेटघाटमार्फत चर्चित व्यक्तित्वद्वारा विविध विषयमा नयाँ जानकारी दिने प्रयत्न गरिएको हुन्छ । ... यी ज्यादै उपयोगी र ज्ञानवर्धक हुन्छन्। यसबाट धेरै पाठकहरू लाभान्वित भएका छन् । यसमा गागरमा सागर भरिएको उक्ति चरितार्थ हुन्छ ।

यसले गाउँका कुना काप्चामा लुकेका प्रतिभाहरूलाई अगाडि ल्याएर चिनाउने प्रयास गरेको छ । साथै अप्रकाशित कृतिहरूलाई प्रकाशित गर्ने प्रयत्न गरेको छ । यी कार्यहरू उपलब्धिपूर्ण छन् र प्रशंसनीय छन् ।

समय-समयमा विशिष्ट व्यक्तित्वहरूका विशिष्ट कृतिहरू प्रकाशित गरेर गुरु परम्परालाई कायम गरेको छ । अहिलेसम्म चौधवटा कृतिहरू प्रकाशित भएका छन् । "हाम्रो पुरुषार्थ"को स्थायी स्तम्भ भेटघाट ज्यादै महत्त्वपूर्ण स्तम्भको रूपमा रहेको छ । भेटघाटमार्फत चर्चित व्यक्तित्वद्वारा विविध विषयमा नयाँ जानकारी दिने प्रयत्न गरिएको हुन्छ । हरेक अङ्कमा "भेटघाट" विशिष्ट हुन्छन् । यी ज्यादै उपयोगी र ज्ञानवर्धक हुन्छन् । यसबाट धेरै पाठकहरू लाभान्वित भएका छन् । यसमा गागरमा सागर भरिएको उक्ति चरितार्थ हुन्छ । पाल्पाका प्रसिद्ध हास्यकवि स्व. कुलमणि देवकोटाद्वारा रचित कविता "ज्ञानको त्यो भोक" नेपाली पद्य संग्रहमा संकलित छ । यस कवितामा उहाँले ज्ञानको भोकले धेरै कुरा पाएको उल्लेख गर्नुभएको छ । संसारमा भएका नयाँ-नयाँ खोज र आविष्कारहरू ज्ञानको भोकले गर्दा भएका हुन् । ज्ञानले गर्दा नै संसार बदलिएको छ । एक हिसाबले मान्ने हो भने अहिले यो नयाँ प्रविधिले चमत्कारै गरेको छ । यी सबै ज्ञानको भोकका फल हुन् र पुस्तकालयका परिणाम हुन् । पुस्तकालय ज्ञानको अथाह भण्डार हो । यो राष्ट्रको अमूल्य निधि हो । यसको संरक्षण र विकास गर्नु हरेक राष्ट्रको दायित्व हुन्छ । यस दिशातिर राष्ट्रको ध्यान जान जरूरी छ ।

वास्तवमा भन्ने हो भने ज्ञानले मानिसलाई सक्रिय र तन्दुरूस्त पार्दछ । गुल्मी जिल्लाको गौरव र गहनाको रूपमा रहेका किरण पुस्तकालय र "हाम्रो पुरुषार्थ" मा किरण पुस्तकालयले हरेकमा ज्ञानको भोक जगाउन र पत्रिका हाम्रो पुरुषार्थले पौष्टिक खुराक प्रदान गरी हरेकलाई तन्दुरूस्त राख्न सफल हुनेछ ।

✍ **ने.का., गुल्मीका पूर्व सभापति र २०४८ सालमा गुल्मी क्षेत्र नं. १ का पूर्व सांसद ।**

-०००-

किरण पुस्तकालयको ज्योति : पूर्णचन्द्रको आभा



✍ डा. रामप्रसाद ज्ञवाली

विविध प्रकारका अवरोहहरूलाई छिचोली स्वर्णजयन्तीको स्थारोहण अविश्रान्त रूपले ज्योतिष्मती विद्या सदन किरण पुस्तकालयको प्रभाव हीरक जयन्तीको उच्च शिखरसम्म देदिप्यमान हुँदै जानेछ, मलाई विश्वास छ ।

किरणले विविध क्षेत्रलाई संस्पर्श गरे पनि पूर्णचन्द्रको आभालाई केवल रेसुङ्गाको सेरोफेरोमा मात्र होइन राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षितिजमा समेत विस्तारित गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने कार्य चाहिं "हाम्रो पुरुषार्थ"बाटै भएको छ, यो शाश्वत कुरा हो ।

शरीरका विविध अङ्गहरू चलायमान रहे पनि बहिर्मुखी व्यक्तित्वको वास्तविक पहिचान पुरुषार्थी अनुहारबाटै झल्किन्छ भने झैं ज्योतिष्मती "किरण"लाई यत्रतत्र सर्वत्र आभासित गराउने कार्यमा "हाम्रो पुरुषार्थ" नै संवाहक रहेको छ । यसलाई स्वच्छ, सभ्य र दिव्य पोसिलो खुराकको व्यवस्था गरेर हटिलो-मटिलो बनाउन निरन्तर साधनारत रहने व्यक्तिहरूको भूमिका निकै महत्त्वपूर्ण छ । किरणले विविध क्षेत्रलाई संस्पर्श गरे पनि पूर्णचन्द्रको आभालाई केवल रेसुङ्गाको सेरोफेरोमा मात्र होइन राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षितिजमा समेत विस्तारित गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने कार्य चाहिं "हाम्रो पुरुषार्थ"बाटै भएको छ, यो शाश्वत कुरा हो ।

'केवल यति वर्षको भयो । यस्तो अङ्ग-रङ्ग-ढङ्गको भयो ।' भन्ने मात्र पहिचान नदिएर यसले विविध सांस्कृतिक छटा/प्रतिभा साहित्यिक स्रष्टा/राजनीतिक, ऐतिहासिक, समसामयिक दिव्यद्रष्टाका भागवत चेता/भाषिक शैक्षिक अनुसन्धाता एवं वैविध्यपूर्ण अभिव्यक्तिका प्रयोक्ताहरूद्वारा शास्त्रीय, लोकलय, गजल, मुक्तक, हाइकु तथा गाद्यिक भाव-शिल्पी अभियन्तासँग पनि सत्संग गर्दै मननीय, दर्शनीय, पठनीय, दृश्याङ्कनको सम्बलरूप सुस्वादु भोज्य पदार्थ पस्कन "किरण पुस्तकालय"को ज्योतिलाई दिव्यता प्रदान गराउने महाभियानका पन्थी (यात्री) "शशि"को व्यक्तित्व र "किरण"को अस्तित्व अन्तर्हृदयले शोच्दा अन्योन्याश्रित

रहेजस्तो देखिन्छ । शशि किरणको सान्निध्यमा प्रचण्ड तापको राप हुँदैन अपि तु दिव्य आनन्दालापको आभाष हुन्छ ।

किरणलाई देदीप्यमान गराउने "हाम्रो पुरुषार्थ"को उद्देश्य देवकोटीय भावाभिव्यक्तिको थुम्को "उद्देश्य के लिनु ? उडी छुनु चन्द्र एक" भेट्टाउनुजस्तो छ । शशि (चन्द्रमा) छुने पुनीत उद्देश्य लिएका अन्य कर्मठ ज्योतिष्मती तारा रूप (पान्थ) सहयात्रीहरूलाई हार्दिक शुभकामना लक्ष्य प्राप्तिका लागि "चरैवेति चरैवेति" ।

आउँदा दिनमा पनि प्रदूषित परिवेशबाट असंपृक्त रही आग्रह पूर्वाग्रह विना पूर्ववत् आफ्नो स्वच्छ छवि किरणलाई "हाम्रो पुरुषार्थ" ले रेसुङ्गाको शिखरबाटै यत्रतत्र सर्वत्र आफ्नो आभा विस्तारित गराउन सफलता मिलोस् । "शुभस्ते पन्थानः सन्तु" ।

त्रिभुवन बहुमुखी क्याम्पसमा लामो समयसम्म प्राध्यापन कार्य गरेका डा.ज्ञवाली तानसेन बहुमुखी क्याम्पसका संस्थापक, अध्यक्ष र संरक्षक हुनुहुन्छ।

–०००–

धुर्कोट गाउँवासीहरूमा हार्दिक अनुरोध

- फोहर सकेसम्म कम उत्पादन गर्न र जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं । फोहर व्यवस्थापनको लागि तोकिएको शुल्क समयमा नै तिरी सभ्य नागरिकको परिचय दिऔं ।
- जन्मदर्ता, विवाह दर्ता, मृत्यु दर्ता, सम्बन्ध विच्छेद एवम् बसाईंसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवम् खोलानालालाई फोहर ढल विसर्जन स्थलको रूपमा प्रयोग नगरौं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझ्नौ र ढुक्क बनौं ।
- सवारीसाधन जथाभावी रूपमा पार्किङ्ग नगरौं ।
- पूर्वपश्चिम लोकमार्ग तथा सहायक मार्गहरू मिची सडकमा भौतिक संरचना निर्माण सामग्री नराखौं ।
- फोहोर अव्यस्थित रूपमा खाली जग्गा, सार्वजनिक स्थल, सडक नदी नहरका छेउमा फाल्दा गाउँ नै दुर्गन्धित हुने भएकोले यसरी अव्यवस्थित रूपमा फोहर फाल्ने कार्य तत्काल बन्द गरी उत्पादन तहमै, स्थानीय टोल समुदाय तहमै व्यवस्थित गर्न फोहर संकलन गर्ने सवारी साधनमा राखी गाउँ सफा राख्ने अभियानमा सहयोग गर्नुहुन अनुरोध छ ।
- आफ्नो टोललाई हप्ताको एक दिन नियमित रूपमा सफा गर्ने गरौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- गाउँपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- रूख रोपौं, वातावरण संरक्षण गरौं, हरियाली बढाऔं, स्वच्छ वातावरण बनाऔं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- प्लाष्टिकका झोला प्रयोगलाई निरुत्साहित गरौं ।

शिवबहादुर खत्री
उपाध्यक्ष

तथा

भूपाल पोखरेल
अध्यक्ष

धुर्कोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, बर्बोट, गुल्मी

किरण पुस्तकालयका ५० वर्ष : एक सम्झना



✍ पूर्णप्रसाद अधिकारी

२०५५ सालतिर महिना थाहा भएन म आफूलाई "हाम्रो पुरुषार्थ" भन्ने पत्रिकाले पुस्तकालय विशेषाङ्क निकाल्दै छ रे भन्ने कुरा अपुष्ट रूपमा कहीं कतैबाट सुन्नमा आयो । म आफूले निकै जागरूकतापूर्वक हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थीज्यूको घरको फोनमा सम्पर्क गरें र सोबारे जानकारी लिएँ । अत्यन्तै सौहार्दपूर्ण आत्मीय अभिव्यक्तिका बीच विचार आदान-प्रदान भए । कुराकानी लामै भयो । म आफूले यस पत्रिकाको निरन्तरताबारे, गुणात्मक मूल्यबारे चासो राखें । देशभित्रका विभिन्न ठाउँमा यसका प्रतिनिधि रहेछन् । काठमाडौंमा ५, रूपन्देही, दाङ, पोखरापछि तपाईंले चितवनको प्रतिनिधित्व गरिदिनुहोस् भनेपछि बनारस, देहरादून र आसाममा पनि यसका प्रतिनिधि रहेको जानकारीपश्चात् मैले सहकार्य स्वीकार गरें । शशि पन्थी नामअनुसार चन्द्रमाको जस्तो शीतलस्वभाव, मृदुमुस्कान, मानव सेवामा समर्पित, नेपाल रेडक्रसको प्रतिनिधि पात्र, मन, वचन र कर्मले साहित्य, प्राध्यापन र मानवसेवा जस्ता त्रिकोणात्मक स्वरूपलाई एकसाथ पाउँदा रमाइलो लाग्दछ । आज दुई दशक बितेछन् म चितवन प्रतिनिधि भएको । गुल्मीको माटोले भौगोलिक विकटताका बीचमा पनि साहित्यिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक क्षेत्रमा राष्ट्रिय ख्याति पाएको छ । आजको युगमा ५० वर्ष भनेको आधा शताब्दी हो । मोफसलमा रहेर केही साहित्यिक सद्भाव राख्ने शुभेच्छुकबाहेक कसैको सहयोग छैन । किरण पुस्तकालय नेपालका प्रसिद्ध पुस्तकालयमध्ये पर्दछ । मेरा आफ्ना ८ वटा पुस्तक ४-४ थान र मसँग रहेको साहित्य विषयका विविध पुस्तक १०० भन्दा बढी म आफ्नो त्यस पुस्तकालयलाई हस्तान्तरण गरेको छु । २०२५ सालदेखि आजसम्म आइपुग्दा यो संस्था र आफै शशि पन्थी भारद्वाज ऋषिका सन्ततिले धेरै उकाली ओराली भोग्नुभएको छ । शिक्षाको ज्योति जागरणको सिलसिला होस्, साहित्यिक क्षेत्रबाट ज्ञानको ऊर्जा प्रवाह गर्नमा होस्, बनारस, गोरखपुर, बुटवल, काठमाडौंका यात्राका क्रममा हाम्रो पुरुषार्थसँग शशि पन्थीले धेरै जूता थ्योत्र्याउनुभयो होला । २०३९ सालतिर मात्र यसका केही अङ्क प्रथम पटक देखेपछि म आफूले चासो राखेर पनि साहित्यिक सचेतना ममा त्यो बेला थिएन।

लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक योगदानको लेखाजोखासँग हाम्रो पुरुषार्थका अनेकौं पृष्ठहरू भरिएका छन् । कुनै स्थायी स्रोत नभएको, राजधानीबाहिरको एउटा साहित्यिक पत्रिकाले पुऱ्याएको योगदान आफैमा अविस्मरणीय छ । २०६९ सालमा पश्चिमाञ्चल क्षेत्र स्तरीय साहित्यिक गोष्ठी, गुल्मी महोत्सवका बीच भव्य र सभ्य रूपमा तम्घासमा सम्पन्न भयो । ३ दिनसम्म राष्ट्रिय सम्मेलन गरेर इतिहास रचेको उक्त कार्यक्रममा चितवनबाट पंक्तिकारसहित पाँच जना सहभागी भएका थियौं ।

यो सबै भएको पचासको दशकपछि मात्र हो । ४० को दशकसम्म हालको त्रैमासिक हाम्रो पुरुषार्थ जस्ता लुरे आयतनमा प्रकाशित हुने गरेका अतीतका अङ्कहरू पनि मसँग छन् । समयको क्रमसँगै शिक्षा, यातायात र भौतिक विकाससँगै पुरुषार्थले पुरुषार्थी रूप नदेखाएको होइन । इतिहासको कालखण्डमा मेरो संस्मरणअनुसार यसका केही विशेषाङ्कहरू उदाहरणीय, मननीय र संग्रहणीय छन् । लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार, विशेषाङ्क, समालोचना विशेषाङ्क, कथा विशेषाङ्क, पुस्तकालय विशेषाङ्क, डा. टीकाराम पन्थी विशेषाङ्क, पत्रकारिता विशेषाङ्क, बी.पी. जन्माशताब्दीमा प्रकाशित बी.पी. विशेषाङ्क, भानुभक्त विशेषाङ्क, गुल्मी परिचय विशेषाङ्क उल्लेख्य छन् । २०६६ सालमा देशव्यापी रूपबाट देवकोटा जन्म शताब्दी मनाउँदै गर्दा शशि गुरुलाई देवकोटा विशेषाङ्क प्रकाशनार्थ मैले आग्रह पनि गरेको थिएँ । गुरुको विदेश यात्रा र अन्य व्यस्तताका कारण सम्भव भएन । तथापि लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक योगदानको लेखाजोखासँग हाम्रो पुरुषार्थका अनेकौं पृष्ठहरू भरिएका छन् । कुनै स्थायी स्रोत नभएको, राजधानीबाहिरको एउटा साहित्यिक पत्रिकाले पुऱ्याएको योगदान आफैमा अविस्मरणीय छ । २०६९ सालमा पश्चिमाञ्चल क्षेत्र स्तरीय साहित्यिक गोष्ठी, गुल्मी महोत्सवका बीच भव्य र सभ्य रूपमा तम्घासमा सम्पन्न भयो । ३ दिनसम्म राष्ट्रिय सम्मेलन गरेर इतिहास रचेको उक्त कार्यक्रममा चितवनबाट पंक्तिकारसहित पाँच जना सहभागी भएका थियौं । एउटा पाहुना ल्याउँदा त नाक खुम्चाउने नेपाली संस्कारका बीच देशभरिका १०० जनाभन्दा बढी साहित्यकारहरूलाई बोलाएर आवास, भोजन र यात्रा खर्चसमेत दिनु कम पुरुषार्थीको काम होइन । यस मानेमा २०६९ मा नै मैले सम्पूर्ण कार्यक्रमको समीक्षासहित संस्मरणको विवरण लेखी हाम्रो पुरुषार्थमा प्रकाशित भइसकेको छ । यीबाहेक किरण पुस्तकालयबाट केही पुस्तकहरू पनि प्रकाशित भएका छन् । शशि गुरुको असल नियतको महत्त्वाकांक्षा हो वा कसैको उक्साहट हो म जान्दिनँ । यसलाई अर्धवार्षिकबाट त्रैमासिक बनाएर ५-६ वर्ष यतादेखि प्रकाशन गर्न थालिएको छ । म आफूले त्यति बेला नै भनेको थिएँ - शशि गुरु ! यो

यात्रा काँडेघारीको यात्रा हो । यसमा अनेकौं चोटपटक लाग्न सक्दछन् । जे छ यो ठिकै छ । यसैलाई बलियो बनाऊँ । अर्थात् अर्धवार्षिक रूपमा एउटा कोशेढुङ्गा बनिसकेको छ । यसको दिगो यात्रामा लागौं भनें तर त्यो भनाइ र मनसाय अर्थपूर्ण रहेन । त्रैमासिक रूपमा हाम्रो पुरुषार्थ आउन थाल्यो । यसको अनन्त यात्राको स्थायित्व हुन सकोस् मेरो शुभकामना छ । शशि गुरुसँग मोबाइल सम्पर्क हुँदा मेरा भनाइहरू प्रायशः यसको स्थायित्वसँग सरोकार राख्ने खालका हुन्छन् । जुनकुरा गुरु र मलाई मात्र थाहा छ । चितवनमा पनि चितवन गुल्मी सम्पर्क समाज भनेर गठन गरिएको छ । यसका गतिविधि र भित्ते पात्रोको प्रकाशन हुने गरेको छ । चितवनमा रहेका गुल्मेलीहरूमा प्राध्यापन, औषधिज्ञान, होटेल व्यवसाय र अन्य विविध व्यवसाय गरेर आर्थिक रूपले सम्भ्रान्त र सम्पन्न भएका व्यक्ति छन् । म आफू भाषिक माटोको खेती गर्ने भएका कारण मेरै सहकर्मी मित्रहरूलाई पनि भाषिक माटोको खेतीमा मलजल गर्न पटकपटक आग्रह गरें । तर मित्रहरू डलरखेतीको शिक्षा, स्वास्थ्यक्षेत्रको कम्पनीमा कार्यरत भएका कारण साहित्य चेत भएर पनि आर्थिक सहयोगको कुरा त कल्पनाबाहिर रह्यो । आफ्नो माटोका बारेमा कुनै पनि साहित्यिक विधाका रचना आजको मितिसम्म पाउन सकेको छैन । हिजो आज त भन्न पनि छोडें । जब कि उहाँ विश्वविद्यालयले दिने पेशागत उचाइको अन्तिम पदसम्म बहाल हुनुहुन्छ । हामी नेपाली कुन हदसम्म व्यक्तिवादी छौं र सहरी सभ्यताद्वारा आक्रान्त छौं । आफूले आफैलाई हेरौं । यहाँनेर ऊर्दू साहित्यका मिर्जा गालिपगजलको शेर संस्मरणमा आयो, जो यस्तो छ :

जिन्दगी भर मैं यों ही भटकता रहा ।
दाग चेहरे पर थी ऐना साफ करता रहा ॥

यो भनाइले हामी सबैको जीवन मूल्यमा प्रभाव पारेको छ । राष्ट्रिय प्रतिभा पुरस्कारबाट समेत पुरस्कृत हुन पुगेका शशि पन्थी साहित्यिक पत्रकारको रूपमा २०२५ देखि आजपर्यन्त कार्यरत छन् । हाम्रो पुरुषार्थ, किरण पुस्तकालय र पन्थीका बीच त्रिकोणात्मक समन्वय देखिन्छ । यस्तै पृष्ठभूमिका बीच २०७१ सालमा चितवनको साहित्यिक संस्था बलराम वाङ्मय प्रतिष्ठानबाट उहाँले रू.११, १११ ।– राशिसहितको पुरस्कार प्राप्त गर्नुभएको सन्दर्भ स्मरणीय छ । कुनै प्रकारको लोभ, लालच र तामसी वृत्तिबाट सधै टाढा रहने शशि दादाका पुरुषार्थका प्रत्येक अङ्कहरू सात्विक वृत्तिले आलोकित र पल्लवित भएका छन् । भाषा, साहित्य र वाङ्मयमा समर्पित यी अङ्कमा दीर्घ साहित्य साधकका मननीय अन्तर्वार्ताका आवरणले गम्भीर बौद्धिक पाठक साहित्यिक रसास्वादनबाट सन्तुष्टि प्राप्त गर्दछ । आगामी अङ्कहरूमा आजीवन सदस्य बन्ने खालको आग्रह र द्रव्यसहितको विज्ञापन भयो भने यसलाई जीवन्त तुल्याउनको लागि गुल्मेली

मित्रहरूसँग तोलाको बोली राख्न सजिलो हुने थियो । त्यस्ता व्यक्तिहरूको नाम रकम अङ्कसहित प्रकाशित हुने अङ्कको भित्री आवरणमा नामसमेत प्रकाशन गरिदिंदा दाता पनि प्रसन्न हुने र हाम्रो पुरुषार्थ पनि जीवन्त हुने कुराको आशा गर्न सकिन्छ । २०७४ मा प्रकाशित कान्तिपुरअनुसार गुल्मी जिल्लाबाट २२ जना व्यक्तिले राष्ट्रिय लोक सेवा आयोगमा अधिकृत तहमा नाम निकालेका थिए । जो नेपालभरिकै सर्वश्रेष्ठ पंक्तिमा आउँछ । यसरी कर्मशील र अध्ययनशील गुल्मेली माटोलाई पंक्तिकार हृदयदेखि आस्था र श्रद्धा व्यक्त गर्दछ । समग्रमा किरण पुस्तकालय, हाम्रो पुरुषार्थको दीर्घजीवन, शशि पन्थीको कर्मशील शतायु चिन्तनसँगै सम्पूर्ण वाङ्मयिक मित्रहरूको सहयोग र सद्भाव प्राप्त भइरहोस् भन्ने सोंचसँगै यस पुस्तकालयको स्वर्ण वर्षमा हुने सबै कार्यहरू उन्नतशील बन्न सकून् । हामीले हीरक वर्ष देख्न पाउँला वा नपाउँला तर युवापुस्ताले भाषा, वाङ्मय, साहित्य, संस्कृति, राजनीति, शिक्षालगायत सबै क्षेत्रमा समन्वय, सन्तुलन र सहकर्मको भावना राखेर किरण पुस्तकालय राष्ट्र निर्माणको अभियानमा सहभागी बन्न सकोस् र हाम्रो पुरुषार्थलाई दीर्घजीवन प्राप्त हुन सकोस् । जय साहित्य, जय वाङ्मय, जय स्वर्णवर्ष ।

सह-प्राध्यापक-वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन ।

-०००-

सत्यवती गाउँवासीहरूमा हार्दिक अनुरोध

- फोहर सकेसम्म कम उत्पादन गर्न र जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं । फोहर व्यवस्थापनको लागि तोकिएको शुल्क समयमा नै तिरी सभ्य नागरिकको परिचय दिऔं ।
- जन्मदर्ता, विवाह दर्ता, मृत्यु दर्ता, सम्बन्ध विच्छेद एवम् बसाईंसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवम् खोलानालालाई फोहर ढल विसर्जन स्थलको रूपमा प्रयोग नगरौं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- सवारीसाधन जथाभावी रूपमा पार्किङ्ग नगरौं ।
- फोहोर अव्यस्थित रूपमा खाली जग्गा, सार्वजनिक स्थल, सडक नदी नहरका छेउमा फाल्दा गाउँ नै दुर्गन्धित हुने भएकोले यसरी अव्यवस्थित रूपमा फोहर फाल्ने कार्य तत्काल बन्द गरी उत्पादन तहमै, स्थानीय टोल-समुदाय तहमै व्यवस्थित गर्न फोहर संकलन गर्ने सवारी साधनमा राखी गाउँ सफा राख्ने अभियानमा सहयोग गर्नुहुन अनुरोध छ ।
- आफ्नो टोललाई हप्ताको एक दिन नियमित रूपमा सफा गर्ने गरौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- गाउँपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- रूख रोपौं, वातावरण संरक्षण गरौं, हरियाली बढाऔं, स्वच्छ वातावरण बनाऔं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- प्लाष्टिकका झोला प्रयोगलाई निरुत्साहित गरौं ।

सुवर्ण शाही (शेरचन)
उपाध्यक्ष

तथा

पारिश्वर ढकाल
अध्यक्ष

सत्यवती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, जोहाङ्ग, गुल्मी

पुस्तकालयको संस्थापन : एक सिंहावलोकन

✍ गुणानिधि शर्मा



"..... एक पुस्तकालय प्रत्येक युग र प्रत्येक देशको महात्माहरूको अमर समूह हो । यो जत्तिको अनमोल ठाउँ अरू हुँदैन । सुनको मन्दिर यसको अगाडि नगन्य छ, कुवेरको जुहारखाना यसअगाडि तुच्छ छ । यो एक अबोला सानो तर विशाल विश्वविद्यालय हो । ... एक पुस्तकालय खडा गर्ने एक एक टोलका सेवकलाई म अन्तर आत्माले नमस्कार गर्दछु ।" -*(लक्ष्मीप्रसाद देवकोटा-२०१२)*

यो देवकोटाको 'पुस्तकालय' नवनिर्माण त्रैमासिकमा उद्धृत वाक्यांश हो । तत्कालीन समय सन्दर्भको परिवेशमा व्यक्त विचार भए पनि यसले सधैं अर्थ राख्दछ । नेपालमा पुस्तकालयको आधुनिक व्यवस्थान धेरै लामो नभए पनि चेतनाको हिसाबले काठमाडौंलगायत विभिन्न ग्रामीण केन्द्रहरूमा पुस्तक संकलन गर्ने, सदस्य बन्ने र पढ्ने अभ्यासहरू भएको पुस्तकालय इतिहासमा पढ्न पाइन्छ । तानसेनका युवाहरूले वि.सं. १९८३ मा पुस्तक पढ्ने दलान खडा गरे, वि.सं. २००२ मा यसलाई धवल पुस्तकालयको नामकरण गरिएको रहेछ । पुस्तकहरूभित्र इतिहास र भविष्यलाई जोड्ने ज्ञान अन्तर्निहित हुन्छ र पुस्तकहरूले नै सिंगो समाजलाई ऊर्जाशील बनाउँछन् र अन्धकाररूपी समाजलाई प्रकाशमय बनाउँछन् भनेर नै सायद देवकोटाले यो प्रेरणादायी कुरा अभिव्यक्त गरेका थिए ।

प्रत्येक पुस्तकालयका इतिहासहरू लामा होलान्, इतिहासकार तथा अनुसन्धाताहरू स्रोतको पहुँच नपुगेर वा उपलब्ध स्रोतहरूबाट नै चित्त बुझाएर पुस्तकालय शुरूवातीका अनौपचारिक/औपचारिक बहससम्म नपुगेका पनि होलन् । हाम्रो समाजमा हाम्रा पूर्वजहरूले भाषा र लिपिको विकास भएसँगै आफ्ना ज्ञान र अनुभवहरूलाई लेखनमार्फत उत्तर आदान-प्रदान गरे र जहिले यस्ता लेखहरूको संकलन भयो त्यसबेलादेखि नै पुस्तकालयको अवधारणा शुरू भएको आँकलन गर्न सकिन्छ । विश्व इतिहासलाई हेर्दा विभिन्न अभिलेखहरूको संग्रहबाट नै यसको अवधारणा विकास हुने हो । नेपालको अभिलेखयुक्त इतिहास

भनेको प्राचीन किराँत तथा लिच्छवीकालबाट स्पष्ट भएको छ । खास गरी शिक्षा र चेतनाको विकाससँगै प्रजातन्त्रोत्तरकालमा आएको जाँगरले नै लेखन र संकलनका कार्यहरू अगाडि बढेका हुन् । प्रजातन्त्रोत्तर कालमा पुस्तकालयमा आएको जागरणलाई देवकोटाले सामाजिक जागरणका रूपमा देखाएका हुन् ।

"..... शोभनीय शरद् ऋतुको अन्तिम चरणको प्रातः सूर्योदयपछि २०२५ साल कार्तिक २० गते किरण पुस्तकालयको स्थापना गरिएको थियो । एउटा कटेरो (गाई, भैंसी बाँध्ने गोठ) को कोठामा पुस्तकहरू सजाउने काम भइरहेको थियो । पुस्तक निर्दिष्ट रजिष्टरमा दर्ता गरिएर पुस्तकालयकै नामबाट १३० संख्यामा पुगेका थिए । यसै दिन नै पुस्तकालयको नियम बन्यो र विना सदस्यता पुस्तक पढ्न दिने व्यवस्था गरियो ....." (सचिवको प्रतिवेदन, 'हाम्रो पुरुषार्थ'-२०३०, वर्ष-१, अङ्क-१)

किरण पुस्तकालयको वार्षिक मुखपत्र "हाम्रो पुरुषार्थ" मा संगृहीत यस लेख्य सामग्रीले यस क्षेत्रमा पुस्तकालयको संस्थापन कहिले, कसरी र कुन रूपमा भयो भन्ने इतिहासलाई प्रस्तुत गरेको छ । तत्कालीन सरकारका विशेष अधिकृत रूपबहादुर स्वाँरको प्रेरणा र गुल्मीका समकालीन युवा साहित्यकारहरू, साहित्यप्रेमी व्यक्तिहरूको अगुवाइमा किरण पुस्तकालयको संस्थापन भएको कुरा अभिलिखित गरिएको छ । जुन कुरा वि.सं. २०२८ साल वैशाख १९ गतेको भेलाले डा. टीकाराम पन्थीको अध्यक्षतामा ताराबहादुर थापा (उपाध्यक्ष), शशि पन्थी (सचिव), भेषबहादुर कुँवर (कोषाध्यक्ष) र नरप्रसाद श्रेष्ठ, रमेश कुमार अर्याल, शंकर थापा सदस्यहरू रहने गरी सञ्चालक समिति निर्माण भई कार्यारम्भ गरेको पुष्टि गर्दछ । यो किरण पुस्तकालयको सांगठनिक संस्थापनको प्रारम्भिक विन्दु रहेको देखिन्छ । देवकोटाले भनेजस्तै पुस्तकालय खडा गर्ने एक-एक टोलका सेवकलाई शशि पन्थीलगायतका युवा साहित्यकारहरूको समूहलाई साधुवाद नदिइरहन सकिंदैन ।

जहाँसम्म पुस्तकालयको नीतिगत तथा विधानगत संस्थापन हो, दीर्घकालीन संस्थापनका लागि त्यो नै महत्त्वपूर्ण कुरा हो । राष्ट्रिय तहमै नीतिगत व्यवस्था पनि नेपालमा त्यति लामो छैन । यो प्रजातन्त्रकै उत्तरदानबाट अगाडि बढेको देखिन्छ । प्रथम पञ्चवर्षीय योजना (२०१३-२०१८) मा देशको चौतर्फी विकासलाई केन्द्रमा राखेर कीर्तिपुरमा प्रस्तावित विश्वविद्यालयअन्तर्गत विश्वविद्यालय पुस्तकालय स्थापना गर्ने नीति लिइएको थियो । यसै क्रममा त्रिभुवन विश्वविद्यालय ऐन २०१६ जारी भयो र पुस्तकालय व्यवस्थापनका लागि सिनेटलाई जिम्मेवारी दिइयो । पछिका त्रि.वि. ऐन-२०२८, २०४९ आदिले केन्द्रीय पुस्तकालयको व्यवस्था गरे ।

नेपाल राष्ट्रिय अभिलेखालय (वीर पुस्तकालय वि.सं. १९५६), केशर पुस्तकालय (वि.सं. १९०९), धवल पुस्तकालय (वि.सं. १९८३), मदन पुस्तकालय (वि.सं. १९९७), पंडित पुस्तकालय पोखरा (वि.सं. १८००), आदि जति पनि नेपालमा प्रजातन्त्रपूर्व र उत्तरकालमा स्थापना गरिए, तिनको पुनः नामकरण तथा विकास प्रजातान्त्रिक जागरणपछि मात्र सम्भव भएको देखियो । तर जुन-जुन पुस्तकालयहरूले नीतिगत, विधानगत तथा सांगठनिक व्यवस्थापन गर्दै गए, तिनको विकास र विस्तार यथोचित हुँदै गयो । लामो इतिहास भए पनि उचित संस्थापन गर्न नसकिएका केही पुस्तकालयहरू रुग्ण स्थितिमै छन् । किरण पुस्तकालय भने पछिल्लो परिणतिमा पुग्नु परेन । यसको ऊर्जाशील भावनाले निरन्तरता पाउँदै आयो । २०२८ साल पौष ८ गते चिरञ्जीवी शर्माको अध्यक्षतामा गठित शशि पन्थी र भेषबहादुर कुँवरसमेतको तीन सदस्यीय विनियम मस्यौदा समितिले विनियम निर्माण गरी जिल्ला शिक्षा अधिकारी कार्यालय पाल्पाबाट स्वीकृत भएपछि पुस्तकालयको विधानगत संस्थापन हुन पुग्यो । तत्कालीन शिक्षा नियम २०२७ अनुसार सञ्चालक समितिहरू फेरिदै गए । समयक्रममा भएका नीतिगत वार्षिक साधारणसभाहरू, वार्षिकोत्सव, पुरस्कार, गोष्ठी, समारोहहरूले यसलाई दिगो बनाइरहे भने भानु जयन्ती, देवकोटा जयन्ती, मोतीजयन्तीलगायत साहित्यिक प्रेरणामूलक कार्यक्रमहरू तथा मुखपत्र "हाम्रो पुरुषार्थ" को निरन्तर प्रकाशनले समुदायमा किरण पुस्तकालयको उपस्थितिलाई अभिन्न तुल्याएको छ । विधानगत संस्थापन गर्ने क्रममा अहिले नेपाल सरकारको पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका २०६९ अन्तर्गत रहेर किरण पुस्तकालयको विनियम २०२८ लाई परिमार्जन संशोधन गरी २०७२ पौष १ गतेदेखि लागू हुने गरी वार्षिक साधारणसभाले् किरण पुस्तकालयको विधान २०७२ पारित गरी लागू गरेको छ । त्यसपछि किरण पुस्तकालयले संगठन, व्यवस्थापन तथा सञ्चालनमा नयाँ विधानगत संस्थापनको चरणमा प्रवेश पायो । पुस्तकालयको विकासमा यो नयाँ फड्को हो । नयाँ विधानले विगतका विनियममा भन्दा केही परिमार्जन र नयाँ व्यवस्था पनि गरेको देखिन्छ । यसको विधानका महत्त्वपूर्ण पक्षहरू सम्बन्धमा अगाडि केही समीक्षा गरौं । एक प्रस्तावना दश परिच्छेद तथा सत्ताईस दफामा संगठित गरिएको यस विधानको संरचना र नीतिगत व्यवस्थाको सारसंक्षेप देहायअनुसार छ :

प्रस्तावना एवं प्रथम परिच्छेद

विधानको महत्त्वपूर्ण अंग भनेको प्रस्तावना पनि हो । विधि शास्त्रीय मान्यताअनुसार लिखित कानूनका समग्र नियमहरू तयार गर्दा आधारभूत सिद्धान्त, आवश्यकता तथा मूल उद्देश्यलाई केन्द्रमा राखेर त्यसको संगठन र संरचना निर्माण गरिएको हुन्छ । प्रस्तावना नियमको सार वस्तु नै हो । किरण

पुस्तकालयको प्रारम्भ त्यसको प्रस्तावनाबाट गरिएको छ । यसको मूल अंगमा पुस्तकालयको स्थापनाको इतिहास एवं विभिन्न रूपमा भएका संस्थाका वैधानिक प्रक्रियाहरूलाई औंल्याउँदै सरकारले जारी गरेको पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका २०६९ को व्यवस्था अनुरूप नयाँ विधान २०७२ निर्माण गरी लागू गरिएको उद्घोष गरिएको छ ।

प्रथम परिच्छेदअन्तर्गत क्रमशः संक्षिप्त नाम र प्रारम्भ, कार्यक्षेत्र, परिभाषा, छाप, झण्डा र कार्यालय गरी चार दफाहरूमा चार शीर्षकहरूको व्याख्या भएका छन् । २०७२ साल पौष १ गतेदेखि लागु हुने गरी साधारणसभाबाट पारित विधानमा पुस्तकालयलाई मुनाफारहित अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित सामाजिक संस्थाका रूपमा परिभाषा गरिएको छ । त्यसैगरी पुस्तकालयलाई व्यक्ति सरह व्यवहार गर्न चल-अचल सम्पत्ति खरिद बिक्री गर्न, भोगचलन, कारोबारको अधिकार तथा नालिस, उजुरसम्म गर्न पाउने गरी संगठित संस्थापन गर्ने प्रयत्न गरिएको छ । यस्ता प्रावधानहरूले संस्थाको व्यक्तित्व निर्माण गर्न, विकास गर्न र चुनौतीहरू आइपरेकोमा समाधान गर्न मार्ग प्रशस्त गर्न र संस्थालाई जीवन्त बनाइराख्न सहयोग पुग्दछ । तर पुस्तकालयको कार्यक्षेत्र भने मूलतः रेसुङ्गा नगरपालिका र गुल्मी जिल्लाभित्र सीमित राखिएको छ । आधुनिक युगमा पुस्तकालयका गतिविधिहरू तथा कार्यक्षेत्रलाई कुनै भूगोल वा प्रदेशले सीमित गर्न सक्तैन भन्ने नै हो । विधानले पुस्तकालयको केन्द्रीय कार्यथलो गुल्मी जिल्लालाई बनाउन खोजेको होला भन्न सकिन्छ ।

दोस्रो परिच्छेद र प्रावधान

यस परिच्छेदमा पुस्तकालयका मूल उद्देश्यहरूलाई प्रस्तुत गरिएको छ । यसमा पुस्तकालयका सामान्य आधारभूत उद्देश्यहरूलाई समेट्दै विशिष्ट उद्देश्य भने त्रैमासिक पत्रिका हाम्रो पुरुषार्थको प्रकाशनको पहिचानलाई निरन्तरता दिने उद्देश्य केन्द्रित छ । समयक्रममा अन्य विशिष्ट प्रकाशनहरू पनि हुन सक्ने र पुस्तकालयलाई संरचनागत थप व्यवस्थापन गरी त्यस क्षेत्रकै कला, सीप, समाज, संस्कृतिको क्षेत्रमा अध्ययन-अनुसन्धान केन्द्रको रूपमा पनि मञ्च बन्ने केन्द्रका रूपमा पनि केही थप व्यवस्थाहरू पनि समाबिष्ट हुँदै जान सक्दछन् । दफा ५ देखि दफा ८ सम्म उद्देश्यहरूलाई संक्षेपीकृत गरी उल्लेख गरिनु यस विधानको विशेषता हो ।

परिच्छेद तीन र सदस्यहरूको वर्गीकरण

विधानको दफा नौदेखि एघारसम्म सदस्यहरूको किसिम र योग्यताका बारेमा स्पष्ट पारिएको छ । दफा दशमा साधारण पाठक सदस्य, आजीवन सदस्य,

विशिष्ट सदस्य, मानार्थ सदस्य, संरक्षक सदस्य र पदेन सदस्य गरी ६ प्रकारका सदस्यहरू रहने व्यवस्था गरिएको छ । मानार्थ सदस्य विदेशी नागरिक मात्र बन्न सक्ने र व्यवस्थापन समितिले संरक्षक मण्डलका सदस्यहरू तोक्न सक्ने विधानले केही नयाँ प्रावधान गरेको छ । सदस्यहरूको योग्यता वा अयोग्यताको व्याख्या गर्ने अधिकार व्यवस्थापन समितिमा निर्दिष्ट गरेको छ । यसले व्यवस्थापन समिति शक्तिशाली कार्यकारी संरचना हो भन्ने बुझाउँछ ।

परिच्छेद चार र पुस्तकालयसभा

पुस्तकालयसभाको गठन, संरचना तथा काम कर्तव्य र अधिकारका सम्बन्धमा यस परिच्छेदमा व्यवस्था भएको देखिन्छ । दफा बाह्र र तेह्रमा पुस्तकालय सभाको गठन तथा व्यवस्थापन समितिको गठन प्रक्रिया र संक्षेपमा पुस्तकालयको काम कर्तव्य र अधिकारलाई एउटै उपशीर्षकभित्र समावेश गरिएको छ । पुस्तकालयसभाको गठन, काम कर्तव्य, अधिकार व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकारको विधान संगठनको ढाँचा प्रचलित विधानहरूभन्दा केही पृथक् रहेको छ । विधान मस्यौदाकारले यसलाई चुस्त र संक्षिप्त बनाउने प्रयत्नमा यस किसिमको ढाँचाबाट लेखिएको अनुमान गर्न सकिन्छ । व्यवस्थापन समितिको गठन मिश्रित प्रकृतिको छ । अध्यक्ष पदको उम्मेदवारीमा संरक्षक मण्डलको सदस्यहरू मात्र योग्य रहने विशिष्टीकृत व्यवस्था गरिएको छ भने एक पदमा महिला सदस्यलाई आरक्षण गर्दै समाजको विशिष्ट व्यक्तिहरूबाट दुई जना, नगरपालिका प्रतिनिधि एक जना र गैरसरकारी संस्था महासंघबाट एक जना प्रतिनिधि सदस्य रहने गरी चौतर्फी संयोजनको व्यवस्था मिलाइएको देखिन्छ । यस परिच्छेदमा व्यवस्थापन समितिको कार्याकाल तीन वर्ष राखिएको छ । विशेष कारण देखाई व्यवस्थापन समितिले आफ्नो कार्यकाल थप एक वर्ष बढाउनसक्ने विशेष प्रावधान राखेको छ । यसलाई अनुमोदन गर्ने कुरा विधानले खोलेको हुँदा व्यवस्थापन समितिले विशेष स्थान राखेको देखिन्छ ।

परिच्छेद पाँच र व्यवस्थापन समिति

पुस्तकालयको मूल आत्मा भनेको नै व्यवस्थापन समिति हो भन्ने कुरालाई यस परिच्छेदमा व्यवस्थापनको, पदाधिकारीहरूको प्रत्येकको काम, कर्तव्य र अधिकारलाई समाविष्ट गरिएको छ । दफा चौधको (क) देखि (ह) सम्म तेत्तीसवटा काम, कर्तव्य र अधिकारहरू समितिमा निहित रहेको हुँदा पुस्तकालयको श्रीवृद्धि, विकास र विस्तार, पाठक, सर्जकहरूको संरक्षण, प्रोत्साहन र विकासको जिम्मेवारी व्यवस्थापन समितिमै निहित गरिएको छ । त्यसैगरी दफा पन्ध्रको उप-दफाहरूमा प्रत्येक पदाधिकारीहरूलाई जवाफदेही

बनाउने प्रावधान समावेश हुनुले विधानले संगठनको अनुशासन तथा दायित्व पक्षलाई पनि ध्यान दिएको देखिन्छ ।

परिच्छेद छ-वित्तीय व्यवस्थापन

विधानको दफा १६ मा पुस्तकालयको आर्थिक प्रणाली, अभिलेखीकरणको व्यवस्थापन तथा सञ्चालनको विषयलाई संक्षेपमा व्यवस्थापन गरेको छ । खाता सञ्चालनमा अध्यक्ष, कोषाध्यक्ष र सदस्य-सचिव मध्ये कुनै दुई जनाको संयुक्त हस्ताक्षर भनिए तापनि कोषाध्यक्षलाई अनिवार्य बनाई बढी जिम्मेवार बनाइएको छ । पुस्तकालयको आम्दानी खर्चलाई पारदर्शी बनाउने प्रावधान यसमा उल्लेख भएको छ ।

परिच्छेद सात र स्रोत व्यवस्थापन

सार्वजनिक संस्थाहरू सञ्चालनको अर्को महत्त्वपूर्ण पक्ष भनेको त्यसको निरन्तरताका लागि आर्थिक स्रोतको समुचित र विधिवत् व्यवस्थापन पनि हो । यस परिच्छेदमा दफा सत्रदेखि उन्नाईससम्म पुस्तकालयका लागि प्राप्त हुने आर्थिक स्रोतहरू, दैनिक सञ्चालनका लागि मानव संशाधनको व्यवस्थापन र पुस्तकालय सामग्री भौतिक व्यवस्थापन गरी तीन महत्त्वपूर्ण अंगहरूलाई परिभाषित गरिएको छ । एकातर्फ कम्तीमा एक लाखभन्दा बढी रकम दान गर्ने अक्षयकोष दाताहरूबाट कोषको व्यवस्थापन गर्नुका साथै सरकारी, गैरसरकारी निकाय, व्यक्तिबाट प्राप्त हुने अनुदान रकम, सदस्यता शुल्क आदिबाट प्राप्त हुने रकमलाई पुस्तकालयको मुख्य आम्दानीको स्रोत बनाइने कुरा उल्लेख छ । अर्को तर्फ पुस्तकालयको आर्थिक सबलीकरणका लागि पुस्तकालय स्वयंले स्थानीय स्तरमा घरेलु उद्योग तथा उद्यम सञ्चालन गर्न सकिने कुरालाई खुल्ला गरेको छ । यसले पुस्तकालयको विशिष्ट दायरालाई फराकिलो बनाउने ढोका खुल्ला गरेको देखिन्छ ।

परिच्छेद आठ र संरक्षक मण्डलको व्यवस्था

यस परिच्छेदमा दफा बीसदेखि बाईससम्म संरक्षक मण्डलको व्यवस्था, काम, कर्तव्य र अधिकार, सल्लाहकार समिति, उपसमिति आदिको प्रावधान गरिएको छ । किरण पुस्तकालको विधानमा यो व्यवस्था विशिष्ट प्रावधान हो । संरक्षक मण्डललाई पुस्तकालयको अभिभावक मण्डलका रूपमा हेरिएको छ । संस्थामा विशिष्ट योगदान पुऱ्याएका परिपक्वता र पुस्तकालयप्रति जीवनको लगानीका आधारमा व्यवस्थापन समितिले बढीमा पन्ध्र जनालाई संरक्षक मण्डलको सदस्यता दिने प्रावधान रहेको छ । संरक्षक मण्डलबाटै व्यवस्थापन समितिको अध्यक्ष पदमा

उम्मेदवारी दिन पाउने व्यवस्था, सल्लाहकार समिति अभिघेराभित्र संरक्षक मण्डलको सदस्य रहने हुँदा किरण पुस्तकालयको जीवन्तता त्यसभित्र समेटिएको देखिन्छ । संरक्षक मण्डल र व्यवस्थापन समिति दुबैको व्यक्तित्व समानान्तर देखिंदा व्यवस्थापन र सञ्चालन प्रक्रियामा केही कार्यविधि मिलाएर लैजान पर्ने देखिन्छ । अर्कोतर्फ विधिशास्त्रको सर्वमान्य सिद्धान्तमा पुस्तकालयसभाका सदस्यहरूको समान पहुँच हुनुपर्नेमा विधानले सदस्यहरूलाई विशिष्टीकृत वर्गीकरण गर्न पुगेको देखिन्छ । संस्थाको बृहत्तर हितका लागि यस किसिमको व्यवस्था विधानमा परिकल्पना गरिएको होला भन्ने अनुमान गर्न सकिन्छ ।

पुस्तकालयको विकासको इतिहासमा गुल्मीमा तत्कालीन परिवेशमा विभिन्न चुनौतीहरूका बावजूद पनि किरण पुस्तकालयको जन्म हुनु महत्त्वपूर्ण कुरा रह्यो । त्योभन्दा बढी महत्त्वपूर्ण कुरा यसको जीवन्तता, निरन्तरता र विकास यसको भनै विशिष्ट पक्ष हो । यस पुस्तकालयले र यहाँ संग्रह भएका, यहाँबाट प्रकाशित भएका कति सामग्रीहरूको बलले कैयौं अनुसन्धानकर्ताहरू जन्मायो, कैयौं विद्वान् कवि, साहित्यकार, सर्जकहरू, पाठकहरूलाई धरातल प्रदान गऱ्यो, गुल्मी जिल्ला र सेरोफेरोका इतिहास, कला, समाज, संस्कृति आदिको संरक्षण र विकासमा अतुलनीय योगदान पुऱ्यायो । किरण पुस्तकालयले आफूलाई जीवन्त, ऊर्जाशील, बनाएको छ ।

निर्वाचनसम्बन्धी र विविध व्यवस्था

विधानले नवौं परिच्छेदमा पुस्तकालय व्यवस्थापन समितिको निर्वाचनलाई व्यवस्थित र मर्यादित बनाउन दफा तेईसमा ३ सदस्यीय निर्वाचन समितिको गठन गरिने कुरा बताएको छ । संस्थाको विधिगत कार्यभार हस्तान्तरणको सर्वव्यापी मान्यतालाई यसमा आत्मसात् गरिएको छ । अन्तिम दशौं परिच्छेदमा विविध विषयहरू समेटिएका छन् । दफा पच्चीस, छब्बीस र सत्ताईसमा क्रमशः अविश्वास प्रस्ताव, गणपूरक संख्या र विधान संशोधनको प्रावधानलाई समावेश गएिको छ ।

निष्कर्ष

पुस्तकालयको विकासको इतिहासमा गुल्मीमा तत्कालीन परिवेशमा विभिन्न चुनौतीहरूका बावजूद पनि किरण पुस्तकालयको जन्म हुनु महत्त्वपूर्ण कुरा

रह्यो । त्योभन्दा बढी महत्त्वपूर्ण कुरा यसको जीवन्तता, निरन्तरता र विकास यसको भनै विशिष्ट पक्ष हो । यस पुस्तकालयले र यहाँ संग्रह भएका, यहाँबाट प्रकाशित भएका कति सामग्रीहरूको बलले कैयौं अनुसन्धानकर्ताहरू जन्मायो, कैयौं विद्वान् कवि, साहित्यकार, सर्जकहरू, पाठकहरूलाई धरातल प्रदान गरयो, गुल्मी जिल्ला र सेरोफेरोका इतिहास, कला, समाज, संस्कृति आदिको संरक्षण र विकासमा अतुलनीय योगदान पुरयायो । किरण पुस्तकालयले आफूलाई जीवन्त, ऊर्जाशील, बनाएको छ । एउटा कटेरोबाट प्रारम्भ भएको अवधारणा तम्घासको मुटुमा लाकुरीमञ्चअगाडि जीवन्त संस्था बनेर रहने आधार सिर्जना भयो । नीति, नियम, विधानले यसको संस्थापनमा टेवा पुरयाउँदै लगेको छ । यसका जन्मदाता संञ्चालकहरू आज पनि ऊर्जावान् बनेर मलजल गरिरहेको हुँदा पछिल्ला पुस्तालाई पनि यो प्रेरणाको स्रोत, पृष्ठपोषक बन्नेछ, किरण पुस्तकालयको विधान २०७२ सरसर्ती हेर्दा यो विधानले पुस्तकालयको जीवन्त इतिहास र भविष्यलाई जोडेको देख्दछु । भविष्यमा आवश्यक पर्ने विधानगत संशोधन, कार्यविधि आदिले पुस्तकालयको संस्थापनलाई मजबूत बनाउँदै लैजानेछ ।

सन्दर्भ-स्रोतहरू

१. श्रेष्ठ, भोलाकुमार (२००६ ई.सं.)- **नेपालमा पुस्तकालयको अवस्था र चुनौती**, टुल्सा भोल्युम ।

२. पंगेनी, डा. भवेश्वर (२०६८), **केन्द्रीय पुस्तकालयका पाँच दशक**, त्रि.वि. केन्द्रीय पुस्तकालय, कीर्तिपुर ।

३. रेग्मी, शिव (२०५५), **नेपालमा सार्वजनिक पुस्तकालय**-हाम्रो पुरुषार्थ, वर्ष २६, अंक १ ।

४. देवकोटा, लक्ष्मीप्रसाद (२०१२), "**पुस्तकालय**", नवनिर्माण त्रैमासिक पुस्तकालय प्रकाशन, वर्ष १, अंक-२) ।

४. क्षेत्री, सूर्य-**नेपालमा सार्वजनिक पुस्तकालयका समस्या र चुनौतीहरू** ।

६. **हाम्रो पुरुषार्थ**-वार्षिक मुखपत्र, वर्ष-१, अंक १, २०३० ।

७. **किरण पुस्तकालय गुल्मीको विधान २०७२** ।

उप-प्राध्यापक : रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, गुल्मी ।

-०००-

ज्ञानको दियो : किरण पुस्तकालय

✍ रामचन्द्र पन्थी

२०२७ वैशाख शुक्ल चतुर्दशीका दिन मेरा पिताजी स्वर्गे हुनुभयो । इस्मा दर्लामचौर मावलीघरबाट म तम्घास आएँ । मेरो ८ वर्षमै व्रतबन्ध भइसकेको थियो । बुबाको काजकिरिया गरेपछि एक वर्ष आशौच बार्दै घरमै बस्ने भएँ । मैले सुन्तलादेवी प्राथमिक विद्यालय, इस्माबाट ३ कक्षा पास गरेको थिएँ । म एक वर्ष स्कूल नजाने भएपछि मेरो आमाले आफ्ना भतिजा शशि पन्थीलाई आफूसँगै राखी मलाई पढाउने जिम्मा दिनुभयो । त्यसपछि उहाँले मलाई आफ्नो खरको छानावाला गाईवस्तु बाँध्ने गोठको तलामाथिको कोठामा आफूसँगै राखी पढाउन थाल्नुभयो । त्यतिन्जेल मेरो नाम पारासोर थियो, उहाँले मलाई रामचन्द्र भन्न थाल्नुभयो । खरको छानाबाट धर्साधर्सी नलागून् भनेर होला त्यो कोठाको माथि छानातर्फ कपडा लगाइएको थियो । कोठाको भित्तामा सजाएर टनाटन पुस्तक, पत्रपत्रिकाहरू थिए । कोठाको भूईमा गुन्द्रा, दरी, काम्ला, कम्मल, डोसाइएको थियो । उहाँको म नियमित विद्यार्थी थिएँ । म जस्तै विद्यार्थी हुनेमा घरकै दिदी सरस्वती, दाजु ध्रुवराज पन्थी र म थियौं । त्यो कोठामा हामीबाहेक अरू आगन्तुक ४-६ जना पनि बसेर पढ्न मिल्थ्यो । हुन त म ९ वर्षको थिएँ, त्यतिन्जेल मावल बसेको मलाई पुस्तकालय भनेको के हो ? थाहा थिएन । दिउँसो-दिउँसो त्यहाँ अन्य व्यक्तिको जमघट हुन्थ्यो । पढेलेखेका बाहरू, दाइहरू र सरसम्पर्कका अरूहरू पनि पाठक भई त्यहाँ आउँथे । आफै रचना गर्न सक्नेले आफ्नै कविता, गीत कथा भन्थे । आफ्नो मौलिक रचना नहुनेले रामायण, पुराण, महाभारत वा अन्य कविका कृति वाचन गर्ने, सुन्ने, सुनाउने काम हुन्थ्यो । भरिलो जवानीले चिटिक्क, फूर्तिलो युवा भेषबहादुर कुँवरको आगमनले कोठामा अर्कै रौनक थपिन्थ्यो । शशि पन्थीले उहाँलाई कविजी भन्नुहुन्थ्यो । उहाँका "सान्नानी गुर्धमको भिरैमा" जस्ता गीत संगीत अन्य कविता, कृतिले कोठा संगीतमय/गुञ्जायमान बन्दथ्यो । मिठो स्वरका धनी, तत्काल कविता कोर्न सक्ने आशुकवि कुँवरका कृतिले सबैको मन खिच्दथ्यो । उहाँका कविताबाट नै म पुस्तकालयमा बसेर अध्ययन गरिरहेको छु भन्ने पहिलो पटक जानकारी पाएको हुँ । गोठमा भएर के भयो त्यहाँ आउने आगन्तुक पाठकहरूको

एक अर्काबीच आत्मीयताको आदान-प्रदान, सौहार्दपूर्ण व्यवहार र शान्त वातावरणले गर्दा दिन बितेको थाहा नै हुन्थेन । आफ्ना छोराको अनुरोधलाई मानेर घाँस राख्ने कोठालाई पुस्तकालय बनाउन स्वीकृति दिने बुबा. पं. देवीदत्त पन्थी पुस्तकालय श्रीगणेश गर्ने उद्घाटनकर्ता हो । उहाँको त्यहाँ अभिभावकत्व थियो । यसरी २०२५ साल कार्तिक २० गते निजी कोठाबाट जन्मिएको किरण पुस्तकालय आज सार्वजनिक पुस्तकालयको रूपमा सुपरिचित छ ।

अर्को वर्ष म रेसुङ्गा प्रा.वि.को कक्षा ५ मा भर्ना भएँ । यस पुस्तकालयमा हुँदै आएको मेरो अध्ययन रेसुङ्गा प्रा.वि.को नामबाट उधिनढुङ्गा ब्रह्मपुरीस्थित सार्वजनिक पौवा (मेरै हजुरबुबा कृपाराम पन्थीले बनाएको राम्रो र ठूलो चर्चित पौवा)मा हुने गरी म स्थानान्तरण भएँ । त्यस्तै यसैवर्षको त्यो गोठको पुस्तकालयले पनि आफ्नो छुट्टै अस्तित्त्व ग्रहण गरेको । हाल शहीद शमशेरबहादुरको शालिकदेखि बालमन्दिरसम्मको पश्चिमतर्फको फराकिलो जमिनको स्वामित्व लिंदै हाल जिल्ला खेलकूद भएको स्थानमा रहेको सानो घरमा पुस्तकालय सजियो । आफूसँग पढ्ने साथीहरूलाई पुस्तकालयको परिचय गराउन त्यहाँ ल्याउने काम मैले उधिनढुङ्गाबाटै शुरू गरें । त्यसको १ वर्षपछि नै म छ कक्षामा महेन्द्र हाइ स्कूल, चिदीचौरमा सरें । स्कूलबाट पुस्तकालय निकै नजिक भयो । कति धेरै पुस्तकै पुस्तक पत्रिकै पत्रिका छन् । जो कोहीलाई त्यहाँ प्रवेश गर्न, हेर्न र त्यहीं बसेर पढ्नसमेत पैसा नै नलाग्ने क्या राम्रो छ । एक पटक हेर्न भए पनि जाऊँ न भनी साथीहरूलाई जानकारी दिंदै प्रोत्साहित गर्ने र इच्छुकलाई साथै लिएर पुस्तकालय जाने गर्न थालें । गोकर्णराज मरासिनी, भेषराज पाण्डे, अर्जुन गौतमलगायतका साथीहरू किरण पुस्तकालयका नियमित पाठक जस्तै बन्यौं । दिन दिन विद्यार्थी पाठक थपिंदै गए । त्यहाँ आउने विद्यार्थी कसैलाई चित्रले, कसैलाई कविताले त कसैलाई बालकक्षाले आकर्षित गर्दथ्यो । अलि माथिल्लो कक्षामा पुगेपछि स्कूलका अतिरिक्त क्रियाकलाप अन्त्याक्षरी, कविता लेखन आदिमा भाग लिनेहरूका लागि पुस्तकालय उपयोगी हुन थाल्यो र पाठक झनै थपिए ।

२०३३ साल पौसमा मैले एस्.एल्.सी. परीक्षा दिएँ । त्यसपछि अगाडि बढ्न तम्घासमा स्कूल, क्याम्पस वा कुनै शैक्षिक संस्था थिएन । अतिरिक्त केही कुरा सिक्ने स्थल भनेकै एकमात्र किरण पुस्तकालय थियो । ज्ञानकेन्द्र ठानेर म त्यहाँ सधैं आइरहन्थें । त्यतिन्जेल पुस्तकालय आफूले ओगटेको ठूलो क्षेत्रफलबाट साँगुरिइसकेको थियो । खेलकूद र रेडक्रसलाई जग्गा व्यवस्थापन गरिएपछि हालको अवस्थामा आएको हो । वि.सं. २०४० सालको सर्भे नापीका अनुसार पुस्तकालयको नाममा १५ आनाभन्दा बढी जग्गा छ, तापनि प्राविधिक त्रुटिले गर्दा पुस्तकालयको नामको लालपूर्जामा ०-१३-०३-०० जग्गा छ । सो जग्गामा

भुइँतला अहिलकै अवस्थामा र पहिलो तलामा स्टोर राख्नसम्म मिल्ने होंचो अवस्थाको ढुङ्गाको छाना भएको चिटिक्कको आफ्नै भवन बनिसकेको थियो । यसबैबीच केही महिनापछि मैले पनि पुस्तकालय सञ्चालकको जिम्मेवारी पाएँ । पुस्तकालयको जनशक्तिमा गोकार्णराज मरासिनी, म र शिवलाल खनाल भयौं ।

त्यतिबेला पुस्तकालयको महत्त्व सर्वाधिक उचाइमा पुगिसकेको थियो । पुस्तकालय शनिबारको दिनमा पनि खुल्दथ्यो । प्रतिपदा र अष्टमी २ दिन बन्द गरिन्थ्यो । रामायण, महाभारत, पुराणहरूलगायतका सबै धार्मिक पुस्तकहरू, मदन पुरस्कार प्राप्तलगायत माथिल्लो पुरस्कार विजेता कविका कृतिहरू, पुस्तकहरू, साझा प्रकाशनलगायतबाट प्रकाशित सबैजसो मुख्य मुख्य पुस्तकहरू, सरकारी, मुखपत्र, गैरसरकारी एवं मोफसलबाट प्रकाशित प्रायः सबैजसो वार्षिक, अर्धवार्षिक, त्रैमासिक, मासिक, पाक्षिक, साप्ताहिक र दैनिक पत्र-पत्रिकाहरू, खोज अनुसन्धानमूलक सामग्रीहरू पुस्तकालयबाट उपलब्ध हुने व्यवस्था मिलाइएको थियो । कथा, कविता, उपन्यास, गजल, निबन्ध आदि जुनसुकै विधामा कलम चलाउने सर्जक कविहरूले पनि आफ्नो १ प्रति कृति पुस्तकालयमा पठाउने गर्दथे । मलाई सम्झना छ-नेपालस्थित केही केही राजदूतावासबाट आफ्नो देशसँग सम्बन्धित पुस्तक, पत्र-पत्रिका आफै पुस्तकालयमा नै पठाउने गर्दथे । उत्तर कोरियाका तत्कालीन राष्ट्रपति किम इल सुङ्गसँग सम्बन्धित नेपाली भाषामा स्तरीय कागज, रंगीन तस्विरसमेत समावेश गरी छापिएका ठेलीका ठेली ठूल्ठूला सजिल्द पुस्तकहरू त्यहाँ आउँथे । त्यस्तै अंग्रेजी, हिन्दी भाषाका अन्य अन्तर्राष्ट्रिय पुस्तकहरू, पत्र-पत्रिकाहरू पनि पुस्तकालयमा आउने गर्दथे । दैनिक आज, दिनमान जस्ता भारतीय पत्रिकाको पुस्तकालय नियमित ग्राहक बनेको थियो । यतिन्जेल आइपुग्दा किरण पुस्तकालयले राष्ट्रिय रूपमा नै आफ्नो पहिचान स्थापित गरिसकेको थियो ।

आदिकवि भानुभक्त आचार्य, युवककवि मोतीराम भट्ट, कविशिरोमणि लेखनाथ पौड्याल र महाकवि लक्ष्मीप्रसाद देवकोटाका जन्मदिवस नियमित मनाइन्थ्यो । पुस्तकालयमा हुने कवि जयन्तीमा प्रतियोगी, अप्रतियोगी, स्रष्टाहरूबाट त्यहाँका आ-आफ्ना कृतिको प्रस्तुति गरिन्थ्यो । कवि जयन्ती सबैको चासो र जमघटका बीच भव्यताका साथ सु-सम्पन्न हुने हुनाले पुरस्कार प्रायोजनका लागि विभिन्न संस्थाबाट अग्रिम नाम दर्ता हुन्थ्यो । लेखक, कवि, समालोचक, पाठक, विद्यार्थी र सर्वसाधारणको उत्साहजनक उपस्थितिबीच कवि जयन्ती विशेष पर्वको रूपमा मनाइन्थ्यो । कविहरूले आफ्नो कृतिमार्फत सामाजिक चेतना फैलाउने कोसिस गर्दथे । तत्कालीन समयमा चलिआएको रूढीवादी परम्परा, सभामा आफूलाई टाठाबाठा ठान्ने व्यक्तिहरू, पदासीन पटवारी-तालुकदार, मुखिया-जिम्माल, पञ्च भलाद्मी आदिबाट भएको थिचोमिचो वा व्यवहारबाट पीडित, असन्तुष्ट सचेत

जनमानसले आफूभित्र गुम्सिएको वेदना पोख्ने सार्वजनिक स्थल बन्दथ्यो- किरण पुस्तकालय । घटनाक्रमसँगै यस्ता कविगोष्ठी सरकारको चासोका विषय बन्न थाले । पञ्चायती व्यवस्थाप्रति विमति राख्नेहरूले गजल, कविता, कथाको माध्यमबाट आफ्ना विरोधका स्वरहरू मुखरित गर्दथे । प्रशासकको लागि यदाकदा टाउको दुखाइको विषय पनि बन्दथ्यो । धेरैपटक यसै विषयमा पुस्तकालयका सचिव स्थानीय प्रशासकलाई स्पष्टीकरण दिन जानुपर्दथ्यो । पुस्तकालय भने सधैं व्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको पक्षमा अडिग रहिरह्यो । कहिल्यै डगमगाएन ।

त्यसबेला किरण पुस्तकालयमा दैनिक आगन्तुक पाठकहरूको संख्यामा निकै वृद्धि भयो । वाचनालयकक्ष पाठकहरूबाट खचाखच हुन थाल्यो । राजनीतिक कर्मीहरू राष्ट्रिय, अन्तर्राष्ट्रिय गतिविधि बुझ्न पत्र-पत्रिका पढ्थे । विद्यार्थीहरू बालकथा, कविता, कार्टुन, चित्र हेर्न र सिक्न आउँथे । सर्वसाधारण जिज्ञासु समाचार, सूचना प्राप्त गर्न आउँथे भने बेरोजगार युवाहरू विज्ञापनका सूचना लिन त्यहाँ आउने गर्दथे । सबै जिज्ञासुलाई ज्ञानको तिर्खा मेटाउने सार्वजनिक स्थलको रूपमा किरण पुस्तकालय थियो । पुस्तकालयमै आई अध्ययन गर्नेहरू जस्तै कार्डद्वारा पुस्तकालयबाट पुस्तक घरमा लगेर पढ्नेहरूको संख्या पनि त्यत्तिकै बढेको थियो । जसले गर्दा कामको चाप बढेको थियो । सञ्चालकलाई पुस्तक, पत्र-पत्रिका व्यवस्थित गर्न भ्याइनभ्याइ हुन्थ्यो ।

त्यसबेला किरण पुस्तकालयमा दैनिक आगन्तुक पाठकहरूको संख्यामा निकै वृद्धि भयो । वाचनालयकक्ष पाठकहरूबाट खचाखच हुन थाल्यो । राजनीतिक कर्मीहरू राष्ट्रिय, अन्तर्राष्ट्रिय गतिविधि बुझ्न पत्र-पत्रिका पढ्थे । विद्यार्थीहरू बालकथा, कविता, कार्टुन, चित्र हेर्न र सिक्न आउँथे । सर्वसाधारण जिज्ञासु समाचार, सूचना प्राप्त गर्न आउँथे भने बेरोजगार युवाहरू विज्ञापनका सूचना लिन त्यहाँ आउने गर्दथे । सबै जिज्ञासुलाई ज्ञानको तिर्खा मेटाउने सार्वजनिक स्थलको रूपमा किरण पुस्तकालय थियो । पुस्तकालयमै आई अध्ययन गर्नेहरू जस्तै कार्डद्वारा पुस्तकालयबाट पुस्तक घरमा लगेर पढ्नेहरूको संख्या पनि त्यत्तिकै बढेको थियो । जसले गर्दा कामको चाप बढेको थियो । सञ्चालकलाई पुस्तक, पत्र-पत्रिका व्यवस्थित गर्न भ्याइनभ्याइ हुन्थ्यो । मलाई सम्झना छ-पाठकहरूमा कारागारका बन्दीहरू पनि थिए । २०३४/०३५ मा केशरमणि पोखरेललगायतका राजनैतिक बन्दीहरूले लामो तालिका बनाई पुस्तक माग्नुहुन्थ्यो । पुस्तकालयमा भएका पुस्तक हामी तत्काल उपलब्ध गराउँथ्यौं । पुस्तकालयमा नभएका पुस्तक सचिवले बाहिरबाट

मगाउनुहुन्थ्यो । पुस्तकालयमा ती पुस्तक आम्दानी हुनासाथ पाठकलाई उपलब्ध गराइन्थ्यो । यसरी कारागारका बन्दीहरूको मागलाई पुस्तकालयले सधैं अग्राधिकार दिई सम्बोधन गर्दथ्यो । कारागारमा पुस्तकालयबाट पुस्तक पठाउँदा, फिर्ता लिंदा तत्कालीन स्थानीय प्रशासनले कुनै बाधा व्यवधान नगरेको मेरो अनुभव छ । दामोदरप्रसाद रेग्मी तत्कालका प्रमुख जिल्ला अधिकारी हुनुहुन्थ्यो, जसलाई गुल्मेलीहरू विकासप्रेमी असल प्रशासकको रूपमा चिन्दछन् । पुस्तकालयमा प्राप्त हुने सबै पुस्तकहरू, पत्र-पत्रिकासमेत दर्ता गरी अभिलेख राखिन्थ्यो । पुस्तकहरूलाई विषयगत रूपमा छुट्याएर खोजेको बखत तत्काल पाउने व्यवस्था मिलाइएको थियो । म सञ्चालकमा रहँदा पुस्तकालयका जुनसुकै पुस्तक तत्काल भेटाउँथें । बढी माग हुने धेरै जसो पुस्तकहरू गाताबाटै चिनिन्थे ।

पुस्तक घर लगेर पढ्नेहरूले सदस्यता लिनुपर्दथ्यो । त्यस्ता सदस्यहरूबाट लिइने शुल्क, पुस्तक समयमा फिर्ता नगर्नेहरूबाट लिइने विलम्ब शुल्क, पुस्तक बिक्री आदिबाट केही नियमित आम्दानी हुन्थ्यो । पुस्तकालयको छुट्टै आयस्रोत थिएन । प्रत्येक वर्षको तिहारमा पुस्तकालयको लागि देउसी भैलो खेलिन्थ्यो । त्यसबेला अरू सामाजिक संस्थाले खासै भैलो खेल्दैनथे । राति अबेरसम्म महेन्द्र नमूना व्यावसायिक माध्यमिक विद्यालयका ज्ञानहरि आचार्य, शिक्षकहरू पद्मप्रसाद पन्थी, भेषबहादुर कुँवर, हेमराज मरासिनी, भेषराज पन्थ पुस्तकालयको टीमको साथमा देउसी भैलो गाएको, भट्टाएको र नाचेको सम्झना ताजै छ । साँझ परेपछि प्रायः रमझममा परेका सरहरूले अझ बढी सक्रियता देखाउँदा भैलोको माहोल झनै तात्दथ्यो । भैलो नाचबाट परम्परागत संस्कृतिको जगेर्नाका साथै किरण पुस्तकालय सञ्चालनमा पनि बलियो आर्थिक टेवा मिलेको थियो । हाम्रो पुरुषार्थका केही अङ्कमा आम्दानी विवरण प्रस्तुत छ । पुस्तकालयको देखासिकीमा पछि धेरै संस्थाहरूले भैलो खेल्न थालेपछि पुस्तकालयले त्यसलाई निरन्तरता दिन उपयुक्त ठानेन । २०३५ भाद्रमा सहकारी शाखामा जागिरे भएपछि मैले पुस्तकालयको पूर्णकालीन सेवा गर्न सकिनँ ।

हाल पुस्तकालयको ढुङ्गाको छाना हटाएर पहिलो तलालाई विस्तार गरी बाहिर जग्गामा टहरा बनाई भाडामा र खालि रहेको लाँकुरी मञ्च साम्नेको जग्गामा टहरा बनाई भाडामा छ । अक्षयकोष राखी सहयोग गर्ने पुस्तकालयप्रेमीको आर्थिक योगदान थपिएको छ । पुस्तकालयको लागि स्थानीय तहबाट विभिन्न आर्थिक, भौतिक सहयोग जुटिरहेको छ । हाम्रो पुरुषार्थ "क" वर्गको राष्ट्रिय पत्रिका बनेपछि यसलाई केन्द्रबाट सहयोग थपिएको छ । हाल पुस्तकालयमा करिब दश हजार पुस्तक सम्पत्तिको रूपमा रहेका छन् । पुस्तकालय व्यवस्थापनमा स्याक, दराज, फर्निचर, कम्प्युटर आदि साधन थपिएका छन् ।

पुस्तकालयले विगत ४५ वर्षदेखि निरन्तर रूपमा हाम्रो पुरुषार्थ प्रकाशन गर्दै आएको छ । हालसम्म पुस्तकालय आफैले प्रकाशन गरेका पुस्तकहरूको संख्या १४ र 'हाम्रो पुरुषार्थ'का सम्पूर्णाङ्क ८० प्रकाशित भइसकेका छन् । शुरूका दिनमा यहाँ कुनै छापाखाना थिएन । काठमाडौं, गोरखपुर, बनारस आदि स्थानमा पुगेर पत्रिका छाप्नुपर्ने समयदेखि आजसम्म प्रकाशनले निरन्तरता पाउनु कम चुनौतीको विषय होइन । एक किसिमले त्यो अँध्यारो युगबाट शुरू गरिएको यात्रामा विश्राम नलिई कहिल्यै नथाकी ४६ वर्षसम्म अनवरत रूपमा एउटै टिमस्प्रिटले पत्रिका प्रकाशन गर्ने प्रकाशक एवं पुस्तकालयका संस्थापकहरूको लगन, त्याग, समाजमा उच्च मूल्याङ्कित छ । पुस्तकालय स्थापना र सञ्चालनको क्षेत्रमा गरेको कार्यको प्रशंसा जति गरे पनि कम नै हुन्छ । शुरूमा वार्षिक रूपमा प्रकाशित हुने पत्रिका अर्धवार्षिक हुँदै हाल त्रैमासिक रूपमा प्रकाशित हुँदै आएको छ । पत्रिकाले निरन्तरता पाइरहेको छ, नियमित छ र पाठकको मन जितेको छ । देश विदशेमा गरी यस पत्रिकाका एक हजारभन्दा बढी स्थायी, आजीवन ग्राहक सदस्यहरू छन् ।

पत्रिका स्तरीय छ र "क" वर्गको राष्ट्रिय पत्रिकामा मान्यता पाइसकेको छ । अब यो पत्रिकाले अन्तर्राष्ट्रिय उत्कृष्टता हासिल गर्नेछ, यसको प्रयास त्यतातर्फ जानु जरूरी छ । म सञ्चालक भएको बेला अनुभव गरिएजस्तो विकसित पठन संस्कृति आज भिन्न अवस्थामा आइपुगेको छ । त्यसबेला गुल्मीमा यातायातको सुविधा थिएन । त्यसबेलाको सबैभन्दा छिटो सूचनाको साधन आ.वा. (आकाशवाणी) मात्र थियो । जुन भरपर्दो थिएन । सबैको सहज पहुँचभित्र त छँदै थिएन । आज हरेकका घरघरमा टेलिफोन र हातहातमा मोबाइल फोन छ । जसबाट मात्र पनि फोन, फेसबूक, नेट इन्टरनेट चलाउन सकिन्छ । सबै जसो पत्र-पत्रिका र धेरै पुस्तकसमेत नेटबाट हेर्न सक्ने प्रविधिको विकास भएको छ । यस अवस्थामा हाम्रो पुस्तकालयले दिने सबै सेवा पनि प्रविधिमैत्री बनाउन जरूरी भएको छ । पुस्तकालयका पुराना सम्पत्तिको विद्युतीय अभिलेखीकरण गरी सुरक्षित राख्नेलगायतका कार्यमा ढिला गर्न भएको छैन ।

पवित्र गाईगोठबाट जन्मिएको किरण पुस्तकालय आज वयस्क बनिसकेको छ । यसले आफ्नो स्थापनाको आधा शताब्दी पूरा गरेको छ । यस स्वर्ण-वर्षमा हामीहरूले कविहरूका जन्मजयन्ती मनायौं । कविता गोष्ठी र प्रवचन गरयौं । १५३ औं मोती जयन्तीको अवसर पारेर ५ नं. प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलन आयोजना गरी भव्य रूपमा सम्पन्न गरयौं । त्यसमा ५ नं. प्रदेशभित्रका सार्वजनिक पुस्तकालयका प्रतिनिधि, केन्द्रीय विशेष प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रह्यो । जानकी साहित्य पुरस्कार वितरण गरियो । यस स्वर्णवर्षमा एक सर्वाधिक महत्त्वपूर्ण कामको शुभारम्भ भएको छ-त्यो हो अत्याधुनिक

पुस्तकालय भवनको शिलन्यास । वर्तमान समयसापेक्ष पुस्तकालय सञ्चालन गर्न हालको भौतिक संरचनाले नपुग्ने महसुस भइरहेको बेला यसै जिल्लाबाट प्रतिनिधिसभामा प्रत्यक्ष तर्फबाट निर्वाचित माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्णराज बिष्टज्यूको सत्प्रयासमा अत्याधुनिक भवनको नक्सा डिजाइन गराउनेदेखि लिएर सोको लागि लाग्ने करिब साढे पाँच करोडभन्दा बढीको सम्पूर्ण आर्थिक स्रोत जुटाउने कार्य उहाँबाटै हुने भएको छ । उहाँको यस प्रशंसनीय कार्यबाट हामी पुस्तकालयप्रेमी अत्यन्त खुशी भएका छौं । २०७५ साल कार्तिक १८ को शुभ साइतमा नयाँ बन्ने उक्त पुस्तकालय भवनको माननीय मन्त्रीज्यूबाटै एक भव्य समारोहका बीच शिलान्याससमेत भइसकेको छ । सो समारोहमा १५ वर्षभन्दा बढी स्वयंसेवकको रूपमा पुस्तकालयमा काम गरेका ग्रन्थपाल, सहायक ग्रन्थपाल, व्यवस्थापन समितिका निवर्तमान सदस्यहरू, हाम्रो पुरुषार्थका सम्पादकहरू, प्रतिनिधहरू, अक्षयकोष संस्थापकहरूलाई प्रमुख अतिथि माननीय मन्त्रीज्यूबाट सम्मान गर्ने कार्यसमेत भयो ।

अत्याधुनिक सुविधासम्पन्न पुस्तकालय भवन निर्माणसँगै तद्अनुरूप पुस्तकालय सुव्यवस्थित सञ्चालनमा ध्यान दिनुपर्नेछ । अबको पुस्तकालय बालबालिकाको लागि आकर्षक केन्द्रका रूपमा विकास गरिनुपर्छ । पुस्तकालय बाल-बालिकाको लागि असहाय, अपाङ्गता भएका व्यक्तिहरूका लागि, ज्येष्ठ नागरिकको लागि सहज र उपयोगी हुने गराउनु छ । अबको पुस्तकालय बालमैत्री, महिलामैत्री, अपाङ्गमैत्री र प्रविधिमैत्री नबनाई हुँदैन । सभ्य समाज मापनको सूचकको रूपमा सार्वजनिक पुस्तकालयलाई पनि लिइन्छ । पुस्तकालय आँखा हो, नजर हो । ज्ञानचक्षु दिने नै पुस्तकालय हो । त्यसैले पुस्तकालयको विकास र संरक्षणको कार्यमा लाग्नु पनि पुण्यकार्य हो । किरण पुस्तकालयमा भए रहेका सबै सम्पत्तिको यथोचित संरक्षण गर्दै अब राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा विकसित हुने सबै प्रकारका नवीनतम विषयवस्तुको ज्ञान सहजै तत्काल लिन सकिने अत्याधुनिक प्रविधिमैत्री पुस्तकालय आजको चुनौती बनेको छ । सो चुनौतीको सामना गर्न किरण पुस्तकालयलाई सबै क्षेत्रबाट सदा झैं सहयोगको अपेक्षा गरिएको छ ।

पूर्व सहायक प्रमुख जिल्ला अधिकारी, गुल्मी ।

-०००-

तपाईंले प्रकाशन गरेका कृतिको एक/एक थान किरण पुस्तकालयलाई दिएर आफ्नो कृति सुरक्षित गर्नुहोस् ।

किरण पुस्तकालय, गुल्मी

किरण पुस्तकालयको परिकल्पना, स्थापना, विकास र विस्तार

भुवन 'अकिञ्चन'



एउटा विशाल पीपल वृक्ष आँखाले बल्ल बल्ल देख्न सकिने बीजबाट उत्पत्ति र विस्तार भएको छ । त्यसका पछाडि प्रकृतिको अटूट साथ र हात रहन्छ । कुनै पनि शैक्षिक, भौतिक आदि संरचनाहरू पनि समाजसेवी, त्यागी, शिक्षाप्रेमी व्यक्तिहरूको हात र साथबाट विकास र विस्तार हुने मौका पाएका हुन्छन् । त्यस्तै निःस्वार्थ व्यक्ति र उनीहरूलाई होस्टेमा हैसे गर्ने व्यक्तिहरूको सहयोग पाएर किरण पुस्तकालय वर्तमान अवस्थामा आइपुगेको देखिन्छ । विशेष गरी क्याम्पसस्तरमा अध्ययन गर्न आइसकेपछि सामान्य पुरानो शैलीको भवनमा झुण्डिएको परिचय पाटी देखेर मेरा कलिला मस्तिष्कले यसको ऐतिहासिक पृष्ठभूमि जान्ने जिज्ञासा राख्दथ्यो । यसैक्रममा मैले डाक्टर टीकाराम पन्थीसँग जीवित छँदै, स्व. देवीदत्त पन्थीसँग (जीवित छँदै) यसको ऐतिहासिक पृष्ठभूमिका बारेमा जिज्ञासा राखी टिपोट गरेको थिएँ । त्यस्तै यस पुस्तकालयका जन्मदाता शशि पन्थीज्यूसँग राखिएका जिज्ञासा, किरण पुस्तकालयमा भएका पुराना अभिलेखसमेतलाई अध्ययन गरी प्रस्तुत लेख तयार गर्ने प्रयास गरिएकोछ । यस आलेखले किरण पुस्तकालयका बारेमा जान्न चाहने व्यक्ति यसका परिकल्पनाकारलाई चिन्न मद्दत गर्नेछ ।

स्थापना र नामकरण

सामाजिक, धार्मिक एवं शैक्षिक व्यक्तित्व शशि पन्थी, उहाँको किशोरावस्थासम्मको नाम शशिकिरण पन्थी हो । उहाँ पण्डित परिवारमा जन्मिएका व्यक्ति हुनुहुन्छ । उहाँका माइला, राहिला बुबाहरू सप्ताह पुराण आदि वाचन गर्न गुल्मी जिल्लाका विभिन्न क्षेत्रमा मात्र होइन, अर्घाखाँची र यसको सेरोफेरोमा जाने गर्नुहुन्थ्यो । उहाँका (शशि पन्थीका) पिता प्रख्यात ज्योतिषी र पण्डितसमेत हुनुहुन्थ्यो । उहाँहरूको परिवार र घरमा विभिन्न धार्मिक र ज्योतिषशास्त्रका पुस्तकहरू

हुन्थे । ती पुस्तकहरू लिन आउने, ल्याएर बुझाउने व्यक्तिहरूको क्रम चलिरहन्थ्यो । उहाँ पछि अध्ययनका सिलसिलामा बनारस जाँदा त्यहाँका व्यवस्थित पुस्तकालय, वाचनालय देखेपछि उहाँको कलिलो मस्तिष्कमा आफ्नो घरमा पनि यस्तै पुस्तकालय खोल्ने विचार उत्पन्न भयो । घरमा आएर आफ्ना पितासँग बनारसमा आफूले देखेका पुस्तकालयहरू जस्तै घरमा यत्रतत्र छरिएका पुस्तकहरू जम्मा पारेर व्यवस्थित पुस्तकालय बनाउने प्रस्ताव गर्नुभयो । पुस्तकप्रेमी, संकलक विद्वान् पिताजीबाट यस्तो पवित्र कार्यमा स्वीकृति नमिल्ने प्रसङ्ग नै भएन । आफ्ना घरमा आवतजावत गरिरहने भेषबहादुर कुँवर प्रयासीसँग पनि शशिकिरण पन्थीले यसबारे कुराकानी गर्नुभयो । अन्य साथीहरूसँग पनि सामान्य कुराकानी भयो । नयाँ कार्य भएकोले यसबारे सबैको उपयुक्त प्रतिक्रिया र उत्साह आएन । शशिकिरणले पितासँग अनुरोध गरी आफ्नै गाईका गोठमा एउटा कोठा बारेर पुस्तक राख्ने र दुईचार जना मानिस बसेर पढ्न मिल्ने गरी कोठा तयार गर्नुभयो । अनि २०२५ साल कार्तिक २० गते दुईवटा रजिष्टर किनेर एउटामा पुस्तकहरू दर्ता गर्ने र एउटा रजिष्टरमा पुस्तकहरू लैजाने अभिलेख राख्ने व्यवस्था भयो । यसै दिन श्रीमद्भागवत ग्रन्थलाई दर्ता नं. १ मा राखी पुस्तक दर्ताको काम सम्पन्न भयो । पहिलो दिनमा नै १३०/१३२ वटा पुस्तकहरू दर्ता भए । पुस्तकहरू आदान-प्रदान गर्ने सम्बन्धमा आफ्नै हिसाबबाट नियमहरू निर्धारण गर्ने काम भयो । शुरूमा ५० पैसा तिरेर वार्षिक ग्राहक बन्न पाउने व्यवस्था भयो । यस पुस्तकालयको पहिलो वार्षिक पाठक सदस्य भेषबहादुर कुँवर प्रयासी बन्नुभयो ।

त्यतिबेलाका समयमा गुल्मी इन्टर कलेजका विद्यार्थीहरू धमाधम सदस्य बन्न थाले । पुस्तक पढ्न आउने र पुस्तक आदान-प्रदानको लहर चल्न थाल्यो । यसले पुस्तकालयका परिकल्पनाकार शशिकिरण पन्थीलाई पुस्तकहरूको थप सङ्कलन गर्ने प्रेरणा जाग्यो । पिताजीसँग रू.५०० ।- मागेर पाल्पा तानसेन गई विशेष गरी कलेजको पाठ्यक्रमअनुसारका पाठ्यपुस्तक बोकेर ल्याउने काम गर्नुभयो । गुल्मी इन्टर कलेजका तत्कालीन प्राध्यापक डा. टीकाराम पन्थीको प्रचार-प्रसारका कारण इन्टर कलेजका अधिकांश विद्यार्थी यसका वार्षिक ग्राहक बन्न पुगे । पत्रिका आउने उपयुक्त स्थानहरूको खोजी र माध्यम पत्ता लगाउने काम पनि भयो । गोरखापत्र र लुम्बिनी सन्देशजस्ता पत्रिका नियमित आउन थाले । यद्यपि हुलाकबाट आउँदा केही समय भने लाग्दथ्यो । त्यस्तै हिन्दी भाषाको बनारसबाट प्रकाशित हुने आज, संस्कृतको गाण्डीव जस्ता पत्रिका पनि उपलब्ध हुन थाले । गुल्मी इन्टरकलेजका विद्यार्थीहरूको घुइँचो बढ्न थाल्यो । सात महिनाको अवधिमा नै पुस्तकालयले तम्घासको सेरोफेरोमा ख्याति कमाउन सक्यो ।

पुस्तकालय सञ्चालनको छ महिना बितेपछि पद्मप्रसाद पन्थी (सान्दाइ), डा. टीकाराम पन्थी, अल्छी गोपाल पाण्डे, भेषबहादुर कुँवर, स्वयं शशि किरण पन्थी लगायतका व्यक्तिहरूका बीच बैठकमा छलफल भयो । पुस्तकालयको नाम शशि किरण पुस्तकालय राख्दा नितान्त व्यक्ति विशेषमा सीमित नाम हुन्छ । त्यसैले शशि अगाडिको नाम हटाएर ज्ञानको प्रकाशको प्रतीकको रूपमा किरण पुस्तकालय राखौं भन्ने प्रस्ताव आयो । यो प्रस्ताव सर्वसम्मतिबाट पारित भई किरण पुस्तकालय नाम रहन गएको हो । यसका प्रथम परिकल्पनाकार शशि पन्थी नै देखिनुहुन्छ भने उहाँको यस पवित्र कार्यमा होस्टेमा हैसे गरिदिने डा. टीकाराम पन्थी, पद्मप्रसाद पन्थी, भेषबहादुर कुँवर, अल्छी गोपाल पाण्डे, लक्ष्मीनाथ चिरञ्जीवी, पद्मपाणि पन्थी लगायतका व्यक्तिहरू देखिनुहुन्छ । पुस्तकालयको नामकरणको टुङ्गो लागेपछि यहीं किरण पुस्तकालयको नाममा छाप र रसिद तयार गर्ने काम बनारस लगेर गरियो । शशिकिरण पन्थीले आफ्नो बीचको नाम झिकेर पुस्तकालयलाई दिएपछि उहाँको नाम त्यसपछिका दिनहरूमा शशि पन्थी मात्र भनी प्रचलनमा ल्याएको देखिन्छ ।

तत्कालीन लक्ष्मीपुर गाउँपञ्चायतका प्रधानपञ्च डिल्लीराज उपाध्याय पन्थी, युवक संगठनका जिल्ला सभापति पद्मपाणि उपाध्याय पन्थी, डा. टीकाराम पन्थी, लक्ष्मीनाथ चिरञ्जीवी, पद्मप्रसाद पन्थीलगायतका व्यक्तिहरूको उपस्थितिमा सरस्वती पूजा गरी भव्य रूपमा वार्षिकोत्सव मनाउने कार्यक्रम औपचारिक रूपमा सम्पन्न भई रेडियो नेपाल तथा गोरखापत्रमा समेत समाचार सम्प्रेषण भयो । रेडियोले किरण पुस्तकालयको वार्षिकोत्सवको बारेमा समाचार प्रसारण गरेपछि तत्कालीन जिल्ला प्रमुख सहायक अञ्चलाधीश (विशेष अधिकृत)ले शशि पन्थीलाई बोलाएर आवश्यक सोधपुछ गर्नुभयो । यस्तो पुस्तकालय कसको अनुमतिमा सञ्चालन भएको छ ? विना अनुमति लेटरप्याड, छाप, रसिद छाप्न पाइँदैन । कानून लाग्छ भनेपछि बैठक बसेर स्वीकृतिका लागि अगाडि बढ्ने सल्लाह भयो ।

दर्ता प्रक्रिया र यसको पृष्ठभूमि

समयको व्यतिक्रमसँगै पुस्तकालय सञ्चालन गरेको एक वर्ष पुगेपछि वार्षिक उत्सव आयोजना गरियो । तत्कालीन लक्ष्मीपुर गाउँपञ्चायतका प्रधानपञ्च डिल्लीराज उपाध्याय पन्थी, युवक संगठनका जिल्ला सभापति पद्मपाणि उपाध्याय पन्थी, डा. टीकाराम पन्थी, लक्ष्मीनाथ चिरञ्जीवी, पद्मप्रसाद पन्थीलगायतका व्यक्तिहरूको उपस्थितिमा सरस्वती पूजा गरी भव्य रूपमा वार्षिकोत्सव मनाउने

कार्यक्रम औपचारिक रूपमा सम्पन्न भई रेडियो नेपाल तथा गोरखापत्रमा समेत समाचार सम्प्रेषण भयो । रेडियोले किरण पुस्तकालयको वार्षिकोत्सवको बारेमा समाचार प्रसारण गरेपछि तत्कालीन जिल्ला प्रमुख सहायक अञ्चलाधीश (विशेष अधिकृत)ले शशि पन्थीलाई बोलाएर आवश्यक सोधपुछ गर्नुभयो । यस्तो पुस्तकालय कसको अनुमतिमा सञ्चालन भएको छ ? विना अनुमति लेटरप्याड, छाप, रसिद छाप्न पाइँदैन । कानून लाग्छ भनेपछि बैठक बसेर स्वीकृतिका लागि अगाडि बढ्ने सल्लाह भयो । तत्कालीन जिल्ला शिक्षा निरीक्षक समक्ष निवेदन दिने काम भयो । तत्कालीन जिल्ला शिक्षा निरीक्षक भीष्मप्रसाद सापकोटाले सहज स्वीकृति दिने छाँट देखाउनुभएन । त्यसपछि पूर्व वन राज्यमन्त्री दयानिधि शर्माको जिल्ला भ्रमणका क्रममा शशि पन्थीको नेतृत्वमा गुल्मी इन्टर कलेजमा अध्ययनरत केही विद्यार्थीहरू समेतले पुस्तकालय स्वीकृतिका लागि मौखिक अनुरोध गर्नुभयो । मन्त्रीले पनि लेखेर दिन लगाउनुभयो । लिखित निवेदन दिएपछि तत्कालीन शिक्षा मन्त्रालयले जिल्ला शिक्षा अधिकारीलाई "स्थलगत अवलोकन गरी दर्ता गरिदिनू" भन्ने ब्यहोराको सिफारिससहितको पत्र आयो । २०२७ को शिक्षा नियमावलीमा उल्लेख भएअनुसार न्यूनतम दुईकोठासहितको भवनको आवश्यकता पर्ने थियो । यत्तिकैमा गुल्मी इन्टर कलेजका प्राचार्य लक्ष्मीनाथ चीरञ्जीवी गौतमले कलेजका लागि पनि पुस्तकालय चाहिने हो, छैन । यसैले गुल्मी इन्टर कलेजको कार्यालय भएको स्थान (जुन भवन पहिले २०१८ सालमा पुस्तकालयकै प्रयोजनका लागि कम्पाउण्ड वालसहित बनाइएको थियो) चिदीचौर (हाल खेलकूद भवन भएको ठाउँमा)मा पुस्तकालय सारौं भन्ने प्रस्ताव राख्नुभयो । अब त झन् पुस्तकालयका लागि शुभ अवसर प्राप्त भयो । सम्बद्ध व्यक्तिहरूका बीचमा बैठक बसी किरण पुस्तकालयलाई सोही गुल्मी इन्टर कलेजले प्रयोग गरेको एक तले, एक कोठे पुस्तकालय भवनमा सार्ने निर्णय भयो । त्यो भवनमा एउटा कोठा मात्र भएकोले बारेर एकातिर पुस्तक कक्ष र अर्कोतिर वाचनालयको व्यवस्था भयो । यही भवनमा गएपछि पुस्तकालयले तत्कालीन नियमानुसारको तीन महिनाको अस्थायी अनुमति पनि प्राप्त गरेको । त्यसको तीन महिनापछि जिल्ला शिक्षा कार्यालय, पाल्पा (गुल्मीसमेत हेर्ने)बाट शिक्षा नियमावली २०२७ को परिच्छेद १७ अनुसार स्थायी स्वीकृति प्राप्त भयो । यतिञ्जेलसम्मको नेतृत्व र अध्यक्षता शशि पन्थीले नै गर्नुभएको थियो । यतिञ्जेलसम्म पुस्तकालयमा पाठक र नियमित वार्षिक ग्राहकको संख्या धेरै नै वृद्धि भइसकेको थियो । अन्यत्र प्रायः नपाइने गोरखापत्र, लुम्बिनी सन्देशलगायत अन्य साहित्यिक पुस्तक पत्र-पत्रिका किरण पुस्तकालयमा सहजै पाइने हुनाले कार्यालयका कर्मचारी, विद्यालयका शिक्षक, विद्यार्थीलगायतका धेरै व्यक्तित्वको आवागमन भइरहन्थ्यो । पुस्तकालयको चहलपहल देखेर साहित्यगोष्ठी सञ्चालन गर्न भनी तत्कालीन विशेष अधिकृत रूपबहादुर स्वाँरले रू.३०/- नगद सहयोग गर्नुभएको थियो ।

पुस्तकालय सञ्चालक समितिको गठन

यस अघिका दिनसम्म पुस्तकालय खोल्ने, सञ्चालन गर्नेलगायतका सम्पूर्ण काममा क्रियाशील शशि पन्थी नै प्रमुख हुनुहुन्थ्यो । अध्यक्ष भन्ने औपचारिक व्यवस्था गरिएको थिएन । पुस्तकालयले स्थायी स्वीकृति प्राप्त गर्नका लागि नियमतः सञ्चालक समितिको गठन गर्नुपर्ने प्रावधानअनुरूप डा. टीकाराम पन्थीको अध्यक्षतामा निम्नलिखित सात सदस्यीय पुस्तकालय सञ्चालक समिति मिति २०२८/०१/१९ मा चयन भयो ।

१.	अध्यक्ष	: डा. टीकाराम पन्थी
२.	उपाध्यक्ष	: ताराबहादुर थापा
३.	सचिव	: शशि पन्थी
४.	कोषाध्यक्ष	: भेषबहादुर कुँवर
५.	सदस्य	: नरप्रसाद श्रेष्ठ
६.	सदस्य	: रमेशकुमार अर्याल
७.	सदस्य	: शङ्कर थापा

यो किरण पुस्तकालयको पहिलो सञ्चालक समिति हो भने शिक्षा नियमावली २०२७ अनुसार स्थानीय गाउँपञ्चायतका प्रधानपञ्च नै अध्यक्ष हुनुपर्ने प्रावधान अनुसार डिल्लीराज उपाध्याय त्यसको लगत्तै अध्यक्ष बन्नुभयो । पुनः प्रधानपञ्च फेरिएपछि वि.सं. २०२९/१०/०२ गते चेतनारायण मरासिनी पुस्तकालयको अध्यक्ष हुनुभएको थियो ।

पुस्तकालयको तेस्रो वार्षिकोत्सव गुल्मीका विशेष अधिकृतसहित सम्पूर्ण जिल्ला पञ्चायत सभापतिसहित अन्य पञ्चहरू, कार्यालयप्रमुख, शिक्षक, विद्यार्थी, समाजसेवी, बुद्धिजीवी आदि धेरैको उपस्थितिमा सम्पन्न भयो । यस कार्यक्रमलाई तत्कालीन जिल्ला प्रमुख विशेष अधिकृत रामजीप्रसाद गुप्ताले आफ्नो कार्यालयमा आउने (आ.स.च.पु.) आर्थिक सहायता, चन्दा, पुरस्कार रकमबाट रू.३०० ।- (तीन सय) रुपियाँ सहयोग गर्नुभयो । त्यसबाट पुस्तकालयमा फर्निचरहरू जुटाइयो ।

स्थायी स्वीकृति, जग्गा दर्ता र विनियम तयारी

किरण पुस्तकालयले अस्थायी स्वीकृति प्राप्त गरेको तीन महिनापछि जिल्ला शिक्षा कार्यालय पाल्पा (गुल्मी समेत हेर्ने)द्वारा स्थायी स्वीकृति प्राप्त गरेको । शिक्षा नियमावली २०२७ को परिच्छेद १७ अनुसार पुस्तकालयलाई, अस्थायी अनुमति र स्थायी स्वीकृति दिने स्पष्ट व्यवस्था भए पनि २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनामा यसबारे मौन देखिंदा पुस्तकालयलाई केही संकट

देखियो । वि.सं. २०३४ सालमा पुस्तकालय तथा अन्य शैक्षिक संस्थाको सम्पत्ति दर्ता गर्ने प्रक्रिया शुरू भयो । यसै सन्दर्भमा हाल शमशेरबहादुरको शालिक रहेको ठाउँबाट उत्तरतर्फको पूरा जग्गा महेन्द्र माध्यमिक विद्यालयका नाममा दर्ता गर्ने र सो शालिकबाट दक्षिणतर्फको जग्गा किरण पुस्तकालयका नाममा दर्ता गर्ने गरी अनुरोध गरेर शिक्षा मन्त्रालयमा पठाइयो । प्रत्युत्तरमा विद्यालयकै नाममा हुन सक्ने पुस्तकालयको नाममा छुट्टै नहुने भन्ने आयो । पछि नापीको बेलामा मात्र किरण पुस्तकालयको नाममा जग्गा दर्ता हुन सक्यो । त्यस्तै शिक्षा नियमावली २०२७ अनुसार पुस्तकालयको विनियम मस्यौदाका निम्ति चिरञ्जीवी शर्माको संयोजकत्वमा शशि पन्थी र भेषबहादुर कुँवरसहितको तीन सदस्यीय समिति बनेको थियो । उक्त समितिले तयार पारेको विनियम सञ्चालक समितिले स्वीकृत गरी जिल्ला शिक्षा अधिकारी कार्यालय पाल्पाबाट पनि स्वीकृत भई सञ्चालनमा आएको हो ।

पुस्तकालयको दैनिक सञ्चालन

पुस्तकालय स्थापना गरेपछि २०२९ साल भाद्र २२ गतेसम्म यसको निःशुल्क सञ्चालन शशि पन्थीबाट नै भयो । यस बीचमा बहिनीको मृत्युको आशौचमा छिमेकी दाजुभाइलाई बोलाएर भए पनि सञ्चालनको काम चलाउनुभएको थियो । २०२९ भाद्र २३ गतेबाट थोरै पारिश्रमिक दिएर रामलाल र काशीनाथ मरासिनी सञ्चालकका रूपमा नियुक्त हुनुभएको थियो । त्यसपछि २०३१ साल श्रावण १ गतेदेखि चक्रबहादुर कार्की क्षत्री र कृष्णबहादुर विश्वकर्मा नियुक्त हुनुभयो । यसरी किरण पुस्तकालये आफ्नो स्थापनाको चौथो वर्षपछि न्यूनतम पारिश्रमिक दिएर भए पनि नियमित सेवा गर्ने स्वयम्सेवकको व्यवस्था गर्न थालेको देखिन्छ । यो व्यवस्था आजसम्म पनि कायम छ ।

हाम्रो पुरुषार्थको प्रकाशन

यस पुस्तकालयले आफ्नो स्थापनाको पाँचौं वर्षपछि आफ्नो वार्षिक मुखपत्रका रूपमा "पुरुषार्थ" प्रकाशित गर्ने जमर्को गरेथ्यो तर पुरुषार्थ नामक पत्रिका वि.सं. २००६ सालतिरबाटै प्रकाशित भइसकेको देखिएपछि "हाम्रो" थपेर "हाम्रो पुरुषार्थ" नामकरण गरिएको कुरा प्रधान सम्पादक शशि पन्थी बताउनुहुन्छ । यसमा प्रधान सम्पादक शशि पन्थी, सम्पादक चिरञ्जीवी शर्मा र सहायक सम्पादक भेषबहादुर कुँवर रहनुभएको थियो । प्रथम अङ्कदेखि नै हालसम्म शशि पन्थीले अनवरत प्रधान सम्पादक भएर निरन्तरता दिनुभएको छ भने वि.सं. २०३६ सालपछि सम्पादक चिरञ्जीवी शर्माले विश्राम लिई सहयक-सम्पादकका रूपमा दीन पन्थी र भेषबहादुर कुँवर आउनुभएको छ । दीन पन्थी २०४२ पछि सह-सम्पादक हुनुभयो भने सहायक सम्पादक भेषबहादुर कुँवर अझै अनवरत रूपमा हुनुहुन्छ ।

यो मुखपत्र वि.सं. २०३५ सालदेखि अर्धवार्षिक बन्न पुगेको छ भने यसले निम्नलिखित विशेषाङ्कहरू प्रकाशित गरिसकेको छ :

१. श्री ५ वीरेन्द्र शुभराज्याभिषेक अतिरिक्ताङ्क-२०३१
२. अन्तर्राष्ट्रिय बालवर्षारिक्ताङ्क-२०३६
३. समालोचना विशेषाङ्क-२०३७
४. लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क-२०३९
५. साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति अङ्क-२०३९
६. लेखनाथ अङ्क-२०४१
७. अन्तर्राष्ट्रिय युवा वर्षाङ्क १९८५ (२०४२)
८. गुल्मी परिचयाङ्क-२०५३
९. पुस्तकालय विशेषाङ्क-२०५५
१०. कथा विशेषाङ्क-२०५६
११. नेपाली भाषिक संगोष्ठी विशेषाङ्क-२०५८
१२. पत्रकारिता विशेषाङ्क-२०६२
१३. डा. टीकाराम पन्थी विशेषाङ्क-२०६७
१४. भानु विशेषाङ्क-२०७०
१५. बी. पी. विशेषाङ्क-२०७१
१६. किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क-२०७५

हाम्रो पुरुषार्थको प्रथम अङ्क नारायण छापाखाना, तानसेनमा छापिएको थियो भने त्यसपछिका केही अङ्कहरू बनारस र गोरखपुरका प्रेसहरूबाट छापिएर प्रकाशित भएको पाइन्छ भने यसको गुल्मीबाटै प्रकाशित हुने साइत भने वि.सं. २०४५ बाट मात्र जुरेको देखिन्छ । वि.सं. २०५९ सालदेखि हाम्रो पुरुषार्थको सहायक सम्पादकमा भुवन अर्याल र नारायण पन्थीलाई थप गरियो भने वि.सं. २०७० सालपछि सम्पादक सहयोगीका रूपमा गोपाल पन्थी, राधा पन्थी, ईश्वर वि.क. लाई समेत समावेश गरिएको हो । यस पत्रिकालाई वि.सं. २०७०/०७१ मा प्रेस काउन्सिलले "क" वर्गको राष्ट्रिय स्तरको पत्रिकाका रूपमा सूचीकृत गरेको छ । वि.सं. २०७० देखि यसलाई त्रैमासिक रूपमा प्रकाशित गर्न थालिएको हो । किरण पुस्तकालयको प्रकाशन हाम्रो पुरुषार्थले पनि आफ्नो जीवनयात्राका ४५ वर्ष पूरा गरिसकेको छ । यस यात्राका क्रममा वि.सं. २०४७ सालदेखि २०५२ सालसम्म केही अवरोधहरू आएका देखिन्छन् । तत्पश्चात् निरन्तरता रहेको देखिन्छ ।

किरण पुस्तकालयका प्रकाशनहरू

किरण पुस्तकालयले क्रमशः वार्षिक, अर्धवार्षिक हुँदै त्रैमासिक हाम्रो पुरुषार्थको प्रकाशनद्वारा ख्याति कमाएको छ । यसले विद्वान् व्यक्तित्वका कृतिहरूको पनि

प्रकाशन गरेको छ । हालसम्म यसका निम्नलिखित १४ वटा प्रकाशनमाला तयार भइसकेका छन् :

१. सन्त शशिधरको बाणोपनिषद्-स्वामी शशिधर (२०३३)
२. रेसुङ्गाका आध्यात्मिक कृति-महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल (२०३६)
३. केही जनश्रुतिहरू-डा. टीकाराम पन्थी (२०४२)
४. रुरुक्षेत्र-केशवप्रसाद पौडेल (२०४३)
५. नेनेपाल-डा. टीकाराम पन्थी (२०४४)
६. बुद्धस्मरणम्- डा. टीकाराम पन्थी (२०५४)
७. मेरो देश नेपाल (२०५४) मुकुन्दहरि ज्ञवाली
८. गुल्मीको ऐतिहासिक झलक (२०५५) डा. राजाराम सुवेदी
९. मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा (२०५८), मोदनाथ प्रश्रित
१०. सांस्कृतिक चिन्तन (२०६२) डा. टीकाराम पन्थी
११. अर्वाचीन रेसुङ्गा (२०६३) डा. टीकाराम पन्थी
१२. तपोभूमि रेसुङ्गाधाम (२०६४) परशुराम पन्थी
१३. ग्रहविमर्श (२०६८) अर्जुनप्रसाद भट्टराई
१४. काव्यमालिका (२०७५) डा. लक्ष्मीकान्त पन्थी

मानार्थ, विशिष्ट, आजीवन र संरक्षक सदस्यता वितरण

यस पुस्तकालयप्रतिको सद्भाव सबैमा वृद्धि होस् भन्नका लागि यसका परिकल्पनाकार शशि पन्थीले धेरै उपायहरू अपनाउनुभएको छ । आजसम्म सद्भाव र सहयोग तमाम सज्जनवृन्दको रहे पनि यसलाई अग्रगति दिने परिकल्पनाकार उहाँ नै हुनुहुन्छ । यस सन्दर्भमा वि.सं. २०२८ सालबाट आजीवन सदस्यता वितरण शुरू गरिएको थियो भने त्यस समयमा आजीवन सदस्यता शुल्क रू.२०० ।- (दुई सय रूपैयाँ मात्र) राखिएको थियो । पहिलो आजीवन सदस्य चिरञ्जीवी शर्मा हुनुहुन्छ । हालसम्म यस पुस्तकालयका आजीवन सदस्यहरूको संख्या शताधिक छ । आजीवन सदस्यता शुल्क रू.१०,००० ।- रहेको र विशिष्ट सदस्यता शुल्क रू.२०,००० ।- छ ।

त्यस्तै यस पुस्तकालयले विशेष सहयोग गर्ने विदेशी नागरिकलाई मानार्थ सदस्यता प्रदान गर्ने प्रावधान छ । त्यस्तै स्थापना कालदेखि यस पुस्तकालयको संरक्षण, संवर्धन र विकासमा लाग्ने तथा महत्त्वपूर्ण योगदान गर्ने महानुभावलाई संरक्षक सदस्यता प्रदान गर्दछ । यस्ता सदस्यहरूको संख्या हाल १३ जना रहेको छ । विभिन्न श्रेणीका सदस्यता वितरणले एकातिर पुस्तकालयमा थोरै-थोरै

भए पनि आर्थिक योगदान भएको छ भने अर्कोतिर सम्बद्ध व्यक्तिहरूबाट पुस्तकालयप्रति सद्भाव र ममता बढ्दै गएको छ ।

भवन निर्माणका लागि भएका प्रयासहरू

किरण पुस्तकालयको एक तले दुई कोठे भवन पुस्तकालयको विस्तारसँगै साँगुरो भएपछि पुस्तकालयप्रेमी जागरूक युवाहरूको समूह बनाई पुनः शशि पन्थीले भेषबहादुर कुँवर, दीन पन्थी, जिल्ला पं. सभापति बैकुण्ठबहादुर चन्दलगायतका व्यक्तिको सहयोगमा हरेक वर्ष तिहारमा भैलो खेल्ने अभियान चलाउनुभयो । तीन वर्ष (वि.सं. २०३१ देखि २०३४ सम्म) लगातार भैलोबाट सङ्कलन गरेको रकम, तत्कालीन जिल्ला पञ्चायतबाट प्रदान गरिएको रू.५,००० ।- (पाँच हजार रूपैयाँ) पुस्तकालयको जग्गा व्यवस्थापन गर्दा हुन आएको आम्दानी रू. ५,००० ।- (पाँच हजार रूपैयाँ) लगायत अन्य दाता महानुभावज्यूहरूसँग हारगुहार गरी दुई तले पुस्तकालय भवन तयार भयो । उक्त भवनको छानो तत्कालीन जुभुङ गाउँपञ्चायतको डल्लीखोला भन्ने स्थानबाट पिठ्यूमा ढुङ्गा बोकाएर छाएको हो । यस भवनको समुद्घाटन तत्कालीन शिक्षा राज्यमन्त्री पशुपति शमशेर जवराले २०३५ सालामा गर्नुभएको थियो ।

पछि गुल्मी जिल्लामा GARDAP परियोजना लागू भएको बखत उक्त परियोजनाले पुरानो पुस्तकालय भवनको पुनर्निर्माण गरयो । ढुङ्गाको छानो चुहिएर जीर्ण हुन लागेको बखत उक्त परियोजनाले पुस्तकालयका अमूल्य सम्पत्ति पुस्तकहरूको संरक्षणका लागि पुनः मरम्मत सुधारमा गरेको सहयोग अत्यन्त उल्लेखनीय छ ।

अत्याधुनिक भवनको परिकल्पना, नक्साङ्कन र शिलान्यास

पुस्तकालय जसरी निःस्वार्थ भावले परिकल्पना गरी स्थापना भयो त्यसरी नै यसले आफ्नो भवनलाई समयसापेक्ष रूपमा बदल्दै लौजाने सुअवसर पनि प्राप्त गर्दै आएको छ । यसैक्रममा गुल्मी क्षेत्र नं. २ बाट विजयी सांसद गोकर्णराज बिष्ट आफू निर्वाचित भइसकेपछि तम्घासमा भेटघाट र कार्यक्रममा सहभागी हुने क्रमसँगै आफ्ना गुरु शशि पन्थीद्वारा नेतृत्व गरिरहेको पुस्तकालय भवनमा पुग्नुभयो । उहाँले पुस्तकालयसम्बन्धी विविध जिज्ञासा राख्दा शशि पन्थीले आफ्नो सपना अत्याधुनिक भवन बनाउने रहेको पनि बताउनुभएको थियो । निःस्वार्थ भावले शैक्षिक तथा सामाजिक क्षेत्रको उत्थानमा लागी पर्ने गोकर्ण बिष्टले सोही समयमा नै पुस्तकालय भवनलाई अत्याधुनिक शैलीमा निर्माण गर्ने वचन दिनुभयो । उहाँकै सक्रियतामा Y.A. Engineering Consultancy का आर्किटेक्ट इञ्जिनियर श्री अमन मास्केले भवनको नक्साङ्कन गर्नुभएको छ ।

करिब ५ करोडभन्दा बढीको लागत लाग्ने गरी भवनको शिलान्यास कार्य पनि मन्त्री बिष्टबाट यहीं २०७५ कार्तिक १८ गते एक समारोहकाबीच सम्पन्न भएको छ । अबको एक दुई वर्षमा पुस्तकालयको संरचना र व्यवस्थापनलगायतका पक्षमा कायापलट नै हुने निश्चित भएको छ । वर्तमान सरकारका माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्णराज बिष्टको पुस्तकालयप्रतिको यो योगदानले उहाँको छवि थप उच्च हुनुका साथै माता सरस्वतीको आशीर्वाद उहाँका जीवनमा सदा रहिरहने अपेक्षा गर्न सकिन्छ ।

उपसंहार

आज किरण पुस्तकालय सार्वजनिक पुस्तकालयका रूपमा जसरी स्थापित भएको छ त्यसका पछाडि लामो ऐतिहासिक पृष्ठभूमि रहेको छ । यसमा विशेषतः परिकल्पनाकार शशि पन्थीको निःस्वार्थ त्याग, लगनशीलता र क्रियाशीलता लुकेको छ । २०२५ सालको तत्कालीन परिवेशमा पनि आरम्भमा एक्लै कस्सिएर शशिकिरण पुस्तकालय नाम दिँदै जन्म दिनुभयो । साथी समूहको सल्लाहपछि आफ्नो बीचको नाम झिकेर पुस्तकालयलाई दिँदै सार्वजनिक बनाउने काममा पनि त्याग गर्नुभयो । निरन्तर सोंच र परिकल्पना गर्दै आर्थिक रूपले सबल बनाउनका लागि नेतृत्व गर्नुभयो । नियमन र व्यवस्थित गर्नका लागि विनियम तयार गरी व्यवस्थित ढाँचामा सञ्चालन गर्नुभयो । पुस्तकालयमा सामाजिक व्यक्तित्वलाई पनि स्थान दिँदै सामाजिकीकरणमा जोड दिनुभयो । तत्कालीन युवा जोशको सदुपयोग गर्दै भैलोद्वारा अर्थ संकलन गर्ने, आजीवन सदस्यता वितरण गरी पुस्तकालयप्रति सद्भाव प्रकट गर्ने वातावरण पनि सिर्जना भएको छ । वि.सं. २०३० सालमा प्रकाशित शुरूमा मुखपत्रका रूपमा रहेको हाम्रो पुरुषार्थले गुल्मी जिल्लाभित्रका सूचना, विकास निर्माण कार्यको सार्वजनिकीकरणलगायतका तथ्यको पनि प्रतिनिधित्व गरेको । आज किरण पुस्तकालयलाई वर्तमान सन्दर्भसम्म ल्याइपुर्‍याउन शशि पन्थी, गुल्मी इन्टरकलेज, तत्कालीन लक्ष्मीपुर गाउँपञ्चायत, जिल्ला पञ्चायत, जिल्ला प्रशासन कार्यालय, गार्डेप परियोजना, जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय, तमघास गाउँ विकास समिति र हाल रेसुङ्गा नगरपालिका, नेपाल सरकार, समस्त समाजसेवी, बुद्धिजीवी सबैको अतुलनीय योगदान छ । अबको सन्दर्भमा नेपाल सरकारका माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री गोकर्णराज बिष्टले शिर उँचो पार्ने कार्यका लागि अत्याधुनिक भवनको शिलान्यास गर्नुले अबको भविष्य थप समुज्ज्वल देखिन्छ ।

✍ **उप-प्राध्यापक : रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, गुल्मी ।**

-०००-

किरण पुस्तकालय : शैक्षिक चेतनाको संवाहक

✍ भुवनप्रसाद श्रेष्ठ

विगत ५० वर्षदेखि चौतर्फी चेतनाको सञ्चार छर्ने हाम्रो किरण पुस्तकालय । म ५/६ वर्षको हुँदो हुँ, मलाई धमिलो सम्झना छ । तिहारको झिलिमिली देउसी भैलो नाचका माध्यमबाट बजारका घर-घरमा देउसी भैलो नाच्दै हिंडेको । भेषबहादुर सरको सुमधुर स्वरमा स्वर मिलाउँदै थोपा-थोपा उवाएर घैलो भर्ने त्यो सामाजिक प्रयासको अनुकरणीय नमुना हो आजको समुन्नत किरण पुस्तकालय ।

समाज विकासमा व्यक्तिको प्रभाव कति महत्त्वपूर्ण हुन्छ भन्ने कुराको दृष्टान्त आज यो किरण पुस्तकालय बनेको छ । आदरणीय शशि गुरुले परिकल्पना गरी समाजसेवी नरप्रसाद श्रेष्ठदेखि अन्य समाज सुधारकको सहयोगमा निरन्तर अगाडि बढेको यस शैक्षिक केन्द्रले कहिल्यै थकाइ मारेको छैन । पठन संस्कृतिको विकासका लागि सृजनशील नवप्रतिभा प्रस्फुटनका लागि गुल्मी जिल्ला र जिल्ला बाहिर रहेका प्रतिभावान् विद्वान्हरूका लेख-रचना र पुस्तक प्रकाशनका लागि यस ज्ञानकेन्द्रले पुऱ्याएको योगदान अविस्मरणीय छ । ४५ वर्षदेखि 'हाम्रो पुरुषार्थ' नामक पत्रिकाको नियमित प्रकाशन र थुप्रै लेखकहरूका रचनालाई नियमित प्रकाशन गरेर यस किरण पुस्तकालयले नेपाली साहित्य भण्डारलाई थप समृद्ध बनाएको छ ।

स्वामी शशिधरको बाणोपनिषद् (२०३३), महाप्रभु लक्ष्मीनारायणको रेसुङ्गाका आध्यात्मिक कृति (२०३६), डा. टीकाराम पन्थीका केही जनश्रुतिहरू (२०४२), नेनेपालः (२०४४) अर्वाचीन रेसुङ्गा (२०६४) आदि र परशुराम उपाध्याय पन्थीको तपोभूमि रेसुङ्गाधाम (२०६७) र केशवप्रसाद पौड्यालको रुरुक्षेत्र २०४३ का साथै विभिन्न लेखकहरूका गुल्मीको ऐतिहासिक झलक, बुद्धस्मरणम्लगायत दर्जन बढी पुस्तक प्रकाशन गरेर जिल्लाको धार्मिक, सांस्कृतिक, ऐतिहासिक र भौगोलिक पहिचानलाई देश देशान्तरमा परिचित गराई यस किरण पुस्तकालयले हामी गुल्मीवासीलाई ऐतिहासिक गुन लगाएको छ भने लेखकहरूलाई पुस्तक प्रकाशनको झन्झटबाट मुक्त गर्दै लेखन कलाको विकासमा सदैव लाग्न प्रोत्साहित गरिरहेको छ र हामी पाठकहरूलाई निरन्तर अध्ययनशील बन्न घच्घचाइरहेको छ ।

पुस्तक, पुस्तकालय र पठन संस्कृति समाज विकासका मानक हुन् । शैक्षिक चेतनाका संवाहक हुन् । छापा अखबार पढ्ने पाठक घट्दै गैरहेको सन्दर्भमा यस पुस्तकालयको ऐतिहासिक स्वर्णमहोत्सवले हामी गुल्मीवासीको शिर उचो भएको छ । अविराम, अथक यात्रा यस पुस्तकालयको प्रमुख पहिचान हो । त्यसैले यो हाम्रो धार्मिक, सांस्कृतिक र सामाजिक पहिचान हो । त्यसैले यो हाम्रो सामाजिक शैक्षिक चेतनाको मानक पनि हो । यो पुस्तकालय गुल्मीको गौरव अनि सुन्दर गहना हो ।

पुस्तक, पुस्तकालय र पठन संस्कृति समाज विकासका मानक हुन् । शैक्षिक चेतनाका संवाहक हुन् । छापा अखबार पढ्ने पाठक घट्दै गैरहेको सन्दर्भमा यस पुस्तकालयको ऐतिहासिक स्वर्णमहोत्सवले हामी गुल्मीवासीको शिर उचो भएको छ । अविराम, अथक यात्रा यस पुस्तकालयको प्रमुख पहिचान हो । त्यसैले यो हाम्रो धार्मिक, सांस्कृतिक र सामाजिक पहिचान हो । त्यसैले यो हाम्रो सामाजिक शैक्षिक चेतनाको मानक पनि हो । यो पुस्तकालय गुल्मीको गौरव अनि सुन्दर गहना हो ।

कलम सदैव स्वतन्त्र बग्न चाहन्छ । पुस्तक तिनै स्वतन्त्र भावनाहरूको पुञ्ज हो । यिनै पुञ्जहरूको सग्लो माला यो पुस्तकालय हो । चौतर्फी ज्ञानका हजारौं पुस्तकहरू आफूमा समेटेर बसेको यो ज्ञान मन्दिर सृजनशील, कर्मशील जिज्ञासुका लागि अनन्त जिज्ञासा निवारण गर्ने अनुसन्धान केन्द्र बनेको छ ।

कहिले पाठक धेरै भए कहिले थोरै, कहिले स्रोता धेरै भए कहिले थोरै । आगन्तुक-अतिथि धेरै थोरै त्यसको कहिले पर्वाह भएन । मोती जयन्तीबाट शुरू भएको विना निमन्त्रणाको कवि उत्सव लक्ष्मी, भानु र लेखनाथ जयन्तीसम्म आइपुग्दा स्थापित कविवरदेखि दर्जनौं नवप्रतिभा प्रस्फुटनको ऐतिहासिक रंगशाला बन्यो यो "किरण पुस्तकालय" । यसको क्रमभंगता कहिल्यै भएन, यो निरन्तर अगाडि बढिरह्यो, अझै कालान्तरसम्म अगाडि बढिरहनेछ ।

भौतिक तथा आर्थिक विकासको मापन सजिलो छ । शरीर र भुँडीको मापन सजिलो भए झैं । चेतना र गिदीको मापन कहाँ सजिलै हुन्छ र ? ठूला-ठूला भवन भौतिक संरचना र प्रगतिले ठूलो परिवर्तनको संकेत गर्दछन् तर जनचेतनाको मापन आवरणमा हुँदैन बौद्धिकतामा झल्कने गर्दछ । त्यसैले यस पुस्तकालयले पुऱ्याएको सचेतनाको मापनलाई जन-जनमा देखिएको जनचेतनाले प्रतिविम्बित गरिरहेको हुन्छ । त्यसकारण यस क्षेत्रका नागरिकको चौतर्फी सचेतनाको रहस्य यही किरण पुस्तकालय हो भन्दा अत्युक्ति हुने छैन ।

आउटडोर गेम खेल्नका लागि खेलमैदानको आवश्यक भएझैं इनडोर गेमका पारखीलाई चेस, क्यारिमबोर्डलगायतका खेल सामग्रीको आवश्यकता पर्दछ । त्यस्तै साहित्य सिर्जना, पारखीको प्रतिभा प्रस्फुटनका लागि साझा रङ्गशाला बनेको छ यो पुस्तकालय । फुटबल खेलाडीलाई खेलमैदान जस्तै हो सादा कापीको मैदानमा कलमको खेल खेल्ने खेलाडीका लागि यो पुस्तकालय ।

सभापति-नेपाली काँग्रेस, गुल्मी ।

–ooo–

अनुरोध

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं ।

व्यक्तिगत घटना दर्ता कसले गर्ने ?

- जन्म तथा मृत्युको घटना परिवारको सदस्यले,
- विवाहको घटना पति, पत्नी दुबैले,
- सम्बन्ध विच्छेदको घटना पति वा पत्नीले,
- बसाइसराइको घटना परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाइसराइ गरी जाने व्यक्तिले ।

व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?

जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिकाका वडाका स्थानीय पञ्जिकाधिकारी (वडा सचिव) वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनुपर्दछ ।

कसरी गर्ने ? **गाउँपालिकाका वडा कार्यालयहरूमा निःशुल्क पाइने फाराम भरी घटना भएको ३५ दिनभित्र घटना दर्ता गर्नुपर्दछ ।**

विकासमा सक्रिय सहभागी भई समुन्नत छत्रदेव गाउँपालिका निर्माणमा सबैले योगदान पुऱ्याऔं । यस छत्रदेव गाउँपालिकाबाट स्वीकृत भई सञ्चालन भएका विभिन्न योजना तथा कार्यक्रममा सबै लाभान्वित उपभोक्ताहरू चनाखो भई सञ्चालित योजनाको गुणस्तर, दीगोपन, योजनामा देखिएका कमी कमजोरीहरू समयमै औल्याइदिई योजना कार्यान्वयनमा आवश्यक सहयोग गर्नु हुन सम्पूर्ण नागरिक समाज, पत्रकार, पेशाकर्मी, बुद्धिजीवी, राजनैतिक दल, संघसंस्था तथा सम्बद्ध सबैसँग हार्दिक अनुरोध गर्दछौं ।

सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरूको भत्ता शुरू मिति गणनासम्बन्धी जानकारी

- ज्येष्ठ नागरिकका हकमा उमेर पुगेको पछिल्लो चौमासिकदेखि तर ज्येष्ठ नागरिकले आफ्नो उमेर पुग्ने मिति उल्लेख गरी अघिल्लो आ.व.मा नै तोकिएको म्यादभित्र दरखास्त दिनुपर्नेछ ।
- एकल तथा विधवाको हकमा सम्बन्ध विच्छेद वा पतिको मृत्यु दर्ता प्रमाण-पत्रसहित दरखास्त दिएको पछिल्लो चौमासिकदेखि ।
- अपाङ्गता भएको व्यक्तिको हकमा अपाङ्गता परिचय-पत्रसहित दरखास्त दिएको पछिल्लो चौमासिकदेखि ।
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाण-पत्रसहित दरखास्त दिएका पछिल्लो चौमासिकदेखि भत्ता प्रदान गर्न सकिनेछ ।

- गाउँ कार्यपालिका/वडा कार्यालयमा आई आवश्यक सूचना लिने बानीको विकास गरौं ।
- कर तिरी सभ्य नागरिकको परिचय दिऔं ।
- कर तिर्नु कानुनी कर्तव्य मात्रै होइन सम्मान पाउने अवसर पनि हो ।
- आफ्नो वरपर सफा र सुग्घर राखौं, स्वस्थ जीवनयापन गरौं ।
- जन्म, मृत्यु, बसाइसराइ तथा अन्य व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- महिला हिंसा अन्त्य गरौं, बालश्रम र शोषणको अन्त्य गरौं ।
- २० वर्ष पुगेपछि मात्र विवाह गरौं ।
- अपाङ्ग भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं ।
- ज्येष्ठ नागरिकलाई सम्मान गर्दै औषधि उपचारको उचित प्रबन्ध गरौं ।

तुलसीदेवी श्रेष्ठ
उपाध्यक्ष

तथा

लेखनाथ पोखेल
अध्यक्ष

छत्रदेव गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

छत्रगञ्ज, अर्घाखाँची

शुभकामना



शान्तिनारायण श्रेष्ठ

अमूल्य मोती ज्ञानको ज्योति तिमी हौ 'किरण'
अपेक्षा 'हाम्रो पुरुषार्थ' राम्रो गरेथ्यौ वरण
शुभेच्छा छर्दै प्रवेश गर्दै पचासौं वर्षमा
तिमी हौ प्यारा भन्दछौं सारा खुलेर हर्षमा ।

विवेक बुद्धि ज्ञानको तिमी शीतल चौतारी
करूणा दया सद्भावनाको बनेर औतारी
कर्मको फल भोग्नु छ भन्दै अधर्म नकारी
जति नै कष्ट परे तापनि हिडेनौ भौंतारी ।

ममता, माया, मानव सेवा सदैव सकारी
सबैको भलो चिताई भन्यौ ज्ञानको भकारी
साहित्य, कला, संस्कृतिलाई दिएर छहारी
वाङ्मय फूल फुलायौ सधै हिम्मत नहारी ।

सत्य र न्याय पक्षको सधै सुमार्ग पैलाई
अनन्तसम्म बाँच है 'किरण' सुकीर्ति फैलाई
अज्ञानीलाई दिएर ज्ञान सुधारी भावना
सबैको प्रिय भएर जिऊ छ **'शुभकामना'** ।

संस्थापक अध्यक्ष : गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, कुश्मा, पर्वत ।

-ooo-

किरण पुस्तकालयका स्वर्णजयन्ती वर्षका कार्यक्रमहरू



✍गोपाल पन्थी

किरण पुस्तकालय, गुल्मीले आफ्नो स्थापनाको आधा शताब्दी पूरा भएको सुखद अवसरमा २०७४ कार्तिकदेखि २०७५ कार्तिकसम्मको १ वर्षलाई 'स्वर्ण-जयन्ती वर्ष' को रूपमा नियमित कार्यका साथसाथै विभिन्न विशेष कार्यक्रमहरू आयोजना गरी भव्य रूपमा मनाएको छ ।

यसको पूर्व सन्ध्यामा मिति २०७४/६/२२ मा किरण पुस्तकालयले ५० औं पुस्तकालय सभा सम्पन्न गरेको छ । उक्त सभामा नरप्रसाद श्रेष्ठको अध्यक्षता, प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालको प्रमुख आतिथ्यमा, जि.शि.अ. टीकाराम शर्मा, स्था.वि.अ. कल्पना श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्यालको विशेष आतिथ्यमा, पुस्तकालयका सञ्चालक, संरक्षक, आजीवन सदस्य, कवि, साहित्यकारलगायतको उपस्थितिमा सचिव दीन पन्थी र कोषाध्यक्ष चनकबहादुर कुँवरद्वारा प्रतिवेदनहरू छलफलसहित पारित भएका थिए । सभामा आ.व. २०७३/०७४ को रू.२७,१६,३१८।४७ को यथार्थ आय-व्यय र आ.व. २०७४/०७५ को रू.३५,००,०००।- को अनुमित आय-व्यय विवरण प्रस्तुत भएको थियो । सभासद् घनश्याम सुस्मित, राधा पन्थी, प्र.जि.अ. गोपालप्रसाद अर्यालसमेतले पुस्तकालयका गतिविधिहरू समेट्दै मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमको सञ्चालन भुवन अर्यालले गर्नुभएको थियो ।

नेपालका विशिष्ट कविहरूका जन्मजयन्तीहरू नियमित रूपमा मनाउने परम्परा अनुरूप मिति २०७४/०९/१४ मा पुस्तकालयले कविशिरोमणि लेखनाथ पौड्यालको १३४ औं जन्मजयन्ती भव्य रूपमा मनाएको थियो । सदाझैं कविको तस्विरमा माल्यार्पण, सरस्वती बन्दना, कविको कृति पाठ, स्वकीय कविता वाचन, कविको सम्झनामा उनको व्यक्तित्व, कृतित्व र योगदानको चर्चा गर्दै कार्यक्रम समापन भएको थियो ।

मिति २०७५/३/२९ मा पुस्तकालयले आदिकवि भानुभक्त आचार्यको २०५ औं जन्मजयन्ती विभिन्न कार्यक्रम गरी मनाएको छ । अध्यक्ष नरप्रसाद श्रेष्ठ, प्रमुख अतिथि जिल्ला समन्वय अधिकारी कल्पना श्रेष्ठ, अन्य उपस्थित प्रमुख

प्रशासकीय अधिकृत मुक्तिराम अर्याल, नन्दराम भुसाल, ढुण्डिराज पोखेल, सुरेशचन्द्र भुसाललगायत पुस्तकलायका सञ्चालक, संरक्षक, आजीवन सदस्य, शुभचिन्तक, कवि, साहित्यकार जस्ता विशिष्ट महानुभावहरू रहेको कार्यक्रममा माल्यार्पण, कविको कृतिपाठ, प्रवचन र कविता गोष्ठीसमेत भएको थियो । कविता प्रतियोगितामा ८ जना कविहरूले भाग लिनुभएकोमा विष्णु काला मगर प्रथम, यशोदा पोखेल द्वितीय, सन्दीप मरासिनी तृतीय र गोविन्द खनालले सान्त्वना पुरस्कार प्राप्त गर्नुभएको थियो । प्रतियोगिताको मूल्याङ्कन रमाकान्त पौडेल, लक्ष्मण रिजाल र गोपाल पन्थीले गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन भुवनप्रसाद अर्यालले गर्नुभएको थियो । 'समृद्ध पुस्तकालय : सुदृढ समाज' भन्ने नाराका साथ पुस्तकालयले २०७५ साल भाद्र १५ गते विभिन्न कार्यक्रमहरू गरी एघारौं राष्ट्रिय पुस्तकालय दिवस भव्य रूपमा मनायो ।

किरण पुस्तकालय गुल्मीले आफ्नो स्थापनाको पचास वर्ष यात्रा पूरा गर्ने क्रममा अत्याधुनिक सुविधा सम्पन्न नयाँ पुस्तकालय भवन निर्माण गर्ने भएको छ । २०७५ साल कार्तिक १८ गते बिहान ९:३० बजेको शुभ साइतमा माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्णराज बिष्टबाट पुस्तकालय भवनको शिलान्यास भएको छ ।

पुस्तकालयले २०७५ साल भाद्र २४ गते ५ नम्बर प्रदेश स्तरीय प्रथम पुस्तकालय सम्मेलनको आयोजना गर्‍यो । सो अवसरमा १५३ औं मोती जयन्ती, १०५ औं बी.पी. जयन्तीको संयोग परेकोले ती जयन्तीहरू पनि एकीकृत रूपमा मनाइयो । उक्त कार्यक्रममा पुस्तकालयका अध्यक्ष नरप्रसाद श्रेष्ठको अध्यक्षता प्रदेश नं. ५ का माननीय सभासद् तथा विशेषाधिकार समितिका सभापति कमलराज श्रेष्ठको प्रमुख आतिथ्य, प्रदेश सभाका सभासद्द्वय दिनेश पन्थी र खड्गबहादुर के.सी.को विशेष आतिथ्य, प्र.जि.अ. यदुनाथ पौडेल, कार्यालय प्रमुख, संघ संस्थाका प्रमुख तथा प्रतिनिधि र राजनीतिक दलका नेतागण, नगर प्रमुखलगायतका जनप्रतिनिधिहरू, केन्द्रीय सामुदायिक पुस्तकालयका अध्यक्ष केशवराज शर्मा तथा प्रतिनिधिहरू, शिक्षा मन्त्रालयका यादवचन्द्र निरौला, प्राज्ञ डा. तुलसी भट्टराई, इन्दिरा दली, वनमाली निराकार डा. हिरण्यलाल ज्ञवाली जस्ता विशिष्ट व्यक्तित्वहरू, ५ नं. प्रदेशका जिल्लाहरूबाट पुस्तकालयको प्रतिनिधित्व गर्दै आउनु भएका सहभागीलगायत सम्बद्ध स्थानीय सरोकारवालाहरूको उपस्थिति थियो । सम्मेलनमा उद्घाटन, माल्यार्पण, स्वागत मन्तव्य, स्वागत गीत, राष्ट्रिय गान, कवितावाचन, प्रवचन, स्रष्टासम्मान, पुस्तकविमोचन, जानकी साहित्य पुरस्कार वितरण, नृत्य कार्यक्रम आदि प्रस्तुत गरिएका थिए । पुरस्कार तथा उपहार प्रदान र घोषणापत्र जारी जस्ता अनेकन कार्यक्रम गर्दै सम्मेलन सम्पन्न भएको थियो ।

किरण पुस्तकालय गुल्मीले आफ्नो स्थापनाको पचास वर्ष यात्रा पूरा गर्ने क्रममा अत्याधुनिक सुविधा सम्पन्न नयाँ पुस्तकालय भवन निर्माण गर्ने भएको छ । २०७५ साल कार्तिक १८ गते बिहान ९:३० बजेको शुभ साइतमा माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्णराज बिष्टबाट पुस्तकालय भवनको शिलान्यास भएको छ । उक्त भवन मन्त्री बिष्टको सत्प्रयासबाट निर्माणको चरणमा पुगेको र उक्त कार्यक्रममै मन्त्रीज्यूले भवन निर्माणको पूर्णताको जिम्मेवारी ग्रहण गर्दै प्रतिबद्धतासमेत जाहेर गर्नुभएको छ । यो भवनको नक्सा डिजाइन, ड्रोइङ र इष्टिमेट गर्ने कार्यमा मन्त्री बिष्टको पहल र आर्किटेक्ट इञ्जिनियर अमन मास्केको विशेष सहयोग रहेको थियो । सो कार्यक्रममा इ. मास्केले भवनको आकृति, यसका प्राविधिक, आन्तरिक र बाह्य पक्षको बारेमा प्रष्ट पार्दै लागत रकम चार-पाँच करोड लाग्ने जानकारी कार्यक्रममा गराउनुभएको थियो ।

यस विशेष समारोहमा पुस्तकालयलाई विभिन्न पक्षबाट सहयोग पुऱ्याउने निम्न महानुभावहरूलाई सम्मान गरिएको थियो ।

१. अक्षयकोषका संस्थापकहरू

- श्री नरप्रसाद श्रेष्ठ (रे.न.पा.-१, गुल्मी)
- श्री नन्दराम भुसाल (रे.न.पा.-८, गुल्मी)
- श्री तारादेवी पन्थी (रे.न.पा.-१, गुल्मी)
- श्री ध्रुवराज पन्थी (रे.न.पा.-२, गुल्मी)
- श्री शङ्करप्रसाद गौतम (रुरु, गुल्मी)

२. निवर्तमान पदाधिकारीहरू

- श्री हरिप्रसाद गौतम (जुभुङ, गुल्मी)-सदस्य
- श्री चिरञ्जीवी शर्मा मरासिनी (रे.न.पा.-४, गुल्मी)-सदस्य
- श्री भेषबहादुर कुँवर 'प्रयासी' (रे.न.पा.-२, गुल्मी)-कोषाध्यक्ष

३. स्वयंसेवकहरू

- श्री विष्णुप्रसाद खनाल (रे.न.पा.-१, गुल्मी)
- श्री ज्ञानराज मरासिनी (रे.न.पा.-१, गुल्मी)

४. हाम्रो पुरुषार्थमा योगदान पुऱ्याउने महानुभावहरू

- श्री दीन पन्थी (सहसम्पादक)
- श्री भुवनप्रसाद अर्याल (सहायक सम्पादक)
- श्री गोपाल पन्थी (सम्पादन सहयोगी)

- श्री प्रा.डा. दुर्गाप्रसाद अर्याल (काठमाडौं प्रतिनिधि)
- श्री डा. लक्ष्मीकान्त पन्थी (काठमाडौं प्रतिनिधि)
- श्री गोपाल पन्थी (बुटवल प्रतिनिधि)
- श्री पूर्णप्रसाद अधिकारी (चितवन प्रतिनिधि)
- श्री डा. अर्जुनप्रसाद भट्टराई (दाङ प्रतिनिधि)
- श्री कृष्णप्रसाद पाण्डे (सुशिला प्रिन्टर्स)

५. नक्साङ्कन कार्यमा सहयोग गर्ने

- श्री आर्किटेक्ट इञ्जिनियर अमन मास्के, काठमाडौं ।

यसै कार्यक्रममा डा. लक्ष्मीकान्त पन्थीद्वारा लिखित चारवटा खण्डकाव्यहरूको संग्रह **'काव्यमालिका'** नामक पुस्तकको प्रमुख अतिथि मन्त्री बिष्टबाट विमोचन गरिएको थियो । यसै अवसरमा विभिन्न लेखक, साहित्यकार तथा विद्वान् स्रष्टाहरूद्वारा लिखित किरण पुस्तकालयद्वारा प्रकाशित १४ वटा कृतिहरू, पुस्तकालयको मुखपत्रको रूपमा २०३० सालदेखि २०७५ सालसम्म प्रकाशन भएका 'हाम्रो पुरुषार्थ' राष्ट्रिय स्तरको 'क' वर्गको त्रैमासिक पत्रिकाका ७९ अङ्कहरूलगायत गुल्मी जिल्लाको परिचय झल्काउने महत्त्वपूर्ण पुस्तक, शोधपत्र तथा अनुसन्धानमूलक कृतिहरूको तीन दिने प्रदर्शनीको मन्त्री बिष्टले उद्घाटन गर्नुभएको थियो । उक्त प्रदर्शनी किरण पुस्तकालयको वाचनालय कक्षमा २०७५ साल कार्तिक १८, १९ र २० गते ३ दिनसम्म चलेको थियो ।

स्वर्णजयन्ती वर्षको पछिल्लो औपचारिक कार्यक्रम २०७५ कार्तिक २७ गते महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म जयन्ती मनाएर समापन भएको थियो । सधै तिहारको लक्ष्मी पूजाको दिन मनाइने देवकोटा जयन्ती हिन्दूहरूको विशेष पर्वको व्यस्त समयमा पर्ने भएकोले कार्यक्रम सञ्चालन, सहभागिता र प्रभावकारितामा कमी भएको अनुभूति भएकोले पुस्तकालय व्यवस्थापन समितिको निर्णयबमोजिम मितिअनुसार कार्तिक २७ गते नै गर्दा उपयुक्त हुने ठानी यसै स्वर्णजयन्ती वर्षको अवसरबाटै देवकोटा जयन्ती कार्तिक २७ गते मनाउन थालिएको हो । सदा झैं यस वर्ष पनि कवि र सरस्वती माताको तस्विरमा माल्यार्पण, कविको कृति पाठ, विभिन्न दाता, संघसंस्थाबाट प्राप्त भएका, पुस्तकालयले खरिद गरेका पुस्तकहरूमा पुस्तकालयको टाँचा लगाई आम्दानी गर्ने, स्वकीय कविता वाचन, शुभकामना आदान-प्रदान, धन्यवाद ज्ञापन, प्रवचन जस्ता कार्यक्रम गरी भव्य रूपमा मनाइएको थियो ।

स्वर्णजयन्ती वर्षको अर्को महत्त्वपूर्ण र अन्तिम कार्य स्वर्णजयन्ती वर्ष विशेषाङ्क पुस्तकको प्रकाशन थियो । पुस्तकालयले आफ्नो स्थापनादेखि स्वर्णजयन्ती मनाउँदासम्मको पचास वर्षे यात्रामा भएका विभिन्न आरोह-अवरोह, उकाली-

ओराली, कथा-व्यथा, भोगाइ र अनुभवलाई समेट्दै स्मृति ग्रन्थको रूपमा सम्बद्ध महानुभावहरूका संस्मरणहरू पुस्तकालयको आजको आवश्यकता र भोलिको कार्ययोजनालाई समेट्दै आफ्ना गतिविधिहरूलाई पनि प्रस्तुत गर्दै हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ८० औं कार्तिक-पौष अङ्क पुस्तकालयको स्वर्णवर्ष विशेषाङ्कको रूपमा पाठक सामु उपहारको रूपमा प्रस्तुत गर्दै स्वर्णवर्ष बिदा हुने भएको छ ।

अन्त्यमा पुस्तकालयका अग्रज जन्मदाता, पुस्तकालयलाई स्थापनादेखि वर्तमान अवस्थासम्म ल्याइपुऱ्याउने विशिष्ट शैक्षिक व्यक्तित्वहरू, स्थानीय संघसंस्था, कार्यालय, समुदाय, समाजसेवी, बुद्धिजीवी, राजनीतिक दल, कवि, साहित्यकार, सञ्चालक, संरक्षक, आजीवन सदस्य, नागरिक समाज, भाषा साहित्य तथा पुस्तकालयप्रेमी सम्पूर्ण महानुभावहरूलाई कृतज्ञताको भाव व्यक्त गर्दछु । धन्यवाद ।

सदस्य-किरण पुस्तकालय व्यवस्थापन समिति ।

-०००-

नगरवासीहरूमा हार्दिक अनुरोध

- जन्म दर्ता, विवाह दर्ता, मृत्यु दर्ता, सम्बन्ध विच्छेद एवं बसाइसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर ढल विसर्जन स्थलको रूपमा प्रयोग नगरौं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- नगरपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- रूख रोपौं, वातावरण संरक्षण गरौं, हरियाली बढाऔं, स्वच्छ वातावरण बनाऔं ।
- खुल्ला स्थानमा दिशापिसाव नगरौं, सभ्य नागरिकको परिचय दिऊँ ।
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरुत्साहित गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- फोहोर अव्यवस्थित रूपमा खाली जग्गा, सार्वजनिक स्थल, सडक, नदी, नहरका छेउमा फाल्दा नगर नै दुर्गन्धित हुने भएकोले यसरी अव्यवस्थित रूपमा फोहोर फाल्ने कार्य तत्काल बन्द गरी फोहोर उत्पादन तहमै, स्थानीय टोल समुदाय तहमै व्यवस्थित गर्न, फोहोर संकलन गर्ने सवारी साधन (टेक्टर, टिप्पर आदि) मा राखी पठाई नगर सफा राख्ने अभियानमा सहयोग गर्नुहुन अनुरोध छ ।
- फोहोर सकेसम्म कम उत्पादन गर्न र जैविक अजैविक उत्पादित फोहोरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहोरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऊँ । फोहोर व्यवस्थापनको लागि तोकिएको शुल्क समयमा नै तिरी सभ्य नागरिकको परिचय दिऔं ।
- फोहोर जथाभावी सडक, नाली, कुला, खोलानाला, चौर कतै पनि फाल्ने व्यक्तिलाई, फोहोर व्यवस्थापनमा अवरोध गर्नेलाई नगरपालिकाको फोहोर व्यवस्थापन ऐन, २०७५ बमोजिम जरिवाना तथा कैद सजाय हुने कानुनी प्रावधान रहेको ब्यहोरासमेत जानकारी गराउँदछौं ।
- सवारी साधन जथाभावी रूपमा पार्किङ्ग नगरौं ।
- पूर्व पश्चिम लोकमार्ग तथा सहायक मार्गहरू मिची सडकमा भौतिक संरचना निर्माण सामग्री नराखौं ।
- आफ्नो टोललाई हप्ताको एक दिन नियमित रूपमा सफा गर्ने गरौं ।

रेसुङ्गा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, तम्घास, गुल्मी

गुल्मी जिल्लालाई चिनाउन किरण पुस्तकालयको भूमिका

✍लक्ष्मी पन्थी (अर्याल)

वि.सं. २०२५ साल कार्तिक २० गते 'किरण पुस्तकालय' शुरूमा शशि पन्थीका गोठबाट शुरू भएको हो । आफ्ना छोराको पुस्तकालयप्रतिको मोहमा थप ऊर्जा थप्ने काम उहाँका पिता देवीदत्त पन्थीले गर्नुभएको हो । उहाँ आज यस संसारमा नभए पनि यो पुस्तकालयको जगमा उहाँको आर्थिक लगानी, सद्भाव, सहयोग, हौसला अविस्मरणीय छ । तापनि त्यो प्रसङ्ग त्यति सार्वजनिक हुन नसकेको जस्तो अनुभव हुन्छ । गोठको एक कोठाबाट शुरू भएको यो पुस्तकालय समयको गतिसँगै आज आफ्नै जग्गा र भवनमा सञ्चालित छ । दश हजारभन्दा बढी पुस्तकलगायत थुप्रै पत्र-पत्रिकाहरूसहित सुसज्जित यो पुस्तकालय अब सानो र साँघुरो भइसकेको छ । यसको अत्याधुनिक भवन निर्माणका लागि यही मिति २०७५/७/१८ गते नेपाल सरकारका माननीय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण बिष्टबाट शिलान्याससमेत भइसकेको छ । यस पुस्तकालयले गुल्मी जिल्लालाई चिनाउनका लागि खेलेको भूमिकालाई यस लेखमा संक्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

१. हाम्रो पुरुषार्थ

शुरूमा मुखपत्रको रूपमा र त्यसपछि विधिवत् दर्ता भई २०३५ सालबाट अर्धवार्षिक र २०७३ सालबाट त्रैमासिक रूपमा प्रकाशित एवं 'क' वर्गको राष्ट्रिय स्तरको पत्रिकामा समेत सूचीकृत हुन पुगेको 'हाम्रो पुरुषार्थ' किरण पुस्तकालयबाट प्रकाशित पत्रिका हो । यस पत्रिकाभित्र सङ्कलित लेख-रचनाहरू अधिकांश रूपमा गुल्मी जिल्ला र यसको सेरोफेरोका सन्दर्भ एवं यहाँका धार्मिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक सम्पदासँग सम्बन्धित रहन्छन् । यसबाट गुल्मी जिल्लाका सन्दर्भमा जान्न बुझ्न अत्यन्त सहज भएको छ । यस पत्रिकाका स्थायी ग्राहकहरू गुल्मी जिल्लामा मात्र सीमित नरही नेपालका अधिकांश जिल्लामा र विदेशमा समेत रहेका छन् । 'हाम्रो पुरुषार्थ' उहाँहरूका हातमा पुग्दा यसको माध्यमबाट गुल्मी जिल्लालाई चिन्न चिनाउन सहज भएको छ । त्यसैगरी

नेपालभित्र मात्र नभई नेपालबाहिर बनारस, देहरादून, आसामलगायत भारतका विभिन्न प्रदेश र विदेशमा समेत यसका प्रतिनिधिहरू रहनु भएको छ । उहाँहरू लगायत विदेशमा रहनुभएका ग्राहकका हातमा 'हाम्रो पुरुषार्थ' पुग्दा गुल्मी जिल्लालाई 'किरण पुस्तकालय' भएको जिल्ला भन्दै गर्दा किरण पुस्तकालयसँगै जिल्लाको नाम जोडिन आउँछ ।

२. किरण पुस्तकालयका प्रकाशनहरू

गुल्मी जिल्लालाई चिनाउन किरण पुस्तकालयले गरेको दोस्रो महत्त्वपूर्ण काम यसका प्रकाशनहरू हुन् । हालसम्म यसले आफ्ना १४ वटा प्रकाशनहरू सार्वजनिक गरिसकेको छ । तीमध्ये अधिकांश कृतिहरू गुल्मी जिल्ला र यसको सेरोफोरोसँग सम्बन्धित छन् । ती हुन् :

- सन्त शशिधरको वाणोपनिषद्-स्वामी शशिधर (२०३३)
- रेसुङ्गाका आध्यात्मिक कृति-महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर (२०३६)
- केही जनश्रुतिहरू-डा. टीकाराम पन्थी (२०४२)
- रुरुक्षेत्र-केशवराज पौडेल (२०४३)
- नेनेपाल:-डा. टीकाराम पन्थी (२०४४)
- बुद्धस्मरणम्-डा. टीकाराम पन्थी (२०५४)
- मेरो देश नेपाल-मुकुन्दहरि ज्ञवाली (२०५४)
- गुल्मीको ऐतिहासिक झलक-डा. राजाराम सुवेदी (२०५५)
- मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा-मोदनाथ प्रश्रित (२०५८)
- सांस्कृतिक चिन्तन-डा. टीकाराम पन्थी (२०६२)
- अर्वाचीन रेसुङ्गा-डा. टीकाराम पन्थी (२०६४)
- तपोभूमि रेसुङ्गाधाम-परशुराम पन्थी (२०६७)
- ग्रहविमर्श-अर्जुनप्रसाद भट्टराई (२०६८)
- काव्यमालिका-डा. लक्ष्मीकान्त पन्थी (२०७५)

यस पुस्तकालयले प्रकाशन गरेका यी कृतिहरूका माध्यमबाट गुल्मी जिल्लाले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र नेपालबाहिरका विभिन्न देश, भारतका विभिन्न प्रदेश, अष्ट्रेलिया, अमेरिका जस्ता मुलुकमा समेत किरण पुस्तकालय गुल्मीका रूपबाट सुपरिचित हुने मौका पाएको छ ।

३. भाषिक सङ्गोष्ठी २०५७

किरण पुस्तकालयले गुल्मीलाई सुपरिचित गराउन गरेको अर्को उल्लेखनीय कार्य भाषिक सङ्गोष्ठी २०५७ हो । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको आयोजना र किरण पुस्तकालयको संयोजनमा २०५७ चैत १८ र १९ गते सञ्चालित उक्त गोष्ठीमा १२ जना प्राज्ञ तथा प्राध्यापकहरू काठमाडौंबाट आउनुभएको थियो भने

जिल्लाका सम्पूर्ण क्याम्पस, उच्च मा.वि. तथा पश्चिमाञ्चल विकास क्षेत्रका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा नेपाली विषय पढाउने प्राध्यापकहरूको उपस्थिति रहेको थियो । यसबाट गुल्मी जिल्लालाई नेपालभरिका विभिन्न क्षेत्रसम्म सुपरिचित गराउन सफल भएको मानिन्छ । गुल्मी जस्तो विकट क्षेत्रमा पनि त्यस्तो ऐतिहासिक कार्यको संयोजन गर्ने काममा किरण पुस्तकालय सफल भएको थियो । यस गोष्ठीका सन्दर्भमा रेसुङ्गा शिखर सन्देश, नेपाल समाचारपत्र, कान्तिपुर दैनिक, युगवाणी साप्ताहिक, राष्ट्रिय साप्ताहिक, घटना र विचार साप्ताहिक, गोरखापत्र दैनिक, प्रज्ञा गतिविधि जस्ता महत्त्वपूर्ण राष्ट्रिय स्तरका पत्रिकाहरूमा मुख्य समाचार बन्दै गुल्मी जिल्लालाई जोडेर विभिन्न समाचार प्रकाशित हुनुले किरण पुस्तकालयले गुल्मी जिल्लालाई चिनाउन गरेको यो कार्य अविस्मरणीय छ ।

४. प्रथम गुल्मी महोत्सव २०६८ मा पश्चिमाञ्चल क्षेत्रस्तरीय साहित्यिक गोष्ठीको आयोजना

किरण पुस्तकालयले प्रथम गुल्मी महोत्सव २०६८ को सन्दर्भमा पश्चिमाञ्चल क्षेत्रस्तरीय साहित्यिक गोष्ठी आयोजना गरेको थियो । उक्त गोष्ठीमा पश्चिमाञ्चल क्षेत्रका एवं राष्ट्रियस्तरका कविहरूको उपस्थिति रहेको थियो । यससम्बन्धी समाचारहरू गोरखापत्र, कान्तिपुर, नेपाल समाचार, बुटवल टुडेलगायतका राष्ट्रिय स्तरका पत्रपत्रिकामा किरण पुस्तकालय र गुल्मी जिल्लाको नाम जोडिएको थियो । यस कार्यक्रमले गुल्मी जिल्लालाई साहित्यिक केन्द्रका रूपमा परिचित गराएको थियो ।

५. हाम्रो पुरुषार्थ 'क' वर्गको राष्ट्रिय पत्रिकामा सूचीकृत

सूचना तथा सञ्चार मन्त्रालय र प्रेस काउन्सिलले किरण पुस्तकालयद्वारा त्रैमासिक रूपमा प्रकाशित हुने 'हाम्रो पुरुषार्थ' लाई राष्ट्रिय स्तरको 'क' वर्गको पत्रिकामा सूचीकृत गर्नुले किरण पुस्तकालयको यो प्रकाशनका माध्यमबाट गुल्मी जिल्ला सुपरिचित हुने मौका पाएको छ । यसबाट किरण पुस्तकालय गुल्मी जिल्लाको परिचय हो भन्न सकिन्छ ।

६. प्रदेश स्तरीय प्रथम पुस्तकालय सम्मेलन-२०७५

यस पुस्तकालयले प्रदेश नं. ५ अन्तर्गतका सबै जिल्लामा रहेका पुस्तकालयका प्रतिनिधि, सम्बद्ध मन्त्रालय, विभाग र केन्द्रीय पुस्तकालयलाई समेत आमन्त्रण गरी प्रदेश स्तरीय पुस्तकालय सम्मेलन २०७५ मा सम्पन्न गरेको छ । उक्त कार्यक्रममा प्रदेश नं. ५ का विभिन्न जिल्लाबाट करिब ७० जना व्यक्तिको उपस्थिति रहेको थियो । उक्त सम्मेलनका सन्दर्भमा विभिन्न राष्ट्रिय स्तरका पत्रिकामा समाचारहरू प्रकाशित भएका देखिन्छन् । पुस्तकालयकर्मीहरूलाई

पुस्तकालयमै भेला गराउन सफल किरण पुस्तकालयले गुल्मी जिल्लालाई देशका विभिन्न स्थान र देशबाहिरसमेत चिनाउन खेलेको भूमिका अतुलनीय रहेको छ ।

पुस्तकालयले प्रदेश नं. ५ अन्तर्गतका सबै जिल्लामा रहेका पुस्तकालयका प्रतिनिधि, सम्बद्ध मन्त्रालय, विभाग र केन्द्रीय पुस्तकालयलाईसमेत आमन्त्रण गरी प्रदेश स्तरीय पुस्तकालय सम्मेलन २०७५ मा सम्पन्न गरेको छ । उक्त कार्यक्रममा प्रदेश नं. ५ का विभिन्न जिल्लाबाट करिब ७० जना व्यक्तिको उपस्थिति रहेको थियो । उक्त सम्मेलनका सन्दर्भमा विभिन्न राष्ट्रिय स्तरका पत्रिकामा समाचारहरू प्रकाशित भएका देखिन्छन् । पुस्तकालयकर्मीहरूलाई पुस्तकालयमै भेला गराउन सफल किरण पुस्तकालयले गुल्मी जिल्लालाई देशका विभिन्न स्थान र देशबाहिरसमेत चिनाउन खेलेको भूमिका अतुलनीय रहेको छ ।

७. संक्षिप्त ग्रन्थकोषमा 'हाम्रो पुरुषार्थ'

प्रेस काउन्सिल नेपालले २०६५ सालमा प्रकाशित गरेको नेपाली साहित्यिक पत्र-पत्रिका संक्षिप्त ग्रन्थकोषको पृष्ठ ३८० मा 'हाम्रो पुरुषार्थ'को २०३० सालको देवकोटा जयन्तीमा प्रकाशित पहिलो अङ्कको चित्रसहित परिचय दिइएको छ ।

उक्त कोशमा वि.सं. १९६५ देखि २०६४ सालसम्म १०० वर्षको अवधिमा नेपाली भाषामा प्रकाशित ११८० वटा साहित्यिक पत्र-पत्रिकाको संक्षिप्त विवरण वर्णनुक्रममा समावेश गरिएको छ । उक्त शब्दकोषमा 'हाम्रो पुरुषार्थ'को परिचय छापिएबाट गुल्मीको चिनारी कोश अध्ययन गर्ने र शोधखोज गर्ने सबैले सहजै प्राप्त गर्न सक्दछन् ।

८. फ्रान्सेली लेखकको पुस्तकमा 'हाम्रो पुरुषार्थ'

फ्रान्सेली भाषाबाट अङ्ग्रेजी भाषामा *Susan Keyes* ले अनुवाद गरी फिलिप रामिरेजले सम्पादन गरेको अङ्ग्रेजी भाषाको *Resunga the Mountain of the Horned Sage* भन्ने पुस्तकको पृष्ठ १९३मा 'हाम्रो पुरुषार्थ'को सम्पूर्णाङ्क ४ को आवरण पृष्ठको पूरै चित्र छापिएको छ । उक्त पुस्तकमा किरण पुस्तकालयलाई चेतनाको संवाहकको रूपमा चित्रण गरिएको छ । यस पुस्तकबाट विदेशमा पनि गुल्मीलाई चिनाउने काम भएको छ ।

९. किरण पुस्तकालयका संस्थापक एवं 'हाम्रो पुरुषार्थ' का प्रधान सम्पादक विभिन्न पुरस्कारबाट पुरस्कृत

यस पुस्तकालयका संस्थापक एवं 'हाम्रो पुरुषार्थ' का प्रधान सम्पादक शशि पन्थीले पुस्तकालय सञ्चालनार्थ गरेको योगदान र राष्ट्रियस्तरको पत्रिका सम्पादन गरी भाषा साहित्यको विकासमा दिएको योगदानको कदर गर्दै उहाँलाई

विभिन्न राष्ट्रिय स्तरका पुरस्कारबाट उहाँ पुरस्कृत गरिएको छ । यसबाट पनि गुल्मी जिल्ला र किरण पुस्तकालयले परिचित हुने अवसर पाएका छन् । उहाँले प्राप्त गरेका अन्य क्षेत्रका पुरस्कारबाहेक साहित्यिक क्षेत्रबाट प्राप्त गरेका पुरस्कारहरू निम्न छन् :

१. सम्मानपत्र-चिन्तामणि निमकला भुसाल प्रतिष्ठान (२०६०)
२. राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३)
३. नूरगङ्गा साहित्य प्रतिभा पुरस्कार (२०५६)
४. सिर्जनशील एभरेष्ट साहित्यिक पुरस्कार (२०६४)
५. लुम्बिनी रत्न सम्मान (बुटवलमा रथारोहण साथ), (२०६६)
६. कुलमणि देवकोटा स्मृति प्रतिभा सम्मान (२०६८)
७. भानुभक्त स्वर्णपदक (२०७१)
८. बलराम वाङ्मय पुरस्कार (२०७१)
९. कालीगण्डकी साहित्य कला पुरस्कार (२०७२)
१०. कवि लेखनाथ ज्ञवाली वाङ्मय पुरस्कार (२०७३)
११. सम्मानपत्र-त्रिमूर्ति निकेतन, विश्वनारी नेपाली साहित्य सम्मेलन, गुल्मी (२०७३)
१२. योगमाया विद्यापति स्मृति सम्मान (२०७३)
१३. मदन-शीला साहित्यिक पत्रकारिता पुरस्कार (२०७४)
१४. सम्मानपत्र - नेपाल प्रेस युनियन, गुल्मी (२०७५) आदि ।

यसै गरी किरण पुस्तकालयलाई दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, गुल्मी, रुरु-रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति, रेसुङ्गा बहुमुखी क्याम्पस, पाल्पा साहित्य समाज, जनचेतना प्रतिभा सम्मान, लक्ष्मी कार्की स्मृति नेपाली साहित्यिक पुरस्कार आदिबाट पुरस्कृत गर्नुका साथै सम्मान गरिएको छ ।

किरण पुस्तकालय स्थापनकाकालदेखि अद्यपर्यन्त नियमित सञ्चालनमा आइरहेको गुल्मी जिल्लाकै सबैभन्दा पुरानो एकमात्र पुस्तकालय हो । यसले केवल पुस्तक, पत्रपत्रिका सङ्कलन गरी वाचनालयको मात्र व्यवस्था गरेको छैन । गुल्मी जिल्लालाई चिनाउने खालका राष्ट्रिय स्तरका कार्यक्रमको समेत आयोजना गर्दै आएको छ । यसले हरेक कविहरूका जन्म जयन्तीमा हुने साहित्यिक कार्यक्रमदेखि लिएर विविध प्रकाशनका माध्यमबाट गुल्मी जिल्लालाई चिनाउने कार्यमा महत्त्वपूर्ण योगदान दिएको छ ।

✍ **शिक्षक : महेन्द्र नमूना माध्यमिक विद्यालय, तम्घास, गुल्मी ।**

-०००-

किरण पुस्तकालयमा नारी सहभागिता

✍ राधा पन्थी

कविता मेरो रुचिको विषय थियो । मैले सानैदेखि पाठ्यपुस्तकमा समाविष्ट कविताहरू सुन्ने र पढ्ने गर्थें । एस.एल.सी.पछि २०४५ सालमा बट्टार क्याम्पस नुवाकोटमा आई.ए.मा भर्ना भएँ । ऐच्छिक विषय पनि नेपाली नै रोजें । क्याम्पसमा साप्ताहिक साहित्यिक कार्यक्रम हुने गर्थे । ती कार्यक्रममा नियमित सहभागी हुने र फाट्ट फुट्ट कविताहरू कोर्ने गर्न थालें । साहित्यिक भित्ते स्तम्भमा कविताहरू टाँस्न थालें । क्याम्पसले आयोजना गर्ने विशेष प्रतियोगितामा मेरो सहभागिता र लेखनीको प्रयास भयो । कक्षामा नेपाली पढाउने गुरुले मलाई पटक पटक उत्प्रेरणा दिँदै भन्नुहुन्थ्यो–"राधा तिमी भोलिको साहित्यरूपी बगैंचामा सुन्दर फूल भएर फुल्नेछौ ।" मलाई आज पनि गुरुले भनेका भनाइले निरन्तर जिस्काइरहन्छन् ।

तत्कालीन परिवेशमा मेरो रुचि र लेखनीमा निखार ल्याउने अरू माध्यम र अवसरहरू भएनन् । क्याम्पसका कार्यक्रमबाहेक अन्य साहित्यिक गतिविधि र फोरमका अवसर भेटिएनन् । जानी नजानी डायरीका पानाहरू भर्ने र क्याम्पसका साथीहरूलाई सुनाएर ताली र स्यावासी ग्रहण गर्ने मेरो दिनचर्या बनेको थियो । त्यस्तैमा गुल्मी जिल्लाको किरण पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ' पत्रिकाको २०४६ को कार्तिक अङ्क मेरो हातमा पऱ्यो । उक्त पत्रिकालाई मैले बडो रुचिपूर्वक आद्योपान्त पढें । १३ वटा रचना र ५ वटा स्थायी स्तम्भ रहेको उक्त पत्रिकामा जनकविकेशरी धर्मराज थापाको अन्तर्वार्ता छापिएको रहेछ । उक्त अन्तर्वार्तामा तत्कालीन साहित्य र कलाप्रतिको संकुचित धारणा र प्रतिकूल वातावरणप्रति थापाको दुखेसो व्यक्त थियो । अन्तर्वार्ता पढेपछि कवि थापाले गाएका मर्मस्पर्शी गीतहरूको सम्झना आयो । 'बन्दुक र शान्तिको सपना', 'शिक्षक यथार्थको कसौंटीमा' र 'युवा यहाँ नअटाउने भएछौ' भन्ने तीनवटा गद्य कविताहरू पत्रिकामा छापिएका रहेछन् । हिंसामा शान्ति भेटिँदैन भन्ने कवितामा बन्दुकको सिरानी हालेर सुत्दा शान्तिको सपना देखिंदैन भन्ने वास्तविकता अत्यन्त मार्मिक ढंगले प्रस्तुत गरिएको पाएँ । शिक्षकको दिनचर्यामा भेटिएको

रुग्ण कारुणिकताको चित्रण तथा तत्कालीन धमिलो परिवेश युवाअनुकूल नभएकोले युवा यहाँ नअटाउने भएछौ भन्ने अभिव्यक्तिसहितको कविताले मेरो मन छोयो । गद्य कवितामा पनि बलियो दम हुँदो रहेछ । मीठो लय हुँदो रहेछ र रोमाञ्चित गराउने शक्ति हुँदो रहेछ भन्ने अनुभूति भयो । सोही पत्रिकामा गोमा सेनको 'अनौठो प्रेम' नामक कथा पनि छापिएको रहेछ । उक्त कथाले मेरो मनमा थप प्रेरणा प्रदान गऱ्यो । नारीहरूका लेख-रचनाहरू पनि पत्रिकामा छापिदा रहेछन् । मैले आफ्ना रचना पत्रिकामा पुऱ्याउने अठोट गरें ।

मेरा चाहनाहरूले अनुकूलता भेट्याए । मैले किरण पुस्तकालय गुल्मीसँग साक्षात्कार गर्ने अवसर पाएँ । २०२५ सालदेखिका गोरखापत्रलगायतका पत्रिकाहरू बडो व्यवस्थित गरी राखिएको, विभिन्न विधाका तमाम पुस्तकहरू लामबद्ध गरिएको, सबै उमेर समूहका पाठकहरूले वाचनालय कक्ष खचाखच भरिएको, प्रसिद्ध साहित्यकारका तस्वीरहरू भित्तामा लाइन मिलाएर झुण्डाइएको, आगन्तुक पुस्तिका, पुस्तक दर्ता र वितरण, पत्रिकाको छुट्टाछुट्टै वितरण गरिएको दृश्य देख्दा मलाई साक्षात् सरस्वतीको मन्दिरमा पुगेको अनुभूति भयो । मैले पुस्तकालयसँग दिनानुदिन सामीप्यता बढाउँदै गएँ । पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ' का विगतका ३२ अङ्कहरू राम्ररी नियालें ।

लेखा र संयोगको कुरा २०४७ सालको माघ ११ गते नुवाकोटे चेलीलाई विवाहको बन्धनले कर्मथलो गुल्मी तम्घासमा ल्यायो । छोरीबाट बुहारीमा रूपान्तरण हुने नारीको बाध्यात्मक अवस्था र विषय । भाषा, भेष र भौगोलिक परिवेशलाई अनुकूल बनाउन मलाई हम्मे-हम्मे पऱ्यो । यद्यपि शिक्षा र साहित्यलाई निरन्तरता दिने अठोट गरें । घरको साथ सहयोग लिएर अगाडि बढ्ने प्रयत्न गरें ।

मेरा चाहनाहरूले अनुकूलता भेट्याए । मैले किरण पुस्तकालय गुल्मीसँग साक्षात्कार गर्ने अवसर पाएँ । २०२५ सालदेखिका गोरखापत्रलगायतका पत्रिकाहरू बडो व्यवस्थित गरी राखिएको, विभिन्न विधाका तमाम पुस्तकहरू लामबद्ध गरिएको, सबै उमेर समूहका पाठकहरूले वाचनालय कक्ष खचाखच भरिएको, प्रसिद्ध साहित्यकारका तस्वीरहरू भित्तामा लाइन मिलाएर झुण्डाइएको, आगन्तुक पुस्तिका, पुस्तक दर्ता र वितरण, पत्रिकाको छुट्टाछुट्टै वितरण गरिएको दृश्य देख्दा मलाई साक्षात् सरस्वतीको मन्दिरमा पुगेको अनुभूति भयो । मैले पुस्तकालयसँग दिनानुदिन सामीप्यता बढाउँदै गएँ । पुस्तकालयबाट प्रकाशित

'हाम्रो पुरुषार्थ' का विगतका ३२ अङ्कहरू राम्ररी नियालें । पत्रिकामा नारी सहभागिता ज्यादै न्यून लाग्यो । सम्पादन र प्रकाशन कार्यमा पनि नारीको उपस्थिति देखिएन । पत्रिकाका प्रकाशित अङ्कहरू हेर्ने क्रममा २०४१ सालको बीसौं अङ्कमा माया ठकुरीको 'इच्छा जो कहिल्यै मर्दैन' नामक कथा छापिएको रहेछ । म हठात् आश्चर्यचकित भएँ । मलाई बाल्यकालमा माया ठकुरीका कथाहरूको छाप परिसकेको थियो ।

मैले किरण पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ'का ४२ अङ्कहरूमा समाविष्ट कथाहरूलाई विषयवस्तु बनाएर २०५८/०५९ मा त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर उपाधिको लागि नेपाली कथा विधामा 'हाम्रो पुरुषार्थ' पत्रिकाको योगदान शीर्षकमा शोधपत्र तयार गरें ।

माया ठकुरी मेरो बाल्यकालको गुरुआमा २०३८/०३९ सालमा मैले त्रिभुवन त्रिशूली माध्यमिक विद्यालय नुवाकोटमा कक्षा ६ मा पढ्दा मेरी गुरुआमा माया ठकुरीले मलाई नेपाली विषय पढाउनुहुन्थ्यो । मैले उहाँलाई झल्झल्ती सम्झें । उहाँले दिएका अर्ती उपदेशहरू हामीलाई सुनाउने गरेका बाल कथाहरू, मीठो लयका गीतहरू मेरो मानसपटलमा एक/एक गर्दै ताजा हुँदै गए । मैले उहाँलाई भेटेजस्तो लाग्यो ।

पुनः मेरो ध्यान 'हाम्रो पुरुषार्थ' पत्रिकाको पुराना अङ्कतिर गयो । विगतका सबै प्रकाशित अङ्कहरू हेरें । त्यहाँ गोमा जी.सी., नैना नेपाल, पार्वती श्रेष्ठ र देवकला भण्डारीका एक/एक वटा रचनाहरू छापिएका रहेछन् । चामलमा धानका बियाँ जस्तै देखिएको नारी सहभागिताले मलाई दुःखी तुल्यायो । मैले आफैलाई प्रश्न गरें-के नेपाली नारीहरूले भाषा र साहित्यका क्षेत्रमा कलम चलाउन सक्दैनन् ? के नारीहरू शिक्षित र सक्षम हुन सक्दैनन् ? के नारीहरू परम्परा धान्ने दैनिकीबाट माथि उठेर समाजको नेतृत्व गर्न सक्दैनन् ? यिनै प्रश्नहरूको आफै समाधान खोज्दै मैले पढ्ने र सामाजिक क्षेत्रमा अघि बढ्ने, कलम चलाउने र हाम्रो पुरुषार्थमा भएको नारी रिक्ततालाई पूर्ति गर्ने प्रयत्न गरें ।

मैले किरण पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ'का ४२ अङ्कहरूमा समाविष्ट कथाहरूलाई विषयवस्तु बनाएर २०५८/०५९ मा त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर उपाधिको लागि नेपाली कथा विधामा 'हाम्रो पुरुषार्थ' पत्रिकाको योगदान शीर्षकमा शोधपत्र तयार गरें । मेरो 'हाम्रो पुरुषार्थ' को ४२ औं अङ्कमा 'मेरो देश रित्तिएको छ', ४४ औं अङ्कमा 'मेरो घडीको सुई', ४६ औं अङ्कमा 'नेपाली नारीहरू', ५९ औं अङ्कमा 'उठ् उठ् छक्काल भैसक्यो', ५७ औं अङ्कमा 'मेरा आँखाभित्र', ६१ औं अङ्कमा 'नारी' कविताहरू तथा ५६ औं अङ्कमा 'हाम्रो पुरुषार्थमा प्रकाशित डा. टीकाराम पन्थीका कथाहरूको विवेचना शीर्षकका

विवेचनात्मक लेख प्रकाशित भएका छन् । मैले यस पत्रिकालाई महत्त्व दिएर आफ्ना रचनाहरू बाहिर ल्याउने प्रयास गर्दैछु । पुस्तकालयका कार्यक्रमहरूमा मैले सहभागी, सहयोगी, प्रतियोगी, कार्यक्रम सञ्चालक, लेखक, मूल्याङ्कन कर्ता, आयोजक, समीक्षकको भूमिका निर्वाह गर्दै आएकी छु ।

नारी सहभागिताकै सन्दर्भमा कुरा गर्दा 'हाम्रो पुरुषार्थ' का हालसम्म प्रकाशित सबै ७९ अङ्कहरूलाई नियाल्दा भागीरथी श्रेष्ठ, शारदा थापा, डा. विष्णु कु. शर्मा, भावना पन्थी, जानकी ज्ञवाली, लता लम्साल, आकृति पाण्डे, रूपा पन्थी, तोया गुरुङ्ग, गरिमा पन्थी, मनीषा पन्थी, गंगा अभिलाषी, कमला पन्थी अधिकारी, मुना पौड्याल, रुरु शर्मा, कविता पन्थी, इन्दिरा शर्मा, गीता पन्थी, शान्ति ज्ञवाली, लता पन्थी, हिमकला राना, तिला पन्थी, बुनु लामिछाने, प्रभा भट्टराई, खगिसरा काला, सुशीला थापा, सरस्वती शर्मा, कृष्णादेवी शर्मा श्रेष्ठ, उर्मिला शर्मा, लक्षिमा ज्ञवाली, शारदा खनाल, गङ्गा कर्माचार्य, रेनुका पन्थी, सरू सुधा, सीता सुवेदी पन्थी, डा. नातीमैञा मानन्धर, रेश्मा शर्मा वाग्ले, शीला पन्त, गीता मरासिनी र सुनिता सेन ठकुरी गरी ४८ जना नारी स्रष्टाका ७७ वटा लेख-रचनाहरू प्रकाशित भएका छन् ।

सिङ्गो युगको प्रतिनिधित्व गर्ने 'हाम्रो पुरुषार्थ' मा नारी सहभागिता पछिल्ला अङ्कहरूमा आशाप्रद देखिन्छ । यद्यपि किरण पुस्तकालयको वर्तमानसम्मलाई नियाल्दा सञ्चालक समिति ९ जनामा १ जना महिला हिमकला राना सदस्य, ७ जना विशिष्ट सदस्यहरूमा सबै पुरुष, १३ जना संरक्षक सदस्यहरू सबै पुरुष, २ जना स्वयंसेवक कर्मचारी पुरुष र ७७ जना आजीवन सदस्यहरूमध्ये पवित्रा अर्याल मरासिनी, राधा पन्थी, गीता पन्थी, विद्या पन्थी आचार्य, लक्ष्मी पन्थी अर्याल, हिमकला राना र रमा पन्थी गरी ७ जना महिला सदस्यहरू रहेका छन् भने 'हाम्रो पुरुषार्थ' का स्थायी ग्राहकहरूमा पनि नारी सहभागिता न्यून देखिन्छ । 'हाम्रो पुरुषार्थ' पत्रिकामा ४५ वर्षसम्म एउटा पनि नारी स्रष्टाको अन्तर्वार्ता छापिएको छैन । यसै अङ्कमा इन्दिरा दलीको अन्तर्वार्ताले स्थान पाएको छ । पुस्तकालय सभा, सम्मेलन, गोष्ठी, कार्यक्रम तथा प्रतियोगिताहरूमा नारीहरूको उपस्थिति अत्यन्त न्यून छ । आगन्तुक पुस्तिकाको अभिलेखमा पनि नारी पाठकको उपस्थिति खासै देखिदैन ।

यी सबै तथ्यका आधारमा हेर्दा नारी स्रष्टा, पाठक, सञ्चालक, आजीवन सदस्यहरूको न्यून उपस्थिति देखिएकोले अबका दिनहरूमा पुस्तकालयले समयानुकूल विधान परिवर्तन गरी नारी सहभागितामा वृद्धि गर्ने, महिलाहरूका छुट्टै साहित्यिक प्रतियोगिताहरू सञ्चालन गर्ने, उदाहरणयोग्य नारी स्रष्टाका विचारहरू अन्तर्वार्ताको रूपमा प्रकाशन गर्ने, नारीसँग सम्बन्धित समस्या पूर्तिका विचार गोष्ठीहरूको आयोजना गर्ने, भर्खरै स्थापना गरिएको 'जानकी साहित्य

पुरस्कार' को धनराशि समयानुकूल बढोत्तरी गर्दै अन्य साहित्यिक गतिविधिहरू थप गर्दै जाने, नारीसँग सम्बन्धित पुरस्कार र कार्यक्रमको लागि अक्षयकोष स्थापना गर्न उत्प्रेरित गर्ने खालका कार्यक्रमहरू आयोजना गर्ने, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका सम्मेलनको आयोजना गर्ने, कायपत्रहरूको प्रस्तुति र समीक्षा गर्ने जस्ता कार्यक्रम नियमित रूपमा सञ्चालन गर्ने र पुस्तकालय र हाम्रो पुरुषार्थ पत्रिकाको आजीवन सदस्यता विस्तारमा नारी सहभागितालाई उत्प्रेरित गर्ने हो भने नारी साहित्यकार, लेखक, पाठक, आजीवन सदस्य र शुभचिन्तकहरूको संख्यामा आशातीत वृद्धि हुने कुरामा दुईमत छैन ।

सदस्य : रेसुङ्गा बहुमुखी क्याम्पस व्यवस्थापन समिति, तम्घास, गुल्मी ।

-ooo-

हार्दिक शुभकामना !

किरण पुस्तकालयको **स्वर्णजयन्ती**को सुखद अवसरमा यसको उत्तरोत्तर प्रगतिका लागि शुभकामना !

एकीकृत ग्रामीण विकास समाज

रेसुङ्गा नगरपालिका-८, तम्घास, गुल्मी

फोन : ०७९-५२०८२४

E-mail : irdsgulmi@gmail.com

विश्वमा पुस्तकालयको विकास र गुल्मीमा किरण पुस्तकालयको स्थापना

ध्रुवराज पन्थी

दिनुपर्छ । दिन सक्नुपर्छ । लिनको लागि पहिले दिनै पर्छ । श्वास लिन पनि पहिले श्वास दिनुपर्छ । थोरै दिएपछि धेरै भएर फिर्ता आउँछ । हामीले दिएको एक दाना बीऊ सयौं, हजारौं बनेर फिर्ता आउँछ । मानिसको समूहमा हाम्रा दुई हातले नमस्कार गर्दा सयौं हातको नमस्कार फिर्ता आउँछ । गाली दिए गाली आउँछ । प्रशंसा दिए प्रशंसा आउँछ । फल्नको लागि रोप्नै पर्छ । जस्तो रोप्यो त्यस्तै फल्छ । खेतबारी जोतेर मात्र हुन्न । बिरूवा के रोप्ने भन्ने स्पष्ट हुनुपर्दछ । मानिस शरीर मात्र होइन, भावना पनि हो, जीवनमा कहाँ, कोसँग, कस्तो सम्बन्ध छ भन्ने कुरा मुख्य होइन । सम्बन्धमा जीवन छ, छैन भन्ने कुरा महत्त्वपूर्ण हो । मानिस ऊर्जाशील हुन्छ । ज्ञानको भोको हुन्छ । ज्ञानको भोक मेटाउन पुस्तकको आवश्यकता पर्छ । हाम्रा पूर्वजहरू दाता हुनुहुन्थ्यो । ज्ञानका बिरूवा रोप्न पुस्तकालयहरू बनाउनुभयो । विश्वभरि ज्ञान सामग्रीहरूको सिर्जना निरन्तर रूपले भइरहेको छ । दिनानुदिन बढ्दै गइरहेको छ । ती ज्ञान सामग्रीहरूको व्यवस्थापन, परिचालन र अध्ययन गर्न पुस्तकालयको महत्त्व पनि झन्झन् बढ्दै गइरहेको छ ।

देशलाई आवश्यक हुने आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक आदि विषयलाई प्राथमिकतामा राखेर अनुसन्धान, खोज, विश्लेषण गरिएका ज्ञानका भण्डारलाई समेटेर अति महत्त्वपूर्ण कृतिहरू राखिन्छन् । यसरी राखिएका कृतिहरू देशको लागि, अध्ययन अनुसन्धान गर्नेहरूका लागि निकै फाइदाजनक हुन्छन् । मानिसमा ज्ञान आर्जन गर्ने चाहना मात्रै हुन्न । खोजमूलक अनुसन्धान गर्ने प्रवृत्ति पनि रहेको हुन्छ ।

विद्यालयपछिको ज्ञान प्रदान गर्ने थलो पुस्तकालय हो । पुस्तकालयलाई चेतनाको किरण फैलाउने कुञ्ज मानिन्छ । संसारमा किताबको इतिहास सँगसँगै पुस्तकालयको पनि विकास भएको हो । पुस्तकलाई धनभन्दा बढी महत्त्व दिने

गरिएको छ । पुस्तक मनुष्यको सर्वश्रेष्ठ तथा सर्वाधिक प्रिय एवं विश्वसनीय मित्र हो । पुस्तकमा महान् शक्ति हुन्छ । जसले अन्धकारबाट प्रकाशतिर लैजान्छ । पुस्तकले दुष्कर मानिएका, अति कठिन मानिएका समस्याको समाधान गर्ने शक्ति प्रदान गर्दछ । कमजोर महसुस हुन दिदैन । एकलो अनुभव हुँदैन । पुस्तकलाई मानिसको आत्मबलको सर्वश्रेष्ठ साधन मानिएको छ । ज्ञान वा बुद्धि आर्जन गर्न पुस्तक अध्ययन अति आवश्यक छ । पुस्तकले नर्कलाई पनि स्वर्ग बनाउने क्षमता राख्छ भन्ने विद्वान्हरूको मत रहेको छ । दार्शनिक नर्मन कजिन्सले भनेका छन् "पुस्तकालय विचारको जन्मका लागि प्रसूति गृह हो ।" इतिहास बुझ्ने अवसर प्राप्त गर्न उहिलेदेखि अहिलेसम्म पुस्तकालय धाउने प्रचलन यथावत् छ । पुस्तकालयले संसारमा धेरै वादहरू जन्माएको छ । पुस्तकालयसंस्कृति कुनै समाजका लागि नयाँ होइन र पुरानो पनि बन्दैन । विश्वमा पुस्तकको इतिहाससँगै पुस्तकालयको इतिहास पनि शुरू भएको पाइन्छ । पुस्तकालयको अति प्राचीन प्रारम्भकाल ई.पू. ५५०० मानिएको छ । पुस्तकहरू छापेर पढ्ने र पुस्तकालयमा राख्ने व्यवस्था सन् १४५० बाट शुरू भएको मानिन्छ । जोहन गुटेन वर्गले जर्मनीमा छापखाना आविष्कार गरेपछि पुस्तकहरू छापिन थाले । पुस्तकहरू संकलन गरी राख्न पुस्तकालयहरू खोलिएका थिए । हाते कागजको टुक्रामा लेखिएको "बुक अफ द डे" विश्वमा अति प्राचीन पुस्तक मानिन्छ । पुस्तकालय जीवनभर नियमित शिक्षा प्रदान गर्ने थलो हो ।

पुस्तकमा महान् शक्ति हुन्छ । जसले अन्धकारबाट प्रकाशतिर लैजान्छ । पुस्तकले दुष्कर मानिएका, अति कठिन मानिएका समस्याको समाधान गर्ने शक्ति प्रदान गर्दछ । कमजोर महसुस हुन दिदैन । एकलो अनुभव हुँदैन । पुस्तकलाई मानिसको आत्मबलको सर्वश्रेष्ठ साधन मानिएको छ । ज्ञान वा बुद्धि आर्जन गर्न पुस्तक अध्ययन अति आवश्यक छ । पुस्तकले नर्कलाई पनि स्वर्ग बनाउने क्षमता राख्छ भन्ने विद्वान्हरूको मत रहेको छ । दार्शनिक नर्मन कजिन्सले भनेका छन् "पुस्तकालय विचारको जन्मका लागि प्रसूति गृह हो ।" इतिहास बुझ्ने अवसर प्राप्त गर्न उहिलेदेखि अहिलेसम्म पुस्तकालय धाउने प्रचलन

सुमेरियन र मेसोपोटामियनहरूले गिलो माटोका खबटाहरूमा आफ्ना विचारहरू कोर्ने र लेख्ने गर्दथे । चित्रात्मक लिपिलाई घाममा सुकाएर राखिन्थ्यो । पछि क्युनिर्फम लिपिको विकास गरियो । माटाका खबटाहरूमा

लेखिएका संग्रह कालान्तरमा खबटे पुस्तक बने । खबटे पुस्तकहरू राखिएका स्थानहरू पुस्तकालय बने । ती पुस्तकालयहरू नै आजको पुस्तकालयका प्राचीन रूप हुन् ।

रूखको बोक्राबाट कागज बनाउने कामको शुरूवात मिश्रमा भएको थियो । ईसापूर्व २००० लाई मिस्री लिपिको विकास काल मानिन्छ । ईसापूर्वको लगभग १६ औं शताब्दीमा राजा एमोनोफिसको शासन थियो । त्यस बेला बोक्राबाट निर्मित कागजमा लेखिएका अनेकौं ग्रन्थहरू ठाउँ-ठाउँमा भएका पुस्तकालयहरूमा राखिएको हुन्थ्यो । विदेशी आक्रमणकारीहरूले पुस्तकालयमा रहेका धेरै किताबहरू लिएर गए । अनेक महत्त्वपूर्ण ग्रन्थहरू भने ग्रीक राज्यले नै हात पार्‍यो । ठूला ठूला मन्दिर र राजप्रसादसँग सम्बन्धित थिए पुस्तकालयहरू ।

"आत्माको लागि औषधि" शीर्षकको पट्ट प्रवेश द्वारमा राखी राजा ओसीमंडियाले स्थापना गरेको पुस्तकालयलाई सबैभन्दा पहिलो पुस्तकालय भन्ने गरिएको छ । उनले पवित्र पुस्तकहरूमा विशाल संग्रह जम्मा गरेका थिए । पुस्तकालयहरू पुजारीहरूको संरक्षणमा थिए । सो समयमा प्राचीन मिश्रमा सर्वप्रथम पिसिष्ट्राटसनले पुस्तकालयको स्थापना गरे । यसपछि महान् दार्शनिक प्लेटोले पुस्तकहरूको संग्रह गरी पुस्तकालय सञ्चालन गरे । प्राचीन असिरिया राज्यको राजधानी निनिमी नगरमा ठूला साहित्यप्रेमी राजा असुरवाणीपालले राज्य गर्दथे । उनले आफ्नो निजी प्रासादमा प्रसिद्ध पुस्तकालय बनाएका थिए । त्यस पुस्तकालयमा २०,००० विभिन्न महत्त्वपूर्ण ग्रन्थहरू राखिएको थियो । उनले पुस्तकालयको विकास र विस्तार गर्ने काममा ठूलो योगदान गरे ।

ट्रावाको मतअनुसार पुस्तकालयको स्थापना गर्ने पहिला दार्शनिक अरस्तु हुन् । ट्रावाको मत जे भए पनि ईसापूर्वको लगभग ३०० वर्ष पहिले अलेक्जेण्ड्रियामा पुस्तकालय स्थापना भएको थियो । यो प्राचीन पुस्तकालय थियो । सो नगरमा अन्य दुई ठूला पुस्तकालयहरू पनि स्थापना गरिएको इतिहास छ । ठूला पुस्तकालयहरू विश्वविद्यालयसँग सम्बन्धित थिए । अलेक्जेण्ड्रियनको विशाल पुस्तकालय भवनमा करिब सत्तरी हजार ग्रन्थहरू राखिएको थियो । पछि जुलियस सिजरले यस नगरमा आक्रमण गर्दा धेरै पुस्तकहरू नष्ट भए । आउने पिँढीको लागि यो अपूरणीय क्षति थियो । यस प्रकारको विनाशले राष्ट्रलाई ठूलो नोक्सानी पुगेको ठानी फेरि अलेक्जेण्ड्रियामा विशाल पुस्तकालयको स्थापना गरियो । बाँकी रहेका पुस्तकका पाना-पाना जम्मा गरियो । पुस्तकहरू र पुस्तकालयहरूलाई मर्मत र जीर्णोद्धार गरियो । त्यहाँ फेरि पनि सारसेनियाले भयंकर आक्रमण गर्‍यो । आक्रमणको ज्वालामा यो पुस्तकालय पनि समाप्त भयो ।

ग्रीक साहित्यको रोममा निकै प्रचार भएको थियो । रोमका विजेताले अरस्तुको पुस्तकालय पनि सँगै लिएर आएका थिए । ईसाको एक शताब्दी पूर्वलाई लेटिन साहित्यको स्वर्ण युग मानिन्थ्यो । साहित्यको यस युगमा धेरै घरहरूमा पुस्तकालयहरू स्थापना गरिएका थिए । रोममा सार्वजनिक पुस्तकालय स्थापना गर्ने योजना स्वयं जुलियस सिजरले नै बनाएका थिए । पुस्तकालयको विकास, विस्तार र संचालन गर्ने काम उनैका घनिष्ट मित्र एसिनिस पोलियोले गरे । पोलियोकै परम्परालाई पछ्याउँदै सम्राट् अगस्टसले पनि कैयौं पुस्तकालयहरू बनाए । ईसाको चौथो शताब्दीमा आउँदा रोमको राजधानीमा करिब २८ जना महान् ग्रन्थकारहरू थिए । कोमन, मिलान, अर्थेस, स्मिर्ण, पाट्री, हाकूलेनियम आदि प्राचीन नगरहरूमा पुस्तकालयहरू रहेको उल्लेख छ ।

अष्ट्रियामा ११ औं शताब्दीमै सेण्ट पिटर पुस्तकालय स्थापना गरियो । बेल्जियममा ई. १८३७ मा, हल्याण्डमा १७९८ मा र स्विजरल्यान्डमा १८९५ ई.मा पुस्तकालयहरू स्थापना गरिए । द्वितीय विश्वयुद्धपछि सोभियत संघमा ३ लाख बढी पुस्तकालयहरू खोलियो ।

चीन र जापानले पनि प्राचीन कालमै पुस्तकालयको स्थापना गरेका थिए । चीनको राष्ट्रिय पुस्तकालयमा ५ करोडको हाराहारीमा पुस्तकहरू छन् भनिन्छ । सन् १८७२ मा जापानमा पुस्तकालय खोलिएको थियो । टोकियो लाइब्रेरीमा ई. १८९७ मा ४, ७०,००० किताबहरू राखिएको थियो भनिएको छ । दोस्रो विश्वयुद्धमा १ मिलियन किताबहरू नष्ट भएको भन्ने भनाइ छ । अमेरिकाको फिला डेलफिया नगरमा सर्वप्रथम ई.१७१३ मा सार्वजनिक पुस्तकालयको स्थापना गरियो । यो पुस्तकालयलाई चन्दा उठाएर सञ्चालन गर्ने व्यवस्था मिलाइएको थियो । सन् १८०० मा वासिङ्टन डिसीमा स्थापित लाइब्रेरी अफ काँग्रेस अमेरिकाको सबैभन्दा ठूलो पुस्तकालय हो । यस पुस्तकालयमा ३ करोड पचास लाख किताबहरू रहेका छन् । यसमा २४००० कर्मचारीले काम गर्छन् । संसारभरिका पुस्तकप्रेमी मानिसहरू यो पुस्तकालय हेर्न अमेरिका पुग्ने गर्छन् ।

अष्ट्रेलियामा सन् १९२७ मा स्थापित मेलवर्नको विक्टोरिया पुस्तकालयमा ७ लाख ६० हजार पुस्तकहरू रहेको भनिएको छ । सानो देश न्यूजिल्याण्डमा करिब ४०० को संख्यामा विशाल पुस्तकालयहरू रहेका छन् । एउटा राष्ट्रिय पुस्तकालय रहेको छ । राष्ट्रिय पुस्तकालयले अन्य पुस्तकालयलाई सापटी र अनुदानमा पुस्तकहरू दिने चलन रहेको छ । यो देशको संसद् पुस्तकालयमा करिब २ लाख २० हजारको संख्यामा पुस्तकहरू रहेको भनिएको छ ।

बेलायतमा सन् १७५३ मा ब्रिटिस म्युजियम पुस्तकालयको स्थापना भएको थियो । यस पुस्तकालयमा ७५ हजार जति हस्तलिखित ग्रन्थसहित पुस्तकहरूको संख्या ६० लाख रहेको भनिन्छ । यहाँ विश्वका अनेक भाषाका अति महत्त्वपूर्ण ग्रन्थहरू रहेका छन् । आफ्ना विषयसँग सम्बन्धित विद्वान् विशेषज्ञ कर्मचारीहरूको व्यवस्था गरिएको छ । अक्सफोर्ड विश्वविद्यालयको विराट पुस्तकालयको स्थापना १४ औं शताब्दीमा र केम्ब्रीज विश्वविद्यालयको विशाल पुस्तकालयको स्थापना १५ औं शताब्दीमा भएको मानिन्छ । फ्रान्समा ५ औं र छैटौं शताब्दीमा र जर्मनीमा सन् १६२१ मा पुस्तकालय स्थापना गरिएको इतिहास छ ।

आजभन्दा करिब ६००० वर्षपूर्व सिन्धुघाटी सभ्यता चरम सीमामा पुगेको थियो । सिन्धु सभ्यताको सुसंस्कृत समाज पञ्जाबदेखि सिन्धु (बिलोचिस्थान) सम्म फैलिएको थियो । त्यस समयमा भारतमा चित्र लिपिको विकास भैसकेको अनुमान गरिन्छ । अनेक पुस्तकालयहरू बनाएर चित्र लिपि राखिएका थिए । सिन्धु सभ्यताको पतनपछि ई.पू. ३००० तिर ब्राह्मी लिपिको आविष्कार भयो । सो समयका ग्रन्थहरू भोजपत्र र ताडपत्रमा लेखिन्थे । यस्ता ग्रन्थहरू गुरुसँग रहने हुँदा शिष्यहरूलाई ग्रन्थहरूको अभाव हुन्थ्यो । ग्रन्थहरू राखिने ठाउँलाई निजी पुस्तकालय मानिन्थ्यो ।

भारत वर्षको बौद्धकालीन समयमा तक्षशिला र नालन्दा शिक्षा केन्द्रको विकास भएको थियो । ती शिक्षाकेन्द्रमा असीम महत्त्व राख्ने ग्रन्थहरू राखिएको थियो । तक्षशिलाको पुस्तकालयमा वेद, आयुर्वेद, धनुर्वेद, ज्योतिष, चित्रकला, कृषि, विज्ञान, पशुपालन आदि अनेकौं विषयका ग्रन्थहरू संगृहीत थिए । नालन्दाको विशाल पुस्तकालयको वर्णन ई.पू. ५०० तिरै भएको पाइन्छ । यो केन्द्रलाई धर्मजंग पुस्तकालय भन्ने गरिएको थियो । समादित्यले स्थापना गरेको धर्मजंग पुस्तकालयलाई ठूला राजाहरू, धनी, साहुमहाजनहरूले विशेष सहायता दिने गरेका थिए । फाहियान, ह्वेन सांग, इत्सिङ आदि विदेशी विद्वान् र चिनिया यात्रीले यस पुस्तकालयको वर्णन गरेका छन् । कतिले यस पुस्तकालयबाट महत्त्वपूर्ण ग्रन्थहरू लगेको कुरा पनि लेखिएको छ ।

बौद्ध शासन कमजोर र निर्बल भएको अवस्था पारी बख्त्यार खिल्जीले ठूलो आक्रमण गरेर सन् १२०५ मा यो पुस्तकालयको पूर्ण विनाश गरिदियो । शताब्दीयौंदेखि संरक्षित तथा पोषित ज्ञानको भण्डारप्रति कुदृष्टि राख्नेहरूले सफलता प्राप्त गरे । यसै पुस्तकालयको श्रेणीमा रहेका बल्लभी र विक्रमशिला पुस्तकालयहरू पनि बख्त्यार खिल्जीको आक्रमणमा परी विनाश भए । केही ग्रन्थहरू लिएर छात्र र भिक्षुहरू भागेका थिए । वैदिक कालमा वेद, इतिहास, पुराण, व्याकरण र ज्ञानका अनेकानेक ग्रन्थहरूलाई लिपिबद्ध गरी पुस्तकालयमा

राखिन्थ्यो । गुरुकुलका छात्रछात्राले आवश्यक पठन सामग्रीहरू पुस्तकालयबाट प्राप्त गर्ने गर्दथे । भारतका अहमदावाद, पटना, पुना, नासिक तथा सूरथ आदि नगरमा रहेका पुस्तकालयहरूमा अहिले पनि प्राचीन जैनग्रन्थहरू संगृहीत छन् । त्यहाँ अनेक ताडपत्र र हस्तलिखित पत्रहरू संरक्षित छन् । जीरमा अहिले पनि राजा शरभोजीको पुस्तकालय छ । यस पुस्तकालयमा संस्कृत भाषामा लेखिएका अठारहजारभन्दा बढी ग्रन्थहरू रहेको भनिन्छ । भारतीय भाषाका अति प्राचीन दुर्लभ ग्रन्थहरू यहीं छन् भन्ने भनाइ रहेको छ ।

संसारमा पुस्तक र पुस्तकालयको माध्यमबाट ज्ञानको तह उन्नत अवस्थामा पुगिसकेको थियो । हामी भने अँध्यारोमै थियौं । शिक्षाका उज्याला किरणहरू कस्ता हुन्छन् भन्ने थाहा थिएन । राजा गीर्वाण युद्धविक्रम शाहले १८६९ भदौ १५ गते स्थापना गरेको पुस्तक चिताइ तहबिल नामको संस्थालाई सरकारी तहमा खोलिएको पहिलो पुस्तकालय मानिन्छ । पृथ्वीनारायण शाहले युद्धकालमा संकलन गरेका दस्तावेज र ग्रन्थहरूलाई सुरक्षित र व्यवस्थित रूपमा राख्न यो संस्थाको स्थापना गरिएको थियो । सो संस्थामा काम गर्न नियुक्ति हुने प्रथम कर्मचारी केदारनाथ झा पण्डित थिए । यो पुस्तकालय पनि सर्वसाधारणलाई भनेर खोलिएको थिएन । राणा काल शुरू भएपछि पुस्तकालय खोल्ने कामलाई राजद्रोह मान्न थालियो । राणा कालमा लक्ष्मीप्रसाद देवकोटालगायतका उत्साही युवाहरूले पुस्तकालय खोल्ने प्रयास गर्दा पक्राउ गरी राजद्रोहको मुद्दा लगाइयो । पछि एक/एक सय रूपैयाँ जरिवाना गरी छाडिएको थियो । यो घटना लाइब्रेरी पर्वका नामले चर्चित छ ।

नेपालमा निजी पुस्तकालयको इतिहासमा कास्की पोखरामा वि.सं. १८०० को दशकमा स्थापना गरिएको पण्डित पुस्तकालयलाई पहिलो मानिन्छ । विन्ध्यवासिनीका पण्डितहरूको पहलमा उक्त पुस्तकालय खोलिएको थियो । पण्डित हेमराज पाण्डेले वि.सं. १९५१ देखि आफैले विभिन्न पुस्तकहरू संकलन गर्नुभएको थियो । पछि भारती भवन पुस्तकालय खोली पुस्तकहरू राख्नुभयो । केसर शम्शेर राणाले केसर पुस्तकालय पनि सोही अवधिमा खोल्नुभएको थियो । डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय र मदन पुरस्कार पुस्तकालय (२०१३) चर्चामा आएका पुस्तकालयहरू हुन् । कठिन परिस्थितिमा पनि केही पठित युवाहरूले देशका विभिन्न स्थानमा स-साना पुस्तकालयहरू सञ्चालन गर्नु बाहेक सो अवधिमा पुस्तकालयको खासै विकास हुन सकेन । सूचना ज्ञान र चेतना अभिवृद्धिको लागि पुस्तकालय अपरिहार्य थलो हो । शिक्षा मूल तत्त्व हो । यही यथार्थतालाई आत्मबोध गरी सोह्र वर्षीय युवक श्री शशि पन्थीले गुल्मी जिल्लाको लक्ष्मीपुर गाउँ पञ्चायत स्थित आफ्नै गोठको एक कोठामा वि.सं.

२०२५ मा पुस्तकालयको स्थापना गर्नुभएको थियो । पिता पं. देवीदत्त पन्थीको प्रेरणाले उक्त पुस्तकालयको जन्म भएको हो । यो पुस्तकालय अहिले किरण पुस्तकालयको नामबाट चर्चित छ । किरण पुस्तकालयको विकास र उन्नतिको वर्णन यस पुस्तकालयले प्रकाशित गरेका कृतिहरू र नियमित प्रकाशन भइरहेको पुस्तक आकारको **'हाम्रो पुरुषार्थ'** पत्रिकाले गरिरहेको छ । यस पुस्तकालयका बारेमा अरू लेखहरूबाट धेरै धेरै जानकारी हुने अपेक्षा छ ।

रोमले सन् १९८० को दशकमा सी.डी.को आविष्कार गऱ्यो । त्यस आविष्कारले सूचना जगत्मा ठूलो परिवर्तन ल्याएको थियो । सन् १९९० को दशकमा भिसिडीको आविष्कार गरेपछि सूचना उत्पादन, प्रयोग र प्रसारणमा क्रान्ति नै आएको छ । प्राचीन खबटाबाट विकसित पुस्तकालय अहिले विज्ञान र प्रविधिले गोजामा अटाउने अवस्थामा आइपुगेको छ ।

सोह्र वर्षकै कलिलो र अल्लारे उमेरमा पुस्तकालयको आवश्यकता र महत्त्व बोध गरी मुख्य प्राथमिकता दिएर अनवरत रूपमा खटी किरण पुस्तकालयलाई यो तहसम्म पुऱ्याउने सफलता हासिल गर्नु भएका श्री शशि पन्थी स्तुत्य हुनुहुन्छ । उहाँको त्याग र संघर्ष स्तुत्य छ ।

सन्दर्भ-सामग्रीहरू

१. पुस्तक और पुस्तकालय
२. पुस्तकालयको इतिहास खोज्दै जाँदा
३. नेपालमा पुस्तकालयको अवस्था
४. नेपालको विगत कालतिर दृष्टि दिंदा
५. हिस्टोरी अफ लाइब्रेरी
६. तक्षशिला विश्वविद्यालय हिष्ट्री
७. नालन्दा वि.वि इतिहास आदि ।

✍ पूर्व शाखा अधिकृत : नेपाल सरकार ।

–ooo–

तपाईंका कृति सरक्षित राख्ने ठाउँ नै पुस्तकालय हो । त्यसकारण आफ्ना प्रत्येक कृतिहरू पुस्तकालयलाई दिने गर्नुहोस् ।

किरण पुस्तकालयका विविध पक्षहरू

✍ गोपाल पन्थी



पृष्ठभूमि

आजभन्दा पचास वर्षपछाडि फर्केर गुल्मीलाई नियाल्दा तत्कालीन अवस्थाको भौगोलिक विकटता, विकासको स्थिति, शिक्षाको स्तर र सामाजिक परिवेशको सहजै आंकलन गर्न सक्छौं । अत्यन्त दुर्गम, भौगोलिक विकटताले भरपूर, विकासमा शून्यको स्थिति, अज्ञानता, अशिक्षा र कुरीतिले आक्रान्त, कहालीलाग्दो सामाजिक परिवेश हुँदो हो । यस्तो अवस्थामा सुधार ल्याउन शिक्षा नै पहिलो आवश्यकता थियो । शिक्षा र ज्ञान प्राप्तिको माध्यम पुस्तकालय हुनुपर्छ भन्ने निश्चित गरी दृढ सङ्कल्पका साथ मस्तिष्कमा वर्तमानमा ठडिएको पुस्तकालयको स्वरूप र सेवाप्रतिको स्वप्नमा लालायित हुँदै पुस्तकालयका वर्तमान उपाध्यक्ष तत्कालीन होनहार युवा शशि पन्थीले आफ्ना पूज्य पिता पण्डित देवीदत्त पन्थीको सहयोग र सत्प्रेरणाबाट आफ्नै निवासको तम्घासस्थित गाई, भैंसी बाँध्ने गोठको सानो कोठामा घरमा भएका र बटुलबाटुल गरेका १३० वटा पुस्तकहरू सङ्कलन गरेर पुस्तकालयको आकार दिनुभएको थियो ।

स्थापना

२०२५ साल कार्तिक २० गते शुभ तिथि र शुभ मुहूर्तमा ज्ञानको किरण छर्ने अभिप्रायले 'किरण पुस्तकालय' तम्घासमा स्थापना गरिएको थियो । तत्कालै शिक्षाप्रेमी, बुद्धिजीवी, समाजसेवीहरूको अठोट र निर्णयबाट पुस्तकालय सञ्चालनको विधि र पद्धतिको थालनी गरी पुस्तकहरूको दर्ता, अभिलेख, पठनपाठन, प्रचारप्रसार र सेवाप्रवाहको व्यवस्था मिलाइयो । क्रमशः समाजमा पुस्तकालयको रूपरेखा अगाडि आयो । युवाहरू जोसिए र अगाडि बढे । पुस्तकालयले प्रगति गर्दै आज समाजको उत्कृष्ट सामाजिक, शैक्षिक संस्थाको रूपमा स्थापित भई सेवा प्रवाह गरिरहेको छ । यस पुस्तकालयले पुस्तक सेवाका अतिरिक्त शैक्षिक क्षेत्रमा गरेको सेवा र सहयोग पनि अविस्मरणीय छ ।

सञ्चालन प्रक्रिया

पुस्तकालय स्थापनाकै दिन पुस्तकालय सञ्चालनको नियम बन्यो । पछि आवश्यकताका आधारमा क्रमशः विस्तृत नियम बन्दै गए । सदस्यता विस्तार हुँदै गयो । २०२८ साल वैशाख १९ गते बसेको पुस्तकालयको साधारण सभाले डा. टीकाराम पन्थीको अध्यक्षतामा, उपाध्यक्ष ताराबहादुर थापा, सचिव शशि पन्थी, कोषाध्यक्ष भेषबहादुर कुँवर र नरप्रसाद श्रेष्ठ, रमेशकुमार अर्याल र शंकर थापा सदस्य रहेको सात सदस्यीय सञ्चालक समितिको गठन गर्‌यो । शिक्षा नियम २०२७ अनुसार २०२८ कार्तिक २० गतेको पुस्तकालय सभाले प्र.पं. डिल्लीराज उपाध्यायलाई अध्यक्ष बनायो र अध्यक्षले शशि पन्थी, भेषबहादुर कुँवरलाई क्रमशः सचिव र कोषाध्यक्ष र वैकुण्ठबहादुर चन्दलाई सदस्यमा मनोनीत गरेपछि जिल्ला शिक्षा अधिकारी कार्यालयबाट चिरञ्जीवी शर्मा मनोनीत सदस्य भए । २०२८ फागुन २९ मा पुस्तकालयको विनियम सञ्चालक समितिबाट पास भई जिल्ला शिक्षा अधिकारी कार्यालय, पाल्पाबाट तुरून्तै स्वीकृति पायो । २०२९ भाद्र २३ मा रामलाल पाण्डे र काशीनाथ मरासिनीलाई दैनिक पुस्तकालय सञ्चालनको लागि स्वयंसेवक नियुक्त गरियो । नियमित पठनपाठन, पुस्तक आदानप्रदान, बैठक परामर्श, साहित्यिक गतिविधिहरू निरन्तर रूपमा सञ्चालन हुन थाले । बैठक, सभा, अधिवेशन, समिति गठन, पुनर्गठन, प्रकाशन र सदस्यता विस्तार आदि प्रक्रियामा पुस्तकालय निरन्तर अगाडि बढ्दै हालसम्म क्रियाशील रहेको छ ।

आर्थिक पक्ष

तत्कालीन लक्ष्मीपुर गाउँ पञ्चायत, जिल्ला शिक्षा समिति, गुल्मी जिल्ला पञ्चायत, जिल्लाभित्रका अन्य गाउँ पञ्चायतहरू, सामाजिक संघ-संस्थाहरूबाट प्राप्त अनुदान सहयोग, सदस्यता शुल्क, मासिक अध्ययन शुल्क, कार्ड बिक्री, विलम्ब शुल्क, विज्ञापन शुल्क, सोल्जर्सबोर्डका घडेरीहरूबाट प्राप्त रकम, चर्तुमासा महायज्ञबाट प्राप्त आम्दानी, बैंक ब्याज, पुस्तक तथा पत्रिका बिक्री, भैलो खेलेर सङ्कलन गरेको रकम, विद्यालय, संघसंस्था र दाताहरूबाट प्राप्त सहयोग रकम आदि पुस्तकालय व्यवस्थापन र सञ्चालनका आर्थिक आधारहरू बने । यिनै आधारका आयतनहरूभित्र पुस्तकालयले आफ्ना गतिविधिहरू सञ्चालन गरिरहेको छ । दैनिक क्रियाकलापहरूको सञ्चालन, भौतिक निर्माण, मर्मत-सम्भार, पुस्तक पत्रपत्रिकाहरूको खरिद तथा हाम्रो पुरुषार्थको नियमित प्रकाशन, समारोह, दिवस, गोष्ठी, प्रतियोगिता आदिको सञ्चालन, सूचना प्रविधिको उपयोग जस्ता कुराहरूको तालमेल मिलाउन हम्मे हम्मे परेको अवस्था छ ।

भौतिक पक्ष

पुस्तकालयका संस्थापक शशि पन्थीको गोठमा जन्मिएर सेवा प्रारम्भ गरेको यो पुस्तकालयलाई २०२७ सालमा तत्कालीन विशेष अधिकृत रूपबहादुर स्वाँरको प्रेरणा र सहयोग तथा गुल्मी इन्टर कलेजको अनुरोधअनुसार पुस्तकालयकै निमित्त निर्माण गरिएको तम्घास लाँकुरीमञ्चअगाडिको एक तले एक कोठे घर उपलब्ध भयो । पुस्तकालयले नियमित सेवा दिने क्रममा उक्त भवन सानो भएकोले समयानुकूल आधुनिक पुस्तकालय भवन निर्माण गर्न २०३१ सालमा तत्कालीन युवक संघका जिल्ला सभापति हरिप्रसाद गौतमको अध्यक्षतामा प्रबुद्ध प्रतिनिधि, नेता, समाजसेवी, बुद्धिजीवी संलग्न रहेको १७ सदस्यीय भवन निर्माण मूल समिति गठन गर्‌यो ।

तत्कालीन लक्ष्मीपुर गा.पं., गुल्मी जिल्ला पञ्चायत, महेन्द्र मा.वि. लगायतका दाता संस्थाहरूबाट अनुदान सहयोग रकम प्राप्त गर्‌यो । आ.व. २०३२/०३३ भित्र पुस्तकालयको नयाँ भवन निर्माण भयो । २०३५ सालमा तत्कालीन शिक्षा राज्यमन्त्री पशुपति शम्शेर जबराबाट एक भव्य समारोहका बीच पुस्तकालयको नयाँ भवनको उद्‌घाटन भयो । पछि आवश्यकतानुसार विस्तार गरी पाली बनाउने, प्लाष्टर गर्ने, शौचालय बनाउने र मर्मत सम्भार गर्ने जस्ता कार्यहरू भए । पुस्तकालयको नियमित स्रोतका निम्ति २०७१ सालमा पुस्तकालय प्राङ्गणको जग्गामा अस्थायी व्यावसायिक भवन निर्माण गरी लिजमा प्रयोग गर्ने कार्य भएकोमा हाल नेपाल सरकारका श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण बिष्टको सहयोग र सत्प्रयासमा पुरानो भवन भत्काई नयाँ अत्याधुनिक सुविधा सम्पन्न चार तले भवन निर्माण गर्ने योजना र प्रतिबद्धताअनुरूप उहाँकै पहलमा इञ्जिनियर अमन मास्केबाट ड्रोइङ डिजाइन नक्सा निर्माण कार्यमा सहयोग भई पुस्तकालयको स्वर्णजयन्ती वर्ष २०७५ को अवसरमा कार्तिक १८ गते शिलान्यास कार्य सम्पन्न भएको छ ।

पुस्तक तथा पत्रपत्रिका

हाल पुस्तकालयको अभिलेखअनुसार अँग्रेजी, नेपाली, हिन्दी, संस्कृत, उर्दू, फारसी, मैथिली, भोजपुरी, नेवारी आदि भाषामा काव्य, कविता, कथा, निबन्ध, उपन्यास, जीवनी, समालोचना, नाटक, भाषा, साहित्य, कला, संस्कृति, धर्म, शिक्षा, स्वास्थ्य, विज्ञान, राजनीति, अर्थशास्त्र, दर्शन जस्ता विधा, क्षेत्र र विषयहरूमा लिखित १००५१ पुस्तकहरू दर्ता रजिष्टरमा राखिएको छ भने सयौं पुस्तकहरू दर्ता गर्ने क्रममा छन् । त्यस्तै गोरखापत्र, कान्तिपुर, राइजिङ नेपाल, नागरिक जस्ता राष्ट्रिय दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक पत्र-पत्रिकाहरूको सङ्कलन पनि हजारौंको संख्यामा छ । पुस्तकालयबाट प्रकाशित हाम्रो पुरुषार्थका ७९ अङ्क तथा १४ प्रकाशनहरू पनि

पुस्तकालयमा संग्रृहीत छन् । पुस्तकालय र हाम्रो पुरुषार्थका विविध विधाहरूमा केन्द्रित रही तैयार गरिएका शोधपत्रहरू, अनुसन्धानात्मक कृतिहरू पनि यस पुस्तकालयमा सुरक्षित राखिएका छन् ।

सदस्यता र सञ्चालन

हाल किरण पुस्तकालय गुल्मीमा ९ सदस्यीय व्यवस्थापन समिति छ । १३ जना संरक्षकहरूमध्ये १० जना संरक्षक सदस्य जीवित हुनुहुन्छ । पुस्तकालयमा संरक्षक, विशिष्ट र आजीवन सदस्यहरूको संख्या १०१ छ । २ जना स्वयंसेवक कर्मचारी (ग्रन्थपाल र सहायक ग्रन्थपाल) रहेको अवस्था छ । करिब एक हजारको संख्यामा 'हाम्रो पुरुषार्थ' पत्रिकाका आजीवन र स्थायी ग्राहकहरू पुगेका छन् । देशका काठमाडौं, पोखरा, पाल्पा, दाङ, चितवन, रूपन्देहीलगायत भारतका देहरादून, वाराणसी, आसाम, अष्ट्रेलियाको सिड्नी, अमेरिकाको न्यूर्योक जस्ता ठाउँहरूमा 'हाम्रो पुरुषार्थ' का प्रतिनिधिहरूले पुस्तकालयको श्रीवृद्धिमा सहयोग गरिरहेका छन् ।

पुस्तकालयका प्रकाशनहरू

पुस्तकालयको मुखपत्र 'हाम्रो पुरुषार्थ' को प्रकाशन २०३० देखि वार्षिक, २०३५ देखि अर्धवार्षिक, २०७० देखि त्रैमासिक हुँदै ७९ औं अङ्क २०७५ (साउन-असोज) प्रकाशित भैसकेको छ भने ८० औं अङ्क स्वर्णजयन्ती वर्ष विशेषाङ्कको रूपमा पाठकको हातहातमा आउँदै छ । यो पत्रिका नेपाल प्रेस काउन्सिलको मूल्याङ्कनमा 'क' वर्गको राष्ट्रिय पत्रिकाको रूपमा वर्गीकृत भएको छ । अन्य प्रकाशनहरूमा शुभ राज्याभिषेक अतिरिक्ताङ्क, अन्तर्राष्ट्रिय बालवर्षातिरिक्ताङ्क, समालोचना विशेषाङ्क, लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क, साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति अङ्क, लेखनाथ अङ्क, गुल्मी परिचयाङ्क, कथा विशेषाङ्क, पुस्तकालय विशेषाङ्क, भाषिक संगोष्ठी विशेषाङ्क, पत्रकारिता विशेषाङ्क, डा. टीकाराम पन्थी विशेषाङ्क, भानु विशेषाङ्क, विश्वेश्वर विशेषाङ्कहरू छन् । त्यस्तै विद्वान् साहित्यकार डा. टीकाराम पन्थीका केही जनश्रुतिहरू, नेनेपालः, बुद्धस्मरणम्, सांस्कृतिक चिन्तन, अर्वाचीन रेसुङ्गा गरी पाँच कृतिहरू र स्वामी शशिधर, महाप्रभु लक्ष्मीनारायण, केशव पौडेल, मुकुन्दहरि ज्ञवाली, डा. राजाराम सुवेदी, मोदनाथ प्रश्रित, परशुराम उपाध्याय पन्थी, अर्जुनप्रसाद भट्टराई र डा. लक्ष्मीकान्त पन्थीसमेतका १४ कृतिहरू पुस्तकालयले प्रकाशन गरेको छ ।

पुस्तकालय पारदर्शिताको उदाहरण

पुस्तकालय स्थापनाकै दिन २०२५/०७/२० मा पुस्तकालय सञ्चालनको नियम बनाई १३० वटा पुस्तकहरू रजिष्टरमा दर्ता गरी अभिलेख जनाएर पुस्तक

पत्रपत्रिका पठनपाठनको व्यवस्था मिलाएको पुस्तकालयले आफूलाई निरन्तर नीति र विधिअनुसार पारदर्शी रूपमा हिँडाउने प्रयास गरेको छ । यसले आजीवन र साधारण सदस्यता विस्तार गरी प्रजातान्त्रिक पद्धतिबाट नियमानुसार सञ्चालक समितिको गठन, विघटन र पुनर्गठनको अभ्यास गरेको देखिन्छ । २०३० सालमा प्रकाशित हाम्रो पुरुषार्थको पहिलो अङ्कमा पुस्तकालयको वार्षिक अनुमानित आय व्यय र यथार्थ खर्च विवरण, जिन्सी सामग्रीको विवरण सार्वजनिक गरेको छ भने पछिल्ला सबै वर्षहरूमा यसै गरी लेखापरीक्षण प्रतिवेदनसमेत राखेर बजेट तथा आर्थिक विवरणहरू प्रकाशित र सार्वजनिक गर्दै आएको छ । सुरूवाती चरणका कुरा गर्दा आ.व. २०२९/३० मा रू.२०७५।५७ को अनुमानित बजेट जसमा रू.८२९ ।२८ यथार्थ खर्च भई अरू रकम बचत भएको आर्थिक विवरण सार्वजनिक गरिनुले यसको सुरूवाती चरणदेखि नै आर्थिक पारदर्शिता भएको पुष्टि हुन्छ । पछिल्ला दिनहरूमा पुस्तकालय आर्थिक पारदर्शिताको मामलामा अझ खरो उत्रिएको छ । पुस्तकालयका हरेक पक्षहरू बैङ्किङ कारोबार मार्फत, समितिको निर्णय र सभाको मेन्डेटअनुसार सर्वसम्मतिबाट हुने र आर्थिक हिसाबको लेखापरीक्षण भई खर्च सार्वजनिक गर्ने परिपाटीलाई हेर्दा पुस्तकालयलाई आर्थिक पारदर्शिताको उदाहरण दिन सकिन्छ ।

पुस्तकहरू रजिष्टरमा दर्ता गरी अभिलेख जनाएर पुस्तक पत्रपत्रिका पठनपाठनको व्यवस्था मिलाएको पुस्तकालयले आफूलाई निरन्तर नीति र विधिअनुसार पारदर्शी रूपमा हिँडाउने प्रयास गरेको छ । यसले आजीवन र साधारण सदस्यता विस्तार गरी प्रजातान्त्रिक पद्धतिबाट नियमानुसार सञ्चालक समितिको गठन, विघटन र पुनर्गठनको अभ्यास गरेको देखिन्छ । २०३० सालमा प्रकाशित हाम्रो पुरुषार्थको पहिलो अङ्कमा पुस्तकालयको वार्षिक अनुमानित आय व्यय र यथार्थ खर्च विवरण, जिन्सी सामग्रीको विवरण सार्वजनिक गरेको छ भने पछिल्ला सबै वर्षहरूमा यसै गरी लेखापरीक्षण प्रतिवेदनसमेत राखेर बजेट तथा आर्थिक विवरणहरू प्रकाशित र सार्वजनिक गर्दै आएको छ ।

मुख्य गतिविधिहरू

जिल्लाको एक मात्र चर्चित सामुदायिक पुस्तकालयको रूपमा विगत पचास वर्षदेखि किरण पुस्तकालयले निरन्तर सेवा दिइरहेको छ । २०३० सालदेखि निरन्तर 'हाम्रो पुरुषार्थ' प्रकाशन गरी यहाँका स्थानीय साहित्यिक प्रतिभाहरूलाई लेखन र प्रकाशनको अवसर प्रदान गरेको छ भने प्रदेश, क्षेत्र, राष्ट्र तथा विदेशका बहुप्रतिष्ठित विद्वान् साहित्यकारका अन्तर्वार्ता, लेख, रचना प्रकाशन गरी ज्ञान, अध्ययन, अनुसन्धानमा सहज वातावरणको सिर्जना गरी बौद्धिक खुराकहरू

उपलब्ध गराएको छ । यस पुस्तकालयले देशका विभूति मूर्धन्य साहित्यकारहरूका जन्म जयन्तीहरू प्रत्येक वर्ष पर्वको रूपमा मनाउने परम्परा स्थापित गरेको छ । विभिन्न महत्त्वपूर्ण पक्ष, विषय र व्यक्तित्वहरूका विशेषाङ्कहरू प्रकाशनमा ल्याएको छ । समय समयमा जिल्ला, क्षेत्र र राष्ट्रिय स्तरका भाषिक, साहित्यिक गोष्ठी, सम्मेलन र प्रतियोगिताहरू आयोजना गरी देशका प्रबुद्ध वर्ग उपस्थित हुने वातावरण बनाएको छ । महिला, बालबालिका, युवा र ज्येष्ठ नागरिकसँग सम्बद्ध सभा सम्मेलन र क्रियाकलापहरू आयोजना गरी सबैलाई सक्रिय बनाएको छ । शोध अनुसन्धान कार्यका लागि अनुसन्धान केन्द्रको रूपमा आफूलाई उभ्याएको छ । धर्म, संस्कृति, पर्यटन, भाषा जस्ता कार्यको संरक्षण र विकासका लागि चर्तुमास महायज्ञ, विचार गोष्ठी, प्रवचन, सांस्कृतिक कार्यक्रम आदिको आयोजना गर्ने गरेको छ । समग्रमा भन्दा पुस्तकालय भाषा, साहित्य, कला र ज्ञानप्रेमी सबैको आशा र भरोसाको केन्द्र बन्न सफल भएको छ ।

वर्तमान अवस्था

स्थापना कालदेखि पुस्तकालयले समाजमा चेतनाको वाहक बन्दै शिक्षा र चेतनाको दियो सल्काउँदै आफ्नो पचास वर्षे यात्रा पूरा गरेको छ । यस क्रममा पुस्तकालयले लाखौं पाठक, हजारौं शुभचिन्तकहरू बनाएको छ । भौतिक पूर्वाधार, पुस्तक, पत्रपत्रिका, मान, इज्जत, परम्परा निर्माण गर्न, युग परिवर्तन गर्न सफल भएको छ । आफ्ना प्रकाशनहरूको खात लगाएको छ । यद्यपि युगको आवश्यकता र चाहनाअनुरूप आफूलाई रूपान्तरणमा चुनौती खेपिरहेको छ । वर्तमानमा हिजो जस्तो पाठकको संख्या, समय र उत्साह पुस्तकालयले पाएको छैन । पठन संस्कृति, साहित्यिक गतिविधिहरूमा सहभागिता र सहयोगी भावनामा कमी आएको छ । सम्बद्ध व्यक्ति, निकाय र संस्थाहरूको ध्यान र प्राथमिकतामा कमी देखिएको छ । यी सबै विषयवस्तुहरूलाई मसिनरी नियाल्दा अब पुस्तकालयलाई युग र वर्तमान पुस्ताको चाहना र आवश्यकताअनुरूप सूचना प्रविधि मैत्री बनाई ई-लाइब्रेरीको रूपमा विकास गर्ने र विज्ञानको नवीन युगलाई भित्राउन सक्नुपर्छ । यसको लागि पुस्तकालयको विद्यमान साधन स्रोत र शक्ति पर्याप्त छैन । यसको लागि केन्द्र, प्रदेश र स्थानीय सरकारले महत्त्व बुझी उच्च प्राथमिकताक्रम निर्धारण गरी साथ र सहयोग दिनुपर्छ र सम्पूर्ण सरोकारवालाहरूले आ-आफ्नो कर्तव्य र जिम्मेवारी बोध गरी साथ दिने हो भने किरण पुस्तकालय गुल्मीले आफ्ना ज्ञानरूपी किरणहरू हरेकका मस्तिष्कमा पुऱ्याई सकारात्मक ऊर्जा प्रदान गरी निरन्तर सेवा गरिरहने छ । सेवा उपयोगको लागि अपिल गर्दछु ।

स्रोत-'हाम्रो पुरुषार्थ' का विभिन्न अङ्कहरू

सदस्य- किरण पुस्तकालय व्यवस्थापन समिति ।

-०००-

नेपालमा पठन संस्कृति र पुस्तकालय

✍डा. शिवप्रसाद पौड्याल

१.१. नेपालमा पठन संस्कृति

पठन भनेको पढ्ने बानी हो भने संस्कृति भनेको समाजमा पहिलेदेखि चल्दै आएको परम्परा हो । यसर्थ पठन संस्कृति भनेको पढ्ने बानीको विकास गर्नु हो । पठन संस्कृतिले व्यक्ति वा पाठकको चेतना तथा बौद्धिक ज्ञानको विकास गराउँछ । साथै पठन संस्कृतिले पाठकको चेतना र उसको बुद्धिको क्षितिजलाई फराकिलो बनाउँछ । पुस्तक पढ्ने व्यक्तिलाई पाठक तथा अध्येता भनिन्छ । बजारमा विविध विषयमा लेखिएका पुस्तकहरू पाइन्छन् । ती पुस्तकहरूको पठनले पाठकमा विद्यमान अज्ञानताको आभास गराउँछ । एउटा ज्ञावर्द्धक तथा असल पुस्तकले मानिसलाई उसको सीमित ज्ञानको दायराबाट माथि उठ्न मद्दत पुऱ्याउँछ । पुस्तक जत्तिको इमान्दार मित्र मानिसलाई अरू कोही हुँदैन ।

आधुनिक विश्वमा विज्ञान-प्रविधिले बनाएका सञ्चारका साधन (मोबाइल, टेलिभिजन, चलचित्रलगायत) का कारण पनि पठन संस्कृतिमा ह्रास आएको देखिन्छ । मानिसको सिर्जनशील एवं ऊर्जाशील समय मोबाइलको प्रयोग, टेलिभिजनमा दिइने मनोरञ्जनका दृश्य हेर्ने, सिनेमा हलमा चलचित्रको अवलोकन गरी त्यसैमा समय खर्चिने गर्नाले पनि अहिलेका मानिसमा पठन संस्कृति हराउँदै गएको देखिन्छ । आधुनिक विश्वमा उपभोक्तवादी चिन्तन र मौद्रिकीकरणको प्रभाव बढिरहेको छ । गहन पुस्तकहरूको अध्ययन गरेर आफ्नो बौद्धिक क्षमताको विकास गरी समाजमा आफ्नो चिनारी छोड्नुको साटो "एनी हाउ दाम कमाऊ" को पछि मानिसहरू लागिरहेको अवस्थामा देखापरिरहेको छ । नेपालमा पढेर पनि रोजगार तथा उचित जागिर नपाई बेरोजगारको पीडा भोगिरहेको अवस्थामा "पढ्नु-लेख्नु कुनै काम, हलो जोती खायो माम" को प्रवृत्ति मौलाउन पुगेको देखिन्छ । उच्च शिक्षा हासिल गरेर जीविकोपार्जनका निम्ति रोजगार तथा जागिरको वातावरण मिल्न गएमा पदोन्नतिको अवसर छोप्नका लागि पनि पढ्नु-लेख्नु पर्ने अवस्थामा पठन संस्कृतिको विकास हुने संभावना नेपालमा देखिन्छ तर नेपालमा पठन संस्कृतिको विकास र त्यसअनुरूपको

वातावरण भएको पाइँदैन । त्यस कारण नेपालमा पठन संस्कृति मौलाएको अवस्था छैन ।

नेपालमा राम्रा किताब किनेर पढ्ने र आफ्नो देश, समाज, जाति, भाषा, धर्म-संस्कृतिका बारेमा गहन चिन्तन-मनन गर्ने, छलफल गर्ने, तर्कवितर्क गर्ने, समीक्षा गर्ने, विमर्श गर्ने समुचित वातावरणको विकास हुन सकिरहेको छैन । नेपालको ग्रामीण समाजमा पुस्तक पढ्ने कार्यलाई अनुत्पादक रूपमा हेर्ने प्रवृत्ति रहेको देखिन्छ । "यत्रो पढेर पनि अर्थात् फलानाले त्यत्रो पढेर पनि हलो जोतेर खानु परेपछि उही खेतीपाती गरेर बाँच्नुपरेपछि किन पढ्नुपऱ्यो ?" भन्ने जस्तो आम नेपाली जनमानसको चिन्तनले पनि पठन संस्कृतिको विकास हुन नसकिरहेको अवस्था नेपालमा विद्यमान छ । नेपालमा पठन संस्कृतिको विकासका निम्ति राज्यस्तर, समाज, स्थानीय तह, बौद्धिक वर्ग, शिक्षक वर्गबाट समुचित वातावरण बनाउनु आवश्यक छ । साथै पठन संस्कृतिको उद्देश्यबारे आम जनसमुदायलाई स्पष्ट पार्न जरूरी पनि देखिन्छ । जनसमुदायमा पुस्तक पठनको फाइदा बताउँदै तिनमा पुस्तक पठनको भोक जागृत गराइदिनु पर्दछ । पुस्तक पढिसकेपछि एकआपसमा छलफल, विमर्श गर्ने माहौल बन्नसके मात्र नेपालमा पुस्तक पठनको विकास हुनुका साथै पाठकको सङ्ख्यामा वृद्धि हुने सम्भावना रहन्छ ।

समाजमा पाठकहरूका अभिरुचिहरू भिन्न-भिन्न हुन्छन् । तिनै पाठकहरूले आ-आफ्नो रुचिअनुसार पुस्तकहरूको छनोट गर्दछन् । कतिपय पाठकले साहित्यको पठनलाई आफ्नो रुचिको विषय बनाएका हुन्छन् भने कतिपय पाठकले इतिहास, संस्कृति, विज्ञान, धर्मशास्त्र, दर्शनशास्त्र, तर्कशास्त्रजस्ता विषयलाई आफ्नो पठनको विषय बनाएका हुन्छन् । कतिपय पाठकले मनोरञ्जनका पुस्तक, पत्रपत्रिका पढ्न रूचाउँछन् । कुनै पनि व्यक्तिले आफ्नो रुचिअनुसार पुस्तक पढ्ने बानीको विकास गर्नुपर्ने हुन्छ ।

बजारमा थरीथरीका पुस्तकहरू पाइन्छन् । पाठकले आफ्नो रुचिअनुसार सरल, पठनीय र बोधगम्य पुस्तक छनोट गरी पठन संस्कृतिमा आफ्नो लगाव बढाउन सक्छ । जसबाट पाठकमा पुस्तक पढ्ने बानीको विकास हुन जान्छ । पुस्तक पढ्ने बानीको विकास गर्न सरल प्रकृतिका किताबबाट विस्तारै जटिल प्रकृतिका किताब पढ्ने बानीको विकास गर्दै लैजानु उपयुक्त हुन्छ । एक्कासि जटिल प्रकृतिका किताब पढ्न खोज्दा पाठकमा अलमल भई अरुचि बढ्न जाने भएकाले सरलताबाट विस्तारै जटिलतातिर जानु राम्रो मानिन्छ । ठूलाठूला विद्वान्, दार्शनिक, चिन्तक, साहित्यकार वा विषयविज्ञद्वारा लेखिएका गहन प्रकृतिका पुस्तकहरू सामान्य पाठकले एक्कासि पढ्न सुरू गर्दा विषयवस्तु बुझ्न नसकेर अलमलमा पर्ने सम्भावना रहन्छ । गम्भीर प्रकृतिका त्यस्ता किताबको मर्मबोध गर्न, अर्थ बुझ्न नसक्ने अवस्थामा पाठकले सरलताबाट जटिलतातिर जानुपर्छ । धर्मशास्त्र होस् वा दर्शनशास्त्र वा तर्कशास्त्र, अर्थशास्त्र वा चिकित्साशास्त्र,

मानवशास्त्र र त्यसको इतिहासका बारेमा लेखिएका गम्भीर प्रकृतिका पुस्तकको छनौट नगरी पठन संस्कृतिको विकास गर्नका निम्ति प्रारम्भिक तहमा सरल प्रकृतिका किताबको छनौट गर्नु उपयुक्त हुन्छ । पूर्वीय वाङ्मयमा दर्शनका वेदान्त, साङ्ख्य, मीमांसालगायतका अनेकौं दर्शनशास्त्रहरू रहेका छन् । दर्शनशास्त्रका ती ग्रन्थ पढ्ने पाठकले एकैचोटि गम्भीर प्रकृतिका यस्ता कुराहरू बुझ्न गाह्रो पर्छ । त्यस्तै पाश्चात्य दर्शनका क्षेत्रमा पनि होमर, प्लेटो, सोक्रेटस, फेडरिक नित्से, फुको, ज्याक डेरिडा, कार्ल मार्क्स, सिग्मण्ड फ्रायड, डार्विनका दर्शन, वाद, सिद्धान्तका कुराहरू एकैचोटि पढ्न र तिनका मर्म बुझ्न सामान्य पाठकलाई गाह्रो पर्छ । पाठकले तिनका केही महत्त्वपूर्ण पङ्क्ति पढी कण्ठस्थ गरे पनि जीवन दर्शनका बारेमा रचिएका पुस्तकको गहिराइमा पुगेर तिनको मर्म पहिल्याउन गाह्रै पर्छ । तसर्थ पाठकले यस किसिमका गम्भीर प्रकृतिका पुस्तकहरूको पठनमा आफूलाई तल्लीन गराई पठनमा अभ्यस्त बनाउनु नै पाठकको पठन संस्कृति हो ।

पाठकले समयमा उचित पुस्तक छान्न नसक्दा उसको मनोवृत्तिमा सकारात्मक प्रभाव नपर्न सक्छ । यसर्थ पाठकले समयमा नै उचित पुस्तकको छनौट गरी आफ्नो ज्ञानवृद्धिका निम्ति सही पुस्तकको छनौट गर्नु आवश्यक पनि छ । पठन संस्कृतिको विकासका निम्ति पाठकमा पठनको उद्देश्य स्पष्ट हुनुपर्छ । पाठकको रुचिअनुसार पनि पुस्तकको छनौट हुन्छ र हुनुपर्छ । बजारमा सस्ता पुस्तकहरू सजिलै उपलब्ध हुन्छन् । त्यस्ता किताबबाट पाठकमा ज्ञानवृद्धि नभई केवल मनोरञ्जन मात्र हुन्छ । बजारमा पाइने पुस्तकका सम्बन्धमा फ्रान्सिस बेकन भन्छन् : "केही पुस्तक चाख्नका लागि हुन्छन् भने केही पुस्तकहरू पढेर पचाउन र चपाउनका निम्ति हुन्छन् अर्थात् राम्रा तथा उपयोगी पुस्तकहरू पढेर त्यसको सारलाई चपाउने उद्देश्यले पनि पढिनुपर्छ । पुस्तकभित्रका गुह्य कुराहरूको मर्म बुझी त्यसमा अभिव्यक्त विचारलाई हृदयङ्गम गरी जीवन व्यवहारमा ल्याउनु नै साँचो अर्थमा पुस्तक पठनका माध्यमबाट पठन संस्कृतिको विकास गर्नु हो । नेपाली समाजमा एउटा उखान प्रचलित छ : "पढेको छ, गुनेको छैन ।" यसको तात्पर्य हो किताब पढेर त्यसको मर्म बुझ्नु र व्यवहारमा ल्याउनु । ज्ञानवर्द्धक, जीवनोपयोगी, व्यावहारिक पुस्तकहरू सजिलै पाठकले पाउन मुस्किल हुन्छ । जसको अभावमा पुस्तक पढ्ने पाठकको सङ्ख्या बढ्न सक्दैन । ज्ञानवर्द्धक, जीवनोपयोगी, व्यावहारिक पुस्तकहरू विज्ञापन र प्रचारबाजीबाट टाढा हुन्छन् । त्यसैले असल पुस्तक पाठकको हातमा सितिमिति पुग्न सक्दैन । एउटा ज्ञानवर्द्धक पुस्तक पढिसकेपछि पाठकमा अझ राम्रो पुस्तक पढ्ने भोक जागृत हुनुपर्छ । ज्ञानवर्द्धक पुस्तक पढिसकेपछि पाठकको पुस्तक पढ्ने बानीको अन्त्य नभई थप पुस्तक पढ्न उत्प्रेरित हुन जाँदा मात्र पठन संस्कृतिको विकास हुन जान्छ ।

समयको गतिसँगै वर्तमान विश्व बजारमा नयाँनयाँ पुस्तकहरू निस्किरहेका छन् । त्यस्ता पुस्तकहरूको उपयोगिता, महत्त्व र तिनको गुणस्तर पहिचान गरी पाठकले पढ्नुपर्ने हुन्छ । विश्व प्रसिद्ध चिन्तक थोरो भन्छन् : "पुरानो कोट लगाऊ र नयाँ किताब किन ।" थोरोको प्रस्तुत भनाइको अर्थ हो- ज्ञान सदैव नित्य नवीन हुन्छ, त्यसलाई प्राप्त गर्न बजारमा निस्केका नयाँनयाँ किताब किनेर पढ्ने बानीको विकासले मानिसलाई सभ्य बनाउँछ, विद्वान् तुल्याउँछ । यसबाट मानिसमा चेतनाको नयाँ ढोका खुल्न जान्छ । घोकन्ते पठन तथा कोरा पठनले मात्र मानिसको पठन संस्कृतिको विकास हुन सक्दैन र अध्ययनको दायरा फराकिलो हुन सक्दैन ।

पठन संस्कृतिको विकासका निम्ति सामाजिक परिवेश, व्यक्तिको अभिरुचि, अध्ययन गर्ने क्षमता, पुस्तक पढेर त्यसलाई ग्रहण गर्ने शक्ति, साथीसङ्गीको प्रभाव, व्यवहार, सङ्गत, विद्यालय, कलेजको वातावरण, सद्गुरुको उत्प्रेरणा, बाबुआमाको निर्देशन, सहयोगजस्ता कुराले पाठकमा पठन संस्कृतिको विकास गर्न सहयोगी भूमिका खेल्छ । दर्शन र राजनीतिका पुस्तक पढ्न रुचि राख्ने कार्ल मार्क्सले हेगेलको उत्प्रेरणाले उनमा द्वन्द्वात्मक भौतिकवादी दर्शनको विकास गर्न सहयोग पुऱ्यायो । यस्तै फ्रेडरिक ऐंगेल्सको उत्प्रेरणाले कार्ल मार्क्समा अर्थशास्त्रप्रति अभिरुचि जगायो । परिणामस्वरूप कार्ल मार्क्सले "पूँजी" ग्रन्थ दिन सफल भए ।

पाठकले धर्मशास्त्र, दर्शनशास्त्र, तर्कशास्त्र, अर्थशास्त्र, इतिहास, चिकित्साशास्त्र, मानवशास्त्र, भाषा, साहित्य र त्यसको इतिहासका बारेमा लेखिएका पुस्तकहरूको अध्ययन गरेर पठन संस्कृतिमा रमाउन सक्नुपर्छ । एकअर्कासित अन्तर्सम्बन्धित रहेका उल्लिखित विषयहरू मानव जीवनका महत्त्वपूर्ण रचना हुन् । तिनबारे बुझ्न उल्लिखित विषयहरू पढ्न सके मात्र पठन संस्कृतिको विकास हुन जान्छ । साहित्य पढ्ने पाठकले साहित्य बुझ्न मानव इतिहास, भाषा, समाजशास्त्र, धर्म, संस्कृति, भूगोलका पुस्तकहरू पढ्नुपर्ने हुन्छ । उल्लिखित विषयहरू पढ्न सकेमा मात्र पाठकले साहित्यबारे बुझ्न सक्छ । तब मात्र पाठकको दायरा फराकिलो हुन जान्छ ।

नेपाली समाजमा विद्यमान पठन संस्कृति लगाममा बाँधेको घोडाजस्तै बन्न पुगेको छ । स्कुल, कलेज र विश्वविद्यालयमा पढ्ने विद्यार्थीहरू केवल निश्चित तह उत्तीर्ण हुनका लागि सीमित पुस्तकहरू घोकन्ते पारामा पढ्छन् । त्यस्तै निजामती सेवामा प्रवेश गर्न चाहनेहरूको अध्ययनको दायरा पनि सीमित नै हुने गरेको पाइन्छ । विद्यालयमा पढाउने शिक्षक होस् वा कलेज, विश्वविद्यालयमा पढाउने प्राध्यापकको अध्ययन पनि आ-आफ्नो विषय क्षेत्रमा सीमित रहेको देखिन्छ । सामान्य किसान, मजदुर, व्यापारी, उद्योगीका तुलनामा प्राध्यापक वर्ग,

धर्मप्रचार गर्ने पण्डित वर्ग जसले सीमित मात्रामै भए पनि एउटै विषयमा भए पनि अध्ययन गरिरहेका हुन्छन् । तिनैलाई हामी पाठक भनिरहेका छौं । साहित्यका पाठकमा पनि कतिको कविताप्रति, कतिको कथाप्रति, कतिको उपन्यासप्रति, कतिको नाटकप्रति त कतिको निबन्धप्रतिको आकर्षण देखिन्छ । नेपाली कविता होस् वा नाटक वा आख्यान साहित्य पढ्ने पाठकले नेपाली जातिको भाषा, नेपालको इतिहास, संस्कृति, भूगोलजस्ता विषय पढ्पछि मात्र त्यस पाठकको पठन संस्कृतिले पूर्णता पाउँछ । सीमित विषयको पठनबाट पाठकको पठन संस्कृति पक्ष अधुरो हुन्छ । नेपाली समाजमा एउटा स्रष्टा वा साहित्यकार वा कुनै लेखकले लेखेको रचना परिचित पाठकबाट पढिँदैन । उसले लेखेको रचना वा कृतिबारे विचार विमर्श, समीक्षा गरिँदैन । स्रष्टा र लेखक दुबै यस किसिमको प्रवृत्तिबाट पठन संस्कृतिको विकास हुन सकिरहेको छैन । यस्तो अवस्थामा नेपाली समाजले गहन अध्येता, विश्लेषक र पाठक पाउन सकिरहेको छैन । नेपाली समाजमा भएका कतिपय पाठकहरू पनि एकलकाँटे प्रवृत्तिका पनि रहेका देखिन्छन् । त्यस्ता पाठकले एउटा विषय पढेपछि त्यसैमा सबै कुरा देख्ने, मैले निकै जानेको छु भनी अहम्ता प्रर्दशन गर्ने प्रवृत्ति पनि देखापर्छ । यसर्थ नेपाली समाजमा सच्चा पाठकको खडेरी नै देखापर्छ ।

साहित्य सिर्जनाका पछाडि साहित्यकारको निश्चित उद्देश्य भएजस्तै पाठकको पनि कुनै कृति पठनका पछाडि खास उद्देश्य रहेको हुन्छ । कतिपय पाठकले मनोरञ्जनका निम्ति पढिरहेका हुन्छन् भने कतिले औपचारिक तह उत्तीर्ण गर्न पाठ्यपुस्तक पढिरहेका हुन्छन् । कतिले आत्मज्ञान तथा चेतना वृद्धिका लागि पढिरहेका हुन्छन् । मनोरञ्जनका लागि पढ्ने पाठकले बजारमा पाइने चुट्किला, सस्ता उपन्यास, जोक्स, हास्यव्यङ्ग्यात्मक कविता, निबन्ध, लेखरचना पढिरहेका हुन्छन् । कतिपय पाठक आत्मकथा, आत्मसंस्मरण, महापुरुषका जीवनी पढेर आत्मज्ञान लिइरहेका हुन्छन् । यात्राको समय कटाउन होस् वा पर्यटकले कुनै देशको इतिहास, सामाजिक सांस्कृतिक जीवनका पक्ष, भौगोलिक अवस्थाका बारेमा लेखिएका पुस्तकहरू पर्यटन गर्न चाहने पर्यटकबाट पढ्ने गरिन्छ । यस किसिमको पठनका आफ्नै उद्देश्य रहेका हुन्छन् तापनि यसबाट पठन संस्कृतिको विकासमा केही हदसम्म मद्दत पुगिरहेको हुन्छ । ज्ञान आर्जनसँगै मानव जाति र समाजको कल्याणका निम्ति पठन संस्कृतिको विकास गर्ने पाठक कमै मात्र हुन्छन् । समाजमा कतिपय कर्मकाण्ड गर्ने पण्डित होस् वा वेदपाठ गर्ने वेदपाठी तिनको पठन समाजको विकासका निम्ति नभई आत्मतुष्टिका निम्ति हुने गर्दछ । तिनको पठन केवल घोकन्ते प्रवृत्तिको हुन्छ । वेदका मन्त्र तथा ऋचाहरू कण्ठस्थ गर्ने तर तिनको मर्म र तात्पर्य नबुझ्ने पण्डितहरूबाट पठन संस्कृतिको उद्देश्य पूरा हुँदैन र समाज परिवर्तनको दिशा पनि अघि बढ्दैन । पढ्नुको तात्पर्य हो पढ्को कुरालाई पाठकले मनमा गुन्नु । "पढेको त छ तर गुनेको छैन"

भन्ने कुराले पठनको मर्म सिद्ध हुँदैन । पठनको मर्मलाई आत्मसात् गर्न सकेको छैन अर्थात् राम्ररी गुन्न सकेको छैन भने त्यस्तो पठनको सार्थकता सिद्ध हुँदैन । पुस्तक पढिसकेपछि त्यसमा अभिव्यक्त विचार, दृष्टिकोणका बारेमा छफफल गरी निष्कर्ष निकाल्नु हो र जीवन व्यवहारमा उतार्नु हो । पाठकमा पुस्तक पढिसकेपछि छलफल गर्न सक्ने तर्कशक्तिको विकास हुनुपर्छ । पाठक-पाठकका बीचमा भएको एकआपसको तर्कवितर्क, छलफल र विमर्शले वास्तविक तत्त्वबोध हुन जान्छ । भनिएको पनि छ "वादे वादे जायते तत्त्वबोधः ।"

मान्छेको दिमागको ज्ञान त्यसबेला मात्र सार्थक हुन्छ, जब उसले आफ्नो ज्ञानलाई समाजको रूपान्तरण गर्न सदुपयोग गर्छ । जबसम्म पाठकको किताबी ज्ञान व्यावहारिक रूपमा देश, समाज र मानव कल्याणको दिशामा अग्रसर हुँदैन, त्यो ज्ञान निरर्थक हुन्छ । पाठकले पठन संस्कृतिको मर्मलाई हृदयङ्गम गर्न जरूरी छ । पठन भनेको केवल समय बिताउन वा बसिबियाँलोको लागि होइन । स्वान्त सुख र आत्मज्ञानको लागि पढ्नेहरूले पनि प्राप्त आफ्नो ज्ञानलाई अरू समक्ष हस्तान्तरण गर्न सक्नुपर्छ । कतिपय पाठकहरू किताब पढेर अरूका कमीकमजोरी औंल्याउने मात्र काम गर्छन् । त्यस्तो पठनले पनि पठन संस्कृतिको विकास हुँदैन । पठनको तात्पर्य त असल कुराको ग्रहण हो । पश्चिमी जगत्का प्रसिद्ध विद्वान् डोग्लस भन्छन् : "एक पटक तिमीले सिक्यौ भने जीवनभर तिमी स्वतन्त्र हुनेछौ ।" उनको यस भनाइबाट प्रस्ट हुन्छ । मानिसमा पढ्ने बानीको विकास भयो भने ऊ ज्ञानको समुद्रमा डुब्दै जान्छ अनि सागरजस्तै शान्त र गम्भीर बन्न पुग्छ । त्यसकिसिमको पाठकको पठनले समाज रूपान्तरणको दिशा पहिल्याउन सहयोग गर्दछ ।

आफूले बाँचेको युगको सेवा गर्ने उद्देश्यले पठन संस्कृतिको विकास गर्ने पाठकको उद्देश्य सामान्य पाठकको तुलनामा बढी संवेदनशील हुन्छ । पठन संस्कृतिको विकास गर्नु भनेको समाजको विकासको गतिलाई नयाँ तरिकाले अगाडि बढाउन प्रेरित गर्नु हो । पाठकको पठन संस्कृति तब मात्र सार्थक हुन्छ, जब उसको पठनले आफ्नो आत्मज्ञानको विकास मात्र नभई देश, समाज, मानव जाति मात्र नभई समग्र चराचर जीवनजगत्को हित गर्न समर्थ होस् । पाठकले पठन संस्कृतिका माध्यमबाट प्राप्त गरेको ज्ञानले सम्पूर्ण जीवनजगत्लाई आलोकित गर्न सक्नुपर्छ । पूर्वीय वाङ्मयका वेद, पुराण, उपनिषद्, दर्शन, धर्मशास्त्र, रामायण, महाभारत, छन्द, व्याकरण, ज्योतिष, आयुर्वेदजस्ता महत्त्वपूर्ण ग्रन्थको राम्रो अध्ययन गरेका र तिनको ज्ञान भएका पण्डित, ज्ञानी, विद्वान्हरूले आफ्नो ज्ञानलाई उत्तराधिकारीहरूमा सहजै हस्तान्तरण गरेनन् । जसको कारण पूर्वीय वाङ्मयका उल्लिखित ग्रन्थका जीवनोपयोगी महत्त्वपूर्ण तत्त्वज्ञानबाट आजको पुस्ता वञ्चित हुन गइरहेको अवस्था छ । ती ग्रन्थहरूमा दिव्यद्रष्टा

ऋषिमुनिहरूका तत्त्वदर्शी चिन्तन, ज्ञानबाट आजको विद्यार्थी वर्ग वञ्चित भएको छ । ती ग्रन्थको गुह्यतत्त्व पहिल्याएर पढ्ने पाठकको सङ्ख्यामा ह्रास आएको छ । पण्डित शब्दको अर्थ हो महत्त्वपूर्ण ग्रन्थहरू पढी समाजमा प्रवचन दिई सामाजिक जीवनमा ज्ञानको ज्योति फैलाउने । तर पढेका कतिपय पण्डितहरू आफ्नो ज्ञानलाई सन्दुसमा धन लुकाएर राखेझैं आफ्नो ज्ञानलाई दिमागभित्रै लुकाएर राख्नाले पनि नेपाली समाजमा पठन संस्कृतिको विकास हुन सकिरहेको अवस्था छैन । नेपाली समाजका कतिपय पाठकहरू पाश्चात्य जगत्को ज्ञान-विज्ञानको पछि दगुरिरहेका छन् ।

नेपालको राणाकालीन इतिहासमा आधुनिक शिक्षाको परिपाटी थिएन । केवल गुरुकुल पद्धतिको संस्कृत पठनपाठनका पाठशालाहरू थिए । संस्कृत भाषा-साहित्यका पुस्तक पठन गरिन्थ्यो । समाज परिवर्तन र आधुनिक शिक्षाको थालनी नभएको अवस्थामा नेपालका जागरूक, चेतनशील विद्यार्थीवर्ग नेपालबाहिर भारतका बनारस, पटना, कलकत्ता, दिल्ली, दार्जिलिङलगायतका स्थानमा बसेर अध्ययन गर्थे, जसले नेपालको सामाजिक परिवर्तनका निम्ति ठूलो भूमिका निर्वाह गऱ्यो अनि नेपालमा २००७ सालको परिवर्तन ल्यायो । २०१७ पछि पुनः पञ्चायती शासनकालमा कम्युनिष्ट समूहका चेतनशील वर्ग देशभित्र भूमिगत अवस्थामा र देशबाहिर बसी समाज परिवर्तनका निम्ति पठन संस्कृतिको विकास गरिरहेको अवस्था थियो भने २०४६ सालपछिको खुल्ला परिवेशमा पठन संस्कृतिले खासै स्थान बनाउन सकिरहेको अवस्था देखिँदैन । पञ्चायती कालमा काँग्रेस र कम्युनिष्टका नेता, कार्यकर्ताहरू समाजवाद, पूँजीवाद, मार्क्सवाद, माओवाद विचारधाराका पुस्तकहरू लुकिछिपी पढ्दथे । यसर्थ राणाकाल र पञ्चायती कालमा भूमिगत अवस्थामा सीमित राजनीतिक दलका नेता, कार्यकर्ता, विद्यार्थी र सामाजिक जागरूक वर्गमा पठन संस्कृतिको वातावरण थियो । अनि तिनै चेतनशील वर्गले आम नेपाली नागरिकलाई चेतनशील बनाउन र पठन संस्कृतिको विकास गर्नका निम्ति नेपालका विभिन्न स्थानमा पुस्तकालय र वाचनालय खोल्ने काम गरे तर तत्कालीन राणा शासकहरूले जनताको पठन संस्कृतिको वातावरण मन पराएनन् र पुस्तकालय नै बन्द गरी पुस्तकालय खोल्न सक्रिय भूमिका खेल्ने व्यक्तिहरू नजरबन्दमा राखिए । नेपालमा सरकारी तथा निजी पुस्तकालय स्थापनाको इतिहास धेरै पुरानो भए पनि सार्वजनिक पुस्तकालयको इतिहास भने धेरै पुरानो छैन । वि.सं. १९८६ सालमा सर्वप्रथम सार्वजनिक पुस्तकालय स्थापना गर्न जुटेका ४५-४६ जना युवाहरूको जोस र जाँगरमा राजकाज अपराधको हाउगुजी देखाएर कारवाही गरेको पर्व "लाइब्रेरी पर्व"को नामले नेपालको इतिहासमा चर्चित छ । लाइब्रेरी पर्वमा मुछिएकोलाई दण्ड जरिवानासमेत तत्कालीन सरकारबाट गरिएको जानकारी पाइन्छ । जनतामा चेतना र जागरणका स्वरहरू उठ्न थालेको प्रतिफलस्वरूप पुस्तकालय

स्थापनाको प्रयासमा जुटेका तत्कालीन सचेत युवाहरू यस काण्डमा कारवाहीमा परेको देखिन्छ । जसमा लक्ष्मीप्रसाद देवकोटा एक थिए । जुन कुरा पुस्तकालय पर्वका रूपमा नेपालको इतिहासमा उल्लेख गरिएको छ ।

नेपालमा राजनीतिज्ञ तथा राजनेता होस् वा साहित्यकार वा प्राध्यापक वा सञ्चारकर्मी वा उद्योगी वा व्यापारी वा अन्य कुनै व्यक्तिले आफ्नो घरमा सानसौखका निम्ति एक दुईवटा दराज होस् वा सोकेस होस् त्यसमा पुस्तकहरू सजाएर राखेका हुन्छन् किनकि पुस्तकहरू भनेका घरका गहना हुन्, शोभा हुन् । घरमा सजाएर राखिएका पुस्तकहरू पढेर साथीभाइ वा समाजका बौद्धिक वर्गसित विमर्श गर्ने, छलफल गर्ने, तर्क गर्ने, बहस गरी सोबारेमा निष्कर्ष निकाल्ने परिपाटीको विकास नेपालको बौद्धिक जमातमा भएको पाइँदैन । तर विकसित मुलुकमा भने त्यहाँको बौद्धिक जमात तथा पाठकले वर्षको कम्तीमा पनि ४०/५० वटा पुस्तकहरू पढ्ने गरेको पाइन्छ । त्यहाँ आत्मज्ञानका निम्ति र समाज विकासका निम्ति पठन संस्कृतिको विकास भएको देखिन्छ । नेपालको ग्रामीण क्षेत्रमा बसोबास गर्ने पाठकलाई स्थानीय बजारमा व्यावहारिक तथा जीवनोपयोगी पुस्तकहरू सहजै उपलब्ध हुन नसक्ने अवस्थामा पुस्तकालयका माध्यमबाट उसले पुस्तक पढ्ने आफ्नो बानीको विकास गर्न सक्छ । यस अवस्थामा पुस्तकालयको महत्त्व हुन जान्छ । नेपालको परिवेशमा भन्ने हो भने सच्चा पाठक पाउनै गाह्रो छ अर्थात् चामलमा बियाँ खोजेजस्तै हुन्छ । पुस्तकको गहिरो अध्ययन गर्ने पाठक नेपालमा कमै मात्र देखिन्छन् । पुस्तकको भित्री पाना नपढी बाह्य कभर हेरेर बकम्फुसे कुरा गर्ने अनि यस्तो भएन, उस्तो मिलेन भन्नेहरूको जमात नेपालमा ठूलै देखिन्छ । पाठकको अभाव र पठन संस्कृतिको विकास विना पुस्तकालयको औचित्य रहँदैन ।

१.२. पुस्तकालयको परम्परा

नेपाली सभ्यता र संस्कृतिको निर्माण कहिलेदेखि भएको हो भनी निश्चित किटान गरी भन्न नसकिए तापनि नेपालमा वर्षौंदेखि चल्दै आएका परम्परा, रीतिरिवाज, चालचलन, धर्मकर्म, भेषभूषाजस्ता अनेकौं कुराहरूबाट यसको प्राचीन महत्त्व र मूल्यबारे बताउन सकिन्छ । नेपालको धर्मसंस्कृति र परम्परा चिनाउने दसीका रूपमा यहाँका शिलालेख, ताम्रपत्र, स्वर्णपत्र, हस्तलिखित ग्रन्थहरू पर्याप्त छन् । त्यस्ता ऐतिहासिक अभिलेख, दस्तावेज तथा सामग्रीहरू नेपालका प्राचीन विभिन्न हिन्दू र बौद्ध मठमन्दिर, विहारहरूमा अद्यापि सुरक्षित रहेका देखिन्छन् । प्राचीन कालमा धार्मिक विधिविधान र धार्मिक उपदेशहरू ताम्रपत्र, ताडपत्र, भोजपत्र आदिमा लेखिएको पाइन्छ । अमूल्य सामग्रीहरूको सङ्ग्रह र संरक्षण हुने मठ, गुम्बा र विहारहरूलाई हामीले पुस्तकालयको पूर्वाधारका रूपमा लिन सक्छौं ।

पुस्तकालयको इतिहास मानव सभ्यताको विकाससँगसँगै भएको मानिन्छ । जब मान्छेले आफ्ना अनुभवका कुराहरू लेख्न र कोर्न जान्यो, तब ती लेखिएका र कोरिएका सामग्रीहरूलाई सुरक्षित रूपमा सङ्कलन गरी राख्न थाल्यो । त्यसैको व्यवस्थित काम पुस्तकालय हुन पुग्यो । समयक्रममा पुस्तकहरू सङ्कलन गरिएको र पुस्तकहरू रहेको ठाउँलाई पुस्तकालय भन्न थालियो । पुस्तकालयको परम्परा अत्यन्त प्राचीन देखिन्छ । घरका खोपा खटप्वाल, तखता, पूजास्थानको नजिकको कुनै ठाउँ आदिमा पुस्तकहरूलाई बाक्सा, रूमाल, थैला आदिमा सुरक्षासाथ बेरेर, बाँधेर राख्ने परम्परामा पुस्तकालयको विकास भएको हो र यिनले पुस्तकालयको प्रारूप सङ्केत गर्दछन् । विभिन्न बौद्ध विहार, चैत्य आदिमा पनि पुस्तकहरू, विशेषतः धार्मिक पुस्तकहरू सङ्ग्रह गर्ने परम्परा रहिआएको देखिन्छ ।

संस्कृत भाषाको पुस्तकालय शब्द पुस्तक + आलय मिलेर बनेको छ । पुस्तक शब्दको अर्थ किताब हो भने आलय भनेको घर हो । यसका पर्यायवाची वाचनालय, ग्रन्थालयजस्ता शब्दहरू संस्कृतबाट तत्सम शब्दका रूपमा नेपालीमा भित्रिएका छन् । यिनको रचना पुस्तक + आलय = पुस्तकालय, वाचन + आलय = वाचनालय, ग्रन्थ + आलय = ग्रन्थालय योगबाट भएको छ । पुस्तकालय, वाचनालय, ग्रन्थालय जे भने पनि यी विद्या, ज्ञान, शिक्षा प्राप्त गर्ने एक किसिमका घर हुन् । यसरी हेर्दा पुस्तकालय भनेको धेरै पुस्तकहरू राख्ने ठाउँ या घर हो । पुस्तकालय शब्द संस्कृत भाषाको पुस्तक + आलय मिलेर बनेको छ । पुस्तक शब्दको अर्थ नेपाली भाषामा किताब भन्ने हुन्छ र आलय भनेको घर हो । पुस्तक मानव चेतनाको महत्त्वपूर्ण कर्म सौन्दर्य हो, ज्ञानको स्रोत हो । ज्ञान पुस्तकमा सँगालिन्छ, पुस्तक ज्ञानसङ्ग्रह मानिन्छन् । यस्ता ज्ञानसङ्ग्रह पुस्तकहरू पनि सङ्ग्रह गरी राख्ने काम पुस्तकालयले गर्दछ । त्यसैले पुस्तकालयलाई ज्ञानसागरको रूपमा लिइएको पाइन्छ ।

सामान्य रूपमा भन्दा पुस्तकालय भनेको धेरै पुस्तकहरू राख्ने ठाउँ या घर हो । मानिसले आफूले प्राप्त गरेको अनुभव र ज्ञानलाई पुस्तकमा प्रस्तुत गर्छ किनकि ज्ञान पुस्तकमा सँगालिएको हुन्छ । त्यसैले पुस्तक ज्ञानसङ्ग्रह मानिन्छन् । जीवनजगत्का यावत् विषयमा लेखिएका ज्ञानसङ्ग्रह नै पुस्तकहरू हुन् । तिनै पुस्तकहरूलाई व्यवस्थित किसिमले सङ्ग्रह गरी राख्ने काम पुस्तकालयले गर्दछ । पुस्तकालयलाई ज्ञानसागरको रूपमा लिइन्छ । अङ्ग्रेजी भाषाको लाइब्रेरी (Library) को पर्याय नाम नै पुस्तकालय हो ।

पुस्तकालयको सुरूवात नै धार्मिक पुरोहितका घर, मठमन्दिर, राजाको दरबार, विद्वान्वर्ग, धनीवर्गका घरबाट सुरू भएको हो । यसरी प्राचीन कालदेखि नै समाजमा स्थान पाउँदै आएको पुस्तकालयले छापाखानाको आविष्कारले गर्दा

पत्रपत्रिका छाप्न सजिलो भयो । यसले गर्दा दिनहुँ लाखौं पत्रपत्रिकाहरू प्रकाशित भइरहेका छन् । कम्प्युटर र मोवाइलजस्ता प्रविधिको विकासले गर्दा पुस्तकालयको स्वरूपमा पनि ठूलो परिवर्तन आएको छ । पुस्तकालयलाई आजभोलि सूचनाका स्रोतको केन्द्र पनि भनिन्छ । विभिन्न पुस्तकालय, तिनका मुखपत्र, दैनिक, मासिक, पाक्षिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक रूपमा प्रकाशित हुने पत्रपत्रिका भाषिक उत्थान र विकासका महत्त्वपूर्ण आधार स्तम्भ हुन् वा इँटा र शिला हुन् । पुस्तकहरू ज्ञानका ज्योति हुन् ।

जुन घरमा ज्ञानवर्धक पुस्तकहरू हुँदैनन्, त्यो घर भूत बङ्गलाजस्तो हुन्छ । वास्तवमा पुस्तकहरू दराजमा सजाउनका लागि नभई पठन संस्कृतिका निम्ति तयार भएका जीवनका महत्त्वपूर्ण आधार सामग्री हुन् । समयको सदुपयोग गर्नेहरू आफ्नो स्थानीय समाजमा स्थापना गरिएको वा खोलिएको पुस्तकालयमा गई रुचिअनुसारका पुस्तकहरू पढ्ने गर्दछन् ।

मानवीय बुद्धि र चेतनाको विकास र विस्तारका क्रममा पुस्तकालय खुल्दै आएका छन् । जसमा व्यक्तिगत घरेलु कक्षका रूपदेखि सार्वजनिक रूपमा ठूलाठूला भवनहरूमा पुस्तकालयहरू खोलिएका छन् र तिनको विस्तार हुँदै आएको छ । पुस्तकको पठनबाट मानिसले आफ्नो अज्ञानताको आभास पाउँछ र ज्ञान प्राप्त गर्दछ । किताबहरू पराइ हुँदैनन् । किताब त मानिसका सच्चा मित्र हुन् । किताबले अज्ञानीलाई ज्ञान दिन्छन्, बुद्धिहीनलाई बुद्धिको विकास गराउन सहयोग गर्दछन् । मानिसलाई मानिसका रूपमा बाँच्न सिकाउँछन् । यसर्थ पुस्तक, किताब, ग्रन्थहरू सरस्वतीका वरद सन्तान हुन् । ती ज्ञानको ज्योतिले भरिएका आलोक हुन्, प्रकाश पुञ्ज हुन् । सहरका एक जना धनाढ्य व्यक्तिको घर भौतिक सामग्रीले सजिसजाउ भएको र त्यस घरमा कुनै कुराको असुविधा नभई सबै प्रकारका सुविधाहरू भए पनि एउटा कुराको अभाव देखेकी विश्व प्रसिद्ध लेखिका तसलिमा नसरिन जुन घरमा पुगिन् त्यस घरमा एउटा पनि पुस्तक थिएन । न त पुस्तकहरू राख्ने दराज र पुस्तकालय कक्ष नै । त्यत्रो भौतिक सामग्रीले सजिसजाउ भएको त्यस घरमा एउटा पनि पुस्तक नभएको देखेपछि उनले त्यस घरको भव्यतालाई व्यर्थ ठानिन्, घरको कुनै शोभा नभएको देखिन् । कुनै व्यक्तिको घरको सभ्यता, भव्यता र गौरव बढाउने साधन भनेकै पुस्तक हुन् । जुन घरमा ज्ञानवर्धक पुस्तकहरू हुँदैनन्, त्यो घर भूत बङ्गलाजस्तो हुन्छ । वास्तवमा पुस्तकहरू दराजमा सजाउनका लागि नभई पठन संस्कृतिका निम्ति तयार भएका जीवनका महत्त्वपूर्ण आधार सामग्री हुन् । समयको सदुपयोग गर्नेहरू आफ्नो स्थानीय समाजमा स्थापना गरिएको वा खोलिएको पुस्तकालयमा गई रुचिअनुसारका पुस्तकहरू पढ्ने गर्दछन् ।

पुस्तकालयमा राखिने पुस्तकहरूको व्यवस्थापन सरल र सहज भइदियो भने पुस्तकालय पुगेर पुस्तक पढ्ने पाठकहरू बढ्न सक्छन् । जहाँ पाठकहरूको रुचि, चाहना र इच्छाअनुसारका पुस्तकहरूको उपलब्धता सहजै हुनु आवश्यक हुन्छ । पुस्तकालयमा पुस्तक र पत्रपत्रिका पढ्ने कक्ष स्वच्छ, सफा, शान्त, वातानुकूलित, टेबुल, कुर्सी, विद्युत्को उज्यालो, पङ्खा, सूर्यको प्रकाशले पाठकलाई पढ्नका निम्ति सहज वातावरण बनाइदिएको हुनुपर्छ । त्यस्तो वातावरण पढ्नका निम्ति उपयुक्त पनि हुन्छ ।

नेपालका कतिपय स्थानमा खुलेका पुस्तकालयमा पाठकहरू नियमित रूपमा गई आ-आफ्नो रुचिअनुसारका पुस्तकहरू पढ्ने गरेको पाइन्छ । नियमित पुस्तकालय पुगेर पुस्तक पढ्ने पाठकको प्रतिक्रिया यस्तो पाइन्छ : "खालि समय बस्न मन लाग्दैन । फेरि खालि समय बस्नु भनेको शैतानको घर जमाउनु हो । खालि समयमा साथीभाइहरूले मोबाइलमा फेसबुक चलाएर बस्छन् । कतिपय साथीभाइहरू भेट भयो कि उरेन्तेउला गफ चुट्ने, हँसीमजाक गरी एकले अर्कोलाई उडाएर जोक्स गरी बस्छन् । आफू भने खालि समयमा नियमित रूपमा पुस्तकालयमा गई आफूलाई मन परेका पुस्तक र पत्रपत्रिका पढेर समय बिताउँछु । जसमा केही न केही ज्ञानगुनका कुरा, सूचना र सन्देश पाइन्छ ।"

गाउँमा पुस्तकालय खुलेपछि समाजका शिक्षित युवाहरू मात्र नभई वृद्धवृद्धाहरू पनि उत्साहित भई आ-आफ्नो रुचि, चाहना र इच्छाअनुसारका पुस्तक, पत्रपत्रिका पढ्ने गरेको कुरा पुस्तकालयका सञ्चालक बताउँछन् । "पुस्तक पढ्ने बानीले तपाईंमा के विकास भयो ?" भनी सोध्दा पुस्तकालयमा नियमित पुस्तक पढ्न जाने एक जना पाठक आफ्नो अनुभव यसरी व्यक्त गर्दछन् : "म जुन ठाउँमा पुग्न सकेको छैन वा सक्दिन । त्यो ठाउँमा मलाई पुस्तकले पुऱ्याउँछ र त्यहाँको बारेमा सत्यतथ्य जानकारी दिन्छ । त्यसबाट म धेरै कुरा जान्नेबुझ्ने अवसर पाउँछु । फेरि पुस्तक पढ्ने बानीले ज्ञानको क्षेत्रलाई फराकिलो बनाउँछ । यसर्थ म नियमित रूपमा पुस्तकालय गई आफ्नो रुचिअनुसारको किताब खोजी-खोजी पढ्छु ।" पुस्तकालयमा पुगेर नियमित पुस्तक पढ्ने पाठकहरू भने पुस्तकलाई ज्ञानको स्रोतका रूपमा लिन्छन् ।

पुस्तकालयमा काम गर्ने कर्मचारीको अनुभव आफ्नै किसिमको रहेको छ । ती आफ्नो अनुभव व्यक्त गर्दै भन्छन् : "आजभोलिका पाठक भनौं विद्यार्थीहरूको भन्दा पुस्तकका बारेमा आफ्नो ज्ञान र त्यसको अनुभव आफूमा बढी मात्रामा रहेको छ । फेरि आजभोलिका पाठकहरूमा मोबाइल र कम्प्युटरको प्रयोग गर्ने बानीले पुस्तकालयमा आई पुस्तक पढ्नेहरूको सङ्ख्या ह्वात्तै घट्न गएको छ । पहिला-पहिला पुस्तक पढ्न आउनेहरूको भीड लाग्थ्यो भने अहिले दिनभरिमा एकदुई पाठक आउँछन् । पाठकसँग बोल्ने पाठकलाई चिन्ने बानी लागेका हामी

पुस्तकालयका कर्मचारीलाई अलि कस्तो-कस्तो नमज्जाको अनुभूति भइरहेको छ ।"

पुस्तकालयमा भिन्नभिन्न उमेर समूह बालबालिका, युवा र वृद्धाहरूका लागि अलग-अलग कक्षको व्यवस्थापन हुँदा अध्ययन गर्न आउनेहरूलाई सहज हुने देखिन्छ । बालअध्ययन कक्षमा बालोपयोगी पत्रपत्रिका, पुस्तकको उचित व्यवस्थापन हुन सके बालबालिकाहरू त्यसतर्फ आकर्षित हुन जान्छन् । त्यस्तै कम्प्युटर कक्ष, सांस्कृतिक कक्ष, पौराणिक तथा धार्मिक ग्रन्थ कक्ष, भाषा-साहित्य कक्ष, दर्शन कक्ष, विज्ञान-प्रविधि कक्ष, पत्रपत्रिका कक्ष आदिको उचित व्यवस्थापन हुनु राम्रो मानिन्छ । यस्तो अवस्थामा पाठक वर्ग पुस्तकालयमा आकर्षित हुन पुग्छन् ।

नेपालका कतिपय स्थानमा खुलेका पुस्तकालयको उचित व्यवस्थापन अनि सर्वसुलभ सुगम स्थान हुन नसक्दा र पर्याप्त पुस्तकको अभावमा पनि पाठक वर्ग त्यसतर्फ आकर्षित हुन नसकिरहेको अवस्था देखिन्छ । राज्य पक्षले पनि पठन संस्कृतिको विकासका निम्ति यस दिशामा भूमिका खेल्नुपर्ने देखिन्छ ।

नेपालका कतिपय स्थानमा खुलेका पुस्तकालयको उचित व्यवस्थापन अनि सर्वसुलभ सुगम स्थान हुन नसक्दा र पर्याप्त पुस्तकको अभावमा पनि पाठक वर्ग त्यसतर्फ आकर्षित हुन नसकिरहेको अवस्था देखिन्छ । राज्य पक्षले पनि पठन संस्कृतिको विकासका निम्ति यस दिशामा भूमिका खेल्नुपर्ने देखिन्छ । वर्तमान नेपालको संविधानले हरेक नगरपालिका र गाउँपालिकामा एकएकवटा पुस्तकालयको व्यवस्था गरेको छ । यस अवस्थामा राणाकाल र पञ्चायत कालमा खोलिएका पुस्तकालयको समुचित विकास गर्ने, संरक्षण गर्ने व्यवस्था राज्यले गरेको देख्न पाइन्छ । यस्तो स्थितिमा देशको चेतनशील, जागरूक एवं विद्याप्रेमी प्रबुद्ध वर्गले मानव समुदायको चेतनाको विकासका निम्ति आ-आफ्नो टोल, गाउँ, नगर र जिल्लामा खोलेका पुस्तकालयबाट उनीहरूमा मानवीय चेतना र जागरणको विकास भएको अवस्था देखिन्छ । देशका विभिन्न स्थानमा खुलेका पुस्तकालयहरूको अवस्थालाई हेरी तिनलाई विभिन्न ढङ्गले वर्गीकरण गरिएको पाइन्छ । जस्तैः कुनै व्यक्तिले आफ्नो स्वाध्ययनका निम्ति घरमा स्थापना गरेको वा बनाएको व्यक्तिगत पुस्तकालय, घरेलु पुस्तकालय । राज्यको लगानीमा खोलिएको पुस्तकालय राष्ट्रिय पुस्तकालय जुन नेपालको काठमाडौं उपत्यकाभित्र ललितपुर स्थित हरिहर भवनमा स्थापित छ । त्यस्तै केसर महलमा केसर पुस्तकालय, त्रि.वि.को केन्द्रीय पुस्तकालय आदि राज्यको लगानीमा खोलिएका पुस्तकालय राष्ट्रिय पुस्तकालय हुन् । यसैगरी काठमाडौमा मदन पुरस्कार पुस्तकालय, डिल्लीरमण रेग्मी पुस्तकालय, भृकुटी मण्डपमा खोलिएका

सार्वजनिक पुस्तकालयहरू व्यक्तिको सत्प्रयासमा खोलिएका पुस्तकालय हुन् । अनुसन्धान पुस्तकालय, पाठशालाका पुस्तकालय, विभागीय पुस्तकालय, विशिष्ट पुस्तकालय आदि अनेकौं प्रकारमा पुस्तकालय वर्गीकृत भएको देखिन्छ । नेपालका विभिन्न स्थानमा समयसमयमा खोलिएका पुस्तकालयहरूको सङ्ख्या किटानीका साथ यति छ भन्न नसकिए तापनि मोटामोटी रूपमा १५०० सयको हाराहारीमा रहेको देखिन्छ । तिनको स्थापनाको इतिहास, विगत र वर्तमान अवस्थाबारे विशेष रूपमा अध्ययन गरी सत्यतथ्य प्रकाशमा ल्याउन आवश्यक छ ।

१.३. रेसुङ्गाको काखमा किरण पुस्तकालय

गुल्मी जिल्लाको सदरमुकामको शिरोभागमा अवस्थित रेसुङ्गा पर्वतको महत्त्व प्राचीन कालदेखि धार्मिक, सांस्कृतिक रूपमा रहिआएको छ । साथै यसको महत्त्व प्राकृतिक सुन्दरताका दृष्टिले पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छ । समुद्री सतहदेखि करिब २४०० मिटर जति अग्लो रेसुङ्गा पर्वत समग्र लुम्बिनी अञ्चलकै शिरमुकुट मानिन्छ । हरियो घना वनजङ्गल, पोखरी, झरना, वनमा रमाउने चितुवा, हरिण, औषधीय गुणले युक्त महत्त्वपूर्ण जडिबुटीले रेसुङ्गा पर्वतको सुन्दर प्राकृतिक छटा झल्काइरहेका छन् भने धार्मिक सांस्कृतिक महत्त्वका दृष्टिले रेसुङ्गा पर्वत प्राचीन ऋषिमुनिहरूको पवित्र तपोभूमिका रूपमा नेपालभरि नै प्रसिद्ध छ । यो क्षेत्र प्राचीन कालदेखि ऋषिमुनिको सिद्ध तपस्थलीका रूपमा परिचित हुँदै आइरहेको कुरा पुराण इतिहासमा उल्लेख भएको पाइन्छ । यहाँ अद्यापि अखण्ड रूपमा यज्ञयज्ञादि कार्य हुँदै आइरहेको छ । साथै रेसुङ्गा पर्वतभित्रको घना वनजङ्गलमा गोशालाको व्यवस्था हुँदै आइरहेको छ । त्रेतायुगमा यस तपोभूमिमा ऋष्यशृङ्गले तपस्या गरेको कुरा रामायणमा उल्लेख गरिएको पाइन्छ । ऋष्यशृङ्गको अर्थ हो सिङ भएका ऋषि । ऋष्यशृङ्गबाट अपभ्रंश भई रेसुङ्गा शब्द बनेको मानिन्छ तापनि इतिहासमा यो क्षेत्र मगर प्रभावित भएकाले मगर भाषामा 'गा, घा, लुङ, तुङ, मी' जस्ता परसर्ग लागेका शब्दहरू यस क्षेत्रमा प्रशस्त भएकाले रेसुङ्गा शब्द पनि मगर भाषाबाट आएको हो कि भन्ने भान पर्न सक्छ ।

ऋष्यशृङ्ग्य ऋषि त्रेतायुगमा वशिष्ठ ऋषिको निमन्त्रणामा पुत्रहीन राजा दशरथको पुत्रेष्टि यज्ञमा पुगी राजा दशरथलाई पुत्र प्राप्तिको अहम् भूमिका निभाई यज्ञ सम्पन्न गरेको कुरा रामायणमा उल्लेख गरिएको पाइन्छ । साथै तिनै ऋष्यशृङ्ग्य ऋषि त्रेतायुगमा नै तत्कालीन मिथिला क्षेत्रका राजा जनकको नगरी जनकपुरमा राजा जनकद्वारा आयोजित यज्ञमा सहभागी भई यज्ञ सम्पन्न गरेका कुराहरू रामायण आदि पौराणिक ग्रन्थमा उल्लेख गरिएको पाइन्छ । प्राचीन

कालदेखि नै रेसुङ्गा पर्वतको धार्मिक, सांस्कृतिक महत्त्व रहँदै आएको अवस्थामा नेपालका राणा शासकहरूले आफ्नो शासन व्यवस्थामा विघ्नबाधा आई नपरोस् भनी यस क्षेत्रमा यज्ञयज्ञादिका निम्ति काठमाडौंबाट साधु सन्तहरू पठाउने गर्दथे । जङ्गबहादुर राणादेखि मोहन शमशेरसम्मका राणाहरूले तपोभूमि रेसुङ्गा पर्वतमा देशका तपस्वी, साधु सन्तहरूद्वारा यस पवित्र भूमिमा अखण्ड यज्ञ गराउँदै आएका थिए । जुद्ध शमशेरदेखि मोहन शमशेरका पालासम्म काठमाडौंको कालीमाटीका स्वामी यदुकानन्दले सिद्धभूमि रेसुङ्गामा अखण्ड यज्ञ लगाउने क्रममा गुल्मी चारपाला, धुर्कोट, परालमीका विद्वान्हरूलाई आमन्त्रण गर्दथे । सोही क्रममा परालमी छापका बडापण्डित श्रीधर पोखरेल यदुकानन्द ब्रह्मचारीका अत्यन्त प्रिय पात्र भएकाले उनी तत्कालीन मोहन शमशेरको दरबारमा पुगी अठारवटा पुराण बाँच्न सफल भएका तथ्यहरू सुन्न पाइन्छ । यही सिद्धभूमि रेसुङ्गामा अद्यापि यज्ञयज्ञादि धार्मिक अनुष्ठान अविरल रूपमा हुँदै आइरहेको छ । सिद्धभूमि रेसुङ्गामा धार्मिक सांस्कृतिक जागरण मात्र होइन, नेपाली भाषा-साहित्यको विकासमा पनि महत्त्वपूर्ण कार्य भएको कुरा नेपाली भाषा-साहित्यको इतिहासमा पढ्न पाइन्छ ।

नेपाली कविताको प्राथमिक कालका निर्गुण भक्तिधाराका प्रथम सन्तकवि तथा सन्त सम्प्रदायका प्रवर्तक शशिधर (१८०४-१९०६) वि.सं. १८३१ तिर गुल्मीको शिरोभाग रेसुङ्गा पर्वतमा आएर विश्रामका निम्त कुटी बनाई यहाँको धार्मिक सांस्कृतिक संरक्षणमा लागेको तथ्य पुस्तकहरूमा उल्लेख गरिएको पाइन्छ । साथै सन्त शशिधरले यहींबाट जोसमनि सन्त सम्प्रदायको प्रचार-प्रसार गरेको पाइन्छ । यिनै शशिधर रेसुङ्गाबाट काठमाडौं पुगी आफ्ना शिष्यहरूलाई जोसमनि सन्त सम्प्रदायको दीक्षा दिई त्यसको प्रचार-प्रसार गर्न नेपालको पूर्व-पश्चिम र भारतमा समेत पठाउने गरेका तथ्यहरू पाइन्छन् । रेसुङ्गा पर्वतको तपोभूमिमा बसी सन्त शशिधरले जोसमनि सन्त सम्प्रदायको स्थापना गरी यसको प्रचार-प्रसार, संरक्षण र विकासमा सक्रिय भूमिका खेल्नुका साथै नेपाली र संस्कृत मिश्रित सधुक्कडी भाषामा सन्तशिरोमणि शशिधरले (१) सच्चिदानन्द लहरी, (२) वैराग्याम्बर, (३) पाखण्ड खण्ड अखण्ड, (४) गुरुपञ्जा, (५) अजपगीता, (७) भजनसङ्ग्रहजस्ता पद्य र गद्य कृतिको रचना गरेको देखिन्छ । उनको सच्चिदानन्द लहरी प्राथमिक कालीन नेपाली कविताको एउटा विशिष्ट रचना मानिन्छ ।

प्राचीन ऋषिमुनिहरूको पवित्र तपोभूमिका रूपमा परिचित रेसुङ्गा पर्वतको काख तमघास बजारमा २०२५ सालमा यहाँका स्थानीय जागरूक, बुद्धिजीवी, समाजसेवीहरू देवीदत्त पन्थी, शशि पन्थी, भेषबहादुर कुँवर, दीन पन्थीलगायत अन्य महानुभावहरूको सद्विचारको प्रयासमा किरण पुस्तकालयको स्थापना भएको देखिन्छ । यस पुस्तकालयको स्वर्ण-जयन्ती मनाउने तैयारी भइरहेको अवस्थामा

सोही पुस्तकालयको त्रैमासिक पत्रिका हाम्रो पुरुषार्थ पुस्तकालय विशेषाङ्कका रूपमा प्रकाशित हुन लागिरहेको छ ।

नेपालभित्रका पुस्तकालयमध्ये किरण पुस्तकालय पनि एक हो । गुल्मी जिल्लाको सदरमुकाम तम्घास बजारमा स्थापित किरण पुस्तकालय (२०२५) ले पनि आफ्नो स्थापनाकालदेखि नै नेपाली भाषा र साहित्यका क्षेत्रमा विभिन्न कार्यहरू गर्दै आएको छ । यसका साथै वि.सं. २०३० सालदेखि मुखपत्र 'हाम्रो पुरुषार्थ' प्रकाशित गर्दै आएको देखिन्छ । हाल यो अर्धवार्षिक हुँदै त्रैमासिक रूपमा प्रकाशित हुन थालेको छ । यसका अतिरिक्त पुस्तकालयले समय-समयमा यस क्षेत्रको धार्मिक, सांस्कृतिक महत्त्वको बारेमा प्रकाश पार्ने उद्देश्यले पुस्तकालयको स्थापना काल (२०२५) देखि हालसम्म स्वामी सन्त शशिधरको बाणोपनिषद् (२०३३), महाप्रभु लक्ष्मीनारायण, योगकुमार र लीलाम्बर भुसालको संयुक्त लेखनमा तयार पारिएको रेसुङ्गाका आध्यात्मिक कृति (२०३६), नेपालका पाणिनीय विद्वान् एवं गुल्मीका विद्वत् गौरव डा. टीकाराम पन्थीद्वारा लिखित केही जनश्रुतिहरू (२०४२), नेनेपालः (२०४४), बुद्धस्मरणम् (२०५४), सांस्कृतिक चिन्तन (२०६२), अर्वाचीन रेसुङ्गा (२०६४) । २०४२-२०४३ सालतिर गुल्मी जिल्लाको प्रशासनिक क्षेत्रमा प्रमुख जिल्ला अधिकारी भई आएका केशवप्रसाद पौडेलद्वारा लिखित रुरुक्षेत्र (२०४३), मुकुन्दहरि ज्ञवालीको मेरो देश नेपाल (२०५४), डा. राजाराम सुवेदीको गुल्मीको ऐतिहासिक झलक (२०५५), नेपालका प्रगतिवादी साहित्यकारका रूपमा परिचित मोदनाथ प्रश्रितको मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा (२०५८), परशुराम उपाध्याय पन्थीको तपोभूमि रेसुङ्गाधाम (२०६७), अर्जुनप्रसाद भट्टराईको ग्रहविमर्श (२०६८), डा. लक्ष्मीकान्त पन्थीको काव्यमालिका (२०७५) लगायतका चौधवटा पुस्तकहरू प्रकाशित गरिसकेको छ । किरण पुस्तकालयले समय-समयमा नेपाली भाषा-साहित्य, संस्कृति, इतिहासलगायतका विभिन्न विषयमा संगोष्ठी (सेमिनार) गर्दै आइरहेको छ । गुल्मीको भाषिक, साहित्यिक, सङ्गीत, नृत्यलगायतका कला र यससम्बन्धमा लेखिएका भाषिक, साहित्यिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक पुस्तकहरू र गुल्मीका विद्वान् एवं साहित्यकारहरूद्वारा सिर्जना गरिएका पुस्तकहरूको प्रदर्शनीको व्यवस्था गर्दै आएको छ । गुल्मीको भाषिक, साहित्यिक, सङ्गीत, नृत्य कला र यहाँको धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्त्व उजागर गर्नु यसको उद्देश्य हो । गुल्मी महोत्सवको अवसरमा पनि किरण पुस्तकालयले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको देखिन्छ । यसरी किरण पुस्तकालयले नेपाली भाषा-साहित्य, धर्म-संस्कृतिका पुस्तक प्रकाशनजस्ता कार्यहरू गरी नेपाली भाषा-साहित्य र संस्कृतिको विकास र संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

नेपाली भाषाको विकासमा गुल्मीजस्तो जिल्लामा जन्मिएर पनि किरण पुस्तकालयले दिएको योगदान महत्त्वपूर्ण छ । एक साहित्यिक संस्थाका रूपमा विकसित यस पुस्तकालयले विभिन्न भाषिक, साहित्यिक गोष्ठीजस्ता कार्यक्रम गर्ने गरेको छ । यसका साथै नियमित रूपमा पत्रिका प्रकाशन, पुस्तक प्रकाशनजस्ता महत्त्वपूर्ण कार्यहरू गर्ने गरेको यस किरण पुस्तकालयबाट प्रकाशित हाम्रो पुरुषार्थ र किरण पुस्तकालयले नेपाली भाषा-साहित्यको विकासमा पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको छ ।

सह-प्राध्यापक : त्रिभुवन विश्वविद्यालय, नेपाल, (वर्तमान)नेपाल चेयर, भारतीय भाषा विभाग, काशी हिन्दू विश्वविद्यालय, वाराणसी ।

-ooo-

छत्रकोट गाउँवासीहरूमा हार्दिक अनुरोध

- फोहर सकेसम्म कम उत्पादन गर्न र जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं। फोहर व्यवस्थापनको लागि तोकिएको शुल्क समयमा नै तिरी सभ्य नागरिकको परिचय दिऔं।
- जन्मदर्ता, विवाह दर्ता, मृत्यु दर्ता, सम्बन्ध विच्छेद एवम् बसाईंसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवम् खोलानालालाई फोहर ढल विसर्जन स्थलको रूपमा प्रयोग नगरौं।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- सवारीसाधन जथाभावी रूपमा पार्किङ्ग नगरौं ।
- पूर्वपश्चिम लोकमार्ग तथा सहायक मार्गहरू मिची सडकमा भौतिक संरचना निर्माणसामग्री नराखौं।
- फोहोर अव्यस्थित रूपमा खाली जग्गा, सार्वजनिक स्थल, सडक, नदी, नहरका छेउमा फाल्दा गाउँ नै दुर्गन्धित हुने भएकोले यसरी अव्यवस्थित रूपमा फोहर फाल्ने कार्य तत्काल बन्द गरी उत्पादन तहमै, स्थानीय टोल समुदाय तहमै व्यवस्थित गर्न फोहर संकलन गर्ने सवारी साधनमा राखी गाउँ सफा राख्ने अभियानमा सहयोग गर्नुहुन अनुरोध छ ।
- आफ्नो टोललाई हप्ताको एक दिन नियमित रूपमा सफा गर्ने गरौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- गाउँपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- रुख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं, स्वच्छ वातावरण बनाऔं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- प्लाष्टिकका झोला प्रयोगलाई निरुत्साहित गरौं ।

नर्मदा भण्डारी
उपाध्यक्ष

मधुकृष्ण पन्त
अध्यक्ष

तथा

छत्रकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, हर्दिनेटा, गुल्मी

कुरा प्राचीनतम पुस्तकालयका

डा. बाबुराम ज्ञवाली

सातौं शताब्दीको नालन्दा पुस्तकालय

सुरूमा ऋषिमुनिहरू नै जीवित पुस्तकालय थिए । त्यस समयमा ज्ञान श्रुतिपरम्परामा हस्तान्तरण गरिन्थ्यो । ज्ञानलाई संक्षेपमा संझनामा राख्न ऋषिहरूले त्यसलाई मन्त्रको रूप दिए । ज्ञानको विस्तार हुँदै जाँदा मन्त्रको संख्यामा वृद्धि भयो । यसलाई सुरक्षित राख्न व्यासले शिष्यका चार समूह बनाए र प्रत्येकलाई अलग अलग मन्त्र सुरक्षित राख्ने आदेश दिए । यसरी एउटै ज्ञान चार भागमा विभाजन भयो । मन्त्रहरूलाई पनि संक्षेपीकृत गरेर सूत्र रचना गरे ।

समयक्रममा लिपिको आविष्कार भयो । कलम, मसीको आविष्कार भयो । भोजपत्रमा लेखेपछि सुरक्षित रहन्छ भन्ने कुराको ज्ञान भयो । यसरी ज्ञानलाई सुरक्षित राखेर हस्तान्तरण गर्न अझ सजिलो हुन गयो ।

विश्वमा गुरुकुलीय शिक्षाको साथै पुस्तक संकलन प्रारम्भ भएको अनुमान गर्न सकिन्छ । किनभने हरेक गुरुसंग केही ग्रन्थहरूको संकलन आवश्यक थियो । निश्चित रूपमा त्यो सानो पुस्तकालयमा कपडामा बेरेर राखिएका बाइन्ड नगरिएका केही पुस्तकहरूको संकलन हुने गर्थ्यो । त्यसैले प्राचीन समयमा पुस्तकलाई ग्रन्थ भनिन्थ्यो । जसको अर्थ हो गाँठो पारेर बाँधेको थुप्रो । यो संकलन ज्ञानको सुरक्षा गर्न, सन्दर्भ व्यक्त गर्न, र प्रदत्त ज्ञानको प्रामाणिकताका लागि आवश्यक छ । पुस्तकको सुरक्षा एक उच्चस्तरीय काम मानिन्थ्यो । त्यस्तै पुस्तक राखेर पढ्नका लागि पुस्तकका आसन बनाइएको हुन्थ्यो ।

प्राचीनकालमा पेशावर (पुरुषपुर), हे-ला (हेद्दा), संकाश्य, कान्यकुब्ज, श्रावस्ती, कुशीनगर, वैशाली, पाटलीपुत्र, राजगृह, गया, वाराणसी, गान्धार, पुष्कर, उदयन, कश्मीर, मथुरा, थानेश्वर, अयोध्या, कपिलवस्तु, मगध, नालन्दा, मुंगेर इत्यादि स्थानमा शिक्षा केन्द्रहरू रहेको जानकारी चीनियां यात्रुहरू फाहियान, हुएन्त्साङ, ईत्सिङबाट प्राप्त हुन्छ । फाहियानले पांचौं शताब्दीमा, हुएन्त्साङले सातौं शताब्दीमा, र त्यसको लगत्तै पछि ईत्सिङले यी शिक्षाकेन्द्रहरूको भ्रमण गरेका थिए । तथापि बनारस धेरै समयसम्म ज्ञानको केन्द्रको रूपमा प्रसिद्ध रह्यो । नेपालका विभिन्न स्थानमा गुरुकुल सञ्चालन रहेको जानकारी नेपालको इतिहासबाट प्राप्त हुन्छ । याज्ञवल्क्य स्मृति मिथिलामा रचना भएको उल्लेख छ । राजनीतिरत्नाकर सिमरौनगढमा रचना गरिएको भनिएको छ । पृथ्वीनारायण शाहले भक्तपुर गुरुकहाँ गएर अध्ययन गरेका हुन् । काठमाडौं, भक्तपुर, पाल्पा, गुल्मी, अर्घाखांची, प्युठान, पर्वत, बाग्लुङ, भोजपुरलगायतका अनेक स्थानहरूमा गुरुकुल सञ्चालन हुने गरेका थिए । त्यसैले के भन्न सकिन्छ भने ती स्थानका गुरुकुलहरूमा थोरै धेरै पुस्तकहरूको संकलन थियो ।

विगतका अनेक गुरुकुलीय विद्याकेन्द्रमध्ये तक्षशिला र नालन्दा विशेष प्रसिद्ध छन् । यस लेखमा ती दुई पुस्तकालयबारे चर्चा गरिने छ ।

के तक्षशिलामा पुस्तकालय थियो ?

तक्षशिलाको अर्थ हुन्छ शिला तास्नु । यो नाम रामका भाई भरतका दुई छोराहरूमध्ये एकको नामबाट रहेको हो । भरतका दुई छोरा थिए तक्ष र पुष्कर । तक्षले सिन्धु नदीको एकातिर तक्षशिला वा तक्षखण्डको स्थापना गरे । पुष्करले नदीको अर्कातिर पुष्करावती राजधानी बनाएर राज्य गरे । यी दुवैमा शिक्षा केन्द्र थिए । तर तक्षशिला विशेष प्रसिद्ध हुन गयो ।

ग्रीस देशका अनेक विद्वान्हरूले तक्षशिलामा आएर अध्ययन गरेको उल्लेख पाइन्छ । ग्रीक इतिहासकारहरूले यसलाई एक सम्पन्न र सुव्यवस्थित शिक्षा

केन्द्र भनी प्रशंसा गरेकोले त्यहाँ शिक्षा केन्द्र र व्यवस्थित पुस्तकालयहरू थिए भन्ने अनुमान हुन्छ । पाइथागोरसको नामले प्रसिद्ध साध्यलाई उनले तक्षशिलाका गुरु बौधायनबाट प्राप्त गरेका हुन् भन्ने मान्यता छ । कौटिल्यले अर्थशास्त्र विषयको ज्ञान तक्षशिलामा लिएका थिए भने त्यहां वेद, १८कलाहरू, धनुर्विद्या, सैन्यशास्त्र, अश्वशास्त्र, गजशास्त्र, आयुर्वेद, व्याकरण जस्ता व्यावहारिक विषयहरूको अध्ययन गराइन्थ्यो । यसको नामले के पनि जानकारी प्राप्त हुन्छ भने यहाँ प्रस्तरकलाको काम गरिन्थ्यो । जातक कथाको ठूलो संकलन त्यहाँ भएको अनुमान छ । कौटिल्य स्वयंले पनि तक्षशिलामा अध्यापन गर्दथे । सम्राट् अशोकका नातिको समयमा पनि त्यहाँ तक्षशिलाको अस्तित्व थियो होला भनी उल्लेख पाइन्छ । बौद्ध महायान सम्प्रदायको स्वरूप तक्षशिलामा निर्धारण भएको पनि मानिन्छ । त्यहाँ विभिन्न विषयका अनेक गुरुहरू थिए । त्यसैले त्यहाँ अनेक साना ठूला पुस्तकालय थिए होलान् भनी सहजै अनुमान गर्न सकिन्छ ।

फाहियानले भने त्यस स्थानमा विद्याको केन्द्र भएको कुनै चिह्न पाइएन । सम्भवतः त्यस बेलासम्म शिक्षाको यो केन्द्र ध्वस्त भइसकेको थियो । यदि कौटिल्यको समयमा त्यहाँ शिक्षा केन्द्र थियो भने त्यसको लगभग ६०० वर्षपछि त्यसको अस्तित्त्व नपाउनु त्यस बेलाको राजनीतिक अवस्थामा स्वाभाविक थियो ।

नालन्दा पुस्तकालय र त्यसका अवशेषको कथा

नालन्दा संसारको प्राचीनतम शिक्षा केन्द्र हो । यसको विधिवत् स्थापना लगभग ४५० वि.सं.मा राजा कुमारगुप्तले गरेको मानिन्छ । सम्पूर्ण गुप्त राजाहरूले यसको विकासमा योगदान गरेका थिए । गुप्त राजवंशलाई भारतको इतिहासको स्वर्णयुग भनिन्छ । उनीहरूले हिन्दु पद्धतिबाट राज्य सञ्चालन गरेका थिए । जुन राज्यकालमा ज्ञानका केन्द्र पूर्णतया विकसित हुन्छन्, त्यो नै शासन व्यवस्थाको स्वर्णयुग हुनु स्वाभाविक हो । बाह्रौं शताब्दीसम्म यो विश्वविद्यालय अस्तित्वमा रहेको प्रमाण पाइन्छन् । सम्राट् हर्षवर्धनले यसको विकासमा प्रशस्त लगानी गरेका थिए । विदेशबाट यस विश्वविद्यालयका लागि अनुदान प्राप्त भइरहन्थ्यो भन्ने कुरा इतिहासकारहरूले उल्लेख गरेका छन् ।

नालन्दा प्राचीन शिक्षा केन्द्र मात्र होइन मगध साम्राज्यको एक प्रमुख व्यापारिक मार्ग एवं आर्थिक केन्द्र थियो । यहाँ जैन तीर्थंकरले १४ वटा वर्षावास बिताएको उल्लेख छ । बुद्धले यहाँ उपदेश दिएका विवरणहरू पाइन्छन् । यसको नाम संस्कृत शब्द नालम् अर्थात् कमलको फूल (अर्थात् ज्ञान) र दा अर्थात् दिने स्थानबाट बनेको मानिन्छ ।

नालन्दा विश्वविद्यालयमा त्यसबेला लगभग १०००० आवासीय विद्यार्थी र २००० शिक्षक थिए भन्ने तथ्याङ्कले नै यसको विशालताको अनुमान गर्न सकिन्छ । तिब्बती ग्रन्थहरूमा त्यहाँका एक विशाल पुस्तकालयको वर्णन गरिएको छ । यसको नाम धर्मगंज भनिएको छ । तिब्बती विवरणअनुसार, यस विशालकाय नौतले भवनका तीन खण्ड थिए । पहिलो खण्डको नाम रत्नसागर, दोस्रोको नाम रत्नोदधि, र तेस्रोको नाम रत्नरंजक थियो भनी उल्लेख छ । रत्नोदधि सबभन्दा विशाल थियो । यसमा अनेक महत्त्वपूर्ण पाण्डुलिपिहरू थिए, जस्तै, प्रज्ञापारमिता, गृह्य शास्त्र इत्यादि । हुएन्त्साङ्ले आफूसँग लिएर गएका अधिकांश पुस्तकहरू यसै खण्डका हुन् भनिएको छ ।

पुस्तकालयमा कति पुस्तक थिए भन्न सकिंदैन तर त्यसमा लाखौं पुस्तक थिए भन्ने अनुमान त्यसको बनावट र विशालताको आधारमा अनुमान गर्न सकिन्छ । कसैकसैले यसमा तीन लाख पुस्तकहरूको संकलन थियो भन्ने अनुमान गरेका छन् । यसमा केवल धार्मिक पुस्तकहरू मात्र थिएनन्, यसमा व्याकरण, खगोलशास्त्र, ज्योतिष, र आयुर्वेद इत्यादि विविध विषयका ग्रन्थहरू थिए । त्यसैले त्यस पुस्तकालयमा पुस्तकहरूको वैज्ञानिक वर्गीकरण हुने गर्थ्यो भन्ने अनुमान हुन्छ । यो वर्गीकरण पाणिनिले विकास गरेको संस्कृतको भाषाशास्त्रको वर्गीकरण अनुसार थियो भन्ने अनुमान पनि केही विद्वान्हरूले गरेका छन् । कौटिल्यीय अर्थशास्त्रमा अभिलेख राख्ने तरिका र वर्गीकरणको जुन विधि उल्लेख छ यसबाट तक्षशिलामा पनि पुस्तकहरू मिलाएर राखिन्थे भन्ने अनुमान गर्न सकिन्छ । नालन्दाको पुस्तकालयमा बौद्ध ग्रन्थहरूलाई तीन भागमा वर्गीकरण गरेर राखिएको थियो- विनय, सूत्र, र अभिधम्म ।

चीनका एक प्रसिद्ध आचार्यको नाति हु-एन्-त्साङ् तीर्थयात्रा गर्न र बौद्ध ज्ञान लिन आएको थियो । वि.सं. ७५७ ताका दुई वर्ष नालन्दा बसेर उसले विश्वविद्यालयमा अध्ययन र अध्यापन गरेको थियो । दस वर्षभन्दा बढी समय बिताएर उसले आफूसँग ६० वटा खच्चरमा लगभग १००० बौद्ध ग्रन्थ लिएर गएको भनिन्छ । कैयौं खच्चर सिन्धु नदीमा बगेका थिए । खच्चरसंग तीनशयभन्दा बढी हस्तलिखित अमूल्य ग्रन्थ नदीमा हराएर गए । तथापि ७०० संस्कृत ग्रन्थ चीनमा पुर्याउन हु-एन्-त्साङ् सफल भएको थियो । ती ग्रन्थ आजसम्म त्यहां सुरक्षित छन् । त्यस पछि भ्रमण गर्ने इत्सिङ् आदि चीनियां यात्रुहरूले पछि केही पुस्तकहरू लिएर गएका हुन् । भनिन्छ, चीनमा संस्कृतका ८००० ग्रन्थको अनुवाद सुरक्षित राखिएको छ ।

नालन्दाको यस विशाल पुस्तकालयमा हिन्दु र बौद्ध दर्शनका संस्कृत भाषाका अनेक हस्तलिखित ग्रन्थहरू थिए । हु-एन्-त्साङ्ले चीनीयाँहरूलाई संस्कृत भाषा सिक्नका लागि खोतान भन्ने स्थानमा एक भाषा विद्यालय पनि स्थापना गरेको

थियो । चीनमा सर्वप्रथम छापिएका पुस्तकहरू संस्कृत भाषाका थिए भन्ने जानकारीले हामीलाई आश्चर्यचकित तुल्याउँछ । आठौं शताब्दीमा एउटा बौद्ध भिक्षुले संस्कृतमा लेखेको पत्र चीनमा आज पनि सुरक्षित राखिएको छ ।

नालन्दाको यस विशाल पुस्तकालयमा हिन्दु र बौद्ध दर्शनका संस्कृत भाषाका अनेक हस्तलिखित ग्रन्थहरू थिए । हु-एन्-त्साङ्ले चीनीयाँहरूलाई संस्कृत भाषा सिक्नका लागि खोतान भन्ने स्थानमा एक भाषा विद्यालय पनि स्थापना गरेको थियो । चीनमा सर्वप्रथम छापिएका पुस्तकहरू संस्कृत भाषाका थिए भन्ने जानकारीले हामीलाई आश्चर्यचकित तुल्याउँछ । आठौं शताब्दीमा एउटा बौद्ध भिक्षुले संस्कृतमा लेखेको पत्र चीनमा आज पनि सुरक्षित राखिएको छ ।

हु-एन्-त्साङ्को यात्रा वर्णन पुस्तक सी-यु-की मा उल्लेख भए अनुसार यस स्थानमा महायान र हीनयानबाहेक पाँच मुख्य विषयहरू थिए- वेद, हेतुविद्या (तर्कशास्त्र), शब्दविद्या (व्याकरण), चिकित्सा, र सांख्य दर्शन । यस उल्लेखबाट त्यहाँको पुस्तकालयमा कस्ता पुस्तकहरूको भण्डार थियो होला त्यस कुराको अनुमान गर्न सकिन्छ । हुन त, पुस्तकालयमा स्मृति र वास्तुशास्त्रका पुस्तकहरू पनि थिए तथापि तर्कशास्त्र, धर्मशास्त्र, दर्शन र भाषाशास्त्रका पुस्तकहरू नै बढी महत्त्वपूर्ण मानिन्थे । आयुर्वेदका सबभन्दा ठूला आचार्य त्यस स्थानमा थिए ।

एक जना तुर्क आक्रमणकारी बख्तियार खिलजीले वि.सं.१२५० मा यस पुस्तकालयमा आगो लगाएर यसलाई नष्ट गरिदिएको इतिहास पाइन्छ । यसको प्रतिरोध गर्ने भिक्षुहरू पनि मारिएका थिए भनिन्छ । त्यस पुस्तकालयमा लागेको आगो तीन महिनासम्म बलिरहेको कुरा त्यो बाटो हिंड्ने मानिसहरूले पछिसम्म देखेको उल्लेख इतिहासकारहरूले गरेका छन् ।

इ-पुस्तकालय

अचेल कम्प्युटरमा पुस्तक पढ्ने सुविधा भएको छ । डिस्क वा पेन ड्राइभमा एउटा सिंगो पुस्तकालय अटाउन सक्छ । अर्थात् एउटा कम्प्युटर संसारभरिका पुस्तकालयका पुस्तक रोज्न, खोल्न र पढ्ने सुविधा भएको छ । यसले ठूल्ठूला पुस्तकालयहरू अब नचाहिने भएको छ । पुस्तकालयमा गएर पढ्ने बाध्यता पनि पाठकलाई रहेन । आफ्नो फुर्सदमा पुस्तक पढ्ने सुविधा भएपछि छापिएका पुस्तकका पाना पल्टाउने मानिसहरूको संख्या कम्प्युटर वृद्धिका साथै घट्दो छ । पुराना पुस्तकालयले पाठकहरूलाई आकर्षित गर्न अब केही नयाँ योजना

लागू गर्नु जरूरी छ जसमा पुस्तकालयभित्र इ-पुस्तकालय र त्यसमा पुस्तक पढ्ने, डाउनलोड गर्ने र छपाउने सुविधा उपलब्ध गराउनु पर्ने बाध्यता उत्पन्न भएको छ । इन्टरनेटमा व्यक्तिगत पहुंच नभएकाहरू पुस्तकालयमा जम्मा हुन सक्नेछन् ।

उपसंहार

यदि ज्ञानको केन्द्र शिक्षालय हो भने ज्ञानको संग्रह पुस्तकालय हो । नालन्दा र तक्षशिलामा सबभन्दा पुरानो ग्रन्थ संकलन रहेको ऐतिहासिक प्रमाण छ तापनि ब्रिटिश म्युजियम (वि.सं.१८१०) विश्वको पहिलो आधुनिक स्तरको पुस्तक र अभिलेखको संग्रह हो । स्पष्टतः पुस्तकालय विज्ञानको वर्तमान संकल्पना पश्चिमी योगदान हो तथा यसको आधुनिक विकासमा युरोप र अमेरिकाको विशेष योगदान छ । यसपछि अन्यत्र पुस्तकालयहरूको स्थापना हुन थाल्यो । भण्डारकर पुस्तकालय (मैसूर) वि.सं. १९६० मा संस्कृतका प्राचीन हस्तलिपि संकलन, सम्पादन, र प्रकाशन गरिएको विवरण पाइन्छ । जसमा महाभारत र कौटिल्यीय अर्थशास्त्र जस्ता महत्त्वपूर्ण ग्रन्थहरू सबैको जानकारीमा आएका हुन् । नेपालमा सरकारी स्तरमा गोरखा भाषा प्रकाशिनी समितिले पुस्तक प्रकाशन गर्न थालेको हो । मदन पुरस्कार पुस्तकालय वर्तमानमा भएको सबभन्दा पुरानो नेपाली पुस्तक संकलनको स्थल हो । विश्वविद्यालयहरूको स्थापनासँगै पुस्तकालय स्थापना हुन थाले । जसमध्ये बी.एच.यु. काशीको गायकवाड पुस्तकालय एक पुरानो पुस्तकालय मानिन्छ । नेपालमा त्रिभुवन विश्वविद्यालयको पुस्तकालय एक पुरानो पुस्तकालय हुन गएको छ । पुस्तकको सबभन्दा ठूलो संकलन आंगिक, सामुदायिक र निजी क्याम्पसमा छ । विद्यार्थीहरू नै पुस्तकका सर्वाधिक नियमित पाठक हुन् । तथापि शिक्षण संस्थाबाहिर पनि अनेक सार्वजनिक पुस्तकालय र वाचनालय संचालित छन् । बाग्लुङ, तम्घास, तानसेन, बुटवल आदि विविध स्थानमा पुस्तकालयहरू स्थापना गरिएका थिए । तीमध्ये अधिकांश अहिले पनि संचालनमा छन् । तर सबैले समय र प्रविधिका विविध समस्याहरू बेहोरिरहेका छन् । आफ्नो अस्तित्वलाई निरन्तरता दिइरहेको एक पुरानो पुस्तकालय हो गुल्मीको किरण पुस्तकालय ।

पुस्तकलाई संरक्षित राख्ने अनेक विधि विकसित भए । पुराना पुस्तकहरूको माइक्रोफिल्म बनाइन्छ । सफ्ट पुस्तक इ पुस्तकालयहरूमा पढ्ने सुविधा छ । पुस्तक सुरक्षित भए तापनि आज पुस्तकालयहरूमा भीड घट्दो छ ।

✍ **प्राध्यापक : त्रि.वि., बुटवल बहुमुखी क्याम्पस, रूपन्देही ।**

–ooo–

पुस्तकालय

✍ यादवचन्द्र निरौला

१. पृष्ठभूमि

सभ्यताको विकासको थालनीदेखि नै मानिसले आफ्ना भावना तथा विचारहरू आदानप्रदान गर्न विभिन्न ध्वनि तथा संकेतहरूको प्रयोग गर्न थाले । भाषा तथा लिपिको विकाससँगै आफ्ना सिर्जनाहरूलाई विभिन्न सामग्रीमा लेखेर वा छापेर राख्न थाले । यसैलाई पुस्तकालयको प्रारम्भिक रूप मानिन्छ । समयक्रममा यसरी लेखिएका वा छापिएका सामग्रीलाई एकीकृत गरेर राख्न थालियो । ईसापूर्व ३५०० वर्षअगाडि माटाका ट्याब्लेट्समा लेखिएका सामग्रीहरू सङ्कलन भएको निनेभ पुस्तकालयदेखि विद्युतीय पुस्तकालयसम्मको हालको अवस्थामा आउँदा पुस्तकालय क्षेत्रले निकै परिवर्तनहरू आत्मसात् गरेको छ ।

नेपालमा पुस्तकालयको विकास कहिलेदेखि भयो भनेर मिति तोकेर भन्न सक्ने अवस्था छैन । मल्लकालमा तत्कालीन भक्तपुर दरबारमा करिब १४००० हस्तलिखित ग्रन्थहरूको सङ्कलन भएको साकोथा नामको पुस्तकालय थियो । यो त्यस समयमा दक्षिण एशियाकै ठूला पुस्तकालयमध्ये पर्दथ्यो भनिन्छ । पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीले जुनजुन राज्यमाथि विजय गरे, त्यहाँ भएका अमूल्य ग्रन्थहरू पनि साथै ल्याएर हनुमानढोका दरबारमा राखेका थिए । उक्त सङ्कलनलाई व्यवस्थित गर्न गीर्वाणयुद्ध विक्रम शाहको पालामा वि.सं. १८६९ भाद्र १५ गते पुस्तक चिताई तहविल स्थापना गर्न कानून तर्जुमा गरी लागू गरे । सो कानूनका आधारमा पुस्तक चिताई तहविलको स्थापना गरी कर्मचारीसमेत नियुक्त गरिएको पाइन्छ । सोही दिनको सम्झनामा वि.सं. २०६५ साल भाद्र १५ गतेदेखि नेपालमा हरेक दिन पुस्तकालय दिवस मनाउन थालिएको हो । पुस्तक चिताइ तहविलमा रहेका पुस्तकलाई दरबार स्कूलको पुस्तकालय, वीर पुस्तकालय (घण्टाघर लाइब्रेरी) हुँदै राष्ट्रिय अभिलेखालयको पुस्तकालयमा वि.सं. २०२४ सालमा गाभिएको पाइन्छ ।

सरस्वती गुठी नामक पुस्तकालय खोल्न खोज्ने युवाहरूलाई रू.१०० देखि १००० सम्म जरीवाना गरिएको घटनालाई नेपालको इतिहासमा पुस्तकालय पर्वका नामले

चिनिन्छ । यसपछि राज्यले पुस्तकालय खोल्न निरूत्साहित गरे पनि जनस्तरबाट धमाधम पुस्तकालयहरू खुल्न थाले । प्रजातन्त्रको स्थापनापछि सामुदायिक र सार्वजनिक पुस्तकालयका नाममा मलुकभर थुप्रै पुस्तकालयहरू स्थापना भएका थिए । वि.सं. २०१३ साल नेपालको इतिहासमा निकै ठूलो महत्त्व राख्ने वर्षको रूपमा रहेको पाइन्छ । सोही वर्ष पुस १९ गते नेपाल राष्ट्रिय पुस्तकालयको स्थापना भएको हो । निजीस्तरमा मदन पुरस्कार पुस्तकालय तथा यु.एस.एड.को सहयोगमा केन्द्रीय पुस्तकालयको स्थापना भएर सञ्चालनमा आए । पछि केन्द्रीय पुस्तकालय र त्रिभुवन विश्वविद्यालय पुस्तकालय गाभेर त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको जन्म भयो । हाल नेपालमा करिब १००० सार्वजनिक तथा सामुदायिक पुस्तकालय रहेका छन् ।

२. वर्तमान अवस्था

पुस्तकालयलाई कार्यप्रकृतिका आधारमा विशेषतः शैक्षिक, सार्वजनिक, राष्ट्रिय र विशेष गरी चार भागमा विभाजन गर्न सकिन्छ । पूर्वप्राथमिक तहदेखि विश्वविद्यालय तहसम्म सञ्चालन हुने शिक्षण सिकाइ क्रियाकलाप र अनुसन्धानलाई सहयोग गर्ने प्रमुख उद्देश्यले यस्ता पुस्तकालयहरू स्थापना र सञ्चालन भएका हुन्छन् । नेपाल सरकारले आधारभूत तहमा पुस्तकालय कुना (Reading corner), माध्यमिक तहमा एक विद्यालय एक पुस्तकालय नीति अगाडि सारे पनि यसको प्रभावकारी रूपमा कार्यान्वयन र उपयोग हुन सकेको छैन । कक्षा ११ भन्दा माथि पठनपाठन हुने अधिकांश विद्यालयमा कुनै न कुनै रूपमा पुस्तकालयहरू सञ्चालनमा रहेका छन् । रूम टु रिडले नेपालका करिब ३७०० विद्यालयमा पुस्तकालयहरूको स्थापना गर्न सहयोग गरेको छ । लायन्स मनराम प्रतिष्ठान, सेतो गुराँसलगायतका संस्थाहरूको पनि विद्यालय पुस्तकालय स्थापना गर्न योगदान रहेको छ ।

उच्च शिक्षा सञ्चालन गर्ने महाविद्यालय र विश्वविद्यालयमा पुस्तकालयहरू रहेका भए पनि अधिकांश पुस्तकालयले प्रभावकारी रूपमा सेवा प्रवाह गर्न सकेका छैनन् । त्रिभुवन विश्वविद्यालयका सबै आङ्गिक क्याम्पसमा पुस्तकालय र ती पुस्तकालयमा काम गर्नका लागि जनशक्तिको पनि व्यवस्था गरिएको छ । अन्य विश्वविद्यालयले त्रि.वि. कै परिपाटीलाई अनुसरण गरेर आ-आफ्ना विश्वविद्यालय प्रणालीअन्तर्गत केन्द्रीय पुस्तकालय, अनुसन्धान केन्द्रहरूमा अनुसन्धान पुस्तकालय, आङ्गिक र सम्बन्धनप्राप्त क्याम्पसहरूमा समेत पुस्तकालयहरूको स्थापना र सञ्चालन भएका छन् ।

स्थानीय समुदायको विविध समस्याको समाधान गर्ने तथा सबै उमेर, धर्म, वर्ण, जातजातिका नागरिकहरूलाई सेवा गर्ने उद्देश्यले मुलुकका विभिन्न स्थानमा

सामुदायिक र सार्वजनिक पुस्तकालयहरूको जनस्तरबाट समेत स्थापना र सञ्चालन भइरहेको छ । रिड नेपाल, नेपाल लाइब्रेरी फाउण्डेसनलगायतका विभिन्न गैरसरकारी संस्था तथा स्थानीय समुदायको सक्रियतामा सामुदायिक पुस्तकालयहरू सञ्चालित छन् ।

नायबबडागुरु हेमराज शर्मा पाण्डेको भारती भवन पुस्तकालयमा रहेका करिब ३३,००० पुस्तकहरू तीनलाख भारतीय रूपैयाँमा खरीद गरेर सो संकलनमा केन्द्रीय सचिवालय पुस्तकालयमा भएका करिव ८,००० थान पुस्तकहरूसमेत मिलाएर सिंहदरबारमा नेपाल सरकारले वि.सं. २०१३ साल पुस १९ गते नेपाल राष्ट्रिय पुस्तकालयको स्थापना गरयो । २०१८ सालतिर हरिहर भवनमा सारेर सेवा दिन थाल्यो । वि.सं. १९६५ सालतिर निजी पुस्तकालयकै रूपमा खोलिएको केसर पुस्तकालयलाई उहाँकी श्रीमती कृष्णचन्द्रदेवी र सन्ततिले वि.स. २०२६ सालमा करिब ३४.५ रोपनी जग्गासहित सो जग्गामा बनेको केसरमहल स्वप्न बगैचासहितको पुस्तकालय नेपाल सरकारलाई हस्तान्तरण गर्नुभयो । यसपछि सो पुस्तकालयलाई नेपाल सरकारले सञ्चालन गर्दै आएको छ । वरिष्ठ इतिहासकार, राजनीतिज्ञ एवं अहिंसावादी नेता डा.डिल्लीरमण रेग्मीले वि.सं. २०३७ सालमा आफ्नो नाममा रहेको करिब अढाइ रोपनी जग्गासहितको पुस्तकालय नेपाल सरकारको नाममा शेषपछिको बकस गरी नेपाल सरकारलाई हस्तान्तरण गर्नुभएको थियो । रेग्मीज्यूको देहवसानपछि सो पुस्तकालयलाई नेपाल सरकारले विकास समिति ऐन २०१३ अनुसार डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय गठन आदेश २०६० जारी गरी सञ्चालन गरिरहेको छ ।

उल्लिखित सरकारी पुस्तकालयबाहेक नेपाल सरकारले सबै जसो मन्त्रालय, संसद सचिवालय र अधिकांश विभागीय स्तरका कार्यालयहरू, संवैधानिक निकायहरूमा समेत शाखागत रूपमा पुस्तकालयहरूको स्थापना गरी सञ्चालन गरिरहेको छ । यस्ता पुस्तकालयरूको सञ्चालनका लागि नेपाल शिक्षा सेवा अन्तर्गत पुस्तकालय विज्ञान समूह गठन गरी कर्मचारीको व्यवस्थापन गरिएको छ ।

विभिन्न गैरसरकारी संस्था तथा अनुसन्धान केन्द्रहरूले आफ्नो संस्थाको उद्देश्य परिपूर्तिमा सहयोग गर्नका लागि आ-आफ्ना संस्थामा पुस्तकालय खोलेर आमजनतालाई समेत सेवा दिइरहेका छन् । सोसल साइन्स बहा, इसिमोड, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, मार्टिन चौतारी, नेपालस्थित संयुक्त राष्ट्र संघको कार्यालय र सं.रा.संघका विभिन्न एजेन्सीहरू, नेपाल पत्रकार महासंघ, नेपाल वातावरण पत्रकार समूह आदिका आ-आफ्नै पुस्तकालयहरू रहेका छन् । विभिन्न कुटनैतिक नियोग, राजदूतावासहरूले पनि पुस्तकालय तथा सूचना केन्द्रहरू सञ्चालन गरेका छन् । भारतीय राजदूतावासबाट सञ्चालित नेपाल

भारत पुस्तकालय, अमेरिकी दूतावासबाट सञ्चालित अमेरिकी सूचना केन्द्र तथा विभिन्न शहरमा सञ्चालित अमेरिकी कर्नर, रूसी सांस्कृतिक केन्द्रमा सञ्चालित पुस्तकालयहरूलाई उदाहरणका रूपमा लिन सकिन्छ । जापानी सहयोगमा सञ्चालित नेपाल जापान बालपुस्तकालय, त्रि.वि.का पूर्व प्राध्यापक तथा कर्मचारीहरू, नवजीवन आमा समूहले सञ्चालन गरेको सामुदायिक बालविकास पुस्तकालय ललितपुरको सानेपामा सञ्चालित छ ।

राज्यको पुनःसंरचना भएर प्रदेश तथा स्थानीय सरकारको गठन भएपछि विभिन्न स्थानीय निकायहरूले आआफ्नो कार्यक्षेत्रमा पुस्तकालयहरूको स्थापना गर्ने, पहिले स्थापना भइरहेका पुस्तकालयहरूको क्षमता विकास र विस्तारका लागि आर्थिक सहयोग गर्न थालेको पाइएको छ ।

३. प्रमुख समस्या र मुद्दाहरू

१. नेपाल सरकारले आधारभूत तहमा पुस्तकालय कुना (library corner) सञ्चालन गर्ने नीति लिए पनि प्रभावकारी हुन सकेको छैन । माध्यमिक तहका लागि एक विद्यालय एक पुस्तकालय कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन ।

२. शिक्षा ऐन नियमावलीमा पुस्तकालयसम्बन्धी ठोस व्यवस्था छैन ।विद्यालय तहका पाठयक्रम तथा पाठयपुस्तकमा पुस्तकालयको प्रयोग र पठन संस्कृति विकाससम्बन्धी विषयवस्तु समावेश नहुँदा औपचारिक रूपमा शिक्षण सिकाइ क्रियाकलापमा पुस्तकालय र पठन संस्कृतिसम्बन्धी विषयले प्रवेश पाएको छैन ।

३. त्रिभुवन विश्वविद्यालय र सोअन्तर्गत रहेका पुस्तकालयहरूले प्रभावकारी सेवा दिन सकेका छैनन् । पुस्तकालयमा कार्यरत जनशक्तिका लागि समयसमयमा क्षमता विकाससम्बन्धी उपयुक्त कार्यक्रम सञ्चालन गर्न सकेको छैन । त्रि.वि. बाहेकका सबै विश्वविद्यालय र अनुसन्धान केन्द्रमा रहेका पुस्तकालयहरूको अवस्था पनि सन्तोषजनक छैन । सूचना तथा सञ्चार प्रविधिले ल्याएका अवसरहरूको उपयोग अधिकांश पुस्तकालयहरूले गर्न सकेका छैनन् ।

४. नेपाल सरकारद्वारा सञ्चालित नेपाल राष्ट्रिय पुस्तकालय, केसर पुस्तकालय र डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयलगायतका पुस्तकालय २०७२ वैशाख १२ गतेको भूकम्पपछि प्रभावकारी सेवा दिन सकिरहेका छैनन् । भू-कम्पपछि विस्थापित भएको नेपाल राष्ट्रिय पुस्तकालयका लागि हालसालै नेपाल सरकारले भवन निर्माणका लागि जग्गाको टुंगो लगाएको भए पनि करिब १०० वर्षको दूरदृष्टि राखेर सुविधा सम्पन्न पुस्तकालय

भवनको निर्माण गर्नुपर्ने चुनौती छ । केसर पुस्तकालयको भवन जिर्णोद्धार (रेक्टोफिटीङ) गर्ने प्रक्रिया अगाडि बढे पनि कार्यान्वयन हुन सकेको छैन । डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयको जग्गाको लालपूर्जा लगायत कागजातका अभावका कारण पुरानो भवन विनिर्माण गरेर नयाँ भवन निर्माण गर्न कठिनाइ भइरहेको छ ।

५. कानूनी सञ्चय ऐनको अभावमा नेपाल राष्ट्रिय पुस्तकालयले देशभरबाट प्रकाशित सबैखालका सामग्री प्राप्त गरी डिपोजटरी पुस्तकालयको काम गर्न सकेको छैन । ISBN, ISSN, ISMN, प्रतिलिपि अधिकार तथा CIP सेवा अलगअलग निकायबाट प्रदान गरिदा सेवाग्राहीलाई कठिनाइ भएको छ ।

६. पुस्तकालय तथा सूचना विज्ञान विषयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले ३ महिने तालिम पाठ्यक्रम तयार गरेको तर त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

७. त्रिभुवन विश्वविद्यालय पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभागले पुस्तकालय तथा सूचना विज्ञान विषयमा स्नातकोत्तर कार्यक्रम सञ्चालन गरेको छ । सेमेष्टर प्रणाली अपनाएको भए पनि पाठ्यक्रम अद्यावधिक गर्न सकेको छैन ।

८. सार्वजनिक तथा सामुदायिक पुस्तकालयको दर्ता गर्ने निकाय स्पष्ट नहुँदा जनसाधरणले कठिनाइ भोग्नुपरेको छ । मुलुकभर स्थापना र सञ्चालन भएका सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूले नियमित बजेट तथा दक्ष जनशक्तिको अभाव झेलिरहेका छन् ।

९. प्रदेश र स्थानीय सरकारमा सामुदायिक तथा सार्वजनिक पुस्तकालयसम्बन्धी नीतिगत अस्पष्टता देखिन्छ । सामुदायिक सिकाइ केन्द्र र सामुदायिक र सार्वजनिक पुस्तकालयलाई एकीकृत गरी सञ्चालन गर्न सकिएको छैन । अधिकांश पुस्तकालयमा अद्यावधिक र समसामयिक पुस्तकहरूको अभाव छ ।

४. सुझावहरू

१. पठन संस्कृतिको विकास सम्बन्धमा बेग्लै परियोजना सञ्चालन गर्नुभन्दा नियमित प्रक्रियामा समावेश गरी पूर्वप्राथमिक तहदेखि नै पुस्तकालयको उपयोगसम्बन्धी विषयवस्तुलाई पाठ्यक्रममा समावेश गर्नुपर्छ । आधारभूत विद्यालयमा पुस्तकालय कुना र माध्यमिक विद्यालयमा पर्याप्त सन्दर्भसामग्री तथा विद्युतीय पुस्तक तथा पठनसामग्रीसहितको पुस्तकालयको व्यवस्था गर्नुपर्छ ।

२. विद्यालयले सञ्चालन गर्ने शिक्षण सिकाइ क्रियाकलापमा सघन रूपमा पुस्तकालयलाई जोड्न कम्तीमा हप्ताको एक पिरियड पुस्तकालयलाई छुट्याउने गरी कार्यतालिका (Routine) मै व्यवस्था गर्नुपर्छ । पुस्तकालयलाई शैक्षिक गुणस्तरको एक अंगका रूपमा लिनुपर्छ ।

३. विद्यालयहरूमा खोलिएका पुस्तकालयले सार्वजनिक र सामुदायिक पुस्तकालयको पनि सेवा दिने व्यवस्था मिलाउनुपर्छ ।

४. माध्यमिक विद्यालयमा कम्तीमा पुस्तकालय तथा सूचना विज्ञान विषयमा कम्तीमा तीन महिना तालिम प्राप्त वा पुस्तकालय तथा सूचना विज्ञान विषयमा कक्षा १२ उत्तीर्ण जनशक्तिलाई शिक्षक सेवा आयोगको सिफारिसका आधारमा स्थायी नियुक्ति गर्ने व्यवस्था गर्नुपर्छ । तिनीहरूको सेवा, सर्त शिक्षक वा निजामती कर्मचारी सरह हुने व्यवस्था मिलाउनुपर्छ ।

सार्वजनिक र सामुदायिक पुस्तकालयहरूलाई कम्तीमा एउटा आधारभूत विद्यालयलाई दिनेजति अनुदान नियमित रूपमा राज्यले दिने व्यवस्था मिलाउनुपर्छ ।

५. त्रिभुवन विश्वविद्यालयलगायतका सबै विश्वविद्यालयहरूमा रहेका केन्द्रीय पुस्तकालयहरूलाई व्यवस्थित गर्नुपर्छ । हरेक विश्वविद्यालयका आंगिक क्याम्पस तथा सम्बन्धन प्राप्त क्याम्पसका पुस्तकालयलाई व्यवस्थित बनाउन हरेक विश्वविद्यालयले पर्याप्त बजेट विनियोजन गर्नुपर्छ । यस्ता पुस्तकालयहरूको नियमित अनुगमन तथा गुणस्तर प्रत्यायनका लागि विश्वविद्यालय अनुदान आयोगको विशेष भूमिका हुनुपर्छ ।

६. विश्वविद्यालय प्रणालीमा आबद्ध कर्मचारीको पेशागत दक्षता विकासका लागि कार्ययोजना तयार गरी कार्यान्वन गर्नुपर्छ ।

७. विश्वविद्यालयको पुस्तकालय तथा सूचना विज्ञान विषयको पाठ्यक्रममा सामयिक सुधार गरी अद्यावधिक गर्नुपर्छ ।

८. नेपाल राष्ट्रिय पुस्तकालयलाई मुलुकको पुस्तकालयको सर्वोच्च निकायको रूपमा विकास गर्नुपर्छ । सो पुस्तकालयको प्रमुख पदमा कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको दरबन्दी सिर्जना गरी अन्तर्राष्ट्रिय मान्यता अनुसारको बनाउनुपर्छ । सो पुस्तकालयका लागि हालसालै प्राप्त जग्गामा १०० वर्षको दूरदृष्टि राखेर बहुतल्ले पार्किङसहितको राज्यले गर्व गर्न सक्ने पुस्तकालय भवन निर्माण गरेर सेवा सञ्चालन गर्नुपर्छ । पुस्तकालयको संकलन विस्तारका लागि कानूनी सञ्चय ऐन तर्जुमा गरी लागू गर्नुपर्छ । ISBN, ISSN, ISMN, CIP, तथा प्रतिलिपि अधिकारलाई एउटै निकायबाट

सम्पादन गर्ने व्यवस्था मिलाउनुपर्छ । यसका लागि राष्ट्रिय पुस्तकालयले अन्य पुस्तकालयसँग सुमधुर सम्बन्ध स्थापना गरी अन्तरपुस्तकालय सहकारिताका कामहरू गर्नुपर्छ ।

९. केसर पुस्तकालयको सकेसम्म छिटै रेक्टोफिटिङ गरी सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्छ । डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयलाई डिल्लीरमण प्रतिष्ठानको रूपमा विकास गरी कम्तीमा भारतको National Science Documentation Centre जस्तै मानविकी तथा सामाजिक शास्त्रको अनुसन्धान केन्द्रको रूपमा विकास गर्नुपर्छ ।

१०. सार्वजनिक र सामुदायिक पुस्तकालयहरूलाई कम्तीमा एउटा आधारभूत विद्यालयलाई दिनेजति अनुदान नियमित रूपमा राज्यले दिने व्यवस्था मिलाउनुपर्छ ।

११. सिंहदरबार परिसरमा रहेका विभिन्न मन्त्रालयका पुस्तकालयहरूलाई एकीकृत गरी केन्द्रीय सचिवालय पुस्तकालयको व्यवस्था गरेर एकीकृत पुस्तकालय सेवा प्रदान गर्नुपर्छ ।

१२. राष्ट्रिय पुस्तक नीति, पुस्तकालय गुरुयोजना र पुस्तकालय स्वचालीकरण योजना यथाशीघ्र कार्यान्वयन गर्नुपर्छ ।

मिति २०७४ साल कार्तिक १२ र १३ गते सञ्चालन भएको सार्वजनिक र सामुदायिक पुस्तकालयहरूको राष्ट्रिय सम्मेलनबाट पारित १९ बुँदे घोषणा पत्र र मिति २०७५ भाद्र २४ गते गुल्मीको तम्घासमा आयोजना भएको प्रदेश नं. ५ को सार्वजनिक पुस्तकालयहरूको प्रदेश स्तरीय सम्मेलनबाट पारित घोषणापत्र कार्यान्वयन गर्नुपर्छ । यस्ता पुस्तकालयको दर्ता गर्ने व्यवस्था सम्बन्धित स्थानीय निकायको कार्यक्षेत्रभित्र हुने गरी कानूनमा व्यवस्था गर्नुपर्छ।

१३. मिति २०७४ साल कार्तिक १२ र १३ गते सञ्चालन भएको सार्वजनिक र सामुदायिक पुस्तकालयहरूको राष्ट्रिय सम्मेलनबाट पारित १९ बुँदे घोषणा पत्र र मिति २०७५ भाद्र २४ गते गुल्मीको तम्घासमा आयोजना भएको प्रदेश नं. ५ को सार्वजनिक पुस्तकालयहरूको प्रदेश स्तरीय सम्मेलनबाट पारित घोषणापत्र कार्यान्वयन गर्नुपर्छ । यस्ता पुस्तकालयको दर्ता गर्ने व्यवस्था सम्बन्धित स्थानीय निकायको कार्यक्षेत्रभित्र हुने गरी कानूनमा व्यवस्था गर्नुपर्छ ।

१४. नेपाल सरकार शिक्षा मन्त्रालयले तयार गरी लागू गरेको पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका २०६९ मा सामयिक सुधार गरी परिवर्तित सन्दर्भ अनुकूल बनाउनुपर्छ ।

१५. प्रदेशस्तरमा प्रदेश केन्द्रीय सचिवालय पुस्तकालय तथा संसद सचिवालय पुस्तकालयको समेत काम गर्ने गरी प्रदेश केन्द्रीय सचिवालय पुस्तकालयको व्यवस्था गर्नुपर्छ ।

१६. शिक्षा ऐन तथा नियमावलीमा सार्वजनिक तथा सामुदायिक पुस्तकालयसम्बन्धी बेग्लै व्यवस्था गर्नुपर्छ ।

१७. प्रदेश र स्थानीय तहमा समेत पुस्तकालय विज्ञान समूहको दरबन्दी सिर्जना गरी कार्यविवरणसहितको जिम्मेवारी तोक्नुपर्छ ।

१८. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा रहेको पुस्तकालय समन्वय तथा अभिलेख शाखालाई अद्यावधिक गरी नेपाल सरकारका शिक्षा सम्बद्ध सबै नीति दस्तावेजहरूको ज्ञानकेन्द्र (Knowledge center) का रूपमा विकास गर्नुपर्छ ।

१९. निजामती सेवाको पुस्तकालय विज्ञान समूहमा प्रवेश गर्ने कर्मचारीहरूका लागि सेवाप्रवेश तथा सेवाकालीन तालिमको व्यवस्था गर्नुपर्छ ।

उपसचिव : पुस्तकालय समन्वय तथा अभिलेख शाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार ।

–०००–

हार्दिक शुभकामना !

किरण पुस्तकालय ५० वर्ष पूरा गरी ५१ औं वर्षमा प्रवेश गरेको शुभघडीमा प्रकाशनमा ल्याउन लागेको 'हाम्रो पुरुषार्थ'को किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क प्रकाशनको सफलता र प्रगतिका लागि हार्दिक शुभकामना

सिद्धबाबा माध्यमिक विद्यालय परिवार

रेसुङ्गा नगरपालिका-८, तम्घास, गुल्मी

फोन : ०७९-५२०२२१

प्रत्येक ठाउँले अनुकरण गर्ने एक अति प्रशंसनीय कर्म : किरण पुस्तकालय

✍डा. गोविन्दराज भट्टराई

'हाम्रो पुरुषार्थ' मेरो सम्झनासँग जोडिएको प्रकाशन हो । म २०३० सालदेखि मोरङ्ग जिल्लाबाट सेवाकालीन शिक्षकको रूपमा चुनिएर दुई वर्षे बी.एड. गर्न काडमाडौं आएको थिएँ । भीमसेनस्थानमा डेरा गरी बसेको थिएँ । पछि ता स्याङ्जाका मित्र जयप्रसाद पौडेल सह-साथी भए ।

२०३१ सालमा मैले प्रथम उपन्यास **'मुगलान'** लेखेँ र पारिजातबाट भूमिका लेखाएर छाप्ने इच्छा गरेँ । कुनै प्रकाशक पाइएन । आफैं छपाउने व्यवस्था गरेँ । साथीभाइबाट ५-१० उठाएँ पनि अनि प्रेसको खोजीमा लागेँ । राम्ररी छपाउन बनारस जाने चलन थियो ।

मित्र जयप्रसाद राष्ट्रपुरकारको लागि प्रेसमा काम गर्नुहुन्थ्यो । उहाँले नै मलाई एउटा प्रेस चिनाउनुभयो । त्यो काठमाडौंको केन्द्र न्यूरोडभन्दा अलिकति भित्र झोंछे भन्ने ठाउँमा थियो । त्यो हाम्रो डेराको नजिक थियो । अमृतमान श्रेष्ठ दाइको घरको भुइँतलामा त्यो सहकारी छापाखाना थियो । मैले पनि **'मुगलान'** त्यहीं छपाउने निधो गरेँ । पाण्डुलिपि र पैसा बुझाएपछि दिनदिनै प्रूफ हेर्न जानु पर्थ्यो । दिनको दुईदेखि चार पेज ग्याली प्रूफ पाइन्थ्यो । त्यति मिलाउँदै छाप्दै ती अक्षर फुकाउँदै फेरि तिनै जोडेर अरू पेज कम्पोज गर्नुपर्थ्यो । आजका कतिले त्यस्तो लेटर प्रेस भुलिसके, धेरैले देखेका छैनन् होला । ती दिनका दुःख समाप्त भए । लाखौं अक्षर भएका पुस्तक एकैचोटि एउटै आकारमा सेटिङ हुन्छन्; हामी प्रविधिले आश्चर्य ल्याएको युगमा छौं । घरै बसी सबै काम हुन्छ ।

तिनै दिनमा अग्रज साहित्यकार श्री शशि पन्थीसित मेरो भेट परिचय भयो । कसरी भने उहाँहरू (श्री दीन पन्थी, तुलसी गौतम, गोविन्द पोखरेलसमेत) त्यही प्रेसमा हाम्रो पुरुषार्थ छाप्नुहुँदो रहेछ । हँसिला उज्याला र विनयशील गुल्मेली युवा किरण पुस्तकालय तम्घासको हाम्रो पुरुषार्थ छपाउन गुल्मीदेखि

काठमाडौंसम्म कसरी कुन बाटो आउनुहुन्थ्यो होला, कुन बाटो जानुहुन्थ्यो होला, कसरी ती प्रकाशित पुस्तक लानुहुन्थ्यो होला सम्झिँदा छक्क पर्छु ।

हाम्रो पुरुषार्थका प्रति लिएर म बिदाका बेला पूर्वसम्म जान्थेँ, झापा, मोरङ्गका साथीलाई देखाउँथेँ । धरानबाट कल्पना, विराटनगरबाट बरगाछी निस्कन्थे । दार्जिलिङको दियालो । म साहित्यकार हुनै लागेँ भन्ने भ्रान्ति हुर्किरहेकोले गर्दा साहित्यिक क्रियाकलाप प्रकाशनतिर ध्यान दिन्थेँ । काठमाडौंमा रूपरेखा, रचना, अभिव्यक्ति स्थापित थिए ।

हाम्रो पुरुषार्थमा पूर्वीय साहित्य दर्शनका ज्ञानहरू पनि आउँथे । २०३६ साल सम्मका विशेष लेख पढेर हाम्रा पिताजीले आफ्ना कापीमा टिपेका विशेष तत्सम शब्दहरूको सूची अझै राखेका छौं ।

...२०३६ सालसम्मका विशेष लेख पढेर हाम्रा पिताजीले आफ्ना कापीमा टिपेका विशेष तत्सम शब्दहरूको सूची अझै राखेका छौं । काठमाडौं पश्चिममा यस्तो त्याग, निष्ठा र समर्पणले कुनै साहित्यिक प्रकाशनको यति लामो इतिहास बनाएको कुरा मलाई थाहा छैन । पोखरा, बाग्लुङ, बुटवल, दाङ, नेपालगंज– कतै छैन । पाएसम्म यसका प्रतिहरू जोहो गर्दै पढ्दै गर्छु । किरण पुस्तकालयको स्थापना भएपछि त्यसमार्फत नै हाम्रो पुरुषार्थ प्रकाशित हुँदोरहेछ । साहित्य र सेवाका दुई काम सँगै थिए । अप्ठ्यारो कालखण्डमा पनि उहाँहरूले त्यो योगदानलाई निरन्तर राखेको देखेर हर्ष लाग्छ ।

काठमाडौं पश्चिममा यस्तो त्याग, निष्ठा र समर्पणले कुनै साहित्यिक प्रकाशनको यति लामो इतिहास बनाएको कुरा मलाई थाहा छैन । पोखरा, बाग्लुङ, बुटवल, दाङ, नेपालगंज– कतै छैन । पाएसम्म यसका प्रतिहरू जोहो गर्दै पढ्दै गर्छु । किरण पुस्तकालयको स्थापना भएपछि त्यसमार्फत नै हाम्रो पुरुषार्थ प्रकाशित हुँदोरहेछ । साहित्य र सेवाका दुई काम सँगै थिए । अप्ठ्यारो कालखण्डमा पनि उहाँहरूले त्यो योगदानलाई निरन्तर राखेको देखेर हर्ष लाग्छ ।

यस्ता व्यक्तिलाई प्रेरित गर्ने त्यो तम्घास कस्तो होला भन्ने थियो– एकदिन बीपी कोइराला जन्म शताब्दीकै अवसरमा शशि पन्थीज्यूको निमन्त्रणामा तम्घास पुग्यौं र त्यो भव्य किरण पुस्तकालयमा भव्य गोष्ठी/सम्मेलन गर्‍यौं । प्राज्ञ डा. ज्ञानू पाण्डे साथमा हुनुहुन्थ्यो । उता विद्यालय (हाइ स्कूल) छ । त्यसको पनि सेवा गरी यता क्याम्पस छ त्यसलाई स्थापित गरी पुस्तकालय र हाम्रो पुरुषार्थलाई जीवन्त राख्ने बहुआयामिक व्यक्तित्व शशि पन्थीज्यूलाई यस किरण पुस्तकालय तम्घास, गुल्मीको रजत-जयन्तीको अवसरमा हार्दिक बधाइ ज्ञापन गर्दछु ।

अघिको टाढा र दुर्गम भन्नु जस्तो ठाउँमा रहेर शिक्षा, साहित्य र समाजसेवा यी कठिन कर्मलाई अक्षुण्ण राख्ने उहाँलाई केन्द्रले देखोस् । उहाँको उत्साहले चल्ने सबैलाई देखोस् ।

२०७१ सालको बीपी शताब्दी मनाउन गएका बेला त्यति टाढा परको जिल्लामा वर्षौंदेखि सेवा प्रदान गरिरहेको किरण पुस्तकालयको भव्य रूप देखेर म छक्क परें । हालै एक विशाल साहित्यिक गोष्ठीमा मैले भनें– गएर बाग्लुङको रत्न पुस्तकालय हेर्नोस्, अथवा गुल्मीको किरण पुस्तकालय । अरू भौतिक स्वरूपको मात्र उन्नतिले समाज बन्दैन, सर्वप्रथम पुस्तकालय चाहिन्छ "हाम्रा मेयरले निर्भीकतासाथ भनिदिनोस्-वर्तमान प्रधानमन्त्रीको निवास क्षेत्र दमक नगरपालिकामा एउटै पुस्तकालय छैन ।"

त्यसपछि मेयर साप बहुत जंगिए र बोले–आधुनिक जमानामा प्रत्येकका घरघरमा पुस्तक हुन्छन्, पुस्तक थुपारेर मात्र केही हुनेवाला छैन । ऐले फेसबुक, ट्विटर, इमेल-इन्टरनेटले ढाकेको समाजमा पुस्तकालयको कुनै आवश्यकता छैन । पुस्तकमात्रै थुपारेर केही हुनेवाला छैन । अब हाम्रो दमक जङ्क फूड नियन्त्रणमा लाग्नेछ ।

यो देशको दुर्भाग्य हो । यस्ता मानिस मेयरमा छानिन्छन् । त्यस्तासँग हामीले बस्नुपर्छ । लेखक बौद्धिक कलाकारको संरक्षण कसले गर्छ, साहित्य कला कसरी अघि बढ्छ मलाई लाग्यो मेरो बास कि त किरण पुस्तकालय छेउ हुनुपर्थ्यो कि त शशि पन्थीको जन्म दमक वरिपरि हुनुपर्थ्यो । एउटा द्रष्टाले देशको भविष्य कसरी बनाउँछ ? एउटा उन्मादीले गाउँदेखि नै अन्धकार रोप्दै कसरी उज्यालो भत्काउँदै ल्याउँछ ?

किरण पुस्तकालयले एकपल्ट यहाँ आफ्ना प्रकाशनको प्रदर्शनी पनि राखेको थियो । त्यहाँ केही मूल्यवान् विशेषाङ्क/प्रकाशनहरू किनें । त्यसमा प्राज्ञ टीकाराम पन्थीको पनि अविस्मरणीय योगदान छ । त्यसो त २०३६ सालमै बीपी कोइराला विशेषाङ्क निकाल्ने किरण पुस्तकालयको आँट पहिलो थियो; विराटनगरको बरगाछीपछि–त्यो असम्भव कार्य थियो ।

हालैको दशकमा किरण पुस्तकालयकै टीमले शशि पन्थीको प्रधान सम्पादकत्वमा प्रकाशनमा ल्याएका दुई अमूल्य संकलनको म धेरै प्रशंसा गर्दछु– पहिलो हो भानु द्विशतवार्षिकी विशेषाङ्क र दोस्रो हो विशेश्वरप्रसाद कोइराला शतवार्षिक विशेषाङ्क ।

बीपी शताब्दीमा देशविदेश गरी नेपाली साहित्यले २१ वटा विशेषाङ्क प्रकाशित गऱ्यो । तीमध्ये सबैभन्दा ठूलो योगदान स्याङ्जाको रहेको छ । यसले ६०० र

४०० पृष्ठका दुई भोल्यूम निकाल्यो । त्यसपछि दोस्रोमा आउँछ हाम्रो पुरुषार्थ वर्ष ४१, अङ्क ४, सम्पूर्णाङ्क ६३, श्रावण-आश्विन २०७१ । यसरी देशभरिमै किरण पुस्तकालय दोस्रो छ । काठमाडौं, पोखरा चितवन, विराटनगर अरूको नाम आउँदैन । यी दुबै ग्रन्थमा मैले पनि आफ्ना रचना समावेश भएको देख्न पाएँ । मलाई हर्ष र गौरव छ ।

यस्ता त्यागी, सज्जन, समाजसेवी, समर्थवान् व्यक्तिले बास गरेको तम्घास गुल्मीलाई म नमन गर्दछु । उहाँहरूका उज्यालो कर्मको प्रशंसा गर्दै किरण पुस्तकालयले अनन्तकालसम्म किरण फैलाइरहोस् भन्ने कामना गर्दछु ।

✍ **प्राध्यापक - (अङ्ग्रेजी), त्रिभुवन विश्वविद्यालय**
ट्याङ्लाफाँट, कीर्तिपुर, काठमाडौं, नेपाल । tu.govinda@gmail.com

-ooo-

हार्दिक शुभकामना !

किरण पुस्तकालयको **स्वर्णजयन्ती**को सुखद अवसरमा यस पुस्तकालयको उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना !

रेसुङ्गा बहुमुखी क्याम्पस परिवार

रेसुङ्गा नगरपालिका-१, तम्घास, गुल्मी

फोन : ०७९-५२०१४५

किरण पुस्तकालय : अस्तित्व बोध



✍तीर्थराज वन्त

आजको विद्युतीय उपकरणहरूको प्रचुर उपलब्धिले व्यक्ति-व्यक्तिका हातमा सूचना प्रविधि पुगेको र त्यसको प्रयोग पनि व्यापक रूपमा भइरहेको स्थिति छ । सिङ्गो पुस्तक र पुस्तकालय नै सानो यन्त्रमा उपलब्ध हुने भएकोले आज पुस्तक र पुस्तकालयको आवश्यकता छैन भन्ने जस्ता कुरा पनि चर्चामा आउन थालेका छन् । तर पुस्तक प्रकाशित गर्ने क्रम भने विश्वभरि नै चलिरहेको छ । विश्वका विभिन्न ख्याति प्राप्त लेखकका प्रख्यात पुस्तकहरूको चर्चा पनि बेला-बेलामा पढ्न सुन्न पाइन्छ । यस्तो सुन्दा पुस्तक लेख्ने प्रकाशन गर्ने र पढ्ने क्रममा ह्रास आएको छ भन्न पनि सकिन्न । हो, संसारका ठूल्ठूला पुस्तकालयमा पुस्तक राख्ने भौतिक स्थान कम हुँदै गएकोले अब भूमिमा होइन हावामा अर्थात् वेगमा पुस्तकालय राख्ने प्रविधि पनि प्रयोग भइरहेको बुझिन्छ । यी सबै आजको वैज्ञानिक विकासको परिणामस्वरूप पुस्तक पढ्न र पुस्तकको सुरक्षा गर्नेमा पनि वैज्ञानिक प्रविधि प्रयोग हुनु स्वाभाविक मान्नुपर्छ । नेपालमा पनि विस्तारै यो प्रविधिको प्रयोग हुँदै आउनेछ ।

नेपाल एउटा यस्तो देश हो जहाँ पुस्तकालय खोल्दा पनि सजायं पाउँथे मान्छेले । तर यस्तो हुँदा पनि पुस्तक लेख्ने, पढ्ने र पुस्तकालय खोल्ने मानिस लागिपरेकै थिए र आज पनि लेख्दैछन् । काठमाडौं उपत्यकामा मात्र होइन जिल्ला-जिल्लामा पनि पुस्तकालय खोल्ने र सञ्चालन गर्ने जाँगर पचासौं वर्ष अघिदेखि नै भएको थियो भन्ने कुरा २०२५ सालमा गुल्मीमा किरण पुस्तकालयको स्थापना र हालसम्म पनि सक्रियतापूर्वक सञ्चालनमा हुनुबाट नै प्रमाणित हुन्छ ।

नेपाल एउटा यस्तो देश हो जहाँ पुस्तकालय खोल्दा पनि सजायं पाउँथे मान्छेले । तर यस्तो हुँदा पनि पुस्तक लेख्ने, पढ्ने र पुस्तकालय खोल्ने मानिस लागिपरेकै थिए र आज पनि लेख्दैछन् । काठमाडौं उपत्यकामा मात्र होइन जिल्ला-जिल्लामा पनि पुस्तकालय खोल्ने र सञ्चालन गर्ने जाँगर पचासौं वर्ष

अघिदेखि नै भएको थियो भन्ने कुरा २०२५ सालमा गुल्मीमा किरण पुस्तकालयको स्थापना र हालसम्म पनि सक्रियतापूर्वक सञ्चालनमा हुनुबाट नै प्रमाणित हुन्छ । पुस्तकालय स्थापना गर्न सजिलो छ तर निरन्तररूपमा चलाउन कठिन छ । काठमाडौं उपत्यका र साथै जिल्ला-जिल्लामा स्थापित र लामो इतिहास बोकेका पुस्तकालयहरू हाल अस्तित्वमा रहन नसकेको अवस्था छ । तर किरण पुस्तकालय मैले प्रत्यक्ष देखेको छैन, म तम्घास, गुल्मी नपुगेकोले तर यसको अस्तित्व बोध भने यसका गतिविधि हाम्रो पुरुषार्थ तथा अन्य अन्वेषणात्मक प्रकाशनहरूबाट भइरहेको छ । विगत लामो अवधिदेखि प्रकाशित भइरहेको "हाम्रो पुरुषार्थ" पत्रिकाको माध्यमबाट तथा यसका मूर्धन्य सम्पादक शशि पन्थीसँगको मेरो व्यक्तिगत सम्बन्धबाट मलाई किरण पुस्तकालभित्रै पसेको अनुभव हुँदै आएको छ ।

म आफूलाई एक पुस्तक-प्रेमी तथा पुस्तकालय मान्छेको व्यक्तिगत जीवन तथा समाजको विकासको निम्ति आवश्यक छ भन्ने पंक्तिमा उभ्याउने गर्दछु । तसर्थ किरण पुस्तकालयले आफ्नो अस्तित्वलाई निरन्तरता प्रदान गर्न यसका पाठक, प्रयोगकर्ता, स्थानीय समुदाय, स्थानीय प्रशासन, प्रदेश सरकार र केन्द्रीय सरकारको समेत सहयोग र सहभागिता प्राप्त गर्न योजनाबद्धरूपमा अग्रसर हुनु पर्दछ भन्ने मेरो निजी विचार छ । तर यसका व्यवस्थापकहरू यसलाई आर्थिक तथा व्यवस्थापकीय रूपमा दरिलो तुल्याउन सचेत भएर लाग्नु पर्ने बेला आइसकेको छ । नत्र ढीलो हुनेछ । वि.सं. २०२५ सालमा स्थापित यस पुस्तकालयले आफ्नो स्थापनाको स्वर्ण-जयन्ती मनाउने क्रममा सम्बन्धित सबैबाट यसको प्रगति, निरन्तरता र स्थायित्वको निम्ति प्रतिबद्धता जताउनु हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु । गुल्मी तम्घासको यो किरणले नेपाल सिङ्गैलाई किरणमय तुल्याउने छ भन्ने विश्वास गरेको छु । मलाई पनि यो किरणले छोएको छ र छोइनै रहनेछ ।

✍ **पूर्व कार्यकारी निर्देशक-नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय कार्यालय, काठमाडौं ।**

-ooo-

हार्दिक शुभकामना !

किरण पुस्तकालयको स्वर्णजयन्तीका अवसरमा हार्दिक बधाइसहित उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछौं ।

नेपाल बाल संगठन

जिल्ला कार्य समिति परिवार, तम्घास, गुल्मी

पुस्तक, पुस्तकालय र पठन-संस्कृति

कृष्ण ज्ञवाली

पुस्तक

पुस्तक सरस्वतीको प्रतिमूर्ति हो । सरस्वती विद्या र ज्ञानकी अधिष्ठात्री देवी । विद्या र ज्ञानको अभिव्यक्ति पुस्तकका अक्षरहरूबाट, शब्दहरूबाट । पुस्तकले व्यक्तिलाई विद्यावान्, विद्वान्, ज्ञानी बन्नमा मद्दत गर्छ, र त्यही विद्या, बुद्धि र ज्ञानको सार्वजनिक प्रकटीकरणको माध्यम पनि बनिदिन्छ । पुस्तक विनाको जीवनको कल्पनासम्म पनि कठिन छ; निष्प्राण, निस्सार, निर्जीवन ।

तर पुस्तक त माध्यम मात्र हो, साधन हो । साध्य हो ज्ञान जसको आर्जन पठनबाट, अध्ययनबाट र श्रवणबाट हुन्छ । तर अध्ययन मात्र पर्याप्त हुँदैन, अनुशीलन, अनुसन्धान र अनुभव पनि उत्तिकै आवश्यक हुन्छन् । त्यसैले त महाकवि श्रीहर्षले आफ्नो महाकाव्य 'नैषधीयचरितम्'मा लेखे ('अधीतिबोधाचरणप्रचारणैः' (1.4)) अर्थात् अध्ययन, ज्ञान, आचरण र प्रचारण (आर्जित र आचरित ज्ञान र अनुभवको अभिव्यक्ति) यी चारोटा पक्षको समष्टि अवलम्बनविना ज्ञान अधुरो हुन्छ । उपनिषद् भन्छ- 'आत्माको ज्ञान गर्नुछ भने पहिले विधिपूर्वक उपदेश श्रवण गर, त्यसपछि त्यसमाथि मनन अर्थात् विचार गर, र अनि त्यसलाई अनुभवमा उतार अर्थात् 'निदिध्यासन' गर । (आत्माबारे द्रष्टव्य : श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः'- बृहदारण्यक (2.4.5) ।)

पुस्तकको विद्या पाठकले आत्मसात् गरेन भने निरर्थक हुन्छ । पुस्तक त यसो हेर्दा निर्जीव हो, भौतिक हो । त्यसमा प्राण भर्ने, त्यसलाई आध्यात्मिक कलेवर दिने त पाठकले न हो । शदियौंदेखि पुस्तक लेखिए, पुस्तकालयमा छन् वा जहाँकहीं होलान् । तर तिनलाई पाठकले चिनेन, तिनले सिकाएको ज्ञानलाई अवलम्बन गरेन भने पुस्तकले के गर्नु ? 'पुस्तकमा रहेको विद्या र अर्काको हातको धन निष्प्रयोजन हो, जहिलेसम्म त्यसलाई आफ्नो बनाइँदैन, आफूलाई चाहिएका बेला तिनले केही काम दिँदैनन्' ('पुस्तकस्था तु या विद्या परहस्तेगतं धनम् । कार्यकाले समुत्पन्ने न सा विद्या न तद्धनम्') भनेर हाम्रा नीतिग्रन्थले त्यसै भनेका हुन् र ?

पुस्तक अक्षर र शब्दहरूको भण्डार हो । नामै 'अक्षर', अर्थात् 'क्षर'को उल्टो । कहिल्यै ननाशिने । हाम्रा अध्यात्मग्रन्थहरूले 'अक्षर'लाई परब्रह्म परमात्माको पर्याय बताउँदै यसको उपासना गरे ज्ञानप्राप्ति हुन्छ भनेका छन् । कठोपनिषद्को एउटा मन्त्रमा 'अक्षरं ब्रह्म' र 'अक्षरं परम्' शब्दहरूको प्रयोग गरिएको छ (1.2.16) भने गीताको आठौं अध्यायका ३, ४ र २१ श्लोकहरूमा अक्षर ब्रह्मको स्वरूप यसरी प्रतिपादन गरिएको छ :

'अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते' (८.३)
'अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम्
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम' (८ ।२१)

अक्षरको पारमार्थिक महिमागायन गर्ने यी श्लोकहरूबाट के बुझिन्छ भने पुस्तक (सरस्वती) भित्र रहेका अक्षरहरूले जुन ज्ञान दिन्छन् त्यसको अन्तिम लक्ष्य अविनाशी आत्मा वा ब्रह्मको अपरोक्ष ज्ञान (साक्षात्कार) हो जुनविना स्थायी शान्ति र आनन्द मिल्दैन । किनभने ब्रह्मको स्वरूप नै सत् चित् र आनन्द हो । यो निर्विकार हुन्छ, स्वप्रकाश हुन्छ र सर्वव्यापी हुन्छ । यही ब्रह्मको बोध गराइदिने काम अक्षरहरूले गर्छन् नत्र 'अक्षर' किन भनिन्थ्यो ?

तर के अहिले त्यो भइराखेको छ ?

हिंजोआज विद्याध्ययन र ज्ञान-आर्जनका सन्दर्भमा केही समस्याहरू देखिइराखेका छन् । पहिलो समस्या 'ज्ञान'को परिचय र परिभाषासँग जोडिएको छ ।

ज्ञान अहिले सूचना, तथ्य र तथ्याङ्कमा गएर अडिएको छ । तर सूचना मात्रै ज्ञान होइन । निश्चय नै सूचना ज्ञानको प्रवेशद्वार हो, तर यो यात्रा पनि होइन, गन्तव्य पनि होइन । ज्ञानलाई पूर्णता दिन बुद्धि, विवेक र अनुभूति आवश्यक पर्छन् । यी सबैलाई तर्क र तथ्यले जोड्छन् । त्यसैले ज्ञानको परिचयलाई परिपक्क्व बनाउन यसका पाँच आयाम-सूचना, तर्क, बुद्धि, विवेक अनि अनुभव-लाई सँगसँगै अगाडि बढाउनुपर्छ । तथ्यपूर्ण सूचनाद्वारा सुसज्जित, तर्कद्वारा खारिएको, बुद्धि र विवेकद्वारा अनुमोदित तथा अनुभवबाट परिपोषित ज्ञान नै वास्तविक ज्ञान हो ।

ज्ञानको अर्को पक्ष यसको आध्यात्मिक आयाम हो । हाम्रा प्राच्यग्रन्थहरूले ज्ञानलाई 'अत्यन्त पवित्र' ('न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते, गीता ४।३८), मुक्तिको साधन ('या विद्या या विमुक्तये', विष्णुपुराण १।१९।४१), र प्रज्ञास्वरूप (प्रज्ञा नेत्रो लोकः प्रज्ञा प्रतिष्ठा प्रज्ञानं ब्रह्म, ऐतरेयोपनिषद् ३।१।३) भनेका छन् । बृहदारण्यक उपनिषद् (१।३।२८) भन्छ-'असतो मा सद्गमय तमसो मा ज्योतिर्गमय मृत्योर्मा अमृतं गमय' अर्थात् मलाई असत्यबाट सत्यतिर, अन्धकारबाट प्रकाशतर्फ

र मृत्युबाट अमरतातर्फ लैजाऊ । यो सत्य, प्रकाश र अमरता भनेर कसलाई भनेको हो ? त्यही प्रज्ञानस्वरूप ब्रह्मको ज्ञानलाई । विद्या र ज्ञानको यो पराभौतिक पक्ष अत्यन्त उच्च, महनीय र मननीय छ ।

पश्चिमाहरूको प्रभावले अहिले विद्या भनेको जीविकोपार्जन (रोजगारी)को माध्यम मात्र हो भनेर यसको आर्थिक पक्षलाई बढ्ता उजागर गर्ने गरिएको छ, तर यो विद्याको साह्रै संकुचित, एकाङ्गी र अल्पदर्शी परिभाषा हो । अध्यात्मको अभिसन्धानमा प्रवृत्त नगराउने विद्या वास्तवमा विद्या नै होइन, सूचना र तथ्यहरूको प्राविधिक संकलन र समुच्चय मात्र हो । यसै कुरालाई द्योतन गर्दै मुण्डकोपनिषद् ९१ ।१ ।४० भन्छ-'द्वे विद्ये वेदितव्ये । । परा ह्यपरा च' अर्थात् दुईवटा विद्याको ज्ञान आवश्यक छ, परा र अपरा । जुन विद्याले ब्रह्मज्ञानतर्फ प्रवृत्त गराउँछ, त्यो परा हो, त्यसैले त्यसलाई 'ब्रह्मविद्या' भनिएको छ । त्यसैगरी जुन विद्याले विभिन्न लोकोपयोगी शास्त्र (ज्ञान-विज्ञान) को सहाराबाट जीवनलाई सहज र सुखमय तुल्याउँछ त्यो अपरा (सांसारिक) हो । जीवनलाई सार्थकता र पूर्णता दिन यी दुबै विद्याको आवश्यकतालाई शास्त्रकारहरूले दर्शाएका छन् ।

यसरी अक्षर र शब्दका माध्यमबाट ज्ञानको प्रतिपादन गर्ने, विद्याको वितरण गर्ने उपकरण पुस्तक हुन् । अक्षर र शब्दको पवित्रताका कारण पुस्तक सधै पवित्र हुन्छ । हाम्रो संस्कृतिले अक्षर कुँदिएका कुनै पनि कृति वा रचनालाई नकुल्चन र तिरस्कार नगर्न सिकाएको छ । पुस्तकमा खुट्टा लाग्यो भने हामी स्वतः पुस्तक उठाएर शिरमा लगाउँछौं वा नुहेर ढोग्छौं । यो श्रद्धा हामीमा यत्तिकै आएको होइन, पारम्परिक संस्कार हो । हाम्रा पूर्वजहरूले सिकाएको सभ्यता हो । अक्षरलाई जस्तै शब्दलाई पनि परमेश्वरको प्रतीक मानिएको छ । व्याकरणका विद्वान्हरू 'शब्दब्रह्म' को उपासना गर्छन् । शब्दको लेखन सँगसँगै त्यसको उच्चारण गर्दा आउने ध्वनि (नाद) लाई भगवान् शिवको वरदान ठान्छन् । पाणिनिले व्याकरणको अप्रतिम सूत्रग्रन्थ अष्टाध्यायीको रचना गर्दा भगवान् शिवको डमरूवादनको नादबाट आएका १४ वटा सूत्रहरूलाई आधार बनाए । यही नाद र शब्दलाई समष्टि आकार दिन्छ पुस्तकले । त्यसकारण पुस्तक सर्वदा पूज्य हुन्छ । तर कुविचार र कुभावनाबाट सृजित रचनाहरू त्याज्य हुन्छन्, त्यस्ता रचना पुस्तकको कोटीमै पर्दैनन् । स्तरहीन, गुणविहीन, व्यक्तिगत आक्षेप र गालीगलौजले भरिएका, विचार, सिद्धान्त र मुद्दालाई स्थान नदिने, पूर्वाग्रह र आडम्बरले ग्रस्त त्यस्ता पुस्तक पुस्तकका नाममा कलंक हुन्, अभिशाप हुन् । तर कुन चाँहि त्यस्ता हुन् र कुन चाँहि होइनन् भन्ने विवेक पाठकले गर्नुपर्छ र त्यसमा सहायता गर्छ पुस्तकालयले । हो, अब यहींनिर पुस्तकालयको महत्त्व र भूमिका स्थापित हुन आउँछ ।

पुस्तकालय

ज्ञानको न्यायपूर्ण वा समन्यायिक वितरणमा पुस्तकालयको ठूलो भूमिका छ । कुनै निजी विद्यालय, गुरुकुल, आश्रम वा अध्ययन केन्द्रमा सबै इच्छुक अध्येता र पाठकको पहुँच नपुग्न सक्छ, तर पुस्तकालय, जुन मूलतः सार्वजनिक र सामुदायिक चरित्रको संस्था हो, मा सबैको प्रवेश सुलभ हुन्छ । हुनुपर्छ । सार्वजनिक पुस्तकालयको विशेषता नै त्यही हो ।

पुस्तकालय पुस्तकहरू राख्ने भौतिक भण्डारगृह मात्र होइन । निश्चय नै पुस्तकहरूको संकलन, संचय, सुरक्षित भण्डारण, अभिलेखीकरण र वितरण व्यवस्थापन पुस्तकालयको प्रमुख कार्य हो, तर यतिमात्रै यसको काम होइन । पुस्तकालय विद्या र ज्ञानको उत्पादन एवं वितरणको प्रमुख माध्यम हो । पुस्तकालयको शरीर पुस्तकहरू हुन् भने ती पुस्तकका पाठक पुस्तकालयका आत्मा हुन् । पाठकविनाको पुस्तकालय आत्माविनाको शरीर हो । त्यसकारण पुस्तकालयले आफूलाई सजीव, सक्रिय र सार्थक बनाइराख्नका लागि पाठकहरूको स्नेह, साथ र सहयोग सदा पाइरहनुपर्छ ।

विद्या र ज्ञानमा कुनै जाति, वर्ग, वर्ण, धर्म वा लिङ्गविशेषको एकाधिकार वा अग्राधिकार हुँदैन, हुनुहुँदैन । परिश्रम, निष्ठा र समर्पण विद्योपार्जनका मूल आधार हुन् र पुस्तकालयले कुनै पनि परिश्रमी, निष्ठावान् र लगनशील पाठकका निम्ति त्यो आधार र अवसर प्रदान गर्छ । ज्ञानको न्यायपूर्ण वा समन्यायिक वितरणमा पुस्तकालयको ठूलो भूमिका छ । कुनै निजी विद्यालय, गुरुकुल, आश्रम वा अध्ययन केन्द्रमा सबै इच्छुक अध्येता र पाठकको पहुँच नपुग्न सक्छ, तर पुस्तकालय, जुन मूलतः सार्वजनिक र सामुदायिक चरित्रको संस्था हो, मा सबैको प्रवेश सुलभ हुन्छ । हुनुपर्छ । सार्वजनिक पुस्तकालयको विशेषता नै त्यही हो ।

'व्यये कृते वर्द्धत एव नित्यं विद्याधनं सर्वधनप्रधानम्' अर्थात्' जति खर्च गर्‍यो त्यति बढ्दै जाने' यो विद्याधन सबै धनहरूमा श्रेष्ठ हो भनी नीतिशास्त्र भन्छ । तर विद्या र ज्ञानका अधिकारी अथवा पात्र जिज्ञासु, श्रद्धालु, इच्छुक र उत्सुक छात्र (वा शिष्य) मात्र हुन्छन् किनकि त्यस्ता सत्पात्रले नै आर्जित ज्ञानको सदुपयोग गर्छन् भन्ने शास्त्रवचन छ । पुस्तकालय स्वयंले सीधै पाठकहरूलाई शिष्य बनाएर ज्ञान त दिँदैन, तर पाठकको सत्पात्रतावृद्धिमा भने योगदान दिन्छ । पुस्तकालय जाने बानी बसेका पाठकहरू स्वतः शान्त, अध्ययनशील, जिज्ञासु र तार्किक बन्दै जान्छन् भन्ने मेरो ठम्याइ छ ।

माध्यमिक शिक्षा पूरा नगरूञ्जेल मैले खासै पुस्तकालयको दर्शन पाइन, यद्यपि 'पुस्तकालय' भनिने कोठाको दराजमा भर्खर किनेर ल्याइराखिएका साहित्यका केही नयाँ पुस्तकहरू रजिष्टरमा नाम दर्ता गरी घर लगेर पढ्ने अवसर पहिलोपटक विद्यालयले नै दिएको हो । तर उच्च शिक्षाका लागि काठमाडौं आइसकेपछि भने क्याम्पस, विश्वविद्यालय र अन्य कतिपय संस्थाका पुस्तकालयहरूसँग बिस्तारै परिचित हुन थालियो । वि.सं. २०३३ देखि २०४१ सम्मको ८ वर्षको अवधि मलाई पुस्तक र पुस्तकालयसँग जोड्ने मेरो जीवनको स्वर्णिम कालखण्ड थियो । त्योबेला, मैले पढ्ने वाल्मीकि र त्रिचन्द्र क्याम्पसका पुस्तकालयहरू तथा त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय र म बस्ने संस्कृत छात्रावासको 'छात्र पुस्तक निकेतन' का साथै नयाँ सडकको अमेरिकन लाइब्रेरी, आरएनएसी भवनको तल्लो तलाको इण्डियन लाइब्रेरी र कान्तिपथको ब्रिटिश काउन्सिल लाइब्रेरी नै मेरा लागि अविरल आकर्षणका केन्द्र थिए जहाँ एक-दुई दिन बिराएर म गइरहन्थें ।

पुस्तकालय केवल पुस्तकागार र पाठागार होइन । यहाँ पुस्तक पढिने मात्र हैन । यो त सूचना-विनिमय, सञ्चार-सम्पर्क, सामयिक विचार-विमर्श र अन्तर्क्रिया तथा प्राज्ञिक बहस गरिने एउटा सृजनात्मक थलो पनि हो । पुस्तकालयको सार्वजनिक संस्थागत पहिचान र महत्त्वका बारेमा प्रकाश पार्दै 'मार्टिन चौतारी'का एकजना अनुसन्धाता रमेश पराजुली आफ्नो शोध-लेख 'सार्वजनिक पुस्तकालयको राजनीति : ऐतिहासिक सिंहावलोकन' (रूपान्तरण, समाज अध्ययन, ३, १-१८, वैशाख २०६३) भन्छन्-

'सार्वजनिक पुस्तकालयहरू मात्र पुस्तक पढ्ने वा पत्रिका पढ्ने ठाउँ थिएनन्, होइनन् । ती आपसी भेटघाट, बहस र छलफल गर्ने चौतारी पनि हुन् । त्यहाँ समाजका, शिक्षाका, राजनीतिका र सुख-दुःखका कुरा गरिन्छन् । ती ज्ञानका मुहान हुन्, 'डिसेण्ट'/ 'डिसेण्टर' उत्पादन गर्ने क्षेत्र पनि हुन् ।'

उक्त कथनको पछिल्लो वाक्य निक्कै महत्त्वपूर्ण छ । पुस्तकालयले आफूसँग भएका ज्ञानका पोथीहरू फरर्र फुकाएर यथास्थितिप्रति विद्रोह वा परिवर्तनको चेत जगाउँछ, मान्छेहरूको मनमस्तिष्कमा नजानिंदो हलचल ल्याइदिन्छ । त्यसैले पुस्तकालयहरू सामाजिक रूपान्तरणका वाहक पनि हुन् ।

नेपालमा खुलेका र चलेका धेरैजसो सार्वजनिक पुस्तकालयहरूले सामाजिक तथा राजनीतिक जागरण र रूपान्तरणमा आ-आफ्नो ढंगले भूमिका खेलेका छन् । सबैको भूमिका एकैखालको छैन, हुने पनि भएन । तर राणाकालमा खुलेका र पछि निर्दलीय पञ्चायती व्यवस्थाकालमा जनस्तरमा खुलेका सार्वजनिक पुस्तकालयहरूको भूमिका राजनीतिक चेतना विस्तार र 'डिसेण्ट' र 'डिसेण्टर'

उत्पादन गर्नेतर्फ बढी अभिमुख देखिनुलाई स्वाभाविकै मान्नुपर्छ । स्वयं 'किरण पुस्तकालय'को स्थापनाकालको संघर्ष, पञ्चायतकालमा यसले खेपेका समस्या र चुनौतीहरू एवं विशेषतः गुल्मीको सामाजिक चेतना विस्तार तथा राजनीतिक जागरणमा यसले खेलेको भूमिकालाई पनि यसै पृष्ठभूमिमा हेर्नुपर्छ-हेर्नुहोस्, शशि पन्थीको 'सार्वजनिक पुस्तकालयको विकास आजको आवश्यकता' हाम्रो पुरुषार्थ २६ (१) ११८-१२० र सोही अंकमा प्रकाशित वनमाली निराकारको 'धवल पुस्तकालयः अतीतदेखि वर्तमानसम्म' शीर्षकको अर्को लेख) ।

सार्वजनिक पुस्तकालयले झेल्ने र झेलिरहेका अनेकन समस्याहरूमध्ये पर्याप्त आर्थिक स्रोतको अभाव प्रमुख हो । केही उत्साही युवाहरूको स्वयंसेवी अभियान र उदारमना दाताहरूको सहयोगबाट अधिकांश पुस्तकालयहरू चलिराखेका छन् । राज्यले उपलब्ध गराउने आर्थिक सहायता नगण्य छ र त्यसको पनि कुनै न्यायोचित र भरपर्दो मापदण्ड छैन । सार्वजनिक पुस्तकालयहरूको स्थापना, विस्तार, संरक्षण र सम्वर्धनका लागि राज्यले लिनुपर्ने ठोस नीतिको अभाव छ । पुस्तकालयको प्रवर्धनका लागि राज्य उदार हुनुपर्छ, विमति र विरोधका स्वरबाट डराउनु हुँदैन, शान्तिपूर्ण तवरमा गरिने कुनै पनि विरोध वा विद्रोहलाई दमन नगर्ने र विचारको विविधता र बहुलतालाई सम्मान गर्ने संस्कार राज्यले विकास गर्नुपर्छ । उदार लोकतान्त्रिक व्यवस्थामा समाजउपर राज्यको नियन्त्रण (कानुन बनाएर वा नबनाएर) अत्यन्त सीमित हुन्छ । नागरिकको वैचारिक स्वतन्त्रता एवं चेतना र विवेकको स्वाधीनता (Freedom of Conscience) लोकतान्त्रिक व्यवस्थाका मर्म हुन् । तर अहिले विश्वभर यी मूल्य र मान्यतामा संकट आउन थालेको देखिंदैछ । राज्यहरू दिनानुदिन अनुदार र नियन्त्रणमुखी बन्दैछन्, नागरिकहरूको स्वतन्त्र चिन्तनभूमि (Civic Sphere) खुम्चिंदैछ । नेपाल दशकौंसम्मको थिचोमिचो र दमनपछि स्वतन्त्रताको खुला मैदानमा उभिएको छ, तर कतिलाई यो मन परेको छैन वा कतिले यसलाई आफ्नै स्वार्थका लागि उपयोग गर्न खोजेका छन् । त्यसैले नागरिक स्वतन्त्रता र स्वतन्त्र विचार-विमर्श तथा अभिव्यक्तिको हकको सुरक्षाका लागि सार्वजनिक पुस्तकालयहरू पनि सतत सचेत रहनुपर्छ भन्ने मलाई लाग्छ ।

पठन-संस्कृति

बढ्दो विद्युतीय सञ्चार-सञ्जालका कारण पुस्तक-पठनमा ह्रास आएको संकेत विश्वव्यापी रूपमा देखिंदैछ । अहिले मानिसको समय इण्टरनेट र यसले उपलब्ध गराउने अनेकखाले 'सामाजिक सञ्जाल'ले लिइराखेका छन् । तर प्रविधिका कारण पुस्तक पढ्ने तौर-तरिका र माध्यममा पनि परिवर्तन आएको छ । विद्युतीय पुस्तक (Kindle) को आविष्कारका कारण अहिले कागजको किताब बोकेर हिंड्न नपर्ने सुविधा पाठकले पाएका छन् । इण्टरनेटका विभिन्न 'साइट'

मा पुस्तक, पत्रपत्रिका र विभिन्नखाले पाठ्य-सामग्री पाइन्छन् । कतिपय पुस्तकहरू त 'श्रव्य-पुस्तक' (Audio Book) मा पनि रूपान्तरित भएका छन्, र यसले पाठकलाई थप सहज बनाइदिएको छ । तर जसरी अहिले पुस्तकहरूको लेखन, उत्पादन, प्रकाशन र प्रचार-प्रसार तथा वितरणको बाढी आइरहेको छ, पुस्तक पठनको प्रवृत्ति ठ्याम्मै हराएको भन्न कदापि मिल्दैन । प्रकाशन गृहहरू पनि नयाँ-नयाँ खुलेका छन्, र आक्रामक व्यापारिक रणनीतिको प्रयोगमा तँछाडमछाड गर्दैछन् । प्रतिस्पर्धा बढेको छ । लेखन तथा प्रकाशन अहिले 'उद्योग' र 'व्यवसाय'मा विकसित भएको छ । बजारीकरणले वित्तीय लाभ र प्रतिफललाई सतहमा ल्याएको छ । अर्कातर्फ लेख्ने मात्र नभएर 'लेखाउने' लेखकहरूको पंक्ति पनि बढ्दो छ । केही स्वनामधन्य 'सेलिब्रिटी'हरू यस्ता सिद्धहस्त 'अदृश्य लेखक'लाई पाएर धन्य-धन्य बनेका छन् र बढ्दो प्रचार-मोह र प्रसिद्धिको चकाचौंधमा रंगमंगिएका छन् ।

तर के 'संख्या' सँगै 'गुण' पनि बढेको छ त ? गम्भीर प्रश्न अहिले यही हो । अधिकांश पुस्तकहरू 'पाठकहरूलाई कसरी सुशिक्षित गर्ने'भन्दा पनि 'उनीहरू के चाहन्छन्' भन्ने ध्येयले लेखिएका पाइन्छन् । यसबाट दर्शन, विज्ञान, राजनीति, समाज, साहित्य, सृजना, भाषा, कला जस्ता समाजलाई मार्गनिर्देश गर्ने गम्भीर विधामा अनुसन्धान र मेहनतपूर्वक तथ्य, तथ्याङ्क, प्रमाण, तर्क र अनुभवका आधारमा लेखिने गहन कृतिभन्दा पनि पाठक मनोविज्ञान र रुचिलाई पहिल्याउँदै र पछ्याउँदै लेखिने पुस्तकहरूले बजारमा प्रश्रय पाइरहेका छन् र बजार प्रतिस्पर्धी प्रकाशकहरूले पनि तिनैलाई रुचाएका छन् । 'लोकार्पण' र 'विमोचन' का नाममा पुस्तकको अस्वाभाविक प्रशस्तिगायन त छँदैछ, प्रकाशनपूर्वका 'पूर्वसमीक्षा' र 'प्रचार-लेख'हरू पनि उत्तिकै आक्रामक ढंगबाट पाठकका वरिपरि चारैतिर फैलाइन्छन् । आफैले खोजेर, बुझेर, पर्गेलेर र पढेर धारणा बनाउन खोज्ने गम्भीर र जिज्ञासु पाठकहरूमाथि लेखक-प्रकाशक-वितरक-प्रचारक-मण्डलीको यो निर्मम पाठकीय प्रहार हो ।

पुस्तकालयले यस्तो सस्तो पठन-संस्कृतिलाई निरूत्साहित गर्नुपर्छ । 'चलेका' र 'बिकेका' भन्दा 'खोजीखोजी पढ्नुपर्ने' परिवर्तनकारी, युगान्तकारी, प्रेरक र मार्गदर्शक कृतिहरू ल्याएर पाठकलाई उपलब्ध गराउनुपर्छ । पाठकहरूको रुचिलाई सम्मान गर्नुपर्छ, तर पठनीय कृतिमा उनीहरूको रुचि जगाइदिने काम पनि पुस्तकालयको हो । यसनिम्ति पुस्तक-वार्ता र विमर्श, विचार-गोष्ठी र छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरू पनि बेलाबखत आयोजना गरिरहनुपर्छ । माथि नै भनियो, सार्वजनिक पुस्तकालयहरू 'बुकस्टोर' होइनन् । ती त पाठकको मन-मस्तिष्कलाई झक्झक्याइदिने, उद्वेलित गरिदिने, सोच्न, लेख्न र बोल्न उत्प्रेरित गरिदिने 'चिन्तन-चौतारी' हुन् । त्यसैले 'पठन-संस्कृति' लाई 'पठन-

विकृति'मा परिणत हुनबाट रोक्ने कार्यमा पुस्तकालयहरूको ठूलो महिमा र भूमिका छ ।

किरण पुस्तकालय गुल्मीको मात्र नभएर राष्ट्रकै गौरव हो । यसले नियमित रूपमा प्रकाशित गर्दै आइरहेको 'हाम्रो पुरुषार्थ' ले नेपाली साहित्यिक पत्रिकाको इतिहासमा एउटा विशिष्ट स्थान सुरक्षित राखेको छ । ५० वर्षको इतिहास-रचना भनेको केही उत्साही युवाहरूले व्यक्तिगत स्वयंसेवी अभियन्ताका रूपमा दुःखजेलो गरेर खोली हुर्काएको एउटा सार्वजनिक बौद्धिक संस्थाका निम्ति, त्यो पनि हाम्रो जस्तो अर्थ-राजनीतिक परिवेशमा, ठूलो उपलब्धि हो । यसको जगेर्ना र दिगो निरन्तरताका लागि सबैतिरबाट हरतरहको सहयोग, सदाशय र सहकार्य अपेक्षित छ ।

किरण पुस्तकालय र 'हाम्रो पुरुषार्थ'को चिरन्तन निरन्तरता र संवर्धनको कामना गर्दछु ।

पूर्व सचिव : नेपाल सरकार ।

–ooo–

हार्दिक शुभकामना !

स्वर्ण महोत्सव मनाइरहेको किरण पुस्तकालय र यस
अवसरमा 'किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क'
प्रकाशन गर्न थालेको 'हाम्रो पुरुषार्थ'लाई
अझ बढी विकास र विस्तारका
लागि मङ्गलमय कामना
प्रकट गर्दछौं ।

महेन्द्र नमूना माध्यमिक विद्यालय परिवार

रेसुङ्गा नगरपालिका-१, तम्घास, चिदीचौर, गुल्मी

फोन : ०७९-५२०१९५

ज्ञानको किरण

✍ प्रा.डा. कपिल लामिछाने

ज्ञानको किरण छर्दो छ, किरण पुस्तकालय ।

पुस्तक मेरो दिनचर्या हो । पुस्तक मेरो धर्म हो । पुस्तक मेरो कर्म पनि हो । पुस्तक मेरो आजीविका हो । पुस्तक मेरो जीवन हो र पुस्तकको लेखन-पठन जो गरेको छु, सम्भवतः जीवनोपरान्त मलाई कसैले स्मरण गरे स्मरणीय रहने पनि पुस्तक नै हो । यस्तो पुस्तकको आलय किरण पुस्तकाल य ।

पुस्तक मेरो सौन्दर्य हो । थोरो भन्छन्-पुरानो कोट लगाऊ नयाँ पुस्तक किन । यो उक्ति विश्वप्रसिद्ध छ । हरेकजसो पुस्तकालयका भित्तामै यो उक्ति लेखिएको पाइन्छ । म पुस्तक किन्न कन्जुस्याइँ गर्दिनँ । नयाँ कपडाका लागि पैसा गन्दा हात काँप्छन् । सुन-चाँदी आदिका गहनामा ध्यान गएन । पुस्तकभन्दा ठूलो र आकर्षक सौन्दर्य-प्रदायक मैले अरू केही भेटिनँ पनि । सचेत जीवनका चार दशकमा चार दर्जनजति पुस्तकको सिर्जना लेखन-सम्पादन गरेछु । यो कम होइन । डाढेहरू कन्डापछाडि कुरा काट्दा रहेछन्- सङ्ख्याले के नाप्छ ? एकश्चन्द्रतमोहन्ति भन्ने मलाई पनि थाहा छ । परिमाणात्मक वृद्धिले गुणात्मक फड्को मार्छ भन्ने मार्क्सवादी चिन्तनको हेक्का पनि छ मलाई । तसर्थ भुक्ने भुक्दै गर्दछन् । कुरौटेको जिन्दगी कुरा काट्नमै बितोस् । तिनलाई त्यसमै पुगेस् । म पुस्तक-सौन्दर्यको पारख गरिरहन्छु । यस्तो पुस्तकको आलय किरण पुस्तकालय ।

पुस्तक मेरो किरण हो । पुस्तकले नै मलाई कालिदास र भारविसँग भेटाएको छ । वाल्मीकि र तुलसीदाससँग साक्षात्कार गराएको छ । होमर, भर्जिल, दाँते, शेक्सपियर, मिल्टनसँग चिनाएको छ । मार्क्स, डार्विन, फ्रायडसँग मितेरी लाएको छ ।

टाढाको कुरा टाढै राखौं । मेरो खोपीका भानुभक्त, देवकोटा, सम, रिमाल, कोइराला आदिलाई मैले पुस्तकमै पाएँ । भूपि, श्यामप्रसाद, केवलपुरे किसान, युद्धप्रसाद मिश्र, इन्द्रबहादुर राई, रमेश विकल आदिलाई भौतिक रूपमा भेटे पनि

तिनलाई वास्तविक रूपमा मैले पुस्तककै सहायताबाट बुझ्न सकेँ । यस्तो पुस्तकालय किरण पुस्तकालय ।

पुस्तक जति लेखे पनि पुस्तकको जति जोहो गरे पनि पुस्तक जति पढे पनि जबसम्म पुस्तकालयको दैलो टेक्दिनँ, तबसम्म न मेरो सौन्दर्य बढ्छ न पुस्तककै । मेरो सौन्दर्य पुस्तक हो, पुस्तकालयको सौन्दर्य र साख पनि पुस्तक हो भने पुस्तकको सौन्दर्य पुस्तकालय हो । जसले जति पढे पनि जसले जति घोके पनि पुस्तकालय र पाठकको मुख नदेखेको पुस्तकको जीवन सिँगान पुछेर फालेको टालो जस्तै हुन्छ । पुस्तकको यस्तो साख बचाउने किरण पुस्तकालय ।

मेरो सौन्दर्य पुस्तक हो, पुस्तकालयको सौन्दर्य र साख पनि पुस्तक हो भने पुस्तकको सौन्दर्य पुस्तकालय हो ।

ठूलाठूला जनसभामा म लाखौं व्यक्ति देख्छु, तर सबैसँग कुराकानी हुन पाउँदैन । त्यो विशाल जनसभा केही क्षणको हुन्छ । भोलिपल्ट म खोजेर पनि पाउन सक्दिनँ । पुस्तकालयमा म त्यस्ता सबैलाई देख्छु । पुस्तकमा, पत्रपत्रिकामा म तिनीहरू एकएकसित गफ्फिन सक्छु । त्यो वर्तमान मात्र होइन, पुस्तकालयमा म उहिलेदेखि अहिलेसम्म र भविष्यका सबैलाई देख्छु । साहित्यकार, कलाकार, ज्ञानी, विज्ञानी, आविष्कारक, राजनेता, अभिनेता, सर्वसाधारण र विज्ञको सामूहिक टोलीलाई मैले पुस्तकालयमै पाएको छु । पाउँदैछु ।

यस्तै ज्ञानको किरण छर्दैछ, किरण पुस्तकालय । हो, किरण पुस्तकालय आधा शताब्दीदेखि ज्ञानका किरण छरिरहेछ । २०६३ सालमा पहिलोपटक म गुल्मीको तम्घास पुगेको थिएँ । त्यसअघि तम्घास, रेसुङ्गा, किरण पुस्तकालय, हाम्रो पुरुषार्थ बारे सुनेको थिएँ । देखेको थिइनँ । पढेको थिइनँ । नजिकबाट आत्मसात् गरेको थिइनँ । मलाई यी सबैसँग चिनाउने पुस्तकको आलय किरण पुस्तकालय ।

किरण पुस्तकालय रेसुङ्गाको सितल काखमा बसेर ज्ञानको न्यानो किरण छर्दो रहेछ । अज्ञानको जालो फाल्दो रहेछ । मैले किरण पुस्तकालयबाट न्यून ज्ञानमात्र लिन सकेँ होला । त्यहाँ नितान्त कम समयमात्र रहन पाएँ हुँला, तर मेरो स्मृतिमा किरण पुस्तकालय हरेक बिहानको सूर्यको किरण झैं ज्ञानको भिटामिन डीको पोषण गरिरहेको अनुभूति भइरहेछ । ज्ञानको किरण यसरी नै सधैंसधैं छरिरहोस् किरण पुस्तकालय ।

पूर्व क्याम्पसप्रमुख, भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही ।

–ooo–

नेपालको बौद्धिक उन्नयनमा किरण पुस्तकालयको योगदान

✍ डा. गणेश पाण्डेय

यस आलेखमा पाठकलाई किरण पुस्तकालयका सम्बन्धमा सर्वाङ्गीण जानकारी गराउने उद्देश्य राखिएको छैन, समय र भूगोलगत सन्दर्भका सापेक्ष्यतामा यसले नेपालको प्राज्ञिक उन्नयन र प्रतिभा उत्पादन, विकास तथा प्रसारमा के कस्तो भूमिका खेल्नसक्यो भन्ने सम्बन्धमा लेखकको दृष्टिकोण राखिएको छ ।

पृष्ठभूमि

जुन समयमा ज्ञानात्मक तथा संज्ञानात्मक विषयवस्तु सम्प्रेषण गर्ने साधनको अधिकांश भाग पाठ्यवस्तुले समेटेको थियो, आधुनिक श्रव्यदृश्य सामग्रीको उपलब्धता देशका सहरमा समेत आइसकेको थिएन त्यो समय कालगत मापनका आधारमा धेरै टाढा नभए तापनि अहिले फैलिएको सूचनाको विश्वव्यापीकरणका आधारमा हेर्दा निकै टाढा रहेको थियो–आजभन्दा ५० वर्ष पहिलेको अवस्था । त्यो बेला नेपालको प्रचलित राजनीतिक/प्रशासनिक विभाजनअनुसार पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चलअन्तर्गत मध्य पहाडी जिल्ला गुल्मीमा पुस्तकालय खोल्नु र त्यसमार्फत प्रतिभा उत्पादन, संरक्षण र प्रसार गर्नु निकै कठिन कार्य थियो । पाल्पाको तानसेन बजारदेखि पैदल हिँडेर तम्घास पुग्नुपर्ने अवस्थामा त्यहाँ पुस्तकालय खोल्नु, त्यसमार्फत विभिन्न रचनात्मक तथा प्राज्ञिक क्रियाकलाप सञ्चालन गर्नु र देशकै सुविधासम्पन्न मानिएका सहरमा समेत प्रकाशनको व्यवस्था नभएका बखत बनारस पुगेर नियमित रूपमा कहिले त्रैमासिक त कहिले अर्धवार्षिक रूपमा पत्रिका प्रकाशन गर्नु असम्भव नभए पनि अत्यन्त कठिन कार्य थियो । त्यसका लागि दृढ संकल्प र बलिदानीको आवश्यकता थियो–"कार्यं वा साधयेयं देहं वा पातयेयम्" । त्यो बलिदानीपूर्ण दुस्कर कार्य किरण पुस्तकालयमार्फत सम्पन्न गर्न लागिपरेका अथक सङ्घर्षशील व्यक्तित्व हुन् शशि पन्थी । त्यो पुस्तकालय उनकै नेतृत्वदायी भूमिकामा २०२५ साल कार्तिक महिनादेखि सञ्चालनमा आएको तथ्य अवगत हुनआउँछ (पन्थी,

२०६८ : १५६) । यो पुस्तकालय स्थापनाको १४ वर्षपछि जिल्लाप्रशासन कार्यालय गुल्मीमा दर्ता भएको कुरा पुष्ट हुन्छ (पन्थी, २०४० : ६१) ।

प्रतिभाउत्पादन, विकास र प्रसार

पुस्तकालयमा सूचनामूलक पत्र/पत्रिकाका साथै विभिन्न विषयगत पुस्तक र खास गरी साहित्यसम्बद्ध पुस्तक पाइने हुनाले सुरुवाती दिनमा जिज्ञासुहरू प्रायः साँझपख पुस्तकालय परिसरमा जम्मा भई अध्ययन र छलफल गर्थे । त्यसो हुनाले यो एउटा बौद्धिक जमघटको थलो बनेको थियो । तर अहिले समाजमा पठन संस्कृति क्रमशः हराउँदै जानलागेको आभास हुनथालेको छ । तैपनि केही न केही जिज्ञासु आज पनि छन् । तिनलाई खुराक दिने काम किरण पुस्तकालयले गर्दै आएको देखिन्छ ।

किरण पुस्तकालयले भानुभक्त आचार्य, मोतीराम भट्ट, लेखनाथ पौड्याल, सोमनाथ सिग्द्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण समजस्ता नेपाली साहित्यमा राष्ट्रियस्तरमा स्थापित कविका जन्म जयन्ती तथा अन्य विविध सन्दर्भ पारेर स्थानीयस्तरका तथा व्यापक सेरोफेरोका सर्जकहरूको सहभागिता गराई कविता, निबन्धजस्ता सिर्जनात्मक विधाहरूको प्रतियोगिता र कविगोष्ठीको आयोजना गरेर एकातर्फ त्यस भेगमा प्रतिभाको उत्पादन गर्नुका साथै उत्पादित प्रतिभालाई माझिने र चिनिने अवसर प्रदान गरेको छ भने अर्कोतर्फ विविध अन्तरक्रिया र सङ्गोष्ठीहरूको सञ्चालन गरेर राष्ट्रिय स्तरका स्रष्टा, समालोचक र प्राज्ञहरूको सहभागिता गराई स्थानीय प्रतिभालाई राष्ट्रिय मूलधारसित जोड्नेजस्ता कार्य समेत सम्पादन गरेको छ । अझ हाम्रो पुरुषार्थ पत्रिकाको प्रकाशनले यस दिशामा झनै ठूलो योगदान गरेको छ । यस संस्थाले प्रायः तम्घासमा सञ्चालन गर्नेगरेका कविगोष्ठीहरूमा त्यस भेगका विभिन्न शैक्षिक, प्रशासनिक, न्यायिक क्षेत्रमा कार्यरत साहित्य अनुरागी वयस्क व्यक्तिहरू, विद्यार्थीहरू र सामान्य सिकारू समेत सहभागी हुन्थे । टीकाराम पन्थी जस्ता खरा समालोचकबाट सहभागीका कवितामा देखिएका गुण-दोषको निष्पक्ष छानबीन गरी सुधारका उपाय निर्देशन गरिन्थ्यो भन्ने तथ्य अवगत हुन आउँछ (बस्याल, २०६७ : ९८) ।

पुस्तकालयमा सूचनामूलक पत्र/पत्रिकाका साथै विभिन्न विषयगत पुस्तक र खास गरी साहित्यसम्बद्ध पुस्तक पाइने हुनाले सुरुवाती दिनमा जिज्ञासुहरू प्रायः साँझपख पुस्तकालय परिसरमा जम्मा भई अध्ययन र छलफल गर्थे । त्यसो हुनाले यो एउटा बौद्धिक जमघटको थलो बनेको थियो । तर अहिले समाजमा पठन संस्कृति क्रमशः हराउँदै जानलागेको आभास हुनथालेको छ । तैपनि केही

न केही जिज्ञासु आज पनि छन् । तिनलाई खुराक दिने काम किरण पुस्तकालयले गर्दै आएको देखिन्छ ।

'हाम्रो पुरुषार्थ' पत्रिकाको प्रकाशन

किरण पुस्तकालयलाई मुलुकका कुना कन्दरासम्म र नेपाली भाषीको पहुँच पुगेका भारत, अमेरिकालगायत देशका केही भूभागमा समेत चिनाउने काम 'हाम्रो पुरुषार्थ' पत्रिकाले गराउँदै आएको हो । हाल इन्टरनेटको विकास र विस्तार भैसकेको अवस्थामा यो सर्वत्र उपलब्ध छ । यस स्थितिमा किरण पुस्तकालयको मेरुदण्ड नै 'हाम्रो पुरुषार्थ' पत्रिका हो भन्न सकिन्छ । यसमा भाषासम्बन्धी कतिपय विवादित विषयमा आधिकारिक विद्वान्का लेख, कार्यपत्र र अन्तरवार्ता जस्ता सामग्री उपलब्ध छन् भने साहित्य, संस्कृति, राजनीति, दर्शन एवं कलाका विभिन्न क्षेत्रसँग सम्बद्ध विषयवस्तु पर्याप्त पाइन्छन् । हालसम्म सत्यमोहन जोशी, बालकृष्ण पोखरेल, वासुदेव त्रिपाठी, रमेश विकल, टीकाराम पन्थी, केशव प्रसाद उपाध्याय, हरिप्रसाद आचार्य, पूर्णप्रसाद ब्राह्मण, वसन्तकुमार शर्म्मा, जयराज आचार्य, घनश्याम कँडेल, शिवराज कौडिन्यायन, दीर्घराज घिमिरे, भीमकान्त पन्थी, बूँद राना, मोदनाथ प्रश्रित, नारायण प्रसाद शर्मा जस्ता थुप्रै राष्ट्रिय स्तरका व्यक्तित्व तथा शिक्षाविद् जर्ज जोन, साहित्य स्रष्टा इन्द्रबहादुर राई जस्ता भारतीय नागरिकका समेत दुर्लभ अन्तरवार्ताले यस पत्रिकाको गरिमा र उपादेयता बढाएका छन् ।

कवित्वपूर्ण चेतनाको विकास र अभिवृद्धिका साथै 'हाम्रो पुरुषार्थ' पत्रिकाले प्राज्ञिक तहको वैचारिक बहस समेत चलाएको छ । टीकाराम पन्थी, हरिप्रसाद आचार्य, मोदनाथ प्रश्रित जस्ता विद्वान्हरूका शास्त्रीय बहस पर्याप्त प्राज्ञिक हुनुका साथै साधारण बौद्धिक स्तरका पाठकको लागि समेत उपयोगी छन् । किरण पुस्तकालयले विभिन्न अवसरमा सम्पन्न गरेका राष्ट्रिय महत्त्व राख्ने सङ्गोष्ठीका सम्बन्धमा र कतिपय सन्दर्भमा विशिष्ट महत्त्व राख्ने अरू विषयमा पनि विशेषाङ्क प्रकाशन गर्ने गरेको छ । यस दिशामा 'लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क २०३९, नेपाली भाषिक सङ्गोष्ठी विशेषाङ्क २०५८, पत्रकारिता विशेषाङ्क २०६२, डा. टीकाराम पन्थी विशेषाङ्क २०६७, भानु विशेषाङ्क २०७०, विश्वेश्वर (प्रसाद कोइराला) विशेषाङ्क २०७१ जस्ता विशेषाङ्कले सम्बन्धित विषयका अनुसन्धातालाई समेत पर्याप्त सामग्री उपलब्ध गराएका छन् । मेरो विद्यावारिधि अनुसन्धानमा यस पत्रिकाका विभिन्न अङ्कहरूका साथै मूलरूपमा 'डा. टीकाराम पन्थी विशेषाङ्क' ले पर्याप्त सामग्री उपलब्ध गराएका छन् । गोपाल प्रसाद पन्थीलगायतका अनुसन्धाताले नेपाली स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनार्थ अनुसन्धान गर्दा यसै पत्रिकाका सामग्रीलाई मूल विषय बनाएको पाइन्छ ।

'हाम्रो पुरुषार्थ' पत्रिकाले सम्बन्धित क्षेत्रका आधिकारिक विद्वान् र स्रष्टाका अन्तरवार्ता, समालोचना र रचनाजस्ता ज्ञानात्मक र संज्ञानात्मक विषय सामग्री पस्कनुकासाथै नयाँ प्रकाशित कृतिको परिचयात्मक समीक्षा दिने गर्दछ । पत्रिकाका अघिल्ला अङ्कमा प्रकाशित लेख/रचनाको समीक्षासमेत दिने गर्दछ । अधिकांश अङ्कहरूमा कुनै न कुनै ठाउँका पुस्तकालयको परिचय दिनुका साथै पुस्तकालयका समस्या र तिनको निराकरणका उपायसमेत सुझाउने गर्दछ । प्रतिनिधिगत रूपमै भए पनि पाठक-प्रतिक्रिया पनि दिन्छ । यसरी विविध विषयक्षेत्रका सम्बन्धमा सामग्री र कतिपय सन्दर्भमा विश्लेषणसमेत दिने गरेकोले सिङ्गो देशकै प्राज्ञिक क्षेत्रमा हाम्रो पुरुषार्थ पत्रिकामार्फत किरण पुस्तकालयको उल्लेख्य योगदान रहेको छ ।

अन्य प्रकाशन

किरण पुस्तकालयको नियमित प्रकाशनको रूपमा हाम्रो पुरुषार्थ पत्रिका त छँदै छ । यसका अतिरिक्त विभिन्न समयमा त्यस क्षेत्रका स्रष्टाका केही प्रबन्धात्मक कृति पनि प्रकाशन गरेको पाइन्छ । तीमध्ये सन्त शशिधर स्वामीको बाणोपनिषद् (२०३३), शशिधर स्वामी र लक्ष्मीनारायण स्वामीका रचनाहरूको सङ्ग्रह रेसुङ्गाका आध्यात्मिक कृति (२०३६), डा. टीकाराम पन्थीद्वारा रचित ऐतिहासिक संस्कृत खण्डकाव्य नेनेपालः (२०४०), डा. टीकाराम पन्थीद्वारा रचित अनुसन्धानमूलक निबन्ध/प्रबन्धहरूको सङ्ग्रह केही जनश्रुतिहरू (२०४२), केशव प्रसाद पौडेलद्वारा लिखित परिचयात्मक पुस्तिका रुरुक्षेत्र (२०४३), डा. टीकाराम पन्थीद्वारा रचित संस्कृत खण्डकाव्य बुद्धस्मरणम् (२०५४), मुकुन्दहरि ज्ञवालीको कविता-सङ्ग्रह मेरो देश नेपाल, राजाराम सुवेदीद्वारा लिखित ऐतिहासिक प्रबन्ध गुल्मीको ऐतिहासिक झलक, मोदनाथ प्रश्रितद्वारा रचित प्रबन्ध मानवताको कलङ्क जातपात र छुवाछूतप्रथा, डा. टीकाराम पन्थीद्वारा रचित विचारात्मक शास्त्रीय निबन्धहरूको सँगालो सांस्कृतिक चिन्तन (२०६२), डा. टीकाराम पन्थीद्वारा रचित ऐतिहासिक प्रबन्ध अर्वाचीन रेसुङ्गा (२०६४), परशुराम उपाध्याय पन्थीद्वारा रचित प्रबन्ध तपोभूमि रेसुङ्गाधाम (२०६७) आदि प्रमुख रहेका छन् ।

सीमित स्रोत साधनका बाबजूद पुस्तकालयद्वारा प्रकाशित उपर्युक्त कृतिहरू केही प्रतिभा प्रोत्साहनपरक छन् भने टीकाराम पन्थीका ग्रन्थहरू सम्बद्ध विधाका अनमोल रत्न सावित भएका छन् । उनका पुस्तकहरू यस पुस्तकालयका गहना हुन् । उपर्युक्त कृतिहरूको प्रकाशन गरेर किरण पुस्तकालयले आफ्नो बहुआयामिक स्वरूपलाई उजागर गरेको छ ।

उपान्त्य

मध्य पहाडी जिल्ला गुल्मीको तम्घासजस्तो विकट ठाउँमा २०२५ सालमा स्थापित किरण पुस्तकालय लुम्बिनी अञ्चलको प्रतिनिधि पुस्तकालय हो भन्दा कुनै अत्युक्ति हुने छैन । त्यो समयमा त्यस्तो ठाउँमा पुस्तकालय खोल्नु, विभिन्न कठिनाइका बाबजूद त्यसलाई निरन्तर विकास गर्दै त्यसको कार्यक्षेत्र विस्तार गर्दै लैजानु र आजको समुन्नत स्थितिसम्म ल्याइपुऱ्याउनुमा पुस्तकालय स्थापनादेखि अध्यक्षलगायत विभिन्न नेतृत्वदायी पद सम्हालेका शशि पन्थीको योगदान निर्णायक रहेको छ । उनी हाम्रो पुरुषार्थ पत्रिकाका प्रधान सम्पादकसमेत हुन् । विभिन्न ठाउँमा रहेका लेखकहरूलाई प्रेरणा दिने, घच्घच्याउनेदेखि लिएर प्राप्त रचनाको छानबीन, परिष्कार र प्रूफरीडिङजस्ता कार्य निःशुल्क र निःस्वार्थ रूपमा सम्पादन गर्ने र कतिपय सन्दर्भमा निजी रकमको लगानी गर्ने शशि पन्थी गुल्मी जिल्लाको मात्र होइन देशकै शैक्षिक र प्राज्ञिक क्षेत्रका धरोहर हुन् । मेरो निजी विचारमा त डा. टीकाराम पन्थीजस्ता बहुश्रुत तर भौगोलिक रूपमा दुर्गम ठाउँमा बसेका विद्वान्लाई उनका प्रज्ञा र प्रतिभाको दोहन गरी राष्ट्रिय परिवेशमा चिनाउने उल्लेख्य काम किरण पुस्तकालको प्रकाशन हाम्रो पुरुषार्थ पत्रिकाले गऱ्यो । यसमा सम्पादक शशि पन्थीको उल्लेख्य योगदान रहेको छ । अन्त्यमा किरण पुस्तकालयको उन्नति/प्रगति सदा देख्न पाइयोस् । भविष्यमा शशि पन्थीका सक्षम उत्तराधिकारी किरण पुस्तकालयले पाउन सकोस् ! यही कामना गरौं ।

सन्दर्भ-सामग्री

- पन्थी, शशि (२०४०), सम्पा., **'किरण पुस्तकालयको पातो' हाम्रो पुरुषार्थ** (वर्ष १०, सम्पूर्णाङ्क १८), तम्घास, गुल्मी : किरण पुस्तकालय पृ. ६१ ।
- पन्थी, शशि (२०६८), सम्पा., **'पुस्तकालय नियमको आवश्यकता' हाम्रो पुरुषार्थ** (वर्ष ३९, सम्पूर्णाङ्क ५७), तम्घास, गुल्मी : किरण पुस्तकालय पृ. १५६ ।
- बस्याल, कृष्णप्रसाद (२०६७), **'किरण पुस्तकालय र डा. टीकाराम पन्थीको सम्झना' हाम्रो पुरुषार्थ** (वर्ष ३८, सम्पूर्णाङ्क ५६), तम्घास, गुल्मी : किरण पुस्तकालय पृ. ९८–१०१ ।

✍ **सहप्राध्यापक : नेपाल संस्कृत विश्वविद्यालय, दाङ ।**

-०००-

जीवेमशरद : सहस्राधिकम्

✍ रामप्रसाद पन्त

साहित्यका लागि मात्र होइन, कुनै पनि सांसारिक ज्ञान प्राप्तिका लागि ज्ञानभण्डारको आवश्यक पर्छ । त्यो ज्ञान सिधै गुरुबाट पनि प्राप्त गर्न सकिन्छ र लिपिबद्ध भएका पुस्तकहरूको अध्ययनबाट पनि प्राप्त गर्न सकिन्छ । तिनै पुस्तकहरूको भण्डार हो पुस्तकालय । पुस्तकहरूको आलय अर्थात् पुस्तकहरूको घर, जहाँ सयौं हजारौं मात्र होइन लाखौंको सङ्ख्यामा पुस्तकहरू सङ्गृहीत हुन्छन् । लाइब्रेरी अफ काँग्रेस, ब्रिटिस नेशनल लाइब्रेरी र नेपालका सन्दर्भमा भन्ने हो भने राष्ट्रिय पुस्तकालय, केन्द्रीय पुस्तकालय र केसर पुस्तकालय आदिलाई लिन सकिन्छ ।

पुस्तकालय सञ्चालन गर्नु भनेको निरन्तर अभियान हो । एउटा पुस्ताले स्थापना गरेको पुस्तकालय उसको शेषपछि संरक्षणका लागि अर्को पुस्ता तयार हुनुपर्छ तर हामीकहाँ त्यस्तो संस्कृति बसिसकेको छैन । बाबुले चाख लिएर खोलेको पुस्तकालयमा छोराले पनि रुचि राख्छ भन्ने कुनै ग्यारेन्टी छैन । बाबुका लागि त्यही पुस्तक हीरा थियो भने छोराका लागि कीरा हुन सक्छ । अनि सकिन्छ पुस्तकालयको किस्सा । यसैले आवश्यक पर्छ– पुस्तकालयमाथि सरकारी संरक्षण । किनकि पुस्तकालय राष्ट्रको सम्पत्ति हो । ज्ञान जनजनको आवश्यकता हो ।

'पुरानो कोट लगाऊ, नयाँ पुस्तक किन'– थोरोको यो भनाइ ज्ञानार्जनका लागि पर्याप्त छ । तर नेपालको सन्दर्भमा सबैभन्दा बढी लेखिने र कालान्तरसम्म नटिक्नेमध्येको संस्था हो पुस्तकालय । यसको मुख्य कारण हो– पुस्तकालयको उपादेयता नबुझीकन खोल्नु र यसको दूरगामी पक्षसँग अनभिज्ञ रहनु । अर्थात् युवा जोश देखायो, पुस्तकालय खुल्यो । पुस्तकको सुरक्षामा ध्यान दिने निरन्तरता हुन सकेन, बन्द भयो । किताबहरू धुलाम्मे भए, धमिरा र मुसाले खाए, ओसिए, मासिए, समाप्त भए ।

पुस्तकालय सञ्चालन गर्नु भनेको निरन्तर अभियान हो । एउटा पुस्ताले स्थापना गरेको पुस्तकालय उसको शेषपछि संरक्षणका लागि अर्को पुस्ता तयार हुनुपर्छ तर हामीकहाँ त्यस्तो संस्कृति बसिसकेको छैन । बाबुले चाख लिएर खोलेको पुस्तकालयमा छोराले पनि रुचि राख्छ भन्ने कुनै ग्यारेन्टी छैन । बाबुका लागि त्यही पुस्तक हीरा थियो भने छोराका लागि कीरा हुन सक्छ । अनि सकिन्छ पुस्तकालयको किस्सा । यसैले आवश्यक पर्छ– पुस्तकालयमाथि सरकारी संरक्षण । किनकि पुस्तकालय राष्ट्रको सम्पत्ति हो । ज्ञान जनजनको आवश्यकता हो ।

हाम्रोजस्तो बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र बहुजातीय भएको देशमा विभिन्न भाषीका पुस्तकहरू सुरक्षित राख्नका लागि पुस्तकहरूको विशाल सङ्ग्रहालय हुनु जरूरी छ । ऐतिहासिक अभिलेखहरूका लागि राष्ट्रिय अभिलेखालय र पुरातात्त्विक वस्तुहरूको संरक्षणार्थ पुरातात्त्विक सङ्ग्रहालय सुव्यवस्थित रूपमा सञ्चालन हुनुपर्छ । जसबाट विविध नेपाली जनजाति, धर्म र संस्कृतिमाथि अध्ययन गर्नेहरूका लागि एउटा महत्त्वपूर्ण थलो बनोस् र अध्ययन अनुसन्धानको कार्यले निरन्तरता पाओस् ।

हामीकहाँ सरकारी संरक्षणप्राप्त पुस्तकालयको अवस्था पनि राम्रो छैन । २०७२ सालको महाभूकम्पपछि क्षतिग्रस्त भएका पुस्तकालयहरू केही पुनर्निर्माण भए, केही पुनर्निर्माणको क्रममा छन् र केहीको पुनर्निर्माण हुने अझसम्म पनि अत्तोपत्तो छैन । केन्द्रीय पुस्तकालय बौरिएको अवस्थामा छ, केसर पुस्तकालय र मदन पुरस्कार गुठीबाट सञ्चालन भइरहेका मदन पुस्तकालयहरू बौरिने अवस्थामा छन् तर राष्ट्रिय पुस्तकालय अझै पनि बोरामा बाँधिएको अवस्थामा छ । सरकारी पुस्तकालयको यस्तो हालत छ भने निजीस्तरमा स्थापना गरिएका टोलछिमेकका पुस्तकालयहरू र एकल अभिरुचिमा स्थापना गरिएका घर घरका पुस्तकालयहरूको अवस्था कस्तो होला ?

वर्तमान अवस्थितिमा नेपालको साहित्यिक क्षेत्र यति फस्टाएको छ, दैनिक सालाखाला आठदशवटाका दरले किताबहरू प्रकाशित हुन्छन् । साहित्यिक संस्थाहरूको अभिवृद्धि हुँदै गए जसरी साहित्यकारहरू पनि बढेका छन् र तदनुरूप कृतिहरू पनि प्रकाशित भइरहेका छन् । एउटा कृति विमोचन कार्यक्रममा जाँदा त्यो कृतिसँगसँगै अन्य चारपाँचवटा कृति हात लाग्छन् । ती कृतिहरूमाथि सर्सर्ती नजर त लगाउनै पऱ्यो, अनि थन्क्याउने कहाँ ? थुपार्दा थुपार्दै चाङ बन्छ । ठाउँ छ भने लाइन लगाएर राख्नुपऱ्यो । खात बनाउनुपऱ्यो, अन्यथा कसैलाई दिनुपऱ्यो । लिने मानिस सत्पात्र पऱ्यो भने त त्यसले गाउँको कुनै पुस्तकालयमा लगेर राख्ला, परेन भने उसले सके त बेचेरै खाला, सकेन

भने खाली सिसी पुराना कागजमा पनि दर्ता गरिदेला ! अनि त मालको कुमाल, भिल्लका देशमा मणि ।

मलाई यस्तै अनुभव भएको छ, मैले कसैलाई लेखेर दिएका उपहारस्वरूप किताबहरू फुटपाथमा बिक्रीका लागि राखिएको अवस्थामा भेटिएका छन् । सरस्वतीमाथि बेइमानी, सरस्वतीपुत्रको सदासयतामाथिको यस्तो बेइमानी पनि हुने गरेको छ । विमोचन कार्यक्रममा सित्तैमा पाएको किताब लेखकले पुऱ्याउनुभन्दा अघि नै अरू कसैले लगेर पुस्तकालयमा बेचेको अनुभव पनि छ मसँग ।

किरण पुस्तकालयले ५० शरद् पार गरिसक्यो । योभन्दा खुशीको कुरा के हुनसक्छ ? निजी प्रयासमा सञ्चालित किरण पुस्तकालयले महाकवि देवकोटाको आयु बाँचिसक्यो, योभन्दा गर्वको विषय अरू के हुनसक्छ ? संयोग पनि गजबको जुरेछ, महाकविले जन्म लिएको कार्तिक २७ गतेको संस्मरणमा किरण पुस्तकालयको वार्षिकोत्सव मनाइँदै रहेछ ।

हालसम्म १२० वटा कृति प्रकाशन गरिसकेको दायित्व वाङ्मय प्रतिष्ठानको पुस्तकालय पनि साहित्यिक पुस्तकहरूले भरिभराउ भएको छ । दायित्व पत्रिकामा समीक्षार्थ आउने कृतिहरूको पनि लाइन हुने गर्छ । कुनै साहित्यिक कार्यक्रममा जाँदा सम्मानस्वरूप हात लाग्ने कृतिहरूको सङ्ख्याले पनि निरन्तरता पाएकै हुन्छ । पढिसकेपछि कहाँ राख्ने ? प्राप्त भएका सबै कृति सङ्ग्रह गरेर राख्न हाम्रो क्षमताले भ्याउँदैन अनि माग्न जो आउँछ, त्यसैलाई निःशुल्क दिएर पठाउने बाहेक अर्को विकल्प रहँदैन ।

राष्ट्रले भाषा, साहित्य र संस्कृतिको संरक्षण गर्नुपर्ने हो । गाउँपालिका वा नगरपालिकामा मात्र होइन, वडावडामा पुस्तकालयको व्यवस्था हुनुपर्ने हो तर शिशु अवस्थामा रहेको सङ्घीयताबाट त्यो आश गर्नु पनि व्यर्थ हुन्छ । अतः साहित्यिक क्षेत्र व्यवस्थित रूपमा सञ्चालन हुन हामीले अझ लामै समय पर्खनुपर्छ ।

राष्ट्रका पुस्तकालयहरूको यसप्रकारको चर्चा गर्दै गर्दा हामीले किरण पुस्तकालयको स्थायित्वका बारेमा कुरा गर्दै छौं । किरण पुस्तकालयले ५० शरद् पार गरिसक्यो । योभन्दा खुशीको कुरा के हुनसक्छ ? निजी प्रयासमा सञ्चालित किरण पुस्तकालयले महाकवि देवकोटाको आयु बाँचिसक्यो, योभन्दा गर्वको विषय अरू के हुनसक्छ ?

संयोग पनि गजबको जुरेछ, महाकविले जन्म लिएको कार्तिक २७ गतेको संस्मरणमा किरण पुस्तकालयको वार्षिकोत्सव मनाइँदै रहेछ । यस्तै संयोग

दायित्वसँग पनि गाँसिएको छ । दायित्व वाङ्मय प्रतिष्ठानले कार्तिक २७ गते जन्मेका आख्यानकार शङ्कर कोइरालाको जन्मजयन्ती मनाउने सन्दर्भमा महाकविको तस्वीर पनि सँगै राखेर दुवैजनालाई सम्झिने गर्छ ।

मैले सुनेको छु २०२५ सालमा जन्मेको किरण पुस्तकालयले २०७४ कार्तिकदेखि २०७५ कार्तिकसम्म विविध साहित्यिक कार्यक्रमहरू गरी स्वर्ण महोत्सव मनाइरहेको छ । आगामी दिनमा किरण पुस्तकालयबाट प्रकाशित हुने 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिकाले किरण पुस्तकालयले भोग्दै आएका पचास वर्षका क्रियाकलापहरूलाई समेट्ने छ र ८० औं अङ्कलाई किरण पुस्तकालय स्वर्ण विशेषाङ्कको रूप दिनेछ । यो सुन्दा मलाई सुखद अनुभूति भएको छ ।

मेरो कामना छ–किरण पुस्तकालय अब शताब्दी मनाउनेतर्फ अग्रसर बनोस् । किरण पुस्तकालयमाथि सबैको सुदृष्टि परोस्, किरण पुस्तकालयका सञ्चालकहरू सधैं क्रियाशील भएर किरण पुस्तकालयलाई चिरस्थायित्व दिनेतर्फ लागि परून् । मेरो अगुवाइमा सञ्चालन भइरहेको दायित्व वाङ्मय प्रतिष्ठान र किरण पुस्तकालयको सुमधुर सहसम्बन्ध रहिरहोस् । यस सम्बन्धले दायित्व र हाम्रो पुरुषार्थको अन्तर्सम्बन्ध पनि सुदृढ बन्दै जानेछ । जीवेमशरदः शताधिकम्, जीवेम सहस्राधिकम् ।

✍ **प्रधान सम्पादक : दायित्व (द्वैमासिक), काठमाडौं ।**

–ooo–

किरण पुस्तकालय

तम्घास, गुल्मीबाट

एक दर्जनभन्दा बढी पुस्तकहरू प्रकाशित भएका छन् । गुल्मीबारे जानकारी प्राप्त गर्न यी पुस्तकहरू खोजी खोजी पढ्नुहोस्

किरण पुस्तकालयलाई नियाल्दा

✍ नवराज पाण्डेय 'चातक'



"सरस्वती मयादृष्टा वीणापुस्तकधारिणी ।"

२०५० सालदेखि रुरु संस्कृत विद्यापीठ रिडीमा मैले प्राध्यापन गर्दा नजिकबाट यस पुस्तकालयका गतिविधि हेर्ने अवसर प्राप्त गरें । राष्ट्रका ठूला विद्वान् साहित्यकारहरूका ऐतिहासिक, धार्मिक, भौगौलिक, पौराणिक, समसामयिक, दार्शनिक खोज अनुसन्धानमूलक र सिर्जनात्मक विषयवस्तुलाई राष्ट्र समक्ष प्रस्तुत गर्दै आएको किरण पुस्तकालय सबैका साझा अभिव्यक्ति पस्किने थलोको रूपमा मैले पाएँ ।

मानवजातिको सृष्टि हुनुपूर्व नै पुस्तकको अस्तित्व थियो भन्ने कुरा उपर्युक्त पङ्क्तिले स्पष्ट गर्दछ । श्रीमद्भागवतअनुसार ब्रह्माजीलाई सृष्टिविषयक ज्ञान प्रदान गर्ने सरस्वतीका हातमा पूर्वकल्पका ज्ञानको भण्डारको रूपमा पुस्तक थियो । पुस्तौं पुस्तासम्म रहने भएकोले पुस्तक नाम रहेको हो । सरस्वतीको हातमा रहेको पुस्तकले अघिल्लो पुस्तकको ज्ञान यस पुस्तामा हस्तान्तरण गर्ने कुरा बताउँछ । पुस्तकहरूको घर नै पुस्तकालय हो ।

लुम्बिनी अञ्चलअन्तर्गत गुल्मी जिल्लाको सदरमुकाम तम्घास ऋष्यशृंग मुनिको तपस्थली रेसुङ्गाको काखमा अवस्थित छ, जो शैक्षिक एवं साहित्यिक क्षेत्रमा अग्रस्थानमा रहेको छ । शैक्षिक समुन्नतिमा विभिन्न विद्यालय र रेसुङ्गा बहुमुखी क्याम्पसको भूमिका महत्त्वपूर्ण छ भने साहित्यिक माध्यमले राष्ट्रिय स्तरमा नै साहित्यिक क्षेत्रको उत्थानमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको कुरा जगजाहेर छ ।

गुल्मी जिल्लाकै दिब्रुङ्गको लेकमा परमानन्द स्वामीले २०२८ सालमा संस्कृत गुरुकुल विद्यालय स्थापना गरी सञ्चालन गर्दा म आठ वर्षको थिएँ । त्यहाँ अध्ययन गर्दा प्रौढ व्यक्तिका मुखबाट तम्घासमा विद्वान्हरू मिलेर विद्यालय र पुस्तकालय खोली सञ्चालन गरेका छन् रे भन्ने कुरा सुनी मेरो बालमस्तिष्कमा अहो कस्तो होला ? भनी जिज्ञासा र त्यसप्रति श्रद्धाभाव जागृत भएको थियो ।

त्यो पुस्तकालय यहीं किरण पुस्तकालय रहेछ । त्यो जिज्ञासा आज मेटियो । २०५० सालदेखि रुरु संस्कृत विद्यापीठ रिडीमा मैले प्राध्यापन गर्दा नजिकबाट यस पुस्तकालयका गतिविधि हेर्ने अवसर प्राप्त गरें । राष्ट्रका ठूला विद्वान् साहित्यकारहरूका ऐतिहासिक, धार्मिक, भौगौलिक, पौराणिक, समसामयिक, दार्शनिक खोज अनुसन्धानमूलक र सिर्जनात्मक विषयवस्तुलाई राष्ट्र समक्ष प्रस्तुत गर्दै आएको किरण पुस्तकालय सबैका साझा अभिव्यक्ति पस्किने थलोको रूपमा मैले पाएँ । यसका क्रियाकलापहरूबाट प्रभावित भएर मैले पनि आफ्ना केही अभिव्यक्ति यस पुस्तकालयबाट प्रकाशित हुने 'हाम्रो पुरुषार्थ' पत्रिकामार्फत प्रस्तुत गर्ने मौका पाएँ । शिक्षा र विकासको दृष्टिकोणले पिछडिएको हाम्रो मुलुकका केही होनहार आँटिला विद्वान् र समाजसुधारकहरूले राष्ट्र र राष्ट्रभाषाको उत्थान गर्ने महाअभियानमा किरण पुस्तकालयको स्थापना गरेर शिक्षाको दियामा तेल थपिदिएको तथ्य कसैले बिर्सनु हुँदैन ।

किरण पुस्तकालयले मानवमा प्रसुप्त विविध प्रतिभाको उजागर गर्दै पूर्वीय मूल्य र मान्यताभित्र रहेको गहन तत्त्व पस्किनुका साथै सिर्जनात्मक समसामयिक कुरालाई हातेमालो गरी आफ्नो पहिचान बनाएको छ ।

संस्कृत, नेपाली र अंग्रेजी भाषाका विविध विषयवस्तु प्रकाशित गरेर किरण पुस्तकालय सबैको साझा थलो बन्न पुगेको छ । यसका अन्य विशेषता इतिहासमा अंकित भइसकेका छन् । डा. टीकाराम पन्थी, शशि पन्थी आदि मूर्धन्य साहित्यमहारथिहरूको उत्प्रेरणाले गर्दा मलाई पनि यस संस्थाप्रति श्रद्धा र अपनत्वको भाव जागृत भयो ।

यस किरण पुस्तकालयबाट पचास वर्षको अवधिमा कैयौं लुकेका इतिहास समाजका सामु प्रकट भए, कति सुसुप्त प्रतिभा मुखारित भए, अनेकौं व्यक्तिले साहित्यकार, समालोचक, दार्शनिक, कवि, नेता, आदि बन्ने अवसर प्राप्त गरे ।

संक्षेपमा भन्दा किरण पुस्तकालयले मानवमा प्रसुप्त विविध प्रतिभाको उजागर गर्दै पूर्वीय मूल्य र मान्यताभित्र रहेको गहन तत्त्व पस्किनुका साथ सिर्जनात्मक समसामयिक कुरालाई हातेमालो गरी आफ्नो पहिचान बनाएको छ । २०७५ सालमा मनाइने स्वर्णजयन्ती महोत्सव अत्यन्त भव्यताका साथै सुसम्पन्न होस् र किरण पुस्तकालय युगौं युगसम्म आफ्नो उद्देश्य पूर्तिमा सधैं अगाडि बढिरहोस् भन्ने शुभेच्छा प्रकट गर्दै लेखनीलाई विश्राम दिन चाहन्छु ।

✍ **सह-प्राध्यापक : नेपाल संस्कृत विश्वविद्यालय, परमानन्द संस्कृत गुरुकुल विद्यापीठम्, देवघाटधाम, तनहूँ ।**

-०००-

गुल्मीको शैक्षिक जागरणमा किरण पुस्तकालयको महत्त्व

✍ हेमराज पाण्डे

"ओर्लिन्छन् देवता नित्य गुल्मीको धाम धर्तिमा
शालग्राम लपेटिन्छन् कृष्णाको तट पर्तिमा ।
पुण्य क्षेत्र रिडी पाउ रेसुङ्गा शिर टाकुरा
किरणकुञ्ज तिमीलाई चढाएँ पुष्प आँकुरा ।।"

पृथक् पृथक् पाठकीय रुचिअनुसार इच्छुक पाठकले विभिन्न शर्तमा पढ्न पाउने व्यवस्थित एवं विषयगत पुस्तकहरूको सार्वजनिक कुञ्ज नै पुस्तकालय हो । अर्को शब्दमा विभिन्न प्रकारका पुस्तकहरू व्यवस्थितरूपमा सङ्ग्रह गरेर राखिएको सार्वजनिक ठाउँ वा घरभित्रको चाङलाई नै पुस्तकालय भनिन्छ । पुस्तकालय शुरू भएको विश्वइतिहास तथ्यगत रूपमा कतै पाइदैन । तथापि पुस्तकहरू दीर्घ टिकाउ रहने गरी त्यसको महत्त्व बुझ्ने र माया गर्ने दूरगामी सोचको रूपमा जिज्ञासु पाठकको अभिरुचिअनुरूप उपलब्ध व्यवस्थासहित अभिलेख गरेर राख्ने सोचको विकसित रूप नै आजको व्यवस्थित पुस्तकालयको शुरू विकासको उपज मानिन्छ । अक्सर गरेर अभिलेख, संग्रहालय, संस्कारयुक्त ऐतिहासिक तिथिमितिसहितको जीवनशैली एवं कुनै गोत्रावलीसहित थर समूहको वंश परम्परागत नालिबेली पनि पुस्तकालय अध्ययनको सहयोगी खुराक मानिन्छ ।

वैधानिक तथ्यसहित संसारको पहिलो पुस्तकालय यही हो भनेर यकिन गर्न यो पंक्तिकार अनभिज्ञ छ । पुस्तकालयसम्बन्धी गहिरो अध्ययन अभावस्वरूप त्यसको आवश्यक महत्त्व बुझ्न नसक्नु आफूलाई बोधो दिमागको बुध्धू, लाटोकोशेरोको श्रेणीमा घिसार्नु हो । यति महत्त्वपूर्ण किरण पुस्तकालयसम्बन्धी खोजअनुसन्धानको उपयोग हुने गरी मूल्यवान् समयमा इतिहासको तिथिमितिसहित अभिलेख उतार्न चुकेकोमा लाचार छु । यसमानेमा समयको महत्त्व नबुझ्ने खोक्रो सतही आडम्बरपनको ठूलो भूल मैले आफूलाई स्वीकार्नै पर्छ ।

सत्य, त्रेतायुगका शिव, विष्णु, राम, देवी भगवती, सीतालगायत देवी-देवताको अर्चना-स्तुतिका वेद, पुराण, रामायण, महाभारत, उपनिषद्का अमर ठेलीहरू द्वापरयुगमा लेखिए । तिनै आज संसारको बौद्धिक दर्पण मानिने सुरक्षित दस्तावेजको ऐतिहासिक किस्सालाई पुस्तकालयको शुरूवात भन्ने कि नभन्ने ? हिमवत् खण्ड भारत वर्षस्थित विश्वदर्शनको नाभिस्थल स्वीकारिने यस क्षेत्रको महिमासहित पूर्वीय दर्शनमा लेखिएका मृत्युञ्जयी अमर ठेलीलाई पुस्तकालयको प्रारम्भ काल यदि स्वीकार्ने हो भने भारत वर्ष भरत खण्ड महाभारत पर्वत शृङ्खला र नारायणी, गण्डकी, कोशी, भागीरथी नदी किनार नै पुस्तकालयको पहिलो विजय प्राप्त क्षेत्र मानिन्छ ।

उता कागजको आविस्कार, नोटको आविस्कार, बन्दुकको आविस्कारसँगै ग्रेटवाल निर्माणमार्फत आधुनिक सातौं विश्व आश्चर्य अद्भुत चमत्कारमा चीनको नाम संसारभर सुरक्षित छ । यसमानेमा चीन नै संसारको पहिलो पुस्तकालयको जननी स्वीकार्दा अन्यथा हुँदैन । नबिग्रने कागजमा लेखिएका महाभारत, रामायण, वेदका ठेली छापिने कागजको आविस्कार चीन हो भन्ने तथ्य सबैद्वारा संसारभर स्वीकारिएको पनि छ । यता मिश्र, मेसोपोटामिया, पर्सिया, तुर्कसभ्यताको विकाससँगै बेबिलोन, अलेक्जेण्ड्रिया, हडप्पा, सभ्यता विस्तारलाई पनि पुरानै पुस्तकालयको विश्वव्यापी कोटिमा गणना गर्न सकिन्छ । नाइल नदीकिनार मिश्रका पीरामीडको अद्भुत विकासको अन्तरकुन्तरमा पुस्तकालय विकासक्रमको नजिक पुग्न सकिन्छ ।

संसारकै पुरानो बुद्धदर्शनमा आधारित नालन्दा विश्वविद्यालयको विराट् व्यवस्था र चमत्कारयुक्त सनातन शैक्षिक पद्धतिको स्थलगत यो पंक्तिकारको अध्ययनले पनि पुस्तकालय स्थापनाको शुरू विकासक्रमको नजिक पुऱ्याउँछ । अहिंसा, सहिष्णुता र सामञ्जस्यताको विश्वव्यापी अगुवाइ बनेको शान्तिप्रिय बुद्ध दर्शन पनि साढे पच्चीस सय वर्ष पुरानो मानिन्छ । प्रवृत्ति ग्रेगेरियस एनिमालिटी र जमीन कल्टीभेटेड ल्याण्डको स्वार्थपरक पाश्चात्य क्रिश्चियनहरू पनि आफूलाई ग्रीक, रोम सभ्यताको विजेताको अग्रपंक्तिमा उभ्याउन रुचाउँछन् । बाइवलको न्यू टेस्टामेन्टअनुरूप ब्याक टु ब्याथुलिज्म दर्शनमार्फत होस् अथवा थ्री जोर्नी म्यान अफ मिडिलइस्टमार्फत शुद्ध आचरणको यहुदी क्रिश्चियन यात्रु मात्र सबै अवरोध पन्छाउदै क्रिश्चियन तीर्थस्थल जेरूसलेम स्थित बेथुलाज (इजराइल) सकुशलै पौचाएर यहुदी लेखक टि.एस. इलियटले क्रिश्चियानिटी दर्शनलाई संसारको सर्वोपरि उच्च विन्दुमा राखेका छन् । निर्भयका साथ मध्यपूर्वका तीन यात्रु सकुशलै पवित्रभूमि बेथुलास पुगेर फर्किंदा पुस्तकालय रहेको रहस्य खुलाएर धार्मिक पुस्तकालयको पहिलो श्रीगणेश बेथुलास नै रहेको तर्क पेश गर्दछन् ।

पुस्तकालयको विकासक्रममा ब्रिटिश साम्राज्यको साहित्यिक विकासको युग पनि उत्तिकै सान्दर्भिक मानिन्छ । स्केण्डेनिभियन मुलुकका नर्भन कन्क्वेष्टहरू बसाइ सरेर दोस्रो, तेस्रो शताब्दीतिर जब बेलायत टापुमा ओर्लिए । आप्रवासी समस्या थेग्दै स्थापित भएका बेलायती अंग्रेजहरू समयको चतुर राजनीतिक खेल खेल्दै अझ चलाख बनेर साम्राज्य विस्तारमा संसारभर आँखा चाहर्न थाले । साम्राज्य विस्तारकै क्रममा अंग्रेजी भाषा डोमिनेशनमार्फत आफ्नो दर्शन, इतिहासको प्रभाव फैलाए संसारभर । साथै अंग्रेजी साहित्यको विकासक्रमको प्रभाव विस्तार पनि सँगसँगै सर्वत्र डोऱ्याउँदै गए । बिफोर कन्क्वेष्ट, इलिजावेथियन युग, मेटाफिजिकलयुग, सेभेन्टिन्थ सेन्चुरी, सेटारिकल युग, एटिन्थ सेन्चुरी, नाइन्टिन्थ सेन्चुरी, भिक्टोरियन युग एवं मोडर्न युगसम्म आइपुग्दा ब्रिटेनको पेन्गुइन छापाखानाद्वारा प्रकाशित अंग्रेजी साहित्यिक पुस्तक र साहित्यको विकासक्रमले संसारभर त्यत्तिकै समृद्धस्थान ओगटेको छ ।

सन् १२१३ को बेलायतको म्याग्नाकार्टा ट्रिटी, सन्, १६८८ को फ्रान्सको गौरवमय राज्यक्रान्ति एवं सारा युरोपको १७ औं शताब्दीको पुनर्जागरण युग नै संसारलाई चेतनशील बनाउने सारा युरोपको सिङ्गो देन मानिन्छ । बिफोर कन्क्वेस्टभन्दा पहिले अथवा ११ औं शताब्दीतिर अकस्मात् बेलायतको लण्डनस्थित बृटिश पुस्तकालयमा आगजनीले सखाप पारेर खरानीमा परिणत भएको एउटा प्रमाण इतिहासले पेश गर्दछ । उता लण्डन पुस्तकालयमा जलेर अपाङ्ग बनेका अवशेष दुर्लभ पुस्तकहरू फ्रान्सस्थित पेरिसको पुस्तकालयमा सुरक्षित रहेको स-प्रमाण अर्को रहस्य फ्रान्सले पेश गर्दछ । यो रहस्यात्मक स्रोत अंग्रेजी साहित्यको ऐतिहासिक विकासक्रमको उजागर गर्ने पेन्गुइन प्रिण्टद्वारा मुद्रित The way we go ऐतिहासिक अंग्रेजी निबन्ध-संग्रहको फेहरिस्त अध्ययनबाट जानकारी पाइन्छ । यसमानेमा बेलायतभन्दा फ्रान्सको पुस्तकालयको इतिहास परिस्कृत र पुरानो भएको प्रमाणित हुन्छ । मिचाहा, हेपाहा र साम्राज्यवादी बेलायती अंग्रेजभन्दा युरोपभर परिस्कृत संस्कारको जननी मानिने फ्रेन्चहरूको विनम्रता, हार्दिकताले बढी महत्त्व पाउनु नै हो । अझ युरोपभित्र फ्रेन्च भाषाको महत्त्व, प्रभाव र प्राथमिकतालाई हेर्दा पुस्तकालय विकासक्रमको विजेता छान्ने क्रममा हामी फ्रान्स नजिक पुग्छौं ।

ग्रीक दर्शनमा आधारित प्रमिथस महाकाव्यमा लक्ष्मीप्रसाद देवकोटाले सौतेनी आमाको एक्लो टुहुरो झड्केलो छोरोमाथिको अन्याय अत्याचारलाई घनीभूत रूपमा वर्णन गरेका छन् । त्यही एक्लो पात्र बनेको सौतेनी छोरोलाई आम पाठकको मन छुने सहानुभूति दिलाएर अमरनायक सिद्ध गरेका छन् । जुपिटर अथवा बृहस्पति दैवी शक्तिको अर्चनामा लेखिएको उक्त प्रमिथस पुस्तक ठेलीलाई सर्वशक्तिमान् स्वीकार्दै त्यै अपार शक्तिसामु सबैलाई अर्चना गर्न

सुझाएका छन् । यसरी ग्रीक, रोम सभ्यता उत्थानसँगै आम पाठकलाई शुरू पुस्तकालय नजिक पुऱ्याएका छन् देवकोटाले । तिनै पाश्चात्यहरू जो पहिलो र दोस्रो विश्वयुद्धमा कुटिल पाशा मात्र खेलेनन् । स्वयं युद्ध सरदार हिटलर र मुसोलिनीलाई सेतो छाला र क्रिश्चियानिटी भएबापत बचाउन सोझो गहुँगोरो जापानी मंगोलियन मगरमाथि बम प्रहारद्वारा तहसनहस नरसंहारको प्रपंच रचे । आजका तिनै क्रिश्चियन पादरीका पूर्व पिता पुर्खाहरूले त्यस प्रकारको ऐतिहासिक बेइमान र कुटिल चर्तिकला प्रदर्शन पनि गरेका थिए । त्यो युद्ध विसर्जन जालझेल र बेइमान कुटनीतिको कालो इतिहास बनेर आज संसारका सचेत पाठकसामु आँखिझ्यालको रूपमा त्यो युद्ध खेलको घृणा भइरहेको पनि छ ।

सामाजिक, आर्थिक, बौद्धिक, भौतिक र भौगोलिक सबै क्षेत्रका वैभव वर्चस्व जमाउने अमेरिकालगायतका पाश्चात्य क्रिश्चियनहरूको निधारभित्र एउटा अनौठो रणकौशल चातुर्य बुद्धि दूरदर्शिता सधै लुकेको हुन्छ । आफू हरतहरले सुरक्षित हुने दाउमा अरूलाई लडाएर, टुक्राएर धूर्त खेल मञ्चनद्वारा अरूलाई उछिन्न खप्पिस सावित भएका पनि यही कारण हो उनीहरू । हिन्दू एकोहोरो पुरातन डेब्रो, मुस्लिम अतिबादी र अदूरदर्शी एवं सोझो मंगोलियन बुद्ध दर्शनको अगुवाइमा क्रिश्चियन बाठो दिमागलाई उछिन्ने चातुर्यताको सम्भावना पटक्कै छैन । साथै आधुनिक पुस्तकालयको भरपर्दो व्यवस्थापन, पुस्तक सुरक्षित राख्ने सूक्ष्म प्रणालीको आधुनिक क्याटलग व्यवस्था, त्यसको महत्त्व र बुद्धिमत्तापूर्ण दूरदर्शी बौद्धिक उपयोगको आधारमा पनि पुस्तकालयको विकासक्रममा पाश्चात्य क्रिश्चियन संस्कारको अग्रस्थान छ भन्न हामीलाई करै लाग्दछ ।

नेपालमा पुस्तकालयको व्यवस्था र यसको विकासक्रम

नेपालको मल्ल (नेवार)काललाई कला, धर्म, संस्कृतिको विलासी स्वर्णिम युग मानिन्छ । यसैगरी आलीशान दरबार निर्माणको आधारमा राणाकाललाई त्यस क्षेत्रको सुन्दर युग भनिन्छ । शिकारी, विलासिता, मनोरञ्जन, अमनचयन र क्रीडा सयरको ठाँटमा सधै रमाउने र समयको ख्याल नगर्ने अदूरदर्शी युग भनिन्छ शाहकाललाई । अझ पहिलेको किराँत, गोपाल, अहिर युग भने दैवी शक्ति धर्ममा बढी आस्थावान् आफ्नै शैली परम्परामा गणना हुन्छ । हुन त भारतीय चक्रवर्ति राजा सम्राट् अशोक आफ्नी छोरी चारूमतीलाई तत्कालीन काठमाडौंका राजा धर्मपालसँग विवाह गराई हिन्दुस्थान फर्किदा गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा अशोक स्तम्भ खडा गरेका थिए । जापानी विद्वान् डा. फुहररले बुद्धको जन्मभूमि नेपालको लुम्बिनी क्षेत्र नै हो भन्ने सन् १९९० मा पत्ता लगाउनुपूर्व यसरी सम्राट् अशोकले कुन अभिप्रायले बुद्धभूमि लुम्बिनीलाई प्रभाव

क्षेत्र ठानी अशोक स्तम्भ ठडाए ? तर नेपाली सार्वभौम मानचित्रभित्र विना स्वीकृति खडा गरेको उक्त अशोक स्तम्भ तत्कालीन् किराँती सातौं राजा स्थुंकोले स्वाभिमान राष्ट्रमाथि बल मिचाइको कलंक ठान्दै र प्रतिक्रिया जनाउँदै उक्त अशोक स्तम्भको अग्रभाग ढालेर उचाइ छोटाइदिए । यसर्थ किराँत युग पनि राष्ट्रियता र राष्ट्रप्रेमको उत्तिकै अग्रणी मानिन्छ । यो घटना आजका स्वाभिमानी नेपालीको शिर ठाडो बनाउने पहिलो खुड्किलो हो भन्ने जानकारबाट भविष्यका नेपाली विद्यार्थीहरू अनभिज्ञ नरहून् भन्नको लागि यो ऐतिहासिक सन्दर्भ जोडिएको हो ।

कवि राजा महेन्द्रका मौलिक रचना र अमर गीतको आधारमा उहाँ एउटा पुस्तकालयको दस्तावेज हो । यसैगरी जननायक बी.पी. कोइराला मोदिआइन, दोषी चश्मा, हिटलर र यहुदी, जेलजर्नल जस्ता अमर कृतिका आधारमा जीवन्त पुस्तकालय हो । त्यसो त मल्लकालका कवीन्द्र राजा प्रताप मल्ल, भूपतीन्द्र मल्ल, महीन्द्र मल्ल पनि आ-आफ्ना अमर कृतिको आधारमा पठनीय ऐतिहासिक पुस्तकालय मानिन्छन् । विचार, आस्था र राजनीतिक झुकाव वामपन्थी भए पनि अध्ययन, अध्यापन र साधनारत तपस्यामा श्रद्धेय अग्रज एवं चिन्तक पुष्पलाल श्रेष्ठ आफैमा एउटा नेपाली पुस्तकालयको अलिखित ऐतिहासिक दस्तावेज हो । यही दर्शनलाई पच्छ्याउदै सभ्य, शालीन एवं अति परिपक्क कूटनीतिक शैलीका हिमायती स्व. मनमोहन अधिकारीको भद्रताको उचाइ पनि एउटा पुस्तकालयकै दर्शनको भण्डारण मानिन्छ । सुराही, छाता, टिनको बाकस र लौरोलाई आफ्नो श्रीसम्पत्ति ठान्दै प्रधानमन्त्री निवास बालुवाटारबाट कुपण्डोल डेरामा फर्किने कालजयी स्वभावका सन्त नेता श्रद्धेय कृष्णप्रसाद भट्टराईको आत्मविश्वास, तार्किक क्षमता र राष्ट्रिय अडान पनि संस्कारजन्य नेपाली पुस्तकालयकै भण्डारण हो । सायद कृष्णप्रसाद भट्टराईले रोजेको मध्यमार्ग अनुसरण गरिएको भए आज राष्ट्रिय एकतामाथि प्रहार दवदवाको कालो बादल मडारिने थिएन होला । यो देशको राष्ट्रिय मामला धरापमा पर्ने पनि थिएन होला । उहाँले रोजेको मार्गचित्रसहितका पुस्तकहरू पछि अवश्य लेखिदै जानेछन् । प्रधानमन्त्री पद त्याग्ने निःस्वार्थ सर्वोच्च नेता गणेशमानको हठी त्याग र लौह पुरुषत्व, राष्ट्रप्रेमी एवं आर्थिक अनुशासनका हिमायती सुशील कोइरालाको इमान्दारिता र सरलपन पनि पुस्तकालयकै दस्तावेज हुन् । समयको दैवीय आँकलनका जादूगर आकर्षक भाषण कलाका हिमायती अल्पायुमा दुर्घटनाबाट मृत्युवरण गर्ने प्रखर व्यक्तित्त्व मदन भण्डारीको अभाव खड्किएको रहस्यात्मक खजानारूपी पुस्तकहरू पनि नवीन पुस्तकालयको रूपमा अवश्य भावी दिनहरूमा लेखिनेछन् । नेपाली मृतिकाको समयसापेक्ष सहज माग पनि यही छ ।

नेपाली भाषाका उत्थानकर्ता हजुरबुबा भानुभक्त आचार्य, मोतीराम भट्ट, महाकवि लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, लेखनाथ पौडेल, स्वच्छन्दवादी राष्ट्रकवि माधव घिमिरे, संस्कृतिका विद्वान् एवं धरोहर सत्यमोहन जोशी, मोदनाथ प्रश्रित, स्वरसम्राट् नारायण गोपाल, स्वरकिन्नरी तारादेवी, लोकभाकाका नायक जनकवि केशरी धर्मराज थापा, केदारमान व्यथित, सिद्धिचरण श्रेष्ठ, झलकमान गन्धर्व, कुमार बस्नेत, बोमबहादुर कार्कीलगायत कला, साहित्य संस्कृति साधक तपस्वीहरू पनि नेपाली पुस्तकालय विकास क्रमका जीवित अभिलेख हुन् । महान् कुटनीतिज्ञ सरदार यदुनाथ खनाल, वेदानन्द झा, ऋषिकेश शाह, यूएनओको उच्च पदमा पुग्ने पहिलो नेपाली युवा कुलचन्द्र गौतमलगायतका राष्ट्रप्रेमी विद्वान् दार्शनिक एवं कुटनीतिक नक्षेत्ररूपी वाणीपुत्रहरू पनि नेपाली पुस्तकालयका अथाह गहिराइयुक्त विकासक्रमका थप जीवित धरोहर हुन् ।

नेपाली पुस्तकालयको लिपिबद्ध विकासक्रममा पाल्पाको धवल पुस्तकालयको महत्त्व अधिक रहन्छ । यसैगरी केसर पुस्तकालय, वीर पुस्तकालय, त्रि.वि. केन्द्रीय पुस्तकालय, सर्वोच्च अदालत पुस्तकालय, नेपाल राष्ट्र बैंक पुस्तकालय, कर्मचारी संचयकोष पुस्तकालय, नेपाल प्रज्ञा-प्रतिष्ठान पुस्तकालयलगायत चालु पुस्तकालयहरूको अहम् भूमिका रहेको छ । यही सेरोफेरोमा गुल्मी तम्घासस्थित किरण पुस्तकालयको महत्त्वलाई विकासक्रमको रूपमा यहाँ उल्लेख गर्नु सान्दर्भिक नै हुने छ ।

यसैगरी राष्ट्रिय अभिलेखालय र छाउनी संग्रहालयको पनि नेपाली पुस्तकालयको इतिहासमा अग्रणी भूमिका रहन्छ । His Majesty Late King Birendra receiving a sample lunar of the rock and ministeral Nepales Flag taken to the moon and back by the WILLIAMI-I-Cargo the 17th Ambassdor of America for Nepal. लिपिबद्ध छाउनी संग्रहालयको उक्ति पनि नेपाली पुस्तकालयको विकासक्रममा खर्दिलो खुराक मानिन्छ ।

किरण पुस्तकालयको आवश्यकता, महत्त्व र यसले खेलेको भूमिका

तत्कालीन राजपरिवारको अस्तु आर्यघाट हुँदै पहिलोपटक रिडीमा विसर्जन गरेपछि मात्र गंगातट काशीमा सेलाउन लगिने परम्पराले पनि रिडीको धार्मिक महत्त्व दर्शाउँछ । लुम्बिनी अञ्चल आफैमा एउटा प्राकृतिक, सांस्कृतिक, धार्मिक, पौराणिक, ऐतिहासिक अलिखित प्रकृतिप्रदत्त पुस्तकालयको सिङ्गो दस्तावेज क्षेत्र पनि हो । यो क्षेत्र पूर्वीय दर्शनको महिमा ओगट्ने सत्य, त्रेता, द्वापर, कलि चारै युगसंग सन्निहित भूमि हो । देवगणहरू मध्यरातमा रिडी, काली, रुरुधाम संगममा ओर्लिएर अलौकिक आवाज विनिमयमा आपसी वार्तालापमा गुनगुनाउँछन् भन्ने रहस्यात्मक किंवदन्ति देश देशान्तरसम्म परिव्याप्त छ । माघे संक्रान्ति,

औंसी, हरिबोधनी एकादशीमा रुरुक्षेत्रका हिन्दु धर्मावलम्बीको अपार भिड हुनु त्यसैको प्रतिफल हो । विभिन्न ऋषिमुनिको नाम र कर्मस्थानसँग गाँसिएका रेसुङ्गा, रुद्रवेणी, शृङ्गा, छत्रमहाराज उल्क, मथुरावेसी, दुर्गाफाँट, मधुलेक, पाणिनि तपोभूमि, शैलराट् पर्वत श्रृङ्खला, नृत्याञ्चल, बाणगंगा, सोमतीर्थस्थल, रामघाट, लक्ष्मणघाट, रानीघाट, राम्दीघाट, ऐरावती दोभान त्यसैको उदाहरण हो । विश्वशान्तिका अग्रदूत गौतमबुद्धको जन्मस्थल लुम्बिनी र तिलौराकोट शुद्धोधन राजाको दरबार अन्य महत्त्वपूर्ण क्षेत्र हुन् ।

ज्ञवाली, गौतम, पन्थी, पाण्डे, भूसाल, न्यौपाने, भट्टराई, खनाल, आचार्य, भण्डारी, पन्त, अर्याल, मरासिनी, बेल्वासे, बन्जाडे, खरेल, कँडेल, काफ्ले, रिजाल लगायत सबै ब्राह्मणको प्रतिनिधित्व गर्ने तीक्ष्ण बुद्धिका हिमायती ब्राह्मणहरूको बसोवास बाहुल्य क्षेत्र पनि हो यो । तम्घास आसपासकै मानकोट, खिदिम, थोर्गा, दिगाम, माझकोट, ठूलापोखरा, वाङ्गला, बल्कोट, धुर्कोट, धैरेनी, अर्घातोस, खन, ठाडा, अडगुरी, पाली क्षेत्रमा आबद्ध यी ब्राह्मण थरहरूको बाहुल्यता छ । तम्घास गुल्मीबाट २०२१ सालमा छुट्टिएको छिमेकी अर्घाखाँची जिल्ला देशभरमै सबैभन्दा बढी ५९ प्रतिशत ब्राह्मण थरको बस्तीबाहुल्य क्षेत्र हो । विचार, दर्शन र तर्कशास्त्रका ज्ञाता एवं आचार-विचार-निस्ठावान् र अध्ययन, अध्यापनमा रमाउने यिनै ब्राह्मणहरूको आवश्यकता, माग र समयको गतिशील प्रवाह अनुरूप नै गुल्मी तम्घास सबैको माझ क्षेत्रमा तत्काल पुस्तकालय आवश्यकता बोध भई किरण पुस्तकालयको स्थापना भएको हो । यो संयोग कालीगण्डकी सेरोफेरोका तीक्ष्ण बुद्धिका जन्मजात धनी तिनै ब्राह्मणहरूको माग, आवश्यकता र त्यागको त्रिवेणीसंगम प्रतिफल हो ।

नेपाल एकीकरणको सफल अभियानपूर्व किरण पुस्तकालय रहेको तम्घास क्षेत्र तत्कालीन गुल्मी राज्य मातहतमा थियो । वर्षे राजधानी गुल्मी धैरेनी (धाइरो फाँडेर वस्ती बसालिएको हाल अर्घाखाँची ठूलापोखरा २ मा पर्ने) दरबार र हिउँदमा चारपाला (चार सिपाहीले पहरा दिने) दरबारद्वारा राजकाज राज्य सञ्चालन हुन्थ्यो । चौबीसे राज्यको रूपमा वि.सं. १८४६ को असार २४ गते पृथ्वीनारायणको नेपाल एकीकरणको सदिच्छा पूरा गर्न रणबहादुरको नायबी बनेर बहादुर शाहले हाल गुल्मी गौडाकोटबाट चारपाला दरबार र अर्घाखाँची उलुकको कोतघर टाकुरीबाट धैरेनी दरबार आक्रमणको रणनीति अपनाए ।

स्याङ्जाको आलमदेवी भगवतीलाई कर्नाल, झ्याली चढाएर पर्वत कार्कीनेटा हुँदै एउटा फौज र अर्को रिडी, थोर्गा हुँदै शूरवीरकासाथ दुबैतर्फका फौज गुल्मी राज्यमाथि धावा बोल्न अगाडि बढे । हिउँदे राजधानी कहलिएको तत्काल खालि चारपाला दरबार निसाना लगाउन हम्मे परेन । तर धैरेनी दरबारमा नेपाली फौजद्वारा माथि उल्कबाट एकैसाथ बर्साइएको गुलेली, घुयेत्रो, भाला, बर्च्छा,

बन्दुक, तरबार, खुकुरी, मटेङ्ग्रा, पत्थरको आक्रमणलाई चारघण्टासम्म प्रतिकार गऱ्यो गुल्मी फौजले । घमासान युद्धको विस्मयकारी आवाजले सिङ्गो ठूलापोखरा लगायतको क्षेत्र हाहाकारमा त्राहिमाम बन्यो । राना, थापा, ढेगा, आले, कव्दार, पल्ली, भिरकट्टा, द्वारे, बस्नेत, रायमाझी, कुम्भकार, कामी, सूचिकार, सावत (चमार) जातका सेनामेना र पौडेल, पाण्डे, आचार्य, पन्थी, भट्टराई, ब्राह्मणको बौद्धिक रणकौशल सुझबुझ गुल्मेली शक्तिले घमासान युद्धलाई चार घण्टासम्म थेगेको ऐतिहासिक घटना रोचक प्रसंग मानिन्छ । सबल र जाइकटकको उद्देश्यमा अघि बढेको नेपाली फौजसामु अन्त्यमा हार स्वीकार्दै तत्कालीन छैठौं गुल्मेली राजा शिवनारायण शाहले सेतो झण्डा फरफराउदै धैरेनी दरबारको प्राङ्गणबाट आत्मसमर्पण गरे । नेपाली फौज उल्कको टाकुरीबाट देउराली, सल्लेरी, भीर खुम्मे, रानागाउँ, एकनाले हुँदै पहारिलो धैरेनी दरबारमा ओर्लिएर सुस्तायो ।

पोटिलो जिउडालकी गुल्मेली राजकन्या राजमाता राजराजेश्वरीलाई नेपालका राजा रणबहादुर शाहसँग विवाह गराउने बहादुर शाहको प्रस्तावलाई गुल्मेलीले तत्कालै स्वीकाऱ्यो । माइती मुलुक गुल्मी छाडेर रोटेपानी, ठूलापोखरा, मथुराबेसी, बल्कोट हुँदै नेपाल प्रस्थान गर्दा गहमा आँसुका धारा चुहाउँदै बिदावारी भएको राजमाताको उक्त घटना राजेश्वरी खण्डकाव्य नै काफी छ । अनि नेपाली फौज जुम्ला हान्ने दाउमा पश्चिमी क्षेत्र ताकेर तीन महिनाको विश्राम पछि १८४६ को असोजमा पश्चिमतर्फ अगाडि बढ्यो । गुल्मी राज्यको इतिहास पनि यस अर्थमा किरण पुस्तकालय स्थापनाको लागि पठनीय स्रोतको रूपमा अप्रत्यक्ष खुराक मानिन्छ ।

२०१६ सालको असारमा रहिकर तिरो, देवानी मुद्दाको किनारा, जग्गा स्वामित्व नाम दाखिला खारेज धैरेनी दरबारको सम्पूर्ण अख्तियारी राज्य रजौटा बिर्ता उन्मूलन ऐन प्रारम्भसँगै खारेज भई त्यहाँको प्रशासकीय अधिकार गुल्मी तम्घास चिदीचौरमा स्थानान्तरण भयो । पूर्व पश्चिम पैदल मार्गको केन्द्रविन्दु एवं रेसुङ्गा, अर्जुन लेकको बीच काखमा अवस्थित तम्घास उपत्यकाका भाग्यका दिनहरू अब उदाउँदै गए । २०२१ साल वैशाखमा संयुक्त गुल्मीको दक्षिण भाग गुल्मीबाट अर्घाखाँचीमा छुट्टिए पनि नमूना स्वरूप तम्घासमा बनेको प्रशासनिक भवन, महेन्द्र हाइ स्कुल, अस्पतालले दुबै जिल्लाको नाभिस्थल कहलियो तम्घास । चतुर, चलाख र मेहनती आसपासको अध्ययनशील ब्राह्मण बुद्धिजिवी वर्गमा तम्घास केन्द्रमा पुस्तकालय स्थापनाप्रतिको मोह बढ्दै गयो । पुस्तक पत्रपत्रिका पढ्ने कौतुहल जाग्दै गयो । मानकोट, माझकोट, बल्कोट, खिदिम, ढाँड, अडगुरी, पाली, वाङ्गला, ठूलापोखरा, भगवती, दिगाम, थोर्गा, डिभर्ना, धरमपानी, श्रृङ्गा, खन, धुर्कोट, इस्मा, आँपचौर, खरवाङ्, जुभुङ्ग, नयाँगाउँ, अर्घातोस, रूपाकोट,

अस्लेवालगायत सबै क्षेत्रको ब्राह्मणबाहुल्य बौद्धिक जमातको आवश्यकता र चाहनाअनुरूप त्यस क्षेत्रको केन्द्र तम्घासमा साझा पठनीय आवास गृहको रूपमा किरण पुस्तकालयको श्रीगणेश भई छाड्यो २०२५ सालमा । दिङ्गला भोजपुरमा जस्तै दानवीर हरिहर गौतमले वि.सं.१९९० सालमा खिदिम अर्घाखाँचीमा हरिहर संस्कृत पाठशाला खोलेर त्यस क्षेत्रको आलोक रूपी शिक्षाको बीजारोपण गरेका थिए । त्यही शिक्षाको बीउ बेर्नो टुसाउँदै बीजाङ्कुर बनेर गुल्मी अर्घाखाँची सर्वत्र पाठशाला स्थापनाको लहर चल्यो । तम्घासमा किरण पुस्तकालय स्थापना पनि खिदिम संस्कृत पाठशाला स्थापनाको प्रभाव यस अर्थमा नगण्य मानिन्छ । योगी नरहरिनाथ लगायतका सन्त साधुहरु तम्घास, रेसुङ्गा, खिदिम, आवत जावतको क्रमिक प्रभाव पनि किरण पुस्तकालय स्थापनासँगै सदरमुकाम तम्घासको महत्त्व चुलिनुको कारण बन्यो ।

खप्तडबाबा स्वामी महाराज २०२२ सालको माघ महिनामा शैलराट् पर्वत शृङ्खला पैदल यात्राका क्रममा नृत्याञ्चल ढाँड खिदिम पणेनामा गोप्य रूपमा तीन रात बिताएपछि रेसुङ्गा प्रस्थानमा सोझिएछन् । खिदिम पणेनाबाट सुरू भएको उत्तरी यात्रा यस क्रममा राहाले खिदिम, दुर्वासा गुफा, दुर्गाफाँट, कुखुरे देउराली, बलेचौर, बलेवाङ्ग, मथुरावेसी हुदैं अगाडि बढ्दा शैलपुत्री उल्लबेसी किनारको उत्तरी सुकौटो फाँटमा खडा मौलो देखेर त्यसको नालिबेली रहस्य खुटाउन टक्क अडिएछन् । खप्तडबाबा उल्लबेसी किनारमा झण्डै ७० वर्ष पहिले वि.सं. १९५२ को माघ महिनामा वशिष्ट गोत्रीय पाण्डे धारणासहित भारतको अयोध्याबाट अर्घातोस देउराली बस्तीमा आउने जयनाराण शर्माका चौधौं पुस्ताका उत्तराधिकारी नन्दराम पाण्डेद्वारा आफ्नै भूमि जलखेती मृतिकामा सम्पन्न धान्यान्चल महायज्ञको सबुद प्रमाण रहेको मौलोको रहस्य स्थानीय ग्वालाबाट खप्तडबाबाले जानकारी पाएछन् । जुन विषय जुम्लाका संस्कृत विद्वान् रत्नाकर देवकोटाले खप्तडबाबासम्बन्धी आफ्नो मौलिक संस्मरण कृतिमा उल्लेख गरेका छन् । यो रहस्य आफ्नो डायरी यात्रा वृतान्तमा समेटेका रहेछन् खप्तडबाबाले अनि एक्लेआँप, हात्तीसयर, बेझोराइपोखरी, सुनारपोखरा, ठाँटी, पन्थीटोला, धैरेनीदरबार, अर्घातोस, देउराली बरेलडाँडा हुँदै तम्घास ओर्लिएर नाङ्गै पैदल रेसुङ्गा सिविरतर्फ उक्लिएछन् । गेरू वस्त्रधारी गुप्त योगी भेषको रूपमा रेसुङ्गा, रुद्रवेणी, गलेश्वर हुँदै नीलगिरि उत्तरखण्डको प्रस्थानमा यात्रा केन्द्रित रहेछ खप्तडबाबाको । त्यही मौलोसँग गाँसिएको वशिष्ठ गोत्रीय पाण्डेको वंशावली इतिहास पनि किरण पुस्तकालयको लागि अलिखित पूरक खजाना मानिन्छ ।

बाबरी मुस्लिम साम्रज्यले १५ औं शताब्दीमा हिन्दुस्थानमा ज्यादती, आगजनी, बलात्कार, हत्या, लुटपाटको खैलाबैला मच्चाउँदा काशी, लखनउ, अयोध्यामा धेरै हिन्दु विस्थापित भएका थिए । घाघरा नदी किनारको अयोध्यापुरीका वृद्ध तपस्वी

जयनारायण शर्मा पाण्डेको लाखापाखा लागेको आधारमा वशिष्ठ गोत्रीय पाण्डेको उत्पत्ति रहस्य पनि अलिखित पुस्तकालयको रूपमा यहाँ उल्लेख गर्नु सान्दर्भिक सम्झन्छु । वि.सं. १६०२ को असार १५ गते आइतवारका दिन भारतको अयोध्यामाथि बाबरी मुस्लिमको बर्बरताबाट परिवारजन गुमाएर पलायित हुने लाखौं हिन्दुको रोदनले घाँघरा नदीको छाल नै सुस्ताएको थियो । अयोध्यास्थित राम मन्दिरका पुजारी अयोध्यापुरी ब्राह्मण आफ्नो परिवारजन गुमाएर उत्तर पूर्वतर्फ लागे । ७० वर्षे तिनै वृद्ध जयनारायण जुम्लाको पाण्डु गाउँ हुँदै आजको देउराली बस्ती अर्घातोसमा एकाएक झुल्किएछन् । भुसाल रोहवर, साठीपाँडे कश्यप साक्षी बसी भट्टराईको संरक्षण र आलिखेत न्यौपाने कन्यासँग वैवाहिक सम्बन्धपछि जयभद्र पाण्डे वशिष्ठ नामको गर्भे शिशु पुत्र कलिलो उमेरकी श्रीमतीको गर्भमा छाडेर ७३ वर्षमा वृद्ध जयनारायणको परलोक भएछ ।

यसरी जयनारायण, जयभद्र, दीलिप, जयनारायण, वैकुण्ठ, जनार्दन, मधुसूदन, बिसौराज, इन्द्रमणि, हरिप्रसाद, भागीरथ, महेश्वर, कृष्णानन्द, नन्दराम, तुल्सीराम, देवराज पाण्डे हुँदै सत्रौ पुस्तामा यो पंक्तिकार हेमराज पाण्डेको जन्म भएको सगौरव प्रस्तुत गर्न चाहन्छु । आफ्नी धर्मपत्नी श्रीमती भगवती पाण्डे र अठारौं पुस्ताका कुसुम पाण्डे, इन्दु पाण्डे दुई छोरी वशिष्ठ गोत्रसहित आफ्नो वंशज अभिलेख जिज्ञासु पाठकको लागि किरण पुस्तकालयको पूरक खुराक हुने विश्वासका साथ यो वशंज परम्पराको रहस्य उल्लेख गर्ने अनुमति चाहन्छु ।

विभिन्न थरका उच्च कुलीन ब्राह्मणहरूको तम्घास आसपासको बस्तीमाझ भारद्वाज पन्थी थर पनि चिरपरिचित समृद्ध संस्कारयुक्त थर हो । हाल अर्घाखाँची धैरेनी, ठूलापोखरास्थित बाँझवारी मूल थलोबाट बसाइँ सरी गाँवो, भोग, सिस्नेहार, वाग्ला, गुल्मीसम्म फैलिंदा तम्घासमा र त्यस भेगमा पनि पन्थी थरको एउटा सग्लो हाँगो फैलिएको रहेछ । तिनै भारद्वाज ऋषिका कुलीन पुत्र बनेर देशभर बहुचर्चित पुकारिने नाम हो विद्वान् स्व. टीकाराम पन्थी एवं किरण पुस्तकालयका संस्थापक अभिभावक प्राचार्य गुरु श्रद्धेय शशि पन्थी । अन्य अग्रजहरूमा नीलकण्ठ चूडामणि पन्थी, रिसौ पन्थी, भीमकान्त पन्थी पनि त्यस कुलका बहुचर्चित नाम हुन् ।

विशिष्ट पहिचानसहित शालीन शिक्षित युवक जन्माएर हुर्काउँदै प्रौढ शिक्षातर्फ उमेरले ढल्काएका शशि पन्थी भारद्वाज गोत्रीय पन्थी थरका कुलीन उत्तराधिकारी मानिन्छन् । तिनै पुस्तकालयअनुरागी उदार मनका हिमायती शशि पन्थीसँगै किरण पुस्तकालय पनि सुसुप्त अवस्थाबाट यौवन हुँदै आधा शताब्दीको संघार नाघेर किरण पुस्तकालय साहित्यिक पहिचान सम्हाल्ने दायित्व प्रौढ प्रगाढतातर्फ आज लम्किदैं छ । किरण पुस्तकालयको साहित्यिक पहिचान सम्हाल्ने दायित्व

पाएका आदरणीय शशि पन्थी र किरण पुस्तकालयको सम्बन्ध भविष्यमा अझ प्रगाढ बनोस् । यही मेरो शुभ-कामना छ ।

किरण पुस्तकालयको विकासक्रम खोतल्दा २०२५ साल कार्तिक २० गतेको मुहूर्तमा पुग्छौं । कलिलो घामको पहिलो किरण र जुनेली रात ब्युताउँने शशि पुस्तकालयको स्थापना र व्यवस्थापनको संयुक्त दमाली बनेर जोडिएका नाम एक अर्काको परिपूरक आर्दश नाम हुन् दुबै । तत्कालीन लक्ष्मीपुर गा.वि.स. १ (हाल तम्घास) स्थित चिदीचौरमा एकतले भवन निर्माणसहित किरण पुस्तकालयले शुरूमा स्थायित्व पाउँछ । २०२७ सालमा आम पाठकको रुचि अनुरूपका विविध विधागत उपयोगी पुस्तक निःशुल्क अध्ययनार्थ उपलब्ध गराएर किरण पुस्तकालयले आफ्नो विकासक्रममा क्रमशः विश्वव्यापी पुस्तकालयको गरिमा अनुसरण गर्दै जान्छ । २०३५ सालमा दुई तल्ले भवनको स्तरोन्नतिसहित किरण पुस्तकालयको दैनिकी दायित्व अझ फराकिलो बन्दै जान्छ । कलिलो किरण पुस्तकालय स्तरोन्नतिमा जागृतमय बन्दै जान्छ र गुरु शशि पन्थीको अभिभावकीय दायित्व पनि त्यत्तिकै झाङ्दै र बढ्दै जान्छ । यति ठूलो तपस्या मिहेनत र जनजागृतिबाट स्थापित किरणरूपी यस पुस्तकालयका दर्विला जग स्तम्भहरू कहिल्यै नखबल्बलिऊन् । पचास वर्षको स्वर्णीम अवसरमा यही मेरो शुभकामना छ ।

दिउसो २.०० बजेदेखि अपरान्ह ५.०० बजेसम्म खुल्ला रहने किरण पुस्तकालय निःशुल्क अध्ययनको खुला पाठशाला हो । सार्वजनिक बिदा हप्ताको एकपटक तोकिएको छ । स्वयंसेवक दुईजना कर्मचारीद्वारा नियमित संचालन भै आम पाठकको मन जित्नु नै किरण पुस्तकालयको सबल पक्ष मानिन्छ । तथापि अनौपचारिक रेखदेख र अध्ययन अध्यापनको व्यवस्थित तारतम्यको सम्पूर्ण बागडोर भने गुरु शशि पन्थीमै निहित छ । सामाजिक अभियन्ता, क्याम्पसप्रमुखको बागडोर, घर्किंदो बूढौली उमेर एवं पारिवारिक दैनिकी दिनचर्याले गुरुको पुस्तकालयप्रतिको निरन्तर लगावलाई कहिल्यै अल्झने बनाएको छैन । अमेरिका, अस्ट्रेलिया एवं स्वदेशमै दर्जनौं संस्थाहरूबाट पुरस्कार पाउनु र गुरु सम्मानित बन्नु त्यही किरण पुस्तकालयप्रति गुरु शशि पन्थीको क्रियाशील लगावकै प्रतिफल हो ।

संरक्षक मण्डल प्रणालीद्वारा सञ्चालित किरण पुस्तकालयको नेतृत्व जिम्मेबारमा चुनाव प्रणालीको छनौट प्रक्रिया भए पनि सहमति र सहकार्यमार्फत विधानसम्मत रूपमा शुरूदेखि नै सुचारू रहनु किरणपुस्तकालय व्यवस्थापनको सबल पक्ष मानिन्छ । आजीवन, विशिष्ट, साधारण र मानार्थ सदस्यहरूको निरन्तर हेक्का, निगरानी र अभिभावकत्व दिशा निर्देशन नै पुस्तकालय पहिचानको लिकबाट पुस्तकालयलाई कहिल्यै विचलन हुन नदिने बलियो लक्ष्मणरेखा मानिन्छ । यति

ठूलो तपस्याबाट सग्लाएको किरण पुस्तकालय गुल्मी जिल्लालगायत, अञ्चल, देश र देशान्तरसम्म शैक्षिक जागरणको चिराग बनेर उज्यालो छर्ने ज्योति सधै सधै बनिरहोस् ।

बेलाबखत सरकारी उच्चपदस्थ कर्मचारीको रूपमा तम्घास आउने काव्य स्रष्टामा वा साहित्य अनुरागी शुभचिन्तकहरूको किरण पुस्तकालयप्रतिको हार्दिकता सह्हानीय छ । त्यस्ता प्रशासकहरूमा बढी सहयोग गर्नेहरूको नाम लिदा सूर्यप्रसाद आचार्य (पूर्व एल.डि.ओ.) अग्रपंक्तिमा आउने नाम हो । अन्य शुभ चिन्तकहरूमा डा. मनोहरलाल श्रेष्ठ पाल्पा, जिल्ला न्यायाधीश नेत्रप्रसाद पाण्डे स्याङ्जा, डा.साधुराम पाण्डे स्याङ्जा, प्रमुख जिल्ला अधिकारी चक्रबन्धु अर्यालको नाम आउँछ । दामोदर रेग्मी पूर्व सि.डि.ओ. गुल्मी र पूर्व प्रहरी इन्स्पेक्टर गगनचन्द ठाकुर बैतडी पनि किरण पुस्तकालय स्तरोन्नतिसँग प्रत्यक्ष जोडिएका नामहरू हुन् ।

आदिकवि भानुभक्त आचार्य, मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौडेल समेत चारवटा मूर्धन्य नेपाली कविहरूको जन्मजयन्ती समारोह हरेक वर्ष स्थापना कालदेखि नै किरण पुस्तकालयले मनाउँदै आएको छ । बेलाबखत राष्ट्रिय स्तरबाट आमन्त्रित कविहरूको आतिथ्यमा राष्ट्रिय स्तरकै काव्य गोष्ठी सम्पन्न हुनु पनि किरण पुस्तकालयको सौन्दर्य पक्ष मानिन्छ । राष्ट्रिय विभूतिहरूको जन्मजयन्ती, नेपाली संस्कृति भाषासँग सम्बन्धित प्राचीन संस्कृति झल्काउने पुस्तकहरू प्रकाशनको परम्परा छँदैछ । तम्घासको श्रृंगार रेसुङ्गाको पहिचानसहित गुल्मीको ऐतिहासिक झलक प्रकाशनका साथै पाठकीय अभिरुचिअनुरूपका निःशुल्क पत्र-पत्रिका, पुस्तक, वाचनालय व्यवस्था गरिनु पनि किरण पुस्तकालयको सौन्दर्य पक्ष मानिन्छ ।

आदिकवि भानुभक्त आचार्य, मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौडेलसमेत चारवटा मूर्धन्य नेपाली कविहरूको जन्मजयन्ती समारोह हरेक वर्ष स्थापना कालदेखि नै किरण पुस्तकालयले मनाउँदै आएको छ । बेलाबखत राष्ट्रिय स्तरबाट आमन्त्रित कविहरूको आतिथ्यमा राष्ट्रिय स्तरकै काव्य गोष्ठी सम्पन्न हुनु पनि किरण पुस्तकालयको सौन्दर्य पक्ष मानिन्छ । राष्ट्रिय विभूतिहरूको जन्मजयन्ती, नेपाली संस्कृति भाषासँग सम्बन्धित प्राचीन संस्कृति झल्काउने पुस्तकहरू प्रकाशनको परम्परा छँदैछ । तम्घासको श्रृंगार रेसुङ्गाको पहिचानसहित गुल्मीको ऐतिहासिक झलक प्रकाशनका साथै पाठकीय

अभिरुचिअनुरूपका निःशुल्क पत्र-पत्रिका, पुस्तक, वाचनालय व्यवस्था गरिनु पनि किरण पुस्तकालयको सौन्दर्य पक्ष मानिन्छ ।

राष्ट्रिय स्तरका लेखकमाझ किरण पुस्तकालयलाई परिचित गराउने **हाम्रो पुरुषार्थ** साहित्यिक पत्रिका किरण पुस्तकालयको सुकिलो आँखिझ्याल हो । लेखकीय पहिचानसहित देश देशान्तरसम्म लेख रचना छापेर साहित्यिक पहिचान कमाउने पुस्तकालय र लेखकमाझ सबल सेतु हो **हाम्रो पुरुषार्थ** । गुल्मीको सेरोफेरोका काव्य स्रष्टाका कविता लेख छाप्ने साझा मञ्च त छँदैछ । त्यस भेगमा गुञ्जने लोकभाकाका आवाज समेटिएको गीतसमेत छापेर साधनारत स्रष्टाको मनोबल उठाएको छ हाम्रो पुरुषार्थले । गुल्मी जिल्ला आफैमा लोक संस्कृतिको धनी एवं नाभिस्थल क्षेत्र पनि हो । जिल्लाका दुर्लभ भाषाका पुस्तक छाप्ने भाषागत कृतिलाई बढोत्तरी गर्ने किरण पुस्तकालयको सम्पूर्ण कार्य यस अर्थमा वन्दनीय मानिन्छ । हाम्रो पुरुषार्थ किरण पुस्तकालयको अभिन्न अङ्ग बनेर राष्ट्रिय स्तरमा गणना हुने त्रैमासिक साहित्यिक पत्रिका हो । अरू जिल्लाका साहित्यमुखी पत्रिकाका प्रकाशन बन्द भए पनि हाम्रो पुरुषार्थको प्रकाशन भने शुरूदेखि आजसम्म निरन्तर अविछिन्न गति सेलाएको छैन । यही नै किरण पुस्तकालयको साहित्य सेवाको सुखद सुन्दर पक्ष हो ।

गुल्मी जिल्लाले गुल्मीको मृतिका चुम्दै राजनीतिक, सामाजिक, शैक्षिक क्षेत्रमा अमूल्य योगदान गर्ने अभियन्ताहरूका मृत्युपश्चात् शालिक ठडाएर असल कार्यको सही मूल्याङ्कनको भूमिका निर्वाह गरेको छ । लामो समयसम्म महेन्द्र हाइ स्कुल तथा रेसुङ्गा कलेजमा अध्यापन गर्नुहुने अर्घाखाँची वाङ्ला निवासी आदरणीय ज्ञानहरि आचार्य र परमानन्द भण्डारीको सालिक खडा गरेर शैक्षिक योगदानको कदर गरेको छ । २०१७ सालको राजनीतिक प्रतिशोध स्वरूप तत्कालीन शासकद्वारा टाउको छप्टेर नुन, खुर्सानी, चुक लपेट्दै सदरमुकाम तम्घासमा टाउको ल्याइएका प्रजातन्त्र सेनानी स्व. शम्सेर बहादुरले गुल्मीको धर्तीमा प्रजातन्त्रको लागि आहुति चढाएको सम्मानस्वरूप शालिक खडा गर्न परिचय छपाएर प्रोत्साहन गरेको छ किरण पुस्तकालयले । लोकतन्त्र प्राप्तिका लागि जिउज्यान अर्पण गर्ने जिल्लाका शहीदहरूलाई प्रकाशनमा ल्याउन सघाएर समन्वयकारी भूमिकाद्वारा किरण पुस्तकालयले अजम्मरी कार्य गरेको छ ।

सामाजिक, जनचेतनामूलक एवं समन्वयकारी कार्यमा सधै अग्रणी भूमिका खेल्ने किरण पुस्तकालयको योगदान विशेष उपलब्धिमूलक मानिन्छ । गुल्मी तम्घास र किरण पुस्तकालयसँगको मेरो भेटघाट प्रगाढताको पहिलो जग २०२८ सालको माघको पहिलो सातामा बसेको हो । ४७ वर्षको पुरानो र लामो इतिहासमा तम्घाससँग म जति घुलमुलिए पनि किरण पुस्तकालयको महत्त्व र चौतर्फी भूमिकाको गहिराइ छाम्ने मेरो बुटुनो कलमको टुँडो भने आज एकाएक भाँचिएछ

क्यारे । अर्घाखाँची थार्पाइला निवासी भान्दाजु नारायण बेल्बासेसँग पहिलोपटक २०२८ सालको अन्तिम माघमा पहिलो पटक तम्घास पुग्दा ठूलै उत्सव जितेको गर्वानुभूति भएथ्यो तत्काल । प्रशासकीय भवनको व्यस्तता, यात्रुभिडको जगजगी र टुडिखेल आसपासमा फिजारिएका सुन्तलाका रासले एकाएक मन खिचेथ्यो । राजा महेन्द्रको मृत्युले १३ दिन पछाडि सरेको एस.एल.सी. परीक्षाको भरम्भीड माहोल थियो । एक्जाम्टेड परीक्षापछि झिटीझाम्टा लिन भान्दाजु नारायण तम्घासतर्फ हुइँकिदा मेरो साथ भाग्नुभएको थियो । तम्घासमै रातपरेपछि लुगलुग काम्दै घर फर्किदा जाडोले लपेटेको एउटा पाटो र बाटो छुम्छुमाउदै कहाली लाग्दो अँधेरी रातमा घर फर्किदा बाबाआमाको हप्की चुनौती थेग्न त्यत्तिकै प्रलय बनेको अर्को पाटो संस्मरणीय किस्साको रूपमा दिमागमा अझैसम्म ताजा नै छ ।

अर्घाखाँची गुल्मी जिल्लाका सबै हाइ स्कुलको एस .एल .सी.केन्द्र तम्घासमा निहितको अर्को माहोल संस्मरणीय छ । अर्घाखाँची बल्कोट बाट प्र.अ. को रूपमा दाजु राजेन्द्रप्रसाद शर्मा र ठाडाबाट शिक्षकको रूपमा विद्यार्थी अभिभावक बनेर भिनाजु तेजनिधि पौडेल मात्र पूर्वपरिचित अनुहार थिए । पहिलो पटक तम्घास टेक्दा भीमचोकबाट ओर्लिने सिढीको पश्चिमी टहरोमा कालीदास पौडेलको होटलमा भान्दाजु, दाजु, भिनाजु र मसमेत चार जनाले लामो प्रतीक्षापछि चिया पिएको क्षण याद छ । सानो बजार र सीमित गल्लीका कारण तलमाथि उक्लिने ओर्लिने क्रममा सम्भवतः गुल्मी अर्घाखाँचीका सबै शिक्षकहरूको अनुहार तत्काल जम्काभेट भए । छत्रगञ्ज बहखोर अर्घाखाँचीमा पढ्ने म ६ कक्षाको विद्यार्थी भए पनि तीक्ष्ण बुद्धि र तीखा आँखाको संस्मरणीय वरदान जन्मजात मलाई ईश्वरद्वारा प्रदत्त थियो । नरहरि रिजाल धुर्कोट, दिवाकर ज्ञवाली रिडी, भागवत ज्ञवाली मानकोट, नारायण शास्त्री खिदिम, कृष्णचन्द्र पन्थी सतीनेटा, वीरबहादुर सिंह चुत्राबेसी, झवीन्द्र बेल्बासे ठाडा, ज्ञानहरि आचार्य तम्घास, नरेन्द्र भण्डारी धुर्कोट, तारा भण्डारी हुँगाको हुलिया खुटाएँ । भार्से, मजुवा र वामीटक्सारका प्र.अ. को भने हेक्का भएन । विद्यार्थी घुइँचोले तम्घास बजारमा टेक्नेसम्म ठाउँ थिएन ।

बाटो क्रस गर्दा भान्दाजु नारायणले चिल्लो अनुहारको अर्धकद सुकिलो पहिरनको हँसिलो लक्का ठिटोलाई नमस्कार गुरु भन्दै अभिवादन चढाउनुभयो । नमस्कार बाबु भन्दै विनम्रतापूर्वक अभिवादन रेस्पोन्स गर्ने व्यक्तित्वलाई भान्दाजुले तम्घासका शशि पन्थी भन्ने मान्छे यिनै हुन् भन्दै मलाई अलि परबाट चिनाउनु भयो । मेरो दश वर्षीय बाल्यकालको किरमिरे दिमागमा गुरु शशि पन्थीको अनुहार छाप बसेको त्यही पहिलो पटक जुधेको दुबै रूपरेखाको सग्लो उपज अनुहारमा हो । यता तम्घास किरण पुस्तकालयसँग गुरुको नाम गाँसेर होस् वा किरण पुस्तकालयको महत्त्व दर्शाएर, समय समयमा प्रकाण्ड विद्वान् माइलाबाबा

पुण्डरीकाक्ष र बाबा देवराज पाण्डेले मलाई उच्चारण गरेको शशि पन्थी नाम संस्मरण ताजै छ । तर त्यसको महत्त्वको अर्थ बुझ्ने मेरो खोपडी तत्काल शून्य थियो । २०३१ सालदेखि २०३३ सालसम्म छत्रगञ्ज सार्वजनिक नि.मा.वि. बाट उत्तीर्ण भएपछि सतीनेटा नरपानीतर्फ मा.वि. अध्ययनमा सोझिएँ । मामाघर अङ्गुरी हुनुको प्रतिफल किरण पुस्तकालयका निःशुल्क पुस्तक अध्ययन गर्ने र तम्घासमा हाइस्कुल पढ्ने सपना जीवनमा अधुरै रह्यो । एस.एल.सी. तौलिहवाबाट सम्पन्न भएकोले तम्घाससँगको साक्षात्कार निरन्तर रूपमा जमेन । किरण पुस्तकालयसँगको अध्ययनबाट लाभान्वित बन्न सकिनँ । तथापि २०२९ सालको कार्तिक हरिबोधनी एकादशीको स्नान गर्न तम्घास हुँदै घरबाट दोस्रो पटक रेसुङ्गा पुगेर बेलुकी घर फर्किएको थिएँ । २०३० साल मङ्सिर १७ गते शुक्रबार हजुरआमा चन्द्रकलाको परलोक भएपछि बाबा देवराज पाण्डेको तारेख वार्दात स्वरूप तेह्र वर्षको बाल्यउमेरमा जिल्ला अदालत तम्घासमा तेस्रो पटक पुगेको थिएँ । बाल्यकालदेखि नै समयको तप्केनीमा लेपेटिँदै र चुनौती झेल्दै अगाडि बढ्ने सौभाग्य, दुर्भाग्यका कुइँनेटा पनि मेरो परिपक्वपनका पथप्रदर्शक क्षण रहे ।

पूर्वमा तीनजुरे, ट्याम्के र नुनथला तथा पश्चिममा ककनी, जालकाँडो, डाँफे, हगुल्टे सरह ५८४७ फिट उचाइको अग्लो धुरी रेसुङ्गाको पश्चिम काख तम्घास समशीतोष्ण हावापानीको खेलमा सधै रमाउने ५००० फुट उचाइको सानो उपत्यका हो । छालमा शालीकराम लपेट्दै बग्ने पवित्र कृष्णा गण्डकीको गतिशील बहावबाट पश्चिम दिशामा तम्घास रहेको छ । तम्घासको सुदूरपूर्वी पाउमा रिडी काली संगमको पवित्रता आफैमा अजम्मरी छ । शृंगा, रूद्रवेणी अरू सांस्कृतिक शृंगार हुन् तम्घासका । यही सदरमुकामको शैक्षिक प्राङ्गण किरण पुस्तकालयले पाठक सेवामा सधै समदर्शिता अपनाओस् । गुरु शशि पन्थीको अभिभावकत्व निरन्तर रहिरहोस् । गुल्मीको शैक्षिक जागरणमा किरण पुस्तकालयको महत्त्व सधै अमर रहिरहोस् । किरण पुस्तकालयको ५० औं वर्षगाँठको स्वर्णिम मुहूर्तमा यही मेरो हार्दिक शुभकामना । जय किरण पुस्तकालय ! जय हाम्रो पुरुषार्थ !

अन्त्यमा

"सृजनामा लहरिदो पुरुषार्थ हाम्रो
समदर्शी किरण छर्ने रेसुङ्गा नै राम्रो ।
जुनेलीमा हाम फाल्छन् अर्जुन लेखमा शशि
सधै सधै रम्न पाउँ तम्घासैमा बसी । ।"

✍ **पूर्व शाखाप्रबन्धक-कर्मचारी सञ्चयकोष, काठमाडौं ।**

–ooo–

पुस्तकालयको सावाँअक्षर चिनायो किरणले

✍ शिवशरण ज्ञवाली

खरले छाएको सानो झुपडीको आँटीमा हामी सुत्थ्यौं । शहरबजारका घरका अँध्यारा कोठाजस्तै दिउँसै पनि अँध्यारो हुन्थ्यो, आँटी । त्यहाँ लाइट बाल्न पाइन्थ्यो तर टुकी बाल्न पाइदैनथ्यो । हामी केटाकेटीको कडा अनुगमन गर्नुहुन्थ्यो, हाम्री हजुरआमाले । ब्याट्रीबाट चल्ने हाते लाइटको उज्यालोमा हामी सुत्थ्यौं । दिउँसोमा धुरीबाट अलिअलि उज्यालो आउँथ्यो । त्यही उज्यालोमा कहिलेकाहीं हामी आँटीमा जान्थ्यौं । त्यहाँ एउटा पुरानो कब्जा फुस्किएको, ध्वाँसोले कालो भएको बाकस थियो । त्यो बाकसमा बा, कान्छा बाले पढेका पुराना किताबहरू थिए । बाका किताब संस्कृतमा थिए, त्यसकारण ती हामी हेर्दैनथ्यौं । कान्छा बाका किताबहरू नेपालीमा पनि थिए । तिनमा हामी कथा खोजेर पढ्थ्यौं । त्यसमा एउटा पुस्तक थियो, जसमा रेसुङ्गा र त्यहाँका महाप्रभुका बारेमा लेखिएको थियो । कसले लेखेको हो भन्ने कुरा हामीलाई त्यतिबेला थाहा थिएन तर त्यहाँ के लेखेको छ भन्ने कुरा हामीले खोज्थ्यौं । निकै रोचक कुरा थिए त्यस पुस्तकमा । बनारसमा डुङ्गा डुब्दा प्रभुले बचाएको कुरादेखि प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले प्रभुलाई छल्न खोजेको र त्यसरी छल्न खोज्दा प्रभुले चिनेको अनि राणा खुशी भई असर्फी चढाउँदा खसुको (शायद) बोटमा चढेर असर्फी खसाली लज्जित तुल्याएका प्रसंगहरू त्यहाँ भेटिन्थे । त्यो किताब बाणोपनिषद् हो जस्तो लाग्छ । धेरै पछि मात्रै किरण पुस्तकालको पत्रिका हाम्रो पुरुषार्थमा पुस्तकालयले प्रकाशन गरेका पुस्तकहरूको सूचीमा हेर्दा मात्रै मलाई त्यो पुस्तक सन्त शशिधरको रहेछ भन्ने थाहा भयो । मेरो सम्झनामा भएसम्म पुस्तकको बाहिर गातोमा बाणोपनिषद् ठूलो अक्षरमा लेखिएको हुनुपर्छ । यसपालिको दशैंमा किरण पुस्तकालयमा पसेको थिएँ भनेर बालाई भनेको 'बाणोपनिषद् ल्याएको भए हुन्थ्यो नि ?' भन्नुभयो । त्यहाँभन्दा बढी बासँग यस विषयमा कुरा भएन । किरण पुस्तकालयसँग मेरो सम्बन्ध यही पुस्तकबाट सुरू भएको रहेछ कि !

'चिया पका न पुतली सान्दाइ' यो कविताको शीर्षक हो या प्रत्येक श्लोकको अन्तिम पंक्ति हो, मलाई याद छैन । तर हामी भाका हालीहाली पढ्थ्यौं । निकै रोचक लाग्दथ्यो । कुन पुस्तकमा छापिएको थियो, लेखक को थियो आजसम्म मलाई थाहा छैन । यहीं गुल्मीकै पत्रिकामा प्रकाशित भएको हो भन्ने मात्रै याद छ । कविता आख्यानात्मक थियो । धूमिल सम्झनाले भन्छ, 'रोसेचोसे, लत्तपत्त वा सिगानें पुतलीलाई कोही कसैले (शायद बाबु) सान्दाइलाई चिया पकाउन भनेको आख्यान थियो यस कवितामा ।' यो पुस्तक अनौठोसँग हरायो । कले लग्यो, कत्ता लग्यो । त्यो केही पनि याद छैन । हामी दुई भाइ त्यो किताब हराउँदा धेरै चुक्चुकाएका छौं । आजभोलि लाग्छ, त्यो कविता प्रकाशित भएको पुस्तक हाम्रो पुरुषार्थ नै हुनुपर्छ ।

विद्याजी (विद्या पन्थी)सँग मेरो चिनजान काठमाडौंमा भएको हो । हामी गुल्मी त्रिवि विद्यार्थी मञ्च भन्ने एउटा स्वतन्त्र, विना दर्तावाल संस्थामा आबद्ध भएका थियौं । उहाँ व्यवस्थापन पढ्नुहुन्थ्यो म नेपाली । करिब-करिब कोमामा भएको संस्थालाई जीवन दिन नेविसंघका कार्यकर्ता रवीन्द्र घिमिरे प्रयासरत थिए । एकदिन त्यसको सम्मेलन आयोजना गरियो । त्यो सम्मेलनमा वामपन्थी धारका तेजप्रसाद भण्डारी र म सचिव पदमा निर्वाचन लड्यौं । अरू पद शायद निर्विरोध भए क्यारे ! यो पदमा कुरा मिलेन । त्यो सचिव पदको हकदार वास्तवमा भण्डारी नै हुनुहुन्थ्यो । तर चुनाव लडियो । मैले जितें । पछि साथीहरू भन्थे, 'हरिहरको भाइ भनेर प्रचार गऱ्यौं, नेविसंघका मतले तैले चुनाव जितिस्, राजनीतिमा अलि अनुदार भएकाले भण्डारीलाई मत गएनन् । महत्त्वपूर्ण कुरा त दाइको नाम बेच्यौं ।' त्यसरी गठन भएको समितिमा हामी कहिल्यै पनि राजनीति गरेनौं । रवीन्द्र अध्यक्ष र म सचिव । त्यसको परिणाम त्यसले गुल्मेली प्रोफाइल, गुल्मेली आवाज, दशैंमा घर जाँदा विद्यार्थीहरूका लागि गाडीको व्यवस्था गर्ने आदि जस्ता कार्यहरू गऱ्यो । गाडीको व्यवस्थापन गर्दा कमिसन खाएको कुराले निकै हल्लीखल्ली मच्चियो । एक बैठकमा कोही काँग्रेस र कोही कम्युनिष्ट भएन । मान्छे बने त्यहाँ । खाएकाले तिरे । त्यतिबेला कमिसन खानेहरू शायद आज पनि खाँदै होलान् । हल्लीखल्ली गर्ने को छ र ? गुल्मेली आवाजमा प्रकाशित लेख त मैले सेवा आयोगमा समेत प्रस्तुत गरी त्रिविमा स्थायी हुने अवसर प्राप्त गरें । दोस्रो सम्मेलन सकेर हलबाट बाहिरिई केन्द्रीय पुस्तकालयनेर आइपुग्दा मलाई नदेखेर हो या देखेर रवीन्द्रले सचिवबाहेक सबै पद नेविसंघले हात पार्न सफल भयो भने । रवीन्द्रको त्यो भनाइ नै त्यो संस्थाको मृत्युको संकेत थियो । नभन्दै त्यो संस्था मऱ्यो । जसअपजस दुबै उनकै थाप्लोमा गयो । त्यही समितिमा भेट भयो, विद्याजीसँग । शोधपत्र

पत्रिकारितामा गर्न लागेको छु भनेपछि हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ५० पत्रकारिता विशेषाङ्क विद्याजीले ल्याइदिनुभयो । पत्रकारितामा रुचि राख्ने हुनाले त्यो आज पनि मेरो दराजमा सुरक्षित छ ।

शायद दश वर्षअगाडि एकजना साथीसँग तम्घास पुगेको बेला म किरण पुस्तकालमा पसेको थिएँ । त्यहाँ उपल्ला तम्घासका नारायण पन्थी (अङ्कल) पढ्दै हुनुहुन्थ्यो । मित्रले 'ब्राह्मणहरू पढ्न भनेपछि त किरो नै हुन्, स्कुले जीवनदेखि पुस्तकालय आउँछन्' भन्ने टिप्पणी गर्नुभयो, अङ्कललाई पुस्तकालयमा देखेपछि खै किन हो ? हामी त्यतिखेर त्यहाँ धेरैबेर बसेनौं । त्यसभन्दा पहिला एकाध पटक म त्यहाँ गएको थिएँ । पछि पनि दुई चार पटक पुगेको छु । जे भए पनि पुस्तकालय भनेर चिनाएकै किरण पुस्तकालयले हो मलाई । पछि विश्वविद्यालय पढ्दा म खुब पुस्तकालय गइरहन्थें ।

जे भए पनि पुस्तकालय भनेर चिनाएकै किरण पुस्तकालयले हो मलाई । पछि विश्वविद्यालय पढ्दा म खुब पुस्तकालय गइरहन्थें । किरण पुस्तकालयको एउटा छुट्टै विशेषता छ । यसको आफ्नै प्रकाशन छ- 'हाम्रो पुरुषार्थ ।' यो एउटा विशेष कार्य हो । थोरै पुस्तकालयहरूले मात्रै साहित्यिक पत्रिकाको नियमित प्रकाशन गरेका छन् । पुस्तकालयले ख्याति प्राप्त गर्ने माध्यम बनेको छ यो पत्रिका । २०२५ सालमा स्थापित यस पुस्तकालयले वि.सं. २०३० देखि हाम्रो पुरुषार्थको प्रकाशन वार्षिक रूपमा सुरू गरेको रहेछ । उक्त पत्रिका २०३५/२०३६ देखि अर्धवार्षिक हुँदै २०७० देखि त्रैमासिक रूपमा नियमित प्रकाशनमा रहेछ ।

किरण पुस्तकालयको एउटा छुट्टै विशेषता छ । यसको आफ्नै प्रकाशन छ-'हाम्रो पुरुषार्थ ।' यो एउटा विशेष कार्य हो । थोरै पुस्तकालयहरूले मात्रै साहित्यिक पत्रिकाको नियमित प्रकाशन गरेका छन् । पुस्तकालयले ख्याति प्राप्त गर्ने माध्यम बनेको छ यो पत्रिका । २०२५ सालमा स्थापित यस पुस्तकालयले वि.सं. २०३० देखि हाम्रो पुरुषार्थको प्रकाशन वार्षिक रूपमा सुरू गरेको रहेछ । उक्त पत्रिका २०३५/२०३६ देखि अर्धवार्षिक हुँदै २०७० देखि त्रैमासिक रूपमा नियमित प्रकाशनमा रहेछ ।

पुस्तक, पुस्तकालय, साहित्यिक पत्रिका, शिक्षा हाम्रो देशको नेतृत्व तहको प्राथमिकतामा पर्ने कुरै होइनन् । उपेक्षित विषय हुन् । यसको अर्थ हो, नेतृत्व अझै पनि मानिसलाई वास्तविक रूपमा चेतनशील तुल्याउन चाहँदैन । यही कारण शासक वा सत्तासीन वर्ग (कुनै एक सरकार विशेष होइन, राजनीतिक, कर्मचारी, प्रशासक, शिक्षक, समाजसेवी आदिआदिको नेतृत्व पनि हो ।) ले यस्ता कुरामा जोड दिदैनन् । अलिकति पैसा, अलिकति प्रतिष्ठा छ्यो अनि आफ्नो नाम भजायो । भोट लिने वर्ग रहेछ, भोट बटुल्यो । यही प्रवृत्ति व्याप्त छ ।

आज त यस्तो अवस्था छ भने पञ्चायतको कठोर दिनमा पुस्तकालय स्थापना गर्नु र पत्रिका समेत प्रकाशन गर्नु कति कठिन होला त्यो कल्पनाले भ्याउने कुरा होइन । त्यो कठिनाइ आज सहजतामा परिणत भएको सुखद अवसर किरण पुस्तकालयलाई प्राप्त भएको छ । देश र यसका मौलिक विशेषताहरूलाई प्रकृतिका पुस्तकहरू प्रकाशन गर्ने, मानिसलाई शिक्षित तुल्याउने जस्ता अतुलनीय र अमूल्य कार्य यस पुस्तकालयले गरेको देखिन्छ । यो आफैमा गुल्मीको पहिचान पनि बन्न सफल भएको छ ।

परिस्थितिले गर्दा गृहजिल्ला बस्न पाइएन । गृहजिल्लाबाट टाढिनु पर्दाको नियास्रो विगत केही वर्षदेखि मैले किरण पुस्तकालयबाट मेट्ने गरेको छु । तसर्थ किरण पुस्तकालयले मलाई गुल्मीसँग जोडिने अवसर प्रदान गरेको छ, आफ्नो प्रकाशन मार्फत । गन्थनको बिट मार्दै स्वर्णवर्ष मनाइरहँदा किरण पुस्तकालयलाई उत्तरोत्तर प्रगतिको शुभकामना !

✍ **उपप्राध्यापक : त्रिभुवन विश्वविद्यालय, धवलागिरि बहुमुखी क्याम्पस, बाग्लुङ ।**

–ooo–

हार्दिक अनुरोध

यस गुल्मी वितरण केन्द्रअन्तर्गत रहनुभएका सम्पूर्ण ग्राहकवर्गहरूमा विद्युत् महसुल समयमा नै भुक्तानी गर्नुहुन जानकारी गराइन्छ । विद्युत्को बाँकी बक्यौता रकम ६० दिनभित्र भुक्तानी नगरेमा जुनसुकै समयमा विनासूचना लाइन काटिने व्यहोरा जानकारी गराइन्छ ।

नेपाल विद्युत् प्राधिकरण
NEPAL ELECTRICITY AUTHORITY
ESTD. 1985

नेपाल विद्युत् प्राधिकरण

गुल्मी वितरण केन्द्र, तम्घास, गुल्मी

फोन : ०७९-५२०२०८

पश्चिमको अब्बल किरण पुस्तकालय

✍ पुष्कर अथक रेग्मी

ल्याटिन भाषाको Liber, फ्रान्सेली भाषाको Libraire हुँदै अंग्रेजी भाषामा Library र नेपालीमा पुस्तकालय शब्द बनेको छ । यो संस्कृत भाषाको 'पुस्तक' र 'आलय' दुई शब्द मिली बनेको छ । वेद उपनिषद्हरूको संग्रह स्वयंलाई पनि पुस्तकालय भनिन्छ । नालन्दा र तक्षशिला जस्ता प्रागैतिहासिक विश्वविद्यालयहरूमा समेत पुस्तकालय रहेको पाइन्छ । ई.पू. ६२६ वर्ष अगाडि एसिरियाका राजा अस्युरवानीपालले स्थापना गरेको निनेभ पुस्तकालय विश्वकै पहिलो पुस्तकालय मानिन्छ भने ई.पू. ६२३ वर्ष अघि इजिप्टका राजा टोलेमीले स्थापना गरेको अलेक्जेन्ड्रियम पुस्तकालय र रोमको सिसेरोको नीजी पुस्तकालय ऐतिहासिक रूपमै विकास हुँदै आएको पाइन्छ ।

जोहन गुटनवर्गले सन १४४० मा प्रिण्टीङ्ग मेसिनको आविस्कार गरेपछि छापिएको पहिलो पुस्तक 'बाइबल' हो । बाइबलसँगै ज्ञानसामग्रीको प्रकाशन बढ्दै जाँदा पुस्तकालयको विकास, विस्तार, संरक्षण र सम्वर्धनसमेत वृद्धि हुँदै गयो । पुस्तकालय विकासको विश्वव्यापीकरणको प्रभाव नेपालमा पनि पर्न गयो । वि.सं. १९१० मा जंगबहादुरले गिद्धे प्रेस नेपालमा ल्याएपछि राणाहरूको इच्छा अनुसारका पुस्तकहरू छापिन लागे । वि.स. १९३२ मा भोजपुरको दिङ्लामा बालागुरु षडाननले खोलेको संस्कृत पाठशालामा भारतबाट झिकाएर संस्कृत पुस्तकहरू पुस्तकालयको रूपमा राखेको पाइन्छ । वि.सं. १९६६ देखि केसर शम्सेरले पुस्तकहरू संकलन गर्दै जाँदा केसर पुस्तकालय खुल्यो । उपत्यका बाहिर सर्वप्रथम सिराहामा वि.स. १९७२ मा त्रिचन्द्र पुस्तकालय खुल्यो । वि.स. १९८३ मा पाल्पामा अक्षरपुरुष अम्बिकाप्रसाद लाकौलको घरमा 'पुस्तक पढ्ने दलान' खुलेपछि हालको धवल पुस्तकालयमा रूपान्तरण भयो । प्रजातन्त्रको प्राप्तिपछि मुलुकमा सामुदायिक स्तरबाट पुस्तकालयहरू खुल्दै गए । यहीं क्रममा वि.स. २०२५ सालमा गुल्मीको तम्घासमा शशि पन्थीको अगुवाइमा किरण पुस्तकालयको स्थापना भयो । गाईगोठको एउटा कोठामा खुलेको यस पुस्तकालयमा प्रारम्भमा कर्मकाण्ड, धार्मिक तथा स्कूल कलेज स्तरका

पाठ्यपुस्तक गरी १३० वटा पुस्तकहरू संगृहीत थिए । वि.स. २०२८ सालमा सरकारद्वारा अनुमति प्राप्त किरण पुस्तकालय अहिले आफ्नै करिब १ रोपनी जग्गामा ७ कोठासहित २ तले पक्की भवनमा अवस्थित छ ।

वि.सं. २०३० सालको कार्तिकमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म जयन्ती मनाउने क्रममा किरण पुस्तकालयद्वारा प्रकाशन प्रारम्भ भएको 'हाम्रो पुरुषार्थ' शुरूमा वार्षिक, २०३६ सालदेखि अर्धवार्षिक र २०७० सालदेखि त्रैमासिक रूपमा नियमित प्रकाशन हुँदै आएको छ । 'हाम्रो पुरुषार्थ'को सम्पादक शशि पन्थी, सह-सम्पादक दीन पन्थी र सहायक सम्पादक भेषबहादुर कुँवर र भुवनप्रसाद अर्याल रहनु भएको छ । अझ छातीमा हात राखेर भन्ने हो भने किरण पुस्तकालय, हाम्रो पुरुषार्थ र शशि पन्थी अहिले मुलुकैभर पर्यायवाची शब्दको रूपमा रहेका छन् ।

किरण पुस्तकालयले स्थापना कालदेखि नै पाठकहरूलाई पुस्तक र पत्रपत्रिका अध्ययन गर्न पाउने सेवा नियमित रूपमा उपलब्ध गराउदै आएको छ । यसका साथै नेपाली भाषा र साहित्यको क्षेत्रमा समेत उल्लेखनीय योगदान पुऱ्याउँदै आइरहेको छ । पुस्तकालयले आदिकवि भानुभक्त आचार्य, युवक कवि मोतीराम भट्ट, महामानव वी.पी. कोइराला, महाकवि लक्ष्मीप्रसाद देवकोटा, कविशिरोमणि लेखनाथ पौड्याललगायतका अग्रज साहित्यकारहरूको जन्मजयन्ती एवं स्मृतिदिवसहरूको अवसरमा रचना वाचन कार्यक्रम गर्नुका साथै जिल्ला, क्षेत्र र प्रदेश स्तरकै संगोष्ठीहरूको समेत आयोजना गर्दै आएको छ ।

वि.सं. २०५८ सालमा राष्ट्रव्यापी भाषिक संगोष्ठीको आयोजना गरिसकेको किरण पुस्तकालयले वि.सं. २०६८ वैशाख ९ गते पश्चिमाञ्चल क्षेत्रस्तरीय बृहत् कविगोष्ठीको आयोजना गरेको थियो । जुन गोष्ठीमा म पनि सहभागी भएर 'गुल्मी महिमा' शीर्षकको कविता सुनाएको थिए । यस गोष्ठीमा साहित्य तथा स्वास्थ्य प्रतिष्ठान पाल्पाका संस्थापक महासचिव कमल खत्रीको संयोजकत्वमा दर्जनौं साहित्यकारहरू, कविहरू गुल्मीको तम्घास गएका थियौं र किरण पुस्तकालयको अध्ययन, अवलोकन गर्नुका साथै रेसुङ्गा तपोभूमिको स्थलगत भ्रमण गरिएको थियो । जसबाट हामी कतिपय कवि साहित्यकारहरूले तत्काल कविता सिर्जना गरी सुनाएका पनि थियौं । पाल्पा गुल्मीको साहित्यिक सम्बन्ध अझ प्रगाढ बनाएका थियौं । राष्ट्रिय स्तरमै चर्चित व्यक्तित्वहरूसँग हामीले सम्बन्ध स्थापित गरेका थियौं । यस्तो अवसर जुटाइदिने किरण पुस्तकालयप्रति हामी अझै पनि कृतकृत्य रहेका छौं ।

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि र किरण पुस्तकालयको संस्थागत विकासमा स्थापना कालदेखि नै गरिमामय योगदान पुऱ्याउदै आउनुभएका वरिष्ठ

साहित्यकार किरण पुस्तकालयका संस्थापक हाम्रो पुरुषार्थका सम्पादक श्री शशि पन्थीज्यूलाई साहित्य तथा स्वास्थ्य प्रतिष्ठान पाल्पाले प्रतिष्ठानको छैठौं वार्षिक दिवसको अवसरमा कुलमणि देवकोटा स्मृति प्रतिभा पुरस्कार (२०६८) द्वारा सम्मान गरेको थियो ।

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि र किरण पुस्तकालयको संस्थागत विकासमा स्थापना कालदेखि नै गरिमामय योगदान पुऱ्याउदै आउनुभएका वरिष्ठ साहित्यकार किरण पुस्तकालयका संस्थापक हाम्रो पुरुषार्थका सम्पादक श्री शशि पन्थीज्यूलाई साहित्य तथा स्वास्थ्य प्रतिष्ठान पाल्पाले प्रतिष्ठानको छैठौं वार्षिक दिवसको अवसरमा कुलमणि देवकोटा स्मृति प्रतिभा पुरस्कार (२०६८) द्वारा सम्मान गरेको थियो ।

किरण पुस्तकालयद्वारा प्रकाशित हाम्रो पुरुषार्थका हरेक अङ्कहरू संग्रहणीय, महनीय र पठनीय रहेका छन् । पुस्तकालयले समयसापेक्ष विशेषाङ्क र अतिरिक्ताङ्कहरूसमेत प्रकाशन गर्दै आएको छ । शुभराज्याभिषेक, बालवर्ष, पत्रकारिता, पुस्तकालय, वी.पी. कोइराला, भानु, डा. टीकाराम पन्थी विशेषाङ्क प्रकाशन गरिसकेको छ । नेपाली साहित्यको आदिकालका कवि सन्त शशिधर स्वामीद्वारा लिखित कृति 'बाणोपनिषद्' किरण पुस्तकालयद्वारा प्रकाशित पहिलो पुस्तक हो । केही जनश्रुतिहरू, गुल्मीको ऐतिहासिक झलक, मानवताको कलंक, जातपात र छुवाछूत प्रथालगायतका महत्त्वपूर्ण कृतिहरूसमेत प्रकाशित गरिसकेको छ । हाम्रो पुरुषार्थ मुलुकका सबै क्षेत्रका साथै भारतका दार्जिलिङ्ग, आसाम, मेघालय, सिक्किम, देहरादुनलगायत बर्मा, खाडी मुलुक, अष्ट्रेलिया, जापान, बेलायत, अमेरिकासम्म पुग्दछ ।

बदलिदो परिस्थिति अनुकूल किरण पुस्तकालयलाई आधुनिकीकरण गर्नुपर्ने बेला आएको छ । ई-लाइब्रेरीको रूपमा पुस्तकालयलाई संचालन गर्ने सोंच पुस्तकालय व्यवस्थापन समितिले ल्याइसकेको छ । मोफसलमा स्थापित भई राष्ट्रियस्तरमै चर्चित किरण पुस्तकालय पश्चिम नेपालको अब्बल पुस्तकालयको रूपमा रहेको छ । अब्बल हुनको लागि जेठो, पुरानो, पहिलो, ऐतिहासिक भनेर मात्र पुग्दैन, समयअनुरूप छलाङ्ग मार्दै जान सक्नुपर्दछ । किरण पुस्तकालयले सम्पूर्ण बाधा अवरोध पार गर्दै समयसँगै हिड्दै आजको अवस्थासम्म आइपुगेको छ । त्यसैले यो पश्चिमको अब्बल पुस्तकालय हो । आगामी दिनमा किरण पुस्तकालय, पुस्तकालय विज्ञानको सिद्धान्तानुसार सञ्चालित हुनुपर्दछ ।

डा. एस. आर. रंगानाथले सन् १९२८ मा आधुनिक पुस्तकालय विज्ञानका पाँच मूलभूत सिद्धान्त प्रतिपादन गरेक थिए । पहिलो सिद्धान्त पुस्तक उपायोगको

लागि हो (Books are for use) दोस्रो सिद्धान्त पाठकको आ-आफ्नो पुस्तक (Every reader his/her books) तेस्रो सिद्धान्त प्रत्येक पुस्तकको आफ्नो पाठक (Every books its reader) चौथो सिद्धान्त पाठकको समय बचाउनु (Save the time of the reader) र पाँचौ सिद्धान्त पुस्तकालय संवेदनशील संस्था हो (Library is a growing organism) भन्ने रहेका छन् । उल्लिखित सिद्धान्तलाई व्यावहारिक रूपमा पालना गर्दै गराउँदै लैजानेतर्फ सरोकारवालाहरूको गम्भीर ध्यानाकर्षण हुनुपर्दछ । भाद्र २०७५ मा किरण पुस्तकालयले प्रदेश स्तरीय पुस्तकालय भेला सम्पन्न गरी नवीनतम शोध, खोज, सोंच र अठोटका साथ अघि बढ्ने कार्यनीति तय गरेको छ । यही वर्ष किरण पुस्तकालय पचासौं वर्ष पार गर्दैछ । पुस्तकालयको स्वर्ण महोत्सव समारोह भव्य सभ्य र दिव्य बनोस् ! शुभकामना !

सन्दर्भ-सामग्रीहरू

- किरण पुस्तकालय, **हाम्रो पुरुषार्थ**का विभिन्न अङ्कहरू, गुल्मीः लेखकहरू
- रेग्मी, पुष्कर्राज (२०६९), **पुस्तकालयको इतिहास र पुस्तकालय विज्ञान**, आदर्श स्मारिका, पाल्पाः आदर्श माध्यमिक विद्यालय
- शर्मा, अजयकुमार (१९९१) **पुस्तकालय विज्ञान**, दिल्लीः वर्ल्ड बुक हाउस
- क्षत्री, सूर्य (२०६२) **नेपालमा सार्वजनिक पुस्तकालयको अवस्था र यसको आवश्यकता**, जन प्रज्ञामञ्च वर्ष ६, पोखराः जनप्रिय बहुमुखी क्याम्पस

✍ **अध्यक्ष-साहित्य तथा स्वास्थ्य प्रतिष्ठान, तानसेन, पाल्पा ।**

–ooo–

किरण पुस्तकालयद्वारा प्रकाशित राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिका हाम्रो पुरुषार्थका ८० अङ्क निस्के । तपाईंले कति अङ्क पढ्नुभयो ? सबै अङ्कहरू किरण पुस्तकालयमा पढ्न सकिन्छ ।

शिक्षा, साहित्य, समाजसेवामा समर्पित शशि र किरण पुस्तकालयको स्वर्णजयन्ती

✍ डा. हिरण्यलाल ज्ञवाली

पूर्वीय सभ्यता र संस्कृतिका धरोहर महर्षि/महामुनि ऋष्यशृङ्गको पावन तपोभूमि एवं प्राकृतिक सुन्दरताले भरिपूर्ण रेसुङ्गापर्वत र पञ्चपाण्डवमध्येका एक महान् कर्मयोगी तथा भगवान् श्रीकृष्णका परमप्रियपात्र अर्जुनको विश्रामस्थल अर्जुनपर्वतको मध्यभागमा अवस्थित गुल्मी तम्घासमा स्थापित किरण पुस्तकालयले २०७५ साललाई स्वर्ण महोत्सव वर्षका रूपमा विभिन्न कार्यक्रम गरी मनाइरहेको र यसै पावन अवसरमा सो पुस्तकालयबाट प्रकाशित हुने हाम्रो पुरुषार्थ किरण पुस्तकालय स्वर्णमहोत्सव विशेषाङ्कका रूपमा प्रकाशन हुने कुरा सुन्न पाउँदा मेरो मनमा अपार खुसीको सञ्चार हुनपुगेको छ । त्यस खुसीलाई मनभित्र गुम्सिन दिनुभन्दा लेख्य रूप दिन उपयुक्त हुने ठानी कनिकुथी गर्दै आफ्नो अनुभूति प्रकट गर्ने जमर्को गरिरहेको छु ।

आफूले स्थापना गरेको संस्थाको स्वर्ण महोत्सव मनाउन पाउँदा कसलाई खुसी लाग्दैन र ? त्यो अवसर पाउने हरेक व्यक्ति अपार खुसीले रमाउँछन् । साँच्चै भन्ने हो भने यस्तो स्वर्णिम अवसर थोरै मात्र व्यक्तिले पाउँछन् । थोरै मात्र सौभाग्यशाली तथा कर्मशील व्यक्तिका जीवनमा यस्ता अवसर आउँछन् । त्यस्तो स्वर्णिम अवसर प्राप्त गर्ने कर्मशील तथा सौभाग्यशाली व्यक्तित्वहरूमध्ये एक हुनुहुन्छ शशि पन्थी जसले स्थापना गरेको किरण पुस्तकालयले यस २०७५ साललाई स्वर्णमहोत्सव वर्षका रूपमा मनाइरहेको छ । यो स्वर्णमहोत्सव एउटा यस्तो पावन अनुष्ठान हो जुन अनुष्ठानमा दुईचार शब्दपुष्प समर्पण गरे पनि नेपालमा पुण्यकर्म गरेको मानिनेछ । त्यसैले यो लेख किरण पुस्तकालयकै सम्मानमा लेखी समर्पण गर्ने जमर्को गर्दैछु । यस पावन अवसरमा प्रथमतः त्यस संस्थाका संस्थापक सारथि र उनका सहयोगी साथीहरूलाई शतशः सहस्रशः शब्दसम्मान समर्पण गर्दछु; नमन गर्दछु ।

साँच्चै भन्ने हो भने शिक्षा, साहित्य र समाजसेवाका समानार्थी बन्नुभएको छ शशि पन्थी । किरण पुस्तकालयको स्थापना हुनु साहित्य र समाजसेवाप्रतिको समर्पणभावको प्रतिफल हो भन्दा अत्युक्ति हुने छैन । यस पुस्तकालयबाट प्रकाशित हाम्रो पुरुषार्थले ४५ वसन्त पार गरिरहेको छ र त्यसबाट ७५ भन्दा बढी थरीथरीका पुष्पवृक्षसहितको विशाल उद्यान बनिसकेको छ । त्यसले यस मुलुकमा नेपाली भाषा र साहित्यका थुप्रै व्यक्तित्व निर्माण गरिसकेको छ । त्यसमा प्रकाशित कविता, कथा, निबन्ध, एकाङ्कीजस्ता विभिन्न विधा अत्यन्त स्तरीय हुने गर्दछन् । हाम्रो पुरुषार्थका हरेक अङ्कमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त नेपाली भाषा-साहित्यका विशिष्ट साधकका अन्तर्वार्ता प्रकाशित भएको पाइन्छ । हालसम्म त्यसमा ८० जनाभन्दा बढी विद्वान्हरूका अन्तर्वार्ता प्रकाशित भइसकेका छन् । त्यस्तै यसका हरेक अङ्कमा उपलब्ध भएसम्म्म नेपालमा रहेका पुस्तकालयहरूको परिचयसमेत प्रकाशित गर्ने गरेको पाइन्छ । हालसम्म नेपालका ७० भन्दा बढी पुस्तकालयको परिचय हाम्रो पुरुषार्थमा प्रकाशित भएको देखिन्छ । नौलो सृष्टि : सानो दृष्टि स्तम्भअन्तर्गत यस क्षेत्रका स्रष्टाहरूद्वारा सिर्जित नयाँ कृति र कृतिकारको परिचयसमेत दिने गरेको पाइन्छ । त्यस्तै यस क्षेत्रमा भएका नयाँ ताजा साहित्यिक गतिविधिलाई पनि यसमा स्थान दिने गरेको पाइन्छ । साथै गुल्मीको ऐतिहासिक धरोहर रेसुङ्गालाई चिनाउन यस पत्रिकाले महत्त्वपूर्ण भूमिका खेलेको छ । यसरी नेपाली भाषा साहित्यमा हाम्रो पुरुषार्थको उल्लेखनीय योगदान रहिआएको छ । नेपालमा मात्र होइन भारतका वाराणसी, देहरादून आदि ठाउँमा र अस्ट्रेलिया, अमेरिका आदि मुलुकमा समेत यसका प्रतिनिधिहरू रहेका छन् र ती ठाउँमा समेत यो पत्रिका पुग्ने गरेको छ । यस पत्रिकाले पुर्‍याएको योगदानका बारेमा स्नातकोत्तर स्तरीय थुप्रै शोधपत्र तयार भइसकेका छन् ।

नेपालमा मात्र होइन भारतका वाराणसी, देहरादून आदि ठाउँमा र अस्ट्रेलिया, अमेरिका आदि मुलुकमा समेत यसका प्रतिनिधिहरू रहेका छन् र ती ठाउँमा समेत यो पत्रिका पुग्ने गरेको छ । यस पत्रिकाले पुर्‍याएको योगदानका बारेमा स्नातकोत्तर स्तरीय थुप्रै शोधपत्र तयार भइसकेका छन् ।

यस पङ्क्तिकारको शैक्षिक तथा प्राज्ञिक र पदीय उन्नयनमा समेत किरण पुस्तकालय र हाम्रो पुरुषार्थका परिवारको उल्लेखनीय योगदान रहेको छ । त्यसप्रति कृतज्ञता ज्ञापन गर्नु परम कर्तव्य हो । यस संस्थाको स्वर्णमहोत्सवका पावन अवसरमा त्यो आभार व्यक्त गर्दछु । कृतज्ञता ज्ञापन गर्दछु । मैले विद्यावारिधि उपाधि प्राप्त गरेपछि यस संस्थाका सारथि तथा हस्ती शशि सरको पहलमा प्रथम गुल्मी महोत्सवका अवसरमा आयोजित विशेष साहित्यिक

कार्यक्रमका अवसरमा सम्मान गरिएको थियो । त्यसका लागि समेत यस पावन अवसरमा यसै लेखमार्फत हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । सोह्र वर्षीय ठिटाले पुस्तकालय स्थापना गर्नु र आधा शताब्दीसम्म त्यसको रेखदेख गरिरहनु चानचुने कुरा होइन । गुल्मीमा तत्कालीन अवस्थामा त्यस्तो अभियानमा लाग्दा केकस्ता समस्या आइलागे होलान् भन्ने कुरा शशि पन्थीजीलाई नै थाहा छ । अवश्य नै हामीले अनुमान गरेभन्दा बढी समस्या उहाँले झेल्नुपर्‍यो । त्यस बेला पुस्तकालय स्थापना गर्ने कुरा गर्दा त्यस अभियानलाई कतिपयले हास्यास्पद रूपमा समेत लिए होलान् । तर हरेक समस्यालाई झेल्दै हरेक वाधा-व्यवधानलाई पन्छ्याउँदै शशि सर निरन्तर पुस्तकालयलाई समृद्ध तुल्याउने अभियानमा दृढ भएर लागेकै कारणले आज उहाँले यो अवसर देख्न पाउनुभएको हो ।

वस्तुतः शशि पन्थी शिक्षा, साहित्य, समाजसेवाका पर्याय बन्न पुग्नुभएको छ । रेसुङ्गा क्याम्पसको स्थापना मात्र होइन लामो समयसम्म क्याम्पस-प्रमुख पदमा आसीन भई कुशल नेतृत्व गर्नुभएका उहाँले गुल्मीमा शिक्षको ज्योति फैलाउने काम गर्नुभएको थियो । त्यस्तै नेपाल रेडक्रस सोसाइटी जस्तो पवित्र सामाजिक संस्थाको केन्द्रीय उपाध्यक्ष भई उहाँले समाजसेवामा उल्लेखनीय योगदान पुर्‍याउनुभएको छ । उहाँ स्वयम् स्रष्टा, द्रष्टा र अनुसन्धातासमेत हुनुहुन्छ । सर्जक, अन्वेषक र समीक्षकका रूपमा समेत आफ्नो पहिचान देखाइसक्नुभएका शशिसर साहित्यिक संस्थाको संस्थापक र कुशल सङ्गठकसमेत हुनुहुन्छ । उहाँबाट भएका महत्त्वपूर्ण कामहरूमध्ये किरण पुस्तकालयको स्थापना पनि एक हो जसले आधा शताब्दीको यात्रा पार गर्दैछ ।

"हुने बिरुवाको चिल्लो पात" भने झैं शशि पन्थीमा चिल्लो पाते लक्षण सानै उमेरमा नै देखा परेका थिए । नत्र सोह्र बर्से किशोरमा त्यस किसिमको पुस्तकालय स्थापना गर्ने सोंच कसरी पैदा हुन्थ्यो ? यसबाट शशि पन्थी सानै उमेरदेखि नै परिपक्व हुनुहुन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ । किशोर अवस्थादेखि नै शिक्षा र साहित्यको समुन्नतिमा आकर्षित शशि पन्थीको स्वभाव र रुचि नेपाली साहित्यको माध्यमिक कालका प्रवर्तक तथा युवाकवि मोतीराम भट्टसँग तुलनीय छन् । मोतीराम भट्टका अधिकांश गुण शशि पन्थीमा देखिन्छन् । जसरी मोतीराम भट्टले सानै उमेरदेखि शिक्षा र साहित्यतर्फ रुचि लिने गर्थे त्यसरी नै शशि पन्थीले पनि विद्यार्थी अवस्थादेखि नै शिक्षा, साहित्य र साहित्यिक सङ्घ-संस्थाहरूको स्थापना गरी तिनको नेतृत्वसमेत सम्हाल्ने गरेको देखिन्छ । आजभन्दा पचास वर्षअघि पुस्तकालयको स्थापना गर्नु त्यो पनि गुल्मी जस्तो ठाउँमा चानचुने काम होइन । संस्था स्थापना गर्नुभन्दा पनि त्यसको विकास, विस्तार गर्नु र समृद्ध तुल्याउनु अझ कठिन काम हो । शशि पन्थीले संस्थाको स्थापना माात्र गर्नु भएन त्यसको विकास-विस्तारका लागि अहोरात्र खट्नुभयो र

किरण पुस्तकालयलाई आज एउटा समृद्ध सामुदायिक पुस्तकालयका रूपमा परिचित गराई स्वर्ण जयन्ती मनाउने अवस्थासम्म पुर्‍याउनुभयो । त्यसका लागि उहाँको जति प्रशंसा गरे पनि कमै हुने देखिन्छ ।

परोक्षतः मैले शशि सरलाई आठ दस वर्षको उमेरदेखि नै चिनेको थिएँ तर प्रत्यक्षतः धेरै पछि मात्र मेरो उहाँसँग भेटघाट र साक्षात्कार भएको हो । मेरो गृहजिल्ला गुल्मी भए पनि मैले यस जिल्लामा पढ्ने, जागिर खाने र अन्य कुनै महत्त्वपूर्ण काम गर्ने अवसर पाइनँ । सानै उमेरमा नै अध्ययनका सिलसिलामा अन्य ठाउँमा जान बाध्य भएकाले र अध्यापन कार्यसमेत अन्य जिल्लामा गरेकाले आफ्नो गृहजिल्लालाई नजिकबाट छाम्न र मायाले सुम्सुम्याउन नपाउनाको पीडाले मलाई पोलिरहन्छ । त्यसो भए तापनि यस जिल्लाका गतिविधिहरूसँग भने म कहिले पनि अपरिचित भइनँ । विशेषतः गुल्मीको शैक्षिक तथा साहित्यिक गतिविधिसँग म विशेष परिचित थिएँ र अद्यावधि छु भन्दा अत्युक्ति नहुने ठान्दछु । सोही अनुरूप गुल्मीको शिक्षाको ज्योतिका रूपमा सुपरिचित शशि पन्थीको साधना, सामर्थ्य र योगदानबारे म पहिलेदेखि नै परिचित थिएँ । किरण पुस्तकालयका संस्थापक शशि, हाम्रो पुरुषार्थका सम्पादक शशि, पहिले महेन्द्र मा.वि. का शिक्षक र पछि रेसुङ्गा क्याम्पसका प्राध्यापक तथा क्याम्पसप्रमुख शशि, नेपाल रेडक्रस सोसाइटीका जिल्ला समिति हुँदै केन्द्रीय उपाध्यक्षसमेत बन्न सफल शशि, अत्यन्त शान्त, शालीन, सभ्य, शिष्ट, सुशील, सुसंस्कृत, धैर्य र सात्विक आहारविहार मन पराउने शशि, शिक्षा, साहित्य र समाजसेवामा समर्पित शशि, स्वयम् सर्जक र शोधखोजमा रुचि राख्ने शशि, यस्तै बहुमुखी व्यक्तित्वका धनी शशिले मेरा मानसपटलमा प्रत्यक्ष भेट हुनुअघि नै आसन जमाइसकेको थियो र प्रत्यक्ष भेट भएपछि त्यो अझ बढी गाढा बन्न पुग्यो । वास्तवमा मलाई कतिपय व्यक्तिको व्यक्तित्व र तिनले प्राप्त गरेको लोकप्रियता देख्दा लोभ लाग्छ । त्यस्तो लोभ लाभ्दो व्यक्तित्वमध्ये शशि पन्थी अग्र पङ्क्तिमा पर्नुहुन्छ । हो, शशि पन्थीको व्यक्तित्व देख्दा मेरा मनमा साँच्चिकै लोभ लाग्छ, उहाँ जस्तै लोकप्रिय हुन पाए कति जाति हुन्थ्यो भन्ने लाग्छ । यसरी बहुमुखी प्रतिभासम्पन्न शशि सरको व्यक्तित्व साँच्चिकै लोभ लाग्दो देखिन्छ ।

प्रत्यक्ष रूपमा मैले शशि सरलाई २०५४ सालमा मात्र भेटेको हुँ । म बुटवल बहुमुखी क्याम्पसमा अध्यापनरत रहेकै बेला त्रिभुवन विश्वविद्यालयबाट गुल्मी जिल्लाका लोकगीतको अध्ययनका लागि एक बर्से स्वाध्ययन बिदा लिई स्थलगत अध्ययनार्थ तम्घास गएको बेलामात्र उहाँलाई पहिलो पटक भेटेको थिएँ । गुल्मी जिल्लाको सदरमुकाम तम्घास ओर्लनासाथ मेरो प्रथम भेट थोर्गाका दाजु नीलकण्ठ गौतमसँग भयो । शिक्षा र साहित्यमा रुचि राख्ने शोधार्थीलाई शैक्षिक व्यक्तित्वसँग भेट गराउन उपयुक्त हुने ठानी मलाई उहाँले सीधै रेसुङ्गा बहुमुखी

क्याम्पसमा पुर्‌याई शशि सरसँग भेट गराउनुभयो । त्यस बेला शशि सर सो क्याम्पसको क्याम्पस-प्रमुख पदमा आसीन हुनुहुन्थ्यो । मेरो नाम सुन्नासाथ उहाँले मलाई राम्ररी चिनेको कुरा गर्नुभयो र हाम्रो पुरुषार्थको सबभन्दा पछिल्लो अङ्क मलाई दिनुभयो । त्यो गुल्मी परिचयाङ्क थियो र त्यसमा विश्वविद्यालयमा प्राध्यापन कार्यमा संलग्न व्यक्तित्वमध्ये मेरो नाम पनि उल्लेख गरिएको थियो । अनि उहाँले गर्वसाथ भन्नुभयो, "हाम्रो प्रत्यक्ष भेट नभए पनि हामीले तपाईंलाई नचिनेको कहाँ हो र ?" उहाँको योजनाअनुरूप हाम्रो पुरुषार्थले त्यसअघि लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क प्रकाशित गरिसकेको थियो । त्यसका अतिरिक्त हाम्रो पुरुषार्थका पुस्तकालय विशेषाङ्क, विश्वेश्वरप्रसाद कोइराला विशेषाङ्क, समालोचना विशेषाङ्क, कथा विशेषाङ्क, नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्य द्विशत वार्षिकी विशेषाङ्क, डा.टीकाराम पन्थी विशेषाङ्क जस्ता महत्त्वपूर्ण अङ्क प्रकाशित भएका छन् । यीमध्ये कतिपय अङ्क अहिले दुर्लभ भइसकेका छन् । त्यस्तै किरण पुस्तकालयले नेपाली साहित्यका विशिष्ट प्रतिभाहरूको जन्मजयन्तीसमेत मनाउने गरेको पाइन्छ । विशेषतः आदिकवि भानुभक्त आचार्य, युवाकवि मोतीराम भट्ट, महाकवि लक्ष्मीप्रसाद देवकोटा आदिको जन्मजयन्तीका अवसरमा यस पुस्तकालयले केही न केही साहित्यिक गतिविधि सञ्चालन गर्दै आइरहेको छ । त्यस्तै स्थानीय मात्र होइन राष्ट्रिय स्तरका गोष्ठी, सेमिनारहरूको आयोजनासमेत यस संस्थाले गर्दै आइरहेको छ । यस पुस्तकालयले कैले नेपाल प्रज्ञा-प्रतिष्ठानसँग मिलेर भाषिक-साहित्यिक गोष्ठी गर्ने गर्दछ भने कहिले स्थानीय तहका गोष्ठीहरूको आयोजना गर्ने गरेको पाइन्छ । त्यस्तै नवसाहित्यिक प्रतिभाहरूलाई उत्प्रेरित गर्ने काम पनि यस पुस्तकालयले गर्दै आएको छ । त्यति मात्र होइन किरण पुस्तकाललयले केही महत्त्वपूर्ण ग्रन्थ प्रकाशन गर्ने कामसमेत गरेको पाइन्छ । नेपाली साहित्यको प्राथमिक कालीन निर्गुण भक्ति धाराका सशक्त कवि शशिधर स्वामीद्वारा रचित बाणोपनिषद्, महाप्रभु लक्ष्मीनारायण, योगकुमार र लीलाम्बर भुसालद्वारा रचित रेसुङ्गाका आध्यत्मिक कृति, डा. टीकाराम पन्थीद्वारा रचित केही जनश्रुतिहरू, नेनेपालः, बुद्धस्मरणम्, सांस्कृतिक चिन्तन, अर्वाचीन रेसुङ्गा, केशवप्रसाद पौडेलद्वारा रचित रुरुक्षेत्र, मुकुन्दहरि ज्ञवालीद्वारा रचित मेरो देश नेपाल, डा. राजाराम सुवेदीद्वारा रचित गुल्मीको ऐतिहासिक झलक, मोदनाथ प्रश्रितद्वारा रचित मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा, परशुराम उपाध्याय पन्थीद्वारा रचित तपोभूमि रेसुङ्गाधाम, अर्जुनप्रसाद भट्टराईद्वारा रचित ग्रहविमर्श, डा. लक्ष्मीकान्त पन्थीद्वारा रचित काव्यमालिकासमेत गरी हालसम्म चौधवटा कृति यस पुस्तकालयले प्रकाशित गरिसकेको छ । त्यस्तो प्रकाशन कार्यक्रमहरूलाई निरन्तरता दिने काम यस संस्थाद्वारा भइरहेको पाइन्छ । यसै क्रममा हालसम्मको पछिल्लो कार्यक्रम हो

यही २०७५ साल भाद्र २४ गते आयोजित 'पाँच नम्बर प्रदेश स्तरीय पुस्तकालय सम्मेलन' । यस पुस्तकालयको स्वर्ण वर्षअन्तर्गतका विशेष कार्यक्रममध्ये सो सम्मेलन पनि एक भएकाले र सो कार्यक्रममा बुटवल उपमहानगर पालिका-४ मा अवस्थित नवजागृति पुस्तकालयको वरिष्ठ सल्लाहकारका हैसियतले प्रतिनिधित्व गर्ने स्वर्णिम अवसर पाएकाले त्यस सम्मेलनका अनुभव र अनुभूतिका साथै गतिविधिहरूलाई समेत यहाँ उल्लेख गर्नु उपयुक्त हुनेछ ।

किरण पुस्तकालयको स्वर्ण महोत्सवका सन्दर्भमा सो संस्थाद्वारा २०७५ भाद्र २४ गते आयोजित ५ नं प्रदेश स्तरीय प्रथम पुस्तकालय सम्मेलन तथा नेपाली साहित्यका युवाकवि मोतीराम भट्टको १३५ औं जन्म जयन्तीका अवसरमा यस नवजागृति पुस्तकालयको वरिष्ठ सल्लाहकारका हैसियतले सहभागी हुनका लागि २०७५ भाद्र २३ गते कार्यक्रम आयोजनास्थल गुल्मी तम्घास पुगी मिति २०७५।५।२४ गते कार्यक्रममा सहभागी भएको हुँ । त्यहाँका अनुभव र अनुभूतिका साथै त्यहाँका गतिविधि, छलफल र निर्णयलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

(क) सो कार्यक्रम मिति २०७५।५।२४ गते बिहानी र दिवा गरी दुई सत्रमा सञ्चालन भएको थियो ।

(ख) बिहान ८:०० बजे देखि अपरान्ह २:०० बजेसम्म संचालित पहिलो सत्रको प्रारम्भमा युवाकवि मोतीराम भट्टप्रति श्रद्धासुमन समर्पण गर्ने काम भएको थियो । त्यसपछि प्रा. डा. हिरण्यलाल झवालीबाट युवाकवि मोतीराम भट्टको व्यक्तित्व, कृतित्वमाथि प्रकाश गर्ने कामका साथै कविता प्रतियोगिता, जानकी झवाली गौतम साहित्य पुरस्कार अर्पण आदि विविध कार्यक्रम पनि त्यसै सत्रमा गरिएका थिए । भएका ४० वटा पुस्तकालयका ६० जना प्रतिनिधि र १६५ जना सहभागी विशेषज्ञ अतिथि महानुभावहरूका साथै विभिन्न सङ्घसंस्थाहरूका प्रतिनिधि, कवि, कलाकार, साहित्यप्रेमी, साहित्यकार, साहित्यानुरागी, प्राध्यापक, बुद्धिजीवी आदिको समुपस्थिति रहेको सो कार्यक्रमको अध्यक्षता श्री नरप्रसाद श्रेष्ठ (किरण पुस्तकालय अध्यक्ष) र प्रमुख अतिथ्यता माननीय श्रीकमलराज श्रेष्ठ (प्रदेश सभा सदस्य, प्रदेश नं. ५) बाट भएको थियो ।

(ग) पहिलो सत्रमा विभिन्न अप्रतियोगी कविहरूले समेत कविता वाचन गरेका थिए । कार्यक्रमको बीचबीचमा स्थानीय कलाकारहरूद्वारा नाचगानसमेत प्रस्तुत गरिएको थियो । त्यस सत्रमा नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्वसदस्य-सचिव प्राज्ञ तथा हाल डिल्लीरमण, कल्याणी रेग्मी स्मारक पुस्तकालयका अध्यक्ष डा. तुलसीप्रसाद भट्टराईबाट शुभकामना मन्तव्य व्यक्त गरिएको थियो

भने पुस्तकालयको स्थापना र कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्ने काम पुस्तकालयका उपाध्यक्ष शशि पन्थीबाट भएको थियो । उपर्युक्त कार्यक्रमका अतिरिक्त प्रथम सत्रमा जानकी पुरस्कारद्वारा पुरस्कृत तथा सम्मानित स्रष्टा सूबसेनद्वारा सिर्जित 'मातृभूमिलाई दण्डवत् सेवा' नामक कृति (लामो कविता)को समेत लोकार्पण किरण पुस्तकालयका संस्थापक अध्यक्ष तथा कार्यक्रम संयोजक प्रा .शशि पन्थीबाट गरिएको थियो । नवजागृति पुस्तकालयका प्रतिनिधि प्रा.डा. हिरण्यलाल ज्ञवालीबाट सो पुस्तकालयका अध्यक्ष श्री महेश्वरप्रसाद श्रेष्ठद्वारा किरण पुस्तकालयका लागि प्रेषित पुस्तकहरूको नामावलीका साथै पुस्तकसमेत प्रदान गरियो ।

(क) दोस्रो सिफ्ट अपरान्ह २.३० बजे आरम्भ भई राति ८.३० बजे सकिएको । त्यसमा ४० वटा पुस्तकालयका ६० जना प्रतिनिधिका सदस्यहरूका साथै स्थानीय शिक्षाप्रेमी, शिक्षाविद्, पुस्तकालयप्रेमी र पुस्तकालयसँग सम्बद्ध महानुभावहरू र कविहरूसमेत सहभागी भएका थिए ।

(ख) मूलतः पुस्तकालयका समस्या र समाधानका उपायहरूको छलफलमा केन्द्रित दोस्रो सिफ्टको सञ्चालन शशि पन्थी (किरण पुस्तकालयका उपाध्यक्ष) बाट भएको थियो ।

(ग) सामाजिक बालपुस्तकालयका संस्थापक अध्यक्ष इन्दिरा दलीको अध्यक्षतामा आयोजित दोस्रो सिफ्टमा डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयका अध्यक्ष डा.तुलसीप्रसाद भट्टराईबाट विषय प्रवेश भएको थियो । त्यसमा 'नेपालमा सार्वजनिक/सामुदायिक पुस्तकालयको वर्तमान अवस्था र भविष्य' शीर्षकका दुईवटा कार्यपत्र प्रस्तुत गरिनुका साथै सामुदायिक पुस्तकालय संघ नेपालका अध्यक्ष केशव आचार्यबाट सामुदायिक पुस्तकालयबारे जानकारीसमेत दिइएको थियो ।

(घ) नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पुस्तकालय समन्वय शाखाका प्रमुख उपसचिव यादवचन्द्र निरौला र भैरहवास्थित शहीद पुस्तकालयका अध्यक्ष शिक्षाविद् वनमाली निराकारद्वारा प्रस्तुत कार्यपत्रमाथि क्रमशः तानसेन पाल्पा स्थित धवल पुस्तकालयका महासचिव राजेश अर्याल र सर्वोदय पुस्तकालय दाङका प्रतिनिधि पद्मप्रसाद शर्माद्वारा टिप्पणी प्रस्तुत गरिएको थियो ।

(ङ) त्यसपछि प्रतिनिधि सहभागीहरूले आफूले प्रतिनिधित्व गरेका पुस्तकालयका गतिविधि तथा समस्याहरू प्रस्तुत गरेका थिए । त्यस क्रममा प्रस्तुत पङ्क्तिकारबाट पनि यस नवजागृति पुस्तकालयको अवस्था जानकारी

गराइएको थियो । सो भेलामा तम्घास घोषणापत्र जारी गरिएको थियो । सो घोषाणाका केही प्रमुख बुँदा निम्नानुसार रहेका छन् :

१. यस किसिमको प्रदेशस्तरीय पुस्तकालय भेला आयोजना गर्ने किरण पुस्तकालयलाई धन्यवाद ।

२. नेपालमा सामुदायिक र सार्वजनिक पुस्तकालयको तथ्याङ्क सङ्कलन गर्ने ।

३. पुस्तकालयमा आवश्यक जनशक्तिको विकासका लागि सरकारी स्तरबाट नै तालिमको व्यवस्था हुनुपर्ने ।

४. सरकारबाट आवश्यक रकमको व्यवस्था हुनुपर्ने ।

उक्त कार्यक्रम सभ्य तथा भव्य रूपमा सम्पन्न भएको निष्कर्ष सबै सहभागीहरूले निकालेका थिए । राज्यले गर्नुपर्ने काम एउटा सामुदायिक पुस्तकालयले गर्नु चानचुने कुरा होइन भन्दै सामुदायिक तथा सार्वजनिक पुस्तकालयलाई सरकारले अवहेलना गरेकोमा सबै सहभागीले चिन्ता र चासो समेत व्यक्त गरेका थिए । सहभागीहरूलाई आयोजकले आवास र भोजनको व्यवस्था गर्नुका साथै इच्छुक सहभागीलाई रेसुङ्गा भ्रमण अवलोकनको व्यवस्था पनि मिलाइएको थियो । भाद्र २५ गते बिहान रेसुङ्गा पुर्‍याई आवश्यक कुरा देखाउनाका साथै नास्ता र भोजनको व्यवस्थासमेत सोही रेसुङ्गा तपोभूमिमा गरिएको थियो । मध्यान्ह बाह्र बजेतिर त्यहाँबाट तम्घास ओर्ली त्यसपछि पाहुनाहरूलाई बिदा गरिएको थियो ।

निष्कर्षमा गुल्मी जिल्लामा शशि पन्थी भन्नासाथ शिक्षा, साहित्य, समाजसेवामा समर्पित व्यक्तित्व भन्ने बुझिन्छ । उहाँको पहलमा स्थापित किरण पुस्तकालयको ५० वर्ष पुगेको स्वर्णवर्षका अवसरमा आयोजित कार्यक्रममा सहभागी हुन पाएकोमा र यी शब्दसुमन अर्पण गर्न पाएकोमा प्रसन्नता व्यक्त गर्दै एवं यस संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आफ्ना अनुभूतिलाई लिपिबद्ध गर्ने कामबाट यहीं बिदा लिन्छु ।

✍ **प्राध्यापक : बुटवल बहुमुखी क्याम्पस, रूपन्देही ।**

–ooo–

राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिका हाम्रो पुरुषार्थमा विज्ञापन दिएर लाभ उठाउनुहोस् ।

गुल्मी तम्घास र किरण पुस्तकालय

विजय सागर

वि.सं. २०३० सालतिर भूमिसुधार कार्यालय अर्घाखाँचीबाट मेरो सरुवा भूमिसुधार कार्यालय गुल्मी तम्घासमा भयो । त्यसबेला म का.मु. नायब सुब्बा पदमा थिएँ । तत्कालीन अर्घाखाँचीको राजनीति चेपुवामा परेको अर्घाखाँचीको सदर-मुकाम ठाडाबाट नरपानी (नर्तनाञ्चल-भनिन्छ रावणले तपस्या गरेको टाकुरो) स्थापना भएको थियो । चालीसवटा पनि पक्की कच्ची घर नभएको सदरमुकाम नरपानीबाट गुल्मी तम्घास जस्तो पुरानो बजारसहितको व्यवस्थित ठाउँमा सरुवा हुनु खुशीको कुरा थियो ।

स्थानीय प्रशासन ऐन २०२८ आउनु अघिसम्म अर्घाखाँचीको प्रशासन, न्याय सम्पादन, जेल तथा बैकिङ व्यवस्थापन गुल्मी जिल्लाबाटै हुन्थ्यो ।

गुल्मी जिल्लाको सदरमुकाम तम्घास (लक्ष्मीपुर) पवित्र रेसुङ्गा पर्वतको काखमा र अर्जुनको लेक (दक्षिण) को छेउमा सुरम्य रूपले अवस्थित छ । तम्घास (लक्ष्मीपुर) दुई भागमा बाँडिएको छ-उपल्लो तम्घास र तल्लो तम्घास । तल्लो तम्घास-विभिन्न सरकारी कार्यालयहरू भएको सानो तर व्यवस्थित गुल्जार तम्घास बजार हो । तल्लो तम्घास बजारभित्र पनि पुरानो तम्घास बजार थियो र त्यहाँ भगवान् गणेशको मन्दिरका साथै ढुङ्गे धारा थियो । शनिबार बिहान हामी नुहाउन जान्थ्यौं ।

तम्घास पुगेको केही दिनपछि, एक बिहान डेरामा दुई जना अपरिचित तर शिष्ट व्यक्तिहरू आउनुभयो । शिष्टाचारपूर्वक नमस्कारको आदान-प्रदानपछि परिचय भयो । दुई जना मध्ये एक जना विद्वान् डा. टीकाराम पन्थी हुनुहुन्थ्यो । डा. टीकाराम पन्थीज्यूले भन्नुभयो-हामी गुल्मी इण्टर कलेजबाट आएका हौं । हाम्रो जानकारीअनुसार तपाईंकी धर्मपत्नी एस.एल.सी. उत्तीर्ण हुनुहुन्छ । उहाँलाई कलेजमा अध्ययन गर्न पठाई सहयोग गरिदिनुपऱ्यो ! यही अनुरोध गर्न हामी आएका हौं ।

मलाई अपार हर्ष लाग्यो । दुई हात जोडेर भनें-गुरु ! भोलि देखि नै मेरी श्रीमती उषा श्रेष्ठलाई कलेजमा पढ्न पठाउने छु । यसरी मेरी श्रीमती उषा श्रेष्ठ गुल्मी इण्टर कलेजकी छात्रा हुन पाएकी थिइन् ।

तम्घासमा पठनपाठनमा नाम चलेको महेन्द्र हाईस्कुल थियो । गुरु वर्गहरू अत्यन्त सुशिक्षित एवं भद्र हुनुहुन्थ्यो । प्रधानाध्यापक-नरहरि रिजाल, गुरुहरू ज्ञानहरि आचार्य तथा ताराबहादुर थापाज्यूहरूसँग मेरो राम्रो हेलमेल थियो ।

तम्घासमा अत्यन्त सफा सुग्घर भएको रेसुङ्गा होटेल थियो । सफा सुग्घर जस्तै होटेलमा पाक्ने पकवान पनि स्वादिलो, रसिलो र मीठो हुन्थ्यो । होटेलका प्रोप्राइटर नरप्रसाद श्रेष्ठजी-सधैं मुस्कानसहित सबैसँग आफन्त जस्तो व्यवहार गर्ने सरल व्यक्ति हुँदा होटेलमा आउने-जाने, बास बस्ने ग्राहकहरूले आत्मीय व्यवहार पाउँथे ।

चौतारोमुन्तिर ढुङ्गाले छाएको एक तले एउटा सानो घर थियो । त्यो सानो आकारको घर घर मात्र थिएन-ज्ञानको पवित्र मन्दिर थियो । त्यो मन्दिर "किरण पुस्तकालय" थियो । किरण पुस्तकालय दुई खण्डमा विभाजित थियो । एक खण्डमा पत्र-पत्रिका पढ्ने ठाउँ (वाचनालय) र अर्को खण्डमा सुव्यवस्थित तरिकाले दराजमा विभिन्न विषयका पुस्तकहरू राखिएका (पुस्तकालय) थिए । त्यही पुस्तकालयमा मैले शशि पन्थीलाई पहिलो पल्ट भेटेको थिएँ ।

ज्ञानको पवित्र मन्दिर

तम्घासमा जिल्ला प्रशासकीय भवनको अगाडि एउटा चौतारो र चौतारोमुन्तिर ढुङ्गाले छाएको एक तले एउटा सानो घर थियो । त्यो सानो आकारको घर घर मात्र थिएन-ज्ञानको पवित्र मन्दिर थियो । त्यो मन्दिर "किरण पुस्तकालय" थियो । किरण पुस्तकालय दुई खण्डमा विभाजित थियो । एक खण्डमा पत्र-पत्रिका पढ्ने ठाउँ (वाचनालय) र अर्को खण्डमा सुव्यवस्थित तरिकाले दराजमा विभिन्न विषयका पुस्तकहरू राखिएका (पुस्तकालय) थिए । त्यही पुस्तकालयमा मैले शशि पन्थीलाई पहिलो पल्ट भेटेको थिएँ ! चिनेको थिएँ ।

अफिसपछिका धेरै जसो समय किरण पुस्तकालयमा गएर पत्र-पत्रिका पढिन्थ्यो । पुस्तकहरू ल्याएर पढिन्थ्यो । तर शनिवार पुस्तकालय बन्द हुन्थ्यो । कहिले पवित्र रेसुङ्गा मठ, अर्जुनको लेक तथा कहिले छल्दी पनाह, रैंदी खोलामा गइन्थ्यो । धेरै जसो शनिबार डेरामा साथी भाइहरूसँग त्यसै बित्थ्यो ।

एक दिन मैले शशि पन्थीजीलाई भने-मित्र ! आइतबारदेखि शुक्रबारसम्मका दिनहरू सजिलै कट्छन् । तर शनिबार तपाईंको किरण पुस्तकालय पनि बन्द हुन्छ । त्यसैले शनिबार बडा अफ्ठेरोसँग दिन बिताउनुपर्छ ! के गर्ने होला ?

शशि पन्थीजीको मीठो हाँसोसाथ जवाफ थियो-पुस्तकालय मेरो मात्र कहाँ हो र ? हामी सबैको नै हो । यहाँहरूले भन्नुहुन्छ भने-शनिबार दिउँसो पनि केही समयको निम्ति पुस्तकालय खोल्ने समयको व्यवस्था मिलाउनुपर्ला नि !

शशिजीसँग कुरा मात्रै कहाँ भयो र ? साँच्चै अर्को शनिबारदेखि प्रत्येक शनिबार दिउँसो २ बजेदेखि ५ बजेसम्म उहाँले किरण पुस्तकालय खोलेर हाम्रो पढ्ने तीर्खा शान्त पारिदिनुभयो । अब म केही दिनपछि ७० वर्ष लाग्दै छु । यो जिन्दगीको यात्रामा पटक पटक गुल्मी तम्घासका प्रसङ्गहरू आउँदा मैले जहिले पनि वि.सं. २०३० सालतिरको तम्घास, पवित्र ज्ञानमन्दिर किरण पुस्तकालयलाई सम्झन्छु र सम्झन्छु ज्ञानका पुजारी मित्र शशि पन्थीजीलाई ।

संस्थापक अध्यक्ष - भैरहवा मर्निङ वाक ग्रूप (BMG), रूपन्देही ।

-०००-

हार्दिक शुभकामना !

किरण पुस्तकालय, गुल्मीले आफ्नो स्थापनाका ५० वर्ष पूरा गरी ५१ औं वर्षमा लागेको शुभ घडीमा मनाउन थालिरहेको स्वर्णमहोत्सवका अवसरमा प्रकाशनमा ल्याउन गइरहेको 'हाम्रो पुरुषार्थ' किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क एउटा सूचनामूलक एवम् सन्देशमूलक तथा ज्ञानप्रद ऐतिहासिक अध्ययन सामग्री बनोस् भन्ने शुभकामना छ ।

नेपाल रेडक्रस सोसाइटी

जिल्ला शाखा परिवार

तम्घास, गुल्मी

किरण पुस्तकालयले दलितसमुदायलाई लगाएको गुन

✍ ईश्वर वि.क.

'...वैदिक सनातन हिन्दू धर्मको सम्पूर्ण प्राणीलाई समदृष्टिले हेर्ने उदार भावलाई अनुदारवादी, पाखण्डी र स्वार्थीहरूको व्याख्या र विश्लेषणकै भरमा समाजका अफ्नै भाइ-भतिजाहरूलाई पर्गेल्ने, पाखा लगाउने र अस्पृश्य बनाउने काम आजको वैज्ञानिक र मानवतावादी युगमा कदापि स्वीकार्य हुनसक्तैन ।...'

लेखक मोदनाथ प्रश्रितको कृति वि.सं. २०५८ सालमा किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा पहिलो पटक प्रकाशन भएको **'मानवताको कलंक : जातपात र छुवाछूत प्रथा'** नामक पुस्तकमा पुस्तकालयका सचिव शशि पन्थीद्वारा हस्ताक्षरित प्रकाशकीयको अंश हो माथिको भनाइ ।

समाज केही निश्चित जातका मान्छेहरूलाई अछूत भन्दै उनीहरूले छोएको नखाने, सार्वजनिक मठ-मन्दिरमा पस्न नदिने, धारा पँधेरा छुन नदिने, सजिला कर्म गरेर खान नदिने जस्ता नीच काममा रमाइरहेको तत्कालीन समयमा ब्राह्मण कुलमा जन्मिएर दलितलाई हेप्ने वर्गकै मान्छेबाट त्यति आँटिलो शब्द खर्चिएको देख्दा मलाई पुस्तकालयका सचिव शशि पन्थीमाथि सम्मानभाव आएको थियो ।

हुन त म वि.सं. २०४६ पुसमा जन्मेको मान्छे हुँ । किरण पुस्तकालयले वि.सं. २०३० सालबाटै निरन्तर पत्रिकाहरू प्रकाशन गर्दै आएको छ । वि.सं. २०५८ सालमा प्रकाशनमा आएको **'मानवताको कलंक : जातपात र छुवाछूत प्रथा'** कृतिभन्दा पनि पहिला यसले सायद छुवाछूतविरूद्ध बोले होला । तर मैले पुराना पुस्तकहरू खासै नहेरेको भएर पनि र अलिअलि पुस्तक पढ्नुपर्छ भन्ने चेत खुलेपछि मात्र र मेरा आदरणीय मामा कृष्ण विश्वकर्मा (जो अहिले नेपाल सरकारको राजस्वतर्फको नायब सुब्बा हुनुहुन्छ) ले सुझाएअनुसारको पुस्तक पढ्दा दलितअधिकारको बारेमा बोलेको पुस्तक यही **'मानवताको कलंक : जातपात र छुवाछूत प्रथा'** नै महत्त्वपूर्ण लाग्यो ।

'...वैदिककालमा जातिपातिको वर्गीकरण थिएन । पछि समाज-परिचालनका निम्ति समाजरूपी ब्रह्मका ४ अङ्ग मानिए । यज्ञ, शिक्षा-दिक्षा आदिको कार्य गर्नेहरू

ब्रह्मण; शान्ति-सुरक्षा र सुव्यवस्थाको जिम्मा लिनेहरू क्षत्रीय; कृषि, पशुपालन, उद्योग-व्यापार सञ्चालन गर्नेहरू वैश्य; कठिन श्रम, सेवा र प्राविधिक कार्य गर्नेहरू शूद्र गरी ४ वर्णहरू कर्मको आधारमा निर्धारण भएपछि गुण, कर्म र स्वभावअनुसार समाजका मान्छेहरूले काम गर्न थाले । चार वर्णमा बन्धुत्वको भावना थियो । एक वर्णले अर्को वर्णलाई परस्परमा सहयोग पुऱ्याएरै समाज परिचालित हुन्थ्यो । अस्पृश्यताको भेदभाव कतै थिएन । सबैमा समताको सद्भाव थियो । आ-आफ्नो आचारण र जिम्मेदारीसँग वर्णव्यवस्था आधारित थियो । रुचि, शक्ति र योग्यताअनुसार व्यवसाय गर्ने अधिकार सबैमा थियो । कालान्तरमा पेशाहरूले पुर्ख्यौली रूप लिंदै गए र जातअनुसार पेशाहरू निश्चित भए । कर्मले र संस्कारले हुने जाति जन्मले पनि चिनिन थाले । समाजमा धनी र गरीबको आधारमा पनि भेदभाव शुरू भयो । रक्तको पवित्रता र वंशको विशुद्धताका लागि अनुलोम विवाहलाई ग्राह्य र प्रतिलोम विवाहलाई त्याज्य ठानियो । मानववंशमा हुँदैगइरहेको रक्तसंमिश्रण र प्रतिलोम विवाह पद्धतिबाट कालान्तरमा धेरै प्रकारका जात-जातिहरू बन्दै गए । आचारणको उलङ्घन, प्रतिलोम विवाह, विधर्मीहरूको प्रवेश, तत्कालीन समाजले चुत्थो देखेको व्यवसायमा संलग्न हुनेहरूलाई हेर्ने दृष्टिकोण आदिका कारणले समाजमा भेदभाव र अस्पृश्यताका चलनहरू चल्दै गए । स्मृतिकालतिर आइपुग्दा यसमा अत्यन्त कठोर नियमहरू थपिंदै गए । रिस उठेर, मन नपरेर, हेपेर, हेला गरेर पनि जातिबाट पतीत गराई उपजातिहरू बनाएको पाइन्छ । नेपालमा राजा जयस्थिति मल्लका पालामा विभिन्न व्यवसायमा आधारित ६० भन्दा बढी जातहरू थिए । पृथ्वीनारायण शाहका पालामा ४ जात ३६ वर्ण भए । ...' - ***मावताको कलंक : जातपात र छुवाछूत प्रथा' पृ. १-२ ।***

पुस्तकलाई सरसर्ती हेर्दा केही दोष हिन्दू धर्मको र धेरै दोष धर्मका व्याख्याताहरूको देखिन्छ । मान्छेहरूलाई जातमाथि थर, थरमाथि गोत्र, गोत्रमाथि पद, पदमाथि चिरा, चिरामाथि सिरा पारेर एक जुट हुनै नसक्ने गरी फुटाएर निर्धाहरूमाथि शासन गर्ने मुख्य आशय देखिन्छ । लामो समयदेखि उनीहरूलाई विभिन्न बहानामा सजायँ दिन र निरन्तर शासन गर्न पाइने आशामा यस्तो व्यवस्था बसाएको स्पष्ट बुझ्न सकिन्छ ।

दलितहरूलाई सजिला काममा रोक लगाइनु, चिया नबिक्नु, नागका फोटा टाँस्न नदिइनु, डोरो बाँध्न नदिइनु, पुरोहितको काममा नलगाइनुले उनीहरू लामो समयदेखि राज्यको विभेदकारी व्यवस्थाका कारण आर्थिक नाकाबन्दीमा फसेका छन् । आर्थिक नाकाबन्दीकै कारण उनीहरू आजसम्म पनि उठ्न सकिरहेका छैनन् । धर्मको नाममा स्वर्गको आश र नर्कको त्रास देखाएर निश्चित जातजातिहरूलाई छोइछिटोसम्मको व्यवहार गर्दा लाखौं दलितहरू मानसिक रूपमा ग्रसित छन् । आर्थिक रूपले शोषित छन् ।

यस्ता पछाडि पारिएका र राज्यबाट दलाइएका, दबाइएका दलितहरूको हितको लागि वि.सं. २०५८ सालमै हेप्ने वर्ग (गैरदलित)बाटै यस्तो पुस्तक लेखिनु, प्रकाशनमा ल्याइनु चानचुने होइन । आजसम्म पनि एकाधबाहेक धेरै ठाउँमा चरम विभेद छ । आर्थिक शोषण भइरहेको छ । किरण पुस्तकालय र खास गरी सचिव शशि पन्थीले यति ठूलो हिम्मत गरेर समग्र दलितहितमा यो पुस्तक प्रकाशनमा ल्याइदिएर अँध्यारो हाँडीभित्र जीवन चलाइरहेको समाजमा किरण छर्ने प्रयत्न गरेको छ ।

किरण पुस्तकालयले समग्र दलितहितको लागि एउटा ग्रन्थ नै प्रकाशन गरेर सुरक्षित गरिदिएर समग्र दलित समुदायमाथि ठूलो गुन लगाएको छ ।

समाज निदाएको छैन; निदाएको नाटक गरेको छ । पुस्तक प्रकाशन भएको १७ वर्ष बितिसकेको छ । कैयौं पाठकका नजरमा परिसकेको छ । तर चेतना आवश्यकताभन्दा ज्यादै न्यून स्तरमा बढेको छ । यो पुस्तक नदेखेको जस्तै गरिएको छ । विकासवादी सिद्धान्त पढेका विद्वान्हरूबाटै पनि कैयौं विभेद भइरहेको छ । खैर नहुनुभन्दा धेरै भएको छ । किरण पुस्तकालयले समग्र दलितहितको लागि एउटा ग्रन्थ नै प्रकाशन गरेर सुरक्षित गरिदिएर समग्र दलित समुदायमाथि ठूलो गुन लगाएको छ ।

किरण पुस्तकालयसँगको मेरो सम्बन्ध वि.सं. २०६५ सालको कार्तिकदेखिको हो । ५४ औं अङ्कदेखि अक्षर टंकणमा मेरो पनि नाम छापिन शुरू भएको हो भने 'हाम्रो पुरुषार्थ'कै २०७० सालमा प्रकाशित भानु विशेषाङ्कदेखि सम्पादन सहयोगीको नाममा मेरो पनि नाम अटाएको छ ।

मेरा मामा कृष्ण विश्वकर्मा जागिर नखाँदै दिउँसो प्रेसमा काम गर्ने र साँझ पुस्तकालयमा जाने गर्नुहुन्थ्यो, त्यहाँबाट उहाँले अथाहा ज्ञानार्जन गर्नुभयो, नेपाल सरकारको ना.सु. हुनुभयो । उहाँले मलाई पनि किरण पुस्तकालय जानुपर्छ, हामी जस्ता पुस्तक किन्न नसक्नेले त्यहाँबाट फाइदा लिनुपर्छ भन्नुहुन्थ्यो ।

यसरी पुस्तक प्रकाशनसँगै दलित विद्यार्थीहरूलाई पनि निःशुल्क ज्ञान दिएर सक्षम बनाएर किरण पुस्तकालयले दलित समुदायमा ठूलो गुन लगाएको छ । आगामी दिनमा बोली बिक्ने पुस्तकालयका हस्तीहरू शशि पन्थी, दीन पन्थी लगायतले छुवाछूत प्रथाको विरूद्धमा अझ धेरै बोल्नु छ । समाजमा ज्ञानको किरण छर्नु छ । स्वर्ण वर्ष मनाएको पुस्तकालयलाई भव्य शुभकामना !

✒ **व्यावसायिक ग्राफिक्स डिजाइनर, तम्घास, गुल्मी ।**

–ooo–

किरण पुस्तकालय र तम्घासको एउटा शालिक



✍ चन्द्रकान्त आचार्य

२०७५ साल साउन अन्तिम सातातिर मित्र शशि पन्थीले तम्घासबाट फोन गरेर यही भाद्रमा किरण पुस्तकालयमा पाँच नम्बर प्रदेश स्तरीय पुस्तकालय भेला आयोजना गरिने हुँदा त्यसमा मोती पुस्तकालय अर्घाखाँचीतर्फबाट सक्रिय भै भाग लिन मलाई अनुरोध गर्नुभएको थियो ।

गत वर्ष शिक्षा मन्त्रालयको आयोजनामा काठमाडौंमा प्रथम राष्ट्रिय पुस्तकालय भेला आयोजना गरिएको थियो । सो भेलामा अर्घाखाँची वाङ्लाको मोती सामुदायिक पुस्तकालयतर्फबाट भाग लिन मलाई खटाइएको थियो र त्यस भेलामा देशभरिका धेरै पुस्तकालय प्रतिनिधिहरूसहित गुल्मी तम्घासको किरण पुस्तकालयको तर्फबाट त्यस पुस्तकालयका प्रमुख सञ्चालक शशि पन्थी उपस्थित हुनुहुन्थ्यो ।

उक्त भेलामा किरण पुस्तकालयसम्बन्धमा विशेष चर्चा नगरिएको भए पनि यस वर्ष नै सर्वप्रथम प्रदेश स्तरीय भेला आयोजना गरेर किरण पुस्तकालयले देशमा नै अग्रणी पुस्तकालय भएको जनाउ दिएको छ ।

शशि पन्थी शिक्षक, प्राध्यापक हुनुका साथै नेपाल रेडक्रस सोसाइटीको राष्ट्रिय तहसम्म अनवरत सेवा पुऱ्याएका सक्रिय समाजसेवी हुन् । त्यो ठूलो कार्यसहित आफ्नो नियमित अध्यापन सेवाको अतिरिक्त किरण पुस्तकालयलाई सुचारु रूपले सञ्चालन गर्दै स्तरीय त्रैमासिक पत्रिका 'हाम्रो पुरुषार्थ' निरन्तर प्रकाशित गर्दै आएका शशि पन्थी अत्यन्त लगनशील व्यक्ति भएको कुरा बताइरहन नपर्ला । त्यसैले उक्त भेलामा उनको उपस्थितिले सबैलाई हौसला प्रदान गरेको थियो ।

त्यस भेलामा प्रस्तुत गरिएका कार्यपत्रहरू र विचार आदान-प्रदानका सन्दर्भबाट देशभरिमा रहेका साना ठूला धेरै पुस्तकालयहरूमध्ये कतिपयले रिड् नेपाल आदि संस्थाबाट सहयोग पाएको आधारमा विभिन्न कार्यहरू गरेको प्रगति अवगत भए पनि निरन्तर पत्रिका प्रकाशन मात्र हैन विभिन्न विद्वान्हरूका गहकिला कृति प्रकाशित गर्दै अत्यन्त राम्ररी सञ्चालित किरण पुस्तकालय अन्य

पुस्तकालयहरूभन्दा अघि नै रहेको बुझ्न सकिन्थ्यो । हाम्रो पुरुषार्थ राष्ट्रिय स्तरका पत्रिकामा गनिन्छ । उक्त भेलामा किरण पुस्तकालयसम्बन्धमा विशेष चर्चा नगरिएको भए पनि यस वर्ष नै सर्वप्रथम प्रदेश स्तरीय भेला आयोजना गरेर किरण पुस्तकालयले देशमा नै अग्रणी पुस्तकालय भएको जनाउ दिएको छ। यसका लागि अहोरात्र खटेर काम गर्ने मित्र शशि पन्थीलाई धन्यवाद दिदै म आफू देशबाहिर जानुपर्ने भएकाले आफ्नो उपस्थिति नरहे पनि मोती सामुदायिक पुस्तकालयको तर्फबाट साथीहरूको सहभागिता रहने कुरा जनाएको थिएँ ।

त्यस फोन सम्पर्कको डेढ महिनापछि असोजको पहिलो साताितर वासिङ्टन डिसीको नजिकै मेरिल्याण्डको बेथेस्डाबाट दिउसो बाह्र बजेतिर मैले मेसेञ्जरमा शशि पन्थीसँग कुरा गर्ने जमर्को गरेँ । राति दस बज्न लागेको बेलामा रेसुङ्गाको काखमा तम्घासको पन्थी टोलको यौटा घरमा एक जना ऋषितुल्य भद्र व्यक्ति सधैजस्तै हँसिलो अनुहार र तीखा आँखाले सात समुद्रपारिबाट फोन गर्ने मित्रलाई हार्दिकतापूर्वक स्वागत गर्न हाजिर भए । समयको अन्तराल र प्रविधिको विकासले मलाई एकछिन सोंच्न विवश गरायो । २०२४ साल अर्थात् ५१ वर्षपहिले त्यसै ठाउँमा छोडेका दाइ ज्ञानहरि आचार्यसँग अमेरिकाभन्दा आधा बाटो नजिक रूसको मास्कोबाट ६ वर्षको अन्तरालमा एकपटक फोनसम्म गर्न नसकेको परिप्रेक्षमा अहिले यसरी यौटै कोठामा बसेजस्तै गरेर शशिजीसँग गफ गर्न पाउँदा ती दिनको संझना भयो ।

मैले सर्वप्रथम पुस्तकालय भेलाको सम्बन्धमा जिज्ञासा राखेँ । भव्य रूपमा सम्पन्न भएको र ५ नंबरप्रदेशबाट मात्र नभएर केन्द्रदेखि चितवन आदि ठाउँका पुस्तकालय प्रतिनिधि र विद्वान्हरूको सहभागिता रहेको भेला अत्यन्त सफलतापूर्वक सम्पन्न भएको जानकारी मिल्यो । साथै पुस्तकालय स्थापना भएको पचास वर्ष पुगेको उपलक्ष्यमा **'हाम्रो पुरुषार्थ'**को विशेषाङ्क निकाल्ने हुँदा त्यसको लागि रचना पठाउनसमेत अनुरोध गर्नुभयो । किरण पुस्तकालय २०२५ सालमा स्थापना भएको कुरा सुनेपछि म अर्को विस्मयको क्षणमा पुगेँ र त्यही पुरानो समय संझन लागेँ ।

२०२३ साल फागुनमा मलाई ६ महिनाको लागि महेन्द्र हाई स्कूल तम्घासमा विज्ञान शिक्षकमा नियुक्ति मिलेको थियो । तर मैले त्यति समय धुरकोट हाई स्कूलमा पढाउने विचार गरी तम्घास जान मानिनँ र मेरो सट्टा दाइ ज्ञानहरि आचार्यले पढाउन शुरू गर्नुभएको हो । ६ महिनापछि धुरकोटबाट बिदा भई म रूस जान तम्घास आएर दाइसँग महेन्द्र हाई स्कूलको भवनमा बसेको कुरा अहिले भर्खरै जस्तो लाग्छ । त्यसै भवनमा दाइलगायत शिक्षक वर्ग र गुल्मीका बुद्धिजीवीहरूले छलफल गरी २०२५ सालमा किरण पुस्तकालय स्थापना गरेका रहेछन् ।

त्यसको एक वर्षपहिले अर्थात् २०२४ सालमा वाङ्लामा मोती पुस्तकालय खुलेको थियो । वाङ्ला नाङ्गेठाँटीको नजिकै घर भएका मोतीप्रसाद भुसालले २०१९ सालको वैशाख महिनामा प्रजातन्त्र पुनःस्थापना गर्ने क्रान्तिमा गुल्मी अमरपुरमा सहादत प्राप्त गरेका हुन् । राजा महेन्द्रको तानाशाही व्यवस्थाको विरूद्ध नेपाली काँग्रेसले सञ्चालन गरेको क्रान्तिमा मारिएका शहीद मोतीको नाममा त्यसै ठाउँ अर्थात् उनको घर नजिकै नाङ्गेठाँटीमा पुस्तकालय खोलिएको कुराले त्यो समय गुल्मी अँघाखाँचीमा डेमोक्रेटिक विचारका युवाहरूको जागरणको बेला थियो भन्ने देखाउँछ । त्यसैको लगत्तै अर्को वर्ष तम्घासमा किरण पुस्तकालय खोलिनुमा त्यस्तै युवाहरूको योगदान रहेको थियो र त्यसमा दाइ ज्ञानहरि आचार्यको ठूलो भूमिका थियो । शुरूमा दाइका प्रिय छात्र र पछि घनिष्ट मित्रको रूपमा सहकार्य गर्दै आएका शशि पन्थीले त्यस पुस्तकालयलाई यति उच्चतामा पुऱ्याएको सन्दर्भमा किरण पुस्तकालयको प्राग् इतिहासको रूपमा यति लेखेपछि तिनै ज्ञानहरि आचार्यको शालिक रेसुङ्गा बहुमुखी क्याम्पस प्राङ्गणमा राखिएको सन्दर्भ जोड्न उपयुक्त लाग्यो ।

२०६८ साल पौष १० गते बेलुकीपख मेरो मोबाइलमा घण्टी बज्यो, उठाउँदा उताबाट उत्तर आयो "म सरकै नामधारी चन्द्रकान्त पन्थी रेसुङ्गा क्याम्पसको क्याम्पसचीफ, तम्घासबाट बोल्दै छु । यही १४ गते ज्ञानहरि सरको शालिक अनावरण कार्यक्रम छ, सपरिवार सरहरू वाङ्लातिर पनि खबर गरेर जतिसक्यो धेरै आउनुपऱ्यो, निम्ता गर्छु ।"

मेरो मन अति प्रसन्न भयो र आफू तम्घास आउने प्रतिबद्धता जनाउँदै धन्यवाद दिएँ । एक वर्षपहिले आर्ट अफ् लिभिङ्का भारतबाट आएका एक जना स्वामीलाई लिएर निर्मला, म र भैरहवाका विष्णु पाण्डे तम्घास गएका थियौं । त्यहाँ निर्धारित कार्यक्रम सिद्धिएपछि बेलुकीको बसाइमा मित्र नन्दराम भुसालले भनेका थिए "आजको बैठकमा क्याम्पस परिसरमा ज्ञानहरि सरको शालिक स्थापना गर्ने निर्णय गरेका छौं ।" त्यो बेला निर्णयको कुरा सुन्दा धेरै आशा लागेको थियो, तर लामो समय बितेपछि नेपालमा निर्णय भएका कति कुराहरू कार्यान्वयनमा आउँछन् र ? भन्ने शंका मनमा उब्जेकाले त्यो कुरा बिस्तारै बिर्सिएको थियो । तर १४ गते शालिक अनावरण हुने कार्यक्रममा निम्तो नै पाएपछि त विश्वास नगर्ने कुरा भएन, त्यसैले खुशी भएर त्यो रातभरि दाइ ज्ञानहरिका कुरा सम्झदै मैले सपना पनि त्यस्तै देखें र म विगतमा हराएँ ।

बनारसको जल्दोबल्दो ज्ञानहरि तम्घासमा पनि शुरूका वर्षहरूमा त्यस्तै जल्दो बल्दो रहे जस्तो लाग्छ । त्यसै भएर त सबै पञ्चायती प्रशासकहरू उनीसँग तर्सन्थे । कुनै प्रशासकलाई राजाको फोटो च्यात्ने चोर पत्ता लगाउने प्रतिबद्धता प्रकट गरेर त्यस्तो चोरको रूपमा मुसा पुऱ्याइदिने त कुनै मन्त्रीले हडताल रोक्न सहयोग गरेमा राजदूत बनाई अमेरिका पठाइदिने अन्यथा जागिरमा असर पर्ने

कुरा देखाउँदा "राजदूत चाहिदैन" भनेर राजीनामा पेश गर्ने जस्ता प्रतिक्रिया दिनसक्ने निडर र स्वाभिमानी मानिसलाई पञ्चायती प्रशासकहरूले छुनै सकेनन् बरू नतमस्तक भए । तर जीवनको उत्तरार्धमा आएर दाइ अलि निरास हुन थाल्नुभयो । शिक्षाको प्रसारमा उत्तिकै दत्तचित्त रही अर्घाखाँचीमा आएर पनि क्याम्पस स्थापना गरेर आजीवन क्याम्पसप्रमुख भए पनि जीवनलाई हेर्ने दृष्टिकोण नैराश्यपूर्ण रहे जस्तो थियो । पछिल्ला वर्षहरूमा तम्घासमा शुरू भएको खानपानको अनियमितता यथावत् रह्यो र नयाँ विचार र आदर्शको त्यस्तो चमत्कारिक व्यक्ति रक्सी खाएर बाटोमा ढल्ने मानिसमा परिणत भयो ।

२०६६ सालको अन्ततिर माइल्दाइ अत्यन्त अशक्त जस्तो अवस्थामा काठमाडौं आउनुभयो । त्यतिबेला जीवनप्रति मोह नै थिएन जस्तो लाग्छ । हामी पनि उहाँको जीवनको अब धेरै प्रयोजन छैन जस्तो निर्णयमा पुगेका थियौं । म उहाँको प्रिय भाइ, मेरै लागि आफ्नो जीवनको लक्ष्य एकातिर पन्छाएर निरस जीवन बिताउन तयार हुनुभएको अर्थात् मलाई इन्जिनियर बन्न रूस पठाएर आफू यतै हराउनुभएको, त्यस्तो दाइलाई म भन्ने हिम्मत गर्थें-"हामी तपाईंलाई त्यत्ति मात्र सन्चो गराउँछौं जति स्वास्थ्यले तपाईं नयाँ घरबाट बूढा घरसम्म हिड्न सक्नुहुने छ, तर टुनीपोखरा पुग्ने गरी सन्चो गराउँदैनौं ।" अर्थात् हामी वाक्क भैसकेका थियौं र उहाँ टुनीपोखरा पुगेर रक्सी खान नसक्ने अवस्था सिर्जना गर्न तल्लीन थियौं । तर उहाँ हाम्रा कुरा बुझ्नुहुन्थ्यो र अर्थ लगाउनुहुन्थ्यो कि यिनीहरू भन्दैछन्-"हामी बाँच्न जान्नेहरू राम्ररी बाँच्छौं, तिमी बाँच्न नजान्ने छिटै मर ।" उहाँले लगाएको अर्थ सही नै थियो होला र यौटा दैवी शक्ति लिएर आएको त्यो व्यक्ति केही साताभित्रै हाम्रै अगाडि वीर अस्पतालको शैय्यामा चिर निद्रामा सुत्यो ।

दाइ ज्ञानहरिको मृत्यु सम्मानजनक रूपमा भएकाले हामी सन्तुष्ट भयौं, अब हामीलाई वाङ्लाको कुन ठाउँमा, कुन बाटोमा के भयो भन्ने समाचार दाइको बारेमा सुन्नुपर्छ कि भन्ने डर हरायो । अब त धेरै ठूला ठूला मान्छेहरू आएर शोक प्रकट गर्न थाले, दाइका त्यस समयका चमत्कारिक कथाहरू बताउन थाले । हामी यिनै कुराहरूमा दङ्ग पर्न थाल्यौं, यिनै कुराहरू समावेश गरेर स्मारिका निकाल्यौं र सन्तुष्ट भयौं । दाइप्रति गर्नु पर्ने सम्पूर्ण कर्तव्य हामीले पूरा गऱ्यौं भनेर हामी ढुक्क भयौं ।

हो हामी बाँच्न जान्नेहरूले मरेकाहरूलाई गर्ने त्यत्ति त होला । हामी त राम्रोसँग बाँच्दछौं, व्यायाम, प्राणायाम, ध्यान गर्छौं, सन्तुलित आहार भोजन गर्छौं र बाँचिरहन्छौं । ती बाँच्न नजान्नेहरू चाँडै मर्छन्, के गर्ने त ? तर तिनै बाँच्न नजान्नेको शाालिक निर्माण भएको खवर आयो र हामी बाँच्न जान्नेहरू २०६८ साल पौष १४ गते बिहान शालिक अनावरण कार्यक्रममा उपस्थित भयौं ।

शिक्षामन्त्री दीनानाथ शर्माद्वारा अनावरण गरिएको दाइको शालिकअघि उभिएर भाउजू अम्बिका आचार्य, साइल्दाइ जनार्दन आचार्य, म चन्द्र आचार्य, छोराहरू विनोद, विष्णु, भरत र बैनी मैञा (निर्मला) पन्थी भावुक भयौं र दाइलाई हेरिरह्यौं । हेर्दै जाँदा दाइले व्यङ्ग्यात्मक मुस्कान प्रकट गरेजस्तो लाग्यो । कसैले नपत्याउने कुरा गरेपछि दाइ चुपचाप त्यसै गरी मुस्कुराउनुहुन्थ्यो र थाहा हुन्थ्यो त्यो कुरा ठीक रहेनछ । हामीलाई "तिमीहरू बाँचिरहेका छौ ?" भनेर व्यङ्ग्यात्मक प्रश्न गर्दै दाइ मुस्कुराइरहे जस्तो लाग्यो । मैले बल्ल बुझें " हो, दाइ पो अमर हुनुभएको छ !"

धेरै बेर यस्तै सोचाइमा अलमलिएपछि भाउजू, साइल्दाइ, बैनी र छोराहरूलाई एकातिर बसालेर म एक्लै पुनः शालिकसामु उभिन आएँ र धेरै बेर दाइलाई हेरिरहें । दाइ त्यसै गरी मुस्कुराइरहनुभएको थियो । तर यस पटक अर्के कुरा भनेजस्तो लाग्यो "चन्द्र, तिमीले धुर्कोटबाट यहाँ आउन मानेनौ ! "

म छाँगाबाट खसेजस्तो भएँ । हो, जीवनमा दाइले भनेको कुरा मैले नमानेको त्यही एक पटक हो । मैले धुर्कोट पढाउन लागेको दोस्रो दिन गुरु गोविन्द पोखरेललाई लिएर दाइ धुर्कोट वस्तु पुग्नुभएको थियो । "तम्घासमा छ महिना तिमीले पढाउने गरी व्यवस्था मिलाएर आएको छु " भन्दै मलाई तम्घास लैजान दाइले प्रयत्न गर्नुभयो । तर मैले तम्घास जान मानिनँ । त्यो आज्ञाकारी सज्जन भाइ त्यति परिपक्व भैसकेको रहेछ र आफ्नो निर्णय सुनायो भनेर दाइ अचम्म पर्नुभयो । तर मलाई तम्घास लैजान दबाव दिनुभएन र-"हुन्छ त्यसो भए छ महिना म आफै त्यहाँ बस्नुपर्‍यो" भन्दै दाइ हिड्नुभएको हो । त्यसरी छ महिना मात्र बस्ने भनेको त सदाका लागि अमर हुनको लागि पेा रहेछ ! मैले शालिकलाई हेरिरहें ।

त्यो दिन म तम्घास आउन सहमत भएको भए के हुन्थ्यो त ? धुर्कोटका मानिसहरूले मान्ने थिएनन् र दाइ त्यतै बस्नुहुन्थ्यो कि ? त्यहाँ सानो ठाउँमा दाइको लागि राजनीतिक, सामाजिक आदि ठूला काम गर्ने व्यापक क्षेत्र हुदैनथ्यो र खास गरी तर्साउनको लागि ठूला प्रशासक हुँदैनथे र पञ्चायत व्यवस्थाको धज्जी उडाउने र प्रजातान्त्रिक विचारधाराका युवाहरूलाई शिक्षित पार्ने वातावरण हुने थिएन । त्यसैले आफ्नै अनुयायी भाइ गोपीराज खनाललाई विज्ञान शिक्षकको जिम्मा दिएर तम्घासमा बसेको अनाडी भाइलाई रूस पठाउन काठमाडौंतिर लाग्नुहुन्थ्यो होला । त्यसपछि उतै कतै हराउनुहुन्थ्यो होला, ज्यादै ठूलो मान्छे बन्नुहुन्थ्यो होला, तर के " यसरी अमर हुन सक्नुहुन्थ्यो त ? " मैले पनि शालिकलाई नै प्रश्न गरे जस्तै गरेर हेरिरहें ।

"हो, तिमीले ठीक सोंच्यौ, अमेरिका नै गए पनि मन्त्री या प्रधानमन्त्री नै भए पनि जनताको यति माया पाउन सक्ने थिइनँ !" दाइ मुस्कुराए जस्तो लाग्यो ।

अब भने म पूर्णरूपले सन्तुष्ट भएँ । कहिलेदेखि मेरो मनमा रहेको बोझ हटे जस्तो भयो । दाइको अवस्था नैराश्यपूर्ण भएपछि मैले आफूलाई दोषी सम्झन थालेको हुँ । त्यतिबेला म तम्घास गएको भए पनि मेरो रूस जाने कार्यक्रम रोकिने थिएन, तर दाइले प्रगति गर्नुहुन्थ्यो होला र सुविधाजनक जीवन बिताउनुहुन्थ्यो होला भन्ने तर्क गरेर आफैप्रति क्षुब्ध हुन्थें, तर अहिले त्यस शालिकसँग वार्तालापबाट म स्पष्ट भएँ-दाइको त्यस अमरत्वको यात्रामा म पनि केही मात्रामा सहयोगी भएछु ।

मैले आफ्नो जीवनमा धेरै गरें भन्ने सम्झेको थिएँ, नेपालका डाँडाकाँडा र तराईका मैदानमा सर्भे गरेर देश विकासका कार्यक्रममा सहयोग पुऱ्याएको, नेपाल-भारत सीमानाका समस्या समाधान गर्ने उपाय निकालेको, सर्भेका विदेशी विशेषज्ञले गर्ने गरेका जटिल प्रक्रिया सरल पार्न फर्मुला निकालेको, देश विदेश घुमेर त्यतैको परिप्रेक्षमा समेत साहित्य लेखेको आदि इत्यादि र सबभन्दा ठूलो कुरा तिनै दाइको निर्देशनअनुसार चल्दा आफूले सोचेजस्तै जीवनसाथी भेटाएर रमाइलो परिवार सिर्जना गरेको कुरालाई सफलताको पंक्तिमा राखेर म जीवनदेखि सन्तुष्ट थिएँ र असन्तुष्टि थियो त्यत्ति यौटा कुरामा अर्थात् दाइको नैराश्यपूर्ण जीवन हुनुमा म आफूलाई पनि सहायक सम्झन्थें । तर अहिले मात्र मलाई स्पष्ट भयो जीवनमा मैले गरेको राम्रो काम त त्यही नै पो रहेछ । सन्तान दर सन्तानले भेट्ने गरी पृथ्वीमा रहने हाम्रा आचार्यवंशको प्रतिनिधित्व यस शालिकले गर्ने र त्यसका लागि मेरो पनि केही लगानी रहेछ भन्ने संझेर म ढुक्क भएँ र अन्तिम पटक शालिकतिर हेर्दै हात जोडें ।

शालिक मुस्कुराइरह्यो, दाइले भने जस्तो लाग्यो "आउँदै गरे !"

"हुन्छ आउँछौ" भन्ने मुद्रामा मैले शीर झुकाएँ ।

तर को जाने ? कहिलेसम्म जाने ? हामी बाँच्न जान्नेहरू कतिसम्म बाँच्ने हौं ? तर ती अमर ज्ञानहरि त सदैव मुस्कुराइरहनेछन् र हम्रा सन्तान दर सन्तानलाई सोधिरहनेछन् "खोइ को को बाँचिरहेका छौ ?"

यसै गरी शिर झुकाउँदै हाम्रा सन्ततिहरू फर्कनेछन् र एकादेशको कथा जस्तो लाग्ने पुर्खाका यी सन्तको बारेमा कुरा गरिरहने छन् । आशा गर्छु-म पनि तिनका कथाभित्र कतै अटाउनेछु ।

✍ **निर्देशक-मसिना कन्टिनेन्टल एसोसिएट्स प्रा.लि., नयाँ बानेश्वर, काठमाडौं ।**

-०००-

किरण पुस्तकालय र गुल्मी जिल्ला

✍ हीराबहादुर भलामी

लुम्बिनी अञ्चल, गुल्मी जिल्लाको सदरमुकाम ऋष्यशृङ्ग ऋषिको तपस्थली पवित्र रेसुङ्गाको काख तम्घास बजारमा एउटा किरण पुस्तकालय छ । हाल नयाँ स्थानीय निकायअनुसार रेसुङ्गा नगरपालिका वडा नं. ८ को लाँकुरी मञ्चको पश्चिमपट्टि चिदीचौरमा अवस्थित छ ।

तम्घास, लक्ष्मीपुर बजार पहिला गुल्मी जिल्ला र अर्घाखाँची जिल्लासमेतको सदरमुकाम हो । २००९ सालमा यहाँ छोटी गौंडा, पुलिस थाना, माल अड्डा, अदालत, छोटी हुलाकसमेतका सरकारी अफिस (कार्यालयहरू) स्थापना भए । त्यस ताकासम्म स्कूल पाठशाला केही थिएनन् । पुस्तकालय भन्ने के हो ? नाम पनि सुनिएको थिएन । २०१७ सालतिर हाम्रो महेन्द्र मा.वि.को हेडमास्टर (प्रधानाध्यापक) प्रयागलाल श्रेष्ठ हुनुहुन्थ्यो । उहाँ पुरानो बजार खानीगाउँबाट आउने खोलाको छेउमा कान्छा पसले साहू काजीमान श्रेष्ठको घरमा बेन्च टेबल राखेर केही पत्रिका हिन्दुस्तानबाट प्रकाशित हुने हिन्दी र अंग्रेजी पत्रिका तथा केही उपन्यासलगायतका पुस्तकहरू राखेर बस्नुहुन्थ्यो । स्कूलका शिक्षकहरू केही अफिसका कर्मचारीहरू तथा जान्ने सुन्ने स्थानीय व्यक्तिहरू आएर बस्ने, पढ्ने र गफगाफ गर्ने गर्नुहुन्थ्यो । पुस्तकालय खोल्ने एकजना रिडीका आजाद बक्स नाम गरेका युवा हुनुहुन्थ्यो । अचेल कता जानुभयो ? पछि कहिल्यै भेट भएन । उहाँ हाम्रो रिडी बजारको हुनुहुन्थ्यो ।

२०१७ सालतिर तम्घासमा चन्द्रमान थकाली (शेरचन) नाम गरेका बडाहाकिम आए । उनी विकासप्रेमी थिए । उधिनढुङ्गाबाट बाख्रे छेंडा पिपलबोटसम्म चौडा बाटो खनाए । त्यति बेला मोटरबाटोको कल्पना पनि थिएन । हामी बच्चै थियौं । घोडा हुनेहरूले घोडा कुँदाएर रमाइलो गरे । रातो माटो, धुलौटे बाटोमा । उनले तम्घासमा अतिथि भवन, हेल्थपोष्ट, पुस्तकालय भवन पनि बनाए । विकास बजेट भन्थे, रकम कहाँबाट आएको हामीलाई थाहा भएन । अतिथि भवन, बडाहाकिम बस्ने क्वार्टरमा प्रयोग भयो । पछि सहायक अञ्चलाधीश, विशेष अधिकृत र प्र.जि.अ.क्वार्टरको रूपमा प्रयोग भयो ।

पुस्तकालय भवन हालको खेलकुद कभर्ड हल भएको स्थानमा गुल्मीकै स्लेट ढुङ्गाले छाएको घर थियो । करिब १५, १६ हात लम्बाइ ७/८ हात चौडाइ अगाडि बरण्डा भएको । बडा हाकिम चन्द्रमान थकालीकै पहलमा पुस्तकालयमा एउटा राम्रो काठको कुर्सी, लामो काठको टेबल र २ वटा काठका बेन्चहरू पनि थिए । पुस्तकालय घर भए पनि त्यस रूपमा प्रयोग भएन । अतिथि भवनको रूपमा उपयोग गरियो । त्यहाँ २०१८ सालमा नेपाली सेना सबुज गणका गुल्मपतिको क्वार्टर बनाइयो । पुस्तकालयको कुर्सी र बेन्च दिनुहोस् भनी उहाँसँग माग्न पनि गएँ । कहाँ हुन्छ भनेर हप्काएर फर्काउनुभयो ।

२०२४ सालको मध्यतिर मेरै पहलमा कर्मचारी, शिक्षक ताराबहादुर थापा दाइको सहयोगमा पुरानै पुस्तकालय भवनमा पुस्तकालय स्थापना गरियो । सरस्वती पुस्तकालयको नाममा शिक्षा मन्त्रालयबाट स्वीकृति पनि पाइयो । केही नेपाली पत्रिका सोभियत समाचार र भारतीय सैनिक पत्रिका नियमित रूपमा आउन थाले । त्यतिबेला हिन्दी उपन्यास पढ्ने खुब चलन थियो । बनारसमा किनेर मैले नै बुटवलबाट झोलामा बोकेर तम्घास पुऱ्याएँ । सौखिन मित्रहरू खुशी हुनुभयो ।

कुनै कुनै सज्जनबाट पुराना उपयोगी पुस्तकहरू प्रदान गर्नुभयो । शिक्षा मन्त्रालयबाट र भारतीय राजदूतावासबाट पनि केही पुस्तकहरू प्राप्त भए । ती सबै पुस्तकालयमा बुझाइयो कि के भयो यकिन भन्न सक्ने अवस्था छैन । गुल्मी जिल्ला सदरमुकाम तम्घासमा पुस्तकालय स्थापना गर्ने कार्यमा विद्यालयका शिक्षकहरू, साहूमहाजन, कर्मचारीबाट पनि राम्रै सहयोग भएको हो ।

त्यसैताका गुल्मी तम्घास लक्ष्मीपुर गा.वि.स. वडा नं. १ धागिथुममा पन्थी खलकका छोरा शशिकिरण पन्थी हुनुहुन्थ्यो । हामी एकै ठाउँको भए पनि मेरो पहिलो पटकको चिनजान काशी बनारसमा भएको हो । २०२४/०२५ सालतिरको कुन बेला हो यकिन भन्न सकिदैन, शशि पन्थीले आफ्नै घरमा पुस्तकालय खोल्न लागेका छन् रे भन्ने बजारमा कुरा सुनियो । मलगायत केही साथीहरू उहाँको घरमा गइयो । उहाँ घरमै हुनुहुँदो रहेछ । नमस्ते पनि गरियो । उहाँको सुत्ने कोठा हाल बेडरूम भनिन्छ, तल गाई भैंसी बाँध्ने माथि बङ्गला निकालेको खरको छाना भएको कोठामा पुराना पत्रिकाहरू सानो चिटिक्क पारेर सिंगारिएको थियो । छेउमा फेलकको टाँड बनाएर २, ३ सय किताब मिलाएर राखिएको रहेछ । हामी धेरै जना मिलेर आफ्नै भवनमा सञ्चालन गरेको पुस्तकालयमा भन्दा धेरै किताबहरू । खै के गरेको होला ? एक्लै पनि के सम्भव होला र भनी एक अर्काको मुखामुख गरियो । तर त्यही कटेरोमा शुरू गरेको किरण पुस्तकालय अहिलेको गुल्मीको गहना भएको छ ।

म जिल्ला पञ्चायत गुल्मीमा ओभरसियर थिएँ । २०२८ सालमा गुल्मीबाट म्याग्दी बेनीमा मेरो सरूवा भयो । कहाँकहाँ के भयो, सरस्वती पुस्तकालय त किरण पुस्तकालय भएर निस्केछ । बनारसमा पढेका शशि पन्थीले त्यसबेलाका प्रशासन र पञ्चहरूलाई कसरी रिझाउन हाल्नुभयो । किरण पुस्तकालय सञ्चालन भएरै छाड्यो । पुस्तकालयको रूपमा वास्तविक सेवा पुऱ्याउने किरण पुस्तकालयको उद्देश्य भयो ।

किरण पुस्तकालय सामान्य पुस्तकालयमात्र रहेन । यसले भानुजयन्ती, मोतीजयन्ती, लक्ष्मीप्रसाद-जयन्ती जस्ता राष्ट्रिय पर्व मनाउने कार्यक्रम पनि गऱ्यो । 'हाम्रो पुरुषार्थ' वार्षिक रूपमा प्रकाशन गर्दा गर्दै अर्धवार्षिक र त्रैमासिक रूपमा निरन्तर प्रकाशन गर्ने काम भयो । यसका ८० अङ्क निस्के ।

किरण पुस्तकालय सामान्य पुस्तकालयमात्र रहेन । यसले भानुजयन्ती, मोतीजयन्ती, लक्ष्मीप्रसादजयन्ती जस्ता राष्ट्रिय पर्व मनाउने कार्यक्रम पनि गऱ्यो । 'हाम्रो पुरुषार्थ' वार्षिक रूपमा प्रकाशन गर्दा गर्दै अर्धवार्षिक र त्रैमासिक रूपमा निरन्तर प्रकाशन गर्ने काम भयो । यसका ८० अङ्क निस्के । म पनि यस पत्रिकाको आजीवन ग्राहक बनेको छु । साथै गुल्मेली सम्पर्क समाज रूपन्देही पनि । बेलाबेलामा यसले कवि तथा साहित्य गोष्ठी कार्यक्रम सञ्चालन गर्ने पनि गरेको छ । बेलाबेलामा धार्मिक, सांस्कृतिक, साहित्यिक, सामाजिक, आध्यात्मिक, पौराणिक तथा ऐतिहासिक पुस्तकहरू प्रकाशन गरेर ज्ञानको किरण (ज्योति/प्रकाश) फैलाउने काम पनि निरन्तर गरी अन्धकारबाट ज्ञानको उज्यालो फैलाउने काम गरेको छ ।

शशि पन्थी सर र किरण पुस्तकालयको विषयमा मनभरिका कुरा पूरा लेख्खेर सकिदैन । यस्ता होनहार राष्ट्रप्रेमी सज्जनहरूको हामीले यथोचित सम्मान गर्न सकेका छैनौं । हामी सबै मिलेर शशि पन्थी सरको चिरायु तथा सु-स्वास्थ्यको कामना गरौं । किरण पुस्तकालय तम्घास गुल्मीको उत्तरोत्तर प्रगतिको शुभकामना !

✍ **इञ्जिनियर, अध्यक्ष-गुल्मेली सम्पर्क समाज, रूपन्देही ।**

हरेक दिन १-२ घण्टा पुस्तकालयमा गई पढ्ने बानी बसालौं ।

किरण पुस्तकालयसँगको सामीप्यता



✍ हिमलाल ज्ञवाली

२०१९ सालमा म रिडी हाई स्कूलमा कक्षा ६ मा पढ्दथें । भटुकाको टाकुराबाट करिब १ घण्टा हिडेपछि स्कुल पुगिन्थ्यो । त्यति बेला स्कुलको आफनो घर जग्गा थिएन । हुलाकसँग सटेको बौद्ध विहारको भवनमा कक्षा ८ सम्म मात्र पठन-पाठन हुन्थ्यो । रिडी बजारको बीच भागबाट बाटो फाटेर ठाडो गल्ली जाने र हुलाकतिर झर्ने ओरालोको मुखको एउटा घरमा सार्वजनिक पुस्तकालय २००४ भन्ने बोर्ड झुन्डिएको थियो । त्यही घरमा केही समयपछि प्राइमरी स्कूल पनि चल्न थाल्यो । त्यो घर पनि रिडी बजारको सार्वजनिक घर नै रहेछ । मन्दिर परिसरमा बनेको सो घरमा पुस्तकालयको बोर्ड धेरै समयसम्म झुन्डिइरहन्यो । त्यो समयमा पुस्तकालय भनेको के हो के थाहा म जस्ता बबुरालाई ।

वि.स १९९४ सालपछि जहानिया राणशासनका विरूद्ध उम्रिएको जागरणले जनचेतना जागृत गर्न स्कूल पाठशाला खोल्न नपाइने हुँदा समाजका तत्कालीन चेतनशील युवानेतृत्वको ध्यान पुस्तकालयतिर गएको रहेछ । सञ्चारका अन्य साधन थिएनन् । पुस्तक-पत्रपत्रिका जम्मा पार्ने जागरूक युवाहरूले संगठनको माध्यमबाट पत्रपत्रिका र पुस्तकले दिएको र दिनसक्ने राजनैतिक चेतनाका आधारमा विशेषतः नेपाली काँग्रेस समर्थक युवाहरूले पुस्तकालय खोल्ने जाँगर देखाएका रहेछन् । २००४ सालमा रूपन्देहीको बुटवलमा महावीर पुस्तकालय, पाल्पाको तानसेनमा धवल पुस्तकालय र गुल्मीको रिडीमा सार्वजनिक पुस्तकालय खुलेका रहेछन् । महावीर पुस्तकालय र धवल पुस्तकालय अहिले पनि सुचारु छन् ।

रिडीको पुस्तकालय खोल्न सक्रिय रहेको प्रयागलाल श्रेष्ठको अगुवाइमा रिडीका केही युवाहरूका साथै नेत्रलाल पण्डित र शुकदेव पण्डितहरूको पनि विशेष सहयोग रहेको र २००२ सालदेखि २००४ सालसम्म अर्गेलीमा बसोबास गर्दै आएका पूर्व प्रधानमन्त्री जुद्धशमशेर ज.व. राणाका पुरोहित भएको नाताले पण्डितहरूले जुद्ध शमशेरबाट पनि केही सहयोग जुटाएका थिए भन्ने सुनिन्छ । धेरै समय बोर्ड झुन्डिएपछि त्यो पुस्तकालयको सार्वजनिक महत्त्व मेटियो ।

२०६५-६६ सालमा रिडी बजारका केशरमान बजिमय, सुन्दर कसजूहरूसँग पुस्तकालयबारे कुराकानी गर्दा महत्त्वपूर्ण किताबहरू हराएको र केही किताबहरू अन्यन्त्र राखिएको कुरा थाहा भयो । पुस्तकालयलाई पुनर्जीवन दिने कुरा उठाए तर उपयुक्त घर र सञ्चालन गर्ने व्यक्तिको अभावमा त्यो पुस्तकालय अलपत्र छ ।

२०२२ सालमा म बनारस गएँ । हाई स्कूल दिन बनारस गएको त्यो समयमा दुग्ध विनायक धर्मशालामा जगदम्बा पुस्तकालयमा मेरो पहिलो पाइला पर्‍यो । त्यहींबाट पुस्तकालयको महत्त्व थाहा भयो र प्रेरणा पनि पाएँ । घर फर्केपछि गाउँमा कुरा चलाएँ । २०२४ सालमा अच्युतराज ज्ञवालीले काठमाडौबाट पुस्तकालयको छाप र लेटर प्याड छपाएर ल्याउनुभयो । पुस्तकालयको नाम थियो - प्रेम पुस्तकालय । २०२४ सालमा मेरो अध्यक्षतामा पुस्तकालय सञ्चालक समिति बन्यो । २०२४ देखि २०३० सालसम्म थुप्रै महत्त्वपूर्ण पुस्तकहरू संकलन भए । मेरो घरमा राख्ने ठाउँ भएन । २०३० सालमा राजनैतिक कारणले गाउँ छाडेर भाग्नुपर्‍यो । यो पुस्तकालय गाउँको विद्यालयलाई सुम्पेर म गाउँबाट बाहिरिएँ । हाल केही पुस्तक विद्यालयको अफिस कोठाको एउटा दराजमा देख्न पाइन्छ तर पुस्तकालय छैन । २०२४ सालको किताब दर्ताको रजिष्टरले त्यो समयको स्मरण गराउँछ ।

२०३० सालमा तम्घास जाँदा ठूलो चौरको पुछारमा खोलाको ढिकमाथिको सानो घरमा किरण पुस्तकालयको बोर्ड देखें । भित्र पस्ने अवस्था र समय थिएन । अलिकति जिज्ञासु बनेर शशि पन्थीले पुस्तकालय खोलेको सुनें । २०३२ सालमा तानसेन दरबारमा पञ्चहरूको भेला थियो । लुम्बिनी अञ्चलमा भैरहवामा राष्ट्रिय समाचार मितिको १ जना अञ्चल प्रतिनिधि बस्ने गर्दथे । सबै जिल्लामा प्रतिनिधिको व्यवस्था भैसकेको थिएन । नवलपरासीमा म एकजना राष्ट्रिय समाचार समितिको प्रतिनिधि थिएँ । गाउँफर्क राष्ट्रिय अभियान संवैधानिक अंग बनेको अवस्था थियो । उसको गतिविधिको प्रचार-प्रसारका लागि रा.स.स.को खोजी हुन्थ्यो । अन्य पत्र-पत्रिकाहरू खासै थिएनन् र प्राइवेट पत्रिकाहरू अधिकांशले पञ्चायातको विरोध गर्थे । त्यसैले रा.स.स. प्रतिनिधिको खोजी हुन्थ्यो । म यसै सिलसिलामा नवलपरासीबाट पाल्पा गएको थिएँ । दरबारको अगाडि चौरमा उभिएको अवस्थामा कमिज, सुरवाल, ज्वारीकोट, ढाकाटोपी, कपडाका जुत्ता लगाएको, पातलो झोला बायाँ कोखिलामा झुण्ड्याएको, गोलो अनुहार ठूला आँखा, ठूलो निधार, ठूलै टाउको भएको व्यक्ति देख्दा त्यो आकर्षक व्यक्ति भाग्यमानी होला जस्तो लोर्के तन्नेरी व्यक्तित्त्व मैरैअगाडि आइपुग्यो । परै देखेर म त्यस व्यक्तिप्रति आकर्षित भइसकेको थिएँ । नजिक हुनासाथ बोलचाल भयो । परिचय खुल्यो । उहाँ हुनुहुन्थ्यो गुल्मी तम्घासका शशि

पन्थी । त्यही परिचयमै मैले उहाँलाई गुल्मीबाट रा.स.स.को प्रतिनीधि भई काम गर्न सुझाव दिएँ । हुनु पनि भयो । २०३९ सालमा किरण पुस्तकालयले एउटा किताब प्रकाशित गरेको छ । त्यसमा तपाईंको पनि नाम छ भनेर थोर्गाका कमल श्रेष्ठले भनेपछि मैले त्यो पुस्तक खोजी गरेर किनें । लुम्बिनी अञ्चलका साहित्यकार र साहित्यको बारेमा प्रकाश पारेको पुस्तक रहेछ - **हाम्रो पुरुषार्थ** । त्यसपछि म शशि पन्थी र किरण पुस्तकालयतर्फ आकर्षित भएँ ।

२०२५ साल कार्तिक २० गते स्थापित किरण पुस्तकालयले लक्ष्मीपूजा गर्ने औंसीको दिन अथवा देवकोटा जयन्ती पारेर आफ्नो वार्षिकोत्सव मनाउने गरेको रहेछ । संयोग भनौं २०७२ सालको लक्ष्मीपूजाको दिन लुम्बिनी वाङ्मय प्रतिष्ठान गुल्मी जिल्लाले लक्ष्मी-जयन्ती मनाउने गरी आयोजना गरेको साहित्यिक कार्यक्रममा प्रतिष्ठानको केन्द्रीय अध्यक्षको नाताले मलाई बोलाइएको थियो । मैले प्रतिष्ठानका केन्द्रीय सदस्य पाल्पाका झपेन्द्र जी.सी.लाई तम्घास जान अनुरोध गरें । हामी २ जना चतुर्दशीको दिन साँझ तम्घास पुग्यौं । किरण पुस्तकालय र हाम्रो पुरुषार्थका बारेमा शशीजी र दीन पन्थीसँग धेरै कुराकानी भए । भोलि बिहान - लक्ष्मीपूजाको दिन पन्थी टोल घुमियो । घरघरै डुल्दै, दूध खाँदै, परिचय गर्दै हिंडियो । दीन पन्थीजीले काँचो दालचिनीका बोक्रा ल्याएर दिनुभयो । काँचो पनि मीठो हुँदोरहेछ । खायौं । दालचिनीका रुख घर घरमै रहेछन् । पन्थीहरूको वासस्थान र त्यहाँबाट देखिने तम्घास बजारको तीव्र गतिमा विकास, विस्तार भएको तम्घास बजारका साथै रेसुङ्गाको लेक अर्जुनको लेक र हरियालीयुक्त प्राकृतिक सौन्दर्यले मन लोभ्यायो । तम्घासको रेसुङ्गा क्याम्पसको प्राङ्गणमा बसिरहूँ जस्तो लाग्यो । यो क्याम्पसको निर्माण र सञ्चालनमा पनि शशिजीको विशेष योगदान रहेछ । पुस्तकालय र हाई स्कूल हुँदै क्याम्पस सञ्चालन गरेर गुल्मीको मात्र नभएर **हाम्रो पुरुषार्थ**मार्फत संसारकै लागि पुऱ्याउनुभएको शैक्षिक योगदान सम्झेर म शशीजीबाट साह्रै प्रभावित भएँ । सरस्वती मातासँग मनमनै बर मागें - हे सरस्वती माता ! कमसेकम नेपालका १ जिल्लामा १ जना शशि पन्थी

..... लुम्बिनी वाङ्मय प्रतिष्ठान गुल्मीका अध्यक्ष दीन पन्थीको अध्यक्षता, केन्द्रीय अध्यक्ष हिमलाल ज्ञवालीको प्रमुख आतिथ्यमा केन्द्रीय उपाध्यक्ष शशी पन्थी र केन्द्रीय सदस्य झपेन्द्र जी.सी.को विशिष्ट आतिथ्यमा महाकवि लक्ष्मीप्रसाद देवकोटाप्रति श्रद्धासुमन अर्पण गर्दै कार्यक्रम सम्पन्न भयो ।

..... पुराना पत्र-पत्रिका र पुस्तकहरूको स्याहारसम्भारमा अलि बढी ध्यान दिनुपर्ने भएको रहेछ । सुझाव पनि दिएँ ।.....

जन्माइदेऊ र शिक्षा, साहित्य र सञ्चारको माध्यमबाट समाजलाई सचेत पार्दै, शिष्ट र सिर्जनशील समाज निर्माण गर्ने वातावरण देऊ ।

दिउँसो किरण पुस्तकालयमा आयोजित साहित्यक कार्यक्रममा भेला भयौं । स्थानीय साहित्यकार, साहित्यिक संघ-संस्थाका प्रतिनिधिहरू, साहित्य अनुरागीहरू स्थानीय प्रशासक र जनप्रतिनिधिहरूसमेतको उपस्थितिले हल खचाखच भरिएको थियो । लुम्बिनी वाङ्मय प्रतिष्ठान गुल्मीका अध्यक्ष दीन पन्थीको अध्यक्षता, केन्द्रीय अध्यक्ष हिमलाल ज्ञवालीको प्रमुख आतिथ्यमा केन्द्रीय उपाध्यक्ष शशि पन्थी र केन्द्रीय सदस्य झपेन्द्र जी.सी.को विशिष्ट आतिथ्यमा महाकवि लक्ष्मीप्रसाद देवकोटाप्रति श्रद्धासुमन अर्पण गर्दै कार्यक्रम सम्पन्न भयो ।

यसै दिन म किरण पुस्तकालय र हाम्रो पुरुषार्थको आजीवन सदस्य पनि बनें । किरण पुस्तकालयका सबै कक्ष हेरियो । सो भवन साँगुरो भइसकेको छ । पुराना पत्र-पत्रिका र पुस्तकहरूको स्याहारसम्भारमा अलि बढी ध्यान दिनुपर्ने भएको रहेछ । सुझाव पनि दिएँ । नवलपरासीको बर्दघाट न.पा.-२ चिसापानीमा मैले पनि पुस्तकालय सञ्चालन गरेको छु । थुप्रै पुस्तकहरू संकलित छन् तर व्यवस्थित गर्न सकेको छैन । मेरोभन्दा किरण पुस्तकालय धेरै व्यवस्थित छ । किरण पुस्तकालयको प्रगतिमा मैले सक्दो सहयोग गर्ने वचन पनि दिएँ । किरण पुस्तकालयको प्रगति र उन्नतिमा निरन्तर सहयोग पुऱ्याउँदै सुदूर भविष्यसम्म यसलाई अझ प्रभावकारी बनाउँदै अगाडि बढाउने धेरै शशि र दीन पन्थीले रेसुङ्गाको काखमा जन्म लिंदै जाऊन् । सरस्वतीका वरदपुत्र स्वामी शशीधर र स्व. डा. टीकाराम पन्थीले यस्तै आशीर्वाद प्रदान गरिराखून् । मैले कामना गर्दै लक्ष्मीपूजाको दिन ४:०० बजेतिर तम्घासको सेरोफेरो र यहाँका गतिविधिलाई मुटुभरि राखेर तम्घासबाट बिदा लिएर झपेन्द्र जी.सी. र म बुटवलतर्फ लाग्यौं । युगौं-युग जीवन्त रहोस् - किरण पुस्तकालय, जय किरण पुस्तकालय !

✍ **अध्यक्ष : लुम्बिनी वाङ्मय प्रतिष्ठान, रूपन्देही ।**

-०००-

तपाईंले छपाउनुभएका पुस्तक तथा पत्र-पत्रिकाहरू किरण पुस्तकालय तम्घास, गुल्मीलाई दिएर सहयोग गर्नुहोस् ।

किरण पुस्तकालय मेरो विश्वविद्यालय



✍ गोकर्ण मरासिनी

विश्वविद्यालयसँग हाम्रो नाता कति समयसम्म रहला ? त्यहाँको बसाइ कति वर्ष, महिना होला ? ४, ६ वर्ष अथवा त्यस्तै होला । तर मैले यहाँ उल्लेख गर्न खोजेको मेरो विश्वविद्यालयसँग भने मेरो संगत करिब चार दशकभन्दा बढीको भए होला । मेरो विश्वविद्यालयमा अहिले पनि मौका पर्नासाथै जान्छु । खै किन किन त्यहाँ गएर एक छिन सुस्ताएपछि मनमा आनन्द र ऊर्जाले छताछुल्ल हुन्छु । जीवनमा विश्वविद्यालय त के क्याम्पससम्म जाने मौका जुरेन, तथापि छोटो समयका निम्ति स्थानीय क्याम्पसमा प्रातःकालीन कक्षा भने लिएको थिएँ । यो वा त्यो बहानामा औपचारिक शिक्षाका थप कक्षा लिन सकिएन, तर म मेरो विश्वविद्यालयको नियमित विद्यार्थी हुँ र भइरहने छु ।

सानैदेखि पुस्तक पत्रपत्रिका पढ्ने मोहले कसरी तान्यो कसरी । कसैको प्रेरणा वा सल्लाह थिएन । घरमा पनि पठनसंस्कृति उस्तो थिएन । पिताजी (ठाकुरप्रसाद मरासिनी) साक्षर तर समाजसेवी । पिताजी आफै साक्षरताको अभियन्ता, अंग्रेजीसमेत सिक्नुपर्छ भन्नुहुन्थ्यो । पिताजीले गाउँमा चलाउनुभएको साक्षरता कक्षामा थुप्रैले आफ्नो नाम र सही गर्न सिकेका थिए । तर मभित्र भने गजबको हुटहुटी । छापिएको चिज देख्नै नहुने । हरेक छापिएका वस्तु महत्त्वका छन् भन्ने विश्वास । अझ कुरै कुरामा कसैसँग विवाद भयो भने यस्तो छापिएको छ भनेर देखाउने गर्दथें अकाट्य प्रमाण जसरी । यस्तो लेखिएको छापिएको छ भनेर सप्रमाण स्पष्टीकरण दिन्थें ।

मैले स्कुले जीवन जिल्लाको सदरमुकाम स्थित महेन्द्र हाई स्कूलमा बिताएँ । शुरू कक्षामा भर्ना हुँदा जेठो बुबा (केशवराज मरासिनी)सँग साथै गएको सम्झना छ । महेन्द्र हाई स्कूलको माथिको तलामा पूर्वतर्फको सिढी चढ्दै वारपारको बरण्डामा पुगेर नाम लेखाएसँगै विद्यार्थी जीवन शुरू भएको थियो । एक दिन विद्यालयको दोस्रो तला माथिबाट अलिक लच्केर जोखिम हुने स्थिति बन्यो । विद्यार्थीको बढ्दो चापले गर्दा प्राथमिक स्तरका विद्यार्थी त्यहाँबाट उधिनढुङ्गास्थित पौवामा सार्न परेको । पौवा नजिकैको बचतघरसमेत मिलाएर विद्यालय सञ्चालन

हुन थाल्यो । अब चिदीचौरको विशाल भवनमा रहेको महेन्द्र हाई स्कूलबाट उधिनढुङ्गाको जीर्ण पौवा र बचतघर हाम्रा शिक्षाआर्जनका थला बने । उधिनढुङ्गाका ती भवनको छेउमा रहेको विशाल खाल्डोतिर खसिने डर सधैं हुन्थ्यो । त्यो खाल्डो खानी खनेको ठाउँ हो रे भन्ने सुनिन्थ्यो । धागिथुमको भित्र-भित्रैबाट पसेर त्यहाँबाट निस्कने बाटो थियो भन्ने पनि सुनिन्थ्यो ।

महेन्द्र हाई स्कूलबाट सरेर उता गएपछि हाम्रो स्कूल रेसुङ्गा प्रा.वि. भयो । यसका प्र.अ. चिरञ्जीवी शर्मा हुनुभयो । पछि कतै-कतै गुनासो गरेर हामीलाई त्यहाँबाट बिथ्थामा हिँडाइयो । तर यता महेन्द्र हाई स्कूल भने प्रा.वि. तह हटेर ठूला कक्षा (निमावि/मावि)मात्र सञ्चालन गर्ने ठाउँ बन्यो । अहिलेको महेन्द्र मा.वि. कहिले महेन्द्र हाई स्कूल, कहिले महेन्द्र नमूना मा.वि. र कहिले के, कहिले के भनेर नाम परिवर्तन गर्दै आएको छ ।

त्यही प्रावि तहमा मेरा बाल्यकालदेखिकै साथी बने रामचन्द्र पन्थी । उनी थिए, धागिथुमका, म परे उपल्लो तम्घासको । अहिले जस्तो बजार जोडिएको र फराकिलो बाटोघाटो थिएन । प्रा.वि. तहका हामी स्कूले साथीहरू उधिनढुङ्गा पढेर धागिथुम साथीकोमा गएर आफ्नो घर उपल्लो तम्घास आउँदा निकै टाढा महसुस हुन्थ्यो । साथी रामचन्द्रमार्फत उनको घर नजिकै देवीदत्त पन्थीको गोठमा शशि पन्थीले किरण पुस्ताकालय सञ्चालन गर्नुभएको थाहा भयो । अब भने, म स्कूलबाट धागिथुम गएर पुस्तकालयमा समय बिताएर घरतिर हुर्रिदै जान थालें । अरू केटाकेटी स्कूलबाट घर चाडै पुग्थे । तर म भने घर पुग्दा सधै ढिला हुन्थ्यो । म पहिलो चोटि त्यहाँ पुग्दा गोठको एउटा भागमा केही किताब, पत्रपत्रिका मिलाएर राखेको, पढ्न बस्न खाट राखिएको पाएँ । सार्वजनिक रूपमा पुस्तकालयबारे धेरैलाई कुनै जानकारी थिएन । तर, जसलाई थाहा भयो तिनीहरू त्यहाँका नियमित पाठक भए ।

किरण पुस्तकालयका जन्मदाता शशि पन्थी, जसले आफ्नो नाम शशिकिरण पन्थीबाट किरण झिकेर पुस्तकालयलाई दिई आफू शशि मात्र भए । शशि र किरण एक अर्काका पर्याय जस्तै बने । मैले जानकारी पाएसम्म पुस्तकालय सञ्चालन गर्न प्रत्यक्ष अप्रत्यक्ष रूपमा अरू सहयोगी जस्तै भेषबहादुर कुँवर, डा. टीकाराम पन्थी र दीन पन्थीहरूलगायतका युवाहरूको पनि साथ सहयोग रह्यो । यस बारेमा थप कुराहरू यसका अभियन्ताहरूबाट नालीबेलीमा आउला । त्यो समयमा पुस्तकालय खोल्ने कुरा नै ठूलो कुरा । फेरि पुस्तकालय खोल्न जाँगर चलाउनेहरू कुनै सत्ता र शक्तिसँग जोडिएका थिएनन् । नत तिनीहरूसँग पुस्तकालय सञ्चालन गर्न आवश्यक स्रोत र साधन नै थियो । अहिले आएर सोच्दा अचम्म लाग्दछ । तर अठोट, दृढ इच्छा र निरन्तरको खटाइले ती सबै पार लाग्दारहेछन् ।

अब पुस्तकालयको बारे बिस्तारै चर्चा हुन थाल्यो । संयोग नै मान्नुपर्दछ आजसम्म गुल्मी जिल्लामा आएका सबै प्रशासकहरू पुस्तकालयको हितैषी नै भए । कसैले एक कदम अगाडि बढेर सहगोगसमेत गरे । तर पुस्तकालयप्रति वक्र दृष्टि राख्ने, चियो चर्चो गर्ने, के-कस्ता किताब पत्रिका सामग्री राखेका होलान् भनी निगरानी गर्ने जस्ता काम भएको हामीले खासै थाहा पाएनौं । यो प्रसङ्गमा हाम्रो पुस्तकालय भाग्यमानी नै रहयो भन्दा हुन्छ ।

पुस्तकालयले धागिथुमबाट हालको लाँकुरी मञ्चनेरको खेलकूद रहेको भवनभित्रको एक तले भवन पायो । त्यो समय त्यस्तै २०२७-०२८ साल तिरको हुनुपर्दछ । अहिलेको खेलकुद भवनकै आकारप्रकारको त्यो सानो भवन ब्यारेक भवन हुनुपर्दछ । ब्यारेक धागिथुम सरेपछि त्यहाँ खालि रहेको त्यो घर पुस्तकालयले प्रयोग गर्न थाल्यो । धागिथुमको निजी गोठबाट सार्वजनिक ठाउँमा रहेको सार्वजनिक भवनमा सर्न पाउनु ठूलै कुरा थियो । यस निम्ति को कसले सहयोग पुऱ्याए होलान् त्यसबारे जानकारहरूले सूचना दिए राम्रो हुने थियो । किनकि हालको लाँकुरीमञ्चनेरको त्यो भवनबाट वास्तविक रूपमा किरण पुस्तकालय बारे धेरैले जान्नेबुझ्ने मौका पाए । धागिथुमको निजी गोठबाट सार्वजनिक भवन र त्यो पनि लाँकुरी मञ्च आसपासको बसाइँसराइ पुस्तकालयको विकासनिम्ति कोसे ढुङ्गा सावित हुन पुग्यो ।

लाँकुरी मञ्चको ब्यारेकको त्यो सानो भवनमा सरेको पुस्तकालय सानो तर चिटिक्क देखिन्थ्यो । अगाडिपट्टि अलिक खुला र कम्पाउण्ड सहितको । भित्र साँगुरो तर पढ्न मिल्ने । पछि मात्रै हालको भवन रहेको जग्गा पाएपछि नयाँ भवन बनेको हो । हालको भवन रहेको जग्गा पुस्तकालयका नाममा नाप नक्सा भएपछि मात्र आफ्नो जग्गाको मालिक बन्न पायो । हाल रहेको भवन आफ्नो नाममा रहनु र त्यसमा बनेको भवनबाट हालसम्म सेवा दिनु पुस्तकालयको महत्त्वपूर्ण पक्ष हो ।

माथि शीर्षकमा मैले किरण पुस्तकालयलाई मेरो विश्वविद्यालय भनेको छु । पुस्तकालयमा म पाठक, कर्मचारी र सेवक भएर कार्य अनुभव गरेको छु । बाल्यकालदेखि म यसको पाठक निरन्तर रहें । किशोर अवस्थामा पुस्तकालय सञ्चालकको वैतनिक जिम्मेवारीमा रहें । साँझको दुई घण्टे नोकरी मेरा लागि जागिरभन्दा पनि पढ्न र पुस्तकालयमा समय बिताउने अवसर थियो । पुस्तकालयको संगतले आफ्नानिम्ति खास ठूलो उपलब्धि भएन होला तर मैले यसमार्फत धेरै कुरा सिक्ने, बुझ्ने र जान्ने मौका प्रशस्तै पाए । पुस्तकालयको संगतले हाई स्कूलका कक्षाहरूमा हुने साहित्यिक कार्यक्रमहरू, हाजिरी जवाफ प्रतियोगितामा सक्रिय सहभागी हुने अवसर पाएँ । हाजिरी जवाफ प्रतियोगिता निम्ति दुई दुई पटक क्षेत्रीय स्तरका कार्यक्रममा पोखरा जाने अवसर र अञ्चल

स्तरको हाजिरी जवाफका लागि बुटवल जाने अवसर पाएँ । निरन्तरको पुस्तकालयको संगतले मलाई हाजिरी जवाफमा सक्रिय हुने अवसर जुट्थ्यो । हाई स्कूले विद्यार्थीका निम्ति त्यो अवसर पनि त्यति बेलाका लागि ठूलै कुरा हुन्थ्यो ।

नढाँटी भन्नुपर्छ, मेरो सरकारी सेवाको प्रवेशनिम्ति किरण पुस्तकालयको संगतले ठूलो साथ दिएको थियो । हाई स्कूलबाट निस्केको छोटो समयपछि नै मैले सरकारी जागिर खाने अवसर पाएँ । यसनिम्ति किरण पुस्तकालयको योगदान रहेको स्मरण गर्दा गौरवान्वित हुन्छु । कक्षा आठबाटै मैले पत्रिकाहरूमा कविता चिठ्ठी पठाउन शुरू गरें । पत्रकारितानिम्ति पुस्तकालय कति महत्त्वपूर्ण हुन्छ भन्ने कुरा मलाई थाहा छ । समाचारको भाषा, लेखाइ, विषय सामाग्रीको छनौट र यस क्षेत्रमा भएका नवीन प्रयोगबारे पुस्तकालयबाट धेरै जान्ने बुझ्ने अवसर पाएँ । पुस्तकालयको संगतबाटै जीवनका विभिन्न कालखण्डमा पत्रकारिताको लामो अनुभव संगाल्ने अवसर पाएँ । राष्ट्रिय दैनिक, साप्ताहिक र मोफसलका धेरै पत्रिकाहरूमा रिर्पोटिङ गर्ने त्यो ज्ञान र हौसलानिम्ति किरण पुस्तकालयको असाध्यै ठूलो योगदान रहेको छ ।

किरण पुस्तकालयमा मेरो संगतको लामो काल खण्डमध्ये केही समयका लागि त्यहाँको सञ्चालनको जिम्मेवारी पनि स्मरणयोग्य ठान्दछु । त्यतिखेर पुस्तकालय शनिबार पनि खुल्थ्यो । पाक्षिक रूपमा प्रतिपदा र अष्टमीका दिन मात्र पुस्तकालय बन्द हुन्थ्यो । पुस्तकालयमा रहेका पुस्तकहरूको अभिलेखीकरण, विषयवस्तु अनुसारका पुस्तकहरूको रखाइ जस्ता कामहरू आफूले सकेसम्म गरियो । तानसेन गएका बखत त्यहाँको धवल पुस्तकालयमा गएर पत्र पत्रिकाहरूका ठेगाना बटुलेर ल्याई निःशुल्क रूपमा पत्रिका पठाउन अनुरोध गरी आफै चिठ्ठी लेख्थें । पत्याउनु हुन्न होला, त्यो अनुरोधकै कारण धेरैले निःशुल्क रूपमा पत्रिका पठाएर सहयोग गर्थे । कसैले एक वर्ष, कसैले दुई र कसैले त वर्षौवर्षसम्म निःशुल्क रूपमा पत्रिका पठाएर सहयोग पुऱ्याएको स्मरण मेरा निम्ति सदैव गौरवको विषय रहेको छ ।

हिजोआज सञ्चालनमा रहेको यस भवनको निर्माणनिम्ति आर्थिक स्रोत जुटाउन ३/४ वर्षसम्म भैलो खेलियो । तिहारको रमाइलोमा आफ्नो पारिवारिक र व्यक्तिगत रमझमलाई बिर्सेर प्रत्येक वर्ष चार-पाँच दिनसम्म भैलो गाउँदै हिँडियो । त्यतिखेर पूरै तिहारको उत्सव किरण पुस्तकालयलाई भैलो खेलेर मनाइयो । त्यहीं भैलोबाट संकलित रकमले भव्य भवन बनेकोमा गौरव गरियो ।

किरण पुस्तकालय फगत् पुस्तकालय सेवामा मात्र सीमित भएन । यसले नियमित रूपमा हाम्रो पुरुषार्थको प्रकाशन पनि गर्दै आइरहेको छ । हाम्रो पुरुषार्थका

माध्यमले कैयन् सिकारु लेखक कविहरू अहिले सुविख्यात साहित्यकार बनेका छन् । शुरूतिरका अङ्कहरूमा यसको आवरणमा खुकुरी उज्याएर उभिएको मान्छेको तस्विर निकै आकर्षक र घत लाग्दो देखिन्थ्यो । आवरणको तस्विरबाटै साँच्चिकै पुरुषार्थको छनक देख्न पाइन्थ्यो । अहिले यसका स्थायी सदस्य नै सयौं संख्यामा पुगिसके । शुरूताक वार्षिक र क्रमशः अर्धवार्षिक हुँदै हाल त्रैमासिक रूपमा यसको प्रकाशन हुँदै आएको छ । अहिले यी पंक्ति लेखिरहँदा यसको ८० औं अंक प्रकाशनको तयारी हुँदै छ भन्ने कुराले मन उत्साहले तंरगित हुँदै छ । वार्षिक रूपमा प्रकाशन हुँदा आर्यभूषण प्रेस बनारसबाट छापेर ल्याई लक्ष्मीजयन्तीका दिन यसको विमोचन गरिन्थ्यो । यो विमोचन समारोहको हामीहरू व्यग्र प्रतीक्षा गर्दथ्यौं । त्यसको कारण हुन्थ्यो हाम्रा र साथीहरूका रचना त्यसमा छापिएका हुन्थे ।

किरण पुस्तकालय, पुस्तकालय मात्र होइन । आफ्नो नियमित प्रकाशन हाम्रो पुरुषार्थको प्रकाशक मात्र पनि होइन । यो त अब प्रकाशन गृहको रूपमा पनि अघि बढेको छ । शशिधर स्वामीको बाणोपनिषद् कृतिको प्रकाशनको शुरूवातबाट यसले अत्यन्त महत्त्वपूर्ण अनेक कृतिहरूको प्रकाशनको श्रृङ्खलालाई अघि बढाएको छ । हालसम्म यसले चौधवटा महत्त्वपूर्ण कृतिहरूको प्रकाशन गरिसकेको छ ।

मेरो शुरूको रचना '**सुनौलो मुस्कान**' शीर्षकको कविता हाम्रो पुरुषार्थको अंक ३ मा प्रकाशन भएको थियो । मेरो साहित्यिक गोरेटो कोर्न पनि हाम्रो पुरुषार्थको महत्त्वपूर्ण योगदान रहेको छ । मेरा कैयन् कविता/लेख रचनाहरू यसमा प्रकाशन भएका छन् । हाम्रो पुरुषार्थ स्थानीय रूपमा प्रकाशन भएता पनि यसका पाठकहरू देश र विदेशमा पनि प्रशस्तै रहेका छन् । बेला बेलामा यसले आफ्ना प्रकाशनहरूलाई विभिन्न विशेषाङ्कको रूपमा पस्केको छ । राष्ट्रिय रूपमा विख्यात सर्जकहरूका गहन सामग्रीहरू जम्मा गरेर प्रकाशन भएका यी विशेषाङ्कहरू भावी पुस्ताका लागि मार्गदर्शनका रूपमा रहने छन् । सबै विशेषाङ्कहरू स्रोत सामाग्रीका रूपमा रहने छन् ।

किरण पुस्तकालय, पुस्तकालय मात्र होइन । आफ्नो नियमित प्रकाशन हाम्रो पुरुषार्थको प्रकाशक मात्र पनि होइन । यो त अब प्रकाशन गृहको रूपमा पनि अघि बढेको छ । शशिधर स्वामीको बाणोपनिषद् कृतिको प्रकाशनको शुरूवातबाट यसले अत्यन्त महत्त्वपूर्ण अनेक कृतिहरूको प्रकाशनको श्रृङ्खलालाई अघि बढाएको छ । हालसम्म यसले चौधवटा महत्त्वपूर्ण कृतिहरूको प्रकाशन गरिसकेको छ । यी सबै कृतिहरू अनुसन्धानमूलक, ऐतिहासिक कृतिहरू रहेका

छन् । यो वर्ष मात्रै थप तीनवटा कृतिहरूको प्रकाशन गरिदै छ । यसरी किरण पुस्तकालयले आफूलाई नेपाली वाङ्मयको सच्चा सेवकको रूपमा उठाउँदै लगेको छ ।

गुल्मी जिल्लामा जन्मेर नेपाली साहित्यको श्रीवृद्धिनिम्ति योगदान पुर्‍याउने स्रष्टाहरूलाई गत वर्षदेखि पुरस्कृत गर्ने व्यवस्थासमेत किरण पुस्तकालयले मिलाएको छ । आफ्नी स्वर्गवासी श्रीमती जानकी गौतमको पुण्य स्मृतिमा उहाँका पति श्री शंकरप्रसाद गौतमले जानकी साहित्य पुरस्कारको स्थापना गरी किरण पुस्तकालयका मार्फत यस्तो पुरस्कार प्रदान गरिने भएको छ । यसरी साहित्यका स्रष्टाहरूलाई पुरस्कृत गर्ने समेतको गहन अभिभारा किरण पुस्तकालयले ग्रहण गर्दै आएको छ ।

अर्घाखाँचीको हर्रे बर्रे काण्डका नाममा विख्यात राजनैतिक घटनामा आरोपित केशरमणि पोखरेल, बेदुराम भुसाल-लगायतका राजनैतिक बन्दीहरूसमेत गुल्मी कारागारमा थुनुवा रहेको अवस्थामा किरण पुस्ताकालयले ठूलो गुन लगाएको छ । पंक्तिकार स्वयंले पुस्तकालय सञ्चालन गर्दा बन्दीहरूलाई सदस्य बनाई नियमित रूपमा राजनैतिक, ऐतिहासिक र दर्शनशास्त्रका पुस्तकहरू कारागार पठाउने व्यवस्था मिलाएको थियो । बेदुराम भुसालजीले हालै विद्यावारिधी पूरा गर्नु भएको पढ्न पाइएको थियो । यसनिम्ति किरण पुस्तकालयले पनि धेरथोर योगदान पुर्‍याए होला भनी भन्न सकिन्छ । मलाई अहिले संझिदा अचम्म लाग्दछ, मोटा मोटा पुस्तकका ठेलीहरू २/४ दिनमा नै पढेर फर्काइन्थ्यो । पुस्तकालयमा हिन्दी जासुसी उपन्यासहरूको भरमार हुन्थ्यो तर अँह कहिले पनि त्यस्ता खाले किताबहरू कारागार पठाइएन । त्यहाँ पठनयोग्य र महत्त्वपूर्ण किताबहरू

पंक्तिकार स्वयंले पुस्तकालय सञ्चालन गर्दा बन्दीहरूलाई सदस्य बनाई नियमित रूपमा राजनैतिक, ऐतिहासिक र दर्शनशास्त्रका पुस्तकहरू कारागार पठाउने व्यवस्था मिलाएको थियो । बेदुराम भुसालजीले हालै विद्यावारिधी पूरा गर्नु भएको पढ्न पाइएको थियो । यस निम्ति किरण पुस्तकालयले पनि धेरथोर योगदान पुर्‍याए होला भनि भन्न सकिन्छ । मलाई अहिले संझिदा अचम्म लाग्दछ, मोटा मोटा पुस्तकका ठेलीहरू २/४ दिनमा नै पढेर फर्काइन्थ्यो । पुस्तकालयमा हिन्दी जासुसी उपन्यासहरूको भरमार हुन्थ्यो तर अँह कहिले पनि त्यस्ता खाले किताबहरू कारागार पठाइएन । त्यहाँ पठनयोग्य र महत्त्वपूर्ण किताबहरू पठाइन्थ्यो । भाग्यवश कारागारका बन्दीहरूलाई के कस्ता किताब पठाइन्थ्यो भनेर कसैले चियो चर्चो गरेनन् ।

पठाइन्थ्यो । भाग्यवश कारागारका बन्दीहरूलाई के कस्ता किताब पठाइन्थ्यो भनेर कसैले चियो चर्चो गरेनन् ।

पुस्तकालयले विभिन्न साहित्यकारहरूका जन्म जयन्तीहरू बेलाबेलामा मनाउने गर्दछ । यस्ता कार्यक्रमहरूमा सम्बन्धित साहित्यकारहरूका जीवनी र कृतित्वको समीक्षा हुने गर्दछ । यसै मेसोमा स्थानीय साहित्यिनुरागीहरूका रचना पाठ गर्ने अवसर समेत मिलाइको हुन्छ । यस्ता कार्यक्रमका माध्यमबाट स्थानीय प्रतिभाहरू लाभान्वित हुने गरेका छन् । पुस्तकालयले बेलाबेलामा जिल्ला र राष्ट्रिय स्तरका गोष्ठी भेला समेतका आयोजना गर्दै आइरहेको छ ।

किरण पुस्तकालय पचास वर्षको उमेरमा आइपुगेको छ । २०२५ साल कार्तिक २५ गते स्थापना भएको अवस्थाबाट आज सम्मको यात्रामा यसले अनेक आरोह-अवरोह पार गरिसकेको छ । दशौं हजारभन्दा बढी पुस्तकहरू र हजारौं (पंक्तिकारको अनुमान) भन्दा बढी पत्र-पत्रिकाहरूले पुस्तकालय भरिभराउ छ । कागजमा छापिएका यस्ता सामाग्रीहरू लामो समयसम्म जोगाइराख्न मुश्किल हुँदै छ । वाचनालय कक्षको चारैतिर पोका पारेर राखिएका त्यस्ता पत्र-पत्रिकाहरू जीवन्त इतिहास हुन् । तिनीहरूको सुरक्षा गर्न सक्यौं भने आउने सन्ततिहरूका लागि गतिलो उपहार हुनेछ ।

किरण पुस्तकालयमा यो पंक्तिकार, प्रकाश नेपाल, चक्रबहादुर कार्की, काशीनाथ मरासिनी, रामलाल पाण्डे, उत्तम मरासिनी, रामचन्द्र पन्थी, शिवलाल खनाल, विष्णुप्रसाद खनाल, ज्ञानराज मरासिनीलगायत थुप्रैले यसको सञ्चालक भएर काम गर्नुभएको छ । यहाँ मैले कसैको नाम छुटाएको भए माफी माग्दछु । छुटेका नामहरूबारे पुस्तकालयले समावेश गर्ने नै छ । उहाँहरू सबैले पुस्तकालयको जागिरेभन्दा सेवक भएर काम गर्नु भएको हो । पुस्तकालयले आफ्नो पचास वर्षे यो यात्राका उपलब्धिहरूको गणना गर्दा ती सेवकहरूको योगदानलाई बिर्सन मिल्दैन ।

किरण पुस्तकालयको पचास वर्षको यात्रामा म आफै पनि निरन्तर चालीस वर्षभन्दा बढी समय यसको संसर्गमा रहें । यी चालीस वर्षमा पुस्तकालयबाट मैले धेरैभन्दा धेरै फाइदा लिएको अनुभव छ । किरण पुस्तकालय मेरानिम्ति पुस्तकालय मात्रै होइन, यो त मेरो विश्वविद्यालय हो । म यसको नियमित विद्यार्थी हुँ । मलाई यसको नियमित विद्यार्थी हुन पाएकोमा गर्व लाग्दछ । यसको सानिध्यमा रहेर मैले अझ धेरै पढ्नु छ, सिक्नु छ ।

निजामती सेवा, पत्रकारिता, लेखन र अनुसन्धान कार्यमा निरन्तर सक्रिय ।

-ooo-

कहिल्यै भुल्न नसकिने किरण पुस्तकालयको सहयोग

✍ बेदुराम भुसाल

२०१७-३५ को समय नेपालको राजनीतिमा राणा शासनपछिको सबैभन्दा कठोर काल थियो । त्यस कालमा राजाको निरङ्कुश नेतृत्वमा निर्दलीय पञ्चायती व्यवस्था लागू गरिएको थियो र आम जनतालाई सम्पूर्ण अधिकारबाट वञ्चित गरिएको थियो । सबै राजनीतिक दल र स्वतन्त्र जन सङ्गठनहरूमाथि प्रतिबन्ध लगाइएको थियो । प्रतिबन्धित अवस्थामा रहेका राजनीतिक दलहरू राजाले लादेको पञ्चायती व्यवस्थाको विरूद्धमा एक भएर जान नसकेका मात्र होइन उनीहरूभित्र त्यस विषयमा गम्भीर विवादहरू उत्पन्न भएका थिए । नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टीबाहेक अरू सबै पार्टीले राजाको कदमलाई समर्थन गरेका थिए भने नेपाली काँग्रेसका तुलसी गिरीलगायत धेरै नेताले र नेपाल कम्युनिष्ट पार्टीका केशरजंग रायमझीलगायत धेरै नेताले समेत राजाको कदमलाई समर्थन गरेका थिए । नेपाली काँग्रेसका प्रमुख नेता विश्वेश्वरप्रसाद कोइराला र नेपाली कम्युनिष्ट आन्दोलनका पिता पुष्पलाल राजाको त्यस कदमका विरूद्धमा उभिएका हुनाले लोकतान्त्रिक राजनीतिको मूलधार भने राजाको कदमको विरूद्धमा नै थियो । तथापि राजाको त्यस कदमबाट उत्पन्न विवादले गर्दा पार्टीहरू विभाजित हुन पुगेका थिए । नेपाल कम्युनिष्ट पार्टीमा सबैभन्दा चर्को विवाद भएको थियो र विभाजन पनि गहिरिएको थियो । नेपालको कम्युनिष्ट आन्दोलन विभाजित मात्र होइन छिन्नभिन्न नै हुनपुगेको अवस्थामा त्यस पार्टीका संस्थापक पुष्पलालले आफै नेकपाको पुनर्गठन गर्ने पहल शुरूगरेपछि २०२५ सालमा आयोजित पर्टीको तेस्रो राष्ट्रिय सम्मेलनबाट नयाँ नीति र नेतृत्त्व निर्माण गरिएको थियो ।

नेकपाको उक्त तेस्रो राष्ट्रिय सम्मेलनबाट पारित नीति एवं कार्यक्रम र निर्वाचित नेतृत्व अन्तर्गत लुम्बिनी अञ्चलमा पार्टी काम व्यापक बन्दै गएको थियो । २०२९ सालमा भएको चौथो सम्मेलनपछि त्यस कामले झन् बढी गति लिएको थियो । पार्टीको सङ्गठनात्मक काम व्यापक र सुदृढ हुँदै गएको परिप्रेक्षमा २०३० सालको कात्तिक २६ गतेका दिन लुम्बिनी अञ्चलका सबै जिल्ला

सदरमुकामहरूमा "हाम्रो बचत फिर्ता गर" भन्ने समेतका नाराहरू लगाउँदै किसान जुलुस प्रदर्शन गरिएको थियो । उक्त जुलुस प्रदर्शन गुल्मी र अर्घाखाँचीमा अत्यन्त प्रभावकारी र सशक्त ढङ्गले भएका थिए । अर्घाखाँचीमा निर्विघ्न ढङ्गले जुलुस प्रदर्शन र आमसभा सम्पन्न भएको थियो भने गुल्मीमा जुलुस सदरमुकाममा पुगेर आमसभामा परिणत हुन थालेको बेलामा प्रहरीहरूले सशस्त्र हमला गरी ठूलो दमन चलाएका थिए । उक्त जुलुस प्रदर्शनको घटनापछि गुल्मी र अर्घाखाँचीमा पञ्चायती प्रशासनले चरम दमनचक्र चलाएको थियो । तर जतिसुकै दमन भए पनि क्रान्तिकारीहरू जुलुस प्रदर्शनको सफलता र त्यसमा देखिएको जनसहभागिताबाट अत्यन्त उत्साहित भएका थिए र सङ्घर्षका अझ उन्नत रूपहरूको सञ्चालन गर्न चाहन्थे । त्यसैले छापामार युद्धको तयारी गर्ने सोच तथा व्यवहार हुन थाल्यो । त्यसैक्रममा २०३० सालको फागुन २८ गतेका दिन अर्घाखाँचीको सिद्धारा गाविस अन्तर्गतको बर्रे गाउँ निवासी स्थानीय जाली-फटाहा एवं पञ्चायती व्यवस्थाका कट्टर समर्थक शोभाखर बेलवासे र उनका पिता रविलाल बेलवासेका विरूद्ध सशस्त्र कार्वाही गरिएको थियो । त्यस कार्यवाहीमा स्वयम् सहभागी शशिधर आचार्य नामक गद्दारले पोल खोलेकाले हामी त्यस कार्वाही (Action) का सहभागीमध्ये अधिकांश साथीहरू गिरफ्तारीमा पर्‍यौं । लिङ्गको पिसाब गर्ने प्यालमा र नङ्गका जरामा आल्पिनले घोच्ने, उत्तानो पारी भुईंमा पल्टाएर दुबै पैतालालाई एकै ठाउँमा बाँधी छडीले हिर्काउने, हातका औंलाहरूका बीचमा काठका साना-साना डण्डीहरू राखेर च्याप्ने, कानका प्यालमा जलिरहेका चुरोटका ठुटा कोचारिदिने लगायतका चरम यातनाद्वारा गद्दार शशेले लेखाएको बयानमा हामीलाई हस्ताक्षर गराइयो । अदालतमा इन्कारी बयान दिने हाम्रो चहानालाई तत्काल हाम्रो नेताको रूपमा रहेका केशरमणि पोखरेलले सरकारसँग कुराकानी भएको छ, हामीले साविती बयान दिनुपर्छ, त्यसपछि हाम्रो मुद्दा राजनीतिकरण हुनेछ र हामी रिहा हुने छौं भन्दै निर्देशन दिएपछि टुक्रिन पुग्यो । त्यसपछि डाँका मुद्दा लगाएर हामीलाई नेल हत्कडीसहित जेलका चिसा छिंडीमा पुऱ्याइयो । यो २०३० साल असार महिनाको कुरा थियो ।

ठाना र अदालतमा चरम यातनाकासाथ चक्कर काट्ने प्रक्रिया टुङ्गिएपछि थुनुवा पुर्जी बोकेर तम्घासको चिदीचौरस्थित जेलमा पुगियो । त्यहाँ हामीलाई नेल र हत्कडी लगाएर एउटा करीब १५×१२ फुटको कोठामा ९ जनालाई राखियो । जेलमा पुग्ने दिन हामीसँग केही ओढ्ने-बिछ्याउने कपडाहरूबाहेक अरू केही पनि थिएन । हामीलाई अलग्गै कोठामा राखिएको थियो । बाहिरबाट भेट गर्न आउने मानिसहरूसँग मात्रै होइन, जेलभित्रैका अरू बन्दीहरूसँग समेत भेटघाट र कुराकानी गर्न दिइँदैनथ्यो । कुनै पनि पत्र-पत्रिका वा पुस्तकहरू पढ्न नदिने मात्र होइन आमा-बुबा र श्रीमतीहरूले लेखेका चिठ्ठीहरूसमेत हामीलाई दिइँदैनथ्यो । चाहिएको सबै सामान जेलरकै पसलबाट किन्नुपर्थ्यो । हिसाब-

किताब राख्नको निम्ति आवश्यक कापी-कलमसमेत राख्न दिइँदैनथ्यो । कमसेकम हिसाब त राख्नैपर्छ भनेर भित्र नलग्ने बाहिर अफिसमा नै राख्ने शर्तमा एउटा कापी र कलम किनेका थियौं । अफिसमा राखिएको कापी र कलम मागेर जेलरको साम्नेमा हिसाब लेख्थ्यौं र फेरि उहीं राख्न दिन्थ्यौं । घरमा वा बाहिर साथीहरूलाई चिठ्ठी लेख्न पाउने त कुरै थिएन । यस्तो अवस्था करीब दुई वर्षसम्म रह्यो । त्यसैबीच तत्कालीन अञ्चलाधीश सुरेन्द्रप्रसाद श्रेष्ठ जिल्ला भ्रमणमा आएको बेला जेलमा पनि पसेको मौकामा हामीले के हो यस्तो ? कानुनले दिएको सजाय भोगौंला तर परिवारसँग पनि भेट्न नपाउने, पढ्न पनि नपाउने, रेडियो सुन्न पनि नपाउने ? भनेर कुरा राखेपछि उनले आफन्तहरूसँग भेटघाट गर्न दिने र पढ्नको निम्ति तम्घासमा सञ्चालित किरण पुस्तकालयमा भएका पुस्तक र पत्रपत्रिकाहरू दिने भन्ने आदेश दिएर गए । त्यसपछि हामी किरण पुस्तकालय तम्घासको सदस्य बन्यौं र त्यहाँबाट पुस्तकहरू ल्याउन लगाएर पढ्न थाल्यौं । अब हाम्रो जीवनमा एउटा ठूलो परिवर्तन आयो । अब हामी सारा कुरा बिर्सेर अध्ययनमा लीन हुन थाल्यौं । त्यस कार्यमा किरण पुस्तकालयले हामीलाई ठूलो सहयोग गऱ्यो ।

..जेलमा ... हामीलाई उहाँले मार्क्सवादी पुस्तक पठाउन अप्ठ्यारो मान्नुहुन्छ होला भन्ने लागेको थियो । त्यसैले मार्क्सवादी पुस्तकका नाम कमै पठाएका थियौं । तर उहाँले हामीले भनेका पुस्तकहरू पाइएजतिका सबै किन्नुभयो र पढ्नका निम्ति पहिले हामीलाई नै पठाइदिनुभयो, जसमा ब्ला.इ.लेनिनले लेखेको राज्य र क्रान्ति जस्तो प्रख्यात मार्क्सवादी पुस्तकसमेत थियो । पछि हामीले थप मार्क्सवादी पुस्तकका नाम पठायौं । उहाँले ती पुस्तक पनि पाइएजतिका सबै किनेर ल्याउनुभयो र हामीलाई पठाइदिनुभयो ।

हामी किरण पुस्तकालयको सदस्य बनेपछि त्यसका सञ्चालक शशि पन्थीजीले जेलमै आएर तपाईंहरू कस्ता पुस्तक पढ्न चाहनुहुन्छ ? भनी सोध्नुभयो । हामीले इतिहास, दर्शन, समाजशास्त्र र साहित्यका पुस्तक पठाइदिन भन्यौं । उहाँले पुस्तकको सूची नै बनाएर दिन भन्नुभयो । हामीले पुस्तकालयको क्याटलग झिकाएर हेऱ्यौं र त्यहाँ नभएका थुप्रै पुस्तकको सूची बनाएर पठायौं । हामीलाई उहाँले मार्क्सवादी पुस्तक पठाउन अप्ठ्यारो मान्नुहुन्छ होला भन्ने लागेको थियो । त्यसैले मार्क्सवादी पुस्तकका नाम कमै पठाएका थियौं । तर उहाँले हामीले भनेका पुस्तकहरू पाइएजतिका सबै किन्नुभयो र पढ्नका निम्ति पहिले हामीलाई नै पठाइदिनुभयो, जसमा ब्ला.इ.लेनिनले लेखेको राज्य र क्रान्ति जस्तो प्रख्यात मार्क्सवादी पुस्तकसमेत थियो । पछि हामीले थप मार्क्सवादी

पुस्तकका नाम पठायौं । उहाँले ती पुस्तक पनि पाइएजतिका सबै किनेर ल्याउनुभयो र हामीलाई पठाइदिनुभयो ।

म आठ कक्षा पढ्दै गरेको विद्यार्थी जेल परेको थिएँ । बाँकी सारा अध्ययन मैले जेलमै गरेको हुँ । आज मसँग दर्शन, राजनीतिक सिद्धान्त, इतिहास, समाजशास्त्र, साहित्य, कला, सँस्कृति आदिको जे जति ज्ञान छ त्यसको जग वास्तवमा तम्घास जेलमा रहँदा किरण पुस्तकालयबाट प्राप्त पुस्तकहरूको अध्ययनबाट नै बसेको हो ।मैले त्यहाँ पढेका ब्ला.इ.लेनिनद्वारा लिखित राज्य र क्रान्ति, राहुल सांकृत्यायनद्वारा लिखित दर्शन दिग्दर्शन र मध्य एशिया का इतिहास, जबाहरलाल नेहरूद्वारा लिखित Glimpses of World History र Discovery of India, ब्रट्राण्ड रसेलद्वारा लिखित History of Western Philosophy, ग्रीष्मबहादुर देवकोटाद्वारा लिखित नेपालको राजनीतिक दर्पण, बालचन्द्र शर्माद्वारा लिखित नेपालको ऐतिहासिक रूपरेखा, ढुण्डिराज भण्डारीद्वारा लिखित नेपालको ऐतिहासिक विवेचना, भानुभक्तद्वारा रचित रामायण, लेखनाथ पौड्यालद्वारा रचित तरूण तपसी, लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित मुनामदन, शाकुन्तल र सुलोचना, बालकृष्ण समद्वारा रचित चिसो चुल्हो र नियमित आकस्मिकता, भारतीय स्वतन्त्रता संग्रामका शहीद भगत सिंहको जीवनी, जापानी आक्रमणका विरूद्ध कोरियाली छापामार युद्धको गाथालगायतका तमाम पुस्तकहरू मेरो ज्ञानको जग बसाल्ने साधन थिए । ती साधनहरू किरण पुस्तकालयले उपलब्ध गराएको थियो । त्यसैले जब मैले प्राप्त गरेको शिक्षा र ज्ञानको कुरा आउँछ तब म किरण पुस्तकालयलाई सम्झन्छु र धन्यवाद पनि दिने गर्दछु । कहिल्यै भुल्न नसकिने त्यस सहयोगका निम्ति आज पनि म किरण पुस्तकालयलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

किरण पुस्तकालयले म जस्ता धेरै मान्छेको चेतना अभिवृद्धिमा ठूलो योगदान गरेको छ भन्ने मेरो ठम्याइ छ । यसले हाम्रो पुरुषार्थ नामक पत्रिका प्रकाशनको माध्यमबाट पनि चेतना अभिवृद्धिको अभियानमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसले विविध कार्यक्रमहरूको माध्यमबाट नेपाली साहित्य, कला, सँस्कृति र इतिहासको संरक्षण र संवर्धनमा पनि योगदान गर्दै आएको छ । ज्ञानको प्रकाश फैलाउने र ज्ञानका निधिहरूको संरक्षण एवं संवर्धन गर्ने यस महान् अभियानमा किरण पुस्तकालयले महत्त्वपूर्ण उपलब्धिकासाथ पचास वर्षको यात्रा तय गरेको छ र अब एकाउन्न वर्षमा प्रवेश गर्दै छ । यस अवसरमा म किरण पुस्तकालय परिवार र त्यसका अगुवा शशि पन्थीलाई हार्दिक बधाइ एवं धन्यवाद ज्ञापन गर्दछु र थप प्रगतिका निम्ति हार्दिक शुभकामना पनि व्यक्त गर्दछु । धन्यवाद ।

स्थायी समिति सदस्य - नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ।

-०००-

दुःखको बेलाको साथी : किरण पुस्तकालय



✍बुद्धिबहादुर रायमाझी

साउन महिनाको तेस्रो शनिबार दिँउसो सिमसिम पानी परिरहेको थियो । करिब डेढ महिना पहिले फोक्सोको शल्यक्रिया गराएको म क्यान्सरको बिरामी मानिस ललितपुर इमाडोलको कोठामा आराम गरेर बसिरहेको थिएँ । मेरो मोबाइल फोनको मधुरो घण्टी बज्यो । विस्तारै सेट उठाएर हेर्दा सेभ नगरेको नम्बर परेछ । सोंचे कुनै साथीले स्वास्थ्य लाभको कामना गर्दै छ होला । उताबाट आवाज आयो म शशि पन्थी तम्घासबाट बोल्दै छु । सात वर्षसम्म तम्घास जेलमा बस्दा परिचित हुन पुगेको रेसुङ्गा लेकको रमणीय भूदृश्य दिमागमा आयो । त्यसै गरी किरण पुस्तकालय र यसका शशि पन्थी सरसहितका श्रध्देय संस्थापकज्यूहरूको संझना आयो । प्रत्येक वर्ष ल्याकत परीक्षा आउने समयमा हामी राजबन्दीहरूलाई परीक्षा आवेदन फारम भर्न खबर पठाउने गरेको दृश्य अविस्मरणीय छ ।

शशि सरले सम्झना गर्नुको कारण यो वर्ष किरण पुस्तकालयले आफनो स्वर्ण जयन्ती मनाउदै रहेछ । यो ज्ञान मन्दिरले आफ्नो जीवनका पचास वसन्त पार गरेको यो ऐतिहासिक अवसरमा प्रकाशित हुने स्वर्ण महोत्सव स्मारिकामा मेरो संस्मरण पनि समावेश गराइदिनको लागि मेरो पनि लेखो गर्नु भएको रहेछ । मलाई अत्यन्तै खुसी लाग्यो । सकीनसकी कलमकपी खोज्न उठें । त्यति बेला तम्घास जेलमा बसेर किरण पुतकालयका उपभोक्ता बनेका हामीहरूमध्ये कतिपय साथीहरूसँग सम्पर्क गरिसक्नु भएको रहेछ अनि आज मलाई सम्पर्क गर्ने पालो परेको रहेछ ।

किरण पुस्तकालयसँग इतिहासको कालखण्डमा स्थापित हुन पुगेको हाम्रो गहिरो भावनात्मक सम्बन्धको विशेष पृष्ठभूमि रहेको छ । यो सम्बन्ध आज भन्दा करिब पैंचालीस वर्ष पहिले पञ्चायती कालरात्रि कालमा स्थापना भएको थियो । त्यतिबेला नेपालमा राजनीतिक दलहरूमाथि कडा प्रतिबन्ध लागेको अवस्था थियो । नेपाली जनताहरू आधारभूत मानव अधिकार र मौलिक हकहरूबाट पूरै वञ्चित गरिएका थिए । पत्रपत्रिकामा दलहरूको नाम छाप्नु पर्दा प्रतिबन्धित शब्द

अनिवार्य छुटाउनु हुदैनथ्यो । भुलवश छुटेमा पनि सम्पादक प्रकाशकहरूको नियतमाथि प्रशासनले शंका गर्दथ्यो । उनीहरूको नाम कालो सूचीमा दर्ज हुन पुग्थ्यो ।

नेपालमा प्रतिबन्धित रूपमै भए पनि अस्तित्वमा रहेका सबै राजनीतिक दलहरू कथित पञ्चायती व्यवस्थाको विरूध्दमा संघर्षरत थिए । उनीहरूको बीचमा कार्यगत एकता भने बनिसकेको थिएन । अर्थात् राजनेताहरूले संयुक्त मोर्चा वा कार्यगत एकताको ऐतिहासिक महत्त्वबोध गरिसकेका थिएनन् । दलहरू एउटै लक्ष्य प्राप्त गर्न आ-आफनै तरिकाले व्यवस्थाविरूद्ध संघर्षरत रहेको अवस्थामा पूर्वी नेपालमा वर्ग शत्रु सफायाको उग्रवादी कार्यबाही सुरू भएको थियो । प्रतिबन्धित नेपाली काँग्रेसले पञ्चायतविरोधी सशस्त्र संघर्ष सुरू गर्न आर्थिक व्यवस्थापन गर्ने क्रममा जहाज अपहरण गरेर राष्ट्र बैंकको रकम लुटेको थियो । पुष्पलालको नेतृत्वमा रहेको कम्युनिष्ट पार्टीले खासगरी लुम्बिनी अञ्चलमा अखिल नेपाल किसान संघको अगुवाइमा सामन्त तथा सूदखोरविरोधी आन्दोलनहरू व्यापकरूपले सञ्चालन गरेको थियो । स्थानीय पञ्चहरू र जालीफटाहाहरू सारै आतंकित अवस्थामा पुगेका थिए । २०१७ सालमा राजा महेन्द्रले जनतामा लादेको पंचायती व्यवस्था हटाएर उसले खोसेको बहुदलीय प्रजातन्त्र पुनस्थापना गर्न संघर्ष गर्ने क्रममा अर्घाखाँचीमा भएको बर्रे संघर्षमा संलग्न भएको आरोपमा हामीहरू नौ जनालाई पक्राउ गरी तम्घास जेल चलान गरिएको थियो ।

सुरूमा गृह मन्त्रालयको आदेशमा जेलभित्र कलमकपी पनि साथमा राख्न दिइएको थिएन । घरमा चिठी पठाउनु पर्दा दिउस परिचरमार्फत कार्यालयमा रहेका हाम्रा कलमकपी मगाउने र काम सकिएपछि फिर्ता दिने नियम थियो । तम्घास जेलमा रहेका कैदीबन्दीहरूमा पढ्नेलेख्ने संस्कार प्रवेश गरिसकेको थिएन । समय बिताउनको लागि हामीहरू पनि बाघचाल खेल्न थाल्यौं ।

केही समय पश्चात् जेल जीवनलाई व्यवस्थित बनाउने क्रममा जेल सुधारको योजना बनायौ । प्रमुख जिल्ला अधिकारी र प्रहरी इन्स्पेक्टरलाई जेलमै बोलाएर अन्य कुराहरूको अतिरिक्त हामी राजबन्दीहरूले पढनलेख्न पाउनु पर्ने माग राख्यौं । हामीले नाम सुनेको किरण पुतकालयबाट पुस्तकहरू मगाएर पढन पाउनु पर्ने व्यवस्था मिलाई दिन आग्रह गर्‍यौं । उनीहरूले हाम्रो माग पूरा गरिदिने आश्वासन दिए । अर्को साताको आइतबार जेलरसँग कुरा गरेर परिचरलाई पुस्तकालयबाट पुस्तकहरूको सूची ल्याउन लगायौं । पुस्तक पत्रपत्रिकाहरू मगाएर व्यवस्थित रूपले पढ्न सुरू गर्‍यौं । कारागारका अग्ला पर्खालभित्रको कम्पाउण्डमा घुमेर शरीरलाई व्यायाम गराउँथ्यौं भने पुस्तक पत्रपत्रिकाहरू पढेर दिमागी व्यायाम सुरू गर्न थाल्यौं । यसरी गाँसियो किरण

पुस्तकालयसँग हाम्रो साइनो । जेलका अँध्यारा चिसा छिंडीहरूमा किरण पुस्तकालयका ज्ञानरूपी किरणहरू यस प्रकार प्रवेश गरेका थिए ।

लाज नमानीकन भन्नु पर्दा हामी नौ जनामध्ये औपचारिक शिक्षा प्राप्त नगरेको म मात्र थिएँ । यसर्थ पढ्नको लागि म सर्वाधिक उत्सुक थिएँ भनेमा अतिरञ्जित गरेको आरोप लाग्ने छैन । मेसको म्यानेजर बनाए जस्तै पुस्तक मगाउने पठाउने म्यानेजर साथीहरूले मलाई बनाउनुभयो । एक सातामा पढिसकेका पुस्तकहरू फिर्ता पठाउने पढ्न बाँकी पुस्तकहरू नवीकरण गर्न पठाउने दायित्व मेरो काँधमा आयो । जुनसुकै भाषामा लेखिएका पुस्तक भए पनि मैले पढेर नभ्याईकन पुस्तकालयमा फिर्ता पठाउनु हुँदैन भन्ने मान्यता राखैं । २०३७ सालको जेठ महिनासम्म किरण पुस्तकालयमा संकलित सबै पुस्तकहरू करिब सात वर्षको अवधिमा मैले पढेर सकाएको जस्तो लाग्दछ । नेपाली भाषाको अतिरिक्त हिन्दी र अङ्ग्रेजीमा पनि प्रकाशित पुस्तक र पत्रपत्रिकाहरू थिए । पत्रपत्रिका पढेर संसारभरिको समसामयिक जानकारी प्राप्त हुन्थ्यो । यस अर्थमा किरण पुस्तकालय एउटा सानो आँखीझ्याल थियो जसबाट सारा संसार चियाउन सकिन्थ्यो ।

२०३७ सालको जेठ महिनासम्म किरण पुस्तकालयमा संकलित सबै पुस्तकहरू करिब सात वर्षको अवधिमा मैलै पढेर सकाएको जस्तो लाग्दछ । नेपाली भाषाको अतिरिक्त हिन्दी र अङ्ग्रेजीमा पनि प्रकाशित पुस्तक र पत्रपत्रिकाहरू थिए । पत्रपत्रिका पढेर संसारभरिको समसामयिक जानकारी प्राप्त हुन्थ्यो । यस अर्थमा किरण पुस्तकालय एउटा सानो आँखीझ्याल थियो जसबाट सारा संसार चियाउन सकिन्थ्यो ।

हाम्रा आदरणीय नेता केशरमणि पोखेलसमेत सबै साथीहरूले अंग्रेजी शब्द र शब्दावलीका अर्थ कण्ठ गरेर पुस्तकहरू पढियों । हामीहरूले पढेको देख्दा अरू कैदीबन्दीहरू अचम्म पर्दथे । उमेर घर्केकाहरूले पढ्न जरूरी हुँदैन भन्ने उनीहरूको मान्यता थियो । अध्ययनप्रति यस्तो गलत धारणा थियो र अहिले पनि केही हदसम्म यथावत् रहेको छ । यही कारणले नेपालमा पठन संस्कृतिको विकास हुन नसकेको मानिन्छ । अंग्रेजी भाषा सिक्न र पुस्तक पढ्न मैले आफूलाई जबर्जस्त प्रस्तुत गरें । यो सवालमा मलाई केशरमणि दाइले अरू साथीहरू र तत्कालीन राजदरबार तथा गाउँ फर्क राष्ट्रिय अभियान केन्द्रीय समितिबाट कुरा बुझ्न आउनेहरूको अगाडि रोलमोडेलको रूपमा प्रस्तुत गर्न थाल्नुभयो । उहाँले यसो गरेको कतिपय कमरेडहरूलाई रूचेको जस्तो भने लाग्दैनथ्यो ।

वास्तवमा किरण पुस्तकालयलाई उपयोग गरेर हामीहरूले विकास गरेको पढ्ने बानीले पछि हाम्रा साथीहरूलाई उच्च शिक्षा प्राप्त गर्न ठूलो सघाउ गरेको छ । हाम्रा स्नातक, स्नातकोत्तर र पि.एच्.डी. डिग्रीको जग भनेको तम्घास कारागार कार्यालयका तत्कालीन परिचरहरू - लीलामणि पाण्डे र रणबहादुरले किरण पुस्तकालयबाट अँगालाभरि ल्याइदिने पुस्तक र पत्रपत्रिकाहरू नै हुन् । म समेतका केही साथीहरूले प्रवेशिका परीक्षा पनि तम्घास जेलबाटै उत्तीर्ण गरेका थियौं ।

सुरूका दुःखका दिनहरूमा पठन संस्कृतिको विकास गर्न नसकेको भए थप शैक्षिक उपलब्धि प्राप्त गर्न संभव हुँदैनथ्यो । जीवनप्रतिको दृष्टिकोण नै सकारात्मक र उत्साहपूर्ण नहुन पनि सक्थ्यो । जीवनलाई संघर्षको रूपमा बुझ्न असफल कैयौं पढालेखा युवाहरू हाम्रै अगाडि निराश भएर जीवन खेर फालेको तेह्र वर्षको जेल बसाइमा हामीहरूलाई साक्षी पनि हुनु पर्‍यो । पुस्तकालयबाट प्राप्त विश्वका क्रान्तिकारी महामानवहरूका संघर्षका गाथा र जीवनीहरूले हामीहरूलाई आर्थिक सामाजिक रूपान्तरणको बाटोमा निरन्तर अघि बढ्न थप प्रेरणा प्रदान गरे ।

पुस्तकालय सभ्यताको प्रतीक हो । एउटा सुव्यवस्थित पुस्तकालयले आफू वरिपरिको समुदायलाई सभ्य र सुसंस्कृत बनाउँछ । राष्ट्रिय संस्कृति र परम्पराको संवर्धन गर्दछ । जातीय पहिचान सुरक्षित रहेको हुन्छ । विद्वान्हरूले पुस्तकालयको अभावमा मानव जातिको विगत र भविष्य रहँदैन भनेका छन् । हाम्रा पुर्खाहरूको जीवन र उनीहरूले बाँच्नका लागि गरेको संघर्षको झलक पुस्तकालयमा सुरक्षित पुस्तकहरूबाटै प्राप्त हुन्छ ।

पुर्खाहरूको ज्ञान सिप नयाँ पुस्तामा हस्तान्तरण गराउने माध्यम नै पुस्तकालय हो । पुस्तक पठनको महत्त्व आजको डिजिटल युगमा पनि घटेको छैन । भनिएको छ आजको असल पाठक भोलिको असल नेता हो अर्थात् भावी असल प्रशासक, प्रवन्धक वा विकासप्रेमी सामाजिक अगुवा हो ।

शरीर नेल हत्कडीमा जकडिएको अवस्थामा पनि सुदूर भविश्यको परिवर्तित नेपाली समाज देख्न ज्ञानचक्षु खोलिदिन सहयोग गर्ने किरण पुस्तकालयको स्वर्ण महोत्सवको यो पावन अवसरमा संस्थाको निरन्तरता र उत्तरोत्तर प्रगतिको हार्दिक शुभेच्छा प्रकट गर्दै पुस्तकालयका सञ्चालकज्यूहरूप्रति समेत हार्दिक बधाई ज्ञापन गर्दछु ।

अध्यक्ष - प्रगतिशील लेखक संघ, अर्घाखाँची ।

-ooo-

किरण पुस्तकालयसितको मेरो चिनजान



उत्तरकुमार पराजुली

कुरा २०३५ सालतिरको हो । मैले कक्षा ८ मा पढ्दा सो कक्षाको नेपाली विषयको पुस्तकमा पुस्तकालय शीर्षकको एउटा पाठ थियो । सो पाठ पढाउँदा अर्घाखाँचीमा वाङ्लाको मोती पुस्तकालयको सन्दर्भ आए जस्तो लाग्छ । अनि गुल्मी तम्घासको किरण पुस्तकालयको कुरा आएको थियो । किरण नामकरणमा त्यसबेला चर्चा राम्रै भएको रहेछ जस्तो लाग्छ । किनकि सरहरूले निकै रसिलो हँसिलो पारामा भन्नुभएको थियो–शशिकिरण पन्थीले आफ्नो नामको किरण दिएर (त्यसपछि नलेखेर) किरण पुस्तकालयको नाम राखिएको थियो । त्यो केटौले अवस्थामा मलाई यो भावानात्मक कुरा सुनेर अनौठो लागेको थियो । यसको बारेमा बढी जानकारीसित चर्चा गर्ने विज्ञान शिक्षक वाङ्लाका कृष्णचन्द्र आचार्य हुनुहुन्थ्यो । नेपाली पढाउने शिक्षक भने प्रेमनारायण भट्टराई हुनुहुन्थ्यो । पुस्तकालय स्थापना गर्नु भनेको ठूलै कुरा हो भन्ने बुझेरै होला सरहरूले निकै महत्त्व दिएर कुरा गर्नुभएको थियो ।

२०३६ सालमा कक्षा ९ का पुस्तकहरू अर्घाखाँचीमा अलि पुग्ने गरी आएनन् । कृषि विषयका त अझ कम आए । तम्घासमा कृषि विषयका पुस्तक प्रशस्त आएका छन् भन्ने थाहा पाइयो । धेरै साथीले तम्घासबाट ल्याए, मगाए । साथी बाबुलाल कुँवर र म पनि पुस्तक लिन भनी तम्घास जाने भैयो । अर्घातोस मेरी ठूली फुपू ज्ञानधरा पाण्डे (पराजुली) को पायकको बजार तम्घासलाई उहाँ तमास भन्ने गुर्नहुन्थ्यो, स लाई खुट्टो नकाटी उच्चारण गर्नुहुन्थ्यो । सो बजारमा पहिलो पटक जाँदाको हुनेवाला कौतूहल छुट्टै थियो र त्यो कौतूहलको एउटा कुनामा त्यो किरण पुस्तकालय हेर्ने पनि थियो । साथीसित जाँदा किरण पुस्तकालयसम्म जाऊँ भन्दा सल्लाह नमिल्ने हो कि ? पुस्तक पसलभन्दा पुस्तकालय निकै टाढा छ कि ? यस्ता यस्ता कुरा मनमा खेलिरहन्थे । पत्थरकोट, तानसेन, रिडी, बुटवलसमेतको बजार देखिसकेको हुनाले ठूलो बजार, के के न होला भन्ने त थिएन तर ठूली फुपूको तमास र किरण पुस्तकालय मेरा लागि बढ्ता चासोका विषय थिए ।

सदरमुकामको सुविधा प्रयोग गरिरहेकाले होला कहिलेकाहीँको असुविधा पनि मीठो लाग्ने । किताब किन्न बेजिल्ला जानु मेरो लागि दुःखको विषय थिएन, खुसीको विषय थियो । मध्य माघको जाडोभित्र कोराको बन्डी, बाहिर बुक सर्ट (तलदेखि माथिसम्म टाँक लगाउने र लामबाहुले कमिज) जाँघे, टाउकोमा भित्री सितको टोपी, खाली खुट्टा, गोजीमा बीस रूपैयाँ यत्ति हो तम्घास यात्राको तयारी । रू १ चानचुन किताब किनेर उभ्रन्थ्यो । लागियो एकाबिहानै तम्घासतिर । अहिलेको खाली खुट्टा भन्नु ज्यादै निरीह अवस्था लागे पनि त्यो बेला ९५ प्रतिशत खाली खुट्टे यात्री हुने हुनाले यो कुनै दुःखको कुरा थिएन । बरू बाटो बढ्ता खाली खुट्टामैत्री थियो र त्यही बाटोमैत्री हाम्रा खाली खुट्टा थिए । बाँदरले खुट्टाले समात्ने प्रयत्न नछोडेकाले अहिले पनि हातले जस्तै भरपर्दो हिसाबले रूखका हाँगा समात्छ । तर हामीले छोड्यौं र हाम्रा पैताला सिधा हुँदै गए । खालि खुट्टाले माडिएको बाटो, चिल्लिएका ढुङ्गा हुन्थे बाटोमा । देख्दा उबडखाबड बाटो देखिए पनि प्रत्येक पाइला सजिलोसित चालिन्थे । बाटोका ढुङ्गासितको चिनारी हुन्थ्यो बटुवाको । कुन ढुङ्गामा कसरी टेक्दा सजिलो हुन्छ र चिप्लिन्न भन्ने कुरा हाम्रो खुट्टाले जानेका थिए । आज कम्प्युटरको कि बोर्डमा अभ्यस्त औंला अनायसै आवश्यक अक्षर थिच्न गए जस्तै ।

दश बज्दा नबज्दै पुगियो तम्घास । अहिलेको पुतलीबजारतिर झर्ने घुम्तीमा राम्रो घर थियो । बकुला सिमी रहरलाग्दो किसिमका थिए । बारीतिर शायद केराउ गहुँ थियो । त्यहीं नजिकै किताब पसल पनि थियो । किताब किनिहाल्यौं । अनि बजार घुम्ने र किरण पुस्तकालय हेर्ने कुरा बाँकी रह्यो । बाँकी रहेको पैसाले एक एकवटा खाजा बिस्कुट किनेपछि बजारको काम पनि सकियो । सोधपुछ गर्दै किरण पुस्तकालयमा त पुगियो तर त्यहाँ पुगेपछि सोधपुछ गर्ने ढङ्ग पुगेन । पुस्तकालयमा ढाका टोपी लगाएका खाइलाग्दा ४– ५ जना मान्छे थिए । ती मान्छेले हामीलाई देखे तर सोधुपछ गरेनन् । हामी त्यत्तिकै फर्क्यौं । हामीले पुस्तकालय पाठ पढ्दा त्यति व्यावहारिक ज्ञान लिएनछौं भन्ने कुराले आजसम्म पछ्याएको छ । पैसाविना गण्डकी (रिडी) मेलामा गएकीलाई फर्केर आउँदा गाउँका साथीले सोधेछन्– कस्तो रैछ त गण्डकी भनेर । अनि उनले भनिछन्– गण्डकी न सण्डकी टङ्गल टङ्गल पानी ।

हाम्रो पनि स्थिति त्यही भयो । किरण पुस्तकालयमा त पुगियो तर भित्रै नपसी फर्कियो । आज यो कुरा सम्झँदा पुस्तकालयका विष्णुप्रसाद खनाल र ज्ञानराज मरासिनीप्रति आभार प्रकट गर्न मन लाग्छ । किनकि म तम्घास बस्दा पाँच बजेपछि एक दुई कक्षामा पढ्दै गरेका बच्चाबच्चीलाई लिएर किरण पुस्तकालय जान्थें । उहाँहरूले ती बच्चाबच्चीलाई पनि आगन्तुक पुस्तिकामा नाम लेख्न

लगाएर पत्रपत्रिका पढ्नका लागि, बस्नका लागि ठाउँ देखाइदिनुहुन्थ्यो । त्यो बेला पनि यस्तै खालका जनसम्पर्क व्यक्ति भैदिएको भए हाम्रो पुस्तकालयप्रतिको धारणा कति मीठो हुन्थ्यो होला । त्यसैले पुस्तकालयमा एक व्यावहारिक जनसम्पर्क व्यक्ति हुनु जरूरी हुन्छ । पुस्तकालय पुगेर यस्तो होला उस्तो होला भन्ने आशा नभएकाले निराश त भइएन तर मन उदास उदासै भयो ।

अहिले जस्तो मोवाइल र इन्टरनेटको पहुँच सहज नभएको त्यो जमानामा (२०५० सालतिर) कर्मचारीको खालि समय काट्ने सबैभन्दा राम्रो उपाय पुस्तकालयको अध्ययन हुन्थ्यो । विभिन्न व्यक्तिसितको भेटघाट, चिनजान हुने थलो पनि पुस्तकालय हुन्थ्यो । कार्यालयले सबै प्रकारका पत्रिका किन्दैनथ्यो । त्यसैले सञ्चार क्षेत्रमा प्रवाह भएका विभिन्न सूचना तथा विचार जान्न बुझ्न यस्ता पुस्तकालय कर्मचारीका विशेष गन्तव्य हुन्थे ।

यसपछि पन्ध्र वर्षपछि मात्र म तम्घास पुगेँ जिल्ला शिक्षा कार्यालयको जागिरको सिलसिलामा २०५० सालमा । केटौले पानाको क्षणिक धूमिल सम्झना केहीले पनि मेल खाएन । चिदीचौरको चौर र ठाडो गल्लीको धूमिल चित्र भने मेटिएको थिएन । अहिले जस्तो मोवाइल र इन्टरनेटको पहुँच सहज नभएको त्यो जमानामा (२०५० सालतिर) कर्मचारीको खालि समय काट्ने सबैभन्दा राम्रो उपाय पुस्तकालयको अध्ययन हुन्थ्यो । विभिन्न व्यक्तिसितको भेटघाट, चिनजान हुने थलो पनि पुस्तकालय हुन्थ्यो । कार्यालयले सबै प्रकारका पत्रिका किन्दैनथ्यो । त्यसैले सञ्चार क्षेत्रमा प्रवाह भएका विभिन्न सूचना तथा विचार जान्न बुझ्न यस्ता पुस्तकालय कर्मचारीका विशेष गन्तव्य हुन्थे । किरण पुस्तकालयकै नाताले शशि पन्थी, दीन पन्थी लगायतका रेसुङ्गा क्याम्पसका अध्यापकहरूसँग चिनजान भयो । किरण पुस्तकालयले गर्ने विभिन्न साहित्यिक कार्यक्रमका सन्दर्भमा विद्वान् व्यक्तित्व डा. टीकाराम पन्थीलाई पनि चिन्ने मौका मिल्यो । पछिपछि त किरण पुस्तकालय भन्नासाथ नरप्रसाद श्रेष्ठ, शशि पन्थी, दीन पन्थी, टीकाराम पन्थी, दानबहादुर के.सी., विष्णुप्रसाद खनाल, ज्ञानप्रसाद मरासिनी, भेषबहादुर कुँवर आदिको झझल्को आउने गर्थ्यो र गर्छ पनि । तम्घास क्षेत्रको ज्ञानमय कस्तुरीको नाभि जस्तो लाग्ने यस पुस्तकालयले मगमग बास्ना छर्ने हाम्रो पुरुषार्थरूपी बिना उत्पादन गरिरहेको छ । रू ५०० तिरेर आजीवन ग्राहक बनेपछि जहाँ बसे पनि हाम्रो पुरुषार्थका रसास्वादन गर्न पाइरहिएको छ ।

हाम्रो पठन संस्कार अलि कमजोर छ । अरे अरेका भरमा विनाटुङ्गाका कुरा गर्दा वचनका कैयौं ठेस खाँदा पनि प्रामाणिक कुरा खोज्न जाँगर लाग्दैन बरू त्यस्तै

सुनिन्थ्यो के रे भनेर लाज पचाउने प्रवृत्ति विकास भएको छ । पठन संस्कार परिष्कार गर्ने मूल थलो पुस्तकालय हो । यसलाई स्थापना गर्न जति गाह्रो छ निरन्तरता दिन अझ कैयौं गुना गाह्रो छ । शशि सरसित अनौपचारिक बसाइ गर्ने उति मौका मिलेको छैन । तैपनि कहिलेकाहींको छोटो गफगाफमा काशीबाट पुस्तकालयका लागि ल्याएका पुस्तक तानसेनबाट बोकेरै कैयौं पटक तम्घास ल्याएका कुरा सुनिन्थ्यो । पुस्तकालयले निकाल्ने गरेको पत्रिका (हाम्रो पुरुषार्थ) बेच्न नसकेर पुस्तकालयमा राख्नकै समस्या रहेको मैले देखे जानेको छु । विशेष गरी गुल्मेलीहरूका लागि हाम्रो पुरुषार्थ गुल्मी परिचयाङ्क निकै जानकारीमुलक र गुल्मीको चिना लिन चाहनेका लागि खोजमूलक अङ्क थियो । त्यो पनि बिक्री नहुने अवस्था देख्दा मन खिन्न हुन्थ्यो । २०५५ सालतिर प्राथमिक तहका शिक्षकहरूको दूर शिक्षा तालिमको परीक्षा थियो तम्घासमा । लगभग ४०० जति शिक्षकको उपस्थिति थियो । त्यसबेला दीन पन्थी सरको सक्रियतामा हाम्रो पुरुषार्थ सशुल्क वितरण गर्ने मेसो मिलाइएको सम्झनाले एउटा संस्था चलाउन कति पापड बेल्नुपर्छ, कति दुःख झेल्नुपर्छ भन्ने कुराको बोध हुन्छ । म त एक सामान्य कर्मचारी थिएँ । आफ्नै विभागअन्तरगतका शिक्षक साथीहरूलाई पत्रिका किनिदिनोस् भन्न खासै समस्या थिएन । तर क्याम्पस पढाउने सहायक क्याम्पस चीफ जस्तो व्यक्तिले चउरमा उभिएर पुराना पत्रिका बेच्ने तारतम्य गर्नु साँच्चै गजबको कुरा थियो । त्यो पुस्तकालयलाई अर्थ सङ्कलन गर्ने काम थियो ।

सानैदेखि फाटफुट लेख्ने रहर लाग्थ्यो र लेखिन्थ्यो पनि । तर लेखलाई छाप्नु भनेको साँच्चै ऐतिहासिक काम भए जस्तै लाग्थ्यो । आजभोलि जस्तो धेरै पत्रपत्रिका पनि हुन्थे । एक त पत्रिकाले खोजेजस्तो विषयवस्तु समातेर लेख्न नजानिने, दोस्रो कुरा लेखको विषयवस्तुभन्दा नाम हेरेर छाप्ने समस्या त्यो बेला पनि थियो । व्यक्तिले आफू कस्ता खालका र ढाँचामा लेखिएका लेख पढ्न रूचाउँछ ऊ पनि त्यस्तै लेख लेख्न रूचाउँछ । मैले लोकसेवा तयरीका लागि भनी पढ्ने पत्रिका अन्तरराष्ट्रिय मञ्च थियो भने अन्य राजनीतिक तथा वैचारिक ज्ञानका लागि मूल्याङ्कन मासिक पढ्थेँ । त्यसो त भारतीय पत्रिका विज्ञान मासिक र साइन्स टुडे पनि सङ्ग्रहणीय पत्रिका हुन्थे । आर्थिक अभावमा नियमित ग्राहक हुन नसके पनि आफूलाई मन पर्ने सन्दर्भ आएको अवस्थामा किनिन्थ्यो । मलाई लाग्छ, मेरो लेखन ढाँचा मूल्याङ्कन पत्रिकामा छापिने लामा लेखको ढाँचासित प्रभावित छ ।

मूल्याङ्कन पत्रिकामा प्रकाशित हुने लेख अति लामा हुने र विषयवस्तुलाई विभिन्न आयामबाट विश्लेषण गर्दै एक खालको टुङ्गोमा पुऱ्याउने शैली मलाई मन पर्थ्यो । मैले त्यसो गर्न त कोशिश मात्रै गर्ने हुँ । त्यसैले मेरा लेख व्यावसायिक हुन सक्तैनन् र सम्पादक मैत्री हुन सकेनन् । यसमा मलाई कुनै खेद, पछुतो पनि

छैन र सम्झौता गर्न पनि मन लाग्दैन । कलमजीवी बन्न नसक्ने यो मेरो प्रमुख लक्षण हो । लेख छपाउन खोज्दा लेख लामो भयो भनेर लागेका ठेस थुप्रै छन् ।

कतिले हाम्रो पुरुषार्थको सामग्रीलाई सन्दर्भ बनाएर आफ्नो प्राज्ञिक परिचयलाई उचो बनाए, कसैले आफ्नो साहित्यिक पुरुषार्थ खारे, कतिले आफ्ना शोधपत्रको खजाना बनाए । हाम्रो पुरुषार्थमार्फत प्राज्ञिक तलाउमा तरङ्ग ल्याइरहने किरणका तरङ्गले कति माछाका गतिविधि सक्रिय पारे होलान्, कति भ्यागुताका एकोहोरा ट्वारट्वारलाई एकै छिन भए पनि बन्द पारे होलान्, लेउको तर बस्न लागेको तलाउको सतह ती तरङ्गले बिलखिए होलान्, उत्रिरहेका कतिपय पातपतिङ्गर कसिङ्गर छेउ लागे होलान् ... ।

पुरुषार्थले २०५५ सालतिर कथा विशेषाङ्क निकाल्ने भयो । मैले 'आमाको खोजीमा' शीर्षकको कथा दिएँ । छापियो पनि । साह्रै खुसी भएँ । त्यसपछि फाटफुट्ट लेख छापिदै गए । रेसुङ्गा क्याम्पसको विद्या, महेन्द्र मा.वि.को शैलसन्देश, गुल्मी टाइम्स, आदिमा र कर्मचारी मिलन केन्द्रको दीप ज्योतिमा रचनाहरू छापिँदै गए ।

मेरो लोककथा सङ्कलनमा बढ्दै गएको चासोलाई यो छापिने क्रमले निकै हौसायो । २०५७/०५८ तिर रिडीका शिलालेख र घन्टलेखको सङ्ग्रह गरेको थिएँ । दीन पन्थी सरले हाम्रो पुरुषार्थका लागि एउटा लेख लेख्न भन्नुभयो । मैले सो शिलालेख घन्टलेखको सन्दर्भ कोट्याउँदै भनैं– छन त रिडीतिरको एउटा थनथन छ तर ज्यादै लामो । यहाँहरूलाई लामो मन पर्दैन ।

दीन सरले भन्नुभयो– कति नै लामो होला र ? गुल्मीको पुरातात्त्विक महत्त्वको कुरा हो । छाप्ने भनेपछि छाप्ने । उहाँले त्यसो भने पनि मैले पत्याएको थिइनँ । तैपनि दिएँ । एउटा सिङ्गै कापी नै थियो । नछापिए पनि केही थिएन तर नहराए हुन्थ्यो भन्ने लाग्यो । फोटोकपी गर्न पनि निकै धेरै हुनाले खर्च गर्न मनले गाह्रो मान्यो । शिक्षा कार्यालयको नजिकै प्रेस थियो । सो लेख टाइप गरून्जेल मैले पछ्याइरहैं । अनि प्रुफ हेर्न भनी प्रिन्ट निकालेपछि ढुक्क भएँ । छापियो, शायद मेरो जीवनको लामो लेख २२ पेजको । यसपछि २९ पृष्ठ लामो गुल्मीको विद्यालय शिक्षापूर्वको शैक्षिक गतिविधि समेटेर लेखेको लेख थियो ।

त्यसपछिका दिनमा मैले हाम्रो पुरुषार्थलाई लेख दिँदा सर्वकालिक हुने खालका मात्र लेख दिने गरेको छु । तर लामो छोटाको घेरा भने तोडिएको अनुभूति त्यसै बेलादेखि गरेको छु । हाम्रो पुरुषार्थमा निश्चित स्तरका रचना छापिन्छन् भन्ने एक स्थापित मान्यता छ । सो मान्यता आजसम्म डग्मगाएको छैन भोलि पनि विचलन हुने छैन ।

हाम्रो लुम्बिनी अञ्चल क्षेत्रमा रिडीको सार्वजनिक पुस्तकालय, तानसेनको धवल पुस्तकालय, बुटवलको महावीर पुस्तकालय यस क्षेत्रका पुराना पुस्तकालयहरू हुन् । तर सञ्चालन व्यवस्थापनका अतिरिक्त अन्य साहित्यिक गतिविधिका सन्दर्भले किरण पुस्तकालयले अलि भिन्नै पहिचान कायम गरेको छ । कतिले हाम्रो पुरुषार्थको सामग्रीलाई सन्दर्भ बनाएर आफ्नो प्राज्ञिक परिचयलाई उचो बनाए, कसैले आफ्नो साहित्यिक पुरुषार्थ खारे, कतिले आफ्ना शोधपत्रको खजाना बनाए । हाम्रो पुरुषार्थमार्फत प्राज्ञिक तलाउमा तरङ्ग ल्याइरहने किरणका तरङ्गले कति माछाका गतिविधि सक्रिय पारे होलान्, कति भ्यागुताका एकोहोरा ट्वारट्वारलाई एकै छिन भए पनि बन्द पारे होलान्, लेउको तर बस्न लागेको तलाउको सतह ती तरङ्गले बिलखिए होलान्, उत्रिरहेका कतिपय पातपतिङ्गर कसिङ्गर छेउ लागे होलान् । सिर्जना गर्ने क्रियाकलाप एउटा हुन्छ तर प्रभाव चाहिं प्रभावितका आ-आफ्नै हैसियत भनौं वा क्षमताअनुसार पर्ने गर्छ । घटना एक बहुआयामिक प्रभाव !

मेरो जागिरे जीवनमा सबैभन्दा धेरै बसेको जिल्ला गुल्मी हो । गुल्मीका धेरैजसो पाखा पखेरालई मैले पाइलापाइलाले नापेको छु । आज गुल्मी छाडेको १५ वर्ष हुँदा पनि गुल्मेलीसितको चिनजान ताजा बनाइरहने श्रेय यही हाम्रो पुरुषार्थलाई छ, यही किरण पुस्तकालयलाई छ ।

अफिसको कामको सिलासिलामा २०७४ साल चैतमा म तम्घास पुगेको थिएँ । त्यस बेला गुरु शशि पन्थी र चेला गोकर्ण बिष्ट (हाल मान्त्री) को संवाद भयो रे । गोकर्णले गुरुसित भने रे– मेरा आदर्श गुरुवर, मेरा हैसियतले भेट्ने र गर्न सक्ने कुनै एक कामका लागि आज्ञा होस् ।

अनि शशि गुरुले भने रे– यो (किरण) पुस्तकालयको स्तरोन्नतिका लागि आवश्यक सहयोगको अपेक्षा छ ।

आदर्श गुरु-चेलाको संवाद प्रत्यक्ष सुन्न नपाए पनि एक कान दुई कान हुँदै मैदानमा आएको कुरा पनि कति महनीय र मननीय पनि । यो संवादप्रति कसैकसैले कुरा पनि काटे रे । यी चुनावी बातचितमा कुनै दम छैन । तर मलाई लाग्छ यो कुराकटाइमा दम छैन । किनकि महाभारत युद्धमा आदर्श गुरु चेला द्रोणाचार्य र अर्जुन युद्ध मैदानमै आम्नेसाम्ने भए । अर्जुनले एउटा बाण आदरणीय गुरुका कानभन्दा एक बित्ता टाढाबाट पठाएर 'गुरु ! म अर्जुन हुँ' भन्ने सङ्केत दिए र अर्को बाण खुट्टाभन्दा एक बित्ता वरै खसालेर 'गुरु ! पाउ लागी' भन्ने सङ्केत गरे । युद्ध मैदानको पक्ष विपक्षमा पनि गुरु चेलाको आदर्श सम्बन्ध यसरी जनाइन्छ भने सामाजिक उत्थानका लागि गरिने काममा शङ्का गरिरहनु आवश्यक छैन । तर पुस्तकालय पक्षले 'राजाले तेल दिँदा खास्टो थाप्नू' भन्ने कुरा भुल्नुहुँदैन ।

आवश्यक विधि पुऱ्याएर स्पष्ट योजनासहितको प्रस्ताव पेस गर्न ढिलाढाला गर्नुहुँदैन । त्यसै गरी बिष्टले पनि 'गङ्गाका जलले सूर्यलाई अर्घ्य' भन्ने कुरालाई आत्मसात् गुर्नपर्छ अर्थात् पवित्र कामका लागि पवित्र कुराको अर्पण । सत्ताको चञ्चलता चपलता दुबै पक्षले ख्याल राख्नु उपयुक्त हुनेछ ।

अबको किरण पुस्तकालयमा ४/५ तले सुविधा सम्पन्न भवन र २–४ टन किताबले खासै अर्थ राख्ने छैन । नेपाल टेलिकमको सहयोगात्मक सहकार्यमा इन्टरनेटको उत्कृष्ट सुविधा, नेपाल विद्युत् प्राधिकरणको सहयोगात्मक सहकार्यमा विद्युतीकरणको राम्रो व्यवस्था हुने गरी रेसुङ्गाको यज्ञ मण्डप आसपासमा स्थानीय ढाँचाको एक शाखा भवन बनाई एकान्त शान्त ठाउँमा अध्ययन अनुसन्धानको सुविधा दिने व्यवस्थाको सोच किरण पुस्तकालयले गरोस् ।

अबको किरण पुस्तकालयमा ४/५ तले सुविधा सम्पन्न भवन र २–४ टन किताबले खासै अर्थ राख्ने छैन । नेपाल टेलिकमको सहयोगात्मक सहकार्यमा इन्टरनेटको उत्कृष्ट सुविधा, नेपाल विद्युत् प्राधिकरणको सहयोगात्मक सहकार्यमा विद्युतीकरणको राम्रो व्यवस्था हुने गरी रेसुङ्गाको यज्ञ मण्डप आसपासमा स्थानीय ढाँचाको एक शाखा भवन बनाई एकान्त शान्त ठाउँमा अध्ययन अनुसन्धानको सुविधा दिने व्यवस्थाको सोच किरण पुस्तकालयले गरोस् । यो सुविधा प्राप्त गरी निःशुल्क अध्ययन गर्न पाउनुलाई एक राम्रो विद्वत्वृति प्राप्त गरेको ठानून् अध्येताले भोलिका दिनमा ।

किरण पुस्तकालयले उघारेको आत्म चेतनाका किरणहरू

किरण पुस्तकालयले सम्पर्क बिन्दुको रूपमा रहेक राष्ट्रियस्तरको कार्यक्रम भाषिक सङ्गोष्ठीको आयोजना गऱ्यो । गुल्मी जिल्लावासीको त्यसमा पनि विशेष गरी तम्घासवासीको सहयोगको तारतम्य उदाहरणीय थियो । यसले गुल्मेली जनताको भाषाप्रेम, सार्वजनिक चासोको विषयमा सहकारिताको अनुपम सन्देश देशका कुनाकुनामा पुऱ्याएको थियो ।

घरमा पाहुना आइरहने परिवारका सदस्यहरू टाठाबाठा हुन्छन् । त्यसैले घरमा पाहुना आउनु लच्छिन हो भन्ने हाम्रो पुरानु मान्यता छ । धेरै जनसम्पर्क भए कहाँ कसरी बोल्ने ? मान्छे कस्ताकस्ता स्वभावका हुन्छन् भन्ने जस्ता कुरा जानिन्छ । नयाँ व्यक्ति वा नचिनेको व्यक्तिसँग बोल्न दकस लाग्ने, हिचकिचावट लाग्ने समस्या दूर हुन्छ । यो संस्कार किरण पुस्तकालयले सिकाएको छ ।

किरण पुस्तकालयले गर्ने विभिन्न नियमित वार्षिक कार्यक्रममा मैले भाग लिने अवसर पाएको छु । ती कार्यक्रम झट्ट हेर्दा खल्ला लाग्थे । तर पछि पछि निकै

मीठा र औचित्यपूर्ण लाग्न थाले । नियमित कार्यक्रमका लागि सामान्य सूचना टाँस्ने र पुस्तकालयमा आउनेहरूका लागि नाम दर्ता पुस्तिकामा एउटा सूचना राखिदिने । बस् यत्ति । सहभागी आएनन् भनेर पनि नकिक्याउने, आउलान् भनेर पनि नपर्खिने । तोकिएको समयमा कार्यक्रम सुरू गरिहाल्ने । आसन ग्रहणको लम्बाचौडा झमेला पनि नगर्ने । यसले वास्तवमा सहभागीहरूमा समभाव ल्याउँदोरहेछ । अग्ला, सग्ला, गनौटा, छनौटालाई आसन ग्रहण गराउने चलनले अरू छाडिएकालाई अस्तित्वहीन भएको महसुस हुन्छ भन्ने कुरा किरण पुस्तकालयले सिकाएको छ । यो तरिका मैले धेरै ठाउँमा प्रयोग गर्ने गरको छु र आफूले भनेर हुने ठाउँमा भन्ने पनि गरेको छु ।

तोकिएको समयमा कार्यक्रम सुरू गरिहाल्ने । आसन ग्रहणको लम्बाचौडा झमेला पनि नगर्ने । आसन ग्रहणको लम्बाचौडा झमेला पनि नगर्ने । यसले वास्तवमा सहभागीहरूमा समभाव ल्याउँदोरहेछ । अग्ला, सग्ला, गनौटा, छनौटालाई आसन ग्रहण गराउने चलनले अरू छाडिएकालाई अस्तित्वहीन भएको महसुस हुन्छ भन्ने कुरा किरण पुस्तकालयले सिकाएको छ ।

यस्ता सामाजिक संस्था चलाउन वा भनौं नेतृत्व समाल्न कति गाह्रो छ भन्ने कुरा मैले पनि थुप्रै बेहोरेको छु । उठे किन उठिस् ? को जवाफ दिनुपर्ने । बसे किन बसिस् ? को जवाफ दिनुपर्ने । उठी सुख न बसी सुख ! तर २०५८ सालमा गरिएको शैक्षिक सङ्गोष्ठीले गुल्मेलीहरू सामाजिक काममा निकै सकारात्मक छन् भन्ने कुरा मैले बुझेको छु । त्यसैले यहाँ पर्ने समस्यालाई राम्ररी प्रस्तुत गर्न सक्ने हो भने सहयोगी हात प्रशस्त पाइन्छन् । यो सहयोग किरणले पनि पाइरहेको छ र भोलिका दिनमा अझ गुणस्तरीय किसिमले पाउँदै जानेछ ।

किरण पुस्तकालयको अभिन्न र अनिवार्य कार्यको रूपमा रहेको हाम्रो पुरुषार्थ प्रकाशन तथा सम्पादनमा भावी नेतृत्व विकासका लागि हालको सम्पादन मण्डललाई अलि बढाएर नव प्रवेशीलाई शशि पन्थी तथा दीन पन्थीको साथमा सहसिकाइ(Mentoring) को अवसर दिलाउन सकेमा गुणस्तरीय सम्पादन तथा व्यवस्थापनमा सजिलो हुने कुरा मैले सम्झेको मात्र हो । मेरा यी पुराना थनथनको खासै अर्थ त छैन तर पनि किरण पुस्तकालय स्वर्ण महोत्सवको अवसरमा सहभागी भई मेरो तीतेपातीको फूल चढाउने एक झिनो रहर मात्रै हो । किरण पुस्तकालयका किरणले प्राज्ञिक भिटामिन दिँदै जाओस् भन्ने मेरो हार्दिक शुभकामना !

✍ **उप-सचिव : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।**

-ooo-

किरण पुस्तकालयमा अद्वैत संस्थाको कार्यक्रम

देवेश्वर सरस्वती



"वस्तु केही छैन, आफू मात्र हो । ज्ञानी यसैमा रहन्छन्, तब कुनै दुख्खले पनि छुन सक्दैन । शरीर बिरामी भयो भने आफूलाई के हुन्छ ? आफूदेखि धेरै टाढा हो शरीर । अनि रोगले कसरी छुने ?...' जस्ता ब्रह्मज्ञानी श्रीगुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीज्यूका स्वानुभूतिपूर्ण अमृतमय देवदुर्लभ अमर वाणी गुञ्जिएका थिए अद्वैत संस्था दिग्विजय यात्राको पूर्व सन्ध्यामा सर्वप्रथम किरण पुस्तकालयको प्राङ्गणबाट ।

किरण पुस्तकालयको प्राङ्गणमा सर्वप्रथम आयोजित अद्वैत संस्थाको परिचयात्मक कार्यक्रमले महत्त्वपूर्ण प्रभाव पारेको थियो । गुल्मी जिल्लाबाट शुभारम्भ गरिएको यो कार्यक्रम हामीले २०२८ साल पुसमा सम्पन्न गरेका थियौं । हामी छ जनाको टोली पश्चिमाञ्चलमा अद्वैत वेदान्तको प्रचार-प्रसारको कार्यक्रम लिएर गुल्मी जिल्लाको सदरमुकाम तम्घास पुगेका थियौं ।

अद्वैत वेदान्तका प्रकाण्ड विद्वान् ब्रह्मज्ञानी श्रीगुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीज्यूको आशीर्वाद लिएर गएको यो टोली किरण पुस्तकालयमा पुगेको थियो । त्यहाँ हामीले अद्वैत संस्थाको सर्वप्रथम जिल्ला कार्यालय गठन गरेका थियौं ।

प्रसङ्गतिर जाऊँ-किरण पुस्तकालयको स्वर्ण-जयन्ती मनाइरहेका छौं-आज यो स्तुत्य प्रयास हो । यसको सफलताको कामना गर्दछ अद्वैत संस्था नेपाल ।

किरण पुस्तकालयको प्राङ्गणमा सर्वप्रथम आयोजित अद्वैत संस्थाको परिचयात्मक कार्यक्रमले महत्त्वपूर्ण प्रभाव पारेको थियो । गुल्मी जिल्लाबाट शुभारम्भ गरिएको यो कार्यक्रम हामीले २०२८ साल पुसमा सम्पन्न गरेका थियौं । हामी छ जनाको टोली पश्चिमाञ्चलमा अद्वैत वेदान्तको प्रचार-प्रसारको कार्यक्रम लिएर गुल्मी जिल्लाको सदरमुकाम तम्घास पुगेका थियौं ।

अद्वैत वेदान्तका प्रकाण्ड विद्वान् ब्रह्मज्ञानी श्रीगुरुदेव डा. क्षितीशचन्द्र

चक्रवर्तीज्यूको आशीर्वाद लिएर गएको यो टोली किरण पुस्तकालयमा पुगेको थियो । त्यहाँ हामीले अद्वैत संस्थाको सर्वप्रथम जिल्ला कार्यालय गठन गरेका थियौं । त्यसबेला संयोगवश कुनै मन्त्री तम्घासमा कुनै कार्यक्रम लिएर गएका थिए । मलाई प्रस्ट याद छ हामीले अत्यन्तै सुविधा पाएको किरण पुस्तकालयको प्राङ्गणमा तिनै मन्त्रीलाई प्रमुख अतिथि बनाएर जिल्ला कार्यालयको उद्घाटन गराएका थियौं ।

हामीले पण्डित परशुराम पन्थीको अध्यक्षतामा अद्वैत संस्था गुल्मी जिल्ला कार्यालयको गठन गरेका थियौं किरण पुस्तकालयमै । पुस्तकालयका संस्थापक सदस्य श्री शशि पन्थीज्यूले सचिव पद सम्हाल्नुभको थियो । प्राङ्गणमा श्री गुरुदेवरचित र अत्यन्त नै प्रसिद्धि प्राप्त अमृत वचनको पाठ पारायण गर्दै घोषणा गरेका थियौ 'सच्चा आफू त पहिल्यैदेखि नै छँदै थियो । झुठो दृढताले संसार देखिराखेको हो । दृढ भावना नै संसार हो जे भावना दृढ हुन्छ त्यही देखिन आउँछ । त्यसो भएको हुनाले ब्रह्मको दृढ भावना गरे ब्रह्म नै भैहाल्छ । कस्तो सजिलो कुरा हो । यस ग्रन्थका लेखक ब्रह्मज्ञानी श्री गुरुदेव डा. चक्रवर्ती हुनुहुन्छ ।

यसरी तमघासमा अद्वैत वेदान्तको सूत्रपात यही पुस्तकालयबाट भएको हो, गुल्मी जिल्लाको पश्चिमी भाग नेपालगञ्जसम्म । छ जनाको समूहको आगमनले यसै पुस्तकालयलाई माध्यम बनाउँदा अत्यन्तै सुविधा प्राप्त भएको स्मृति पटलमा अङ्कित भएको छ यो प्रसङ्ग ।

अन्ततः नेपालीमा वेद गराएर श्री गुरुदेवले सिधासाधा श्रद्धालु गुरुभक्त नेपालीहरूलाई चिनेर प्रसन्न हुने सु-अवसरको शुभारम्भ यस भेगका सज्जनहरूका निमित्त भएको महसुस गरेका थियौं ।

हामीले यस पुस्तकालयलाई केही नेपाली उपनिषद् उपलब्ध गराएका थियौं । त्यसपछि बराबर सम्पर्कमा आएको पुस्तकालयका प्रमुख शशि पन्थीज्यूको माध्यमबाट साक्षात्कार पत्रिका र अद्वैत संस्थाको बुलेटिन आदि पनि दिँदै गरेका थियौं ।

अद्वैत संस्थाले नेपालमा प्रगतिको फट्को मार्दै जाँदा धेरै वर्षको अन्तरालपछि २०५३ सालमा यसै पुस्तकालयको प्राङ्गणमा फेरि हामी पुग्यौं । पहिले यहीं बीजारोपण भएको मौका दिएको पुस्तकालयमा बसेर श्री गुरुदेवको कृपाले फेरि पनि अद्वैत संस्था जिल्ला कार्यालयको गठन भएको थियो । पण्डित चिरञ्जीवी मरासिनीको अध्यक्षतामा कार्यकारिणी गठन भएको हो । यस अवसरमा यस पुस्तकालयको भित्र बाहिर सज्जनहरूले खचाखच भरिएको थियो ३२ जना नयाँ सदस्य बन्नुभएको हो । जसमा श्री मथुराप्रसाद श्रेष्ठ, नरप्रसाद श्रेष्ठ,

अयोध्याप्रसाद श्रेष्ठ, श्री दीन पन्थी, श्री शशि पन्थी आदि व्यक्तित्वको अग्रसरतामा विद्वान्, बुद्धिजीवी, प्राध्यापक, शिक्षक, व्यापारीवर्ग, पत्रकारबन्धुहरूको समावेशमा नियमित सत्सङ्ग गर्दै जाने प्रतिबद्धता गरिएको थियो । पछि सदस्यहरूको वृद्धि, नेपाली उपनिषद्को बिक्रीवितरण, साक्षात्कार पत्रिकाको आजीवन ग्राहक बन्नु आदि कार्यहरू तीव्र गतिमा बड्दै गएका थिए र सदस्यहरूले सत्सङ्गबाट आफूलाई देहादिदेखि अलग सुखरूप परमात्मा भनी जानीकन सुखमय जीवन बिताउने मौका यस पुस्तकालयबाट आरम्भ भएको कुरा हामी बिर्सन सक्दैनौं । यस पुस्तकालयमा पछि अद्वैत वेदान्तपरक श्री गुरुदेवद्वारा रचित नेपाली ग्रन्थहरू र साक्षात्कार पत्रिका पढ्ने सु-अवसर पाठकहरूलाई मिलिरहेको छ । अहिले यस पुस्तकालयको ५० वर्षको स्थापना काललाई स्वर्ण जयन्ती महोत्सवले उत्तम स्थितिमा पुऱ्याएको छ । यहाँ राखिएका ग्रन्थहरूमध्ये अद्वैत संस्थाका संस्थापक ब्रह्मज्ञानी श्री गुरुदेवको स्वानुभवपूर्ण सरस, सरल, सु-स्पष्ट रूपमा अध्ययन गरेर लाभवान् बन्ने आशा राख्दै यस महोत्सवको सफलता र पुस्तकालयको प्रगतिको कामना गर्दछु । जय श्री गुरुदेव ! जय अद्वैत संस्था नेपाल ! जय किरण पुस्तकालय !

रिडीपीठाधीश, अद्वैत संस्था, नेपाल ।

-ooo-

हार्दिक शुभकामना !

किरण पुस्तकालयको स्वर्णजयन्तीको सुखद् उपलक्ष्यमा
यस पुस्तकालयको उत्तरोत्तर प्रगतिका लागि हार्दिक
शुभकामना । स्वर्ण-जयन्ती वर्षका अवसरमा
प्रकाशन गरिने 'हाम्रो पुरुषार्थ'को
किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क
विशेष उपलब्धिपूर्ण
बन्न सकोस् ।

पाणिनि बहुमुखी क्याम्पस परिवार

सन्धिखर्क नगरपालिका, अर्घाखाँची

बौद्धिक साथी किरण पुस्तकालय

तुलसी गौतम



यस पुस्तकालयसँग चार दशकदेखि परिचित मेरो स्मृतिपटलमा छाएका केही दृश्यहरू आत्मपरक रूपमा यस्ता बनेका छन् ।

जिल्लाका कार्यालयहरूमा पचास वर्षअघि बासी गोरखापत्र पनि मुस्किलले ठूला हाकिमहरू हुनेले मात्र हेर्ने अवसर पाउने बेलामा चेतना र जागरणको सन्देश दिने केही हजार पुस्तक र पत्रिकाहरूसहित स्थापना भएको यो किरण पुस्तकालय उतिबेलै सबैको बौद्धिक साथी बनेको थियो । आज ई-मिडियाको युगसम्म आइपुग्दा पनि यो सबैजनाको बौद्धिक साथी हुन सकेको र पछि पनि बन्दै जाने मैले ठानेको छु । मेरो पनि यससँग साइनो बसेको चार दशकभन्दा बढी भएछ । यसैगरी हजारौं पाठकहरूको रोजाइ त्यस ठाउँमा गएको, बसेकोबेला यो पुस्तकालयसँग साइनो बसेहोला । मेरो पनि यसरी साइनो बनेको थियो ।

म बुबासँग २०२० सालतिर सर्वप्रथम तम्घास गएको थिएँ । भव्य टुँडीखेलबाट तल खोल्सा तरेर चोकमा उक्लेपछि स-साना टीनका छाना भएका केही बजार भनिने बाटाका दुबैतिर घरभएका, तल पसल, माथि डेरा गरी बस्ने शिक्षक कर्मचारीहरूका आवासमध्ये कोही शिक्षक आफन्तकोमा (मानकोटका चोलराज दाजु वा रमेश अर्याल) बास बस्न पुगियो । तानसेनदेखिको रिडी, बलेटक्सार हुँदै डाडैडाँड पट्यार लाग्दो पैदल बाटो, भोक र थकाइले लखतरान हुँदै दुई दिनमा हामी त्यहाँ पुगेका थियौं । मेरो उमेर नौ दश वर्षको थियो होला । मैले तम्घासलाई आफ्नो हत्केला जस्तो ठानेको थिएँ । तम्घासको त्यो मानचित्रमा मेरा औलाहरू रेसुङ्गा बनेका र हातको पञ्जाजस्तै केही फैलिएको र तल हुँदै साघुँरिएको उतिबेलाको प्राकृतिक रूप अहिले पनि उस्तै देख्दछु । विकास र आधुनिकताले भने यसलाई सजाएको छ । तर पनि, पचासौं पटक त्यहाँ पुग्दा भौगोलिक प्रकृति उस्तै छ । दोस्रो पटक २०३४ सालको भदौमा म त्यहाँ पुगेको थिएँ । यो संयोग राष्ट्रिय विकास सेवाले जुटाइदिएको थियो । यसको पछि आफ्नै भावनात्मक सम्बन्ध छ ।

मेरो बुबाको मावली गाउँ गुल्मी मानकोट, बुबाको कर्मथलो मानकोट, मेरो र बहिनीको जन्मस्थल मानकोट, आमाको ठूलीआमाको घर, आमाले पढेको र बुबासङ्ग बिहे भएर माइती र भित्रिने घर मानकोट यही गुल्मीको हो । पछि २०३५ वैशाखमा मेरो बिहे भएको घर पनि गुल्मीकै हो । त्यसैले त्यहाँका गाउँहरू, घर, मानिसहरू, बोटबिरूवाहरू, उकाली र ओराली, कतै तेर्सा बाटाहरू जहाँ जे जस्ता भए पनि ती परिचित र प्रिय भएकोले नै यो जिल्ला मेरो रोजाइभित्र पर्नु स्वाभाविक थियो ।

२०३४ सालको भदौको पहिलो हप्तातिर राष्ट्रिय विकास सेवाअन्तर्गत अरू साथीका साथ तम्घास पुगेको थिएँ । जिल्ला शिक्षा कार्यालयले केही जानकारी दिने र विद्यालयमा खटाउने गर्दथ्यो । मेरो आमाको आशौच (बर्खीबारेको) बेला परेकोले गुल्मी जुभुङ्का हरि गौतमको आग्रहमा उहाँकै गाउँको हटियास्थित सूर्योदय निम्न माध्यमिक विद्यालय काठमाडौंमै रोज्न पाएको थिएँ । अन्यथा जहाँ पनि खटाएको ठाउँमा जानु पर्दथ्यो । मेरो घर खिदिम अर्घाखाँची बेजिल्ला र बर्खी भएकोले गुल्मी मेरो रोजाइ र जाने अनुमति मिलेको थियो । एकहप्तासम्म तम्घास नरप्रसाद श्रेष्ठ प्रधान पञ्चको घर भनौं होटलमा बसेको बेला कुनै दिन घुम्दै जाँदा किरण पुस्तकालय लेखिएको घर र छेउँमै रेडक्रस भवन देखिए । यस्तो दूरदराजको गाउँ ठाउँमा पनि पुस्तकालय देख्दा चुम्बकले जस्तै मलाई पनि यसले तान्यो र भित्र अनायासै पसैं ।

अहिले जस्तो रेडियो, टीभी, एफ एम, मोबाइल र इन्टरनेट थिएन । त्यस्तो बेलामा यो पुस्तकालय नै एक मात्र बौद्धिक साथी बनेको थियो । मोटरबाटो थिएन । संचार सुविधा लिन आकाशवाणी गर्ने ठाउँमा जानु पर्दथ्यो । अहिले त्यो बेलाको कुरा सुन्दा अपत्यारिलो दन्त्यकथा आजका युवाहरूलाई लाग्न सक्छ ।

शान्त वातावरणमा नयाँ सन्देश, समीक्षा, मातृभूमि, राष्ट्रपुकार जस्ता साप्ताहिक पत्रिकाहरू शब्द नबिराईकन कोही ध्यान दिएर पढिरहेका र अर्कोले पालो कुरेर गोरखापत्र र मासिक पत्रिकाहरू, कसैले इतिहास, त कसैले साहित्य, उपन्यास पढेको देख्दा त्यहाँको अनुशासन र जागरणको दुबै तह स्वस्फूर्त देखिन्थ्यो । ती साप्ताहिकहरू नै देशको शासनको स्तुतिगानभन्दा इतर राजनैतिक चेतना र जागरणका विषयवस्तुहरूले भरिएका हुनाले कर्मचारी, सचेत स्थानीय युवा वर्ग सबैको यो पुस्तकालय स्रोत केन्द्र बनेको थियो र साथीभाइसँगका भेटमा ती छलफलका विश्लेषणात्मक विषयवस्तुहरू बन्दथे । तानसेनबाट पैदल हुलाकीहरूले एक अर्कालाई जिम्मा दिदै यहाँ तीन चार दिन लगाएर ल्याइएका भए पनि त्यहाँको लागि ताजा नै हुने गर्दथे । अहिले जस्तो रेडियो, टीभी, एफ एम,

मोबाइल र इन्टरनेट थिएन । त्यस्तो बेलामा यो पुस्तकालय नै एक मात्र बौद्धिक साथी बनेको थियो । मोटरबाटो थिएन । संचार सुविधा लिन आकाशवाणी गर्ने ठाउँमा जानु पर्दथ्यो । अहिले त्यो बेलाको कुरा सुन्दा अपत्यारिलो दन्त्यकथा आजका युवाहरूलाई लाग्न सक्छ ।

पुस्तकालयभित्र पसेको मेरो पहिलो दिन भएको र स्वभावैले ती पत्रिकाहरूमा अरूका आँखा पर्न अभ्यस्त भएकाहरूसङ्ग नजीक बसेर हेर्न सक्ने आँट आएको थिएन । रुचिकर साप्ताहिकहरूको पालो कुर्न भन्दा पनि एक चित्त भएर पढेको देख्दा आफू नौलो र एकल अनुभूति गर्दै बाहिर निस्केको थिएँ । बाहिरबाट आउँदै गरेको गोरो, छरितो, हसिलो र मभन्दा केही जेठोले नमस्कार गर्दै मेरो परिचय माग्यो । बाहिरबाट आएकोलाई यसरी विनम्र शैलीमा कुरा गरेको र भित्र लगेर पुराण, धर्मग्रन्थ तलामाथि तह अनुसार पुस्तकहरू राखिएको र माथि समेत लगेर अरू किताबहरू थुपारिएका व्यवस्थित गर्न लागिएका कुरा म जस्ता अपरिचित सामु बताउँदा आफूलाई संमानित गरेको ठानी मलाई कता कता अप्ठेरो लागिरहेयो । तैपनि उहाँको विनयी स्वभावले आकर्षण गरिहाल्यो । त्यो त्यही युवा रहेछ, जसले आफ्नो बीचको नाम काटेर आफ्ना भएका र अरूका पुस्तक बटुल्दै यो पुस्तकालय खोलेको रहेछ । किरण पुस्तकालयको जन्मदाता त्यो व्यक्तित्व हो - शशिकिरण पन्थी अर्थात् अहिलेको शशि पन्थी ।

यसपछि गुल्मीको दश महिने बसाइमा उहाँसँग बरोबर भेट हुने गर्दथ्यो । शैक्षिक संस्थामा आबद्ध भएकोले पनि विचार मिल्न थाले, त्यसपछि सामीप्यभाव राखिदै गयो । पछि काठमाडौं उहाँ आएको मौकामा डेरामा पनि बसालेको छु । उहाँसँग काठमाडौंमा यसरी भेटघाटलाई निरन्तरता दिलाउन हाम्रो पुरुषार्थ पनि माध्यम हुन थाल्यो । त्यहाँ दीनपन्थीज्यूले पनि पुस्तकालयको ठूलै जिम्मेवारी बोकेको अनुभव र शशिज्यूकै शैलीमा परिचय पाएँ । उहाँहरूको पुस्तकालयप्रतिको समर्पण धेरै भएको पाएँ । भेटमा दुबै भाइहरूले लेखरचना लेख्न प्रेरणा गर्नुहुन्थ्यो । मेरो विधा साहित्य नभए पनि फाट्टफुट्ट उहाँहरूको आग्रह टार्न नसकी केही लेख्ने र आजीवन सदस्य बनेको थिएँ । राष्ट्रिय विकास सेवा गर्ने क्रममा तम्घास छेउँको पराल्मीमा बिहे गर्न पुगेर यो तम्घास र गुल्मी जिल्लासँग बढी सामीप्य भाव राख्ने अवसर पनि पाएँ ।

मैले २०३९ सालमा खेती व्यवसाय आयोजनाअन्तर्गत अध्ययन गर्न जिल्ला सुपरभाइजर बनेर नौ महिना तम्घासमै कार्यालय खोलेर बिताएँ । तम्घासमा बसेकोबेला पुस्तकालय, शशि र दीनपन्थीज्यूहरूसँग भेट कुराकानी गर्ने मेरो दिनचर्या बनेको थियो । यसैगरी २०५९ ।६० मा (चैत-साउनसम्म) गुल्मी-अर्घाखाँची ग्रामीण विकास परियोजना (गार्डेप)मा कृषि अर्थशास्त्रीका रूपमा चार महिना यसै तम्घासमा बिताउँदा अझै सामीप्यतामा दुबै भाइ र अरू पनि थपिए

र आज पनि उहाँहरू र पुस्तकालय दुबैको नजीक ठान्दछु । उतिबेलै यसै पुस्तकालयबाट निस्कने हाम्रो पुरुषार्थको आजीवन सदस्य संयोगवश म र मेरो बुबा दुबै नै बनेका रहेछौं । यसबाट पनि हाम्रो भावनात्मक प्रगाढता झाङ्गिदै गयो । यसको श्रेय यही पुस्तकालय र शशिजीलाई जान्छ । सधै अरूलाई संमान दिने शशिजीले यस्तो स्थितिमा ल्याउने जस अरू थुप्रै व्यक्तित्वलाई दिनुहुन्छ होला । जो जसलाई जस दिए पनि यी दुई भाइको यस पुस्तकालयप्रति समर्पणभाव मापन गर्न सकिदैन ।

यस पुस्तकालयमा प्रमुख गहकिला पाठक कर्मचारी थिए । खरिदार, सुब्बा र अधिकृत सबैको दैनिक गन्तव्यस्थल, कार्यालयसमयपछिको समय बिताउने थलो र बौद्धिक साथी यही पुस्तकालय बनेको थियो । बासी गोर्खापत्र केही हाकिमले मात्र पढ्ने बेला स्थापित यस पुस्तकालयका लाखौं पाठक भए होलान् । लोक सेवा दिन तयारी गरेका कतिले यही आएर अध्ययन गरेर सफल भएहोलान्, उच्चतम कर्मचारी, राजनेता बने होलान् । कतिले तहगत शिक्षा पढ्ने क्रममा यही आएर पाठ्यपुस्तक हेरे होलान् । यी यस्ता पाठकहरू नै यस पुस्तकालयका सक्कल प्रमाण र साक्षी हुन् ।

यस पुस्तकालयमा प्रमुख गहकिला पाठक कर्मचारी थिए । खरिदार, सुब्बा र अधिकृत सबैको दैनिक गन्तव्यस्थल, कार्यालयसमयपछिको समय बिताउने थलो र बौद्धिक साथी यही पुस्तकालय बनेको थियो । बासी गोर्खापत्र केही हाकिमले मात्र पढ्ने बेला स्थापित यस पुस्तकालयका लाखौं पाठक भए होलान् । लोक सेवा दिन तयारी गरेका कतिले यही आएर अध्ययन गरेर सफल भएहोलान्, उच्चतम कर्मचारी, राजनेता बने होलान् । कतिले तहगत शिक्षा पढ्ने क्रममा यही आएर पाठ्यपुस्तक हेरे होलान् । यी यस्ता पाठकहरू नै यस पुस्तकालयका सक्कल प्रमाण र साक्षी हुन् ।

यिनीहरूको सद्भाव र स्थानीय जन एवं बौद्धिक जनको सहयोग यस पुस्तकालयलाई छ ।

यिनीहरूको सद्भाव र स्थानीय जन एवं बौद्धिक जनको सहयोग यस पुस्तकालयलाई छ । तर संयोजन गराउने श्रीगणेश शशिजीलाई दिन चाहन्छु । भविष्यमा यो ई पुस्तकालयसमेत बन्न सकोस्, सूचना र प्रविधिको अध्ययन थलो यही बनोस्, शुभकामना छ ।

✍ **कृषि अर्थशास्त्री, परामर्शदाता, स्वतन्त्र लेखक, पूर्व सहसचिव-कृषि मन्त्रालय ।**

-०००-

किरण पुस्तकालय



✍ डा. दामोदर ढकाल

१. पुस्तकालयको सङ्क्षिप्त इतिहास र किरण पुस्तकालय

पुस्तकालय पुस्तक र आलय मिलेर पुस्तकालय बनेको हो । यसको अर्थ पुस्तक राख्ने घर हो । पुरानो समयमा सूचना र ज्ञानका सामग्री पुस्तकहरू नै भएकाले यिनको सङ्ग्रह गर्ने परम्परा पहिलेदेखि नै चलिआएको हो । त्यसबेला पुस्तकालयलाई ग्रन्थालय ग्रन्थकुटी, ग्रन्थ सङ्ग्राहलय आदि भनिन्थ्यो । आजभोलि विषयक्षेत्र र कार्यअनुसार वाचनालय, डकुमेन्टेसन केन्द्र, स्रोत केन्द्र आदि पनि भनिन्छ ।

वर्तमान समयमा पुस्तकालयहरूमा कागजमा छापिएका पुस्तकहरू मात्र नभई श्रव्य-दृश्य सामग्री, माइक्रोफिल्म CD, DVD जस्ता विद्युतीय सामग्री कम्प्युटर एवं इन्टरनेटका माध्यमले पाइने थुप्रै ज्ञान र सूचना सामग्रीहरू उपलब्ध हुन थालेका छन् । आजभोलि डिजिटल लाइब्रेरी, ई-लाइब्रेरी, भर्चुअल लाइब्रेरी आदि नाम पनि दिन थालिएको छ ।

२. विश्वका केही प्रमुख पुस्तकालयहरू

(क) प्राचीन पुस्तकालयहरू

सुमेरियाको माटाका खबटे पुस्तकालय, सिरियाको एब्ला पुस्तकालय, निप्पुरको-राजा हम्मुराबीको पुस्तकालय, निनेभेको राजा असुल बानीपालको पुस्तकालय, ग्रीसको अरिस्टोटलको लिसियम पुस्तकालय, इजिप्टको राजा टोलमीको अलेक्जाइन्ड्रिया पुस्तकालय, टर्कीको पर्गामम पुस्तकालय, चीनको हान वंशका राजा वु को पुस्तकालय, रोमको राजा अगस्टसको अक्टेभियन पुस्तकालय आदि प्रसिद्ध छन् ।

३. मध्यकालीन र आधुनिक पुस्तकालय

मध्यकालीन समयका पुस्तकालयहरूदेखि लिएर आधुनिक कालसम्म आइपुग्दा फ्रान्सको- बिब्लियोतेक नेस्योनाल पुस्तकालय र बोडलियन पुस्तकालय, मेन्चेस्टर पुस्तकालय, रोयल लाइब्रेरी अफ डेनमार्क, जर्मन स्टेट लाइब्रेरी, रूसको रानी क्याथ राइनको पुस्तकालय, ब्रिटिस म्युजियम पुस्तकालय, अमेरिकाको लाइब्रेरी अफ काँग्रेस, अर्जेन्टिनाको राष्ट्रिय पुस्तकालय, रूसको रसियन स्टेट लाइब्रेरी, भारतको राष्ट्रिय पुस्तकालय, इटलीको अम्ब्रोजियन पुस्तकालय, नेपालको राष्ट्रिय पुस्तकालय विशेष प्रसिद्ध छन् ।

४. नेपालमा पुस्तकालय स्थापनाको इतिहास

प्राचीन समयमा मठ, मन्दिर, गुम्बा, विहार, दरबार, गुरु, पुरोहितका घरहरू नै अहिलेका पुस्तकालयका प्राचीन रूप मान्न सकिन्छ । भारतमा तक्षशिला, नालन्दा, विक्रमशिला, पाटलीपुत्रहरूमा प्राचीन समयमा प्रसिद्ध विश्वविद्यालयहरू थिए । तिनको प्रभाव नेपालमा पनि परेको थियो । गोरखा दरबार, नुवाकोट दरबार, ललितपुर, भक्तपुर दरबार र अन्य मठ मन्दिरमा भएका पुस्तकहरूको सङ्कलन गरेर हनुमान ढोका दरबारमा राखिएका पुस्तकहरूले नै राजकीय पुस्तकालयको दर्जा पाएको देखिन्छ । नेपालको पहिलो कानूनी रूपमा स्थापित पुस्तकालयको नाम हो 'चिताइ तहबिल' पहिलो लाइब्रेरियन हुन् केदारनाथ भा । यसरी पहिलो पुस्तकालयको स्थापना गर्ने व्यक्ति हुन् गीर्वाण युद्ध विक्रम शाह । यसको स्थापना वि.सं. १८६९ भदौ १५ गते शुक्रबारका दिन काठमाडौंमा भएको हो । त्यसपछि हनुमान ढोकामा रहेका अर्थात् **'चिताइ तहबिल'**का सबै पुस्तकहरू १९०४ मा थापाथली दरबारको जैसी कोठामा सारिएको थियो । उक्त पुस्तकालयमा खड्गराम जोशीलाई लाइब्रेरियन पदमा नियुक्त गरिएको थियो । उक्त पद सुब्बा सरहको थियो । तिनै पुस्तक वीर शमशेरद्वारा १९५३ मा दरबार स्कुलको बुइँगलमा सारियो । त्यसैलाई दरबार लाइब्रेरी भनियो । १९५७ मा यसलाई घण्टाघरमा सारेर घण्टाघर लाइब्रेरी भनियो । यसलाई पुनः १९६२ मा वीर लाइब्रेरी सरकारी पुस्तकखाना भनियो । यो २०२४ मा राष्ट्रिय अभिलेखालयमा विलय भयो ।

५. २००७ सालअघि खुलेका नेपालका केही चर्चित पुस्तकालयहरू

पुस्तक पढ्ने दलान पाल्पा १९८३, पशुपति प्रताप पुस्तकालय तौलिहवा १९८३, शारदा पुस्तकालय पाटन २००३, प्रदीप्त पुस्तकालय काठमाडौं २००३, आदर्श पुस्तकालय विराटनगर २००३, विद्या मन्दिर पुस्तकालय, बाग्लुङ २००३, धवल

पुस्तकालय पाल्पा २००४, महावीर पुस्तकालय बुटवल २००३, सार्वजनिक विद्याभवन पुस्तकालय २००४ त्यसपछि भोजपुर, धनकुटा, सिराहा, आठराई चुहान्डाँडा, सर्लाही, गौर, वीरगञ्ज, बन्दीपुर, नेपालगञ्ज, दाङ आदि विभिन्न क्षेत्रमा पुस्तकालयहरू खुल्दै गएका थिए ।

२००७ सालपछि देशैभरि स्कुल, कलेज विभिन्न शिक्षण संस्थाहरू, पुस्तकालयहरू खुल्दै जाने क्रममा नेपाल राष्ट्रिय पुस्तकालयको स्थापना २०१३ मा भयो । यो राजगुरु पं. हेमराज पाण्डेको निजी पुस्तकालय हो । यसको स्थापनाकालमा ३४२९२ पुस्तक थिए ।

२०१६ मा त्रिपुरेश्वरमा १२०० पुस्तक राखेर त्रिभुवन विश्वविद्यालय पुस्तकालय खुलेको थियो । यही २०१९ मा त्रि.वि. केन्द्रीय पुस्तकालय भयो । केसर शमशेरको पुस्तकालय त्यसबेला निकै चर्चामा थियो । पूर्वीय तथा पाश्चात्य जगत्का संस्कृत, नेपाली, हिन्दी, बङ्गाली, अङ्ग्रेजी, अरबी, फारसी भाषामा लेखिएका महत्त्वपूर्ण पुस्तकहरूको सङ्कलन केसर शमशेरले गरेका थिए । यी सम्पूर्ण पुस्तकहरू केसर शमशेरकी श्रीमतीले २०२६ सालमा ३०००० पुस्तक तत्कालीन सरकारलाई हस्तान्तरण गरेकी थिइन् ।

२०३० सालदेखि यस पुस्तकालयबाट नियमित, व्यवस्थित र ऐतिहासिक काम हुँदै आएका छन् । यो पुस्तकालय अहिले अध्ययन र अनुसन्धानको केन्द्रको रूपमा विकसित भएको छ । प्रारम्भमा देश र विदेशबाट समेत पत्रिका झिकाई पत्रपत्रिका पढ्ने बानी बसालेको यस पुस्तकालयमा हाल दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, वार्षिक आदि पत्रिका आउने गरेका छन् । प्रारम्भिक चरणमा विभिन्न व्यक्तिहरूसँग पुस्तकहरू सङ्कलन गरी प्रारम्भ गरेको यस पुस्तकालयमा वर्तमान समयमा दश हजार भन्दा बढी पुस्तकहरू रहेका छन् । यो पुस्तकालय हाल गुल्मी जिल्लाको एक नं. क्षेत्रमा पर्दछ । तीन-तीन वर्षमा यस पुस्तकालयका पदाधिकारीहरू निर्वाचनबाट छानिएर आउने व्यवस्था गरिएको छ ।

मदन पुरस्कार पुस्तकालय पाटन ढोकामा २०१३ सालमा मदन शमशेरको सम्झनामा जगदम्बाद्वारा स्थापना गरिएको हो । नेपाली भाषाको पुस्तकालयको रूपमा यो स्थापित छ ।

यसै क्रममा गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा शशि पन्थीका बुबा देवीदत्त पन्थीबाट वि.सं. २०२५ साल कार्तिक २० गते किरण पुस्तकालयको स्थापना

भएको देखिन्छ । हुन त त्यसभन्दा पहिला पनि गुल्मी जिल्लामा रिडी, धुर्कोट, शान्तिपुर, तम्घासमा पुस्तकालयहरू खुलेका थिए । ती धेरै समयसम्म चल्न नसकेर बन्द भएका थिए । २०३० सालदेखि यस पुस्तकालयबाट नियमित, व्यवस्थित र ऐतिहासिक काम हुँदै आएका छन् । यो पुस्तकालय अहिले अध्ययन र अनुसन्धानको केन्द्रको रूपमा विकसित भएको छ । प्रारम्भमा देश र विदेशबाट समेत पत्रिका झिकाई पत्रपत्रिका पढ्ने बानी बसालेको यस पुस्तकालयमा हाल दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, वार्षिक आदि पत्रिका आउने गरेका छन् । प्रारम्भिक चरणमा विभिन्न व्यक्तिहरूसँग पुस्तकहरू सङ्कलन गरी प्रारम्भ गरेको यस पुस्तकालयमा वर्तमान समयमा दश हजार भन्दा बढी पुस्तकहरू रहेका छन् । यो पुस्तकालय हाल गुल्मी जिल्लाको एक नं. क्षेत्रमा पर्दछ । तीन-तीन वर्षमा यस पुस्तकालयका पदाधिकारीहरू निर्वाचनबाट छानिएर आउने व्यवस्था गरिएको छ ।

नेपालबाहिर पनि नेपालीहरू भएका विभिन्न मुलुकमा यो पत्रिका जाने गर्दछ । यस पत्रिकाले राष्ट्रियस्तरको 'क' वर्गको मान्यता प्राप्त गरेको छ । यस पुस्तकालयबाट विभिन्न विद्वान् कविहरूका लेख रचनाहरू सङ्कलन गरी हाम्रो पुरुषार्थ पत्रिकामा प्रकाशित गर्ने गरेको देखिन्छ । यस पुस्तकालयबाट नियमित रूपमा पत्रिका प्रकाशित गर्नुका साथै केही विद्वान्हरूका अनुसन्धानात्मक, ऐतिहासिक कृतिहरू पनि प्रकाशित भएका छन् । जस्तै- सन्त शशिधरको बाणोपनिषद्, रेसुङ्गाका आध्यात्मिक कृति, केही जनश्रुतिहरू, रुरुक्षेत्र, ने नेपालः बुद्धस्मरणम्, मेरो देश नेपाल, गुल्मीको ऐतिहासिक झलक, मानवताको कलङ्क, जातपात र छुवाछूत प्रथा, सांस्कृतिक चिन्तन, अर्वाचीन रेसुङ्गा, तपोभूमि रेसुङ्गाधाम, ग्रह विमर्श आदि ।

वाचनालयको सञ्चालन हाल दुई जना स्वयंसेवकबाट गरिएको छ । २०७५ सालदेखि गुल्मी जिल्लाका साहित्यिक प्रतिभालाई पुरस्कार दिने व्यवस्था गरेको कुरा हाम्रो पुरुषार्थ वर्ष ४४ अङ्क २ सम्पूर्णाङ्क ७३ पृष्ठ ६७ मा उल्लेख गरिएको छ ।

पचास वर्षअघि स्थापना भएको यस पुस्तकालय भवनमा सात कोठा, फर्निचर, दराज, टेवल, कुर्सी र अन्य आवश्यक सामग्रीहरू रहेका छन् । यस पुस्तकालयलाई उन्नति प्रगति गराउन होस् या **'हाम्रो पुरुषार्थ'** पत्रिकाको श्रीवृद्धि

गर्नमा होस् अहोरात्र खटेर योगदान गर्नुहुने शशि पन्थी, दीन पन्थी आदि पन्थी परिवारको विशेष योगदान रहेको देखिन्छ ।

हाम्रो पुरुषार्थ

२०३० सालदेखि 'हाम्रो पुरुषार्थ' नामक पत्रिका वार्षिक रूपमा प्रकाशित हुन लागेको हो । उक्त पत्रिका २०३५/३६ देखि अर्धवार्षिक रूपमा प्रकाशित हुँदै आएकोमा हाल त्रैमासिक रूपमा प्रकाशित हुँदै आएको छ ।

पुस्तकालयले प्रत्येक वर्ष भानुभक्त आचार्य, मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा र लेखनाथ पौड्यालको जन्म जयन्ती पनि भव्यताका साथ मनाउने र विभिन्न प्रतिभाहरूलाई पुरस्कार पनि प्रदान गर्ने गर्दछ । अन्य कवि लेखकहरूका पनि जन्म जयन्ती बेला बखत कवि गोष्ठीको आयोजना गरी मनाउने र पुरस्कार प्रदान गरी कवि लेखकको आत्मबल बढाउने काममा निरन्तर अघि बढिरहेको छ । नव प्रतिभाहरूलाई पनि प्रस्फुटन गर्ने काम यस संस्थाबाट भएको पाइन्छ ।

यस पत्रिकाका पाठकहरू वर्तमान अवस्थामा एक हजारभन्दा बढी पुगेका छन् । नेपालबाहिर पनि नेपालीहरू भएका विभिन्न मुलुकमा यो पत्रिका जाने गर्दछ । यस पत्रिकाले राष्ट्रियस्तरको 'क' वर्गको मान्यता प्राप्त गरेको छ । यस पुस्तकालयबाट विभिन्न विद्वान् कविहरूका लेख रचनाहरू सङ्कलन गरी हाम्रो पुरुषार्थ पत्रिकामा प्रकाशित गर्ने गरेको देखिन्छ । यस पुस्तकालयबाट नियमित रूपमा पत्रिका प्रकाशित गर्नुका साथै केही विद्वान्हरूका अनुसन्धानात्मक, ऐतिहासिक कृतिहरू पनि प्रकाशित भएका छन् । जस्तै- सन्त शशिधरको बाणोपनिषद्, रेसुङ्गाका आध्यात्मिक कृति, केही जनश्रुतिहरू, रुरुक्षेत्र, ने-नेपालः बुद्धस्मरणम्, मेरो देश नेपाल, गुल्मीको ऐतिहासिक झलक, मानवताको कलङ्क जातपात र छुवाछूत प्रथा, सांस्कृतिक चिन्तन, अर्वाचीन रेसुङ्गा, तपोभूमि रेसुङ्गाधाम, ग्रह विमर्श आदि ।

यस पुस्तकालयले प्रत्येक वर्ष भानुभक्त आचार्य, मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा र लेखनाथ पौड्यालको जन्म जयन्ती पनि भव्यताका साथ मनाउने र विभिन्न प्रतिभाहरूलाई पुरस्कार पनि प्रदान गर्ने गर्दछ । अन्य कवि लेखकहरूका पनि जन्म जयन्ती बेला बखत कवि गोष्ठीको आयोजना गरी मनाउने र पुरस्कार प्रदान गरी कवि लेखकको आत्मबल बढाउने काममा निरन्तर अघि बढिरहेको छ । नव प्रतिभाहरूलाई पनि प्रस्फुटन गर्ने काम यस संस्थाबाट भएको पाइन्छ ।

✍ **सहप्राध्यापक-मैरहवा बहुमुखी क्याम्पस, रूपन्देही ।**

-०००-

हाम्रो पुरुषार्थ : मेरो प्रेरणा-ग्रन्थ

✍ पुष्पराज पौडेल

हाम्रो पुरुषार्थ अरू विषयको होइन, साहित्यिक त्रैमासिक पत्रिकाको कुरा हो । गुल्मी जिल्लाको तम्घासबाट प्रकाशित हुने यो त्रैमासिक मेरो लागि त प्रेरणा-ग्रन्थ हो । गुल्मीमा म पहिलोपल्ट २०४९ साल जेठको चौथो हप्ता पुगेको हुँ । मेरो साथमा मेरी श्रीमती अजुद्धमायालाई पनि सो अवसरमा यस पवित्र स्थलको अवलोकन गर्ने सौभाग्य मिलेको छ । ऋष्य शृङ्ग्य ऋषिको तपोभूमिमा पुगिएकाले गौरवको अनुभव भयो । ठाउँ पवित्र भनेर मात्र होइन, यसको बढ्दो विकास, र तम्घासमा सञ्चालित किरण पुस्तकालयको व्यवस्थापनका साथै यसबाट प्रकाशित हुने हाम्रो पुरुषार्थको योगदानलाई सम्झेर पनि हो ।

किरण पुस्तकालय हेर्ने मौका त्यसैबेला मिलेको थियो । सुने अनुसार शशि पन्थीले आफ्नो नाम शशिकिरण पन्थीबाट किरण सोही पुस्तकालयलाई सुम्पिएर आफ्नो नाम शशि पन्थी मात्र लेख्न थाल्नुभयो । आज त किरण पुस्तकालयको बारेमा शोधपत्र पनि लेखिसकिएको सुनिन्छ । आफू पहिल्यैदेखि पुस्तकालयबाट प्रभावित र तिनमा फेला पर्ने पुस्तकबाट लाभान्वित तथा प्रेरित भएको हुँदा अन्य ठाउँमा पनि पुस्तकालय सञ्चालनको प्रयास गर्ने गरेको व्यक्ति हुँ भन्न मन लाग्छ । किरण पुस्तकालय देखेपछि र यसका प्रकाशनबाट लाभान्वित हुन थालेपछि त जहाँ गए पनि यस पुस्तकालय, यहाँबाट प्रकाशन हुने हाम्रो पुरुषार्थ र तिनको विकासमा सम्बद्ध व्यक्तिहरूको सम्झना र गुणगान गर्न पछि पर्दिनँ ।

आफू पहिल्यैदेखि पुस्तकालयबाट प्रभावित र तिनमा फेला पर्ने पुस्तकबाट लाभान्वित तथा प्रेरित भएको हुँदा अन्य ठाउँमा पनि पुस्तकालय सञ्चालनको प्रयास गर्ने गरेको व्यक्ति हुँ भन्न मन लाग्छ । किरण पुस्तकालय देखेपछि र यसका प्रकाशनबाट लाभान्वित हुन थालेपछि त जहाँ गए पनि यस पुस्तकालय, यहाँबाट प्रकाशन हुने हाम्रो पुरुषार्थ र तिनको विकासमा सम्बद्ध व्यक्तिहरूको सम्झना र गुणगान गर्न पछि पर्दिनँ ।

२०२५ साल कार्तिक २० गते स्थापित यस पुस्तकालयले शायद आगामी वर्ष २०७५ मा आफ्नो स्वर्ण महोत्सव आयोजना गर्नेछ । त्यस अवसरमा यसले विशेष प्रकाशन गर्ला नै । हालसम्म एक दर्जनभन्दा बढी कृति यसले प्रकाशन गरेको थाहा पाउँदा को खुसी नहोला ? तर मलाई अहिले त्यही किरण पुस्तकालयले ४ दशकभन्दा लामो समयदेखि नियमित रूपमा प्रकाशन गर्ने गरेको हाम्रो पुरुषार्थमा नै बढी ध्यान दिन मन लागेको छ । शशि पन्थीज्यूको आग्रह पनि बिर्सेको छैन । अनि, त्यसमै रमाउन चाहेको छु, जसले मलाई नियमितजस्तै रसास्वादन गराएको छ, प्रेरणामाथि प्रेरणा थपेको छ यस प्रकाशनका हरेक अङ्कले ।

शशि पन्थीले मलाई उपलब्ध गराउनुभएको हाम्रो पुरुषार्थका प्रकाशनहरू गन्दा झण्डै डेढ दर्जन पुगिसकेको पाएँ । हाम्रो पुरुषार्थजस्तै शशि पन्थी पनि मेरो प्रेरणाको पात्र हुनुहुन्छ । उहाँसँगको सहकार्य म बिर्सन सक्तिनँ । उहाँबाट मैले रेडक्रस अभियानमा काम गर्दा थुप्रै सिकेको छु । साहित्यिक दृष्टिले पनि म ज्यादै प्रभावित छु । शिक्षाको क्षेत्रमा मूलतः रेसुङ्गा क्याम्पसको माध्यमबाट उहाँको योगदान देखेर म ज्यादै प्रेरित छु । यी सबैको केन्द्र विन्दुमा हाम्रो पुरुषार्थ घुमिरहेको छ । यसको अर्धवार्षिक र त्रैमासिक स्वरूप मैले देख्न पाएको छु । पढ्न पाएको छु, पर्याप्त रसास्वादन गर्न पाएको छु । अझ बेला बखतका विशेषाङ्कहरूले साहित्यिक फाँटलाई थप उर्बर बनाएको महसुस हुन्छ । २०७० पुससम्म आइपुग्दा ४१ औं वर्षमा ६० औं अङ्क भानु विशेषाङ्कको रूपमा प्रकाशन भएको पाएँ । तनहूँवासीको नाताले झन् खुसी लाग्यो । यस्तो काम कम मिहिनेत र साधनाले पुग्दैन । शशि पन्थीजस्तो सौम्य, शान्त, उदार, निर्लोभी, गम्भीर, शिक्षाप्रेमी, बौद्धिक व्यक्तित्व, समाजसेवी र साहित्यसाधक सम्पादक नपाएको भए यसले यो प्रगति गर्न सक्थ्यो वा सक्ने थिएन, त्यो म भन्न सक्दिनँ । मैले पढेको पछिल्लो अङ्क वर्ष ४३, अङ्क २, सम्पूर्णाङ्क ६९ रहेछ २०७२ माघदेखि चैत्रको त्रैमासिक । यसै अङ्कमा नै यस लेखकले पनि काठमाडौंको सेरोफेरोमा एउटा यस्तै सामुदायिक तथा सार्वजनिक पुस्तकालय (त्रिवेणी) को सानो चिनारी हाम्रो पुरुषार्थबाट गराउने मौका पाएको थियो ।

हाम्रो पुरुषार्थले प्रथमतः गुल्मी जिल्लाको शैक्षिक तथा साहित्यिक विकासमा महत्त्वपूर्ण सहयोग गरेको छ, र त्योभन्दा बढी नेपाली साहित्यिकै विकासमा योगदान गरेको मैले बुझेको छु । गुल्मी जिल्लाको पहिलो र २०६१ सालसम्मको एक मात्र अर्धवार्षिक साहित्यिक पत्रिका बनेको पाएँ हाम्रो पुरुषार्थ । स्वदेश मात्र होइन, परदेशमा पनि यसले राम्रै पहुँच राखेको सुन्दा नेपाली पाठकहरू जहाँ भए पनि यसको प्रेमबाट वञ्चित नहुने स्पष्ट नै छ । पत्रिकाले आजीवन ग्राहक (८९०) र स्थायी निकाय (५३)बनाउन सकेको रहेछ (२०६९ कार्तिकसम्म) ।

यसका साथै उनीहरूको परिचय दिने परिपाटी पनि बसालेको पाउँदा खुसी लाग्यो, यो पनि प्रेरणाकै पाटो हो । एक पटक शशि पन्थी सरले ग्राहक बन्न आग्रह गर्नुभएको जस्तो पनि याद आउँछ । तर म के कारणले हो, ग्राहक बन्न सकेको रहेनछु । हाल त रू.एक हजारबाट २०६२ सालदेखि एक हजार पाँच सय हुँदै २०७१ सालदेखि तीन हजार रूपैयाँ पुगेको पाएँ आजीवन ग्राहकका लागि शुल्क । एक त्रैमासिक अङ्कको मूल्य रू. ५०।- (पचास) पर्ने रहेछ । राष्ट्रिय वाणिज्य बैङ्क, गुल्मीमा बचत हि.नं. १४१७ मा पत्रिकाको नममा खाता रहेबाट आर्थिक कारोबार संस्थागत छ भन्ने सङ्केत गर्दछ । संस्थागत रूपमा रहेको किरण पुस्तकालयको संस्थागत परिपाटी बुझ्दासमेत जसरी पनि यो पत्रिका नियमित लिनु र पढ्नुपर्छ भन्ने ठानेको छु मैले । हाम्रो पुरुषार्थ बेला बखतमा पढ्न पाइन भने मलाई कताकता के नपुगेको आभास हुन थालेको छ । २०३० साल कार्तिकमा महाकवि देवकोटा जयन्ती र पुस्तकालयको जन्मजयन्तीका अवसरमा हाम्रो पुरुषार्थको श्रीगणेश भएको रहेछ । २०३० सालदेखि २०३५ सालसम्म वार्षिक प्रकाशन हुँदै आएको यो पत्रिका २०३६ सालदेखि २०६१ सम्म अर्धवार्षिक अङ्कको रूपमा मुहार देखाएको रहेछ । सुनेको थिएँ, २०४६ देखि २०५२ सम्म यस प्रकाशनले थकाइ मारेको हो कि ? जे होस्, अहिले यो आफ्नो प्रगति मार्गमा कस्सिएर लागेको देखिन्छ । ४० वर्षको पुरुषार्थमय यात्रा पूरा गरी त्रैमासिक बन्न पुगेको रहेछ यो अहिले । विशेषाङ्को रूपमा त आवरणसहित ५०८ पृष्ठसम्मको मोटो र स्वस्थ पनि देखेको छु मैले यसका अङ्कमध्ये ।

मोफसलको सशक्त राष्ट्रिय पत्रिकाको दृष्टिले हाम्रो पुरुषार्थको टिप्पणी गरिएको पाउँदा औधी रमाउन मन लाग्छ । यसभित्र राष्ट्रियता, भाषा, साहित्य, संस्कृति र कलाका विविध विषयवस्तु पस्केको देख्दा हृदयदेखि नै प्रशंसा भाव पलाउन थाल्छ । अझ क वर्गको राष्ट्रिय साहित्यिक पत्रिकामा वर्गीकृत भएर २०७०/७१ आर्थिक वर्षको मूल्याङ्नपछि यसले स्तरीयतामा अर्को फड्को मारेको छ ।

मोफसलको सशक्त राष्ट्रिय पत्रिकाको दृष्टिले हाम्रो पुरुषार्थको टिप्पणी गरिएको पाउँदा औधी रमाउन मन लाग्छ । यसभित्र राष्ट्रियता, भाषा, साहित्य, संस्कृति र कलाका विविध विषयवस्तु पस्केको देख्दा हृदयदेखि नै प्रशंसा भाव पलाउन थाल्छ । अझ क वर्गको राष्ट्रिय साहित्यिक पत्रिकामा वर्गीकृत भएर २०७०/७१ आर्थिक वर्षको मूल्याङ्नपछि यसले स्तरीयतामा अर्को फड्को मारेको छ । यो थाहा पाउँदा कत्ति पनि कन्जुस्याइँ नगरी बधाइ दिन मन लाग्छ हाम्रो पुरुषार्थको यस पुरुषार्थप्रति । हामीजस्तो सिर्जनाकर्ममा इच्छुक व्यक्तिका लागि सस्तो र

भरपर्दो प्रेरणापरक गुरुको स्थान ओगटेको उत्कृट पत्रिका मान्न सक्छु म हाम्रो पुरुषार्थलाई । अग्रज साहित्यकारहरूका गहन सिर्जनादेखि सामान्य जनजीवनका विषयमा लेखिएका रचना, अन्तर्वार्ता आदि विषयवस्तुले जहिले पनि स्थान पाउने देखिएकाले यसको स्तरमा शङ्का हुने कुरै भएन ।

पत्रिकाले स्थायी स्तम्भ जीवन्त राखेको छ । केही न केही विशिष्ट कृति र केही समसामयिक विषयवस्तु त हुने नै भए । मैले थाहा पाएसम्म यसमा प्रकाशित त्यस प्रकारका लेख-रचनाहरू साह्रै प्रेरणादायी छन् । ती विषयवस्तु सान्दर्भिक र मर्मस्पर्शी छन् । अनि, संग्रहणीय र उपयोगी पनि छन् । यसले मनग्य बौद्धिक छाप दिएको महसुस हुन्छ । समयसमयमा विशेषाङ्क निकाल्ने यसको परम्परा बनिसकेको पाएँ । भानु विशेषाङ्क (२०७०) पछिल्लो पटक मेरा हात पर्‌यो । यस अघि पत्रकारिता विशेषाङ्क (२०६२), नेपाली भाषिक संगोष्ठी विशेषाङ्क (२०५८) पनि हेर्ने मौका पाएँ । अतिरिक्ताङ्क पनि निकाल्न यो सफल छ । बीपी विशेषाङ्क छोटो समय कतैबाट झलक्क हेर्न भ्याएको हुँ । डा. टीकराम पन्थी विशेषाङ्क (५६ औं अङ्क) पनि मसँग छ । अन्य विशेषाङ्कहरू के कति छन्, हात परेको र हेर्न पाएको छैन । किरण पुस्तकालयको मुखपत्रको रूपमा रहेको हाम्रो पुरुषार्थका कथा व्यथाहरू पनि होलान्, तर साक्षात्कार गर्न पाएको छैन । यद्यपि, शशि पन्थीज्यूका घरपरिवारसँग भेटघाट, उहाँको घरमा बासका साथै आमा द्रौपदादेवी पन्थीले खुवाउनुभएको ताजा दही, मही, दूध तथा भरपूर घिउ हालेको दालभात र तरकारी भुलेको छैन । पुस्तकालय तथा साहित्य जगत्को अध्ययन गर्ने क्रममा कतिपय ठाउँमा शशि पन्थीज्यू र म बन्दिपुर, वालिङलगायतका ठाउँमा सँगै गएको संस्मरण पनि छ ।

यसलाई विभिन्न किसिमले सहयोग गर्न सकिने रहेछ । ग्राहक बनेर वा लेख रचना पठाएर वा विज्ञापन दिएर पनि सहयोग गर्न सकिने रहेछ । साहित्यिक महारथीहरूकै प्रेरणाबाट पुस्तकालयको स्थापना, विकास र हाम्रो पुरुषार्थ आदि प्रकाशन हुन थालेको बुझ्दा गौरवान्वित हुन सकिन्छ । नेपाल सरकारको पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका, २०६९ अनुसार सञ्चालित भएर अहिले किरण पुस्तकालय र यस प्रकारको प्रकाशन जीवन्त छ । यसको आफ्नै इमेल र वेब साइटबाट पनि लाभान्वित हुनसक्ने थाहा पाएर म पनि रमाएको छु । पुस्तकालयको व्यवस्थापन समिति, पुस्तकालय सभा, स्थायी संरक्षक मण्डल, सम्पादक, सहसम्पादक तथा सहायक सम्पादक, प्रतिनिधि र कर्मचारीहरूको त्याग, तपस्या र बलिदान यसमा लुकेको छ । साहित्य साधनाकर्मीहरू त सदा सम्मान्य हुनुहुन्छ । उहाँहरू सबैप्रति आभार ।

पूर्व का.मु. कार्यकारी निर्देशक-नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालय, काठमाडौं ।

-ooo-

किरण पुस्तकालयसँग मेरो साइनो

✍ गणेश झवाली

वि.सं. २०३४ असार २७ गते बेलुका म तम्घास पुगेको थिएँ । त्यतिखेर थोर्गाबाट तम्घास जान पूरै एक दिन लाग्थ्यो । अहिले जस्तो मोटरबाटो पनि थिएन । यद्यपि पैदल हिंड्नका लागि बाटो भने स्तरीय नै थियो । विशेष काम नहुँदा खासै जाने गरिन्नथ्यो । 'सेमेस्टर' प्रणालीको स्नातक तहको परीक्षा उत्तीर्ण गरेपछि पुनः 'कम्प्रिहेन्सिव' परीक्षा दिनुपर्थ्यो त्यतिबेला । म पनि सो परीक्षा दिएको र नतिजा आइनसकेको मौकामा आफ्नो जिल्ला सदरमुकाम घुम्ने रहरले तम्घास पुगेको थिएँ । बर्खाको बेला, गौंडाकोटबाट रेसुङ्गाको थुम्कोतिरको उकालोको साटो पखेराको बाटो सहज ठानी त्यही रोजियो । माथिबाट जाँदा पनि कुहिरोले कतै नदेखिने भएकाले बरू झरनाहरूको स्वाद लिँदै जानु उचित लाग्यो । त्यसै पनि पानी नहुने मामलामा कहलिएको थोर्गेलीका लागि त्यस्ता झरनामा रमाउँदै जान पाउनुमा बेग्लै आनन्दानुभूति हुने नै भयो । तर पऱ्यो फसाद, झरनाको मजा लिन खोज्दा जुकाले सताउने रहेछन् । त्यसको सामना गर्ने बानी नपरेकाका लागि हातले टिपेर फाल्न पनि डर लाग्दो रहेछ । यसको अनभिज्ञताले गर्दा खासै सावधानी पनि अपनाइएन । त्यसरी जुका लाग्ने ठाउँमा टिमुरका बोटहरू हुँदा रहेछन् । त्यसो त टिमुरका पातहरू नै हातले मिचेर लगाउँदा पनि जुका भगाउन पुग्दो रहेछ । तर जुका लाग्ने मौसममा सम्भवतः त्यसैको उपचारको प्रयोजनका लागि होला, टिमुर लटरम्म फल्दो रहेछ । प्रकृतिले हामीलाई धेरै कुरा दिएकी छन् स्थान विशेषअनुसार, मौसम विशेषअनुसार । स्वयं मणि नचिन्ने भिल्लवासी भएपछि कसको के लाग्यो र ?

हो, यसरी बेलुका म तम्घास पुगेको थिएँ । बिजुली बत्ती नभएको त्यसबेलाको तम्घास, पसलहरूमा बालिने 'पेट्रोमेक्स' र लाल्टिनबाट बाहिर के उजेलो पुग्नु र, होटेलमा खाना खाएर सुत्नुको विकल्प रहेन त्यस दिनका लागि । भोलि बिहानको नित्य कर्मपछि बाहिरतिर घुम्ने रहरले बजारतिर निस्कैं । सानो बजार घुम्न कतिबेर पो लाग्थ्यो र, अनि लागैं सरकारी कार्यालय, अन्य सङ्घ संस्थाहरू रहेको क्षेत्रतिर । जाँदै गर्दा किरण पुस्तकालयमा आँखा पुग्यो । केही नजिक गएँ । सूचना टाँसेको देखेपछि पढ्न मन लाग्यो । भोलि अर्थात् असार

२९ गते भानु जयन्तीका उपलक्ष्यमा कविगोष्ठीको आयोजना हुँदै रहेछ । क्याम्पस पढ्दा सधैंजसो कविताहरू लेख्ने, यस्ता प्रतियोगितामा भाग लिने गरेको मेरो स्वभाव क्याम्पस छोडेको दुई महिना मात्र हुँदैमा बासी हुने त भएन नै । भोलि मनाउन लागिएको भानु जयन्तीमा म पनि सहभागी हुन्छु भन्ने अठोट त्यो सूचना पढ्ना साथ गरैं । केहीबेर लाँकुरीबोट वरपरको चउरमा टहलिएर खानाखाने समयमा आफू बसेको होटलमा फर्कें । खाना खाइसकेपछि आफू बसेको कोठामा गई भानु जयन्तीमा भानुकै विषयमा लेखेको कविता सुनाउने निधो गरी लेख्न थालैं । ३ वटा छन्द प्रयोग गरी १०वटा श्लोकको कविता तयार गरैं र शीर्षक राखैं- 'भानू ! तिम्रा नवकिरणले भीरपाखा उजेलून्' जो त्यस कविताको अन्तिम हरफ थियो । आफ्नो जिल्लाको सदरमुकाममा पहिलो पटक यसरी भाग लिएकाले कस्ता कस्ता कविहरूको सहभागिता रहन्छ, मेरो कविता कस्तो मानिएला भन्ने खुल्दुलीसहित त्यस कार्यक्रममा सहभागिता जनाएँ । सौभाग्य नै भन्नुपर्छ, मेरो कविताले पहिलो हुने अवसर पायो । त्यसलगत्तै किरण पुस्तकालयबाट प्रकाशित हुने 'हाम्रो पुरुषार्थ'मा समेत ठाउँ पायो । यो मेरा लागि किरण पुस्तकालय, हाम्रो पुरुषार्थ, यसका संस्थापक विद्वान् साहित्यकार शशि पन्थीजी र पुस्तकालय परिवारसँग परिचित हुने शुभअवसर बन्नपुग्यो । यसरी किरण पुस्तकालयसँग मेरो साइनो जोडिन पुगेको थियो ।

जोडिनुका पनि आ-आफ्नै विधि र प्रविधि हुन्छन् । कति भौतिक हुन्छन् त कति मानसिक । कति औपचारिकताले त कति समर्पणको भावनाले । कति त्यसैको संरक्षण र संवर्धनमा समर्पित भएर त कति हार्दिकताका साथ त्यसको भलो चिताएर । उच्च शिक्षाको अध्ययन र त्यसपछि निजामती सेवामा प्रवेशले मेरो भौतिक उपस्थिति निकै पातलो भयो । एकातिर त्यसताका उच्चशिक्षाका लागि राजधानीमै आउनु पर्थ्यो भने अर्कोतिर निजामती सेवाको खासगरी प्रशासन समूहका अधिकृतलाई उपत्यकाबाहेकका गृहजिल्लामा सामान्यतः पठाउने गरिन्थ्यो । यिनै बाध्यताले सशरीर उपस्थित भई पुस्तकालयको संरक्षण र संवर्धनमा पनि केही गुन लाउन सकिनँ । प्रत्यक्षतः आफैले रचना गरेका दुई कृति **'यो पानी कस्तो बेइमानी'** निबन्धसङ्ग्रह र **'माटोको माया'** कविता-सङ्ग्रह किरण पुस्तकालयमा पठाउनु र कहिलेकाहीं फुटकर रचना पठाउनुबाहेक त्यसको उन्नति र प्रगतिमा रमाउने, हाम्रो पुरुषार्थका विभिन्न अङ्क र विशेषाङ्कहरू प्राप्त गरी त्यसबाट पुस्तकालय र पत्रिकाको गतिविधि एवं साहित्यिक क्रियाकलापबाट आफू अद्यावधिक हुनेबाहेक थप केही गरेजस्तो लाग्दैन ।

अद्यावधिक हुनुलाई पनि सकारात्मक आँखाले हेरे नराम्रो देखिन्न । फूलमा सुगन्ध हुन्छ, तर त्यस सुगन्धलाई पनि हावाले फैलाउनुपर्छ । फूलमा पराग हुन्छन्, त्यसलाई सेचन गर्न पनि मौरी वा अन्य पक्षीहरूले सघाएका हुन्छन् । भौगोलिक दृष्टिले टाढा रहे पनि यसको सुगन्ध फैलाउन भने म पछि परिनँ र

त्यस समयमा सार्वजनिक पुस्तकालय सञ्चालन गर्नु र सोमार्फत साहित्यक पत्रिका प्रकाशित गर्नु एवं त्यसलाई निरन्तरता दिनु साधारण कुरा थिएन । पठन संस्कृतिले परिपक्वता पाइनसकेकेको अवस्था, पुस्तकालयमा राखिने पुस्तक र पत्र-पत्रिका सबै विधा, विचार र दर्शन समेट्न स्वेच्छाले राख्न नसकिने राजनैतिक व्यवस्था, पुस्तक प्राप्तिमा दाताहरूको कमी, किन्नका लागि स्रोतको अभाव, सहरीक्षेत्रमा पाइएका पुस्तक पनि ढुवानी गरी पुस्तकालयसम्म पुऱ्याउने सकस, व्यवस्थित रूपमा राख्न तदनुरूपको भवन र सञ्चालन गर्न जनशक्तिको कमी, यी र यस्ता चुनौतीहरूलाई सिरानीमा राखेर यो पुस्तकालय प्रारम्भ भएको थियो ।

अद्यापि परेको छैनँ । अर्को पाटोबाट हेर्दा सुगन्ध छ र त फैलाइन्छ । विकटताका दृष्टिले गुल्मी त्यतिबेला कस्तो थियो । तानसेनदेखि पैदल हिँड्नुपर्ने त्यस समयको केही सम्झना मैले माथि पहिलो अनुच्छेदमै उल्लेख गरेँ, जो आजको पुस्ताका लागि कल्पनातीत लाग्न सक्छ । त्यस समयमा सार्वजनिक पुस्तकालय सञ्चालन गर्नु र सोमार्फत साहित्यक पत्रिका प्रकाशित गर्नु एवं त्यसलाई निरन्तरता दिनु साधारण कुरा थिएन । पठन संस्कृतिले परिपक्वता पाइनसकेकेको अवस्था, पुस्तकालयमा राखिने पुस्तक र पत्र-पत्रिका सबै विधा, विचार र दर्शन समेट्न स्वेच्छाले राख्न नसकिने राजनैतिक व्यवस्था, पुस्तक प्राप्तिमा दाताहरूको कमी, किन्नका लागि स्रोतको अभाव, सहरीक्षेत्रमा पाइएका पुस्तक पनि ढुवानी गरी पुस्तकालयसम्म पुऱ्याउने सकस, व्यवस्थित रूपमा राख्न तदनुरूपको भवन र सञ्चालन गर्न जनशक्तिको कमी, यी र यस्ता चुनौतीहरूलाई सिरानीमा राखेर यो पुस्तकालय प्रारम्भ भएको थियो ।

त्यसो त चुनौतीले नै सिर्जनाको ढोका उघार्छ । आज संसारमै पुस्तकालयको परिचय निकै फराकिलो भएको छ । पहिले पुस्तकालयलाई Richardsonले Library is an institution where books are acquired for use and it is the use which is the prime motive of the library . भने झैं पुस्तकहरू पाइने र त्यसको प्रयोग गर्ने थलोका रूपमा हेरिन्थ्यो । त्यसपछि Albert Einsteinले The only thing that you absolutely have to know, is the location of the library . भनेजस्तै केही जान्नका लागि पहिले पुस्तकालय कहाँ छ त्यो जान्नुपर्छ । अर्थात् ज्ञान प्राप्तिको थलो पुस्तकालय हो भन्ने कुरामा जोड दिए । अहिले त Library बाट Documentation centre हुँदै Information centre मा परिणत हुँदै गएको छ । त्यसैले अहिलेको पुस्तकालयले आफूलाई सूचनाकेन्द्र र पाठकले आफूलाई प्रयोगकर्ताका रूपमा राखेर तदनुरूपको क्रियाकलाप गर्नु

समयको माग रहेको छ Ij .k . Rowling ले त अझ अगाडि बढी We should be delighted people still want to read, be it on kindle or a nook or whatever the latest device is .भनेर मान्छे अध्ययनशील भएकाले उसले पुस्तक वा किण्डल वा आइफोन वा अरू कुनै पछिल्लो पुस्ताको मोबाइल पनि प्रयोग गर्न सक्ने औंल्याएका छन् । यसरी अहिलेको अधिकांश युवापुस्ता Digital library को प्रयोगकर्ता भएको सन्दर्भमा यस पुस्तकालयले पनि यस चुनौतीलाई थप सिर्जनाले छिमल्ने कुरामा ढुक्क हुन सकिन्छ । त्यसो त हाम्रा प्राचीन ग्रन्थहरू, हस्तलिखित अभिलेखहरू, हाम्रा धार्मिक, सांस्कृतिक, लौकिक र पारम्परिक रीति-रिवाजलाई उजागर गर्ने प्रकाशनहरू हाम्रा अमूल्य निधि हुन्, जसको संरक्षण आजको चुनौती हो र यसलाई कसैले सुरक्षित राखेको छ भने त्यो पुस्तकालयले नै हो । यसरी पुस्तकालयले परम्परागत कामलाई जोगाउनु एउटा पक्ष रहेको छ भने आधुनिक रूपमा विकसित प्रविधिअनुरूपको खुराक पस्किँदै नयाँ पिँढीलाई पनि समयोचित ज्ञानप्राप्तिको ढोका उघार्नु वर्तमान समयको माग रहेको छ । यस अर्थमा किरण पुस्तकालयले आफ्नो ऐतिहासिक गरिमा कायम गर्न अहिलेको प्रविधिमैत्री पुस्तकालयको स्वरूपलाई विकसित गर्दै लैजानुपरेको छ । हुन त साधन र स्रोत सधैँ पछाडि हुन्छन् भने रहर सधैँ अगाडि पुगिसकेको हुन्छ । यस बीचको तालमेल सक्षम नेतृत्व, कुशल व्यवस्थापन र सम्बन्धित सरोकारवालाहरूको श्रद्धा र विश्वासमै अडेको हुन्छ । यसमा यो किरण पुस्तकालय अझ खरो उत्रोस्, स्वर्ण-जयन्तीको यस गरिमामय अवसरमा यही कामना गर्नु आफ्नो कर्तव्य ठानेको छु ।

किरण पुस्तकालय भन्ने बित्तिकै सँगै जोडिएर आउने नाम हो हाम्रो पुरुषार्थ । हातले लेखेका रचना हुलाकबाट वा स्वयं व्यक्तिबाट प्राप्तगरी त्यतिबेलाको Letter press का माध्यमबाट छपाइ गर्नसमेत सुविधा भएको सहरमा झरी छापिएका प्रति भरियालाई बोकाई लगेर वितरण गर्नुपर्ने जमाना पार गर्दै यहाँसम्म ल्याइपुऱ्याउनु साधारण तपस्या हैन । यस्ता कठिनतम घडी पार गर्दै यस पुस्तकालयको सम्पूर्ण कर्तृत्व र व्यक्तित्वलाई वाणी दिने काम यस पत्रिकाले निरन्तर गरिरहेको छ । पुस्तकालयको प्राङ्गण नटेकेकाहरू पनि यसै साहित्यिक पत्रिकामार्फत पुस्तकालयसँग सुपरिचित हुन्छन् । नेपाली साहित्यको श्रीवृद्धिमा यसको योगदान, समय समयमा प्रकाशित हुने विशेषाङ्कहरू यी सबै यसै पुस्तकालयका चम्किला पक्ष हुन् । अन्त्यमा उहीमाथि लेखिएको कविताको शीर्षक **भानु (सूर्य) तिम्रा नवकिरण (किरण पुस्तकालय) ले भीरपाखा (सबै क्षेत्र) उजेलून् ! यही कामना गर्दछु ।**

गुल्मी, थोर्गा (हाल : मीनभवन, काठमाडौं, पूर्व उपसचिव-नेपाल सरकार)

-ooo-

किरणको किरण

काशीनाथ मिश्रित

किरणको किरण फैलियो यहाँ
रहर लाग्छ रवि लुक्न जा जहाँ !
धमिलियो छवि अगाडि भानुको
किरणले जितिरहेछ जान्नुभो ?

तिमिरको जुन थियो कुशासन
किरणले लिइदियो प्रशासन !
अब त छैन उसको रजाइँ त्यो
जगत यो झलल झल्किँदो भयो !

बिरह गाउँछ गरीबका सुनी
तह लगाउँछ विवाद छन् भने
नयन खोल्नु उसको स्वभाव हो
किरण छर्नु उसको प्रभाव हो !

नियमसाथ पुरुषार्थ छाप्दछ !
किरणको जहिँसुकै प्रताप छ !
युवक हो वय पचासको अरे !
तर पराक्रम किशोरकै छ रे !

मगजमा गजबका कुरा दियो
किरणले मन उमङ्ग गर्दियो !
चमक छर्छ, म त रातको दियो-
सरि छ भन्छु अरू छैन सिद्धियो !

नमनका युगल हात जोड्दछु !
युगयुगौं अटल होस् म भन्दछु !
प्रगतिमा किरण पुस्तकालय-
अघि बढोस् सब जना गरौं जय !

शिक्षक : जनबोध माध्यमिक विद्यालय, रानीवास, गुल्मी ।

-ooo-

THE FLICKERING MEMORY OF TAMGHAS DUNGEON

Prabha Krishna Poudel

It was in 2031BS that we, the nine comrades, were taken to Gulmi, Tanmghas jail but it was not the one that can be called a jail, in practice, it was human-pen (Manab Khor). We all were locked into a small room there. I think its space or size was not more than 12×10 ft. We all were kept on irons; the door was kept always closed and locked outside by the peons on the jailor's order. We were allowed to go out of the room in the morning time only for toileting. Then we were allowed to come out for cooking our food. After we had taken food, again we were locked into the room. It seemed as if we were quarantined from other prisoners due to very serious disease. We were not allowed even to speak to other prisoners if any time we saw them while going to toilet or cooking food .

There was no electricity, so there was no light. We used to light wick in a bottle pouring kerosene into it. As the room was small for us nine inmates, the carbon let produced by the burning wick would fill the room nearly suffocating us. Since we were locked most of the time, and in the whole nights, if any of us got trouble with colic pain or disorder, we had to defecate in a tin-container before all of us at any time in day or night time. We passed six months in such sorry condition on irons there. Then we were unfettered. But we had not given any newspaper, if we requested the jailor to give us 'The Rising Nepal or Gorkhapatra' he would give on condition to return them to the jailor. We would read the papers thoroughly partly for reading sake. There would not be any interesting or articles or news nor they were educative, they were filled with Panchayati and

'Go to Village Campaign' and flattery of Panchas. One day a peon named Gopal who seemed to be communist well-wisher told us that there was library from which we could get different interesting books. But we needed to get permission from CDO. Then we requested the CDO to allow us to be members of the library for reading books and necessary course books of IA and SLC levels. He ordered the jailor to provide books from the 'Kiran Pustakalaya' But there was no TU's center in Gulmi, Tamghas for taking exam of intermediate students, specially I wanted to read intermediate course for examination purpose. So I used to study course books asking the library to send them to us. Besides the course books, we used to study several other knowledgeable books.

There would not be any interesting or articles or news nor they were educative, they were filled with Panchayati and 'Go to Village Campaign' and flattery of Panchas. One day a peon named Gopal who seemed to be communist well-wisher told us that there was library from which we could get different interesting books. But we needed to get permission from CDO. Then we requested the CDO to allow us to be members of the library for reading books and necessary course books of IA and SLC levels. He ordered the jailor to provide books from the 'Kiran Pustakalaya' But there was no TU's center in Gulmi, Tamghas for taking exam of intermediate students, specially I wanted to read intermediate course for examination purpose. So I used to study course books asking the library to send them to us.

Shashi Panthi was the person popular to us, he was very helpful and supportive to us providing books, but I forgot whether we met him face to face or not. Then Jailor began to send peons, they would go to bring books from the library in our names and give us. Then we began to pass the days with the books became our close companions. After the

peons would bring books from the library and hand over to us, we would distribute then according to our interest. We would read them and finish exchanging them among us one after another, in turn.

Among nine of us, some would like to study History Books Of modern Nepal, Specially written by Balchandra Sharma. Some other who knew to read English would also study the history books written by Dilliralman Regmi. He used to write in English. Among us those who read history books would thoroughly study them and any of us wanted to know from them/, they would tell us very well. Hemanath Bhusal and Beduram Bhusal were the two who would read them very carefully in a way that if any of us asked them to tell about any event or about any historic persons.

We read so many interesting books from the library of different types on different subjects such as arts, literature, philosophy, economics, politics and others. We did not have to feel boredom when we were helped providing books from the library. We could pass the day easily as if the days were shortened due to the books .

The books we studied were very interesting. Among them I remember were the books written by Rahul Sankrityan. I forgot the title the volumes were tow or three. The first was about the earth since it got separated from the sun, and the evolution of human being. About the ancestors of human in the Jungle age etc. We read them in turn exchanging one another, when all the books were finished reading we would call the peon and tell the to return them to library and bring other ones. After finishing we would ask questions to one another on the topics or subjects which we would not understand and would become clear about the confusion we would have .

The books which were interesting for us were Seto Bagh, Manav Mahakabya, and other literary books of Laxmi Prasad Debkota, Bhanubhakta, Hariprasad Rimal, including many others. We would discuss on the subject described in the books and get clear knowledge telling the subjects oneanother .

The other books we learnt there were Discovery of India, Glimpses of World History, written by Neharu. They were also very interesting and knowledge-giving. The books we would read were also English Grammar, and English literateure. Although we would not be fully able to learn we would try to learn. We would write meaning and learn them. The books which were in English were difficult. So we had to labor hard to learn meaning and understand them. I, Budhibahadur Rayamajhi, Beduram Bhusal were interested to learn English language. So we would study English books partly for knowing the subject matter written and partly to learn English language. Kesharmani Pokhrel would inspire us to learn English language .

I imagine how could we pass the difficult days in Gulmi Khore for more than five years if there was no Kiran library and there was no such friendly person named Shashi Panthi. I think we would not have anything to pass the days, the days and nights would be longer than they are in real. Our minds would be dismal and we would be like a person who is suffering from depression for long time. There was no horizontal look around us; we could see only the sky and Resunga hill and its side. But the books became our dearest company to pass the days and gain knowledge.

I imagine how could we pass the difficult days in Gulmi Khore for more than five years if there was no Kiran library and there was no such friendly person named Shashi Panthi. I think we would not have anything to pass the days, the days and nights would be longer than they are in real. Our minds would be dismal and we would be like a person who is suffering from depression for long time. There was no horizontal look around us; we could see only the sky and Resunga hill and its side. But the books became our dearest company to pass the days and gain knowledge. Those who took initiative to establish' Kiran Pustakalya 'are the great persons for us. Very many thanks to them.

✒ *Journalist, Translator, College Teacher, Presently Writer.*

–ooo–

२०७४ सालको मदन-शीला साहित्यिक स्रष्टा र पत्रकारिता सम्मान समारोहमा कवितात्मक टिप्पणी

✍ प्रह्लाद पोखरेल

१ 'हाम्रो पुरुषार्थ' त्रैमासिक र सम्पादक शशि पन्थी

यो 'हाम्रो पुरुषार्थ' हो कि शशिको हो साधनाको जग !
बाल्यो दीप सदाबहार जसले साहित्यको जग्मग !
गुल्मीबाट उदाउँदा 'किरण'ले ढाकेछ नेपाल यो
नेपाली जति बस्दछन् पर गई ताकी त्यहीं पुग्छ जो ।

२ 'भानु' मासिक र शिवानी घिमिरे

भवानी शिवानी लिई 'भानु' आयो
परापूर्वमा पूर्वबाटै उदायो
खनी खेत साहित्यको छर्न बाली
उठ्यो देश बोकेर झण्डा उचाली !

३ प्रा. बालकृष्ण पोखरेल

रूपावासी ! अझ पनि युवा जोशका बालकृष्ण !
प्रज्ञाकेन्द्री पथिक गतिलो होशका बालकृष्ण !
'रत्नश्री'का मदनसँगका हौ सखा अग्रगण्य
जोड्यौं नाता अझ नजिकको धन्य छौ हे वरेण्य !

◆

चिसापानीप्रेमी प्रियतम ! छयासीतिर पुग्यौ
बनी झर्रोवादी गुटुटुटुटु भाषातिर कुद्यौ
अनेकौं लेखेथ्यौ कृति सरल वैविध्य रसका
महाग्रन्थै लेख्यौ गहनतम साहित्य खसका

◆

हिँडेका छौ आफ्नै गति शिथिल केही तन बनी
युवाजस्ता लाग्छौ मन-वचन हेर्दा अझ पनि
हिँड्यौ ठाडो बाटो खुरुखुरु उकालो छ नभनी
बधाई अर्पन्छौं सुखमय रहोस् जीवन भनी ।

✍ उपाध्यक्ष : भानु प्रतिष्ठान, काठमाडौं ।

-०००-

किरण पुस्तकालयसँगको आत्मीयता



राजेन्द्रकुमार आचार्य

विक्रमी २०२४ मा, वाराणसीको रामघाटमा तम्घासका शशि पन्थी, खन-खोरधाराका बलराम पोखरेल, भनपानीका परशुराम फुल्लेल, सान्नेका झवेन्द्र, नरेन्द्र, हरि र म केही समय यौटै घरमा बस्थ्यौं । शशिजी र बलरामजी छतको कोठामा बस्नुहुन्थ्यो । अरू हामी माझको ठूलो कोठामा पकछ्यात्तै बस्थ्यौं । शशिजी निकै मेहनती हुनुहुन्थ्यो । त्यहीं हाम्रो चिनजान र मिठो-मसिनो मित्रता बनेको थियो । पछि सान्नेलीहरू दूधविनायकको गणेश वाग नर्सरीको घरमा बस्न थाल्यौं । त्यहाँ तम्घास भँडखालाका विश्वनाथ, फेराका लालमणि, काइँला पणितका छोरा पदम, खिदिम रयालेका कवि रामप्रसाद प्रदीप र काका होमनाथ बस्नुहुन्थ्यो । शशिजी त्यहाँ आउँदा रमाइलो गर्थ्यौं । दीन पन्थीजीसँग पनि वाराणसीमै भेटघाट र चिनापर्ची भयो । चेक्मी छापका डा. मणिलाल शर्मोपाध्यायका आश्रयमा पनि उहाँहरूसँग भेट हुने गर्थ्यो । दीनजी हंशपुर-रतनमारेमा जाँदा-आउँदा मरेङ-छैंडाठाँटीतिर पनि जम्काभेट हुन्थ्यो ।

मित्रवर शशि पन्थीसँग चिदीचौरमा भेट भयो । आफूले हालै स्थापना गरेको पुस्तकालय देखाउने प्रस्ताव गर्नुभयो उहाँले । हामी भँडखाला निस्क्यौं । उहाँले आफ्ना घरपछाडि, पश्चिमतिर थारामाथि निर्मित कोठीमा तखता बनाएर पुस्तकहरू सजाउनुभएको रहेछ । बडो रमाइलो भयो पुस्तक-पत्रिकाहरूसित खेल्न । मलाई साँझ पनि त्यहीं बसाल्नुभयो । त्यहाँ डा. टीकाराम पन्थी गुरु पनि बस्नुहुँदो रहेछ । उहाँलाई पनि पहिले बनारसमै देखे-भेटेको थिएँ । सम्पूर्णानन्द विश्वविद्यालयबाट विद्यावारिधि गर्ने उहाँ यस क्षेत्रकै प्रथम व्यक्तित्व हुनुहुन्थ्यो । त्यो बेलुका उहाँहरूसँगको संगत ऐतिहासिक बन्यो र झनै आनन्दानुभूति प्राप्त भयो ।

एक दिन म तम्घासतिर गएको थिएँ । मित्रवर शशि पन्थीसँग चिदीचौरमा भेट भयो । आफूले हालै स्थापना गरेको पुस्तकालय देखाउने प्रस्ताव गर्नुभयो उहाँले । हामी भँडखाला निस्क्यौं । उहाँले आफ्ना घरपछाडि, पश्चिमतिर थारामाथि निर्मित कोठीमा तखता बनाएर पुस्तकहरू सजाउनुभएको रहेछ । बडो रमाइलो भयो पुस्तक-पत्रिकाहरूसित खेल्न । मलाई साँझ पनि त्यहीं बसाल्नुभयो । त्यहाँ डा. टीकाराम पन्थी गुरु पनि बस्नुहुँदो रहेछ । उहाँलाई पनि पहिले बनारसमै देखे-भेटेको थिएँ । सम्पूर्णानन्द विश्वविद्यालयबाट विद्यावारिधि गर्ने उहाँ यस क्षेत्रकै प्रथम व्यक्तित्व हुनुहुन्थ्यो । त्यो बेलुका उहाँहरूसँगको संगत ऐतिहासिक बन्यो र भनै आनन्दानुभूति प्राप्त भयो ।

पुस्तकालयको नाउँ किरण राखिएको थियो । गुल्मी-अर्घाखाँचीमा त्यो चेतनाको महायज्ञारम्भ भएको थियो । त्यसमा मैले पनि सुदामाका कनिकातुल्य केही पुस्तक दान गर्ने अवसर प्राप्त गरेको थिएँ । पछि त्यो पुस्तकालय तल चिदीचौरमा, लाँकुरीका बोटमुनि सारियो । त्यसको आफ्नै जग्गा र भवन बन्न गयो । कालान्तरमा दातृसंस्थाले दिएको अनुदानसमेतले पुरानोको सट्टा हालको नयाँ भवन बन्यो ।

म पुरानो अर्घातोस मौजा, २०१७ पछि अर्घातोस गा.प., जनआन्दोलनद्वारा मरेङ गा.वि.स.र संघीयता लागु भएपछि मालारानी गा.पा.-१ सान्ने निवासीलाई बिहान घरको आटो खाएर सबा दुई घण्टाको पैदल बाटो तुरी तम्घासमा किनमेल, बैंकसम्बन्धी र अन्य काम गरेर समय मिल्दा फुत्त किरण पुस्तकालयभित्र छिरी हाजिर लाउन तथा सरर्र पत्र-पत्रिका हेर्न अनुकूल हुन्थ्यो । अझ त्यहाँ ससुराबुबा विष्णुप्रसाद खनाल ग्रन्थपाल भएदेखि उहाँलाई भेट्नेसमेत निहुँले प्रविष्टि भनै बाक्लियो । वीरेन्द्र उमावि मरेङका कक्षा ११ र १२ का जाँचहरू करिब एक दशकसम्म रेसुंगा क्याम्पसमा चलाउन तम्घासमा बस्दा त किरण पुस्तकालयसँगको प्रीति झनै गहिरियो मेरो । साठीको दशकमा मोती आदि जयन्ती मनाउँदा औपचारिक निम्तो पनि गर्‍यो यसले । कुनै बेला लेखक ऋषि आजाद र म सँगै पनि गयौं । रचनावाचन पनि गरियो । एकपल्ट (२०६४ मा) केही युवाहरूले जोसमनी साहित्य समाज नेपाल गठन गर्ने भनेर बोलाए । त्यहाँ कवि भेषबहादुर कुँवर, लेखक दीन पन्थी, लेखक ऋषि आजाद, लेखक गणेश श्रीपाली, लेखक हीरा ए.सी., कवि-गजलकारहरू पशुपति आचार्य, सिरू मञ्जरी, सरू सुधा, प्रतिभा

किरण पुस्तकालयद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ'ले भने सुरूतिर बनारस पुगी छापेर पनि साहित्यको प्रचार-प्रसार गर्‍यो । पछि केही वर्ष स्थगित भए पनि पुनः चालु भएर, अर्धवार्षिकबाट हाल त्रैमासिक बनेको छ । यसले ढुल्ढुला विशेषाङ्कहरू पनि निकालेको छ । अनुसन्धानात्मक अंकहरू पनि प्रकाशन गर्न सफल छ।

ज्वाला, विष्णु खनाल, अनुपम सर्मिला, संगीता सरगम, संगीता आचार्य आदि स्रष्टाहरू भेला भई विष्णु खनालको अध्यक्षतामा सो समाज गठन गरियो । गणेश श्रीपालीको विधान मस्यौदालाई भेलाले पारित पनि गऱ्यो । दीन पन्थी, ऋषि आजाद, भेषबहादुर कुँवर, गणेश श्रीपाली र म सल्लाहकार रह्यौं । आजीवन सदस्यता शुल्क रू.५००/- मैले खलीमै टकारैं । तर, त्यो संस्थाले थप कुनै गतिविधि गर्न सकेन ।

यता किरण पुस्तकालयद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ'ले भने सुरूतिर बनारस पुगी छापेर पनि साहित्यको प्रचार-प्रसार गऱ्यो । पछि केही वर्ष स्थगित भए पनि पुनः चालु भएर, अर्धवार्षिकबाट हाल त्रैमासिक बनेको छ । यसले ठूल्ठूला विशेषाङ्कहरू पनि निकालेको छ । अनुसन्धानात्मक अंकहरू पनि प्रकाशन गर्न सफल छ । पुछारतिर, प्रकाशित पुस्तक र पुस्तकालय परिचयसमेत पस्कने गरेको छ । विशिष्ट र आजीवन सदस्य बनाउने गरेको छ । म र तत्कालीन मेरो संस्था वीरेन्द्र उ.मा.वि. मरेङ आजीवन सदस्य बनेका थियौं । वीरेन्द्रमा पढ्ने मरेङ, अर्घातोस, खन, खनदह, नयाँगाउँ र चेक्मी-अत्तरकाँडाका विद्यार्थीसमेत तम्घास बजार र किरण पुस्तकालयमा शिक्षा, साहित्य र सञ्चारसमेतका लागि आउजाउ गर्ने क्रम बढ्यो । मरेङले तम्घासबाट केही पायो र तम्घासलाई केही दियो ।

अहिले, किरण पुस्तकालय गुल्मीले आफ्नो पचास बर्से सफल यात्रा तय गर्दै छ । यो खुसियालीमा यसलाई हार्दिक बधाइ र शुभकामना । यसलाई रोप्न, हुर्काउन, चलाउन तथा स्तर वृद्धि गर्न संलग्न सबैलाई एकमुष्ठ साधुवाद । किरण पुस्तकालयसँगको मेरो आत्मीयता रहिरहोस् ।

पूर्व प्राचार्य : वीरेन्द्र उच्च मा.वि., मरेङ, अर्घाखाँची ।

–ooo–

हार्दिक शुभकामना !

स्वर्ण महोत्सव मनाइरहेको किरण पुस्तकालय र यस अवसरमा 'किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क' प्रकाशन गर्न थालेको 'हाम्रो पुरुषार्थ'लाई अझ बढी विकास र विस्तारका लागि मङ्गलमय कामना प्रकट गर्दछौं ।

रेसुङ्गा माध्यमिक विद्यालय परिवार

रेसुङ्गा नगरपालिका-२, उधिनढुङ्गा, तम्घास, गुल्मी

मेरो अनुभवमा किरण पुस्तकालय

✍ खिमानन्द पोखरेल

ठ्याक्कै यही वर्ष हो भनेर भन्न त सकिदैन विक्रम संवत् २०२२ अथवा २०२३ सालतिरको अनुभव हो जस्तो लाग्छ । मैले त्यस्तै कक्षा छ या सातमा पढ्थेँ होला । हामी दुई दाजुभाइहरू भँड्खाले काइँला अर्थात् रामचन्द्रको पुरानो घर अगाडिको उरिममा पढ्नको लागि बस्ने गर्थ्यौं । हामीलाई पढ्नको लागि उरिमको कोठा भाडामा दिइएको थियो । हामीलाई खाना पकाइदिने काम रामचन्द्रको बाबाआमाले गरिदिनुहुन्थ्यो । त्यतिखेरको कुरा हो । उहाँहरूले हामीलाई कोठा र खाना पकाइदिए बापत हामीहरूले महिनावारी भाडा रू १५ तिर्ने गरेका थियौं । त्यतिखेर पैसा महङ्गो, सामान सस्तो थियो । पैसा महङ्गो भएको बखत रू १५ तिर्नु भनेको निकै ठूलो रकम मानिन्थ्यो । जो कोहीले रूपैयाँ देख्नै पाउँदैनथ्यो । त्यतिखेरको आवश्यकतामा सहर बजारमा बस्ने केही सीमित व्यक्तिहरूसँग मात्र धेरथोर रूपैयाँ पैसा हुन्थ्यो । मानिससँग आम्दानीको स्रोत थिएन । अधिकतर मानिसको मुख्य पेशा भन्नु नै कृषि पेशा थियो । शैक्षिक जनशक्तिको चेतना भर्खर मात्र बामे सर्दै थियो । त्यसबेलाका मानिसमा धनदौलत प्रशस्त नभए पनि सहयोगको भावना प्रचुर मात्रामा थियो । गाउँघरमा ऐंचोपैचो, पर्म, खेताला प्रशस्त चल्ने गर्थ्यो ।

हामी दुई दाजुभाइ भन्नाले काकाको छोरा केशव दाइ र म भएर विक्रम संवत् २०२० साल देखि नै तम्घासमा बसेर पढ्न थालेका हौं । मेरो बाबा र काकाको परिवार सगोलमै बस्ने गर्थ्यो । हामीहरू संयुक्त परिवारमा मिलेर एकै ठाउँमा बस्ने गरेका थियौं । एकातर्फ बाबाहरूले किसानको छोरा भएर खेतबारी र वस्तुभाउहरूमा बढी ध्यान पुऱ्याउने गर्नुहुन्थ्यो भने अर्कोतर्फ सानो लगानीमा भर्खर मात्र कोठे व्यापार शुरू गर्नु भएको थियो । त्यसबेला छिमेक गाउँ घरमा पसल भनेको देख्न पाइँदैनथ्यो । वर्षभरको लागि नूनतेलको जोहो गर्नुपर्दा ढोर पाटन अथवा बुटबल गएर वर्षभरलाई चाहिने नूनतेल किनेर ल्याइने गरिन्थ्यो । त्यो बेलाको गुल्मी जिल्लाको ठूलो बजार भन्नु नै तम्घासको पुरानो बजार थियो । पुरानो बजार नेवारहरूको वस्तीले भरिएको हुँदा नेवारले फाटफुट मात्र व्यापार राख्न थालेका थिए । नेवार व्यापारीहरूले पनि आफ्नो व्यापारिक सामान

बुटवल देखि नै थाप्लोमा बोकेर ढुवानी गर्नुपर्थ्यो । अर्को विकल्प नै थिएन । त्यो बेला बुटवलदेखि पाल्पासम्म यातायातको कुनै पनि सुविधा थिएन । बुटवल देखि पाल्पा सम्म कच्ची मोटर बाटो भए पनि अनुमति दिइएको थिएन । त्यसैले पनि अधिकांश पहाडमा बसोबास गर्ने मान्छेहरू बुटवल नै जाने गर्थे ।

तम्घास महेन्द्र हाई स्कूलको स्थापना विक्रम संवत् २००९ सालमा भएको हो । हाई स्कूल स्थापना भएको एघार वर्षपछि हामी दुई भाइले तम्घासमा बसेर पढ्न थालेका हौं । शुरूमा हामी उधिनढुङ्गा उपल्लारे माइला र कान्छा पन्थीको घरमा डेरा लिएर बसेका थियौं । उहाँहरू दुई भाइ संयुक्त परिवारमा बस्ने गर्नुहुन्थ्यो हामी पहिलो पटक तम्घासमा पढ्न आउँदा उहाँकै घरअगाडिको गोठमा जहाँ गाईभैंसीहरू बाँध्ने गरिन्थ्यो त्यसैको माथि एउटा कोठा खालि थियो । यसरी हामी त्यही कोठालाई भाडाको रूपमा डेरा लिएर पढ्न बसेका थियौं । उपल्लारेको घर परिवारले हाम्रो खर्चमा पकाइदिएर हामीलाई बिहान-बेलुकी खाना खान दिनुहुन्थ्यो । गोठमा गाईभैंसीहरू प्रशस्त थिए । गाईभैंसीबाट दुहेको दूध आफ्नो घर खर्चलाई छुट्टाएर बजारमा बिक्री गर्न लैजानुहुन्थ्यो । उहाँहरूको आम्दानी भन्नु नै हामीले दिने गरेको कोठा भाडा र दूध बेचेर आउने रकम नै मुख्य स्रोत थियो । माहिलो दाइ र कान्छो दाइकी एउटी दिदी हुनुहुन्थ्यो । दिदीको विवाह भएको भए पनि उहाँ माइतमै बस्ने गर्नुहुन्थ्यो । त्यसबखत मैले कक्षा तीनमा पढ्थें । हामीलाई दिदीले निकै माया गर्नुहुन्थ्यो । हामी त्यो घरमा बस्न आउँदा दाइहरूको विवाह भइसकेको थियो । हामीहरू त्यहाँ बस्दासम्म दाइहरूको तर्फबाट सन्तान जन्मिएका थिएनन् । हामी सानो भएर नै होला घरको परिवारले हामीलाई बिछट्टै माया गर्नुहुन्थ्यो ।

त्यो बेला मैले महेन्द्र हाई स्कूलमा पढ्दा नरहरि रिजाल प्रधानाध्यापक हुनुहुन्थ्यो । हेडमास्टर नरहरि रिजाल सरको टिममा ज्ञानहरि आचार्य, पदम पन्थी, विश्वनाथ पन्थी, (जो संस्कृत नेपाली पढाउने गुरु हुनुहुन्थ्यो) तिलकुमारी थापा यस्तै गरी अर्खले रोंइँदीका चिरञ्जीवी मरासीनी, पिटी मास्टर शेरबहादुर थापाको बुबा चक्रबहादुर थापा यस्तै काशीमा बसेर शिक्षा आर्जन गर्नु हुने गुरु डा. टीकाराम पन्थी जस्ले आफ्नो घर भाडगाउँ आएको बखत महेन्द्र हाई स्कूलमा आएर नौ र दश कक्षाका विद्यार्थीलाई नेपाली र संस्कृत विषय पढाइदिनुहुन्थ्यो । कतिपय यस्ता कुशल शिक्षकहरू हुनुहुन्थ्यो जसको नाम अहिले मेरो मस्तिष्कले संस्मरण गर्न सकेन । यस्ता कुशल गुरुहरूबाट हामीले आफ्नो शैक्षिक ज्ञान आर्जन गर्न पाएका थियौं । त्यतिखेर हामीले महेन्द्र हाई स्कूलमा पढ्दै गरेको अवस्थामा नै उक्त स्कूलमा विद्यार्थीको संख्या नै आठसयदेखि लिएर हजारसम्म हुने गर्थ्यो । महेन्द्र हाई स्कूलमा लगेर आफ्ना छोराछोरीलाई पढाउनुपर्छ भन्ने मनसायले गुल्मी जिल्लाको गाउँगाउँमा यो कुराको चर्चा हुने

गर्थ्यो । आफ्ना छोराछोरीलाई स्कूल पढाउनुपर्छ भन्ने भावनाको चेतना विकास भएकाहरूलाई मात्र यो कुराको ज्ञान थियो । यही र यस्तै भावना बोकेका बाबुआमाहरूले आफ्ना छोराछोरीहरूलाई असल शिक्षा आर्जन गराइदिने हेतुले तम्घासमा डेरा खोजिदिएर राख्ने गर्नुहुन्थ्यो । तत्पश्चात् स्वयम् अभिभावक हाई स्कूलमै पुगेर छोराछोरीलाई भर्ना गरिदिनुहुन्थ्यो । तम्घास हाईस्कूलमा पढ्ने विद्यार्थी र अड्डा अदालतमा काम गर्ने कर्मचारीहरू त्यस क्षेत्रमा डेरा लिएर बस्न थालेपछि मात्र तम्घास बजारको चहलपहलमा वृद्धि हुन थालेको हो ।

दाइ नभएको बेलामा कोठा स्वतः बन्द नै हुने गर्थ्यो । दाइ पढाइको सिलसिलामा छुट्टीमा घर आउँदा आफ्नो कोठा खोल्नुहुन्थ्यो । कोठा खोलेको थाहा पाएर म त्यहाँ जाने गर्थें । त्यतिखेर नै मैले देखिरहेको हुन्थें कि खरको छानो भएको कोठाको दुबैतर्फको भागमा पुस्तकहरूलाई लहरै सजाएर व्यवस्थित तरिकाले राखिएको हुन्थ्यो । यति मात्र कहाँ हो र आफू सुत्ने बिस्तराको छेउँछाउँ वरपर वल्लो भाग पल्लो भागमा पुस्तकहरू प्रशस्तै देखिने गर्थे ।

हामी भलुवाकुन्ना रामचन्द्रको उरिममा डेरा लिएर बस्दा रामचन्द्र भाइ सानै थिए तर उनको बाबाको उमेर भने ढल्कीसक्न थालेको थियो । उहाँ दमको रोगी हुनुहुन्थ्यो । पल्तिर दीन पन्थीको घरमा उहाँका बाबा आमा भने तगडा हुनुहुन्थ्यो । बिहानको खाना खाएपछि गाईगोरु चराउन रेसुङ्गाको जङ्गलतिर लिएर जानुहुन्थ्यो । म कहिलेकाहीं दीन पन्थीको घरमा जाने गर्थें । दीन पन्थीका दुई दाजुभाइमध्ये दाजु चाहिं स्कूल जानुभएको कुरा मलाई थाहा छैन अर्थात् यस विषयमा सविस्तार मलाई जानकारी नभएको पनि हुन सक्छ । उहाँको भाइ दीन पन्थीको पढाइ पनि नेपालभित्र नभए जस्तो लाग्छ । यता हामी बस्ने घरबेटीको छोरा रामचन्द्र पनि आफ्नो बाबाको एक्लो छोरा उता शशि दाइ पनि आफ्नो बाबाको एक्लो छोरा हुनुहुन्थ्यो । शशि दाइले महेन्द्र हाई स्कूलमा पढेको मलाई थाहा छैन । यदि पढ्नु नै भएको हो भने म तम्घास पढ्न आउनुभन्दा पहिले पढ्नुभएको हुन सक्छ । म रामचन्द्रको घरमा डेरा लिएर बस्दा शशि दाइको पढाइ नेपालबाहिर नै थियो । बाहिर गएर पढ्ने मान्छेको सोंच विचार नै फरकको हुन्छ । शशि दाइको पूरा नाम शशिकिरण पन्थी हो । हामी रामचन्द्रको घरमा डेरा लिएर बस्नुभन्दा पहिलेदेखि नै दाजुको दिमागले पुस्तकालय खोल्ने महान् सोंच राखेर पुस्तकहरू जम्मा गर्न थालेको कुरा त म त्यहाँ गएपछि मात्र थाहा पाएँ । पढाइको सिलसिलामा छुट्टीमा घर आउँदा दाइले पुस्तकहरू सङ्कलन गर्ने काम गर्नुहुन्थ्यो । दाइले पुस्तक सङ्कलन गर्दा हचुवाको तालमा कहिले पनि सङ्कलन गर्नुभएन । को मार्फत आएको हो । बकाइदा रजिष्टरमा दर्ता गरी क्रम संख्या चढाएर मात्र व्यवस्थित

तरिकाले पुस्तक सङ्कलन गर्ने कार्य शुभारम्भ गर्नुभएको हो । दाइको पहिलाको आफ्नो पुरानो घरपछाडि एउटा एकनाले गोठ थियो । त्यो एकनाले गोठको तल गाई भैंसीलाई बाँध्ने गरिन्थ्यो भने आफू चाहिं ठिक त्यसको माथि कोठामा बस्ने गर्नुहुन्थ्यो । उहाँको अध्ययन कक्ष नै यहीं कोठा थियो । दाइ छुट्टीमा घर आउँदाको बखत भने यो कोठा खुल्थ्यो । दाइ नभएको बेलामा कोठा स्वतः बन्द नै हुने गर्थ्यो । दाइ पढाइको सिलसिलामा छुट्टीमा घर आउँदा आफ्नो कोठा खोल्नुहुन्थ्यो । कोठा खोलेको थाहा पाएर म त्यहाँ जाने गर्थें । त्यतिखेर नै मैले देखिरहेको हुन्थें कि खरको छानो भएको कोठाको दुबैतर्फको भागमा पुस्तकहरूलाई लहरै सजाएर व्यवस्थित तरिकाले राखिएको हुन्थ्यो । यति मात्र कहाँ हो र आफू सुत्ने बिस्तराको छेउँछाउँ वरपर वल्लो भाग पल्लो भागमा पुस्तकहरू प्रशस्तै देखिने गर्थे । पुराना पुस्तकहरूको लिष्टमा हेर्ने हो भने म कक्षा छ मा पास भएर कक्षा सातमा जाँदाको बखत मैले पढेका छ कक्षाका पुस्तकहरू खोज्ने हो भने सायद फेला पार्न पनि सकिन्छ होला ।

दाइले आधिकारिक पुस्तकालय बनाउनुभन्दा पूर्व त्यस पुस्तकालयलाई शशि किरण पुस्तकालय राख्ने भनेर यसरी परिकल्पना गर्नुभएको थियो । यो कुरा मेरो मस्तिष्कमा अझ पनि ताजै छ । त्यसपछि भने दाइले आफ्नो नाम शशिकिरण पन्थी नामको बीचमा पर्ने किरण शब्दलाई टपक्क टिपेर पुस्तकालयसँग जोडिदिनुभयो । उहाँको यो महान् सोंचले गर्दा आज किरण पुस्तकालय गुल्मी जिल्लाभरको प्रसिद्ध नमूना पुस्तकालयको रूपमा सूर्यको किरण जस्तै फैलिन पुगेको छ । जबसम्म यो धरतीमा सूर्यको किरण रहिरहन्छ तबसम्म यो पुस्तकालयको किरण विश्वभर फैलिएर किरण पुस्तकालयको रूपमा अटल अमर बनेर रहिरहनेछ । यो पुस्तकालयले विश्वभर व्यापकता पाओस्, सम्पूर्ण बुद्धिजीवी साहित्यसेवी र भद्र विद्वान्हरूको नजर यसमा मात्र केन्द्रित हुन पुगोस् । किरण पुस्तकालयले सदैव विद्वत् महानुभावहरूको कदरसाथ सम्मान गर्न सकोस् । आज एक व्यक्तिको प्रयासले किरण पुस्तकालय बनेर प्रसिद्धि कमाएको छ । पुस्तकालयको लागि जो जे जति जस्ले जस्तो योगदान गरे पनि शशि दाइको गोठबाट गरिएको यो एकल अभियानको प्रयासलाई सदैव मान मर्यादा र कदर गर्ने गरियोस् । किरण पुस्तकालयका महान् जन्मदाता शशि पन्थीज्यूको जति प्रशंसा गरे पनि त्यो प्रशंसा अधुरो नै रहिरहने कुरालाई हामी सबैले मनन गर्नै पर्छ । संसारमा मानिसहरू धेरै जन्मिने गर्छन् । जन्मिने जति सबै महान् हुँदैनन् । असल मान्छे बन्न असल काम गर्नुपर्छ । त्यसैले हामी शशि पन्थीज्यूलाई असल काम गर्नेमध्येका एक महान् व्यक्तिको रूपमा मान मर्यादा र सम्मान गर्ने गरौं । यहीं नै हामीहरूको महानता हुनेछ ।

✍ सम्पादक-हिमाली गुराँस (द्वैमासिक), काठमाडौं ।

-०००-

पुस्तक, पुस्तकालय र किरण पुस्तकालय



✍ डा. दुर्गाप्रसाद अर्याल

पुस्तक मानव चेतनाको महत्त्वपूर्ण कर्मसौन्दर्य हो । सर्वप्रथम रुखका पातहरूमा लेखेर काम चलाउने परम्पराको सफलतामा कागतको निर्माण भयो । यसको पहिलो श्रेय चीनलाई मिल्यो । अनि विश्वभरि नै कागतको विकास र विस्तार भयो, जसबाट पुस्तकको तयारी भयो । पहिलो पुस्तक कहाँ कसरी कसले बनायो यो खोजीकै विषय भए पनि पुस्तक मानवसभ्यताको शाश्वत आलेख हो । ज्ञान वा चेतनाको रूपरेखा कायम गर्ने आधारको रूपमा आज पुस्तक मुख्य भएको छ । मान्छेका चेतनामय सत्कर्मले निर्मित पुस्तक जीवनजगत्को विकास कार्यमध्ये महत्त्वपूर्ण कार्य हो । यसमा संसार छ । यसको महिमा अपार छ । संस्कृतमा पुस्त र पुस्तक दुई शब्द अमरकोषले उल्लेख गरेको छ । संस्कृत वाङ्मय पुस्तकपछि विशद ज्ञान भएको पुस्तकलाई ग्रन्थ पनि भनियो । अंग्रेजीमा बुक, हिन्दीमा पोथी, किताब र नेपालीमा पुस्तक किताब आदिको प्रयोग हुँदै आएको छ ।

डेबिट गुराल्निकले आफ्नो अंग्रेजी शब्दकोषमा पुस्तकको परिचय यसप्रकार दिएका छन् ।

A numbers of sheets of paper etc with writing of printing on them fastened together along one page usaually between protective covers . अर्थात् कागतका पत्र समूह आदि जसमा लेखाइ छपाइ गरिएको हुन्छ । साथै एउटा किनारातिर ती सबै कागतका पत्रहरूलाई बाँधिएको वा सिलाइएको हुन्छ र जसलाई सुरक्षात्मक गाताका बीचमा राखिएको पनि हुन्छ, त्यस्तो वस्तु नै किताब हो ।

हाम्रा महाकवि लक्ष्मीप्रसाद देवकोटाले किताबलाई चरोका रूपमा सुन्दर बयान गरी बाल कविता रचेका छन् । सिद्धिचरण श्रेष्ठले पनि किताबको महिमा बडो मिठो गरी यसरी गाएका छन् ।

किताब तिम्रो गुणको बखान
के गर्न सक्थें म छु है अजान

राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित नेपाली संक्षिप्त शब्दकोषमा किताबको अर्थ यस्तो छ ।

"विचार, भावना, ज्ञान आदि विषयका कुरा छापिएको वा लेखिएको ग्रन्थ किताब र यसरी शब्दार्थबाट किताब हातले लेखिएको वा छपाइएको ग्रन्थ विषयक गातायुक्त कागजमा रचित विषय विशेष भन्ने बोध हुन्छ ।"

हिन्दी कवि गिरिधर शर्माले कविताकौमुदीमा किताबको महिमा यसरी गाएका छन् :

मै जो नयाँ ग्रन्थ विलोकता हूँ
भाता मुझे सो नव मित्र सा है
देखा उसे मै नित बार-बार
मानो मिला मित्र मुझे पुराना ।

विख्यात दार्शनिक विवेकानन्दले किताबका सम्बन्धमा आफ्नो अभिव्यक्ति यसरी प्रकट गरेका छन् ।

"जिसके हृदयी पुस्तक खुल चुकी है उसे अन्य किसी पुस्तक की आवश्यकता नही है । पुस्तकों का महत्त्व केवल इतना भर है कि वे हमे लालसा जगाती है । वे प्रायः अन्य व्यक्ति के अनुभव होती है ।"

अरविन्दका विचारमा पुस्तकको अवधारणा यसप्रकार छ :

प्रत्येक सद्ग्रन्थ मे दो तरह की वातें हुआ करती है, एक सामयिक, नश्वर, देशविशेष और कालविशेष से सम्बन्ध रखनेवाली और दुसरी शाश्वत अविनश्वर सब कालों ओर देशके लिए समान रूपसे उपयोगी और व्यवहार्य ।

ए.सी. प्रभुपादले पुस्तकको महिमा गान यसरी गरेका छन् :

जो कुछ भी धन हो, उससे पुस्तक मे प्रकाशित करो । ग्रन्थ प्रकाशित होते देखकर अपार सुख होता ।

प्लेटोका भनाइले पुस्तकको महत्त्व यसरी प्रदर्शित हुन्छ - आफ्ना पूर्वजलाई देवता बनाउने पुस्तक अमर हुन्छन् ।

वाल्तेयर भन्छन् : मनुष्य जस्तै पुस्तकका सम्बन्धमा पनि त्यही कुरा लागू हुन्छ । थोरै संख्याका पुस्तकले नै महत्त्वपूर्ण काम कुरा गर्दछन् बाँकी भीडमा हराउँदछन् ।

'पञ्चदशी' नामक दार्शनिक ग्रन्थमा विद्यारण्य मुनिले ज्ञानी मान्छेले ज्ञानार्जन गरेपछि किसानले धान स्याहार्दा फाले जस्तै पुस्तक वा ग्रन्थको परित्याग गर्नुपर्छ

भनेका छन् : पलालमिव धान्यार्थी त्यजेद् ग्रन्थमशेषतः । फ्रान्सिस वेकनले घतलाग्दो विचार प्रकट गरेका छन् : Some books are to be tasted others to be swallowed, and some few to be chewed and digested .

अर्थात् केही पुस्तक चाख्नका लागि हुन्छन्, केही निल्नका लागि हुन्छन्, थोरै पुस्तक मात्रै चपाउन र पचाउनका लागि हुन्छन् ।

एडिसनले पुस्तकका बारेमा भन्छन् : Books are the legacies that genius leaves to mankind to be deliverd down from, generation to genration as presents to those that are yet undorn .

अर्थात् पुस्तक महान् प्रतिभाद्वारा मानव जातिका लागि छोडिएका पैत्रिक सम्पत्ति हुन्, जुन पुस्तौंपुस्ताका निम्ति सुम्पिनका लागि हुन् मानौं अहिलेसम्म नजन्मिएका व्यक्तिका लागि पनि दिएका उपहार हुन् ।

एमर्सनले पुरानो पुस्तकको महत्त्व मानेका छन् : Never read any book that is not a year old. अर्थात् एक वर्ष पुरानो नभएको जुनसुकै किताब पनि नपढ ।

एडवर्ड गिवर्नको भनाइ पनि बिर्सनै सकिदैन ।

Books are those faithful mirrors that reflect to our mind that minds of sages and herose. अर्थात् पुस्तक त्यो विश्वसनीय दर्पण हो, जसले सन्त र महन्तको मनलाई हाम्रो मनमा प्रतिविम्बित गरिदिन्छ ।

होरेसका विचारमा : A house without books is like a room without windows . अर्थात् पुस्तक नभएको घर झ्याल नभएको कोठा जस्तै हो ।

एडवर्ड जर्ज बलवर लिटन भन्छन् : Master books but to not let them master you . Read to live, not live to read.

अर्थात् पुस्तकमाथि अधिकार प्राप्त गर, पुस्तकलाई आफूमाथि अधिकार जमाउन नदेऊ । बाँच्नका लागि अध्ययन गर अध्ययन गर्नाका लागि नबाँच ।

वर्नाड शा भन्छन् : Very few books of any nationality are worth reading.

अर्थात् कुनै पनि राष्ट्रका थोरै पुस्तक पठनीय हुन्छन् । यसैगरी पुरानो कोट लगाऊ नयाँ किताब किन भन्ने कथनलाई पनि बिर्सन सकिदैन र पुस्तक दुःखमा दुःख कम गर्ने सुखमा सुख बढाउने र कहिल्यै पनि असफल नहुने साथी हो भन्ने अंग्रेजी कविहरूको कथन झन् रोचक छ ।

यसरी प्रस्तुत विभिन्न व्यक्तिका उपर्युक्त केही अभिव्यक्तिबाट पुस्तकको महत्त्व उपादेयता, आवश्यकता र मानव चेतनाको सम्बन्ध खुलस्त हुन्छ । त्यसैगरी पुस्तकालयका सम्बन्धमा पनि विचार राख्न सकिन्छ ।

पुस्तकको घर वा पुस्तक रहने घर नै पुस्तकालय हो । यसको परम्परा अत्यन्तै सुदीर्घ छ । घरका खोपा, खटप्वाल, तखता, पूजास्थानको नजिकको कुनै विशेष ठाउँ आदिमा पुस्तकहरूलाई बासा रुमाल, थैला आदिमा सुरक्षासाथ बेरेर बाँधेर राख्ने परम्पराले पुस्तकालयको प्रारूप संकेत गर्दछन् । विभिन्न बौद्ध विहार, चैत्य आदिमा पनि पुस्तकहरू विशेषतः धार्मिक पुस्तक संग्रह गर्ने परम्परा पनि अविस्मरणीय छ । आज हामीले जुन रूपमा पुस्तकालय भन्छौं, त्यसको स्वरूप विभिन्न ढङ्गले पूर्व-पश्चिम दुबै मुलुकमा प्राचीनतम रूपमा अवस्थित भए पनि वास्तविक स्वरूप चाहिं ग्रीसकै देन हो ।

डेविड गुराल्निकले वेव्स्टर्स न्यु वर्ल्ड डिक्सनरीमा पुस्तकालयको अर्थ यसरी प्रस्तुत गरेका छन् : A room building a collection of book teriodicals etc is kept for reading or reference. अर्थात् एउटा कोठा वा भवन जहाँ किताबहरूको समूह र पत्रिकाहरू आदि पढ्नका निमित्त र सन्दर्भका निमित्त राखिएको हुन्छ ।

पुस्तकालय वा पुस्तकागार भन्ने शब्द संस्कृत भाषाको शब्द भए पनि प्राचीन संस्कृत वाङ्मयमा यसको प्रष्ट उल्लेख पाइँदैन । स्मृति र पुराणकालमा यसको उल्लेख छ छैन अनुसन्धेय छ । Library भन्ने शब्दको उपयोग अंग्रेजी भाषामा भए पनि यसको प्राचीन रूप ग्रीसको एथेन्समा सर्वप्रथम प्रायोगिक ढङ्गमा भएको जानकारी हुन्छ । विश्वकोशका अनुसार ईसापूर्व ३३० मा ग्रीसको एथेन्समा सर्वप्रथम सार्वजनिक पुस्तकालयको स्थापना भएको हो । यसपछि बेलायतमा लामो समयको अन्तरालमा प्रथम स्वतन्त्र पुस्तकालय १५ औं शताब्दीमा स्थापना भएको जानकारी पाइन्छ ।

त्यसपछि विश्वव्यापी रूपमा नै पुस्तकालयको विकास भएको देखिन्छ । मानवीय बुद्धि र चेतनाको विकास र विस्तारका क्रममा देखा परेका पुस्तकालयका व्यक्तिगत घरेलु कक्षका रूपदेखि सार्वजनिक रूपसम्मका विशाल भवनहरू विस्तार भएका छन् । जुन घर, टोल वा गाउँ, जिल्ला, नगर र देशमा पुस्तकालयको जति विस्तार छ, त्यत्ति मात्रामा व्यक्तिदेखि समाजसम्म यावत् मानव समुदाय सचेत, विद्याप्रेमी र जिज्ञासु रहेछ भन्ने कुरा स्पष्ट हुन्छ । पुस्तकालयको वर्गीकरण विभिन्न ढङ्गले गरिएको पाइन्छ । व्यक्तिगत पुस्तकालय, घरेलु पुस्तकालय, राष्ट्रिय पुस्तकालय, सार्वजनिक पुस्तकालय, अनुसन्धान पुस्तकालय, पाठशालीय पुस्तकालय, विभागीय पुस्तकालय, विशिष्ट पुस्तकालय आदि अनेकौं प्रकारका पुस्तकालयहरू वर्गीकृत भएका छन् ।

आजको सन्दर्भमा पुस्तकालयको व्यवस्थापन, परिचालन र विकाससम्बन्धी प्राज्ञिक र प्राविधिक पक्षको व्यापक विस्तार भएको छ । वैज्ञानिक उपयोगी सामग्रीको

अद्यावधिक उपयोग हुन नसक्ने अथवा फोटोकपी, कम्प्युटर, टाइपराइटर र अन्य आवश्यक साधनहरूको व्यवस्था नभएको पुस्तकालय प्रारम्भिक स्तरको अविकसित किसिमको ठहरिने अवस्था आएको छ ।

पुस्तकालयका सञ्चालकको कर्तव्यलाई संकेत गरिएको तलको श्लोकले पुस्तकालयको विकासशील अवस्थालाई पनि संकेत गर्दछ :

ग्रन्थालयी सदा-सेवी पञ्चसूत्री परायणः
ग्रन्थामध्येतुमेते च सर्वेभ्यः स्वंस्वमाप्नुयुः
अध्येतुः समयं शेषेदालयो नित्यमेव च
वर्धिष्णुरेव चिन्मूर्ति पञ्चसूत्री चिरञ्जयेत्

एजुकेशन फर लेजर प्रस्तुत रङ्गनाथनको उक्त श्लोकको तात्पर्य हो- पुस्तकालयाध्यक्ष हरबखत पाँच सूत्रीय कार्यमा तत्पर हुनुपर्दछ । ग्रन्थ अध्ययन गर्न, हरेक पाठकवाञ्छित पुस्तक मिलाउन, पुस्तकीय विषयअनुसारको पाठक उपलब्ध हुन, पाठकको समय बचावट गर्न र पुस्तकालयको विकास गर्न ।

फ्रान्सिस वेकनले पुस्तकालयका सम्बन्धमा व्यक्त गरेको भावना बडो घत लाग्दो छ । 'प्रोफेसियन्स एण्ड एडभान्समेण्ट अफ लर्निङ्ग बुक' मा अभिव्यक्त घतलाग्दो विचार यसप्रकार छ :

"पुस्तकालय यस्तो मन्दिर हो, जहाँ प्राचीन सन्त महात्माहरूका सद्गुणले परिपूर्ण तथा निर्भ्रान्त पाखण्डरहित अवशेषलाई सुरक्षित राखिएको हुन्छ ।"

थिवसले "पुस्तकालय आत्माको औषधि हो" भनेका छन् ।

यस प्रकारका पुस्तकालयसम्बन्धी अनेक अभिव्यक्ति संकलन गर्न सकिन्छ । निष्कर्षमा पुस्तक र पुस्तकालयको महत्त्व व्यापक छ । जसरी मानवीय मूल्य सर्वश्रेष्ठ हुँदाहुँदै पनि मानवबाट अनेक दुष्कर्म भएका छन् । त्यसैगरी मानवनिर्मित पुस्तक र पुस्तकालयबाट पनि कसैका निमित्त दुर्भावको विकास न होला भन्न सकिदैन । विभिन्न मनोभाव र विचार भएका मानिसले लेखेका पुस्तकमा राम्रा नराम्रा कुरा व्यक्त भएकै हुन्छन् र तिनै राम्रा नराम्रा कुराका पोका भएका पुस्तकहरूको जमघट पुस्तकालय भएकोले पुस्तकालय पनि निर्माण र विध्वंसको भावोद्रेक गर्ने बौद्धिक मानवको सरोकार केन्द्र हो । अध्ययनको अधिकता, जानकारीको विविधता, बौद्धिक विकासको प्रबलता, प्राविधिक ज्ञानको उच्चता निर्माण र ध्वंसको समान प्रवाह भएको वर्तमानमा पुस्तकालय समय, समाज र मानवीय मनोवृत्ति निरपेक्ष सर्वथा विवेक केन्द्र मात्रै हो भन्न गाह्रै पर्छ तापनि गुणात्मक पक्षको जागृतिमा यसको महिमा अपरम्पार छ नै । नालन्दा र तक्षशिला विश्वविद्यालय र पुस्तकालय नष्ट गर्ने मुसलमान जातिका मुलुकमा

हिन्दू धर्मका ग्रन्थहरू अहिले पनि संकलित र सुरक्षित हुन पाएका छन् त सूचनीय कुरा छ । जबसम्म जातीय दुराग्रह, धार्मिक क्षुद्रता र संकीर्णता, बौद्धिक अभिमान, अपरिष्कृत परम्परा र संस्कारको घमण्ड, आफ्नो आचार र जानकारीको गर्व बढ्दै जान्छ तबसम्म पुस्तक र पुस्तकालयको सशक्त व्यापक गुणात्मक पक्षमा पनि प्रबल नकारात्मक तत्त्व सन्निहित हुन्छ । शक्तिशाली देश र शक्तिसाधनसम्पन्न समाजका पुस्तक र पुस्तकालय सीमित वर्गका निम्ति उपयोग हुन सक्ने सुविधाले मानवीय असमानताको विकराल अन्तराल पैदा भएर धनी र गरिब जस्तै सचेत र अचेत परिज्ञात र अपरिज्ञात मान्छेको विभाजन हुन्छ । यसप्रकारको विभाजनले विवेक र मानवताको उदय गराउन गाह्रो पर्छ । यो कटुसत्य यथार्थबाट पुस्तक र पुस्तकालय निरपेक्ष हुन सक्तैनन् । साधन र साध्यको दोष नभए पनि तिनको परिचालन र उपयोगितामा मानवीय कार्य व्यापार सक्रिय हुने हुँदा मान्छेबाट यसप्रकारको मानवीय दुष्ट्याइँका निम्ति ज्ञान-विज्ञान, धर्म-दर्शन, नीति-आचार, हात-हतियार सबै साध्य साधनहरू उपयोग र प्रयोग हुँदै आएका छन्, जुन पुस्तकालयले पनि प्रयोगशील र उपभोग्य बन्न सक्दछ । हाम्रै देशमा पनि कैयौं बुज्रुकहरू पुस्तक संग्रहको गर्व र कम्प्युटर यन्त्रको परिसूचन संग्रहबाट विश्वज्ञाताको दावा राख्छन् ।

शक्तिशाली देश र शक्तिसाधनसम्पन्न समाजका पुस्तक र पुस्तकालय सीमित वर्गका निम्ति उपयोग हुन सक्ने सुविधाले मानवीय असमानताको विकराल अन्तराल पैदा भएर धनी र गरिब जस्तै सचेत र अचेत परिज्ञात र अपरिज्ञात मान्छेको विभाजन हुन्छ। यसप्रकारको विभाजनले विवेक र मानवताको उदय गराउन गाह्रो पर्छ । यो कटुसत्य यथार्थबाट पुस्तक र पुस्तकालय निरपेक्ष हुन सक्तैनन् । साधन र साध्यको दोष नभए पनि तिनको परिचालन र उपयोगितामा मानवीय कार्य व्यापार सक्रिय हुने हुँदा मान्छेबाट यसप्रकारको मानवीय दुष्ट्याइँका निम्ति ज्ञान-विज्ञान, धर्म-दर्शन, नीति-आचार, हात-हतियार सबै साध्य साधनहरू उपयोग र प्रयोग हुँदै आएका छन्, जुन पुस्तकालयले पनि प्रयोगशील र उपभोग्य बन्न सक्दछ । हाम्रै देशमा पनि कैयौं बुज्रुकहरू पुस्तक संग्रहको गर्व र कम्प्युटर यन्त्रको परिसूचन संग्रहबाट विश्वज्ञाताको दावा राख्छन् ।

उपर्युक्त पृष्ठभूमिमा ई-लाइब्रेरी अर्थात् विद्युतीय पुस्तकालय पनि अविस्मरणीय हुन आउँछ । कम्प्युटरको आविष्कार, विकास र विस्तारका क्रममा ई-लाइब्रेरीको प्रारम्भ, विकास र विस्तार भएको हो । आजको साइबर संसारको युगमा यसको

सुगमतासाथ उपयोग भइरहेको छ । जतिसुकै रूपका विद्युतीय पुस्तकालयको संवहन, प्रयोग र वितरण भए पनि भौतिक संरचनामा आधारित पुस्तकालयको विस्थापन हुन सक्तैन । स्वतन्त्र, स्वायत्त र निर्धारित स्थानमा निर्मित पुस्तकालय भवनको वातावरण बैग्लै हुन्छ । पुस्तकालयमा प्रवेश गरी पुस्तकालयका सहयोगी व्यक्तिहरूबाट प्राप्त हुने व्यवहारमा जडवत् यान्त्रिकता हुँदैन, जीवन्त सद्भाव हुन्छ । अनेक पाठकहरूका बीच शिष्टाचार हुन सक्छ । दृश्यमान पुस्तकका चाङ र लाममा कता कता जिज्ञासाको भावना जागृत गराउने विशेष स्थिति सृजना हुन्छ । पुस्तकालयीय कर्मचारी र जिज्ञासु पाठकसहितको एक समाज क्रियाशील भएको देख्न पाइन्छ । हो विद्युतीय पुस्तकालयले पनि ज्ञानको प्रविधि र संसार सुलभ गराएको छ । सानो खोल्तीभित्रको मोवाइलमा असंख्य ग्रन्थ अटाएका छन् । पढैयाले त्यसबाट अनेक जानकारी हासिल गरिरहेका छन् तर पनि मानवीय गतिमान् व्यवहारको जीवन्तता त्यहाँ पाइँदैन । विद्युतीय पुस्तकालयको एकैचोटि धेरै जनाबाट उपयोग र प्रयोग हुन सक्तैन । भौतिक पुस्तकालयमा प्रवेश गर्न र अध्ययन गर्न सयौं व्यक्ति समर्थ हुन्छन् । विद्युतीय पुस्तकालय एक पटक एक व्यक्तिले मात्र उपयोग गर्न सक्ने हुँदा एकल पद्धतिमा आधारित हुन्छ । निश्चय पनि यो एउटा आधुनिक, वैज्ञानिक, प्राविधिक चमत्कारको उपलब्धिपूर्ण अपूर्व विद्युतीय सुलभ परिणाम हो ।

हाम्रो किरण पुस्तकालयको आफ्नै संघर्षमय र गौरवपूर्ण इतिहास छ । आजभन्दा पचास वर्षअगाडि २०२५ सालमा गुल्मीको सदरमुकाम तम्घासमा किरण पुस्तकालयको स्थापना भएको हो । यसको संस्थापनमा उत्साही जिज्ञासु नव युवक शशि पन्थीको सङ्कल्पना र क्रियाशीलता रह्यो । आफ्ना घरमा पिता पुर्खाले संकलन र उपयोग गर्दै आएका प्रशस्त पुस्तक पात्राहरू गाउँका जान्ने सुन्ने व्यक्तिहरूले आवश्यक कुराहरू जान्नका लागि माग्ने, लैजाने र ल्याइदिने गरेको व्यवहारले शशि पन्थीलाई के गरौं के गरौं भयो । केही पुस्तक फुँगामा छन् । केही तखताभरि छन् । केही पूजा चौकीका किनारामा छन् । केही पुस्तक मदुसमा पनि छन् । यसरी रहेका पुस्तक एकै ठाउँ मिलाएर राख्ने छुट्टै ठाउँ घरमा भएन । गोठमा एउटा कोठो बारेर पुस्तक राख्ने व्यवस्था भयो । गोठको सिङ्गो कोठा घरका पुस्तकले भरिएन । शशिका पिताजी देवीदत्त पन्थीलाई पनि पुस्तकको कोठो भरिभराउ पार्न पाए कति राम्रो हुन्थ्यो भन्ने लाग्यो । बाबु छोरामा नै किताब जम्मा गर्ने उत्सुकता जाग्यो । केही किताबहरू किनेर जम्मा गरिए, केही इष्टमित्रबाट हात पारेर थुपारिए । यस प्रकारको पुस्तक सञ्चयको अभियान चलेको कुरा तत्कालीन स्थानीय शिक्षितहरूलाई अवगत भयो । शशिको गोठको एउटा भकारो ओगटेर बनाएको कोठोमा पुस्तक नअटाउने भए । पुस्तक पढ्ने व्यक्तिहरू पनि दिनहुँ आउन थाले । कोठामा बसेर पढ्नका लागि पनि अप्ठ्यारो र साघुँरो हुन थालेपछि जहाँ समस्या त्यही समाधान भनेझैं शशिमा

नयाँ सोंच आयो । सार्वजनिक स्थलमा छुट्टै पुस्तकालय भवन बनाएर पुस्तकालयको सञ्चालन र विकास गर्ने अठोट भयो । यस क्रममा बनारसमा गएर अध्ययन गर्दा शशिजीलाई त्यहाँका जगदम्बा पुस्तकालय दुग्ध विनायक, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयीय पुस्तकालय र विश्वनाथ पुस्तकालयको स्वरूप र कार्यविधिको प्रत्यक्ष जानकारी भयो । यसप्रकारको जानकारीले किरण पुस्तकालयको संस्थापन र विकास गर्न पर्याप्त हेक्का मिल्यो । किरण पुस्तकालयलाई अगाडि बढाउने सहयोगी महानुभावहरू पनि बढ्दै गए । सुरूमा शशि पन्थीको केट्यौले व्यवहार भनेर नपत्याएका व्यक्तिहरू पनि क्रमशः बढ्दै गएको किरण पुस्तकालयको क्रमले र शशिको विश्वसनीय उत्साहप्रद र परिणामदायी कार्यव्यवहारले अनन्य सहयोगी बन्दै गए । २०२७ सालमा पुस्तकालय सञ्चालन गर्ने एक तले एक कोठे भवनमा किरण पुस्तकालयको सञ्चालन ७ वर्ष जति भयो र अर्को नयाँ भवनको २०३१ सालमा शिलान्यास भएर निर्माण सम्पन्न हुँदै गयो । १ रोपनी जति क्षेत्रफल ओगटेको किरण पुस्तकालयको संस्थापनकालमा मद्दत पुऱ्याउने व्यक्तिहरूमा पूर्व वन राज्यमन्त्री दयानिधि पौडेल, डिल्लीराज पन्थी, पद्मपाणि पन्थी, ज्ञानहरि आचार्य, लक्ष्मीनाथ चिरञ्जीवी गौतम, डा. टीकाराम पन्थी, भेषबहादुर कुँवर, पूर्णसिंह टण्डन आदि हुन् । आज यी संस्थापक सहयोगीमध्ये कतिको निधन भइसके पनि सम्बन्धित योगदान जीवन्त छ ।

आज किरण पुस्तकालयले देश विदेशबाट सहयोग प्राप्त गरेको छ । पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिका देश देशान्तरसम्म लोकप्रिय भएको छ । पुस्तकालयबाट अनेक पुस्तकहरू प्रकाशनमा आएका छन् । पुस्तक प्रदान गर्ने व्यक्तिहरू प्रशस्त छन् । किरण पुस्तकालयलाई ५०० (पाँचसय) पुस्तक प्रदान गरेर यो लेखक डा. दुर्गाप्रसाद अर्यालले गौरवानुभव गरिरहेको छ ।

हाम्रो गुल्मीका गाउँ घरमा कसै कसैकहाँ रहेका पुस्तक खास गरी पुराना पाना पुस्तक स्याहार्न मुश्किल भएको छ । त्यस्ता अप्ठ्यारामा परेका पुस्तक जम्मा गरेर किरण पुस्तकालयमा राख्ने काममा पनि शशिजीको सचेतता छ । बही, भरपाइ, तमसुक, राजीनामा र दानदातव्यका कागजपत्रसमेत पुस्तकालयमा सुरक्षित राख्न सके एउटा ऐतिहासिक महत्त्वको कार्य हुनेछ भन्ने मेरो विश्वासपूर्ण सुझाव छ ।

अन्त्यमा किरण पुस्तकालयको उत्तरोत्तर प्रगति र समृद्धिको कामना गर्दछु ।

✍ **पूर्व प्राध्यापक-पद्मकन्या क्याम्पस, काठमाडौं ।**

-०००-

सत्कर्मलाई नमः

लक्ष्मण रिजाल

शिक्षा मात्र प्रकाश-पुञ्ज भरिलो आलोक पैलो धन
पुस्तक् आलय ज्ञानवृद्धि गरने सत्ग्रन्थ प्रकाशन
शब्दःब्रह्म उपासना हृदयमा सत्कर्मकै चिन्तन
ब्रह्मै यज्ञ भनिन्छ कर्मविधिमा सत्कर्मलाई नमः ।

ज्ञानात् मुक्ति भनेर वर्णन गरे यी वेद-वेदान्तले
भक्ति, ज्ञान उपासना अझ ठूलो निष्कर्म सद्भावले
यस्तै दर्शन शास्त्रले मनुजमा कर्तव्य सम्झाउँछन्
शिक्षा नै भवपार तार्न सहजै नौका बनी आउँछन् ।

शिक्षा ज्योति सुसंस्कृति प्रतीक हुन् आधार निर्माणमा
खुल्छन् मार्ग जतातै मनुजका समृद्धि पैल्याउन
खेती-पुस्तक ब्रह्म कर्म सम हो अज्ञान नाशी तमः
पुस्तक् आलय ज्ञान वृद्धि गरने सत्कर्मलाई नमः ।

यस्तै लक्ष्य लिएर राष्ट्र भरमा आलोक फैलाउन
सत्सङ्कल्प लिएर मात्र बढदा पुग्छन् मनोकामना
कालो रात कठोर क्रूर समय पञ्चायती कालमा
गुल्मीको इतिहासमा किरण भो सर्वाङ्ग निर्माणमा ।

पक्कै कष्ट अनेक दुःख हुनगो यस्ता महत् कार्यमा
फैलिए जगमा नयाँ किरणका आभा नयाँ शैलीमा
यस्ता पुण्य-पवित्र कार्य गरने स्रष्टा र संस्थामहाँ
'यस्य कीर्ति स जीवति' जगतमा सत्कर्मलाई नमः ।

यो 'हाम्रो पुरुषार्थ' ले गति दियो भाषा-कला वाङ्मय
खोज्दै त्यो इतिहास गूढ रचना समृद्ध पार्दै जग
लामो यो सुजयन्ती-स्वर्ण समय सम्मान सद्भावना
फूलै फूल लिएर अञ्जुलिभरि मङ्गलमयी कामना ।

कैल्यै रिक्त रहेन पुण्य धरती विद्वानले वीरले
यो मेरो इतिहासको अमरता गाईरहे धीरले
यौटा पुष्प चढाउँ आज म पनि माताजिको पाउमा
फैलियोस् इतिहास वाङ्मय कला मङ्गलमयी कामना ।

✍ उपप्राध्यापक : रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, गुल्मी ।

-०००-

किरण पुस्तकालय



✍ नमोनारायण पन्थी

पुस्तकालय यो हाम्रो किरण् हो गुल्मीको दियो
पचासौं वर्षको यात्रा पूरा भो स्वर्ण वर्षको ॥

विद्या ज्ञान विना हुन्न राष्ट्रको उन्नति भनी
अज्ञान तम फारेर ज्योति बाल्न खडा बनी ॥

पुस्तकालय चढ्दै छ छुन उन्नतिको चुली
भेदभाव, निजी स्वार्थ, सारा संकीर्णता भुली ॥

छर्दैछ ज्ञानका बीज भर्दैछ जगमा कला
गाऊन् गुणीहरू राम्रा गुञ्जिऊन् गीतले गला ॥

पुरुषार्थ बढून् हाम्रा यश-कीर्ति निरन्तर
बढून् वाङ्मय-साहित्य-कलाकृति मनोहर ॥

पचास वर्षका काल अग्रगामी भई गए
अबका वर्षमा झन् झन् किरण् उज्ज्वल भैरहे ॥

✍ आजीवन सदस्य-किरण पुस्तकालय, गुल्मी ।

-०००-

किरण पुस्तकालय : सिर्जनाको उर्वर स्थल



✍ मुकुन्दहरि गौतम

जीवन पनि एउटा पुस्तक जस्तै हो । पुस्तकमा जीवन हुन्छ, समाज देखिन्छ, संस्कृति देखिन्छ, इतिहास बोल्छ र जगत् अटाएको हुन्छ । पुस्तौं पुस्ताका ज्ञानका भण्डारलाई पाना-पानामा पोखिएको हुन्छ । व्यक्तिका, समाजका, राष्ट्रका कथा र व्यथा पुस्तकले बोकेको हुन्छ । पुस्तकले चुपचाप वास्तविकता बोलिरहन्छ, इतिहास सुनाइरहन्छ हामीलाई । पुस्तकले हामीलाई चिनाइरहन्छ र अरूसँग जोडिरहन्छ । जगत्लाई जगाउने र जीवनलाई अझ जीवन्त बनाउने मानव जीवनकै अमूल्य निधि हो पुस्तक ।

दुनियाँ देख्ने दृष्टिलाई सबल र सक्षम बनाउनुपर्छ । यसले 'म' लाई 'हामी' सँग र 'हामी' लाई 'म' सँग जोड्न सक्नुपर्छ । यस्तै उद्देश्यले पुस्तकालयहरू खोलिएका हुन्छन् । यो केवल पुस्तकको घर (पुस्तक + आलय) मात्र नभएर चिन्तन, मनन, बहस र सृजनाको उर्वर स्थल हो । यो सामाजिक रूपान्तरणको उद्गम विन्दु पनि हो, किनकि यो वैचारिक मन्थनको केन्द्र हो ।

तर उपयोग नहुँदा, पुस्तकमा भएको ज्ञान लंकाको सुन जस्तै हो । यसले जीवन सजाउन सक्दैन । संसारलाई हेर्ने दृष्टि बन्न नसक्ने ज्ञान धमिराको भोजनबाहेक केही होइन । 'पुस्तकस्था तु या विद्या परहस्ते गतम् धनम्' भने जस्तै हो । वास्तवमा यसले त हाम्रो सोंच र शैलीलाई बदल्न सक्नुपर्छ । दुनियाँ देख्ने दृष्टिलाई सबल र सक्षम बनाउनुपर्छ । यसले 'म' लाई 'हामी' सँग र 'हामी' लाई 'म' सँग जोड्न सक्नुपर्छ । यस्तै उद्देश्यले पुस्तकालयहरू खोलिएका हुन्छन् । यो केवल पुस्तकको घर (पुस्तक + आलय) मात्र नभएर चिन्तन, मनन, बहस र सृजनाको उर्वर स्थल हो । यो सामाजिक रूपान्तरणको उद्गम विन्दु पनि हो, किनकि यो वैचारिक मन्थनको केन्द्र हो । जोस, जाँगर र उत्साहले भरिएका युवाहरूलाई जीवन र जगत् देखाउने प्रकाश घर हो । यसैलाई समाज परिवर्तनको बाटो मानेर २०२५ साल कार्तिकदेखि शशि पन्थी, भेषबहादुर कुँवर, डा. टीकाराम पन्थी, लक्ष्मीनाथ चिरञ्जीवी गौतमलगायतका व्यक्तित्वहरू अविरल र अनवरत रूपमा पठन संस्कृतिको विकास गर्ने अभियानमा

लाग्नुभो । जिल्लामा साहित्यिक बहस, गोष्ठी र अन्तर्क्रिया गराउने र सृजनशीलताको प्रवर्धन गर्ने उपयुक्त स्थान प्रदान गर्न उहाँहरू लाग्नुभयो ।

यो मुक्तकण्ठले प्रशंसा गर्न सकिने महत्त्वपूर्ण कार्य हो । जस्तोसुकै कठिन र प्रतिकूल परिस्थितिमा पनि 'हाम्रो पुरुषार्थ' बाँचिरह्यो, अगाडि बढिरह्यो, बोलिरह्यो । गुल्मेलीहरूको मात्र नभएर देशका विभिन्न भागका नेपालीहरूका विचारहरू, अनुभूतिहरू, ज्ञान र कलालाई बोकिरह्यो, बाँडिरह्यो हाम्रो पुरुषार्थले । गाउँबेसी, कुनाकन्दराका आवाजहरू, उत्कृष्ट सृजनाहरू यसमा फुलिरहे । नेपालमा मात्र नभएर विश्वका विभिन्न भागमा आफ्नो सुवास छरिरह्यो यसले । उच्च कोटिका विशेष अङ्कहरू पुस्तकालय विशेषाङ्क, भानुभक्त विशेषाङ्क, डा. टीकाराम पन्थी विशेषाङ्क, विश्वेश्वर विशेषाङ्क आदि निकालेर नमुना प्रस्तुत गर्दै सारा नेपालीहरूलाई सार्थक र दिगो काम गर्न प्रेरित गरिरहेको छ- हाम्रो पुरुषार्थले ।

२०२५ सालदेखि आफ्ना प्रारम्भिक चरणहरू पार गर्दै शशि सरको गाई गोठदेखि अत्याधुनिक पुस्तकालय भवनको शिलान्यास गर्दासम्म अनवरत रूपमा विभिन्न संकटसित सामना गर्दै अघि बढेको पनि आज ५० वर्ष पूरा भएको छ । यसै अवधिमा १४ वटा महत्त्वपूर्ण कृतिहरू र हाम्रो पुरुषार्थका ८० प्रकारका स्वरूपहरूले समाज र साहित्यलाई रूपान्तरण गर्ने सुगन्धित पुष्पगुच्छाले गुल्मीवासीलाई मात्र नभई देश-विदेशमा रहेका सबै नेपालीहरूलाई स्वागत गरिसकेको छ । यो सागर जस्तै निरन्तर बगिरहेको छ, धमिलिएको समाजलाई सङ्ल्याउँदै हाम्रो पुरुषार्थले आफ्नो पुरुषार्थ देखाउँदै वर्तमान अवस्थासम्म आइपुगेको छ । पुस्तकालय आज ५० वसन्त पार गरी ५१ औं वसन्तमा प्रवेश गरेको वर्षमा वर्षैभरि स्वर्णमहोत्सव मनाउने खुसियालीमा विभिन्न साहित्यिक कार्यक्रम भएका छन् । ५ नं. प्रदेश स्तरीय पुस्तकालय सम्मेलन, जिल्ला स्तरीय गोष्ठी, गजल, अन्तर्क्रिया, कविता प्रतियोगिता र स्वकीय कविता, गजलवाचन कार्य गर्दै ८० औं प्रकाशनमा किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क प्रकाशित हुँदैछ भन्ने खबर थाहा पाउँदा हामी सबै पाठकहरूलाई अत्यन्त खुसीको अनुभूति गराएको छ ।

वासना र सुवास छर्दै हाम्रो जिल्लामा फुलेका फूलहरू किरण पुस्तकालय र हाम्रो पुरुषार्थलाई सबैको साथ र संरक्षणको खाँचो छ । अन्त्यमा यो ज्ञानगृहको परिकल्पना गर्ने व्यक्तित्वदेखि लिएर जग हाल्ने, संरचना तयार गर्ने, सृजनाको फूलबारीलाई हुर्काउन, बढाउन जिम्मेवार मालीको भूमिका निर्वाह गर्ने व्यक्तित्वहरूलाई हार्दिक हार्दिक नमन ।

वार्ड सदस्य-रेसुङ्गा नगरपालिका-१, तम्घास, गुल्मी ।

-०००-

किरण पुस्तकालय र शशि पन्थी

✍ गणेश पुण्य श्रेष्ठ

गुल्मी जिल्लाकै सबैभन्दा पुरानो 'किरण पुस्तकालय' को स्वर्णजयन्तीको ५० औं वर्षगाँठको शुभ उपलक्ष्यमा केही मनमा लागेका कुरा लेख्ने जमर्को गरेको छु । किरण पुस्तकालयको जन्म तथा स्थापना २०२५ सालमा भएको हो । यसका संस्थापक, जन्मदाता श्री शशि पन्थी हुनुहुन्छ । पञ्चायती व्यवस्थाको समयमा स्थापना हुन पुगेको किरण पुस्तकालयले अनेकौं आरोह-अवरोह, उतार-चढाव खेप्नुपरेको थियो । सदरमुकाम तम्घासस्थित किरण पुस्तकालयले स्थापना समयदेखि नै प्रशासनको सेन्सरसिपसँग नडराई नडराई, उभिइरह्यो, उभिइरह्यो । पत्रपत्रिकाको अभाव भइरहँदा यस पंक्तिकारले आफ्नो रिडीस्थित बैंसालु पुस्तक पसलबाट गोरखापत्र, अर्पण, मातृभूमि, सोभियतभूमि जस्ता पत्रपत्रिका र अन्य प्रकाशन पनि पठाउने गरेको हो ।

किरण पुस्तकालयले शशि पन्थीकै सम्पादनमा 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिका पनि निरन्तर प्रकाशन गरिरहेको छ । शशि सर, बहुआयामिक प्रतिभाका धनी हुनुहुन्छ । किरण पुस्तकालय स्थापनाकालदेखि उहाँको जीवनभरको सम्पूर्ण लगानी पुस्तकालयमा भएको बुझिन्छ । त्यति मात्र नभएर उहाँको पूरा नाम शशिकिरण पन्थी हो । आफ्नो जीवनको सम्पूर्ण शक्तिस्वरूप प्रकाश पुस्तकालयमार्फत समाजलाई सुम्पेर आफू शशि पन्थी मात्र भएर रहनुभएको छ । मानिस जन्मेर एक दिन मर्न पर्छ नै । बाँचुञ्जेल केही गरेर जानुपर्छ भन्ने मानवीय सोंच उहाँ राख्नुहुन्छ ।

आज किरण पुस्तकालयले शशि पन्थीकै सम्पादनमा 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिका पनि निरन्तर प्रकाशन गरिरहेको छ । शशि सर, बहुआयामिक प्रतिभाका धनी हुनुहुन्छ । किरण पुस्तकालय स्थापनाकालदेखि उहाँको जीवनभरको सम्पूर्ण लगानी पुस्तकालयमा भएको बुझिन्छ । त्यति मात्र नभएर उहाँको पूरा नाम

शशिकिरण पन्थी हो । आफ्नो जीवनको सम्पूर्ण शक्तिस्वरूप प्रकाश पुस्तकालयमार्फत समाजलाई सुम्पेर आफू शशि पन्थी मात्र भएर रहनुभएको छ । मानिस जन्मेर एक दिन मर्न पर्छ नै । बाँचुञ्जेल केही गरेर जानुपर्छ भन्ने मानवीय सोंच उहाँ राख्नुहुन्छ ।

किरण पुस्तकालय स्थापनाको समयमा सञ्चार माध्यमहरू निकै कमजोर थिए । पत्रपत्रिका तम्घास (गुल्मी) मा पाइँदैनथ्यो । पुस्तक पसल थिएनन् । पत्रपत्रिका प्राप्त गर्न ७ दिनदेखि १०-१५ दिनसम्म लाग्दथ्यो । सबै पत्रिका हुलाकबाट मात्र प्राप्त हुन्थे । शशि सरले कुनै हार नमानीकन विकट ठाउँमा जनतालाई सुसूचित गर्ने, चेतना जगाउने र पढ्न प्रेरित गर्नुहुन्थ्यो ।

शशिको शीतल, आनन्ददायी छहारीस्वरूप किरण फैलाउने उहाँको महान् विचारले नासोको रूपमा किरण पुस्तकालय खोल्नुभयो । आज किरण पुस्तकालय शशि सरको योगदानको ज्वलन्त उदाहरण बन्न पुगेको छ । किरण पुस्तकालय स्थापनाको समय उहाँको उमेर १६ वर्षको थियो । कलिलै उमेरदेखि उहाँले जनचेतना जगाउने गरी साहित्य र पत्रकारितामा कलम चलाउन सुरू गर्नुभएको हो । यसमा दुई मत छैन । उहाँ र मैले गाउँ-घरमा भएका समाचार बुटवल, काठमाडौंका पत्रिकामा सम्प्रेषण गर्दथ्यौं । पछि शशि सर भैरहवाबाट प्रकाशित हुने 'खसोखास' साप्ताहिकको सह-सम्पादक भएर काम गर्नुभएको थियो । उहाँले भैरहवाबाट नै संकल्प, भेटघाट जस्ता साहित्यिक पत्रिका पनि निकाल्नुभयो ।

किरण पुस्तकालय स्थापनाको समयमा सञ्चार माध्यमहरू निकै कमजोर थिए । पत्रपत्रिका तम्घास (गुल्मी) मा पाइँदैनथ्यो । पुस्तक पसल थिएनन् । पत्रपत्रिका प्राप्त गर्न ७ दिनदेखि १०-१५ दिनसम्म लाग्दथ्यो । सबै पत्रिका हुलाकबाट मात्र प्राप्त हुन्थे । शशि सरले कुनै हार नमानीकन विकट ठाउँमा जनतालाई सुसूचित गर्ने, चेतना जगाउने र पढ्न प्रेरित गर्नुहुन्थ्यो । सबै गाउँका मानिस तम्घास आउँदा किरण पुस्तकालयमा अध्ययन गर्न जान करै लाग्दथ्यो । सो पुस्तकालयमा धार्मिक, राजनीतिक, सांस्कृतिक र सबै विषयका पुस्तक पत्रिकाहरू भण्डारकै रूपमा रहेका थिए । आजसम्म पनि किरण पुस्तकालयको प्रगति निरन्तर चलिरहेको छ । पुस्तकालय भवन आफ्नै छ । सबै तह र तप्काबाट किरण पुस्तकालयलाई सहयोग पुगेको छ ।

अन्तमा किरण पुस्तकालयको उत्तरोत्तर प्रगतिको कामना राख्दै शशि पन्थी सरमा सुस्वास्थ्य र दीर्घायुको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

✍ **गुल्मीको रिडीमा शैक्षिक, सामाजिक र सरकारी सेवामा संलग्न भई हाल बुटवलमा सेवा निवृत्त जीवनयापन गर्दै ।**

-०००-

किरण पुस्तकालयको प्रकाश



✍ डा. लक्ष्मीकान्त पन्थी

१. पुस्तकालय के हो ?

शब्दार्थको खोजी गर्ने हो भने 'पुस्तकालय' एक समस्त शब्द हो । (क) पुस्तकानां + आलयः = पुस्तकालयः (षष्ठीसमास), (ख) पुस्तकानि यत्र रक्ष्यन्ते+ स आलयः पुस्तकालयः (तत्पुरुषसमास) हुन्छ । जस्तो समास भए पनि अर्थ उही हुन आउँछ । पुस्तकहरूको घर अथवा पुस्तक राखिएको घर या पुस्तक राख्ने घर । यो त भयो शब्दार्थ मात्रै । पुस्तकालयको भावार्थ पनि खोजी गर्न सकिन्छ ।

पुस्तकालय आफै बोल्दैन लाटो छ, किन्तु उसले समाजलाई बोल्न सिकाउँछ । पुस्तकालय आफै पढ्दैन किन्तु उसले पाठकहरूलाई पढ्न सिकाउँछ । पुस्तकालयले आफ्नो ठाउँभन्दा अन्यत्र देख्दैन किन्तु उसले पाठकलाई चारैतिर टाढा टाढासम्म देखाउँछ, बताउँछ । समाचारहरू पढाउँछ, भूगोल, इतिहास, समाजशास्त्र, नीतिशास्त्र, ज्ञान-विज्ञान, अर्थशास्त्र, राजनीति, साहित्य, कला कौशल सबै कुरा सिकाउँछ ।

पुस्तकालय आफै बोल्दैन लाटो छ, किन्तु उसले समाजलाई बोल्न सिकाउँछ । पुस्तकालय आफै पढ्दैन किन्तु पाठकहरूलाई पढ्न सिकाउँछ । पुस्तकालयले आफ्नो ठाउँभन्दा अन्यत्र देख्दैन किन्तु उसले पाठकलाई चारैतिर टाढा टाढासम्म देखाउँछ, बताउँछ । समाचारहरू पढाउँछ, भूगोल, इतिहास, समाजशास्त्र, नीतिशास्त्र, ज्ञान-विज्ञान, अर्थशास्त्र, राजनीति, साहित्य, कला कौशल सबै कुरा सिकाउँछ । यसरी बुझ्दै जाँदा हाम्रो लागि पुस्तकालय के हैन ? अर्थात् सबैथोक हो । यसले बाबु बाजे बराजुहरूले पनि नजानेका विषय विषयवस्तुहरू हामीलाई सिकाउँछ, सिकाएर कहिल्यै थाक्दैन । यसका लागि हामीले पनि पुस्तकालयलाई आफ्नो दाजु अथवा बाबु बाजेहरूलाई जस्तो मर्यादा गर्न, सम्मान गर्न र यो हामीहरूको हितैषी हो भन्ने बुझ्न आवश्यक छ । आमाको काखमा गएन र टाढा भयो भने त बच्चाले

दुध खान पनि पाउन्न र सक्दैन । ऊ सधैका लागि वञ्चित हुन्छ । बच्चाले त आफ्नी आमाको महत्त्व सम्झिनुपर्छ र बुझ्नुपर्छ । यो उसको कर्तव्य हो ।

२. किरण पुस्तकालय

हाम्रो नेपालमा धेरै पुस्तकालय पहिले थिएनन् । राजधानी काठमाडौंमा एकमात्र वीर पुस्तकालय नामको एक पुस्तकालय घण्टाघरमा रहेको थियो । परन्तु त्यसमा सर्वसाधारण जनताहरू पस्न पनि पाउन्नथे । त्यहाँ केवल राणाजीहरू मात्र जान र पढ्न पाउँथे । पछि श्री ३ देवशमसेरका पालामा संवत् १९५८ सालमा मात्र त्यो पुस्तकालयमा सर्वसाधारण जनता प्रवेश गर्न र त्यहाँ बसेर पढ्न पाउने भएका हुन् । पुस्तक घरमा लैजान भने त्यसबेला पनि पाएका थिएनन् । पछि यही वीर पुस्तकालयलाई राष्ट्रिय पुस्तकालय भन्ने नाम दिएर नेपाल सरकारबाट सञ्चालन गर्न लागिएको हो । अहिले भने भूकम्प (२०७२) ले गर्दा त्यो पुस्तकालयको अवस्था दयनीय छ । केसर पुस्तकालय, त्रि.वि. पुस्तकालय र देशका अरू ठाउँमा खुलेका सबै पुस्तकालयहरू राष्ट्रिय पुस्तकालयभन्दा कान्छा हुन् । देशमा प्रजातन्त्र आएपछि धेरै ठाउँमा पुस्तकालयहरू खुल्दै आए । यसै सन्दर्भमा किरण पुस्तकालय पनि वि.सं. २०२५ सालमा खुलेको हो ।

उहाँले आफ्नो नामभन्दा पुस्तकालयको नाम रहनु बढी महत्त्वपूर्ण हो भन्ने बुझेर आफ्नै नामको बीचको शब्द 'किरण' उक्त पुस्तकालयका अगाडि संयोजन गर्नुभएको रहेछ । यस कार्यले आज उहाँको सामाजिक एवं शैक्षिक बुद्धिमत्ता र दूरदर्शितालाई प्रष्ट पारिरहेको छ भन्ने मलाई बोध भएको छ । किरण पुस्तकालयले आफ्नो ५० वर्षे जीवनकालमा गुल्मीमा मात्रै नभएर सिङ्गो देश र विदेशमा समेत 'हाम्रो पुरुषार्थ' को माध्यमद्वारा प्रकाश छरिरहेको छ । नेपाली भाषा र साहित्यको क्षेत्रमा उज्यालो देखाइरहेको छ । यसले बालेको उज्यालोले भविष्यमा पनि नेपाली पुस्तकालयप्रेमीहरूलाई बाटो देखाइरहनेछ । नेपाली भाषा र साहित्यमा नेपालीको पौरख 'हाम्रो पुरुषार्थ' को माध्यमबाट प्रकट भइरहन्छ ।

यसको नाम किरण पुस्तकालय भन्ने रहेकोले यसले भरसक आफ्नो प्रकाश पुग्न सक्ने ठाउँमा किरणहरू पुऱ्याएको छ । अहिले तम्घासमा नगरपालिका भैसकेको हुनाले त्यहाँका सचेत व्यक्तिहरू किरण पुस्तकालयको प्रकाशमा गतिशील हुँदैछन् र हुनेछन् भन्ने आशा छ ।

मैले जाने बुझेअनुसार किरण पुस्तकालयको सञ्चालक समितिका सक्रिय व्यक्तिहरूमध्ये एक शशि पन्थी मेरा समकालिक नै हुनुहुन्छ । यो कुरा मैले किन जोड्दैछु भने मेरो विद्यार्थी अवस्था हुँदा उहाँको पनि विद्यार्थी अवस्था नै थियो । त्यसबेला सायद उहाँ पढ्नका लागि बनारसमा पुगिसक्नु भएको थियो ।

आफूले सानै कक्षामा पढ्दा पनि उहाँले आफ्नो नामभन्दा पुस्तकालयको नाम रहनु बढी महत्त्वपूर्ण हो भन्ने बुझेर आफ्नै नामको बीचको शब्द 'किरण' उक्त पुस्तकालयका अगाडि संयोजन गर्नुभएको रहेछ । यस कार्यले आज उहाँको सामाजिक एवं शैक्षिक बुद्धिमत्ता र दूरदर्शितालाई प्रष्ट पारिरहेको छ भन्ने मलाई बोध भएको छ । किरण पुस्तकालयले आफ्नो ५० वर्षे जीवनकालमा गुल्मीमा मात्रै नभएर सिङ्गो देश र विदेशमा समेत 'हाम्रो पुरुषार्थ' को माध्यमद्वारा प्रकाश छरिरहेको छ । नेपाली भाषा र साहित्यको क्षेत्रमा उज्यालो देखाइरहेको छ । यसले बालेको उज्यालोले भविष्यमा पनि नेपाली पुस्तकालयप्रेमीहरूलाई बाटो देखाइरहनेछ । नेपाली भाषा र साहित्यमा नेपालीको पौरख 'हाम्रो पुरुषार्थ' को माध्यमबाट प्रकट भइरहन्छ ।

म के भन्दछु भने शशि पन्थी एक व्यक्ति भएको हुँदा उहाँको आयु त विधाताले निश्चितै गरेका होलान् । परन्तु उहाँले राखेको नामको 'किरण पुस्तकालय' को आयु अहिलेसम्म ५० वर्षको भए पनि अवश्य लामो हुनेछ भन्ने विश्वास एवं शुभेच्छा गर्दछु । यसमा विधाताले सीमा नतोक्लान् । यस पुस्तकालयको उत्तरोत्तर प्रगतिका लागि शुभेच्छा व्यक्त गर्दछु । धन्यवाद ।

✍ **पूर्व सहप्राध्यापक-अमृत साइन्स क्याम्पस, काठमाडौं ।**

–ooo–

काठमाडौं र बुटवलका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहकहरूले निम्नलिखित पुस्तक पसलबाट आफ्नो परिचय-पत्र देखाएर विवरण लेखाई 'हाम्रो पुरुषार्थ' पत्रिका बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

भण्डारी बुक्स एण्ड स्टेशनरीज
भक्तपुर बसस्टप नजिकै
बागबजार, काठमाडौं
फोन नं. ४२४१४८५/२६०९०६

हिमालय बुक्स हाउस
मणिपथ, मिलनचोक, बुटवल-११, रूपन्देही
फोन नं. ०७१-५४१००९

हाम्रो पुरुषार्थ (त्रैमासिक)
किरण पुस्तकालय, तम्घास, गुल्मी

किरण पुस्तकालयका पचास वर्ष



✍ प्रा. डा. राजाराम उपाध्याय सुवेदी 'त्र्यम्बक'

वि.सं. १८०० भन्दा अगाडि कास्की राज्यमा पण्डित पुस्तकालयको स्थापना भएकोले नेपालको पहिलो पुस्तकालय त्यही हो । विश्वपरिचय नामक कृतिमा पं. बुद्धिसागर पराजुली (पूर्व महानिर्देशक, पुरातत्त्व विभाग) ले त्यसको परिचयसाथ एउटा लेख प्रकाशमा ल्याएका छन् । त्यस पुस्तकालयमा प्रकाशित कृतिहरू थिएनन् । सबै पुराण, उपपुराण, उपनिषद्, व्याकरण, कर्मकाण्ड, वेद, भाष्य, स्तोत्रावली, पूजाविधि, ज्योतिष, शान्तिकाध्याय जस्ता पाण्डुलिपिहरूको सञ्चयन, संकलन त्यहाँ थिए । त्यसका अन्तिम पुस्तकालयाध्यक्ष पं. मदनभूषण पराजुली थिए । पण्डित पुस्तकालय पोखराको पण्डितपौवासँगै (के.आई.सिंह पुलको) दक्षिणपश्चिम तरामा थियो । पहिले त्यो पुललाई पण्डितपौवा साँघु र महेन्द्रपुललाई कोठेसाँघु भनिन्थ्यो । पण्डित पुस्तकालयका पुस्तकहरू त्यसै थन्किएर बस्न पाउँदैनथे । त्यस पुस्तकालयमा यस्ता कामहरू गरिन्थे ।

- पहिलेका पुस्तकहरूलाई विद्वान्हरू जुटाई कस्केली राजाले अरू प्रतिहरू सार्न लगाउँथे र उनीहरूलाई त्यसबाट मनग्गे सुविधा र वृत्ति मिल्दथ्यो ।
- पुराणादि अनुष्ठानमा वरणी भएका पण्डितहरूले पण्डित पुस्तकालयबाट आवश्यक पुस्तक लिएर जान्थे र एकदिन पाठ गर्ने ब्राह्मणलाई दिइने दक्षिणा बराबरको रकम ग्रन्थ फिर्ता गर्दा बुझाउनुपर्थ्यो ।
- अन्य राज्य र कास्की राज्यका विद्यार्थीहरूलाई पढाउनलाई, पढाउनु पर्दा पण्डित पुस्तकालयबाट पुस्तकहरू नियमानुसार लैजान पाइन्थ्यो ।
- अन्य राज्यका राजा, मन्त्री, कर्मचारी, विद्वान् पण्डितहरूले पनि पण्डित पुस्तकालयबाट नियमानुसार पुस्तक लैजान र फिर्ता गर्न सक्तथे ।
- कास्की राज्यमा विद्याको बढ्ता महत्त्व राखिने हुँदा यत्रतत्रका विद्याभ्यासीहरू त्यहाँ पुग्ने भएकाले 'विद्या हराए कास्की जानू' भन्ने उखान प्रचलित थियो । गाउँ गाउँका पण्डितहरूले लिखित पाण्डुलिपि पुस्तकालयमा जम्मा गर्नुपर्थ्यो ।

२५ वर्षअगाडि गुल्मी तम्घास (तमास) स्थित किरण पुस्तकालयका सचिव प्रा. शशि पन्थीजीले पुस्तकालयका बारेमा विशेषाङ्क प्रकाशन हुँदै रहेकोले एउटा लेखको आह्वान गर्नु भएकोमा यस पंक्तिकारलाई फुर्सद पनि भएन र काठमाडौंको आकुञ्चित बसाइका कारण त्यति आग्रह पनि पूरा गर्न असमर्थ भएँ । अब कार्यनिवृत्त भएपछि पनि फुर्सद त हुँदैन तापनि यस मौकालाई फुत्काउन मन लागेन । यसरी स्वर्ण जयन्तीमा तयार पारेर छापिने लेख कस्तो लेख्ने हो भन्ने औपचारिकता छोडी भएको कुरा लेखिदै छ ।

विदेशीहरूले नेपालका राम्रा कुराभन्दा विभाजन, भेददृष्टि राख्ने कुरा लेख्ने गरेका छन् र ती धेरै जसोले नेपाललाई कहिले तिब्बतको, कहिले चीनको, कहिले भारतको अधीनस्थ राज्यको रूपमा चित्रित गर्दै आएका छन् । गुल्मीको अर्कुल र भार्से, मौलोपूजा गर्ने दरबन्दी पाएका महत्त्वपूर्ण ठाउँहरू हुन् । त्यताका मगर जातिले घरेलु उद्योग, आत्मनिर्भरताको बाटो, प्राकृत खनिज उत्खननका पारखी भएबापत नेपाल सरकारबाट प्रशस्त सुविधा सहुलियत, नाम, मान, इज्जत र जिम्मेवारी पाएको पक्का हो ।

यस पंक्तिकारको भ्रमणको उपज "गुल्मीको ऐतिहासिक झलक" हो जुन २०५५ सालमा किरण पुस्तकालयबाट पहिलोचोटि प्रकाशित गरियो । अर्घाखाँचीको इतिहास १० वर्षपहिले गोपाल खनाललाई दिएको अझसम्म पनि उहाँकै हातमा रहिबसेको छ । त्यसको प्रकाशन गर्न पाएको भए त्यताका धेरै कुरा खुल्ने थिए । फ्रान्सको टोलीसँग एकजना सहायक फिलिपरामिरेज स्थलगत भ्रमणमा रहँदा शशि पन्थीजीको निवासमा लामै समय बस्यौं । त्यस बसाइको लाभ "ऋष्य श्रृङ्ग . Hearned Sage" भन्ने पुस्तक उक्त व्यक्तिले प्रकाशित गराए । त्यस पुस्तकमा भार्से, अर्कुलकोटलाई गुल्मीको छुट्टै राज्य भनिदिएछन् र त्यही कुरालाई डा. मीन श्रीस मगरजीले "भार्से अर्कुल राज्यको इतिहास" नामक कृति लेखी जीवन गंगा कल्याण कोष ललितपुर २ बाट २०७५ सालमा प्रकाशित गर्नुभएछ । पुस्तक देखेर खुसी लाग्यो । गुल्मी चारपाला ईश्वरी उच्च मा.वि. गुल्मीदरबारको ढाँचामा नक्सा तयार पारेर आवरण पृष्ठको बाहिर प्रस्तुत गरिएको छ । पुस्तक तयार पार्नु राम्रो कुरा हो, यद्यपि प्रमाणले पुष्टि नगरेसम्म आनुकाल्पनिक प्रस्तुतिलाई इतिहासको कोटिमा राख्न विचार गर्नुपर्ने देखिन्छ । बरू बल्ढेङगढी अस्तित्वमा छँदा भार्से-अर्कुलकोट एक थपौलाको रूपमा स्वीकार गर्न सकिने ठाउँ छ । फिलिपरामिरेज राजाराम सुवेदीको सहायकका रूपमा खटाइएका मानिस हुन् । उनले जे लेखे त्यो स्वीकार्य र प्रमाणिक मान्नु एउटा इतिहासकारलाई सुहाउँदैन । विदेशीहरूले नेपालका राम्रा कुराभन्दा विभाजन, भेददृष्टि राख्ने कुरा लेख्ने गरेका छन् र ती धेरै जसोले नेपाललाई कहिले

तिब्बतको, कहिले चीनको, कहिले भारतको अधीनस्थ राज्यको रूपमा चित्रित गर्दै आएका छन् । गुल्मीको अर्कुल र भार्से, मौलोपूजा गर्ने दरबन्दी पाएका महत्त्वपूर्ण ठाउँहरू हुन् । त्यताका मगर जातिले घरेलु उद्योग, आत्मनिर्भरताको बाटो, प्राकृत खनिज उत्खननका पारखी भएबापत नेपाल सरकारबाट प्रशस्त सुविधा सहुलियत, नाम, मान, इज्जत र जिम्मेवारी पाएको पक्का हो ।

किरण पुस्तकालयले २०३० सालदेखि 'हाम्रो पुरुषार्थ' नामक पत्रिका प्रकाशन गर्दै आएको छ । त्यसका अतिरिक्त सन्त शशिधर मरासिनीको बाणोपनिषद्, रेसुङ्गाका आध्यात्मिक कृति, केही जनश्रुतिहरू, रुरुक्षेत्र, नेनेपालः, बुद्धस्मरणम्, मेरो देश नेपाल, गुल्मीको ऐतिहासिक झलक, मानवताको कलङ्क जातपात र छुवाछूत प्रथा, सांस्कृतिक चिन्तन, अर्वाचीन रेसुङ्गा, तपोभूमि रेसुङ्गाधाम, ग्रहविमर्श गरी १४ वटा सिङ्गा कृतिहरूको प्रकाशन गरिसकेको छ । तीमध्ये ५ वटा कृति त डा. टीकाराम पन्थीका छन् । जहिले पनि वित्ताभावको माझमा किरण पुस्तकालयले ५० वर्ष पार गर्दैछ । मोफसलमा कुनै बेला कैयौं यस्ता पत्रिकाहरू, मुखपत्रहरू प्रकाशित हुँदै केही वर्षमै थन्किदै, बन्द हुँदै आएका छन् तर किरण पुस्तकालयले निरन्तर प्रायः 'हाम्रो पुरुषार्थ' प्रकाशन गर्दै आएको छ । यसको सञ्चालनार्थ रहेका स्रोतहरूमा आजीवन सदस्य शुल्क र केही न्यून रकममा छापिने विज्ञापनहरू नै हुन् । नेपालको जिल्ला प्रशासनको आफ्नो न्यून स्रोत हुनाले न्यूनातिरिक्त मद्दत बेलाबेलामा गरेकै देखिन्छ । साँच्चै भन्नुपर्दा नेपालभरिका सबै पुस्तकालयहरूको अवस्था उस्तै छ । सुनिन्छ, संस्कृति मन्त्रालयमा मदन

जहिले पनि वित्ताभावको माझमा किरण पुस्तकालयले ५० वर्ष पार गर्दैछ । मोफसलमा कुनै बेला कैयौं यस्ता पत्रिकाहरू, मुखपत्रहरू प्रकाशित हुँदै केही वर्षमै थन्किदै, बन्द हुँदै आएका छन् तर किरण पुस्तकालयले निरन्तर प्रायः 'हाम्रो पुरुषार्थ' प्रकाशन गर्दै आएको छ । यसको सञ्चालनार्थ रहेका स्रोतहरूमा आजीवन सदस्य शुल्क र केही न्यून रकममा छापिने विज्ञापनहरू नै हुन् । नेपालको जिल्ला प्रशासनको आफ्नो न्यून स्रोत हुनाले न्यूनातिरिक्त मद्दत बेलाबेलामा गरेकै देखिन्छ । साँच्चै भन्नुपर्दा नेपालभरिका सबै पुस्तकालयहरूको अवस्था उस्तै छ । सुनिन्छ, संस्कृति मन्त्रालयमा मदन पुरस्कार पुस्तकालयाध्यक्षले "अब त्यो चलाउन असमर्थ रहेको" जनाउ दिइसकेका छन् । त्यत्रो त्यो मदनशम्शेर, जगदम्बाश्रीको पुस्तकालय त त्यस्तो अवस्थामा पुगेको सुनिन्छ भने "कहाँका राजाराम, कहाँ गने भँडारी" भनेझैं त हुनु नै छ । तर एउटा अपवाद छ, किरण पुस्तकालयका सञ्चालक, हाम्रो पुरुषार्थका सम्पादक-मण्डल ज्यादै चट्टाने छाती बोकेर त्यो बीडो थामिरहनुभएको छ ।

पुरस्कार पुस्तकालयाध्यक्षले "अब त्यो चलाउन असमर्थ रहेको" जनाउ दिइसकेका छन् । त्यत्रो त्यो मदनशम्शेर, जगदम्बाश्रीको पुस्तकालय त त्यस्तो अवस्थामा पुगेको सुनिन्छ भने "कहाँका राजाराम, कहाँ गने भँडारी" भनेझैं त हुनु नै छ । तर एउटा अपवाद छ, किरण पुस्तकालयका सञ्चालक, हाम्रो पुरुषार्थका सम्पादक-मण्डल ज्यादै चट्टाने छाती बोकेर त्यो बीडो थामिरहनुभएको छ ।

पुरस्कार पुस्तकालयाध्यक्षले "अब त्यो चलाउन असमर्थ रहेको" जनाउ दिइसकेका छन् । त्यत्रो त्यो मदनशम्शेर, जगदम्बाश्रीको पुस्तकालय त त्यस्तो अवस्थामा पुगेको सुनिन्छ भने "कहाँका राजाराम, कहाँ गने भँडारी" भनेझैं त हुनु नै छ । तर एउटा अपवाद छ, किरण पुस्तकालयका सञ्चालक, हाम्रो पुरुषार्थका सम्पादक-मण्डल ज्यादै चट्टाने छाती बोकेर त्यो बीडो थामिरहनुभएको छ । त्यस मण्डललाई सही मार्गावलम्बन शशि पन्थीजीको मिलिरहेकोले डराउनु पर्ने स्थिति भएझैं लाग्दैन ।

२०२५ सालदेखि किरण पुस्तकालयको भवन पुनर्निर्माण गर्ने जमर्को २०५६ मा आएर पूरा भएको देखिन्छ । त्यो पनि ऋण सापट लिएर वि.सं. २०४२ सालमा फ्रान्स प्याारिसको सी.एन.आर.एस.को अनुसन्धान टोली गुल्मी, अर्घाखाँची, प्यूठान र पाल्पामा पुगेको थियो । त्यसको बाहिरी उद्देश्य त्यस क्षेत्रमा कफी र अमिलो जातको फलफूल विकास गर्नु थियो । त्यस योजनालाई जनसमक्ष लैजान इतिहास, संस्कृति र सामाजिक अध्ययनार्थ यस पंक्तिकारलाई पठाएको थियो । त्यतिबेला तम्घासमा पुगी किरण पुस्तकालय हेर्ने र मुखपत्र लिने काम भयो तापनि त्यसलाई आर्थिक सहयोग गर्न सकिएन । टोलीको भित्री उद्देश्य त्यस क्षेत्रका प्राचीन पाषाण उपकरणहरू र त्यस्तै ऐतिहासिक महत्त्वका वस्तुहरू निरीक्षण गरी ललाई, फकाई, प्रत्यक्ष, परोक्षरूपमा प्यारिसमा पुऱ्याउनु थियो । त्यस कार्यमा यो पंक्तिकार सफल भएन र अन्य मित्रहरूले सो काममा हात हाल्नुभयो, सफल हुनुभयो । एउटा असफल हुने अर्का विद्वान् प्रा. डा. डिल्लीराज शर्मा पनि पर्दछन् । त्यसरी नेपालका मूर्ति, पाषाण उपकरण, टुँडाल, पेष्टिङ, हस्तलिखित ग्रन्थ नेपालीमार्फत पलायन भई आएका छन् ।

यहाँको ऐतिहासिक वैभव र गरिमालाई विदेशीहरूले जगैदेखि भत्काउँदै छन् । परराष्ट्र मन्त्रालय, पुरातत्त्व विभाग, राष्ट्रिय अभिलेखालय, राष्ट्रिय पुस्तकालय उनीहरूका निम्ति खुला र नेपालीका निम्ति बन्द छन् । नेपालीले लेखेको कुरा पत्यारिलो लाग्दैन, जति विदेशीको कुरा लाग्छ ।

माथि उल्लेख गरिएका कुरा किरण पुस्तकालयको स्वर्ण-जयन्तीको अवसरमा सङ्केत गरिएको मात्र हो । नेपालमा विदेशीहरूको चलखेलले केही पर्यटन व्यवसायीलाई लाभ पुगे पनि साल्भेर सिल्भाँ लेभीदेखि कर्णेल जेष्ठसम्मका फ्रान्सेलीहरूले हाम्रो देशका लाखौं सामग्री लगी प्याटेन्सी राइट कपीराइट दर्ज गरिसकेका छन् र त्यति नै सामग्री ओसारी सकेका छन् । प्रधानमन्त्री भीमसेन थापाका पालामा नेपालका राजदूत भई आएका एक विद्वान् वृयान स्यूटन हड्सनले बेलायत फर्कदा एउटा पानीजहाजभरि नेपालका मूर्ति, पुस्तक, कलाकृति, शिला, पाषाणकालीन मानव

औजार, लाखौंका संख्यामा दस्तावेज बेलायत पुऱ्याएको कुरा जगजाहेर छ । प्रधानमन्त्री चन्द्रशम्शेरका पालामा आएका पहिला जापानी तीर्थयात्री इकोई काओगुजी नेपालबाट फर्कदा ४९४ मस्तभारी लदाई नेपालका पाण्डुलिपि, हस्तिहाड, पुरातात्त्विक सामग्रीहरू जापान पुऱ्याए । त्यो क्रम अहिलेसम्म पनि जारी छ र उनीहरूले नेपालको इतिहास र संस्कृतिलाई ध्वस्त पारिरहेका छन् ।

अब नेपालीहरू अरबको गर्मीमा रोजगारीको निम्ति जान बाध्य छन् । यहाँको ऐतिहासिक वैभव र गरिमालाई विदेशीहरूले जगैदेखि भत्काउँदै छन् । परराष्ट्र मन्त्रालय, पुरातत्त्व विभाग, राष्ट्रिय अभिलेखालय, राष्ट्रिय पुस्तकालय उनीहरूका निम्ति खुला र नेपालीका निम्ति बन्द छन् । नेपालीले लेखेको कुरा पत्यारिलो लाग्दैन, जति विदेशीको कुरा लाग्छ ।

यहाँ प्रशस्त स्वदेशी र विदेशी पत्रिकाहरू संगृहीत छन् । मोफसलको दुर्गम मानिने गुल्मीमा यस्तो सरस्वती मन्दिर हुनु सबैका लागि शोभादायक छ । पुस्तकालयका आफ्नै नियम र अनुशासनहरू छन् । यसका प्रकाशनले पाठकलाई सन्तुष्टि प्रदान गरिरहेका छन् । यस पुस्तकालयको उत्तरोत्तर समुन्नतिको कामना गर्दछु । आजकल इन्टरनेट, आइटी, सफ्टवेयर जस्ता वैज्ञानिक उपकरणहरू झुल्केका छन् तर पुस्तक संकलन र प्रकाशन गर्नु एउटा स्थायी काम हो, नमेटिने काम हो, जुन काम यस किरण पुस्तकालयले बलवुतासाथ गर्दै अगाडि बढिरहेको छ ।

किरण पुस्तकालय नेपालको एक गरिमामय संग्रहस्थल बनिरहेछ । यहाँ प्रशस्त स्वदेशी र विदेशी पत्रिकाहरू संगृहीत छन् । मोफसलको दुर्गम मानिने गुल्मीमा यस्तो सरस्वती मन्दिर हुनु सबैका लागि शोभादायक छ । पुस्तकालयका आफ्नै नियम र अनुशासनहरू छन् । यसका प्रकाशनले पाठकलाई सन्तुष्टि प्रदान गरिरहेका छन् । यस पुस्तकालयको उत्तरोत्तर समुन्नतिको कामना गर्दछु । आजकल इन्टरनेट, आइटी, सफ्टवेयर जस्ता वैज्ञानिक उपकरणहरू झुल्केका छन् तर पुस्तक संकलन र प्रकाशन गर्नु एउटा स्थायी काम हो, नमेटिने काम हो, जुन काम यस किरण पुस्तकालयले बलवुतासाथ गर्दै अगाडि बढिरहेको छ । विशुद्ध, बौद्धिक, प्राज्ञिक, शैक्षिक सेवाभावले स्थापित यस पुस्तकालयले भविष्यमा अझ धेरै गहकिला काम गर्न, संकलन, वितरण, ज्ञानप्रवाह गर्नेछ भन्ने विश्वास लिएको छु । नेपाली भाषा, साहित्य, संस्कृति, इतिहास संरक्षण गर्ने यस पुस्तकालयको सदा समृद्धि हुँदै जाओस् भन्ने कामना स्वर्णजयन्तीको पर्वमा व्यक्त गर्न चाहन्छु ।

पूर्व प्राध्यापक-त्रिभुवन विश्वविद्यालय, लेखक तथा इतिहासकार, काठमाडौं ।

-०००-

किरण पुस्तकालय : एक संस्मरण

✍ मोतीप्रसाद खनाल

२०२५/०२६ सालतिरको कुरा हो । मेरा कान्छा बाबाको ससुराल मेरो मावल तम्घासमा म आउँदा एउटा कटेरो जुन खरले छाएको थियो त्यसको तलामाथि एउटा सानो कोठामा १/२ हजार पुस्तकहरू मिलाएर ऱ्याकमा राखिएको थियो र बाहिर किरण पुस्तकालय भलुवाकुण्ड, तम्घास लेखेको थियो जस्तो मेरो मानस पटलमा स्मरण छ ।

समय बित्दै जाँदा जाँदा त्यस बीचमा के कस्ता परिवर्तनहरू हुँदैहुँदै गए होलान् र एकदिन त्यो पुस्तकालयले पनि तम्घास लाँकुरी मञ्चमा बास पाएको देखियो । त्यहाँ हरियो चौरमा सानो नेपाली मौलिक शैलीको कम्पाउण्डसहितको ढुङ्गाले छाएको घर भेटियो । ती भलुवाकुण्डका पुस्तकहरू त्यही घरमा राखिएछन् । त्यसको नाम पनि त्यही किरण पुस्तकालय हो । हामी ९/१० कक्षाका विद्यार्थी छँदा मानिसहरू त्यहाँ आउने, पढ्ने, पत्रपत्रिकाहरू हेर्ने, छलफल गर्ने, प्रजातन्त्रका कुरा गर्ने, पुस्तक ल्याउने लैजाने, सदस्य बन्ने, आफूसँगै भएका पुस्तक दिने र पुस्तकको र पुस्तकालयको महत्त्व बुझेकाले पुस्तकहरू, पत्रपत्रिकाहरू, फर्निचरहरू दिने, त्यहाँबाट निस्कने पत्रिका हाम्रो पुरुषार्थको आजीवन सदस्य बन्ने जस्ता कामहरू हुँदैहुँदै गए । हामीले पनि पहिला विद्यार्थी जीवन, त्यसपछि शिक्षकको जीवनमा पनि त्यो पुस्तकालयलाई पछ्याउँदै आयौं । मेरो स्मरणमा महेन्द्र हाई स्कूलका गुरुहरू ४ बजेपछि त्यो किरण पुस्तकालयमा जाने, उपस्थिति जनाउने, पत्रपत्रिकाहरू पढ्ने, छलफल गर्ने, विभिन्न साहित्यिक गोष्ठीहरूमा भाग लिने लहर नै चल्यो । पहिला त पुस्तकालयको यति महत्त्व थियो कि त्यहाँ गएपछि साथीभाइ इष्टमित्रसित भेट हुन्छ, देशको समसामयिक गतिविधिहरूको बारेमा छलफल हुन्छ, मनमा लागेका कुरा साटासाट गरिन्छ । त्यहाँ गएपछि रमाइलो हुन्छ, आनन्द आउँछ । त्यो प्रक्रिया बहुदल आउनुपूर्व सारै मजबुत तरिकाले चल्दैचल्दै गयो । हामीहरू पनि यस पुस्तकालयको गतिको बहावमा सानो ठूलो रूपमा सम्लग्न रह्यौं, सहभागी भयौं, सबै कार्यक्रममा अधि बढ्यौं चाहे त्यो पाठक बनेर, दर्शक बनेर, आगन्तुक बनेर, कार्यक्रम सञ्चालक

बनेर, आजीवन सदस्य बनेर । आज पनि पुस्तकालयको वा त्यहाँबाट अविरल निस्कने हाम्रो पुरुषार्थ पत्रिकाको आजीवन ग्राहक बनेर सहयोग गरिरहेका छौं ।

मैले गुरु शशि पन्थीज्यूलाई, दीन पन्थीज्यूलाई समय समयमा किरण पुस्तकालयको विधानमा कार्य समिति, व्यवस्थापन आदिको बारेमा सुझाव सल्लाह दिने गरेको र उहाँहरूले बडो गम्भीरताका साथ ती सुझावहरू ग्रहण गरेको पाएको छु । त्यहाँ समयमा खोल्ने, बन्द गर्ने काम तम्घास धागिथुम निवासी शिवलाल खनालज्यूले गर्नुभयो । उहाँको हाल स्वर्गारोरहण भैसकेको छ । शिवलाल बा किरण पुस्तकालय तथा रेडक्रसका बा भनेर चिनिनुहुन्थ्यो । उहाँसँग सर्पले टोकेको विष मार्ने, विष चुसेर फालिदिने, ओक्तोमूलो गर्ने, फुकफाक गरिदिने क्षमता थियो । ती गुनहरू कसले बिर्सला र ? किरण पुस्तकालयलाई स्मरण गर्दा शिवलाल बा पनि स्मरणीय हुनुहुन्छ । किरण पुस्तकालयले उहाँको नाममा कुनै न कुनै पुरस्कार राखिदेओस्, जहाँ त्यागको, समर्पणको, निःस्वार्थ, निरन्तर सेवा गरेको कुरा सम्झिनेछ । पछिल्लो पुस्ताले पनि राम्रो काम गरे, सेवक बने, समाजले, संस्थाले उचित मूल्याङ्कन गर्दो रहेछ भन्ने अरूलाई पनि बुझ्न सजिलो होस् भनेर नै पुस्तकालयले उहाँलाई सम्मान पनि गर्‌यो ।

किरण पुस्तकालय अलि दुब्लो पातलो हुँदै गयो । शायद एउटा प्रजातन्त्रको मिसन पूरा भयो भन्ने ठानेर होला जस्तो लागेको छ । सञ्चार जगत्मा धेरै परिवर्तनहरू आए । पुस्तक, पत्रपत्रिका, रेडियो, टी.भी., मोवाइल, टेलिफोन, इन्टरनेट, इमेल, फ्याक्स, यातायातको सुलभताले गर्दा हो या प्रेस जगत्को परिवर्तनशीलताले गर्दा हो मानिसमा आएको आर्थिक, शैक्षिक, सामाजिक विकास तथा बेफुर्सदी आदि धेरै कारणहरूले होला बहुदल, लोकतन्त्र, गणतन्त्रसम्म आउँदा पहिलाको तुलनामा मानिसको उपस्थिति चहलपहल कमै भएको पाएको छु । त्यस्तो हुनुहुँदैन । त्यो कारणको अध्ययन गरी आफूलाई पाठकको केन्द्र बनाउन किरण पुस्तकालयले आफ्ना कार्यक्रम अगाडि ल्याउनुपर्दछ । **किरण पुस्तकालय जनस्तरबाट सञ्चालित जिल्लाको एक मात्र पुस्तकालय हुनाले यसलाई सरकार, स्थानीय निकाय तथा सरोकारवालाहरूले सकारात्मक सहयोग गर्नुपर्दछ ।** यस पुस्तकालयको सेक्टर, बसाइ, व्यवस्थापन, पुस्तकहरूको वर्गीकरण र सूचीकरण, निर्माण पक्षलाई आधुनिक प्रविधिसँग जोडेर समयानुकूल सुसज्जित हुन जरूरी छ । यस्तो अवस्थामा किरण पुस्तकालय जाओस् मेरो शुभकामना छ ।

किरण पुस्तकालयको अर्को पक्ष विभिन्न महत्त्वपूर्ण कृतिहरू प्रकाशित गर्नु रहेको पाइएको छ । जुन कृतिहरू किरण पुस्तकालयबाट प्रकाशित छन् । कुनैकुनै त दुर्लभ भइसके । ती कृतिहरूको पुनः प्रकाशन गर्नुपर्ने अवस्था आइसकेको छ ।

किरण पुस्तकालयद्वारा समयसमयमा ठूलाठूला विद्वान्हरू आमन्त्रण गरी साहित्यिक गोष्ठीहरू सञ्चालन गर्ने गरिएको छ । यस पुस्तकालयमा हाल विष्णुप्रसाद खनाल र ज्ञानराज मरासिनीले सेवा प्रदान गरिरहनु भएको छ । किरण पुस्तकालयले पुराना लोप हुन लागेका किताबहरू, पुस्तकहरू, पत्रपत्रिकाहरू सङ्ग्रह गरेर राखेको र अनुसन्धान गर्न आउने अनुसन्धानकर्ताहरूलाई सहयोग गरेको पाएको छु । यसले प्रकाशित गर्दै आएको 'हाम्रो पुरुषार्थ' को हाल साइज घटेको छ । शायद त्रैमासिक पत्रिकामा परिवर्तन भएर होला । आकार सानो भए पनि गुण र स्तर घट्न गएको छैन । यसमा मलाई गर्व लागेको छ । **पत्रिका निकाल्नु अब ठूलो कुरा हो जस्तो लाग्दैन तर यसको गुणस्तर, शुद्धता, निरन्तरता, व्यवस्थापकीय पक्ष सबैभन्दा जटिल पक्ष हो ।** त्यो अझ बढी सक्षमताका साथ अघि बढोस् यो हाम्रो अपेक्षा हो । किरण पुस्तकालयको हालको भौतिक इन्फ्रास्ट्रक्चरलाई समसामयिक बनाउनु जरूरत छ । यो पुस्तकालय त्यसको पर्खाइमा छ । हेरौं सहयोगी हातहरूले कहिले कसरी साथ दिने हुन् त्यो समयले बताउला । किरण पुस्तकालय अब ई-लाइब्रेरीमा परिणत हुन पनि आवश्यक छ । थप भौतिक सुविधा र प्रविधिले सु-सम्पन्न हुन जरूरत छ । केन्द्र, प्रदेश तथा स्थानीय सरकार तथा अन्य दातृ निकायको सकारात्मक सहयोग आवश्यक छ । कुनै पनि संस्था समय सापेक्ष हुनुपर्दछ र बनाउनुपर्दछ । यो पुस्तकालय अब जिल्लाकै मात्र नभएर राज्यकै सम्पत्तिकै रूपमा रहन पुगेको छ । यो पुस्तकालय ऐतिहासिक बनिसकेको छ । यो हजारौं हजार पाठकहरूको केन्द्र, अनुसन्धान केन्द्र, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, साहित्यिक गोष्ठी, सभा समारोहको केन्द्र बनिरहेको छ र अझ दक्षताका साथ अघि बढ्नु जरूरी छ । यसको विधान, सदस्य, सभासद्, सञ्चालक सबैले आफूलाई समसामयिक बनाइरहेको पाइएको छ । अझ बढी जनताको माझमा जान जरूरी देखिएको छ । जनता तथा राज्यले पनि यसको परिवर्तन र विकासलाई स्वीकार्दै, सहयोगी हातहरू अघि बढाउनु जरूरी छ । नाम त छ कि-र-ण पुस्तकालय । किरण *means ray,* यो कसले दिन्छ ? दीप्त वस्तुले । आँखा भएर मात्र हुँदैन *ray,* किरण, *light* वस्तुमा परेपछि मात्र वस्तु देखिन्छ, चेतना जागृत हुन्छ, त्यही चेतना दिने थलो किरण पुस्तकालय हो । अतः हामी सबैले अझ बुझ्नु जरूरी छ, नयाँ पिँढीले अझ बढी बुझ्न जरूरी छ । पुस्तकालय किन आवश्यक पर्दोरहेछ ? यसलाई मनन गर्दै हाम्रा सहयोगी हातहरू, हाम्रा मन मस्तिष्कमा उठेका चेतनाका तरङ्गहरूलाई किरण पुस्तकालयको प्रगतिको लागि अगाडि बढाउन सहयोग गरौं । पुस्तकालयले थप प्रगति गरोस् यही शुभकामनासहित जय श्री राम !

✍ **पूर्व शिक्षक-महेन्द्र माध्यमिक विद्यालय, तम्घास ।**

-ooo-

विद्याको ज्योति : किरण पुस्तकालय

✍ शारदा पन्थी खनाल

नेपाल सुन्दर सानो छ
पवित्र ज्ञानको छानो छ
बुद्धले पाइला चालेका
शान्तिको दियो बालेका

लुम्बिनी हाम्रो क्षेत्रमा
गुल्मीको पुण्य तीर्थमा
रेसुङ्गादेखि तल्तिर
ज्ञानको सुन्दर मन्दिर

शशिले किरण छरेर
ज्ञानको गंगा भरेर
अन्धकार थियो जमाना
थिएन विचार समान

पढ्न र लेख्न बन्देज
हुनेलाई दियो सन्देश
दुई हजार पच्चीस सालमा
खोलियो पुस्तकालय

औंसीको कालो रातमा
उदाए यहाँ चन्द्रमा
ज्ञानको कुञ्ज यथार्थ
निस्कन्छ हाम्रो पुरुषार्थ

रोपेको सानो बिरूवा
फैलियो हाँगा पालुवा
लताले कुसुम फुलायो
विद्याको मार्ग खुलायो

चन्द्रमा झुल्के झुलुक्क
उज्यालो भयो मुलुक
सन्देश शुभ छर्दैछ
विश्वमा अघि बढ्दैछ

तम्घास राम्रो ठाउँमा
पुस्तक पढी रमाउँदा
खुसीको सीमा हुँदैन
दुःख पीडाले छुँदैन

✍ किरण पुस्तकालयका अधिकांश कवि-गोष्ठीहरूमा कविता वाचन गर्ने सक्रिय महिला पाठक सदस्य ।

-ooo-

टुटेफुटेका टिपोटहरू



दीन पन्थी

'वाक्'को अर्थ वाणी हुन्छ, बोली हुन्छ, भाषा हुन्छ । भाषा वरदान हो मान्छेलाई भगवान्को । भाषाले नै सर्वश्रेष्ठ प्राणी बन्यो मान्छे । भाषामै उनिएर आए विद्या, संस्कृति र सभ्यता पनि । भाषाले, विचारले, विवेकले, नैतिक प्रत्ययले, शुभ संस्कारले र अनन्त जिज्ञासाले हामी मान्छे बन्यौं । भाषा नभएको भए मान्छे अहिले पनि बाँदरसँगै वनबूटामा फुँगाल्थ्यो, बाघभालुसित कुस्ती खेलेर ओडारमै बस्थ्यो । भाषाले धर्म ल्यायो, संस्कृति ल्यायो, ज्ञान ल्यायो, विज्ञान ल्यायो, साहित्य ल्यायो, कला ल्यायो, नैतिक मान्यता ल्यायो, परिष्कार ल्यायो र सभ्यता ल्यायो । 'वाक्' बाट वाङ्मय बन्यो । वाङ्मयमा बग्यो एउटा ज्ञानगङ्गा । ज्ञान, विज्ञान, कला, साहित्य बग्दै आए त्यतैबाट । अक्षरमा अंकित ज्ञानधाराको प्रवाह शाश्वत र अक्षय छ, अनन्त छ, पुस्ता-पुस्ता पुग्छ बग्दै ।

मान्छे भौतिक पिण्डमात्र होइन । मान्छेभित्र एउटा अदृश्य ऊर्जा हुन्छ । मान्छे त्यसैले चल्छ । त्यस्तो ऊर्जालाई कसैले चैतन्य भन्छन् कसैले आत्मा भन्छन् । जे भने पनि त्यो छ र हामी छौं । त्यो नभए हामी हुन्नौं । मान्छे मर्दा पनि पार्थिव शरीर देखिन्छ-निश्चेष्ट, निःशब्द र गतिहीन । चेष्टा, शब्द र गति ऊर्जाबाट प्रकट हुन्छन् । यो शरीर र त्यो ऊर्जाको संयोग हुँदासम्म हाम्रो जीवन चल्छ । त्यसैले हामी भन्छौं-सोऽहम् । शरीरलाई भोजनको आवश्यकता पर्छ । मान्छेका ऊर्जा वा आत्माका खुराक भने भावना, विचार र सौन्दर्य हुन् जुन कला, साहित्य र दर्शनमा प्रकट हुन्छन् ।

भाषामा अक्षर-अक्षर अक्षय छन्, अक्षरहरू शब्द बनेर ज्योतिर्मय अर्थ प्रकट गर्छन् । अक्षर र शब्दहरू पुस्तकमा संगालिन्छन् र पुस्तकहरू ज्ञानका सागर बनेर बस्छन् । विद्यादेवी वीणापुस्तकधारिणी छन्, हंसवाहनी छन् । वीणा कलाको प्रतीक हो, पुस्तक विद्याको प्रतीक हो, हंस नीरक्षीरविवेकको प्रतीक हो । यसरी कला, विद्या र विवेकको संयोग हुन्छ विद्यादेवीमा ।

पुस्तकमा हामीले वेद पढ्छौं, शास्त्र पढ्छौं । पुस्तकमा हामीले उपनिषद् पढ्छौं, महाभारत पढ्छौं, पुराण पढ्छौं, कुरान पढ्छौं, बाइबल पढ्छौं, धम्मपद पढ्छौं ।

पुस्तकमै पढ्छौं हामीले सुकरात, शंकराचार्य, कालिदास, भोल्तेयर, रूसो, टाल्सटाय, प्रेमचन्द, भानुभक्त र देवकोटा पनि । पुस्तकमै पढ्यौं हामीले सिकन्दर चंगेज खान, तैमूर लङ् र नेपोलियन बोनापार्टका कथाहरू । पुस्तकमै पढ्छौं हामीले हाम्रा पुर्खाका यशस्वी गाथाहरू । पुस्तकमै पढ्यौं हामीले भास्को डिगामा, कोलम्बस र तेन्जिङ् नोर्केका साहसिक अभियानका कथाहरू । पुस्तकमा हुन्छन् हाम्रा पुर्खाका अनुभूति, कृति, विद्या, विचार, भावना र वीरताका गाथाहरू । एउटा ज्ञानको परम्परा बगेर आएको छ पुस्तकबाट ।

पचास वर्षको कालखण्ड छोटो हो अनन्त कालक्रममा । हामी अल्पायु मर्त्यमा यो एक युग हो । एउटा शैशव पूरा गरेको छ पुस्तकालयले हाम्रो एउटा जुनी बित्दा । कल्प-कल्प आयु हुनेछ पुस्तकालयको । यसमा तारूण्य आउलान् प्रौढता आउलान्-पछि हुनेले देख्लान्, भोग्लान् । एउटा अमर संस्था खडा भएको छ यस आधा शताब्दीमा ।

पुस्तकको घरलाई पुस्तकालय भनिन्छ जहाँ विविध विषयका ग्रन्थहरू व्यवस्थित रूपमा राखिन्छन् पढिन्छन् । मान्छेको सभ्यता र ज्ञानको विकासमा पुस्तकालय सर्वोपरि हुन्छ । हरेक सभ्य र उन्नत समाजमा पुस्तकालय हुन्छ । विद्यार्थी, ज्ञानार्थी र शोधार्थीको लागि पुस्तकालय अनिवार्य हुन्छ ।

गुल्मी, तम्घासमा किरण पुस्तकालयको स्थापना भयो २०२५ सालमा । त्यसबेला यहाँको शैक्षिक स्थिति नाजूक थियो । समाजमा धेरै मान्छेहरू निरक्षर थिए । अविद्या र अभाव व्याप्त थियो समाजमा । औंलामा गन्न सकिने मान्छेहरू शिक्षित थिए । देशमा निरंकुश शासन थियो । बोल्ने, लेख्ने स्वतन्त्रता थिएन देशमा । शिक्षित, चेतनशील व्यक्तिहरूप्रति शंका गरिन्थ्यो । यातायात, सञ्चार र शिक्षाका दृष्टिले विकट, दूरस्थ प्रान्त थियो तम्घास । एउटा अँध्यारो युग थियो त्यो । त्यस्तो अँध्यारोमा बत्ती बाल्ने, दूरदृष्टि राख्ने, चेतनाका अक्षरबीज रोप्ने ऐतिहासिक काम गर्नु भयो श्री शशि पन्थीले किरण पुस्तकालय स्थापना गरेर । उहाँ र प्रेरणा र सहयोगका होस्टेहैसे गर्नेहरू अरू सबैलाई हामी आजको उज्यालोमा अभिनन्दन गर्छौं, कृतज्ञताले निहुरिन्छौं, गौरवले शिर ठाडो पार्छौं ।

पचास वर्षको कालखण्ड छोटो हो अनन्त कालक्रममा । हामी अल्पायु मर्त्यमा यो एक युग हो । एउटा शैशव पूरा गरेको छ पुस्तकालयले हाम्रो एउटा जुनी बित्दा । कल्प-कल्प आयु हुनेछ पुस्तकालयको । यसमा तारूण्य आउलान् प्रौढता आउलान्-पछि हुनेले देख्लान्, भोग्लान् । एउटा अमर संस्था खडा भएको छ यस आधा शताब्दीमा ।

हो, पुस्तकालयको स्थापना त्यस कालखण्डमा एउटा दिव्य उन्माद थियो । दिव्य उन्मादमा देखेको एउटा ज्योतिर्मय स्वप्न थियो । एउटा दूरदृष्टि थियो चेतनाको । एउटा भव्य, दिव्य, उम्दा बीज थियो । जे रोपियो हावा, पानी, माटो, रापताप पाएर हुर्कियो । आँधी, हुरी, असिना र खडेरी खपेर उभियो । झिल्का थियो-चरू र समिधाले बल्यो । यसको प्रकाश र रापताप छरियो सुदूरसम्म । यसको 'किरण' नाम सार्थक बन्यो । सच्चा सपनाहरू विपना बन्छन् । समय र स्थान पाएर बढ्छन्-बढ्नेहरू । समयले पालुवा ल्यायो । समय आएर फूल फुल्ला, फल पनि फल्ला । आशा र सपनामा रमाउँछन् बोट रोप्नेहरू । बोट पलाउँदा दंग पर्छन् सुसार गर्ने मालीहरू ।

किरण पुस्तकालय आज प्रतिष्ठा बनेको छ समाजको, ऐना बनेको छ सभ्यताको, संवाहक बनेको छ चेतनाको, केन्द्र बनेको छ वाङ्मयको, उद्यान बनेको छ साहित्य र कलाको । यसलाई सानो ठान्लान् सानो चित्त हुनेहरू-थोत्रा पुस्तक थन्क्याउने ठाउँ । कोही मगन्ते भन्लान् भनून् । हामी थोत्रा पुस्तकमा वाङ्मय देख्छौं, समाजका आँखा खोल्न माग्छौं । अग्नि स्फुलिङ्ग हो । यो सानो नठान्नू । बल्न सक्छ, दिग्दिगन्त उज्यालो गराउन सक्छ । त्यहीं उज्यालोमा आलोकित हुन सक्छ हाम्रो सभ्यता । त्यहीं उज्यालोमा हाम्रा कला र साहित्य जाग्लान् ।

किरण पुस्तकालयको जन्म गाईगोठमा भएथ्यो । गोशाला र पाठशाला सँगै चल्थे अतीतमा । गाई अभिन्न अंग हो हाम्रो संस्कृति र सभ्यतामा । हाम्रा ऋषिहरूले गोसूक्त गाएका छन् वेदमा । गोष्ठमै गरिन्थे पहिले विद्वत् गोष्ठीहरू । गोदुग्धले परिपुष्ट भएथे हाम्रो शरीर र मेधा । पुस्तकशाला ज्ञानको र गोशाला धनको प्रतीक मान्थ्यौं हामी । धन्य बनेथ्यौं हामी गोधनबाट । कृतकृत्य बन्नेछौं हामी पुस्तकशालाबाट । एउटा सुन्दर र सार्थक संयोग जुट्यो हाम्रोमा । विद्या र अर्थको संयोग हो यो ।

अहिले यहाँ काठमाडौंबाट उसै दिन पत्रिका आउँछन् । रेडियो, टेलिभिजन, टेलिफोन, अनलाइनमा क्षणक्षणमा जानकारीहरू आउँछन् । सञ्चार, शिक्षा र यातायातमा युगान्तकारी परिवर्तन आएको छ । एउटा सानो बस्ती थियो तम्घास । किरण पुस्तकालयमा मात्र विविध पत्रिका पढ्न र पुस्तक पढ्न पाइन्थ्यो त्यसबेला । मरूभूमिबीच मरूद्यान झैं थियो किरण पुस्तकालय त्यसबेला ज्ञानको तिर्खा लाग्नेहरूका लागि । निरंकुश सत्ताले थुनेका आस्थाका बन्दीहरू यहींका पुस्तक र पत्रपत्रिका पढेर ज्ञानको भोक मेट्थे । समाजका पढ्न-लेख्न जान्नेहरू यहीं जम्मा हुन्थे । त्यसबेला एकमात्र ज्ञानको, चेतनाको, सृजनाको मियो बनेको थियो तम्घासमा किरण पुस्तकालय ।

अहिले पनि स्रष्टा कविहरूका जन्मजयन्तीमा स्वस्फूर्त जम्मा हुन्छन् साहित्यप्रेमी महानुभावहरू । विना निमन्त्रणा तीर्थमा पुग्ने पुण्यात्मा झैं । यस वाग्देवीको

मन्दिरमा प्रतिदिन पाठक आउँछन् । यहाँ बेलाबेलामा समारोह हुन्छन्, प्रवचन हुन्छन्, चर्चा हुन्छन्, विमर्श हुन्छन्-सबै ज्ञानका, संस्कृतिका, साहित्यका, भाषाका । यहाँ कविहरूका सुमधुर कविताका वाचन हुन्छन् । यी नित्य र नियमित कार्यहरू हुन्-पुस्तकालयका । किरण पुस्तकालयले पचास वर्ष यता वाचनालय सेवा, पुस्तकालय सेवा, पुस्तक प्रकाशन, पत्रिका प्रकाशन, भाषा - साहित्यका विमर्श गोष्ठीहरू पुस्तकालयबारे चर्चा र विमर्शका गोष्ठीहरू एवं साहित्य गोष्ठीहरूको आयोजनाद्वारा वाङ्मयको उन्नयनमा योगदान गरेको छ । यस्ता कार्यका असरहरू दूरगामी हुन्छन् । आजै फल देखिने हुँदैनन् ।

किरण पुस्तकालयले पुस्तक संग्रह मात्र गर्दैन नयाँ पुस्तकको प्रकाशन पनि गर्छ । यसले लुप्तगुप्त हुन थालेका शशिधर स्वामीको 'वाणोपनिषद्' र महाप्रभु लक्ष्मीनारायणको 'रेसुङ्गाका आध्यात्मिक कृति' जस्ता मूल्यवान् कृतिहरूको अन्वेषण र प्रकाशन गरेको छ । डा. टीकाराम पन्थी, डा. राजाराम सुवेदी, डा. लक्ष्मीकान्त पन्थी, मोदनाथ प्रश्रित जस्ता मूर्धन्य विद्वान् लेखकहरूका महत्त्वपूर्ण कृतिहरूको प्रकाशन गर्ने अभिभारा किरण पुस्तकालयले उठाएको छ । अहिलसम्म किरण पुस्तकालयले दश जना स्रष्टाका चौधवटा कृतिहरू प्रकाशित गरेको छ र अरू कृतिहरू प्रकाशन गर्ने जमर्को गर्दैछ । यहाँबाट प्रकाशित कृतिहरू गहन र अनुसन्धानपूर्ण छन् । कृतिहरू धर्म, संस्कृति, इतिहास, समाजशास्त्र, ज्योतिष र साहित्यसित सम्बन्धित छन् । कृतिहरूले देशको धर्म, संस्कृति, इतिहास र समाज-व्यवस्थामाथि प्रकाश पारेका छन्, समाजमा रहेको जातिभेद, उत्पीडन र अस्पृश्यताको अन्त गर्नुपर्ने आशय व्यक्त गरेका छन्, विलीन हुन थालेका धर्म, संस्कृति र इतिहासको जगेर्ना गरेका छन् ।

पुस्तकालय स्थापनाको पाँच वर्षपछि किरण पुस्तकालयले मुख-पत्रको रूपमा 'हाम्रो पुरुषार्थ' नामक साहित्यिक पत्रिका निकाल्न थाल्यो । गुल्मीमा स्थापित किरण पुस्तकालयका किरणहरू पुस्तक र पत्रिकामार्फत देशदेशान्तर छरिएका छन् । 'हाम्रो पुरुषार्थ' वार्षिक, अर्धवार्षिक हुँदै अहिले त्रैमासिक भएको छ । 'हाम्रो पुरुषार्थ' राष्ट्रिय साहित्यिक पत्रिकाको रूपमा 'क' वर्गमा वर्गीकृत भएको छ-प्रेस काउन्सिलबाट । मोफसलबाट प्रकाशित हुने साहित्यिक पत्रिकाहरूमा अग्रगण्य र चर्चित बनेको छ-हाम्रो पुरुषार्थ । यसका अहिलेसम्म असी अंक प्रकाशित भइसकेका छन् । यसका बारेमा र यसले पुऱ्याएको योगदानका बारेमा अनेक शोधप्रबन्ध तयार भएका छन्, अनेक समीक्षा, टिप्पणी र चर्चा भएका छन् । एक सहस्रभन्दा बढी आजीवन ग्राहक छन् 'हाम्रो पुरुषार्थ' का । देशभित्र राजधानीमा, पोखरामा, चितवनमा, दाङमा, बुटवलमा, पाल्पामा प्रतिनिधि छन् यसका । देशबाहिर भारतमा, अष्ट्रेलियामा, संयुक्त राज्य अमेरिकामा प्रतिनिधि छन् 'हाम्रो पुरुषार्थ' का । संसारको जुनसुकै कुनामा बस्ने नेपाली भाषीहरूल ं

किरण पुस्तकालयको वेभसाइट हेरेर हाम्रो पुरुषार्थका अङ्कहरू सहजै पढ्न पाउँछन् । यसरी 'हाम्रो पुरुषार्थ' का पुरुषार्थहरू देशदेशान्तर छरिएका छन् । हजारौं पाठकहरू 'हाम्रो पुरुषार्थ' पढ्छन् । 'हाम्रो पुरुषार्थ' का अनेक विशेषांकहरू प्रकाशित भएका छन् । त्यस्ता विशेषांकहरू हुन्-शुभराज्याभिषेक अतिरिक्तांक, अन्तर्राष्ट्रिय बाल वर्ष अतिरक्तांक समालोचना विशेषांक, बी.पी. स्मृति अंक, लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषांक, युवा वर्षाङ्क, गुल्मी परिचयाङ्क, लेखनाथ अङ्क, पुस्तकालय विशेषांक, डा. टीकाराम पन्थी विशेषाङ्क, भानु विशेषाङ्क, बी.पी. विशेषांक र स्वर्ण वर्ष विशेषांक । यस्ता विशेष अंकहरूबाट 'हाम्रो पुरुषार्थ' ले नेपाली वाङ्मयको उन्नयनमा उल्लेखनीय योगदान गरेको स्पष्ट छ । 'हाम्रो पुरुषार्थ' ले क्लासिकल बाटो पछ्याउँछ । यसमा धर्म, संस्कृति, इतिहास, साहित्य, कला जस्ता नेपाली वाङ्मयका सबै पक्षहरू समेटिन्छन् । साहित्यमा निबन्ध, प्रबन्ध, समीक्षा, कथा, कविता, गजल सबै विधा प्रकाशित हुन्छन् । उदीयमान नवप्रतिभाका सृजनादेखि स्थापित स्रष्टाहरूका रचनाहरू अटाउँछन् हाम्रो पुरुषार्थमा । यसमा भेटघाट (अन्तर्वार्ता) र सम्पादकीय विशिष्ट शैलीमा रहन्छन्-आफ्नै छुट्टै पहिचानमा ।

पुस्तक र पत्रिका प्रकाशन गरेर विशिष्ट काम गरेको छ-किरण पुस्तकालयले । यसले यसको क्षेत्र विस्तृत बनेको छ । नेपाली वाङ्मयमा, साहित्यमा एउटा सिन्को भाँचेको छ किरण पुस्तकालयले । नेपाली भाषाको उन्नतिका लागि राष्ट्रिय स्तरको भाषिक संगोष्ठी सम्पन्न गर्नु, क्षेत्रीय स्तरका कविगोष्ठी, पुस्तकालय सम्मेलन गर्नु, नियमित रूपमा स्रष्टाहरूका जन्मजयन्ती समारोहको आयोजना गर्नु, नियमित रूपमा 'हाम्रो पुरुषार्थ' पत्रिका प्रकाशन गर्नु विशिष्ट कर्म हुन् पुस्तकालयका । विगत पचास वर्षले मार्गनिर्धारण गरेका छन् । पचास वर्षका उपलब्धिहरूको मूल्याङ्कन गर्ने, समीक्षा गर्ने, गौरव गर्ने, सच्चिने अवसर आएको छ । पचास वर्षमा एउटा गोरेटो बनेको छ-त्यसैमा हिड्ने छौं हामी । सके राजमार्ग बन्लान्, नसके काँढा पन्छाउँदै हिड्ने आदत छ हाम्रो ।

'श्रुतम् मे गोपाय' मूल मन्त्र छ-किरण पुस्तकालयको । श्रुतम् अर्थात् हाम्रा श्रुतिस्मृति परम्परा, वेद, पुराण, साहित्य-सकल वाङ्मयको रक्षा गर्छौं । हो यसले रक्षा गरेको छ 'श्रुतम्' को । रक्षामात्र होइन, संवर्धन गरेको छ-संस्कृतिको, साहित्यको, कलाको । बितेका पचास वर्ष जो फर्कन्नन् । एउटा इतिहास बनाएको छ यसले-जो अब अरूले बनाउँछु भनेर बनाउन सक्दैनन् ।

सहसम्पादक-हाम्रो पुरुषार्थ (त्रैमासिक), सचिव-किरण पुस्तकालय, गुल्मी ।

-०००-

किरण पुस्तकालय-स्वान्तसुखाय

हीरा ए.सी.

तम्घाससितको प्रेम गहिरो छ मेरो । बेलाबेलामा अन्यत्र हिंडे पनि फर्केर आइरहन्छु यहाँ । मलाई राजनीति र सामाजिक कामको बाटोमा यही ठाउँले हिंडायो । भाषा, कला र साहित्यका कखरा यसैले सिकायो । यहाँको बसाइ मेरो लागि सार्थक छ । भनिन्छ-कुनै ठाउँविशेषमा बिताएको केही समय मात्र पनि अन्यत्र बिताएको सिङ्गो युगभन्दा अर्थपूर्ण हुन्छ । तम्घास र रेसुङ्गावरपर त मैले लामै समय बिताएको छु ।

तम्घासमा मलाई प्रभाव पारेका दुई संस्थाहरू छन् - रेसुङ्गा क्याम्पस र किरण पुस्तकालय । रेसुङ्गा क्याम्पसमा मैले जीवनका झण्डै ८ वर्ष बिताएको छु । त्यसपछि पनि क्याम्पससितको सम्बन्ध छँदैछ । किरण पुस्तकालयको आइजाइ भने अलि पातलो नै भन्नुपर्छ । महिनामा एक दुईपटक जाने, केहीबेर बस्ने र फर्कने । लामो हुँदैन बसाइ पनि । तर कुनै कुराको प्रभाव त्यसको लम्बाइले होइन गहिराइले पार्छ भन्छन् । किरण पुस्तकालयको प्रभाव पनि गहिरो छ मेरो मनमा ।

पहिलो पटक म किरण पुस्तकालयमा प्रवेश गर्दा यसले ३० वर्ष उमेर पार गरिसकेको थियो । जिल्ला प्रशासन, जि.वि.स., खेलकुद, रेडक्रस र बालमन्दिरसँगै रहेको किरण पुस्तकालय पुग्दा फरक अनुभूति भयो । बाहिर हरियो चौर । भित्र कसैले पत्रिका त कसैले किताबहरू पढिरहेका छन् । मौसम चिसो छ । वातावरण शान्त छ । घामको पाहार खोज्दै म पत्रिका लिएर बसें । अक्षरहरूमा आँखा दौडिए । मन भने अन्यत्रै दौडियो - यस्तो पुस्तकालय कसले बनायो ? लगानी कसले गर्‍यो ? धन वा नाम कमाउने मेलो होला कि ? सोंच्दै एकछिनपछि बाहिरिएँ ।

आज किरण पुस्तकालयले ५० वर्ष पूरा गर्‍यो । यो वर्ष पुस्तकालयको आधुनिक र सुविधासम्पन्न भवनको शिलान्यास भएको छ । माननीय गोकर्ण बिष्टको पहलमा बन्न थालेको यस भवनको शिलान्यासमा ध्रुव पन्थी सरको पनि भूमिका

छ । किरण पुस्तकालयका संस्थापक शशि पन्थी र अध्यक्ष नरप्रसाद श्रेष्ठमा एक खालको खुसी छ । आफूले रोपेको अनि ५० औं वर्षदेखि स्याहार गरेर हुर्काएको बिरूवामा मलपानी राख्न अरूहरू पनि तम्सिएको देखेर होला उहाँहरूको मुहारमा मुस्कान थियो त्यो दिन ।

पञ्चायतकालीन कठोर दिनमा पुस्तकालय स्थापना गरेर आजसम्म ल्याइपुऱ्याउनु चानचुने कुरा होइन । आफ्नै नाममा जग्गा नापी गराउने होड चलेको बेला पुस्तकालयको नाममा जग्गा नापी गराउनु, भवन बनाउनु सानो लगानी र त्यागले सम्भव थिएन । यति ठूलो र पुनीत कार्यका बारेमा गरिने हल्का प्रशंसा वा लेखनले न्याय हुन सक्दैन भन्नेमा छु म ।

हाम्रो जिल्लाको गहना बनेको किरण पुस्तकालयको बारेमा मलाई केही लेख्नु छ । तर के लेख्ने ? कसरी लेख्ने ? म अलमलमा छु । पञ्चायतकालीन कठोर दिनमा पुस्तकालय स्थापना गरेर आजसम्म ल्याइपुऱ्याउनु चानचुने कुरा होइन । आफ्नै नाममा जग्गा नापी गराउने होड चलेको बेला पुस्तकालयको नाममा जग्गा नापी गराउनु, भवन बनाउनु सानो लगानी र त्यागले सम्भव थिएन । यति ठूलो र पुनीत कार्यका बारेमा गरिने हल्का प्रशंसा वा लेखनले न्याय हुन सक्दैन भन्नेमा छु म । त्यसैले लेख्न डर लागिरहेछ ।

त्यसो त किरण पुस्तकालयको बारेमा मेरो मनमा अटेसमटेस भावहरू छन् । तिनलाई खुट्टा टेकाएर बाहिर ल्याउनु कठिन भइरहेछ । यस्तै परेर होला रबर्ट लुइस स्टेवेन्सनले भनेका छन् - "लेख्न मुस्किल नहोला तर आफूले भन्न खोजेको कुरा व्यक्त गर्न गाह्रो छ । पाठकलाई छुन कठिन होइन, आफूले चाहेको जसरी स्पर्श गर्न मात्र अप्ठेरो हो ।" एउटा सत्य बताऊँ- म कुनै लेखक होइन । अझ आजभोलि त फेसबुक, ट्वीटर, म्यासेन्जर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालमा आउने टिप्पणीहरूमा लाइक र कमेन्ट गर्दागर्दै मनका भावहरू पनि हराइसके झैं लाग्छ । बजारका संगत-असंगत कुराहरू तथा शृङ्खलाहीन र सतही विषयवस्तुले मान्छेलाई प्रभाववादी बनाउँदो रहेछ । साम्नेमा जे देखिन्छ- त्यसैको प्रभावमा पर्ने । त्यसैमा प्रतिक्रिया जनाउने । आफूले लेख्नुपर्ने र भन्नुपर्ने कुराहरू ठम्याउनै नसकिने । शंकर लामिछानेले - हामीले जीवनभरि के भन्न चाहेका हौं, हो त्यही कुरा पहिल्याउन सक्दैनौं, किनभने भन्ने कुरा पहिल्याउँदा-पहिल्याउँदै जीवन समाप्त भइसकेको हुन्छ, भनेका रहेछन् । कतै त्यस्तै हुने त होइन ? मनको डर भगाउन म कलम समाएर बसेको छु ।

मेरो बुझाइमा किरण पुस्तकालयको भाषा सरल छ । सरल लेख्न, बन्न र जीवन जीउन केही पनि सजिलो छैन । सरल लेखन सतही लेखन होइन । गहन र दार्शनिक विषयलाई पनि सबैले बुझ्ने गरी लेख्नु नै सरल लेखन हो । भेषबहादुर कुवँरका कविता अनि दीन पन्थीका निबन्धहरू पढ्दा महसुस हुन्छ- सरल लेखन सबैले बुझ्ने साधारण लेखन हो तर बिरामीले खाने सादा खाना होइन । नून, तेल, बेसार, मसला केही पनि नपुगेको । जटिल लेखनले अल्पज्ञानको छनक दिन्छ । जब हामी कुनै कुरा खास जान्दैनौं, त्यसलाई अरूले नबुझ्ने गरी प्रस्तुत गरेर आफ्नो विद्वत्ता झल्काउन खोज्छौं । साँच्चिकै कुनै विषय जान्नेले भने जतिसुकै कठिन कुरालाई पनि सरल रूपमा प्रस्तुत गर्दोरहेछ । यसले प्रकाशित गर्ने हाम्रो पुरुषार्थमा प्रयुक्त भाषाले भन्छ-किरण सरल र सरस रूपमा प्रस्तुत हुन्छ ।

किरण पुस्तकालय साहित्यिक अन्तर्क्रियाको थलो हो । विभिन्न समयमा साहित्यिक गोष्ठीहरूको आयोजना गरिन्छ यहाँ । पुस्तकालय प्रेमी, साहित्यकार, लेखकहरूको जमघट गराएर छलफल भइरहन्छ । यो एउटा प्रकाशन गृह पनि हो । २०३० सालदेखि अनवरत हाम्रो पुरुषार्थ प्रकाशित गर्दै आएको छ । इतिहास, संस्कृति, जीवनी, भाषा, साहित्य आदि बारेमा विभिन्न पुस्तकहरू निकालेर पाठकमाझ पुऱ्याएको छ । भाषा साहित्यको संग्रहालय र निरन्तरताको प्रतीक हो यो । कुनै संस्था वा व्यक्तिले एकपटक सफलता पाउन सक्छ तर त्यहीं उचाइमा सधैंभरि अडिरहन कठिन छ । एडमण्ड हिलारीले-सगरमाथा चढ्नुभन्दा त्यसको उचाइमा टिकिरहन धेरै मुस्किल छ, भनेका रहेछन् । किरण आफ्नो उचाइबाट तल झरेको छैन ।

बाहिर बस्ने मेरा साथीहरू सोध्छन् - "किन अल्झेको तम्घासमा ? सानो ठाउँ, सानो सोंच, सानै सम्भावना ।" मेरो सोंचाइ छ-थोडा खाना, बनारस मे रहना । मलाई यतै राम्रो लाग्छ । ठाउँ, समय र संगतको प्रभाव सबैमा पर्छ । यदि तम्घास नआएको भए मेरो कथा अर्कै भैसक्थ्यो । मेरो बाटो अन्तै मोडिइसक्थ्यो होला । आजको युगमा सफल हुन चाहने हरेक व्यक्तिले आफ्नो बाटो आफैले तय गर्नुपर्दछ । यसरी आफ्नो बाटो आफैं खोज्दै हिंडेकाहरूलाई पनि संकेत चिन्ह देखाउँछ किरणले । कहाँ दायाँ मोडिने हो ? कहाँ बायाँ मोडिने हो ? कहाँ उकालो लाग्ने हो ? कहाँ ओरालो झर्ने हो ?

किरण पुस्तकालयबारे बुझ्न मैले यसका संस्थापक शशि पन्थी सरसँग कुराकानी गरें । दीन पन्थी सरलाई साक्षी राखेर सोधें - "किन खोल्नु भयो पुस्तकालय ?"

"घरमा रहेका पुस्तकहरू संकलन र संरक्षण गर्न । अरूको आवश्यकता पूरा होस् भनेर ।"

"पुस्तक संकलनले के हुन्छ ?"

"मेरो कर्मबाट अरूले लाभ पाउँछन् ।"

"अरूले लाभ पाउँदा के हुन्छ ?"

"मलाई आनन्द लाग्छ ।"

"हाम्रो पुरुषार्थको प्रकाशन पनि आनन्दकै लागि हो ?"

"आफ्नो मनको सुखका लागि, स्वको आनन्दका लागि ।"

शशि सरसँगको संवादपछि मलाई अनुभूति भयो-स्वान्तः सुखायका लागि मानिसले के-के गर्दोरहेछ ? विजयकुमारले "खुसी"मा रामायण रचयिता तुलसीदासको यस्तै सन्दर्भको उल्लेख गरेका छन् ।

तुलसीदासलाई कसैले सोधेछन्- "तपाईंले रामायण त रामका निम्ति रच्नुभएको होला नि ?"

"होइन ।"

"त्यसो भए धर्मका निम्ति ?"

"होइन ।"

"सुनका निम्ति ?"

"मलाई सुनको कामै छैन ।"

"आफ्नो प्रसिद्धिका निम्ति ?"

"जंगलमा बस्नेले नाम कमाएर कसलाई देखाउनु छ र ?"

"अनि किन लेख्नुभयो त रामायण ?"

"न रामका निम्ति, न धर्मका निम्ति, न सुनका निम्ति, न प्रसिद्धिका निम्ति । रामायण मैले स्वान्तःसुखायका निम्ति लेखें ।"

तुलसीदासले स्वान्तःसुखायका निम्ति रामायण लेख्न केही समय दिए होलान् । तर कोही स्वान्तःसुखायकै निम्ति पचास वर्षसम्म खटिइरहन सक्ला ? धेरैको अनुमानबाहिरको विषय हो **'किरण'** ।

✍ **सदस्य-नेपाल कम्युनिष्ट पार्टी (नेकपा), जिल्ला कमिटी, गुल्मी ।**

-ooo-

किरण पुस्तकालयको ऐतिहासिक पृष्ठभूमि



✍ शेरजंगबहादुर बस्नेत

एकदिन आदरणीय कुष्णबहादुर कुँवर दाइसँग समाज कल्याणका कुरा गर्दै हामी किरण पुस्तकालयमा पुगेका थियौं । संयोगको कुरा त्यस दिन पुस्तकालय व्यवस्थापन समितिको बैठक रहेछ । पुस्तकालयको बारेमा केही कुरा भए । कुरा हुँदा शशि गुरु र दीन गुरुले पुस्तकालय स्थापना भएको पचास वर्ष पुगेको अवसरमा पुस्तकालयले स्वर्णवर्ष महोत्सव मनाउने भएको छ भन्नुभयो । उक्त सन्दर्भमा 'हाम्रो पुरुषार्थ'को स्वर्णवर्ष विशेषाङ्क निकाल्ने योजना भएको र उक्त अंकको लागि आफ्ना अनुभूतिहरू लेख्न पनि उहाँहरूले हामीलाई आग्रह गर्नुभयो। त्यसैले यहाँ पुस्तकालयको सन्दर्भमा केही अनुभव प्रस्तुत गर्ने जमर्को गर्दै छु ।

तत्कालीन समयमा शशि पन्थी गुरुलाई मैले शशिकिरण पन्थी नामबाट चिन्ने मौका पाएको थिएँ । २०२५ सालमा उहाँले आफ्नो निजी घर धागिथुम (हालको बसाइ) मा गोठको सानो कोठा प्रयोग गरी पुस्तकालय स्थापना गर्नुभएको थियो । सो पुस्तकालय खोलेपछि उहाँसँग मेरो भेट हुने साइत जुर्न गयो । उहाँले मलाई भन्नुभयो । "मैले घरमा पुस्तकालय खोलेको छु । पुस्तकालयको लागि जे जति सहयोग गर्न सकिन्छ सहयोग गर्नुपर्‌यो" भनी उहाँले भनेपछि मैले स्वीकृति जनाएँ । त्यसपछि तत्काल आफूले पढिसकेका केही किताबहरू बोकेर शशि गुरुको घरतर्फ लागें । पुस्तकालयमा जाँदा फुसको छानो भएको आफ्नै गोठको तलामाथिको सानो कोठामा टन्न किताबहरू सजाएर राखेको देख्दा मलाई खुसी लाग्यो । केहीबेर हामीहरू पुस्तकालयको बारेमा कुराकानी गर्‌यौं । पुस्तकालयको सदस्य हुन शशि गुरुको आग्रहलाई स्वीकार गरी सदस्यता लिने काम भयो ।

छलफलको क्रममा शशि गुरुले भनेको एउटा अविस्मरणीय कुरा हो । पुस्तकालयको नाम अबदेखि मेरो नामको पछाडिको शब्द 'किरण' पुस्तकालयलाई दान गर्ने विचार गरेको हुँदा अबदेखि पुस्तकालयको नाम 'किरण पुस्तकालय' रहनेछ भन्नुभएको थियो । उहाँले आफ्नो सम्पूर्ण शक्तिपुञ्ज साङ्केतिक रूपमा ज्ञानको प्रकाशको प्रतीक किरण पुस्तकालयमा लगाएर गरेको योगदानको उच्च

मूल्याङ्कन गर्दै पुस्तकालयले प्राप्त गरेको सफलताका निम्ति आदरणीय शशि पन्थीज्यूप्रति आभार व्यक्त गर्न चाहन्छु । २०२५ साल कार्तिक २० गते नितान्त निजी प्रयास र निजी घरको गोठको सामान्य कोठाबाट २०२७ सालमा हालको किरण पुस्तकालय भवन निर्माण तथा व्यवस्थापन पक्षमा निरन्तर विविध सहयोग जुटाउँदै पुस्तकालयका लागि संस्थापकका पनि संस्थापक संयोजक आदरणीय शशि गुरुको अविस्मरणीय योगदान यस पुस्तकालयमा रहेको मैले आफ्नो अनुभवबाट व्यक्त गर्न पाउँदा स्वर्ण महोत्सवको कार्यक्रम सफलतापूर्वक सम्पन्न होस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

संघसंस्था जन्माउने, हुर्काउने र निरन्तर सञ्चालनमा ल्याउने स-साना काम मैले पनि गरेको हुँदा मलाई लाग्छ समाजको लागि संघसंस्थाहरू खोलिन्छ, सञ्चालनमा ल्याइन्छ तर पुस्तौं पुस्ताले नियमित सञ्चालन र प्रयोगमा ल्याउनको लागि स्थायी पूँजीको व्यवस्थापनमा जोड दिनै पर्ने हुँदा हरेक संघसंस्थाहरू भोका नाङ्गा अवस्थामा रहेको पनि देखिन्छ, सुनिन्छ ।

मैले नगरे कसले गर्ने ? अहिले नगरे कहिले गर्ने ? यहाँ नगरे कहाँ गर्ने ? भन्ने युक्तिलाई आत्मसात् गर्दै शशि गुरुले आफ्नो पहल र नेतृत्वबाट भए गरेका धेरै कार्यहरू हुन सक्छन् तर मैले जानेबुझेको र देखेकामध्ये पुस्तकालय, रेडक्रस तथा रेसुङ्गा क्याम्पस यी तीनोटा संस्थाहरू सायद शशि पन्थीको अभावमा पूर्णता प्राप्त गर्न अझ धेरै वर्ष पर्खन पर्थ्यो होला ।

यो संस्था जन्माउनु ठूलो कुरा हो, त्यसलाई जोगाएर निरन्तर सञ्चालनमा ल्याउनु अर्को चुनौती हो । संघसंस्था जन्माउने, हुर्काउने र निरन्तर सञ्चालनमा ल्याउने स-साना काम मैले पनि गरेको हुँदा मलाई लाग्छ समाजको लागि संघसंस्थाहरू खोलिन्छ, सञ्चालनमा ल्याइन्छ तर पुस्तौं पुस्ताले नियमित सञ्चालन र प्रयोगमा ल्याउनको लागि स्थायी पूँजीको व्यवस्थापनमा जोड दिनै पर्ने हुँदा हरेक संघसंस्थाहरू भोका नाङ्गा अवस्थामा रहेको पनि देखिन्छ, सुनिन्छ । त्यसकारण कुनै पनि संघसंस्था समाजको हित र उन्नति प्रगतिको लागि १ जनाको प्रयासबाट मात्र सम्भव नहुने हुँदा सम्बन्धित सबै निकाय र सरोकारवाला व्यक्ति, समाजबाट सहयोगको अपेक्षा भइरहने भएकोले सबै शुभचिन्तकहरूबाट संघसंस्थाहरूप्रति सदैव निरन्तर क्षमताअनुसार सहयोग पुऱ्याउन अपिल गर्दै किरण पुस्तकालयबाट प्रकाशन हुने हाम्रो पुरुषार्थले युगौं युग निरन्तरता र सफलता पाओस् भन्ने शुभकामना दिँदै यसमा संलग्न हुनुहुने सञ्चालक, सम्पादक मण्डल शशि पन्थी, दीन पन्थीज्यूलगायत सम्पूर्ण सहयोगी, शुभचिन्तकहरूप्रति आभार व्यक्त गर्न चाहन्छु ।

किरण पुस्तकालयको स्थापनाकालका पाठक सदस्य र वर्तमानमा आजीवन सदस्य ।

-ooo-

जिल्लामा गोरखापत्र हेर्न पाइने ठाउँ : किरण पुस्तकालय

✍ त्रैलोक्य प्रताप सेन

"नातिनीलाई आशीष छ । लेखबारे थप भनिनँ अब ।" आदरणीय शशि सरको यो मेसेजले हद पार गरेको मेरो अल्छी स्वभावलाई चुनौती दियो ।

हो, म अहिले केही समयका लागि अमेरिकाको न्यूयोर्कमा छु । नातिनी अलिरा सेनको भातखुवाइ नि जुर्‌यो यसपालि । म नेपाल छँदै जो हो, १५ दिने भाकासहित किरण पुस्तकालयको स्वर्णजयन्तीको ५० वर्षे अवसरमा केही लेख्ने आग्रह पाएको मैले शशि सरबाट ।

'हुन्छ हुन्छ' मा नै यता हान्निएछु पो ।

ग्लानिबोधले झसङ्ग भएँ ।

लेख्न बसें अब । सजिलो पनि छ, कुनै ठूलो साहित्यकार नि परिएन, त्यसैले कस्तो स्तरमा झरेछ भन्ने नि भएन ।

खालि ५० वर्ष पुग्दै गरेको यो ऐतिहासिक धरोहर र यसका कल्पनाकारदेखि साकारकार अहिलेसम्मका व्यक्तित्वहरूलाई सम्मान र आदरभावपूर्ण स्मरण गर्ने त हो ।

उसबेलाको एउटा घटना स्मृतिमा अहिले आइरहेको छ । मेरो एस.एल.सी. परीक्षाको नतिजा गोरखापत्रमा छापिन्थ्यो । त्यसलाई हेर्न कुनै जिल्लामा त महिना लाग्थ्यो । आजका फोन सञ्चार मोटरबाटोका सुविधा केही थिएनन् । रेडियो नेपालको समाचार, कान थापेर नतिजाको खबर पाएपछि कहाँ पुगेर थाहा पाउने हो त्यतै जाने जोहो गर्नुपर्ने ।

म नि काठमाडौंमा एस.एल.सी. दिएर पुर्कोट घर आई बसेको केटो । रिजल्ट भएको खबर आयो । दिनभरि पैदल यात्रा गर्दै लागियो तम्घासतिर । साँझ पर्ने लाग्दा तम्घास पुगें । तम्घासमा गोरखापत्र हेर्न कहाँ पाइन्छ भन्ने खोजीले मेरा जीवनका प्रथम पाइलाहरू चिदीचौरमा एक्लै उभिएको त्यही घरतिर लागें ।

थाहा भयो यो किरण पुस्तकालयको घर हो ।

एकतले सानो भवन तर गौरवगाथा उच्च । शिक्षाको ज्योति अविरल छरिरहेको यो ऐतिहासिक भवनमा यही थियो मेरो पहिलो जम्का भेट ।

ठिक्क सामुन्ने चौपारीमा रक्तरंजित इतिहास स्मरण गराउने लाँकुरीको बुटो (रुख) ।

राजशाहीको हुकुमी शासनकालमा २०१९ साल ज्येष्ठमा नेपाली काँग्रेसका क्रान्ति पुरुष वीर शम्शेरबहादुर खत्रीको शिर छेदन गरेर यही लाँकुरीको बोटमा तत्कालीन बडाहाकिम चन्द्रमान थकालीको फरमानमा झुण्डाइएको घटनाको क्रूर इतिहास बोकेको गौरवशाली माटो हो यो । चिदीचौर जहाँ अहिले किरण पुस्तकालय छ । पहिले पहिले त किरण पुस्तकालय र लाँकुरीको बोटले एक आपसमा भलाकुसारी गर्थे । आजको दिनमा आइपुग्दा यो घरले आफूभित्र छिर्ने बाटो पनि देख्छ कि नाई ? चारैतिर घरका थुप्रा लाएका छन् । उकुस मुकुसले ढाकिएको छ यो ।

राजशाहीको हुकुमी शासनकालमा २०१९ साल ज्येष्ठमा नेपाली काँग्रेसका क्रान्ति पुरुष वीर शम्शेरबहादुर खत्रीको शिर छेदन गरेर यही लाँकुरीको बोटमा तत्कालीन बडाहाकिम चन्द्रमान थकालीको फरमानमा झुण्डाइएको घटनाको क्रूर इतिहास बोकेको गौरवशाली माटो हो यो । चिदीचौर जहाँ अहिले किरण पुस्तकालय छ । पहिले पहिले त किरण पुस्तकालय र लाँकुरीको बोटले एक आपसमा भलाकुसारी गर्थे । आजको दिनमा आइपुग्दा यो घरले आफूभित्र छिर्ने बाटो पनि देख्छ कि नाई ? चारैतिर घरका थुप्रा लाएका छन् । उकुस मुकुसले ढाकिएको छ यो ।

किरण पुस्तकालयको स्मरण गर्दा ५० वर्ष पूर्वको गुल्मीको तस्वीरतर्फ सिंहावलोकन गर्नुपर्ने हुन्छ । शिक्षाका दीपहरू यदाकदा टिल्पिलाउँदै गरेका ।

हाई स्कूल यही तम्घासमा महेन्द्र मा.वि. मात्र थियो कि ? सञ्चार शून्य, बाटाघाटा छैनन्, ७-८ दिन लगाएर बटौली र पथ्थरकोट पुगेर थाप्लामा नाम्लो लगाएर नुन ल्याएर खानुपर्ने ती दिनहरू । यस्तो वातावरणमा ५० वर्षअघि अहिलेको व्यवस्थित किरण पुस्तकालयको परिकल्पना कसको मस्तिष्कमा प्रष्फुटित भएहोला ? मेरो सहज चेतना त्यहीं पुग्न चाह्यो ।

थाहा पाएँ । २०२५ सालमा पं. देवीदत्त पन्थीले लक्ष्मीपुर गाउँ पञ्चायत वडा नं. १, भडखालामा रहेको आफ्नो गोठको एउटा कोठामा केही पुस्तकहरूको संग्रह गर्नुभएछ । सोही गोठमा बलेको चेतनाको दीप अहिलेको किरण पुस्तकालय

रहेछ । पं. देवीदत्तका सुपुत्र शशिकिरण पन्थीले यो दुरूह अभियान सार्थक पार्ने बिडो सम्हाल्दै गर्दा आफ्नो नामको बीचको शब्द 'किरण' लाई झिकेर पुस्तकालयको नाम किरण पुस्तकालय एवं आफू शशि पन्थी मात्र रहेको रोचक प्रसंगले मेरो मनै झंकृत भयो ।

यो कुरा २०२५ सालको हो ।

२०२७ सालमा किरण पुस्तकालय चिदीचौरमा आयो, क्रमशः २०३५ सालमा वर्तमान भवनमा आइपुगेको इतिहास थाहा भयो ।

पुस्तकालयमा हामीले गर्व गर्नुपर्ने धेरै कुरा छन् नै ।

झण्डै १०००० भन्दा बढी ऐतिहासिक महत्त्व बोकेका पुस्तकहरू एवं दस्तावेजहरू यहाँ सुरक्षित छन् ।

राम्रो विधि विधान र व्यवस्थापनले यो पुस्तकालय एउटा भवन मात्र रहेन, अपितु एउटा ऐतिहासिक गरिमा र पृष्ठभूमि बोकेको सिंगो संस्था बन्न पुगेको छ ।

पञ्चायतकालीन समयमा राजाको हुकुमी शासन झेलिरहेको नेपाललाई त्यसबाट मुक्त पार्दै जनताको प्रजातान्त्रिक व्यवस्था स्थापनाका लागि संघर्षरत महामानव बी.पी. कोइरालाको नाममा साहित्यिक विशेषाङ्कका रूपमा 'हाम्रो पुरुषार्थ' प्रकाशित गर्दै किरण पुस्तकालयले आफैलाई एक लोकतन्त्रको पक्षधर प्रकाशनगृहको रूपमा पनि उभ्याएको इतिहास रच्दै गएको पाइन्छ ।

पञ्चायतकालीन समयमा राजाको हुकुमी शासन झेलिरहेको नेपाललाई त्यसबाट मुक्त पार्दै जनताको प्रजातान्त्रिक व्यवस्था स्थापनाका लागि संघर्षरत महामानव बी.पी. कोइरालाको नाममा साहित्यिक विशेषाङ्कका रूपमा 'हाम्रो पुरुषार्थ' प्रकाशित गर्दै किरण पुस्तकालयले आफैलाई एक लोकतन्त्रको पक्षधर प्रकाशनगृहको रूपमा पनि उभ्याएको इतिहास रच्दै गएको पाइन्छ ।

हाम्रो पुरुषार्थ त ४५ वर्षदेखि निरन्तर प्रकाशित भैरहेको छ । हालको रेसुङ्गा नगरपालिका तम्घासको मुटुमा १५ आना जति जग्गा आफ्नै स्वामित्वमा रहेको किरण पुस्तकालयले आजसम्ममा कैयन् लेखक, साहित्यकार, कवि, कथाकार आदि धेरैका सृजनाहरू प्रकाशित गरी जनसमक्ष पुऱ्याएको छ ।

हाम्रो पुरुषार्थ त ४५ वर्षदेखि निरन्तर प्रकाशित भैरहेको छ । हालको रेसुङ्गा नगरपालिका तम्घासको मुटुमा १५ आना जति जग्गा आफ्नै स्वामित्वमा रहेको

किरण पुस्तकालयले आजसम्ममा कैयन् लेखक, साहित्यकार, कवि, कथाकार आदि धेरैका सृजनाहरू प्रकाशित गरी जनसमक्ष पुऱ्याएको छ ।

आज मलाई जमानामा पुस्तकालयको महत्त्वबारे चर्चा गरिरहनु पर्ला जस्तो नि लाग्दैन । त्यसैले यसको जन्मकालको कथादेखि अहिलेसम्मको छोटो गरिमा सम्झनु वाञ्छनीय ठानें ।

यसरी सरसर्ती किरण पुस्तकालयको जन्म सम्झें ।

हुर्किदै झांगिदै गर्दाको इतिहास सम्झें ।

नेपालको लोकतान्त्रिक आन्दोलनमा यसले पुऱ्याएको टेवा सम्झें ।

म आफै बेला बखत तम्घासमा हुँदा भाग लिएका भानुजयन्ती सम्झें ।

आजको युगमा संसारमा अत्यन्त आधुनिक प्रविधि सम्पन्न पुस्तकालयहरू छन्, ई-लाइब्रेरीहरू पनि छन्, तर किरण पुस्तकालयको आफ्नो विशिष्ट मौलिकता ठूला पुस्तकालयहरूभन्दा कम छैन जस्तो लाग्छ ।

मोतीजयन्ती सम्झें ।

लक्ष्मीपूजाको दिनका देवकोटा जयन्ती सम्झें ।

अनि, म नतमस्तक भएँ, भैरहें ।

त्यो अन्धकारमा दियो बाल्ने पं. देवीदत्त पन्थीप्रति आदरले शिर निहुराएँ ।

सुयोग्य पिताका सुसन्तानको काँधमा पसेट बोक्दा गएका खालाको पर्वाह नगरी अहोरात्र खटेर पिताको इच्छादीप निभ्न नदिई आजको अवस्थासम्म ल्याईपुऱ्याउने शशि पन्थीप्रति गर्व गरें ।

उहाँलाई साथ दिई सहयोग पुऱ्याउने समाजसेवी शिक्षाप्रेमी, समाजका अगुवा सबैप्रति गौरव गरें ।

साँच्चै हो, इतिहास यसरी नै निर्मित हुन्छ ।

आजको युगमा संसारमा अत्यन्त आधुनिक प्रविधि सम्पन्न पुस्तकालयहरू छन्, ई-लाइब्रेरीहरू पनि छन्, तर किरण पुस्तकालयको आफ्नो विशिष्ट मौलिकता ठूला पुस्तकालयहरूभन्दा कम छैन जस्तो लाग्छ ।

सबै मिलेर यसको भविष्यको यात्रा अझ गौरवपूर्ण बनाऔं ।

✍ **पूर्व सभापति - नेपाली काँग्रेस, गुल्मी ।**

–ooo–

किरण पुस्तकालय र हाम्रो पुरुषार्थ

कविता पन्थी

रेसुङ्गाका काखमा चिटिक्क परेको सुन्दर तम्घास बजार, तम्घास बजारकै ठीक मुटुमा अवस्थित छ किरण पुस्तकालय ।

किरण पुस्तकालयले केवल पत्रपत्रिका पढ्नको लागि मात्र होइन २०२८ सालदेखि नै प्रत्येक वर्ष नेपाली साहित्यका उज्ज्वल नक्षत्रहरू महाकवि लक्ष्मीप्रसाद देवकोटा, आदिकवि भानुभक्त आचार्य, कविशिरोमणि लेखनाथ पौड्याल, युवककवि मोतीराम भट्टलगायतका साहित्यकारको जन्मजयन्तीमा विशेष कार्यक्रम आयोजना गरी मनाउँदै आएको छ, जसले यहाँका जनमानसलाई मनमनमा साहित्यप्रतिको जागरण, भाषाप्रतिको ममता जगाउन ठूलो भूमिका खेलेको छ ।

आजभन्दा करिब ५० वर्ष अगाडि वि.सं. २०२५ मा स्थापना भएर आजसम्म नेपाली भाषा, साहित्य र संस्कृतिको विकासमा मलजल गर्दै यस पुस्तकालयले अहिले स्वर्णजयन्ती मनाएको छ । स्थापनाकालदेखि नै भाषा, साहित्य एवं संस्कृतिको संरक्षण र सम्वर्धनमा किरण पुस्तकालयले काम गर्दै आइरहेको छ । पुस्तकालयलाई अपरिमित ज्ञानको भण्डार, ज्ञानरश्मि, चेतनाको संवाहक पनि मानिन्छ, सोही अनुरूप नामअनुसारको कर्मतर्फ प्रेरित छ किरण पुस्तकालय ।

पुस्तकालय स्थापनाको ध्येय विशुद्ध समाजसेवा रहेको, सर्वसाधारण जनतालाई समेत पुस्तक, पत्रपत्रिका पढ्ने, पढ्न सक्ने वातावरण उपलब्ध गराएर समसामयिक कुराको जानकारी दिनुका साथसाथै जनचेतना फैलाउने कार्यमा लागेको यो पुस्तकालय समग्र गुल्मी जिल्लाको चेतनाको पुञ्ज हो भन्नु सान्दर्भिक देखिन्छ ।

यो संस्था खोल्दा तम्घासमा महेन्द्र हाई स्कूलबाहेक कुनै शैक्षिक संस्था थिएनन्, गुल्मी इन्टर कलेज भर्खरै खोलिएको थियो । यो पुस्तकालयको वि.सं. २०२५

साल कात्तिक २० गते स्थापना भएपनि विधिवत् रूपमा यसले २०२८ सालमा स्वीकृति प्राप्त गरेको थियो ।

किरण पुस्तकालयले केवल पत्रपत्रिका पढ्नको लागि मात्र होइन २०२८ सालदेखि नै प्रत्येक वर्ष नेपाली साहित्यका उज्ज्वल नक्षत्रहरू महाकवि लक्ष्मीप्रसाद देवकोटा, आदिकवि भानुभक्त आचार्य, कविशिरोमणि लेखनाथ पौड्याल, युवककवि मोतीराम भट्टलगायतका साहित्यकारको जन्मजयन्तीमा विशेष कार्यक्रम आयोजना गरी मनाउँदै आएको छ, जसले यहाँका जनमानसलाई मनमनमा साहित्यप्रतिको जागरण, भाषाप्रतिको ममता जगाउन ठूलो भूमिका खेलेको छ ।

यो मात्र होइन किरण पुस्तकालयको अर्को ठूलो उपलब्धि यसको मुखपत्र 'हाम्रो पुरुषार्थ' पनि हो । यसले वि.सं. २०३० सालदेखि अनवरत रूपमा हाम्रो पुरुषार्थ पत्रिका प्रकाशित गर्दै आइरहेको छ । किरण पुस्तकालयले पहिला वार्षिक, अर्धवार्षिक हुँदै अहिले त्रैमासिक रूपमा यो पत्रिका प्रकाशनमा ल्याउने गरेको छ । पत्रपत्रिका प्रकाशन गर्नु, त्यसलाई टिकाइराख्नु आजको सन्दर्भमा त चुनौतीपूर्ण नै छ, त्यसमा पनि आजभन्दा ४५ वर्ष अगाडि गुल्मी जस्तो स्थानबाट हाम्रो पुरुषार्थ जस्तो स्तरीय पत्रिका प्रकाशन गरेर निरन्तरता दिन सक्नु निश्चय पनि चुनौतीपूर्ण, प्रशंसनीय काम हो । यसका लागि यस कार्यमा तन, मन एवं धनले खटिने व्यक्तित्वहरू अवश्य पनि धन्यवादका पात्र हुनुहुन्छ ।

अहिले पनि गुल्मीको सडक खण्ड त्यति सुव्यवस्थित बनिसकेको छैन, शुरूवाती अवस्था कति कष्टपूर्ण थियो होला, कच्चीबाटो, हिउँद, वर्षा नभनी, पारिवारिक समस्यालाई पर पन्छाएर निरन्तर हाम्रो पुरुषार्थ प्रकाशनको लागि यसका सम्पादक, सहसम्पादकहरू खटेको सम्झँदा अहिले पनि उहाँहरूप्रति, उहाँहरूको निःस्वार्थ साहित्य, भाषाप्रेमप्रति गौरवानुभूति हुन्छ । लामो सङ्घर्ष र निरन्तरको निःस्वार्थ प्रयासबाट किरण पुस्तकालय, हाम्रो पुरुषार्थ आजको अवस्थामा आइपुगेका छन् ।

अहिले पनि गुल्मीको सडक खण्ड त्यति सुव्यवस्थित बनिसकेको छैन, शुरूवाती अवस्था कति कष्टपूर्ण थियो होला, कच्चीबाटो, हिउँद, वर्षा नभनी, पारिवारिक समस्यालाई पर पन्छाएर निरन्तर हाम्रो पुरुषार्थ प्रकाशनको लागि यसका सम्पादक, सहसम्पादकहरू खटेको सम्झँदा अहिले पनि उहाँहरूप्रति, उहाँहरूको निःस्वार्थ साहित्य, भाषाप्रेमप्रति गौरवानुभूति हुन्छ । लामो सङ्घर्ष र निरन्तरको निःस्वार्थ प्रयासबाट किरण पुस्तकालय, हाम्रो पुरुषार्थ आजको अवस्थामा आइपुगेका छन् ।

किरण पुस्तकालयले आफ्नो मुखपत्र मात्र होइन, साहित्यका विविध विधाका पुस्तकहरू पनि प्रकाशित गरेर साहित्यसमृद्धिमा योगदान दिएको छ ।

विभिन्न समयमा विभिन्न लेखकका १४ वटा पुस्तकहरू प्रकाशित गरिसकेको छ, केही प्रकाशनको तयारी गरेको पनि छ ।

पुस्तकालयले भाषा र भाषिकाका अध्ययन गर्न चाहनेका लागि सामग्री उपलब्ध गराउने गरेको छ । पुस्तकालयबाट विभिन्न विषयलाई उजागर गर्दै शोधप्रबन्धहरू पनि प्रकाशित भएका छन् ।

समग्रमा किरण पुस्तकालय गुल्मी र गुल्मीवासीको मात्र नभएर सम्पूर्ण देशको लागि महत्त्वपूर्ण र स्तुत्य छ । जुनबेला किरण पुस्तकालयको स्थापना भयो, यस क्षेत्रमा शिक्षाको स्थिति र चेतनाको स्तर ज्यादै न्यून थियो । चेतना र शिक्षाको हिसाबले अन्धकारमय समयमा उज्यालो दियो बनेर किरण पुस्तकालयले युवाहरूलाई पथप्रदर्शन गर्दै आएको छ ।

विभिन्न प्रसङ्गमा/समयमा विशेषाङ्कहरू प्रकाशित गरेको छ । तीमध्ये लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क, कथा विशेषाङ्क, पत्रकारिता विशेषाङ्क, पुस्तकालय विशेषाङ्क, डा. टीकाराम पन्थी विशेषाङ्क, भाषिक संगोष्ठी विशेषाङ्क विशेष उल्लेखनीय छन् । हरेक अंक पठनीय, हरेक अंक संग्रहणीय छन् ।

पुस्तकालयले भाषा र भाषिकाका अध्ययन गर्न चाहनेका लागि सामग्री उपलब्ध गराउने गरेको छ । पुस्तकालयबाट विभिन्न विषयलाई उजागर गर्दै शोधप्रबन्धहरू पनि प्रकाशित भएका छन् ।

समग्रमा किरण पुस्तकालय गुल्मी र गुल्मीवासीको मात्र नभएर सम्पूर्ण देशको लागि महत्त्वपूर्ण र स्तुत्य छ । जुनबेला किरण पुस्तकालयको स्थापना भयो, यस क्षेत्रमा शिक्षाको स्थिति र चेतनाको स्तर ज्यादै न्यून थियो । चेतना र शिक्षाको हिसाबले अन्धकारमय समयमा उज्यालो दियो बनेर किरण पुस्तकालयले युवाहरूलाई पथप्रदर्शन गर्दै आएको छ ।

हरेक क्षेत्रमा समस्याहरूलाई चिर्दै विभिन्न आरोह अवरोह पार गर्दै आएको यस पुस्तकालयलाई अगाडि बढाउन आधुनिकीकरण गर्नु अनिवार्य बनिसकेको छ । सूचना प्रविधिको तीव्र विकाससँगै यसलाई पनि सोहीअनुसार विकासको गतिमा लैजानु आवश्यक छ ।

✍ **शिक्षक : न्यू इन्भाइरनमन्ट मा.वि., तिलोत्तमा न.पा., मणिग्राम, रूपन्देही ।**

–ooo–

सभ्यताको केन्द्र : किरण पुस्तकालय

✍ विष्णुप्रसाद खनाल



किरण पुस्तकालयको स्थापना २०२५ सालमा भएको हो । यसका संस्थापक श्री शशि पन्थी हुनुहुन्छ । प्रारम्भमा गाईगोठमा स्थापित यस पुस्तकालयले धेरै सहयोगीहरूको साथ पाएर आजको अवस्थामा आएको छ । मान्छेको समाज र सभ्यताको विकासमा पुस्तकालयको योगदान विशिष्ट छ । पुस्तक वा ग्रन्थहरूको समुचित संग्रह स्थललाई पुस्तकालय वा ग्रन्थागार भनिन्छ । जबदेखि मान्छेले पढ्न लेख्न सिक्यो तबदेखि ज्ञानलाई अक्षय बनाउन पुस्तकालय बनाउन थाल्यो । पुस्तकालयमा मान्छेले आफ्नो ज्ञानको भोकलाई तृप्त पारी आफ्नो ज्ञान वृद्धि गर्न सक्छ । पुस्तकालयको महत्त्वलाई बुझी यस पुस्तकालयको स्थापना गर्ने, यसको संरक्षण र सम्वर्धनमा खटिने सबैप्रति आज यसको स्वर्णजयन्तीको अवसरमा म हार्दिक अभिनन्दन गर्छु ।

किरण पुस्तकालय गुल्मीको मुटु तम्घासमा अवस्थित छ । यसले पचास वर्षदेखि मान्छेका ज्ञानका तिर्खा मेट्दै, चेतना छर्दै आफ्नो नाम सार्थक पारेको अनुभव गरेको छु । यहाँ दश हजार जति पुस्तक र असङ्ख्य पत्रपत्रिकाको संग्रह छ । पुराण, उपपुराण, वेद, वेदाङ्ग, इतिहास, उपनिषद्, भूगोल, धर्मसंस्कृति, साहित्यसम्बन्धी अनेक पुस्तकहरू यहाँ छन् । यहाँ यस क्षेत्रका प्रकाशन, वंशावलीजस्ता अति महत्त्वपूर्ण ग्रन्थहरू पनि छन् । यस क्षेत्रको सभ्यता, संस्कृति र साहित्यको धरोहरको रूपमा यो पुस्तकालय रहेको छ ।

किरण पुस्तकालय गुल्मीको मुटु तम्घासमा अवस्थित छ । यसले पचास वर्षदेखि मान्छेका ज्ञानका तिर्खा मेट्दै, चेतना छर्दै आफ्नो नाम सार्थक पारेको अनुभव गरेको छु । यहाँ दश हजार जति पुस्तक र असङ्ख्य पत्रपत्रिकाको संग्रह छ । पुराण, उपपुराण, वेद, वेदाङ्ग, इतिहास, उपनिषद्, भूगोल, धर्मसंस्कृति, साहित्यसम्बन्धी अनेक पुस्तकहरू यहाँ छन् । यहाँ यस क्षेत्रका प्रकाशन, वंशावलीजस्ता अति महत्त्वपूर्ण ग्रन्थहरू पनि छन् । यस क्षेत्रको सभ्यता, संस्कृति र साहित्यको धरोहरको रूपमा यो पुस्तकालय रहेको छ ।

२०५५/०५६ सालदेखि मैले यसमा स्वयंसेवा गर्दै आएको छु । सरस्वतीका मन्दिरमा बसेझैं लाग्छ मलाई यहाँ । आजभोलिका कुनै मान्छेले अहिलेको युगमा किन पुस्तकालय चाहियो पनि भनेको सुनेको छु । म तिनीहरूलाई भन्छु - पुस्तकालयको आवश्यकता झन् बढेको छ । अन्वेषण र अनुसन्धानको लागि पुस्तकालय नभई हुँदैन । यहाँ दुर्लभ ग्रन्थहरू पढ्न पाइन्छ । दशवटा विश्वविद्यालयभन्दा एउटा पुस्तकालय ठूलो हुन्छ भनी विद्वान्हरूले भनेका छन् ।

वेदहरूमा 'ऋते ज्ञानाद् न मुक्ति' भनिएको छ । सत्य ज्ञानविना मान्छे अज्ञानता र अविद्याबाट मुक्त हुन सक्दैन । विद्या र ज्ञानले नै मान्छेले सभ्यता, संस्कृतिको जगेर्ना गर्दै सुख, समृद्धि र शान्ति प्राप्त गर्न सक्छ । धर्म, अर्थ, काम, मोक्ष जस्ता पुरुषार्थ प्राप्त गर्न सक्छ । यस्तो अमृतमय विद्याको भण्डार पुस्तकालय मानव सभ्यताको केन्द्र हो ।

विद्या र ज्ञानले नै मान्छेले सभ्यता, संस्कृतिको जगेर्ना गर्दै सुख, समृद्धि र शान्ति प्राप्त गर्न सक्छ । धर्म, अर्थ, काम, मोक्ष जस्ता पुरुषार्थ प्राप्त गर्न सक्छ । यस्तो अमृतमय विद्याको भण्डार पुस्तकालय मानव सभ्यताको केन्द्र हो ।

किरण पुस्तकालयले पुस्तकको सङ्ग्रह गरी जिज्ञासुहरूलाई पढ्ने व्यवस्था मिलाएको छ । नयाँ पुस्तकहरू प्रकाशित गरी यस क्षेत्रको संस्कृति, इतिहास र साहित्यको जगेर्ना गरेको छ । हाम्रो पुरुषार्थको प्रकाशन गरी नेपाली भाषा-साहित्यको उन्नयनमा ईटा थप्ने पुरुषार्थ देखाएको छ । पुस्तकालयमा देश देशान्तरका पत्रपत्रिका आउँछन् । सूचना, सन्देश, ज्ञान सबै पुस्तकालयबाट प्राप्त हुन्छन् । यस क्षेत्रको शैक्षिक चेतना, साहित्यिक अभियान र विद्याको उन्नतिमा किरण पुस्तकालयको प्रेरणा र योगदान अविस्मरणीय रहेको छ ।

किरण पुस्तकालयले पुस्तकको सङ्ग्रह गरी जिज्ञासुहरूलाई पढ्ने व्यवस्था मिलाएको छ । नयाँ पुस्तकहरू प्रकाशित गरी यस क्षेत्रको संस्कृति, इतिहास र साहित्यको जगेर्ना गरेको छ । हाम्रो पुरुषार्थको प्रकाशन गरी नेपाली भाषा-साहित्यको उन्नयनमा ईटा थप्ने पुरुषार्थ देखाएको छ । पुस्तकालयमा देश देशान्तरका पत्रपत्रिका आउँछन् । सूचना, सन्देश, ज्ञान सबै पुस्तकालयबाट प्राप्त हुन्छन् । यस क्षेत्रको शैक्षिक चेतना, साहित्यिक अभियान र विद्याको उन्नतिमा किरण पुस्तकालयको प्रेरणा र योगदान अविस्मरणीय रहेको छ ।

✍ **ग्रन्थपाल - किरण पुस्तकालय, तम्घास, गुल्मी ।**

–ooo–

कृतज्ञता र धन्यवादका शब्दहरू

✍ नरप्रसाद श्रेष्ठ

गुल्मीको दरबार देवीस्थान चारपाला, उपल्लो हटियामा १९९७ साल जेठ २२ गते मेरो जन्म भएको हो । मैले औपचारिक शिक्षा लिन पाइनँ । त्यो बेला त्यस्तै थियो । गुरु रेवतीरमण अर्यालबाट साधारण शिक्षा प्राप्त गरी सामान्य लेखपढ गर्न सक्ने भएँ । पछि म र मेरी श्रीमती शान्तादेवी अब केही गर्नुपर्छ भन्ने सोंचेर केही व्यवसाय-व्यापार गरौं भनेर तम्घास आयौं । २०१९ साल कार्तिक २९ गतेबाट तम्घास नयाँ बजारमा रेसुङ्गा होटल सञ्चालन गरी होटल व्यवसाय थाल्यौं । त्यसपछि तम्घासमै रहँदै आएका छौं ।

जीवन सञ्चालनको लागि व्यवसाय गर्दै रहे पनि सामाजिक सेवा गर्नुपर्छ भन्ने सोंच मेरो थियो । पाल्पा पोखराथोक निवासी राष्ट्रिय वाणिज्य बैंक गुल्मीका प्रबन्धक गणेशप्रसाद मुडभरीको सल्लाहमा सामाजिक सेवामा लागें । २०२२ सालमा वार्ड अध्यक्ष भई पछि तम्घासको अध्यक्ष (प्रधानपञ्च) हुँदै जिल्ला पञ्चायतको सदस्यसम्म भएँ । शैक्षिक र सामाजिक धार्मिक संस्थाहरूमा रहेर मैले सेवा गरेको छु । महेन्द्र माध्यमिक विद्यालय, रेसुङ्गा बहुमुखी क्याम्पस, अर्जुन बोर्डिङ्ग स्कूल, रेसुङ्गा माध्यमिक विद्यालय, उपल्लो तम्घास माध्यमिक विद्यालय, तम्घास अस्पताल, जिल्ला खेलकूद समिति, रेडक्रस गुल्मी, बालमन्दिर, बालकल्याण समितिजस्ता संस्थाहरूमा रहेर मैले ४२ वर्षभन्दा बढी समय बिताएको छु । 'सेवा हि परमो धर्म' भन्ने मेरो मान्यता छ । तम्घासस्थान संयुक्त विकास समिति र किरण पुस्तकालय व्यवस्थापन समितिको वर्तमानसम्म म अध्यक्ष रही काम गर्दैछु ।

म जस्तो साधारण साक्षर व्यक्तिलाई महत्त्वपूर्ण संस्थाहरूमा विश्वाससाथ स्थान दिने महानुभावहरूप्रति म कृतज्ञता प्रकट गर्दछु र आफैलाई अहो भाग्य सम्झी आनन्दित हुन्छु ।

किरण पुस्तकालय, तम्घास, गुल्मीको अध्यक्ष भई २०३४/०३५ सालबाट म निरन्तर कार्यरत छु । किरण पुस्तकालयमा मेरा ४१ वर्षहरू बितेका छन् ।

किरण पुस्तकालयले यस क्षेत्रमा शिक्षा र विद्याको उन्नतिमा ठूलो योगदान दिएको छ भन्ने मलाई लाग्छ । यो ठूलो संस्था हो । यसको अझै उन्नति-प्रगति हेर्ने धोको छ । मेरो सामर्थ्यले हुने सेवामा म पछाडि पर्दिनँ । पुस्तकालयको भव्य भवन बन्दैछ भन्ने कुराले म हर्षविभोर छु । भगवान्‌ले हामी सबैको कल्याण गरून् । सेवा नै धर्म हो । सबैको मनमा सेवाभाव जाग्रत होस् । किरण पुस्तकालयको स्वर्णजयन्ती वर्षको सुखद अवसरमा म पुस्तकालयका सम्पूर्ण हितैषी, सहयोगी महानुभावहरूमा हार्दिक धन्यवाद एवं आभार टक्र्याउँछु ।

किरण पुस्तकालयले यस क्षेत्रमा शिक्षा र विद्याको उन्नतिमा ठूलो योगदान दिएको छ भन्ने मलाई लाग्छ । यो ठूलो संस्था हो । यसको अझै उन्नति-प्रगति हेर्ने धोको छ । मेरो सामर्थ्यले हुने सेवामा म पछाडि पर्दिनँ । पुस्तकालयको भव्य भवन बन्दैछ भन्ने कुराले म हर्षविभोर छु । भगवान्‌ले हामी सबैको कल्याण गरून् । सेवा नै धर्म हो । सबैको मनमा सेवाभाव जाग्रत होस् ।

अध्यक्ष : किरण पुस्तकालय व्यवस्थापन समिति, तम्घास, गुल्मी ।

–ooo–

मालिका गाउँवासीहरूमा हार्दिक अनुरोध

- फोहर सकेसम्म कम उत्पादन गर्न र जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं । फोहर व्यवस्थापनको लागि तोकिएको शुल्क समयमा नै तिरी सभ्य नागरिकको परिचय दिऔं ।
- जन्मदर्ता, विवाह दर्ता, मृत्यु दर्ता, सम्बन्ध विच्छेद एवम् बसाइँसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवम् खोलानालालाई फोहर ढल विसर्जन स्थलको रूपमा प्रयोग नगरौं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- सवारीसाधन जथाभावी रूपमा पार्किङ्ग नगरौं ।
- पूर्वपश्चिम लोकमार्ग तथा सहायक मार्गहरू मिची सडकमा भौतिक संरचना निर्माण, सामग्री नराखौं ।
- फोहोर अव्यस्थित रूपमा खाली जग्गा, सार्वजनिक स्थल, सडक, नदी, नहरका छेउमा फाल्दा गाउँ नै दुर्गन्धित हुने भएकोले यसरी अव्यवस्थित रूपमा फोहर फाल्ने कार्य तत्काल बन्द गरी उत्पादन तहमै स्थानीय टोल समुदाय तहमै व्यवस्थित गर्न फोहर संकलन गर्ने सवारी साधनमा राखी गाउँ सफा राख्ने अभियानमा सहयोग गर्नुहुन अनुरोध छ ।
- आफ्नो टोललाई हप्ताको एक दिन नियमित रूपमा सफा गर्ने गरौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- गाउँपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- रुख रोपौं, वातावरण संरक्षण गरौं, हरियाली बढाऔं, स्वच्छ वातावरण बनाऔं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- प्लाष्टिकका झोला प्रयोगलाई निरुत्साहित गरौं ।

लेखनाथ पोखेल
प्रमुख प्रशासकीय अधिकृत

तथा

रितबहादुर थापा
अध्यक्ष

मालिका गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, अर्खवाङ्ग, गुल्मी

ज्ञानको भोजनालय बन्न सकोस् किरण पुस्तकालय

✍ पन्थी रामप्रसाद

पृष्ठभूमि

पुस्तक तथा पत्रपत्रिकालगायतका पाठ्यसामग्रीहरू सङ्ग्रह गरी व्यवस्थित रूपमा राखिएको घर अर्थात् पुस्तक घर नै पुस्तकालय हो । पुस्तकालयहरू ज्ञानको भोक जगाउने र मेटाउने भोजनालय हुन् । ज्ञानको भोक र प्यासले छट्पटिएका ज्ञानपिपासुहरूलाई तृप्ति दिने काम पुस्तकालयले गर्दछन् । पुस्तकालय ज्ञानसागर हुन् । घैलाअनुसार ज्ञानराशि दिन सक्छन् । लिनेले गच्छेअनुसार आफ्ना घैला भर्न सक्छन् ।

हिजो समग्र प्रकृति आफैमा पुस्तक थियो । आफैमा पुस्तकालय थियो, हाम्रा ऋषि महर्षिहरूले प्रकृतिरूपी पुस्तक पढे । प्रकृतिरूपी पुस्तकालयमा रमाए । त्यसैमा हराए । त्यसैबाट ज्ञान ग्रहण गरे । प्राप्त ज्ञान प्रदान गरे । श्रुतिपरम्पराबाट सन्तान दरसन्तानमा ज्ञान, सीप तथा अनुभवहरू हस्तान्तरित हुँदै आए । क्रमशः श्रुतिपरम्पराले लेखोट युगमा प्रवेश गऱ्यो । ढुङ्गाहरूमा, रुखका पात र बोक्राहरूमा अक्षरहरूले आकार ग्रहण गर्दै गए । शिलालेख तयार भए । ताम्रपत्र, भोजपत्र र ताडपत्रहरूमा अक्षरहरू सजिए । विज्ञानले कागजको आविष्कार गऱ्यो । अत्याधुनिक छापखानाहरू विकसित भए । प्रकाशन गृहहरू तयार भए । कथ्य रूपमा सीमित भाषाहरू लेखोट युगमा स्तरोन्नति हुने परम्परा दिन दुगुना बढ्दो छ । जसले गर्दा घरको एउटा कोठामा सीमित पुस्तकहरू पुस्तकघरमा परिणत हुँदै गए । पुस्तकघरमा सीमित पुस्तकहरू आज विश्व बजारमा पुगिसकेका छन् । प्रविधिले विश्वलाई एउटै आँगनमा उभ्याएको छ । बफे डिनर तथा प्रीति भोजमा सजाइएका चौरासी व्यञ्जन जस्तै इच्छुकहरू इच्छानुसार ज्ञानको भोजन गरिरहेछन् ।

नेपालका सन्दर्भमा पुस्तकालय र शिक्षा

मानव सभ्यताको विकाससँगै शिक्षाको विकास भएको हो । शिक्षाको विकाससँगै शिक्षालय र पुस्तकालयहरू विकसित भएका हुन् । प्राचीनकालमा शिक्षा विशुद्ध

अनौपचारिक थियो । मानिसले आफ्ना ज्ञान, सीप र अनुभव आफ्ना पछिल्ला पुस्ताहरूमा हस्तान्तरण गर्दै गयो । मध्यकालमा शिक्षा धर्मप्रधान भयो । आधुनिक कालमा आइपुग्दा शिक्षामा भौतिकवादी चिन्तनले फस्टाउने अवसर प्राप्त गऱ्यो । यसक्रममा शिक्षामा जागरण र पुनर्जागरणका विभिन्न बान्कीहरू र बान्कीअनुसारका खान्कीहरू देखिए ।

नेपालको सन्दर्भमा भन्नुपर्दा आजको नेपाल वैदिककाल, बौद्धकाल, लिच्छविकाल, मल्लकाल, शाहकाल, राणाकाल हुँदै प्रजातन्त्र कालदेखि वर्तमानको गणतन्त्रकालमा प्रवेश गरेको छ । कालगत हिसाबले हेर्दा वैदिक कालदेखि शाहकाल (पृथ्वीनारायण शाहको एकीकरण अभियानयता राणाहरूको उदय हुनुपूर्व) सम्म शिक्षा मौलिक थियो । आध्यात्मिकताको जगमा अडिएको थियो । सत्चरित्रता र नैतिकता प्रधान थियो । नेपाली संस्कार र संस्कृतिको सुवास थियो । जंगबहादुरको उदयसँगै भित्रिएको अँग्रेजी शिक्षाप्रतिको मोहले भाषासँगै पाश्चात्य संस्कार र शैली भित्र्यायो । विश्व परिवेशमा नेपाल र नेपालीहरू विचरण गर्न पुगे । यो विचरणले मौलिकता मास्दै गयो । कृत्रिमतासँग अङ्गालो गाँस्दै गयो । एवम् रीतले विदेशी भाषामा लेखिएका साहित्यिक तथा गैर-साहित्यिक पुस्तकहरू नेपाली भाषामा अनूदित भए । हामीले विश्व बुझ्न पायौं । विश्वले हामीलाई कति बुझ्यो ? हामीले कति बुझायौं ? हाम्रा पुस्तकहरूले विश्व बजारमा कस्तो स्थान पाएका छन् ? गहन अध्ययन अनुसन्धानको विषय बन्ला । जेहोस् केही पुस्तकहरू विश्व रङ्गमञ्चमा प्रवेश पाएका छन् । विश्वविद्यालयहरूका पाठ्यक्रममा परेका छन् जुन हाम्रा लागि गौरवको विषय हो ।

जहाँसम्म पुस्तकालयको कुरा छ । पुस्तकालय विकासको इतिहासलाई कोट्याउँदा त्यसको ठोस प्रामाणिक आधार भेटाउन गाह्रो छ । अनुसन्धानकर्ताका लागि एउटा राम्रो खोजको विषय बन्न सक्छ । सामान्य रूपमा भन्दा मल्ल कालमा रणजीत मल्लले आफ्नो ५५ भ्याले दरबारमा केही प्राचीन कनकपत्र, भोजपत्र, ताडपत्रमा लेखिएका ग्रन्थहरू संकलन गरेको कुरा इतिहासकारहरू बताउँछन् । यसै तथ्यलाई आधार मानी वि.सं. १८२६ तिर विभिन्न विषयका ग्रन्थहरू संकलन गरी राखिएको 'सफु कोठा' लाई नेपालको पहिलो पुस्तकालयका रूपमा मान्न सकिने भनाइ जानकारहरूको छ । यही क्रममा विभिन्न कालखण्डमा गुरु, पुरोहित तथा पण्डितहरूले धर्मशास्त्र, कर्मकाण्ड र ज्योतिष विषयका ग्रन्थहरू संकलन गरी अध्ययन-अध्यापनको कार्य गर्ने गराउने गरेको पाइन्छ । यस्तो सङ्कलन र सँगालोलाई पण्डित पुस्तकालय भन्ने गरिन्थ्यो । नेपालमा हामीले राणाकाललाई जतिसुकै सरापे पनि, धार्ने हात लगाए पनि, शैक्षिक दृष्टिले अँध्यारो युग भने पनि केही सुधारका कार्य अवश्य भएका

थिए । यस कालखण्डमा व्यक्तिगत पहलमा केही महत्त्वपूर्ण पुस्तकालयहरू स्थापना गर्ने काम भएका छन् । जसमध्ये केहीलाई सरकारले सरकारी मान्यता दिएको वा सरकारकै स्वामित्वमा समेत लिएको देखिन्छ । यस कालमा वीर पुस्तकालय, वैभवशाली पुस्तकालय इन्द्रचोक, मोतीराम भट्टको पुस्तकालय, पुस्तक पढ्ने दलान (धवल पुस्तकालय) (पाल्पा), शान्ति निकेतन पुस्तकालय (काठमाडौं), केसर पुस्तकालय आदि प्रमुख मानिन्छन् । यसैगरी त्रिचन्द्र कलेज पुस्तकालय, दरबार हाइ स्कूल पुस्तकालय, डिल्लीरमण रेग्मी पुस्तकालय, मदन पुस्तकालय, त्रि.वि. केन्द्रीय पुस्तकालय आदि जस्ता अनेकौं पुस्तकालयहरू निजी तथा सरकारी पहलमा स्थापना भएका देखिन्छन् । प्रजातन्त्र प्राप्त हुनुअघि र पछि स्थापना गरिएका यी र यस्ता पुस्तकालयहरूले शिक्षा विकासमा पुऱ्याएको योगदान महत्त्वपूर्ण छ ।

हाल आएर एक विद्यालय एक पुस्तकालय चिन्तनले मूर्त रूप धारणा गर्दै गएको छ । हरेक कक्षामा 'बुक कर्नर' को व्यवस्था गर्नुपर्ने कुरामा जोड दिइएको छ । जसले गर्दा शिक्षाकर्मी र शिक्षाप्रेमीहरू लाभान्वित हुँदै गएका छन् । अबका पुस्तकालय साधारण पुस्तकालयमा मात्र सीमित छैनन् । हुनु हुँदैन पनि । अतः विशेष पुस्तकालय, बाल पुस्तकालय, श्रव्यदृश्य पुस्तकालय, इन्टरनेटबाट चल्ने (ई.लाइब्रेरी) भर्चुअल लाइब्रेरी, ब्रेल लाइब्रेरी, अनुसन्धानमूलक पुस्तकालय आदि अनेकौं रूपमा पुस्तकालयहरू विकसित हुँदै गएका छन् ।

नेपालको पुस्तकालय विकास तथा स्थापनामा केही विदेशी मित्रराष्ट्र, राजदूतावास तथा अन्य संगठित संस्थाहरूबाट पनि उल्लेखनीय काम भएको छ । Room to Read, Read-Nepal, नेपाल पुस्तकालय संघ आदि संस्थाहरूले पुस्तकालयको विकास तथा पुस्तक प्रकाशनमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । सरकारी तथा गैरसरकारी क्षेत्रका शिक्षण संस्थाहरूमा पुस्तकालय कक्षको स्थापना गर्ने शिक्षार्थीहरूका लागि पाठ्यसामग्री तथा सन्दर्भसामग्री उपलब्ध गराउने कार्य हुँदै आएका छन् । हाल आएर एक विद्यालय एक पुस्तकालय चिन्तनले मूर्त रूप धारणा गर्दै गएको छ । हरेक कक्षामा 'बुक कर्नर' को व्यवस्था गर्नुपर्ने कुरामा जोड दिइएको छ । जसले गर्दा शिक्षाकर्मी र शिक्षाप्रेमीहरू लाभान्वित हुँदै गएका छन् । अबका पुस्तकालय साधारण पुस्तकालयमा मात्र सीमित छैनन् । हुनु हुँदैन पनि । अतः विशेष पुस्तकालय, बाल पुस्तकालय, श्रव्यदृश्य पुस्तकालय, इन्टरनेटबाट चल्ने (ई.लाइब्रेरी) भर्चुअल लाइब्रेरी, ब्रेल लाइब्रेरी, अनुसन्धानमूलक पुस्तकालय आदि अनेकौं रूपमा पुस्तकालयहरू विकसित हुँदै गएका छन् । जसको फलस्वरूप औपचारिक शिक्षाका शिक्षार्थीदेखि लिएर अनौपचारिक शिक्षाका शिक्षार्थीहरू

सबैको साझा रोजाइ बन्दै गएका छन् पुस्तकालयहरू । यसर्थ ज्ञानको स्रोत मात्र नभई ज्ञानकै भण्डारका रूपमा रहेका पुस्तक र पुस्तकालय मानव जीवन र जगत्कै पर्याय हुन् भन्दा अतिशयोक्ति नहोला ।

गुल्मीको शैक्षिक विकासमा किरण पुस्तकालय र अबको बाटो, समय र सन्दर्भ

हिजो जसरी जन्मिए अरू पुस्तकालयहरू । जन्मियो त्यसरी नै किरण पुस्तकालय पनि । शशिकिरण पन्थीले जन्माउनुभयो यसलाई आफ्नो निजी निवासबाट । एउटा कोठाबाट । दराजका केही किताबबाट । क्रमशः ती किताबहरू, पुस्तक तथा ग्रन्थहरू बाहिर आउन खोजे । संकलित ग्रन्थहरू बाहिर लैजाने प्रेरणा आयो आफ्नै मनबाट । विचार भयो । विमर्श भयो । समकालीन साथीभाइसँग सल्लाह भयो, पुस्तकालयको खाँचो महसुस भयो । परिणामस्वरूप स्थापित भयो पुस्तकालय वि.सं. २०२५ मा । शशिकिरणले एउटा हिस्सा दिनुभयो 'किरण' । शशि जस्तै शीतल बनेर पूर्णिमाको किरण दिनुभयो । पञ्चायतकालीन विषम परिवेशका उबडखाबडलाई चिर्दै र छिचोल्दै किरण पुस्तकालयले ज्ञानको किरण छर्दै र भर्दै गयो । तम्घासमा मोटर गाडी छिरेकै थिएनन् । छापाखाना दूर दराजका विषय थिए । पढ्नुपर्छ, पढाउनुपर्छ भन्ने सचेत मानसिकता विकसित भैसकेको थिएन । हप्तौं हिडेर पुग्नुपर्थ्यो बनारससम्म । प्राप्त कागजात अनि लेख-रचनाहरू पोको पारेर आफ्नै खर्चमा आफ्ना समस्या आफैसित राखेर । आज प्रविधिको विकास भएको छ । हजारौंको संख्यामा मोटर गाडी गुडेका छन् तम्घास नगरीको कोमल छातीमाथि । प्रतिष्पर्धामा खुलेका छन् अत्याधुनिक छापाखानाहरू । 'हाम्रो पुरुषार्थ' हाम्रै नगरीमा छापिन थालेको छ । आफ्नै गतिमा मन्द मन्द । विस्तारै हिडेको छ कछुवा गतिमा । र पनि जितेको खरायोको होड । गर्व लाग्छ आदरणीय अग्रजहरूप्रति । शुभेच्छुक शुभचिन्तकहरूप्रति । चन्दादाता मनहरूप्रति नतमस्तक हुन मन लाग्छ । वर्षौंदेखि शशि पन्थीज्यूलाई साथ दिनुहुने, काँध थाप्नुहुने दीन पन्थी, भेषबहादुर कुँवर,

छापाखाना दूर दराजका विषय थिए । पढ्नुपर्छ, पढाउनुपर्छ भन्ने सचेत मानसिकता विकसित भैसकेको थिएन । हप्तौं हिडेर पुग्नुपर्थ्यो बनारससम्म प्राप्त कागजात अनि लेख-रचनाहरू पोको पारेर आफ्नै खर्चमा आफ्ना समस्या आफैसित पोको पारेर । आज प्रविधिको विकास भएको छ । हजारौंको संख्यामा मोटर गाडी गुडेका छन् तम्घास नगरीको कोमल छातीमाथि । प्रतिष्पर्धामा खुलेका छन् अत्याधुनिक छापाखानाहरू । 'हाम्रो पुरुषार्थ' हाम्रै नगरीमा छापिन थालेको छ । आफ्नै गतिमा मन्द मन्द । विस्तारै हिडेको छ कछुवा गतिमा । र पनि जितेको खरायोको होड ।

भुवनप्रसाद अर्याल, गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. आदि अनेक व्यक्तित्व साधुवादका पात्र हुनुहुन्छ । त्यसैगरी विगतका विभिन्न कालखण्डमा 'हाम्रो पुरुषार्थ' लाई जीवन्त बनाइराख्न सहयोग गर्नुहुने स्व. डा. टीकाराम पन्थी, स्व. नारायणप्रसाद पन्थीलगायतका दिवंगत व्यक्तित्वहरू चिरस्मरणीय हुनुहुन्छ । हाम्रो पुरुषार्थका अंकहरूलाई देश विदेश फिजाउनुहुने प्रतिनिधिज्यूहरू सम्माननीय हुनुहुन्छ । किरण पुस्तकालयलाई ऊर्जा भर्नुहुने समाजेसेवी व्यक्तित्वहरू स्व. डिल्लीराज उपाध्याय, नरप्रसाद श्रेष्ठ लगायतका व्यक्तिहरू आभारका पात्र हुनुहुन्छ । विभिन्न संघसंस्थाहरू किरण पुस्तकालयका अभिन्न अंग रहँदै आएका छन् । किरण पुस्तकालयप्रति सबैको चिन्ता छ । चासो छ ।

माथिका विविध प्रसङ्गहरूले जनाइसके । किरण पुस्तकालय पुस्तकालयमा मात्र सीमित छैन । यो आफैमा प्रकाशन गृह पनि हो । यसले 'हाम्रो पुरुषार्थ' मार्फत आफ्नो पुरुषार्थ स्थापित गरिसकेको छ । स्थापित साहित्यकारहरूलाई मात्रै होइन साहित्यमा रुचि राख्ने बाल प्रतिभाहरूलाई समेत समान महत्त्व र स्थान दिएको छ । सिकारूहरूलाई तिखारिने मौका दिएको छ । साहित्यिक फूलबारीमा सुन्दर सिर्जनाका फूलहरू फुलाउने गरेको छ । ऐतिहासिक, पौराणिक, सांस्कृतिक र सामाजिक महत्त्वका विषयले सार्वजनिक हुने अवसर प्राप्त गरेका छन् । आफ्ना अनेकौं अंक तथा विशेषाङ्कहरूमार्फत किरण पुस्तकालयले आफ्नो परिपक्वताको नमूना प्रस्तुत गरिसकेको छ । आगामी दिनमा अझ परिष्कृत र परिमार्जित हुँदै नौलो बान्कीमा नयाँ नयाँ खान्कीहरू प्रदान गर्नेछ । यसमा कुनै सन्देह छैन ।

शिक्षा विकासमा किरण पुस्तकालय र हाम्रो पुरुषार्थ

माथि उल्लेख भैसक्यो कि शिक्षा हिजो अनौपचारिक थियो । अरीतिक थियो । अनियमित थियो । बीचमा औपचारिक शिक्षा हाबी भयो । विद्यालयका चार दिवारभित्र शिक्षालाई सीमित गर्न खोजियो । खोजिदै छ । यही बीचमा अनेकौं विचारकहरू देखिए । "विद्यालयका पर्खाल भत्काऊ, पुस्तकका पाना च्यात, बालकलाई प्रकृतिको काखमा लगेर फ्याँक" भन्ने रूसो जस्ता प्रकृतिवादी दार्शनिकहरू पनि आए । त्यस्तै औपचारिक शिक्षाले सम्भ्रान्त वर्गको हितमा मात्र काम गऱ्यो । समाजका विपन्न तथा सर्वसाधारण वर्गले सम्भ्रान्त वर्गसँग प्रतिष्पर्धा गर्न सक्दैनन् । शिक्षाले त सबै वर्ग र तहलाई समेट्नुपर्दछ । यसका लागि औपचारिक शिक्षाको विकल्प खोजिनुपर्छ भन्ने चिन्तनहरू विकसित भए । यसै क्रममा युनेस्कोले "Learning to be", इमान इलिचले "Deschooling Society", रेमरले "The School is dead", पाउलो फ्रेरेले "Pedagogy of

the oppressed" जस्ता पुस्तकहरूका माध्यमबाट शिक्षामा नवीन चिन्तनको बीजारोपण गरे । यी मान्यताहरूले शिक्षालाई केवल विद्यालयीकरण (Schooling) गरिनुहुँदैन । शिक्षालाई निर्विद्यालयीकरण (Deschooling) का माध्यमबाट अगाडि बढाइनुपर्छ भन्ने मान्यताले आज शैक्षिक जगत्मा हलचल ल्याइदिएको छ । यी र यस्ता आधुनिक चिन्तनको परिणामस्वरूप आज औपचारिक शिक्षाको वैकल्पिक धारका रूपमा खुला शिक्षा तथा खुला विद्यालय/खुला विश्वविद्यालयहरू स्थापना भएका छन् । यी शैक्षिक चिन्तनले शिक्षा हासिल गर्ने परिपाटीमा केही खुकुलोपन तथा लचिलोपनलाई भित्र्याएको पाइन्छ ।

किरण पुस्तकालय पनि यस्तै भोजनालयमध्येको एक हो । जसले वर्षौंदेखि ज्ञानका भोका मानिसलाई भोजन दिलाएको छ । कैयौंलाई साहित्यकार बनायो । कैयौंलाई कलाकार । कैयौंलाई शिक्षाविद् बनाएको छ । कयौं शोधार्थीहरूलाई यसले स्नातक, स्नातकोत्तर र विद्यावारिधि गराएको छ, गराउँदै जानेछ ।

यसरी संसारमा शिक्षालाई सदैव मानवीय हित र मानव अनुकूल हुने गरी प्रयोगमा ल्याउने प्रयास भएका छन् । शिक्षाको मूल धारबाट वञ्चित सबै वर्ग, सम्प्रदाय र क्षेत्रका मानिसहरूलाई लक्षित गरेर विद्यालयभित्र होस् या बाहिर भेदभावरहित वातावरणमा शिक्षा दिने/लिने प्रणालीको विकास हुँदै गएको छ । वास्तवमा शिक्षाले कुनै जात, जाति, लिङ्ग, वर्ग, क्षेत्र, समुदाय, भूगोल, रङ, विचारधारा र धर्म संस्कृतिका आधारमा कसैलाई भेदभाव गर्दैन, गर्नुहुँदैन । पूर्वीय सभ्यताको वैदिक कालमा पुग्ने हो भने पनि हामीले त्यस किसिमको भेदभाव भएको पाउँदैनौं । यस कालमा मैत्रेयी र गार्गीजस्ता विदुषी पनि थिए । अष्टवक्रजस्ता अपाङ्ग विद्वान् थिए । विदुरजस्ता दासी पुत्र महाज्ञानी थिए । त्यसैले शिक्षाले सबैलाई सम्मान गर्छ । शिक्षा सबैका लागि समान छ ।

शिक्षा न कहिल्यै बुढो हुन्छ । न कहिल्यै समाप्त हुन्छ (Education is never old and end) । यो त कोक्रोबाट शुरू हुन्छ । चितामा गई टुङ्गिन्छ । (Education starts from womb and ends to tomb) त्यसैले जन्मदेखि मृत्युपर्यन्त मानिसलाई शिक्षा आवश्यक छ । नमर्दासम्म मानिस शिक्षार्थी हो, विद्यार्थी हो । त्यसमा पनि साहित्य, संगीत र कलाविहीनको मानिस पुच्छरविनाको पशु समान हुन्छ भनिएको छ ।

साहित्य, संगीत, कलाविहीन
साक्षात् पशु पुच्छविषाणहीन

यसर्थ मानिस साहित्य, संगीत र कलामा निपुण भई आफ्नो जीवनलाई सफल र सार्थक बनाउनुपर्छ । यसका लागि निरन्तर शिक्षाको आवश्यकता पर्छ । मानवीय जीवनमा निरन्तर शिक्षाको खाँचोलाई पुस्तकालयहरूले पूरा गरिदिन्छन् । गरिदिएका पनि छन् । किरण पुस्तकालय पनि यस्तै पुस्तकालयहरूमध्ये एक हो । यसले थुप्रै व्यक्तिहरूलाई साहित्यिक व्यक्तित्व बनाएको छ । कला सिकाएको छ । कलाकार बनाएको छ । शिक्षित बनाएको छ । दीक्षित बनाएको छ । प्रशिक्षित बनाएको छ । र बनाइरहनेछ निरन्तर युगौंयुग ।

अबको बाटो

माथि उल्लेख गरिसकियो, विद्यालयीय शिक्षाले मात्र आजका मानिसका आवश्यकता पूरा गर्दैन । सबैलाई यसले समेट्दैन पनि । तमाम बालबालिकाहरू विद्यालयबाहिर छन् । सरकारले जतिसुकै तामझाम गरे पनि, बजेट झ्वाम पारे पनि लक्षित समूह र समुदायहरू विद्यालयबाहिरै छन् । सडकमा छन् । पेटीमा छन् । फोहरको डङ्गुरमा कबाडी बटुल्दै छन् । होटलमा भाँडा धस्दै छन् । गाडीका ढोकामा उभिएर कलंकी, कालीमाटी, रत्नपार्क ..... फलाक्दै छन् । गाई चराउँदै छन् । घाँस काट्दै छन् । अझै पनि तमाम युवायुवती साहूका किर्ते तमसुकमा ल्याप्चे टाँस्दै छन् । वृद्ध-वृद्धाका कुरै छाडौं । कति दुरूह र भयावह छ जीवन ।

आजको युग ज्ञानको युग हो । विज्ञानको युग हो । ज्ञान र विज्ञान दुबैको तालमेल हुनुपर्छ । नभए जीवन सन्तुलित हुँदैन अब । दुबैलाई सन्तुलित गर्ने काम शिक्षाको हो । शिक्षा दिने काम शिक्षालयको हो । तर शिक्षालयको मात्रै होइन । पुस्तकालयको पनि हो । भोजनालयको पनि हो । अर्थात् ज्ञानको भोक जगाउने र तृप्त गराउने सबै स्थान र प्रक्रिया भोजनालय हुन् । ज्ञानका भोजनालय । शिक्षाका भोजनलाय । पुस्तक भोजन हुन् ज्ञानका । पुस्तकालय भोजनालय । शिक्षालय ।

किरण पुस्तकालय पनि यस्तै भोजनालयमध्येको एक हो । जसले वर्षौंदेखि ज्ञानका भोका मानिसलाई भोजन दिलाएको छ । कैयौंलाई साहित्यकार बनायो । कैयौंलाई कलाकार । कैयौंलाई शिक्षाविद् बनाएको छ । कयौं शोधार्थीहरूलाई यसले स्नातक, स्नातकोत्तर र विद्यावारिधि गराएको छ, गराउँदै जानेछ ।

ज्ञानको जगत्मा विज्ञान विस्फोटक बन्दै गएको छ । नयाँ नयाँ प्रविधिहरू विस्फोटित भइरहेका छन् । यसै सन्दर्भमा पुस्तकालयहरू ई-पुस्तकालयमा परिणत हुँदै गएका छन् । सूचना र प्रविधिमैत्री बन्दै गएका छन् । इमेल र इन्टरनेटको सञ्जालमा जोडिएर विश्वका पाठकमाझ प्रस्तुत भएका छन् । तसर्थ

अब किरण पुस्तकालयले समय सापेक्ष प्रविधिमैत्री बन्नुपर्ने भएको छ । बेलुका केही समयको पार्ट टाइममा प्रविधिका माध्यमबाट बेरोजगारलाई रोजगारी दिनुपर्छ यसले । प्रातः तथा सन्ध्याकालीन समयमा सीप र शिक्षासँग सम्बन्धित कक्षाहरू सञ्चालन गर्नुपर्छ । रोजीरोटीमा अल्झिएर औपचारिक शिक्षाबाट विमुख युवायुवतीहरूलाई लक्षित गरेर शैक्षिक कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी वहन गर्नुपर्छ । साहित्य, संगीत र कलाको जगत्मा रमाउन चाहनेहरूलाई त्यस किसिमका कार्यशाला, गोष्ठी र सेमिनारहरू सञ्चालन गर्नुपर्छ । वृद्ध-वृद्धाहरू रमाउने एउटा चौतारो बन्नुपर्दछ । जहाँ सबैले दुःख-सुखका पोका फुकाउन पाऊन् । एकैछिन भए पनि भजन-कीर्तनमा रमाउन पाऊन् । चाहेका आध्यात्मिक पुस्तक फुकाउन पाऊन् । अर्थात् सबै वर्ग र तहका पुस्ताका चाह पूरा गर्ने साझा गन्तव्य बन्न सकोस् किरण पुस्तकालय । पूर्णिमाको शीतल किरण बन्न सकोस् किरण पुस्तकालय । शिशिरको रापिलो घाम बन्न सकोस् । सबैको मनमा अटाउन सकोस् । सबैका चाहना मेटाउन सकोस् । सदै-सदैव शुभकामना किरण पुस्तकालयलाई । युगौं युगको न्यानो माया हाम्रो पुरुषार्थलाई ।

अस्तु !

सन्दर्भ-सामग्री

१. **नेपालमा शिक्षाको इतिहास** भाग १ र २, गोपीनाथ शर्मा, मकालु प्रकाशन, काठमाडौं। २०७१/०७२

२. **शिक्षाको परिचय,** भण्डारी मुकुन्दप्रसाद र रामप्रसाद पन्थी, अक्सफोर्ड इन्टरनेसनल पब्लिकेशन, काठमाडौं, २०६६ ।

३. **शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधारहरू**, भण्डारी मुकुन्दप्रसाद, खिमबहादुर कुँवर र रामप्रसाद पन्थी, अक्सफोर्ड इन्टरनेसनल पब्लिकेशन, काठमाडौं, २०६६ ।

४. **शिक्षामा वैकल्पिक चिन्तन**, कोइराला डा. विद्यानाथ, गुडविल प्रकाशन, २०७१ ।

५. **हाम्रो पुरुषार्थ**का विभिन्न अंकहरू, किरण पुस्तकालय, तम्घास, गुल्मी ।

प्राविधिक सहायक-रेसुङ्गा नगरपालिका, शिक्षा, युवा, खेलकुद शाखा, गुल्मी ।

-०००-

जेलभित्र किरण पुस्तकालयको सहयोग

✍ लीलामणि ढुङ्गाना

प्राकृतिक र धार्मिक दृष्टिकोणबाट हेर्दा नेपाल विश्वकै सबैभन्दा सुन्दर देश मानिएको छ । नेपालमा समय-समयमा विभिन्न शासक वर्गहरूले आ-आफ्नै शैलीबाट सयौं वर्षसम्म शासन गर्दै आए । प्रजातन्त्रको लागि दशरथ चन्द, धर्मभक्त, गंगालाल, शुक्रराज जस्ता महान् पुरुषहरूले ज्यानको आहुति दिनुपऱ्यो । २००७ सालदेखि २०१७ सालसम्म राणा र राजाको अन्योलपूर्ण शासन बेहोर्नुपऱ्यो । २०१७ सालमा राजा महेन्द्रले देशको हावा, पानी, माटो सुहाउँदो भनेर पञ्चायती प्रजातन्त्रको प्रादुर्भाव गराए । जनताका मौलिक अधिकारको हनन भयो । विभिन्न रूपमा करप्रणाली शुरू भयो । २०३० साल कात्तिक २६ गते गुल्मी, पाल्पा र अर्घाखाँचीमा किसान आन्दोलन भयो । जिल्लाका सदरमुकाम घेर्ने काम भयो । किसानले बन्दुककर धुरीकरको खारेजीको माग राख्दै हजारौंको संख्यामा प्रदर्शन गरे । तत्पश्चात् यस कार्यले प्रशासनको मुटुमा ढ्याङ्रो ठोक्यो । प्रशासनले व्यापक रूपमा नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गर्ने, वारेण्ट जारी गर्ने आदि कुराहरू गऱ्यो । जनता झन्पछि झन् आतंकित र आक्रोशित हुँदै गए ।

तत्पश्चात् नेपाल कम्युनिष्ट पार्टी पुष्पलाल समूहले देशमा आमूल परिवर्तन गर्नको लागि सशक्त संघर्षको तैयारी गर्न भनेर गुल्मी, पाल्पा र अर्घाखाँचीमा सामन्त विरोधी कारवाहीको अभियान सञ्चालन गऱ्यो । अर्घाखाँचीमा केशरमणिको नेतृत्वमा बर्रे संघर्ष भयो । अन्य जिल्लामा असफल भए तापनि बर्रे संघर्ष सफल भयो । तर संघर्षमा संलग्न एक सदस्य शशिधर आचार्यको जासुसीमा सम्पूर्ण कुराको पोल खुल्यो । केशरमणि पोखेल, हेमनाथ भुसाल, नेत्रप्रसाद ढुङ्गाना, भेषराज ढुङ्गाना, बेदुराम भुसाल, बुद्धिबहादुर रायमाझी, रामचन्द्र पौडेल, प्रभाकृष्ण पौडेल, लीलामणि ढुङ्गाना र अन्य कार्यकर्ता, नेता, शिक्षक र किसानहरूको व्यापक गिरफ्तारी भयो । नरपानी सदरमुकाममा लगी अमानवीय यातना दिइयो र बयान गराई हामी आठ जनालाई गुल्मी जेल चलान गरियो ।

प्राचीन कालदेखि नै विभिन्न नाम र उपनामले परिचित हुँदै आज आएर तम्घास नामले परिचित यो नगरी धेरै रमणीय छ । यसका धेरै पौराणिक तथ्यहरू छन् । ऋष्य-श्रृङ्ग ऋषि आदिले परापूर्वकालमा रेसुङ्गामा आई तपस्या गरेको तथ्य पुराणहरूमा उल्लेख भएको पाइन्छ । गुल्मीवासी धेरै विद्वान्हरूले समय-समयमा आफ्ना लेख-रचनामार्फत रेसुङ्गा, अर्जुनडाँडा आदि तपस्थलीको बारेमा प्रकाश पार्नुभएको छ । अर्घाखाँची र गुल्मीको सम्बन्धमा कुरा गर्दा प्राचीन कालदेखि नै भाइचाराको सम्बन्ध रहिआएको छ । लामो समयसम्म एउटै सदरमुकामको रूपमा प्रशासनिक काम कारवाही सञ्चालन भए । राज्यको शासन सञ्चलनको क्रममा २०१८/०१९ सालतिर सदरमुकाम छुट्टियो र गुल्मी-अर्घाखाँची दुई जिल्लामा विभाजित भयो । यसै कारणले पनि हामीलाई गुल्मी लगियो ।

संसारमा मानिसहरू धेरै किसिमका हुन्छन् । कसैले जीवनोपरान्त पनि कृति छोडेर गएका छन् भने कसैले भौतिक शरीरको पालनपोषण मात्र । शशि पन्थी यस्तो व्यक्तित्व हो जसले अर्काको उद्धारको लागि तन, मन र धनसमेत समर्पित गर्छन् । तसर्थ ऊ कसैको मनमा बस्न सक्छ । त्यस्तो व्यक्ति शशि पन्थी नै हो । मेरो आँखामा शशि-किरण बनेर बसेको छ ।

जब हामी २०३० सालको ज्येष्ठ महिनामा तम्घास जेल प्रवेश गर्‍यौं । शासकहरूले हामीलाई पशुवत् अमानवीय व्यवहार गरे । लेख्ने, पढ्ने, पत्रपत्रिका आदि सबै थोकबाट वञ्चित गराए । हामीलाई जेलको अँध्यारो कोठामा हातमा हतकडी खुट्टामा नेल लगाएर राखियो । पशु जस्तै ताला लगाएर थुनियो । समय बित्दै थियो, केही समयपश्चात् शशि पन्थी हामीलाई भेट्न कारागारको ढोकामा पुग्नुभयो । प्रत्यक्ष रूपमा उहाँले हामीहरूलाई चिन्नुभएको थिएन केशरमणिबाहेक। भेटको क्रममा अध्ययन सामग्री प्राप्त नभएको गुनासो गर्‍यौं । हाम्रा कुराहरू मनभरि बोकेर जानुभएछ । केही दिनमै केही अध्ययन सामग्री बोकेर आउनुभयो । त्यसपछि सामग्रीको साथै पाठ्यपुस्तक, मार्क्सवादी-दर्शन आदि पनि उपलब्ध गराई पूर्ण सहयोग गर्नुभयो । यसकारण पनि उहाँ धन्यवादका पात्र हुनुहुन्छ ।

२०३६ सालको ऐतिहासिक जनआन्दोलनले देशको वातावरण केही सहज भएको अवस्थामा हामीले प्रशासनसँग भेट गरी काठमाडौं सरूवाको माग गर्‍यौं तर प्रशासनले अस्वीकार गर्‍यो । हामी सबै अण्डर एस्.एल्.सी. भएको कारण अगाडि जान पाएनौं । काठमाडौं जानलाई एस्.एल्.सी. हुनुपर्थ्यो, आई.ए., बी.ए. पढ्न वा परीक्षा दिन भनेर जान पाइन्थ्यो । अब हामी एस्.एल्.सी.को परीक्षा दिन बाध्य भयौं । यसको निमित्त तम्घासका तत्कालीन प्रधानाध्यापक श्री ज्ञानहरि आचार्य र अध्यापक श्री शशि पन्थीज्यूसँग परामर्श गरी एस्.एल्.सी.को परीक्षा दिने निर्णय गरियो । सी.डी.ओ.को पनि सहमति भयो । एस्.एल्.सी.को परीक्षा दियौं । प्रथम श्रेणीमा पास भयौं । यो अविस्मरणीय क्षण थियो ।

२०३० देखि २०३६ सालसम्म म तम्घास कारागारमा बस्दा विद्वान् शशि पन्थीज्यू र किरण पुस्तकालयले पुऱ्याएको सहयोगप्रति आभार व्यक्त गर्न चाहन्छु । प्रशासनले सम्पूर्ण अध्ययन सामग्रीमा प्रतिबन्ध लगाएको त्यस अवस्थामा उहाँमार्फत किरण पुस्तकालयले द राइजिङ्ग नेपाल, गोरखापत्र, मार्क्सवादी दर्शनका ग्रन्थहरू, पाठ्यपुस्तकहरू र अन्य विविध सामग्री उपलब्ध गराई सहयोग गरेकोमा धन्यवाद प्रकट गर्न चाहन्छु । शशि पन्थीसँग सम्पर्क नभएको भए सायद म यो अवस्थामा आउने थिइन कि !

वास्तवमा मानिसहरू दुई थरीका हुन्छन् । एक थरी आफू बाँच्नका लागि खान्छन्, अर्का थरी अरूको उपकारको लागि । वास्तवमा विद्वान् शशि पन्थीले "परोपकार पुण्याय" उक्तिलाई राम्रोसँग बुझ्नुभएको छ । त्यसैले तत्कालीन परिस्थितिमा पनि हामीलाई अध्ययन सामग्री उपलब्ध गराएर सहयोग गर्नु हुने शशि पन्थीज्यू र किरण पुस्तकालय मेरो निम्ति अविस्मरणीय छन् । यहाँ उहाँ र किरण पुस्तकालयप्रति उक्त वाक्य प्रयोग गर्न सान्दर्भिक ठानेको छु ।

वास्तवमा मानिसहरू दुई थरीका हुन्छन् । एक थरी आफू बाँच्नका लागि खान्छन्, अर्का थरी अरूको उपकारको लागि । वास्तवमा विद्वान् शशि पन्थीले "परोपकार पुण्याय" उक्तिलाई राम्रोसँग बुझ्नुभएको छ । त्यसैले तत्कालीन परिस्थितिमा पनि हामीलाई अध्ययन सामग्री उपलब्ध गराएर सहयोग गर्नु हुने शशि पन्थीज्यू र किरण पुस्तकालय मेरो निम्ति अविस्मरणीय छन् । यहाँ उहाँ र किरण पुस्तकालयप्रति उक्त वाक्य प्रयोग गर्न सान्दर्भिक ठानेको छु ।

२०३६ सालमा एस्.एल्.सी. दिएर काठमाडौं सरूवा भएर गयौं । हाम्रो सम्बन्ध प्रत्यक्ष रूपमा नभए तापनि अप्रत्यक्ष छँदै थियो । आज पनि छँदै छ । विगतमा शशिज्यू र किरण पुस्तकालयले मप्रति देखाएको सद्भाव र सहयोगप्रति आभारी हुँदै, अविस्मरणीय सम्झना गर्दै सदा प्रगति र उन्नतिको कामना गर्दछु ।

अन्तमा आदरणीय शशिज्यू तथा गुल्मी, अर्घाखाँचीवासी विद्वान् मित्रज्यूहरूले किरण पुस्तकालयको स्वर्ण-जयन्ती मनाउने जमर्को गर्नु भएको थाहा पाउँदा ज्यादै खुसीसहित आभार व्यक्त गर्दै चिरकालसम्म यसको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दछु ।

अध्यक्ष : नेपाल औषधि व्यवसायी संघ, उपशाखा अर्घाखाँची ।

–ooo–

५ नं. प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलनको सन्दर्भमा



पद्मप्रसाद शर्मा

२०७५ भाद्र २३ गते दाङदेखि बुटवल हुँदै गुल्मी जिल्लाको सदरमुकाम तम्घाससम्मको यात्राले दिएको आनन्द मनमा ताजै थियो । त्यसमा २४ गते दिनभर व्यस्त रहने कुरा साँझमा सुनेपछि मनमा बेग्लै खालको आनन्द आएको थियो । २४ गते बिहान पाँच बजे नै उठेर डाक्टर कृष्ण भण्डारी र मैले नित्यकर्म सक्यायौं । कोठाको काम सकेर तल ओर्लियौं । अनि चिया पिएर गुल्मीको बजार हेर्न हिड्यौं । डा. कृष्ण भण्डारी, कपिलवस्तुका एकजना सहभागी मित्रसहित तीनजना एकसरो बजार परिक्रमा गरेर कार्यक्रम स्थल बालमन्दिरको हलमा प्रवेश गर्‍यौं । हल सहभागीहरूबाट भरिभराउ हुनै आँटेको थियो । बिहानको आठ बजेदेखि कार्यक्रम सञ्चालन गर्ने कुरा अघिल्लो दिन शशि पन्थीजीले सुनाउनुभएको थियो तर साढे सात हुँदा नहुँदै हल भरिएको देख्दा आश्चर्य लाग्यो । यहाँ नेपाली समय चल्दोरहेनछ जस्तो लाग्यो । प्रमुख अतिथि समयमै पुगिसक्नुभएको थियो । कतै कतै प्रमुख अतिथिलाई प्रतीक्षा गर्दा निकै समय बितिसक्छ, अझ कहीँ त पट्यार लाग्ने नै हुन्छ । गुल्मीको प्रचलन बेग्लै रहेछ । भित्र हलमा सजाउन पर्ने जति सबै सामग्रीहरू तयारीमा थिए । हामी हलभित्र प्रवेश गरेर एकक्षण बिसायौं अनि बाहिरको वातावरण एक पटक नियाल्नका लागि हलबाट बाहिरियौं । बालमन्दिरको हल मात्र होइन बाहिर प्राङ्गण पनि भरिएको अवस्थामा थियो । हलभित्र र बाहिर ५ नम्बर प्रदेशमा रहेका पुस्तकालयको तर्फबाट रहनु भएका प्रतिनिधिहरूको सहभागिता थियो भने केही अन्य क्षेत्रबाट पनि सहभागी हुनुहुन्थ्यो । हलभित्रबाट कार्यक्रम सञ्चालनको लागि उद्घोषण आरम्भ गरियो । बाहिर रहनु भएका सबै जना हलभित्र प्रवेश गर्नुभयो । उद्घोषणका लागि रोष्टममा हुनुहुन्थ्यो किरण पुस्तकालय सञ्चालक समितिका सदस्य गोपाल पन्थी । उहाँको उद्घोषण उदाहरणीय रह्यो । चुस्त अनि दुरूस्त संचालन । सानो भूमिकाका साथमा कार्यक्रमको सभापतिमा पुस्तकालय व्यवस्थापन समितिका अध्यक्ष नरप्रसाद श्रेष्ठलाई अनुरोध गर्नु लगत्तै प्रमुख अतिथिमा गुल्मीकै प्रदेश सभासद् कमलराज श्रेष्ठलाई मञ्चमा निम्त्याउनुभयो । यसै गरी विशिष्ट अतिथिमा अर्का सभासद् दिनेश पन्थी र

खड्गबहादुर के.सी.लाई निम्त्याउनभयो । यसैगरी क्रमशः प्र.जि.अ. यदुनाथ पौडेल, रेसुङ्गा नगरपालिकाका नगरप्रमुख डिल्लीराज भुसाललगायत विभिन्न गाउँपालिका प्रमुख र वडाध्यक्षहरूको समेत नाम लिनुभयो । आसन ग्रहणपछि उपस्थित सबैलाई स्वागतार्थ पुस्तकालय सञ्चालक समितिका उपाध्यक्ष शशि पन्थीलाई निम्त्याउनुभयो ।

पुस्तकालय दिवसको अवसर पारेर १३५ औं मोती जयन्ती तथा १०५ औं बी.पी. जयन्ती र जानकी झवाली (जसले पुस्तकालयको लागि राम्रो योगदान दिनुभयो, जन्म २०३३।१२।१६ र निधन २०७३ साल मार्ग १२गते) प्रति समेत सम्मान प्रकट गरियो । २०७३ सालमा जानकी झवालीको निधन भए पछि उहाँका पति शंकरप्रसाद गौतमले उहाँको स्मृतिमा जानकी साहित्य पुरस्कार स्थापना गर्नुभएकाले (उक्त पुरस्कार गुल्मी जिल्लामा उत्कृष्ट साहित्य रचना गर्नेलाई प्रदान गरिने रहेछ) मञ्चको अग्रभागमा उहाँको तस्वीर राखिएको थियो । कार्यक्रम सञ्चालनको क्रममा यिनै कुरा थाहा लाग्यो । शंकर गौतमको उक्त कार्य अति उत्तम लाग्यो । मोती जयन्ती तथा कुशेऔंसीसमेत यसैदिन परेकाले मोतीराम भट्टको सम्मानखातिर उनको कविता कमल खत्रीले निकै मीठो स्वरमा वाचन गर्नुभयो भने अग्रज साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको फोटोमा माल्यार्पणसमेत गरेर सम्मान व्यक्त गरियो । कार्यक्रमको बीच-बीचमा विद्यालयका नानीबाबुहरूले नृत्यसमेत प्रस्तुत गरे । मञ्चको औपचारिक कार्यक्रमपछि प्रतियोगितात्मक कविगोष्ठी सञ्चालन भयो । त्यसैसंग मिसाएर अप्रतियोगी कविहरूले पनि आ-आफ्ना रचना वाचन गर्नुभयो । यो सबै हेर्दा गुल्मी जिल्ला साहित्यमा राम्रो दखल राख्छ भन्ने लाग्यो । त्यसो त गुल्मी जिल्ला निकै वर्ष पहिलेदेखि साहित्यको क्षेत्रमा चर्चा कमाएको जिल्ला पनि हो ।

प्रतियोगी तथा अप्रतियोगी कविगोष्ठीपश्चात् मन्तव्यको कार्यक्रम आरम्भ भयो । बोल्ने वक्ताहरूले उद्घोषकले भने जस्तै गरी आवश्यक कुराहरूमात्र राख्नुभयो । प्रमुख अतिथि, विशिष्ट अतिथि तथा अन्य अतिथिहरूले पुस्तकालयको महत्त्व र आफूहरूबाट हुन सक्ने सम्भावित सहयोगको बारेमा सबैले बुझ्ने गरी आफ्ना कुराहरू राख्नुभयो । कुनै पनि अतिथिका कुराहरूमा कसैले पनि टिप्पणी गर्ने ठाउँ नै रहेन । प्रमुख अतिथि कमलराज श्रेष्ठले "पुस्तकालयको महत्त्व बुझ्नेले मात्र बुझ्छन् । सबैलाई यसको महत्त्व थाहा नहुन सक्छ । गुल्मी जिल्लालाई अग्रगति प्रदान गर्ने कार्यमा यो पुस्तकालयको ठूलो योगदान छ । यो(पुस्तकालय) सम्पत्ति हाम्रो हो । हामी आफै मिलेर यसको जगेर्ना र विकास गर्नुपर्छ" भन्नुभयो । उहाँले आफूबाट हुने सहयोगमा कुनै कमी नहुने आश्वासनसमेत दिनुभयो । उद्घोषणमा जस्तो चुस्तता थियो वक्ताको मन्तव्यमा पनि उत्तिकै चुस्तता थियो । यो कार्यक्रमबाट उद्घोषण गर्न चाहने र मन्तव्यका लागि मञ्चमा जानेहरूले सिक्नु पर्ने धेरै कुराहरू रहे । बिहानको १२ बजेसम्म प्रथम

सत्र सञ्चालन भयो । हामी खानाका लागि निलगिरि होटलमा जाँदै गर्दा बिहानी सत्रको समीक्षासमेत गरेका थियौं । खानको लगत्तै छोंटो समय मिलाएर हामी प्रगतिशील लेखक सङ्घ गुल्मी शाखा गठनका लागि पुग्यौं । पाठक वृन्द ! प्रलेसं गुल्मी शाखा गठनको प्रसंग बेग्लै अंकमा यहाँहरूमाझ पस्कने चाहना रहेको छ ।

पहिलो सत्र लामो भएका कारणले दोस्रो सत्र निर्धारण गरेको समयभन्दा केही ढिला गरेर आरम्भ भयो । प्रथम सत्र बालिमन्दिरको सभाकक्षमा सञ्चालन भएको थियो भने दास्रो सत्र गुल्मी जिल्लाको जिल्ला समन्वय समितिको सभाहलमा सञ्चालन भयो । कार्यक्रमको उद्घोषण शशि पन्थीजीले गर्नुभयो । उहाँले अध्यक्षताको लागि इन्दिरा दलीलाई आग्रह गर्नुभयो । इन्दिरा दली काठमाडौंमा रहेको डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयको सदस्य हुनुहुन्छ । कार्यक्रममा विषय प्रवेशका लागि डा.तुलसी भट्टराईलाई जिम्मा दिइयो । विषय प्रवेश भएलगत्तै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार काठमाडौं पुस्तकालय समन्वय शाखाका उपसचिव यादवचन्द्र निरौलालाई कार्यपत्र प्रस्तुत गर्नका लागि समय उपलब्ध गराउनुभयो । ६ पृष्ठ लामो "नेपालमा सार्वजनिक पुस्तकालयको वर्तमान अवस्था र भविष्य" विषयक कार्यपत्र निरौलाजीले प्रस्तुत गरेलगत्तै सम्पूरकका लागि पाल्पामा रहेको धवल पुस्तकालयका प्रतिनिधि राजेशकुमार अर्यालको नाम उद्घोष गर्नुभयो । उहाँको टिप्पणीपश्चात् शहीद स्मृति पुस्तकालय, रूपन्देहीका अध्यक्ष वनमाली निराकारलाई "सार्वजनिक पुस्तकालयका समस्या र समाधानका उपाय" विषयको कार्यपत्र प्रस्तुत गर्नका लागि समय उपलब्ध गराउनुभयो । निराकारजीले केही लिखित र केही अलिखित कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँको कार्यपत्र प्रस्तुतिको लगत्तै कार्यक्रम सञ्चालक शशि पन्थीले दाङमा रहेको सर्वोदय पुस्तकालय तथा वाचनालयबाट उक्त कार्यक्रममा सहभागी हुनुभएका पद्मप्रसाद शर्मालाई उक्त कार्यपत्रमा सम्पूरकको लागि समय उपलब्ध गराउनुभयो । दोस्रो कार्यपत्रमा पद्मप्रसाद शर्माले सम्पूरकको जिम्मेवारी पूरा गर्नुभयो ।

प्रदेश नम्बर पाँचका बाह्र जिल्लामध्येमा उक्त कार्यक्रममा बाँके जिल्लाको उपस्थिति रहेन । बाँकी सबै जिल्लाबाट पुस्तकालय सञ्चालन गर्नुभएका मित्रहरूको सहभागिता रहेको पाइयो । दाङको देउखुरी गढवामा रहेको देउखुरी पुस्तकालय तथा सामुदायिक केन्द्रबाट हालका अध्यक्ष गिरिराज भट्ट, निवर्तमान अध्यक्ष हरि पोखेल र पत्रकार एवं साहित्यकार शिवराज पन्थीको उपस्थिति रहेको थियो । यसैगरी काठमाडौंमा रहेका विभिन्न पुस्तकालका प्रतिनिधि र चितवनमा सञ्चालित झुवानी पुस्तकालयबाट पनि सहभागिता रहेको थियो । दुबै कार्यपत्रको प्रस्तुति सम्पूरकको कार्य समाप्तिपछि शशिजीले झुवानी पुस्तकालयका

प्रतिनिधि केशव आचार्यलाई समय उपलब्ध गराउनुभयो । उहाँले चितवन जिल्लामा सञ्चालित झुवानी पुस्तकालयको बारेमा चर्चा गर्नुभयो । पुस्तकालय नयाँ ढंगबाट सञ्चालन भएको कुरा सुनाउँदा सबैका लागि एउटा राम्रो पाठ बन्न गयो । पुस्तकालयको आफ्नै भवन रहेको र सोही भवनबाट विभिन्न क्रियाकलाप सञ्चालन भइरहेको खबर सुनाउनुभयो ।

कार्यक्रमको अन्ततिर उपस्थित सहभागीहरूलाई आफ्नो मनमा लागेको जिज्ञासा राख्ने समय दिइएको थियो । निकै उत्साहका साथ केही सहभागी मित्रहरूले आफ्ना जिज्ञासाका साथै धारणासमेत राख्नुभयो । यसैक्रममा सूर्यबहादुर सेन ओलीको भनाइ निकै मार्मिक लाग्यो । गुल्मीको जिल्ला सदरमुकाम तम्घासमा रहेको किरण पुस्तकालयले पुस्तकालय स्थापना भएको स्वर्ण-जयन्ती वर्षको अवसरमा पाँच नम्बर प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलन एवं पुरस्कार वितरण समारोहको आयोजना गरेकोमा उपस्थित सहभागी सबैलाई खुशीका साथ आभार व्यक्त गर्नुभयो । बिहान आठ बजेदेखि सञ्चालन भएको कार्यक्रम सन्ध्या आठ बज्दासम्म चल्यो तर कसैले पनि पट्यार लागेको महसुस गर्नुभएन । दुबै कार्यपत्र साह्रै मिहिनेतका साथ तयार पारिएको पाइयो । टिप्पणी कर्ताका (सम्पूरक) तर्फबाट पुस्तकालय सञ्चालनमा अरूको मुख मात्र नताकेर आफै पनि केही गर्न सकिन्छ भन्ने बानीको विकास गर्नुपर्छ र नयाँ विषयवस्तुको खोजीसमेत गर्नुपर्छ भन्ने कुराहरू पनि आए ।

भाद्र २४ गते बिहानको उद्घोषकको उद्घोषण ,सहभागीहरूको शालीनता, **गुल्मेली बाबुनानीहरूको कला र गला, वक्ताहरूको संक्षिप्त तर सारगर्भित मन्तव्य, शशि पन्थीलगायत गुल्मीका मित्रहरूको कार्यप्रतिको लगानी, किरण पुस्तकालयको व्यवस्थापन पाँच नम्बर प्रदेशभर एकसाथ फैलियो ।** हो राम्रो कार्यको सराहना गर्न जान्नै पर्दछ । त्यही जानेको हुनाले गुल्मीले आफूलाई यो कार्यमा अग्रपंक्तिमा उभ्याउन सक्यो । जिल्ला समन्वय समितिको हलबाट निलगिरि होटलमा पुग्दासम्म हामीले दिनभरको कार्यक्रमको यस्तै समीक्षा गरेका थियौं ।

सन्ध्या पनि छिप्पिसकेको थियो । होटलमा पुगेर बर्दियाबाट सहभागिता जनाउनु भएका सुशील चौधरीसँग २५ गते बिहान गुल्मीको तम्घासबाट बुटवल हुँदै दाङ बर्दिया प्रस्थान गर्ने सानो साउती गरेर निलगिरि होटलको भोजनालयतर्फ लाग्यौं । गुल्मीमा भएको यो अभूतपूर्व भेला अविस्मिरणीय रहन गयो । यसको असर दीर्घकालसम्म रहनेमा कुनै शंका छैन । धन्यवाद !

✍ **पूर्व उपाध्यक्ष तथा वर्तमान सल्लाहकार : प्रगतिशील लेखक संघ, नेपाल ।**

-ooo-

किरण पुस्तकालय, हाम्रो पुरुषार्थ र म



✍ वनमाली निराकार

गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा २०२५ सालमा स्थापित किरण पुस्तकालयले यतिबेला स्थापनाको स्वर्णमहोत्सव मनाइरहेछ । आजभन्दा पचास वर्ष अगाडि गुल्मी जस्तो ग्रामीण सहरमा पुस्तकालयको स्थापना गर्ने कार्यमा संलग्न व्यक्तिहरूको दुसाहसलाई मान्नै पर्दछ । आजको लोकतान्त्रिक राज्य व्यवस्था अझ गणतान्त्रिक नेपालको सरकारले त सहज र सकारात्मक रूपमा पुस्तकालयलाई स्वीकार गर्न सकिरहेको छैन भने पञ्चायती शासनका बेला पुस्तकालयलाई कुन रूपमा लिइन्थ्यो होला सहजै अनुमान गर्न सकिन्छ । त्यसमा पनि पुस्तकालय स्थापना गर्ने व्यक्तिहरू पञ्चायती विचारभन्दा बाहिरका रहेछन् भने त झन् व्यवहार कस्तो कठोर हुन्थ्यो भन्ने कल्पना मात्र गर्न सकिन्छ । त्यस्तो कठोर समयमा स्थापित किरण पुस्तकालयले गुल्मी जिल्लामा शैक्षिक चेतना फैलाउन कति प्रतिकूल अवस्थाको सामना गर्नुपऱ्यो होला ? व्यक्ति वा संस्था सफल त संघर्षपूर्ण प्रयासबाटै हुन सक्दछ । किरण पुस्तकालय वास्तवमा गुल्मीको पहिचान बनेको छ । गुल्मीको पर्याय नै बनेको छ । गुल्मी भन्ने बित्तिकै मानस पटलमा किरण पुस्तकालय र यसले प्रकाशित गर्दै आएको साहित्यिक पत्रिका हाम्रो पुरुषार्थ नै अघि सर्दछन् । यो पचास वर्षको दौरानमा पुस्तकालयले प्राप्त गरेको उपलब्धि हो भन्ने म ठान्दछु । एउटा

किरण पुस्तकालय वास्तवमा गुल्मीको पहिचान बनेको छ । गुल्मीको पर्याय नै बनेको छ । गुल्मी भन्ने बित्तिकै मानस पटलमा किरण पुस्तकालय र यसले प्रकाशित गर्दै आएको साहित्यिक पत्रिका हाम्रो पुरुषार्थ नै अघि सर्दछन् । यो पचास वर्षको दौरानमा पुस्तकालयले प्राप्त गरेको उपलब्धि हो भन्ने म ठान्दछु । एउटा सार्वजनिक पुस्तकालयले त्यो पनि गुल्मी जस्तो जिल्लामा रहेर गरेका उल्लेखनीय कार्यले गर्दा नै देशभरिका सार्वजनिक पुस्तकालयहरूको प्रेरणा र मार्गदर्शक बन्न सफल भएको मेरो ठम्याइ छ ।

सार्वजनिक पुस्तकालयले त्यो पनि गुल्मी जस्तो जिल्लामा रहेर गरेका उल्लेखनीय कार्यले गर्दा नै देशभरिका सार्वजनिक पुस्तकालयहरूको प्रेरणा र मार्गदर्शक बन्न सफल भएको मेरो ठम्याइ छ ।

आफ्नो स्थापना कालको पाँच वर्षपछि २०३० सालको देवकोटा जयन्तीको पावन अवसरबाट साहित्यिक पत्रिका हाम्रो पुरुषार्थ प्रकाशन गर्न शुरू गरेको हो । हाम्रो पुरुषार्थ वास्तवमै किरण पुस्तकालयको पुरुषार्थ हो । अनि किरण पुस्तकालयको मात्र नभएर लुम्बिनी क्षेत्रकै गौरवको विषय हो । नेपाली साहित्यिक पत्रिकाको इतिहासमा हाम्रो पुरुषार्थ कोशे ढुङ्गा नै हो । सामान्य अङ्कहरू आफैमा उच्च स्तरीय छन् नै । साहित्यिक इतिहास बोकेको यो पत्रिकाले पैंचालीस वर्षको इतिहासमा समालोचना अङ्क, लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार अङ्क, पत्रकारिता अङ्क, पुस्तकालय अङ्क, गुल्मी परिचयाङ्क, भानु विशेषाङ्क, वी.पी. विशेषाङ्क, कविशिरोमणि लेखनाथ अङ्क, डा.टीकाराम पन्थी अङ्क, कथा अङ्क, तथा भाषा संगोष्ठी अङ्क जस्ता थुप्रै अति महत्वका विषयमा विशेषाङ्कहरू प्रकाशित गरेर महत्त्वपूर्ण कार्य गरेको छ । पुस्तकालय आफै संचालनको मार्गमा अनेकन समस्या भोग्दा भोग्दै पनि यति लामो समय निरन्तर अविछिन्न रूपमा स्तरीय साहित्यिक पत्रिका प्रकाशित गर्नु चानचुने कुरा होइन । त्यसैले नेपाली साहित्यका प्रसिद्ध साहित्यकारहरू पनि यस पत्रिकामा छापिन चाहन्छन् । यसको मतलब हाम्रो पुरुषार्थले नेपाली साहित्यिक पत्रिकाको जगत्मा आफ्नो बलियो उपस्थिति जनाउन सफल भएको छ भन्ने प्रमाणित हुन्छ । नेपाली साहित्यका ख्यातिनामा साहित्यकारहरू र अन्वेषकहरूको अन्तर्वार्ता प्रकाशित हुनुले पत्रिकाको अझ बढी गरिमा बढेको छ । हाम्रो पुरुषार्थमा प्रकाशित अनुसन्धानात्मक लेख रचनाका कारण अनुसन्धानका क्षेत्रमा काम गर्नेहरूका लागि स्रोत सामग्रीका रूपमा प्रयोग हुँदै आएको छ । यी सब शुभ कार्यले किरण पुस्तकालय र हाम्रो पुरुषार्थ दुबैको प्रतिष्ठा उच्च स्थानमा स्थापित भएको छ । किरण पुस्तकालयले पत्रिकाको प्रकाशन मात्र होइन विभिन्न विषयका दर्जनौं गहकिला पुस्तकहरू प्रकाशित गरेर नेपाली साहित्यलाई महत्त्वपूर्ण योगदान पनि गरेको छ । सन्त शशिधरको वाणोपनिषद्, रेसुङ्गा आध्यत्मिक कृति, ने–नेपाल, केही जनश्रुतिहरू । रुरुक्षेत्र, गल्मीको ऐतिहासिक झलक, साँस्कृतिक चिन्तन, अर्वाचीन रेसुङ्गाधाम रेसुङ्गा जस्ता ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्त्व बोकेका अति महत्त्वपूर्ण कृतिहरू प्रकाशन गरेको छ । यस्ता कृतिहरूकै बदौलत यो क्षेत्रलाई अनुसन्धानको घेराभित्र ल्याएको छ । यसलाई सकारात्मक रूपमा लिनुपर्दछ ।

पुस्तकालय ज्ञानको भण्डार मात्र नभएर सभ्य समाजको गहना पनि हो र राष्ट्रको समृद्धिको मानक पनि हो । पुस्तकालयको मात्र पनि यस्तो महत्त्व हुन्छ भने अझ यसले प्रकाशन गरेका पत्रिका र पुस्तकहरूले समाजलाई यति धेरै

योगदान दिएका छन् भने अझ त्यो पुस्तकालयको महत्त्व र गरिमा कस्तो हुन्छ सहजै अनुमान लगाउन सकिन्छ । गुल्मीको किरण पुस्तकालय त्यस्तो पुस्तकालय मध्येको एक हो ।

किरण पुस्तकालयसँग जोडिन पाउनु मेरो सौभाग्य नै हो । पुस्तकालयसँग जोड्ने सेतु हाम्रो पुरुषार्थ हो ।

किरण पुस्तकालयसँग जोडिन पाउनु मेरो सौभाग्य नै हो । पुस्तकालयसँग जोड्ने सेतु हाम्रो पुरुषार्थ हो । हाम्रो पुरुषार्थको प्रकाशन कालदेखि नै मेरा कथा, कविता र अन्य लेख रचनाहरू विभिन्न अङ्कहरूमा प्रकाशित भएका छन् । नियमित रूपमा पत्रिका निकाल्ने त्यस्तो पुस्तकालयमा पुग्न चाहिरहेको थिएँ तर समय मिलिरहेको थिएन । २०५० सालमा त्रिभुवन विश्वविद्यालयले रेसुङ्गा क्याम्पसमा संचालित हुने परीक्षामा पर्यवेक्षकको रूपमा तम्घास पुऱ्यायो । करीब एक महिनाको तम्घास बसाइमा किरण पुस्तकालयसँग परिचित हुने राम्रै सुअवसर मिल्यो । त्यसपछि पनि औपचारिक अनौपचारिक रूपमा तम्घास पुग्दा किरण पुस्तकालय जस्तो पवित्र स्थल अवश्य पुग्दथें ।

यस्तो पुस्तकालय स्थापनामा संलग्न व्यक्तिहरू धन्यवादका पात्र हुनुहुन्छ । मैले बुझेअनुसार पुस्तकालय स्थापनामा धेरै महानुभावहरू संलग्न हुनुहुन्थ्यो तर नेतृत्वको श्रेय आदरणीय शशि पन्थीलाई जान्छ । लामो समय रेसुङ्गा क्याम्पसको नेतृत्व गरेर क्याम्पसको प्रगतिमा उल्लेखनीय योगदान दिनु भएका शशि पन्थीबाट नै किरण पुस्तकालयको स्थापना र प्रगतिमा महत्वपूर्ण कार्य गर्नु भएको हो भने त्यसबाट प्रकाशित हुने हाम्रो पुरुषार्थको सम्पादकको भूमिका निर्वाह भएको छ । उहाँकै कुशल नेतृत्वको फलस्वरूप पुस्तकालयले आफ्नो गरिमा र प्रतिष्ठा कायम गर्न सफल भएको छ । स्वर्ण महोत्सवको यस सुअवसरमा पुस्तकालयसँग सम्बन्धित सम्पूर्ण महानुभावहरू तथा शशि पन्थीलाई बधाइ र धन्यवाद दिन चाहन्छु ।

अन्तमा किरण पुस्तकालय आफूले सम्पादन गरेका पवित्र क्रियाकलापद्वारा आफूलाई शैक्षिक ज्ञानको धाम बनाउन सफल भएको छ । रेसुङ्गामा सन्त शशिधरले स्थापना गरेको पवित्र धार्मिक धाम जस्तै यो पुस्तकालय पनि पवित्र शैक्षिक धाम बनिसकेको छ । म जब जब तम्घास पुग्छु किरण पुस्तकालयको प्राङ्गणमा पुग्दा मानसिक शान्तिको अनुभूत गर्दछु ।

किरण पुस्तकालयप्रति श्रद्धापूर्वक नमन गर्दछु ।

✍ **अध्यक्ष - शहीद स्मृति पुस्तकालय, सिद्धार्थनगर, भैरहवा, रूपन्देही ।**

-०००-

चिरागको रूपमा किरण पुस्तकालय

✍ अर्जुन ज्ञवाली

यो वर्ष गुल्मी तंघासस्थित सरस्वतीको मन्दिर किरण पुस्तकालयको स्वर्ण-जयन्ती । यस अवसरमा पवित्र पुस्तकमन्दिरलाई श्रद्धा सुमन ।

स्वर्ण-जयन्ती मनाइरहँदा मोतीजयन्तीको अवसरमा पुस्तकालयले ५ नं प्रदेश स्तरीय प्रथम पुस्तकालय सम्मेलन सम्पन्न गरेको छ । पुस्तकालयहरूका लागि दिशाबोध हुने गरी ऐतिहासिक रूपमा सम्मेलन सम्पन्न गरेकोमा पुस्तकालय परिवारलाई बधाइ ।

पुस्तकालय भनेपछि ज्ञानकुञ्ज हो । समाजको ज्ञानचक्षु हो, प्रज्ञाचक्षु हो । ज्ञान-विज्ञानको, संस्कृति–संस्कारको तथा इतिहास-पुराणको संग्रहालय हो । यसलाई एउटै शब्दमा भन्दा खुला विश्वविद्यालय भन्दा हुन्छ । जसमा समाजका विद्यार्थीहरू आफ्नो रुचिअनुसार अध्ययन गर्छन् । उनीहरू ज्ञानको सागरमा डुबुल्की मार्छन् ।

पुस्तकालय भनेपछि ज्ञानकुञ्ज हो । समाजको ज्ञानचक्षु हो, प्रज्ञाचक्षु हो । ज्ञान-विज्ञानको, संस्कृति–संस्कारको तथा इतिहास-पुराणको संग्रहालयहो । यसलाई एउटै शब्दमा भन्दा खुला विश्वविद्यालय भन्दा हुन्छ । जसमा समाजका विद्यार्थीहरू आफ्नो रुचिअनुसार अध्ययन गर्छन् । उनीहरू ज्ञानको सागरमा डुबुल्की मार्छन् ।

पुस्तकालयमा विशद ज्ञान भण्डार हुन्छ । विद्यार्थीहरू त्यहाँ गौरवशाली अतीतलाई पढ्न सक्छन् । वैभवशाली वर्तमानलाई पढ्न सक्छन् र स्वर्णिम भविष्यका लागि आवश्यक ऊर्जा आर्जन गर्न सक्छन् । यस क्षेत्रका आबाल, वृद्ध, वनितालाई थाहा छ– किरण पुस्तकालय पचास वर्षदेखि आफ्नो क्षमताअनुसार विद्यार्थीहरूका लागि भूत र वर्तमानलाई पढेर भविष्यनिर्माणका लागि ज्ञानको जोहो गर्न खुला अवसर बनेको छ ।

पुस्तकालयका मूल संस्थापक नेपालका प्रकाण्ड विद्वान् डा.टीकारामपन्थी र उहाँका अनुयायी शशि पन्थी हुनुहुन्छ । उहाँहरूलाई यस पुस्तकालयका

पर्यायवाची शब्द भने पनि हुन्छ । पछि यसमा भेषबहादुर कुँवर र दीन पन्थीको नाम आउँछ । संगसंगै थुप्रै योगदानीहरूको नाम छ, उहाँहरूलाई कार्यगत रूपमा सम्झनुपर्ने हुन्छ । ख्याल रहोस् डा. टीकाराम पन्थी परलोक हुनुभएको छ । इहलोकमा रहेका बाँकी संस्थापकहरूले कुशल सक्षम उत्तराधिकारी तयार गर्नुभएको छ, छैन ? छैन भने बाँकी समयलाई सदुपयोग गर्दा बेश होला । नत्र पछुतो होला ।

जस्तै-

छोरा हुनन् यज्ञ बहुत् गरीनन्
सम्पूर्ण लोक्को पनि ताप् हरीनन्
तब् पो ती छोरासित राज्य छाडी
जानु असल् हो त छदैछ झाडी ।

पुस्तकालयले हाम्रो पुरुषार्थ नाउको साहित्यिक पत्रिका प्रकाशित गर्दै आएको छ । ताजा जानकारीअनुसार यो अंक, जो स्वर्ण-जयन्ती विशेषाङ्कको रूपमा छ, ८० औं अङ्क हो । यस्तै यसले विशेष अवसरमा दर्जन जति विशेषाङ्क प्रकाशित गरेको छ । कतिपय विशेषाङ्कहरू पाँच सय पृष्ठसम्मका छन् । समय सन्दर्भमा विशिष्ट विषयमा प्रकाशित विशेषाङ्कहरू विशेष पठनीय छन्। अनि विश्वविद्यालयका विद्यार्थीका लागि अति उपयोगी छन् । यस्तै नियमित रूपमा मनाइने भानु, लक्ष्मी, लेखनाथ, तथा मोती-जयन्तीहरू तथा ती अवसरमा गरिने कवि तथा प्रवचन गोष्ठीहरूले पनि पुस्तकालयलाई जीवन्त राखेका छन् । पुस्तकालयले एक दर्जनभन्दा बढी पुस्तक प्रकाशित गरेर मोफसलका पुस्तकालयमा कीर्तिमान कायम गरेको छ । गुल्मी जिल्लाको इतिहास, भाषा, भाषिका, उपभाषिका, संस्कृति, पर्यटन जस्ता विषयमा विस्तृत अनुसन्धान गरी प्रकाशित ती पुस्तकहरू गुल्मी जिल्लाका निधिग्रन्थ हुन् । बडो दुःखको कुरा छ, नेपालमा राज्यले

पुस्तकालयले एक दर्जनभन्दा बढी पुस्तक प्रकाशित गरेर मोफसलका पुस्तकालयमा कीर्तिमान कायम गरेको छ । गुल्मी जिल्लाको इतिहास, भाषा, भाषिका, उपभाषिका, संस्कृति, पर्यटन जस्ता विषयमा विस्तृत अनुसन्धान गरी प्रकाशित ती पुस्तकहरू गुल्मी जिल्लाका निधिग्रन्थ हुन् । बडो दुःखको कुरा छ, नेपालमा राज्यले ज्ञान गुनको विषयमा त्यति चासो राख्दैन । समय क्रममा शासक विशेषको पहलमा स्थापना गरिएका कतिपय पुस्तकालय संरक्षणको अभावमा खण्डहर भएका छन् । सामन्तहरूको समयमा त्यस्तो भयो भनौं भने पनि लोकतान्त्रिक गणतन्त्रको समयमा पनि खासै चासो छैन । यो राम्रो लक्षण हैन ।

पुस्तकालय जस्तो ज्ञान-गुनको विषयमा त्यति चासो राख्दैन । समय क्रममा शासक विशेषको पहलमा स्थापना गरिएका कतिपय पुस्तकालय संरक्षणको अभावमा खण्डहर भएका छन् । सामन्तहरूको समयमा त्यस्तो भयो भनौं भने पनि लोकतान्त्रिक गणतन्त्रको समयमा पनि खासै चासो छैन । यो राम्रो लक्षण हैन ।

ज्योतिरहित (कानो) आँखाले संसार देखिन्न । संसार देख्न ज्ञानज्योतिको रानो आँखा नै चाहिन्छ । अन्यथा अन्धकारको खाल्टोमा जाकिने नै हो ।

राज्यले यस्तो कुरामा आँखा चिम्लेर बस्न मिल्दैन । गुल्मी तम्घासमा जनस्तरबाट पुस्तकालय खोलेर पचास पचास वर्षसम्म ज्ञानको ज्योति बाल्ने जुन काम भएको छ, यस्तो प्रयासलाई राज्यले 'लेसन' मानेर हुन्छ कि, चुनौती मानेर हुन्छ कि, उदाहरण मानेर हुन्छ संबोधन गर्नुपर्छ। यो त चिराग हो चिराग । यसलाई समाएर चारै चौरास उज्यालो छर्नुपर्छ । राज्य हाक्नेलाई चेतना भया ।

राज्यले यस्तो कुरामा आँखा चिम्लेर बस्न मिल्दैन । गुल्मी तम्घासमा जनस्तरबाट पुस्तकालय खोलेर पचास पचास वर्षसम्म ज्ञानको ज्योति बाल्ने जुन काम भएको छ, यस्तो प्रयासलाई राज्यले 'लेसन' मानेर हुन्छ कि, चुनौती मानेर हुन्छ कि, उदाहरण मानेर हुन्छ संबोधन गर्नुपर्छ । यो त चिराग हो चिराग । यसलाई समाएर चारै चौरास उज्यालो छर्नुपर्छ । राज्य हाक्नेलाई चेतना भया ।

अन्तमा अतीतको ज्ञानसागरबाट प्राप्त सन्देश -

काव्यशास्त्रविनोदेन कालो गच्छति धीमताम् ।
व्यसनेन च मूर्खाणां निद्रया कलहेन वा ॥

बुद्धिमान् मानिसको समय कला, साहित्य र शास्त्रहरूमा रमाएर बित्छ । मूर्खहरूको समय दुर्व्यसन, निद्रा र कलहमा भुलेर बित्छ । ॥

-नीतिवचन ॥

पुरानो कोट लगाऊ, नयाँ पुस्तक किन ।
- अमेरिकी दार्शनिक डेभिड थोरो

प्रचलनमा यस भनाइमा अमेरिकी दार्शनिक डेभिड थोरोको नाम छ । साहित्यकार ऋषिराम भुसालको गुगल सर्चको आधारमा भने आस्टिन फेल्सको नाम आएको छ ।

पत्रकार, लेखक, प्रेस स्वतन्त्रता सेनानी ।

-ooo-

मेरो सम्झनामा किरण पुस्तकालय

काशीनाथ मरासिनी

गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा रहेको किरण पुस्तकालय लुम्बिनी अञ्चलकै सबैभन्दा पुरानो पुस्तकालयमध्ये एक हो । पुस्तकालयको स्थापना समाजसेवी श्री शशि पन्थीज्यूले आफ्नो व्यक्तिगत प्रयासमा १६ वर्षको उमेरमा अर्थात् २०२५ सालमा गर्नुभएको हो । शुरुमा यो पुस्तकालय शशि पन्थीज्यूको धागिथुम स्थित खरले छाएको कच्ची गोठको एउटा सानो कोठामा स्थापना गरिएको थियो । तत्कालीन समयमा म, श्रध्येय गुरु डा. टीकाराम पन्थीज्यूको साथमा, शशि पन्थीज्यूकै खरले छाएको एक तल्ले सिङ्गै घरमा बस्दथ्यौं । डा. टीकाराम पन्थीज्यू मेरो गायत्री गुरु पनि हुनुहुन्थ्यो । गुरु भुईं तल्लामा बस्नुहुन्थ्यो भने म तल्लामाथि बस्थेँ । गुरुले ढुङ्गा, माटोको जोडाइमा बनाइएको सो घरको भित्तामा पत्रिका, कोठामा पर्दा र सिलिङ्गमा कपडा टाँगी निकै राम्रोसँग सजाई चिटिक्क बनाउनुभएको थियो । यो घर शशि पन्थीज्यूको पिता देवीदत्त पन्थीज्यूले आफ्नो माइलो दाजुबाट खरिद गरी लिनुभएको जस्तो लाग्दछ । यस घरमा म करिब तीन वर्षसम्म बसेँ । स्व. टीकाराम पन्थीज्यूले तत्कालीन समयमा गुल्मी इण्टर कलेजमा अध्यापन गर्नुहुन्थ्यो । बेलुकीको समयमा रेसुङ्गा क्याम्पसका पूर्व क्याम्पसप्रमुख दीन पन्थी र उहाँका दाजु देवराज पन्थी तथा उधिनढुङ्गाका फर्सुराम पन्थीलाई कौमुदी पढाउनुहुन्थ्यो । गुरुबाट कौमुदीको पाठ लिएपछि

स्व. टीकाराम पन्थीज्यूले तत्कालीन समयमा गुल्मी इण्टर कलेजमा अध्यापन गर्नु हुन्थ्यो । बेलुकीको समयमा रेसुङ्गा क्याम्पसका पूर्व क्याम्पसप्रमुख दीन पन्थी र उहाँका दाजु देवराज पन्थी तथा उधिनढुङ्गाका फर्सुराम पन्थीलाई कौमुदी पढाउनुहुन्थ्यो । गुरुबाट कौमुदीको पाठ लिएपछि उहाँहरू लिस्नोबाट तल्लामा निस्की राति मसँग बसी अध्ययन गर्नुहुन्थ्यो । उहाँहरू कौमुदी घोक्नुहुन्थ्यो भने म स्कूले शिक्षा पढ्थे । यसरी दिन पन्थी, देवराज पन्थी र प्रेम पन्थी मेरो बालसखा पनि हुनुहुन्छ ।

उहाँहरू लिस्नोबाट तल्लामा निस्की राति मसँग बसी अध्ययन गर्नुहुन्थ्यो । उहाँहरू कौमुदी घोक्नुहुन्थ्यो भने म स्कूले शिक्षा पढ्थे । यसरी दिन पन्थी, देवराज पन्थी र फर्सुराम पन्थी मेरो बालसखा पनि हुनुहुन्छ । गुरु बाग्लुङ सरुवा भएर जानुपूर्व मैले जानी नजानी खाना बनाउने गर्दथें । तर खाना कहिल्यै मिठो हुँदैनथ्यो । भात कहिले काँचो हुन्थ्यो त कहिले गिलो हुन्थ्यो, कहिले डढेर कालो रोटी जस्तो हुन्थ्यो । तरकारीमा नुन, खुर्सानी र मसला कहिले पनि मिलाउन सक्दिनथें । गुरुले केही नभनी हाँस्दै खानुहुन्थ्यो । तर दूध भने पानी नहालेको निकै राम्रो थियो । यसको कारण थियो मेरो पिता स्व. खडानन्द मरासिनीले परालमीबाट भैसी किनेर शशि पन्थीज्यूकहाँ राखिदिनुभएको थियो । शशि पन्थीज्यूको आमा, बुबा, बहिनी सरस्वती र धर्मपत्नी लक्ष्मीदेवीले भैसी पालिदिनुभएको थियो । गोठ नजिकै थियो । भैसी दुहेर शशि पन्थीज्यूको आमा द्रौपदा पन्थी र बुबाले सिधै हाम्रो भान्साको कुँडेमा लगेर दूध खनाइदिनुहुन्थ्यो, कहिले काहीं आगो बालेर तताइदिनेसमेत गर्नुहुन्थ्यो । मैले दूध तताउँदा कहिलेकाहीं उम्लिएर आगो नै निभाउँथ्यो । कहिले आगो बाल्न नजान्दा धुवाँको मुस्लोले आँखाबाट आँसु झर्थ्यो । तत्कालीन समयमा धागिथुममा पिउने पानीको समस्या थियो । गुरु र मलाई धागिथुम ब्यारेकबाट डोकोमा गाग्रीमा पानी बोकेर ल्याइदिने, भान्सा सफा गरी सहयोग गर्ने काम श्री रामचन्द्र पन्थीज्यूको आमा र दिदीले गरिदिनुहुन्थ्यो । यसप्रकार दूध, तरकारी, दाउरा, पानी र समय समयमा चामल आदि सबैको व्यवस्था शशि पन्थी, रामचन्द्र पन्थी र दीन पन्थीज्यूको परिवारबाट भएको थियो । यी सबै सहयोग निःशुल्क थिए । यो सुनेर अहिले धेरैलाई अचम्म लाग्न सक्छ । तर यो वास्तविकता थियो । म पन्थी परिवारको यस्तो सहयोग र माया ममताबाट हुर्केको थिएँ । यसबाट म उक्त परिवारको ठूलो ऋणी बनेको छु । यो ऋण र गुण तिर्नसक्ने मसँग क्षमता नै छैन । यसप्रकार मलाई किरण पुस्तकालयको प्रारम्भिक अवस्था बारेमा साक्षात्कार हुने सौभाग्य मलाई पनि मिलेको थियो । गुरु २०२८ सालतिर बाग्लुङ क्याम्पसमा सरुवा भएर जानुभयो । त्यसपछि म एक्लै भएँ, शशि पन्थीज्यूको आमाले मलाई आफ्नै भान्सामा ख्वाउने गर्नुभयो । खाना बनाउने कामबाट म स्वतन्त्र भएँ ।

वि.सं. २०२६/२०२७ सालतिरको कुरा हो । किरण पुस्तकालयका संस्थापक श्री शशि पन्थीज्यू, पुस्तकालय स्थापना पश्चात् अध्ययनको क्रममा बनारस जानुभयो । उहाँ बनारस गएपछि मेलै समय समयमा सो पुस्तकालय रहेको कोठा खोली मुसाले पुस्तक काटे नकाटेको हेर्ने गर्दथे । शशि पन्थीज्यूको ममतामयी माता द्रौपदाजीले मलाई वर्षात् भएको समयमा कोठा खोलेर पानी चुहिए नचुहिएको हेर्न लगाउनुहुन्थ्यो । मैले तत्कालीन समयमा कक्षा ७ मा महेन्द्र

हाई स्कूल, तम्घास हालको महेन्द्र उच्च माध्यमिक विद्यालयमा अध्ययन गर्दथैं । शशि पन्थीज्यूकै घरमा बसी मैले एसएलसीसम्मको अध्ययन गरेको हुँ । मेरो संझनामा प्रारम्भिक समयमा सो पुस्तकालयमा साहित्यिक, धार्मिक र संस्कृतभाषाका पुस्तकहरू थिए, पुस्तकको संख्या भने मलाई याद भएन । यी पुस्तकमध्ये कतिपय शशि पन्थीज्यूले आफ्नै निजी खर्चमा खरिद गर्नुभएको थियो भने केही दाताहरूले पुस्तकालयको लागि दान गर्नुभएको पुस्तक नै देखिन्थ्यो । तत्कालीन समयमा पुस्तकालयलाई कतैबाट आर्थिक सहयोग प्राप्त हुने गरेको थिएन । पुस्तकालयको आवश्यकता र महत्त्व बारेमा कमैलाई मात्र जानकारी थियो । म पनि यसबाट टाढा थिइन । पुस्तकालयको बारेमा धेरैले चासो पनि लिएको देखिंदैनथ्यो ।

मैले तत्कालीन समयमा कक्षा ७ मा महेन्द्र हाई स्कूल, तम्घास हालको महेन्द्र उच्च माध्यमिक विद्यालयमा अध्ययन गर्दथैं । शशि पन्थीज्यू कै घरमा बसी मैले एसएलसीसम्मको अध्ययन गरेको हुँ । मेरो संझनामा प्रारम्भिक समयमा सो पुस्तकालयमा साहित्यिक, धार्मिक र संस्कृतभाषाका पुस्तकहरू थिए, पुस्तकको संख्या भने मलाई याद भएन ।

मलाई ज्ञात भएअनुसार पुस्तकालय सञ्चालन गर्न स्व. देवीदत्त पन्थी, गुल्मी भाडगाउँ निवासी स्वर्गीय डा. टीकाराम पन्थी र छल्दी निवासी स्व. पद्मपाणि पन्थीज्यूले प्रेरणा दिनुभएको थियो । मेरो सम्झनामा तत्कालीन समयमा पुस्तकालयको बारेमा प्रेरणा दिने र सदाशयता देखाउनेहरूमा तम्घास, धागिथुम निवासी विश्वनाथ पन्थी, रेसुङ्गा बहुमुखी क्याम्पसका पूर्व क्याम्पसप्रमुख दीन पन्थी, कवि भेषबहादुर कुँवर, खानीगाउँ निवासी प्रेमलाल थापा, टेकबहादुर थापा, तम्घास गाउँ पञ्चायतका तत्कालीन प्रधानपञ्च स्व. डिल्लीराज पन्थी र उपल्लो तम्घासका पद्मप्रसाद पन्थी आदि हुनुहुन्थ्यो । उहाँहरूले पुस्तकालयको विषयमा बारम्बार चासो र सदाशयता राख्नुहुन्थ्यो । पुस्तकालय जस्तो पवित्र सामाजिक सेवामा सदाशयताले पनि तत्कालीन समयमा धेरै महत्त्व राख्दथ्यो । किनकि त्यो बेलाको राजनीतिक, समाजिक र शैक्षिक अवस्था वर्तमान समयको जस्तो थिएन । तत्कालीन समयमा प्रशासनिक र राजनीतिकस्तरबाट शैक्षिक गतिविधिलाई कडा नजरले हेरी निगरानी राख्ने चलन थियो । शैक्षिक जागरणले जनचेतना ल्याउने र यसबाट समाजका टाठाबाठाको हैकम क्रमशः कम हुँदै जाने भएकोले पुस्तकालय स्थापना तथा संचालन निकै चुनौतीपूर्ण कार्य थियो । धागिथुममा रहँदासम्म यस पुस्तकालयमा आई पुस्तक पढ्ने वा घरमा पुस्तक पढ्न लैजानै पाठकहरूको संख्या भने कम थियो ।

वि.सं. २०२७/२०२८ सालतिर शशि पन्थीज्यूको कोठाबाट यो पुस्तकालय हालको जिल्ला प्रशासन कार्यालयको पछाडि रहेको भुइँतल्ले ढुङ्गाले छाएको सानो भवनमा स्थानान्तरण भयो । भवनको चारैतिर पर्खाल लगाइएको थियो । मेरो लागि यो घटना गाउँबाट शहर आए जस्तो भयो । सानो कोठामा रहेको पुस्तकालय एकैपटक सबैलाई पायक पर्ने सदरमुकामको मुटुमा स्थानान्तरण हुँदा खुसीको सीमा रहेन । तत्कालीन समयमा यो कार्य पुस्तकालयको लागि ठूलो उपलब्धि थियो । यो कसरी संभव भयो, यसमा कसले,के कति योगदान गर्नुभयो सो मलाई स्मरण भएन । यसपछि पुस्तकालयको बारेमा प्रचार-प्रसार पनि हुन थाल्यो । पाठकहरूको संख्या पनि क्रमशः वृद्धि हुन थाल्यो । पुस्तकालय निरीक्षणको लागि धेरै मानिसहरू आउन थाले । पुस्तकालयमा आउने व्यक्तिहरूको अभिलेखको लागि आगन्तुक पुस्तिका राखिएको थियो जसमा प्रवेश गर्ने व्यक्तिहरूले आफ्नो नाम,थर, ठेगाना, आगमन र गमन समय लेख्नुपर्दथ्यो । विशिष्ट महानुभावहरूको लागि निरीक्षण पुस्तिकासमेत राखिएको थियो । शुरुका दिनहरूमा शशि पन्थी स्वयंले पुस्तकालयको व्यवस्थापन निकै राम्रो गर्नुभएको थियो । उहाँको कुशल व्यवस्थापन र सञ्चालनलाई सबैले प्रशंसा गर्दथे । तत्कालीन समयको निरीक्षण पुस्तिका हेरेमा यी सबै कुरा प्रष्ट हुन्छ । पुस्तकालयभित्र ठूलो टेबुलमा विभिन्न पत्रिकाहरू राखिएको हुन्थ्यो । पाठकहरूको लागि बेञ्च र कुर्सीको व्यवस्था थियो । पुस्तकहरूको वर्गीकरण गरी स्याकमा सजायर राखिएको हुन्थ्यो । तर सो समयमा क्याटलग भने तयार गरिएको थिएन । नयाँ भवनमा पुस्तकालय स्थानान्तरण गरी सबै व्यवस्था मिलाएपछि शशि पन्थीज्यूले मलाई र रामलाल पाण्डेलाई स्वयंसेवक कर्मचारीको रूपमा नियुक्ति गरी पुस्तकालय सञ्चालन गर्ने जिम्मा लगाई आफू अध्ययनको लागि पुनः बनारसतर्फ जानुभयो ।

तत्पश्चात् मैले तत्कालीन उधिनढुङ्गाको रेसुङ्गा प्राइमरी स्कूलमा अध्यापन गर्नुहुने शिक्षक श्री रामलाल पाण्डेले संयुक्त रुपमा बेलुकी चार बजेपछि पुस्तकालय खोल्ने गर्दथ्यौं । मैले स्वयंसेवकको रूपमा पुस्तकालयमा काम गर्दा यस पुस्तकालयले रेसुङ्गा महाप्रभुकहाँ रहेका र रेसुङ्गाबाट विभिन्न व्यक्तिले आफ्नो घरमा लगेका विभिन्न प्रकारका धार्मिक पुस्तकहरू संकलन गरी सुरक्षित रूपमा राखिएको थियो तर यसका पाठक भने निकै कम थिए । बजारमा पुस्तकालय स्थानान्तरण भएपछि विद्यालय र कलेजमा अध्यापन गराइने सबै विषयका पुस्तकहरूसमेत राखी सबै वर्गका पाठकलाई उपयोगी बनाउने क्रम पनि शुरू भयो । तत्कालीन समयमा हाई स्कूलदेखि इण्टरमिडियटसम्मका पाठ्यक्रमका पुस्तकहरू, नेपाली साहित्यका विभिन्न पुस्तक तथा उपन्यासहरू खरिद तथा संकलन भएका थिए । अधिकांश पुस्तकहरू शशि पन्थीज्यूको अथक प्रयास र परिश्रमबाट खरिद गरिएका थिए ।

मेरो स्मरणमा रहेअनुसार तत्कालीन समयमा पुस्तकालयमा भारतबाट प्रकाशित हुने आज, गाण्डीव, दिनमान, धर्मयुग, कादम्बरी जस्ता पत्रिका र काठमाडौंबाट प्रकाशित हुने दैनिक गोरखापत्र, The Rising Nepal, दैनिक निर्णय तथा राष्ट्रपुकार, मातृभूमि, समीक्षा, अर्पण, जागृति एवं भैरहवाबाट प्रकाशित हुने खसोखास र लुम्बिनी सन्देश आदि साप्ताहिक पत्रिका तथा मधुपर्क जस्ता मासिक पत्रिकाहरू नियमित रूपमा आउँथे । विश्व राजनीतिमा शीत युद्ध चलिरहेको अवस्थामा महाशक्ति राष्ट्रहरूले सञ्चालन गरेका राजधानीबाट प्रकाशित हुने गरेका स्वतन्त्र विश्व, सोभियतभूमि, चीन सचित्र र उत्तर कोरियबाट प्रकाशित हुने कोरियन पत्रिका र किम इल सुङ्का पुस्तकहरूसमेत नियमित रूपमा आउने गरेका थिए । तत्कालीन समयमा सबै प्रकारका पत्र-पत्रिका एकै स्थानमा पढ्न पाइने यो एक मात्र स्थान थियो । पत्र-पत्रिका पढ्न बजारका व्यक्ति, शिक्षकहरू, विद्यार्थीहरू र सरकारी कार्यालयका कर्मचारीहरू नियमित रूपमा आउने गर्नुहुन्थ्यो । पत्रिका पढ्ने पाठकहरूको संख्या पनि उल्लेख्य थियो । तत्कालीन समयमा पुस्तकालय बिदाको दिनबाहेक साँझ ४:०० बजेदेखि ६:०० बजेसम्म र कहिले काहीं पाठक भए ६:३० बजेसम्म खुला राख्ने गर्दथ्यौं ।

यस पुस्तकालयले स्थापना कालदेखि नै नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान गर्दै आएको रहेछ भन्ने बोध मलाई धेरैपछि मात्र भयो । प्रारम्भिक कालदेखि नै यसले आफ्नो स्थापना दिवस मनाउनुका साथै भानु जयन्ती, मोती जयन्ती, महाकवि देवकोटा जयन्ती जस्ता साहित्यिक समारोहहरू प्रत्येक वर्ष नियमित रुपमा आयोजना गर्दथ्यो र यो परम्परा हालसम्म पनि कायम छ । यी समारोहहरूमा स्थानीय साहित्यप्रेमी स्रष्टाहरूले गीत,कविता, लेख र निबन्ध आदि वाचन गर्नुहुन्थ्यो । कहिले काहीं जिल्लाबाहिरका विशिष्ट विद्वान्लाई समारोहको प्रमुख अतिथिको रूपमा आमन्त्रण पनि गरिन्थ्यो । कार्यक्रममा उत्कृष्ट कविता र निबन्धलाई पुरस्कारसमेत वितरण गरिन्थ्यो ।

यस पुस्तकालयले स्थापना कालदेखि नै नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान गर्दै आएको रहेछ भन्ने बोध मलाई धेरैपछि मात्र भयो । प्रारम्भिक कालदेखि नै यसले आफ्नो स्थापना दिवस मनाउनुका साथै भानु जयन्ती, मोती जयन्ती, महाकवि देवकोटा जयन्ती जस्ता साहित्यिक समारोहहरू प्रत्येक वर्ष नियमित रुपमा आयोजना गर्दथ्यो र यो परम्परा हालसम्म पनि कायम छ । यी समारोहहरूमा स्थानीय साहित्यप्रेमी स्रष्टाहरूले गीत,कविता, लेख र निबन्ध आदि वाचन गर्नुहुन्थ्यो । कहिले काहीं जिल्लाबाहिरका विशिष्ट विद्वान्लाई समारोहको

प्रमुख अतिथिको रूपमा आमन्त्रण पनि गरिन्थ्यो । कार्यक्रममा उत्कृष्ट कविता र निबन्धलाई पुरस्कारसमेत वितरण गरिन्थ्यो । यस्ता समारोहहरूमा पुस्तकालयको तर्फबाट उपस्थित सबैलाई चिया, बिस्कुट, मिठाइ तथा खाजाको प्रबन्धसमेत मिलाइएको हुन्थ्यो । वर्तमान समयमा यो कार्य सामान्य जस्तो देखिए पनि तत्कालीन समयमा यस्तो समारोह सम्पन्न गर्न निकै कठिन थियो । एकल व्यक्तिको अथक प्रयासबाट स्थापना र सञ्चालन गरिएको पुस्तकालयमा सरकारी स्तर वा अन्य कुनै निकायबाट आर्थिक सहयोग उपलब्ध हुने गरेको थिएन । आजीवन सदस्यताबाट प्राप्त हुने झिनो रकमले पुस्तकालयको सामान्य खर्च पनि धान्दैनथ्यो । अन्य आयस्रोत केही थिएन । साहित्यप्रेमी शशि पन्थीज्यूले व्यक्तिगत खर्चमा यी सबै कार्यक्रमहरू सञ्चालन गर्नुहुन्थ्यो ।

वि.सं. २०३० सालबाट किरण पुस्तकालयले 'हाम्रो पुरुषार्थ' नामक साहित्यिक पत्रिका मुखपत्रको रूपमा प्रकाशनको शुरुवात गरेको । यो मुखपत्रको प्रकाशन पुस्तकालयको सबैभन्दा ठूलो उपलब्धि थियो । धेरैलाई थाहा नहुन सक्छ हाम्रो पुरुषार्थको छपाइसम्बन्धी कार्य अहिले जस्तो सहज थिएन । साधन र स्रोतको अभावमा यातायात र सञ्चारको विकास भै नसकेको समयमा विभिन्न साहित्यिक विद्वान्हरूसँग सम्पर्क गरी लेखहरू संकलन गरी पुस्तकालयको वार्षिक गतिविधि समेत समावेश गरी प्रकाशन गर्ने कार्य कठिन मात्र होइन निकै चुनौतीपूर्ण समेत थियो । साहित्य र समाजसेवामा समर्पित शशि पन्थीज्यूको भगीरथ प्रयासले मात्र यी सबै कामहरू सफल हुने गरेका थिए र अद्यापि निरन्तर रूपमा सञ्चालनमा छन् । शुरुका वर्षहरूमा **'हाम्रो पुरुषार्थ'**को छपाइ पाल्पा, भैरहवा वा बनारसबाट हुने गर्दथ्यो किनकि तत्कालीन समयमा नजिकमा प्रेसहरू स्थापना भएका थिएनन् । 'हाम्रो पुरुषार्थ' मा आफ्नो कविता, लेख वा निबन्ध छापिएपछि रचनाकारहरू निकै हर्षित हुने गर्दथे, दंग पर्दथे । आफ्नो लेख वा कविता एकले अर्कोलाई पढेर सुनाउँथे । स्थानीय लेखकहरूलाई यस प्रकाशनले लेखन शैलीको विकासमा समेत सहयोग गरेको थियो ।

संक्षेपमा भन्नु पर्दा किरण पुस्तकालयले गुल्मी जिल्लामा मात्र नभएर समग्र राष्ट्रलाई नै साहित्य र सूचना संप्रेषणको क्षेत्रमा महत्त्वपूर्ण र रचनात्मक योगदान पुऱ्याएको छ । विभिन्न विशेषाङ्कमार्फत यसले नेपालभर लुकेर रहेका प्रतिभाशाली साहित्यकारहरूलाई पाठक समक्ष ल्याउने काम गरेको छ भने स्रष्टाहरूका विचारहरूलाई उजागर गरेको छ । पुराना स्रष्टाहरूलाई सम्मान मात्र नगरेर उनीहरूको योगदान र जीवनीसमेत प्रकाशित गरी कर्तव्य निर्वाह गरेको छ । गाउँ तथा शहरका भाषा, संस्कृति र परम्पराको बारेमा अनुसन्धानात्मक लेखहरू प्रकाशित गरी रोचक कुराहरू जनसमक्ष ल्याउन सफल भएको छ । यस्तै 'हाम्रो पुरुषार्थ'ले नेपाली साहित्यिक क्षेत्रमा कविता, गीत, नाटक, गजल, अन्तर्वार्ता तथा

समालोचना आदि प्रकाशित गरी पाठकहरूलाई नयाँ खुराकसमेत दिएको छ । साहित्यिक गोष्ठीको सफल आयोजनाले किरण पुस्तकालयले राष्ट्रलाई नै प्रज्ज्वलित बनाएको छ भन्नुमा कुनै अत्युक्ति नहोला ।

धागिथुमको एउटा सानो कोठामा रहेको किरण पुस्तकालयलाई हालको अवस्थासम्म ल्याउन गुल्मी र गुल्मी जिल्लामा जन्मस्थल भई कर्मक्षेत्र अन्यत्र भएका विभिन्न महानुभाव तथा साहित्यप्रेमी एवं समाजसेवी धेरैले सहयोग गर्नुभएको छ ।

वि.सं. २०२७ सालदेखि २०३० सालसम्म बाल्यकालीन समयमा मैले पुस्तकालयमा स्वयंसेवकको रूपमा काम गर्दाको छोटो अवधिको संझनालाई जस्ताको तस्तै पाठकहरू समक्ष राख्ने झिनो प्रयास मात्र भएकोले यसमा पुस्तकालयका महत्त्वपूर्ण घटना,सहयोगी हात एवं दाताहरूको योगदान अवश्य पनि छुटेको छ । यसको लागि म क्षमा याचना गर्दछु । धागिथुमको एउटा सानो कोठामा रहेको किरण पुस्तकालयलाई हालको अवस्थासम्म ल्याउन गुल्मी र गुल्मी जिल्लामा जन्मस्थल भई कर्मक्षेत्र अन्यत्र भएका विभिन्न महानुभाव तथा साहित्यप्रेमी एवं समाजसेवी धेरैले सहयोग गर्नुभएको छ । उहाँहरूप्रति म आभार व्यक्त गर्दछु । सबैको सहयोगको परिणामस्वरूप वर्तमान समयमा पुस्तकालयले हर्षोल्लाससहित आफ्नो स्वर्णमहोत्सव मनाइरहेको छ, यो जिल्लावासी सबैका लागि खुसी र गर्वको विषय पनि हो ।

विज्ञान र प्रविधिको द्रूततर विकासले पुस्तकालयको व्यवस्थापन र सञ्चालनमा पनि नयाँ नयाँ चुनौतीहरू थपिदै गएका छन् । परम्परागत ढाँचामा अब पुस्तकालय जीवन्त रहिरहन सक्दैन । वर्तमान समयमा सबैले आफ्नै हातमा सबै कुरा हेर्न, पढ्न र सुन्न चाहन्छन् । पुस्तकालयमा गई पुस्तक, पत्रपत्रिका पढ्ने फुर्सद अब कसैलाई छैन । यो समयको माग हो । यसै तथ्यलाई मनन गरी पुस्तकालयका संस्थापक शशि पन्थीज्यूले किरण पुस्तकालयलाई विद्युतीय प्रणालीमा (Digitalization) लगी सबैका हात-हातमा पुस्तक पुऱ्याउने दीर्घकालीन सोंचसमेत राख्नु भएको छ । यो सपना साकार पार्नसबै तहको सरकार, जनप्रतिनिधि, व्यवशायी, साहित्यप्रेमी र गुल्मेली जनता सबैले यथाशक्य सहयोग गरी सफल पार्नुपर्दछ । अन्त्यमा यस महान् कार्यमा समेत किरण पुस्तकालयलाई सफलता मिलोस् र पुस्तकालय जीवन्त रहिरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

पूर्व सहसचिव-नेपाल सरकार ।

-०००-

पुस्तकालय

डा. कृष्ण भण्डारी 'मुमुक्षु'



आभा ज्ञान विवेकको सृजनको सङ्गीत औं वाद्यको
भाषा संस्कृति धर्म न्याय पथको उद्‌गार यै शब्दको ।
पुर्खाका तपको अनेक युगको विश्वास यी वादको
यौटै मन्दिर पुस्तकालय रह्यो यो विश्व एकात्मको ।।१।।

वाणी सङ्ग्रह उक्ति सूक्तिहरूको हो ज्ञानकै कुञ्ज यो
तिर्खा मेट्छ विचार थप्छ यसले आत्मै सुखी पार्छ यो ।
नौला चिन्तन जान्न पुस्तक पढौं यै लाग्छ शिक्षालय
मान्छेको धन पुस्तकालय भए सप्रिन्छ यो जीवन ।।२।।

धर्ती सुन्दर फूलले गगन त्यो नक्षत्रको ज्योतिले
बाँझो फुल्दछ पौरखी श्रम गरे यो जिन्दगी प्रेमले ।
चिन्ता दूर गरी गरी सह दिने विद्या छ है खोज रे
गाँठो फुक्दछ पुस्तकालय पढे के गर्छ अल्पज्ञले ।।३।।

साह्रै निर्धो छ हाम्रो मन यदि धनमा जेलिएको छँदा त्यो
पढ्दै पढ्दैन यौटा असल कृति जो जिन्दगी त्यो अनौठो ।
भोको मैलो उदासी विषयबस हुँदा हुन्न उच्छार कैल्है
पढ्ने लेख्ने छ बानी दिन दिन जसका धृष्ट त्यो हुन्न कैल्है ।।४।।

होला संस्कार प्यारो तन र मन बिसे ज्ञान टल्किरहेमा
होला आवाज प्यारो जनमनमनमा शिष्टता बाँडिएमा ।
बढ्ला सौभाग्य चाँडो परहित पथमा लम्किंदा देशमा नै
यो सप्पै कर्म चोखो हुनु छ त पहिल्यै चाहियो पुस्तकालै ।।५।।

तेरा मेरा र उस्का गणित थरिथरी लाभको गीत यौटै
आफ्नै आफ्ना हुँदामा प्रगति जुन जप्यौ मोहको तार यौटै ।
सक्ने निःस्वार्थ हाँकून्, हृदयसुख नयाँ व्यष्टिभन्दा समष्टि
पुण्यात्मा हुन्छ चोखो अकल पढ नयाँ ग्रन्थ हो कर्मसाक्षी ।।६।।

सहप्राध्यापक-त्रिभुवन विश्वविद्यालय, काठमाडौं ।

-ooo-

किरण पुस्तकालय, चिसो कोठा र म

✍ प्रकाश नेपाल

स्कूलछुट्टीको घण्टी भन्नासाथ महेन्द्र माध्यमिक विद्यालयको कोठाबाट हतार हतार निस्केर लाँकुरीको बोटअगाडि उभिएको किरण पुस्तकालयतिर हानिन्थें । त्यहाँ मेरो जागिर थियो । अनि तलब थियो-महिनाको दश रूपैयाँ । यो महिनाको दश रूपैयााले मलाई जेनतेन खाजा खान पुग्थ्यो । त्यो पनि मेरा लागि ठूलो कुरा थियो । कक्षा ६ मा पढ्ने मेरा लागि पकेट खर्च थियो ।

मेरा स्कूलका किताबहरू पुस्तकालयको एउटा कुनामा थन्काएर काम शुरू गर्थें । अफिस कोठा अँध्यारो र चिसो थियो । झ्याल खोलेपछि बल्ल बल्ल हाजिर गर्ने कापी देखिन्थ्यो । हाजिर गरिसकेपछि मेरो काम शुरू हुन्थ्यो । मेरा कामहरू हुन्थे-नयाँ पत्रिकाहरूलाई टेबलको अघिल्तिर र अल्लि पुरानाहरूलाई अल्लि पछाडि राख्ने । त्यो गर्दा पाठकहरूले नयाँ पत्रिकामा सजिलै हात पुग्चाउन सक्थे । आएका सदस्य पाठकहरूलाई किताब दिनु, पढेर बुझाउन ल्याउनेहरूलाई फिर्ता लिई अर्को दिनु आदि मेरा काम हुन्थे । त्यस बेला किरण पुस्तकालयको सदस्य बन्न दश रूपैयाँ लाग्थ्यो ।

... किरण पुस्तकालयतिर हानिन्थें । त्यहाँ मेरो जागिर थियो । अनि तलब थियो-महिनाको दश रूपैयाँ । यो महिनाको दश रूपैयाँले मलाई जेनतेन खाजा खान पुग्थ्यो । त्यो पनि मेरा लागि ठूलो कुरा थियो ।

जिल्लाको सदरमुकामको एउटा मात्रै पुस्तकालय भएको हुनाले यसको छुट्टै महत्त्व थियो । कार्यालयका कर्मचारीहरू, अफिस सकिनासथ पुस्तकालयमा आउने गर्थे । उनीहरूको पहिलो प्रश्न हुनेगर्थ्यो, 'नयाँ पत्रिका के छ ?' उतिबेला 'नयाँ सन्देश' निकै चल्तीको पत्रिका थियो । आवरणमा कार्टुनले धेरै मान्छेलाई आकर्षित गर्थ्यो । खबर पनि सनसनीपूर्ण हुन्थे र धेरैले 'नयाँ सन्देश छैन ?'

भनेर सोधिहाल्थे । 'नयाँ सन्देश' बाहेक त्यतिबेला भैरहवाबाट प्रकाशन हुने 'खसोखास' पनि थियो, अनि 'लुम्बिनी सन्देश' बुटवलबाट ।

त्यतिबेला मोटरबाटो थिएन र काठमाडौंबाट पत्रिका आउन कम्तीमा एक हप्ता लाग्थ्यो । तिनै पत्र-पत्रिका हाम्रा लागि नयाँ हुन्थे । पाठकहरूलाई रेडियोमा नआउने खबरहरू यिनै पत्रपत्रिकाहरूले दिने गर्थे । 'मातृभूमि' साप्ताहिक पनि अर्को रुचिको पत्रिका थियो तर पनि 'नयाँ सन्देश'ले त्यतिबेला निकै पाठक जम्मा गर्नेगरेको थियो ।

तम्घासको जाडो, किरण पुस्तकालयको चिसो घरको बावजुद पनि मानिसहरू स्यूँ, स्यूँ गर्दै पुस्तकालयमा छिर्ने गर्थे । हुन त तम्घासमा बाहिर मन बहलाउने ठाउँहरू त्यति थिएनन् । पुस्तकालयमा मान्छेहरू झुम्मिन्थे, त्यहीं आएर पत्रपत्रिका पढ्ने र मसित गफिन्थे ।

तम्घासको जाडो, किरण पुस्तकालयको चिसो घरको बावजुद पनि मानिसहरू स्यूँ, स्यूँ गर्दै पुस्तकालयमा छिर्ने गर्थे । हुन त तम्घासमा बाहिर मन बहलाउने ठाउँहरू त्यति थिएनन् । पुस्तकालयमा मान्छेहरू झुम्मिन्थे, त्यहीं आएर पत्रपत्रिका पढ्ने र मसित गफिन्थे । म पनि ६ कक्षामा पढ्ने भए पनि पुस्तकालयको एक्लो सञ्चालक न परें- गफिन्थें । धेरैजसो राजनीतिक कुरा गर्थे । पत्रिका पढेर 'यस्तो पनि हुन्छ ?' भनेर आफैं जोसिन्थे । तर मैले त्यतिबेला राजनीतिक कुराहरू बुझ्दिनथें । मैले उनीहरूको मुखमा हेरेर मौन समर्थन गरे जस्तो गर्थें ।

किरण पुस्तकालयमा त्यतिबेला चार-पाँच सयको हाराहारीमा पुस्तकहरू थिए । ती पुस्तकहरूमध्ये मैले सम्झने नामहरू शरद निरौलाको 'खतरनाक ताम्रपत्र' याद आउँछ । त्यो किताब देख्नासाथ शीर्षकले मलाई अकर्षित गरेको तर पढ्न चाहिं पूरै पढिनँ । पुस्तकका लेखक शरद निरौला अहिले अमेरिकामा सपरिवार बस्छन् र हामी साथी भएका छौं । अमेरिकाको वासिंटन डी.सी. वरिपरि हुने कोठे कविगोष्ठीमा भेट हुन्छौं ।

किरण पुस्तकालयको स्थापना गर्ने शशि पन्थी मलाई पढाउने गुरु पनि हुनुहुन्थ्यो । अनि मलाई जीवनको पहिलो जागिर दिने मान्छे पनि । ६ कक्षाबाट आठ कक्षा पढ्ने बेलासम्म दुई वर्षको जागिरले मलाई धेरै कुराहरू सिकायो, पाठकहरूसित बोल्न र गफिन सिकायो । दुई वर्षपछि म गण्डकी बोर्डिङ स्कूल, पोखरातिर लागें ।

किरण पुस्तकालयमा काम गर्दै जाँदा एउटा विचार प्रस्तुत भयो । यो विचार मेरो विचारभन्दा पनि मेरो बच्चादेखिको साथी गोकर्ण मरासिनीज्यूको विचार थियो । हामी दुबै जना पुस्तकालयमा प्रायः सँगसँगै हुन्थ्यौं । अनि उपल्लो तम्घासमा घर पनि सँगसँगै जस्तो भएको हुनाले पुस्तकालयको काम सकिएपछि चारिखोलाको उकालो हुँदै घरतिर निस्कन्थ्यौं ।

ए ! मैले त कुरा त अन्तै पो मोडेछु । अँ, म हाम्रो विचार फुरेको कुरा गर्दै थिएँ । त्यो विचार के थियो भने हामीले एउटा सानो गोजी पत्रिका (गोजीमा अटाउने) निकाल्ने र त्यसको नाम 'सेवक' राख्ने । यो 'सेवक' पत्रिकाको विशेषता हातले लेख्ने र महिनाको एकचोटि निकाल्ने, अनि किरण पुस्तकालयको टेबलमा राख्ने । हातले लेख्ने काम चाहिं मैले गर्थें ।

हामीले एउटा सानो गोजी पत्रिका (गोजीमा अटाउने) निकाल्ने र त्यसको नाम 'सेवक' राख्ने । यो 'सेवक' पत्रिकाको विशेषता हातले लेख्ने र महिनाको एकचोटि निकाल्ने, अनि किरण पुस्तकालयको टेबलमा राख्ने । हातले लेख्ने काम चाहिं मैले गर्थें ।

यो हाते पत्रिका 'सेवक'ले पाठकमा सानो हलचल ल्यायो । पाठकहरूले प्रश्न सोधे, बधाइ दिए र धेरैले मन पराए ।

यो हाते पत्रिका 'सेवक'ले पाठकमा सानो हलचल ल्यायो । पाठकहरूले प्रश्न सोधे, बधाइ दिए र धेरैले मन पराए । कहिलेकाहीं यसो सोच्छु - पत्रिका सेवक पुस्तकालयमा होला कि नहोला ? यदि सुरक्षित छ भने अहिले हेर्दा कति रमाइलो हुन्थ्यो होला ? आदि।

किरण पुस्तकालयले पछि हाम्रो पुरुषार्थ निकाल्यो । मेरो पनि त्यो पहिलो अङ्कमा रचना थियो, तर के थियो ? भुलें ।

चालीस वर्ष बितिसकेछन् । अहिले यी सबै सम्झना मात्र छन् । सम्झनामा मेरा पाठकहरू छन् । ती नियमित पाठकहरूमध्ये जय मेडिकल हलका जय, ज्योति श्रेष्ठ (उहाँ धेरै वर्षअघि खस्नुभो), जयबहादुर हितान, मेरा गुरु तथा कवि भेषबहादुर कुँवर आदि । उहाँहरू जिन्दगीको दौडमा कता हुनुहुन्छ ? के गर्दै हुनुहुन्छ ? थाहा छैन । तर म चाहिं बादलपीरको देश अमेरिकामा किरण पुस्तकालय खोजिरहेछु ।

✍ **वरिष्ठ आई.टी. इञ्जिनियर-अमेरिकी सरकार, वाशिंगटन डी.सी., अमेरिका ।**

-०००-

किरण तम्घासको

✍ नारद गौतम

गुल्मी दुर्गमक्षेत्र किन्तु अघि नै मित्थे नि विद्वान् यहाँ ।
सोंच्थे दूर भविष्यसम्म अगुवा कर्तव्य भुल्थे कहाँ ?
शिक्षामा अघिदेखि नै अघि थियो सन्दिप्त हो चेतना ।
छन् कैयौं परिणाम भित्र नमूना हुर्किरहेछन् मुना ।

निस्के प्राज्ञिक वर्ग साधक यहाँ शिक्षा र साहित्यमा ।
खोलेछन् त नि पुस्तकालय मिली लागेर उत्थानमा ।
त्यस्को नाम परेछ रे **किरण** यो, त्यो नाम जस्तै भयो ।
यस्को सौरभ दूरदूरतक नै कर्पूर बन्दै गयो ।

बाँड्यो ज्ञान दियो बन्यो परपरै आत्मा जगायो त नि ।
फैलायो युगचेतना समयको बाल्यो दियालो पनि ।
मिल्छन् कार्य प्रशंसनीय यसका हेर्‍यौं भने भित्रका ।
यो हाम्रो पुरुषार्थ नै किरणको सत्कार्य हो पत्रिका ।

भाषासंस्कृतिमा निरन्तर नयाँ सम्वाद छापीकन ।
राम्रो देन दिईरहेछ यसले आफू नथाकीकन ।
कैयौं पुस्तक छन् प्रकाशित अरू आलोक हुन् ज्ञानका ।
यस्का साधक धन्य छन्, युग बुझे रैछन् निकै छ्यानका ।

अन्तर्चेतन खुल्छ पुस्तक पढे खारिन्छ प्रज्ञा पनि ।
मान्छे सक्दछ चल्न ज्ञानमतिले त्यो दूरदर्शी बनी ।
विद्या हो नि अमूल्य रत्न सबको भित्री बडो लोचन ।
त्यो बाँड्यो नि खुरूखुरू किरणले ल्यायो उज्यालोपन ।

यो सञ्चालन होस् निरन्तर नयाँ आयाम पक्डीकन ।
यी नौला बिरूवा सिंचोस् युगयुगौं तानोस् सबैको मन ।
स्रष्टाका प्रतिभा फुलाउन सकोस् पाऊन् सधैं प्रेरणा ।
जागोस् मग्मग बासना हृदयमा यसको सुधा धारणा ।

✍ पूर्वशिक्षक-जनबोध माध्यमिक विद्यालयल, लेटक्सार, हाल-बुटवल, रूपन्देही ।

-ooo-

हराएका तीन थान रचनाहरू

दीपक विश्वकर्मा

लेखकका सिर्जनाहरू सिर्जनामात्र नभएर सन्तानहरू पनि हुन् । सन्तान जन्मको प्रसवपीडा र रचना जन्मको प्रसवपीडा पनि समान हुन्छ भन्दा अन्यथा नहोला । एक थान कविता, एक थान कथा र एक थान नाटक वा अन्य साहित्यिक सिर्जना पाठकहरूको आँखाको अगाडि पुऱ्याउन लेखकलाई गहिरो साधनाको जरूरत पर्दछ । अध्ययन, मनन, चिन्तन, लेखन, पुनर्लेखन, प्रकाशनपछि मात्र कुनै पनि लेखकका रचना पाठकसामु पुग्ने हो । यस/उसले लेखन/लेखकको सामाजिक पहिचान पनि हो । पहिचान व्यक्तिको सामाजिक प्रतिष्ठा हो, स्वाभिमान हो र मर्यादा पनि हो ।

म मेरा ती अग्रजहरूलाई सलाम गर्दछु, जसले मलाई लेखनको क्षेत्रमा बामे सराए । यस मामलामा मेरो पहिलो कदम उधिनढुङ्गा स्थित रेसुङ्गा प्राथमिक विद्यालयद्वारा हरेक शुक्रबार आयोजना गरिने साहित्यिक कार्यक्रम हो । जहाँ मैले पहिलो पटक लगलगी खुट्टा कमाउँदै "होलाबरै साहिँली" भन्ने झ्याउरे गीत गाएको थिएँ । म आफैलाई थाहा छ, म गायक होइन । मेरो स्वर नमिठो भाषामा भन्ने हो भने गधाको हिनहिनाहटभन्दा कम छैन । मेरो गलाले गीतको लय वा भाका टिप्न सक्दैन । मेरो स्वरनलीमै गडबड भएर होला, आवाज यति नमिठो भएको । तर पनि गाएँ, गुरुहरूले प्रोत्साहन गर्नुभयो र प्रत्येक हप्ता नबिराई गाउन थालेँ ।

गीत गायनको मेसो पनि त्यसै जुरेको होइन । हाम्रो गाउँ जातीय समीकरण भएको गाउँ हो । हाम्रो जमानामा मनोरञ्जनका साधनहरूमा बेलुका घरगाउँमा युवायुवतीहरू जम्मा भएर झाम्रे गाउनुबाहेक अरू केही थिएनन् । उपल्लो भाडगाउँमा केही घर मगर समुदायका थिए र अद्यावधि छन् । दिनभरको कामकुरो सकेपछि बेलुका गाउँका युवायुवतीहरू झाम्रे अथवा आजको लोकदोहोरी गाउँथे । हामी भुराभुरी पनि बेलाबखत राति अबेरसम्म उनीहरूका भनाभन सुन्थ्यौं । हो यहीं भनाभनले गीततर्फ मलाई आकर्षित गऱ्यो र 'होला बरै' को लोकभाकामा गीत लेखेर शुक्रबारे साहित्यिक कार्यक्रममा सुनाउन थालेँ ।

सो बेलाका कुनै पनि रचना आज मसँग सुरक्षित छैनन् । रचना संकलन गर्नुपर्छ भन्ने सोँच पनि आएन । लेख्यो, सुनायो, खोपामा राख्यो । खोपामा कतिदिन सुरक्षित रहलान् र ती कागजका खोस्टाहरू ?

हामी केही साथीहरू थियौं जो साहित्यप्रतिको गहिरो लगावमा उनिएका । गोकर्ण मरासिनी, कृष्ण विश्वकर्मा (हाल प्रकाश नेपाल) म स्वयं र मोहन बञ्जाडे । मोहन बञ्जाडे र गोकर्ण मरासिनी हामी दुईभन्दा सिनियर हुन् । हस्तलिखित सेवक नामको पत्रिका प्रकाशन, सेवक पुस्तकायलको स्थापना, सेवक पत्रिकाको लागि गीत, कविता लेखन हाम्रो दैनिकी थियो । यस दैनिकीलाई गुरू शशि पन्थीको किरण पुस्तकालयले मलजल गरेको थियो । उधिनढुङ्गाको रेसुङ्गा प्राथमिक स्कूल सकेपछि कक्षा छ भर्ना हुन महेन्द्र हाई स्कूल आएपछिका क्रियाकलाप हुन् यी । किनकि मोहनजी अर्घाखाँचीतिरबाट कक्षा आठमा भर्ना हुन आएका हुन् । कृष्णजी पनि एकैचोटि छ वा सात कक्षामा भर्ना हुन आएका हुन् सायद तराईतिरबाट । गोकर्ण मरासिनी भने उदिनढुङ्गाको स्कूल स्थापना नहुँदै महेन्द्र हाई स्कूलको उत्पादन हो । जेहोस् हाम्रो जोडी जम्यो । लेखनतिर लागियो । अन्त्याक्षरीमा भाग लिन थालियो । सो बेला हुने अन्त्याक्षरी कविताका हुन्थे । आजजस्ता फिल्मी गीतका श्लोकबाट होइन । अन्त्याक्षेरीको कुरा गर्दा बालचन्द्र शर्मा नामका तम्घास बाहिरबाट भागलिन आउने एकजना सहभागीको संझना आउँछ आज पनि मलाई । उनको स्वर जादुमय थियो । रामायण महाभारतका कविताहरू बहुतै मनमोहक तरिकाले सुनाउँथे । बाजी बराकरको हुन्थ्यो । कहिले हामीले जित्थ्यौं । कहिले उनीहरूले लैजान्थे पुरस्कार । सायद उनी शान्तिपुरतिरको कुनै स्कूलको विद्यार्थी हुनुपर्दछ ।

वि.सं.२०३४ सालतिरको कुरो हुनुपर्दछ । स्कूलको जाडो मनाउन म भाडगाउँ घर आएको थिएँ पोखराबाट । पृथ्वीजयन्ती वा यस्तै कुनै अवसर पारेर जिल्ला स्तरीय साहित्यिक गोष्ठीको आयोजना हुँदै थियो तम्घासमा । यस आयोजनाको हर्ताकर्ता हुनुहुन्थ्यो गुरु शशि पन्थी र भेषबहादुर कुँवर । शशि पन्थी किरण पुस्तकालयको संस्थापकसमेत हुनुहुन्छ । सो गोष्ठीमा मलाई पनि भागलिन मन लाग्यो । मैले कथा लेखेँ, एकवर्ष पहिले हाम्रै गाउँकी एक बुज्रूक महिलाले मलाई स्कूल छाडेर गाउँमै आरनको काम गर्न दिएको सुझावलाई कथावस्तु बनाएर । आत्मपरक कथा तयार भयो । अथावा म पात्र खडा गरेर तानाबाना बुनेर शशि सरको हातमा थमाइदिएँ कथा । कथाको शीर्षक थियो किंकर्तव्यबिमूढ । खास भन्ने हो भने यो शीर्षकको अर्थ खोज्न आज पनि मलाई शब्दकोष छिचोल्नुपर्दछ । तर पनि खुब प्रयोगमा आउने शब्द थियो सो बेला । साहित्य गोष्ठी जिल्लास्तरीय रहेछ । **नाम चलेका कवि कथाकारहरूको बीचमा उभिएर खुट्टा कमाउँदै मैले कथा बाचन गरेँ । जाडोको बेला थियो तर पनि कथा वाचन गरेर सकिसक्दासम्म म पसिनाले तरतर भिजेको थिएँ, डर, त्रास र**

लाजले । र यो स्वाभाविक पनि थियो । किनकि यति ठूलो साहित्यिक गोष्ठीमा मैले पहिलोपटक रचना वाचन गरेको थिएँ ।

मेरो कथाले सबैलाई छोएछ । कथा जातीय विभेदको विरूद्ध लेखिएको कारणले पनि निर्णायक मण्डलको मनलाई छुन सफल भयो होला । म तेस्रो भएँ । कार्यक्रम समापनको दिन पुरस्कार पाउने भएँ । यो मेरो जीवनको एक सानदार र अविस्मणीय दिन थियो र हमेशाको लागि रहनेछ ।

कार्यक्रम समापनको दिन थुप्रै किताबहरू पुरस्कार पाएँ नगद रकमसहित । कार्यक्रम विशाल जनसहभागीताका बीच भएको थियो । यस कार्यक्रमले मलाई लेखनमार्गको बाटोमा अगाडि बढ्न प्रेरणा प्रदान गऱ्यो । मेरी ठूली दिदीले धेरै पछिसम्म पनि भन्ने गर्दथे–ठूला तैले पुरस्कार पाएको बेला मैले तलचौरमा बसेर हेरिरहेकी थिएँ ।

जाडो विदा सकिएपछि पुस्कारबापत पाएका किताब बोकेर म गन्तब्यतिर लागैं । सो बेला म नौ कक्षामा पढ्थे गण्डकी बोकिङङ्ग स्कूल लामाचौरमा । पुरस्कार साथीभाइलाई देखाएँ । गुरुहरूलाई सुनाएँ । सबै खुशी हुनुभयो । यो खबरपछि गुरुहरूको मप्रति हेर्ने नजर नै बदलियो । यस केटाले लेख्न सक्छ भन्ने सबैलाई लागेछ । यसै दौरान अर्को संजोग जुर्यो खुब मीठो । सिन्धु नामको काठमाडौंबाट प्रकाशित हुने मासिक साहित्यक पत्रिकाले देशव्यापी स्कूलस्तरीय कविता प्रतियोगिताको आयोजना गरेको खबर हाम्रो स्कूलमा पनि आइपुग्यो । सो प्रतियोगिताको लागि कविता लेखनको जिम्मेवारी स्कूलबाट मैले प्राप्त गरैं ।

कविताको शीर्षक तय थियो – माटोको मायाँ । चार बजेको स्कूल छुट्टीपछि स्कूलतल बग्ने सेती नदीको किनारमा बसेर दुई पाना कविता लेखैं । लेखन पछि रचनाको साफी गर्ने मेरो त्यति बानी थिएन पहिल्यैदेखि । यो आदत आज पनि कायम छ । जुनसुकै रचनाहरू पनि एकै लेखाइमा सक्ने मेरो बानी सो बेलादेखि नै शुरू भएको हो । कविता लेखेर गुरु कीर्तिराज बरालको हातमा थमाइदिएँ । उहाँले केही सुझाव दिनुभयो । सुझावलाई हृदयगम गरी पुनर्लेखन् पश्चात उहाँलाई पुनः देखाएँ । कविता ओके भयो । ओके कवितालाई प्रिन्सिपल गुरू भोजराज न्यौपानेको हातमा थमाइदिएँ । कविता पठाइदिनुभएछ गुरुले काठमाडौं सिन्धु पत्रिकाको कार्यालयमा । मेरो कविता छनोटमा परेछ । खास अवसर पारेर कविता वाचनको निम्तो अयो स्कूलमा । एक डंगोल थरका सिनियर दाइको साथ लागेर काठमाडौं पुगैं म । छानिएका रचना वाचनको लागि देशैभरबाट स्कूले साथीहरू आएका रहेछन् । कविता वाचन कार्यक्रम सम्पन्न भयो । कविता मुल्याङ्कनमा पहिने नै तेस्रो भएको घोषणा भइसकेकोले तेस्रो

स्थानको पुरस्कार पाएँ मैले । केही थान किताब, एउटा कप र निःशुल्क एक वर्ष सिन्धुको ग्राहक सुविधा ।

नमिता सुनिता हत्याकाण्डको सेरोफेरोमा म राजनीतिमा चुर्लुम्म डुबिसकेको थिएँ । दिल साहनी पनि पी.एन.क्याम्पस पढाउन छोडेर पेशेवर कार्यकर्ता भइसक्नु भएको थियो । हामी सबैको नेता क.बामदेव गौतम हुनुहुन्थ्यो । पार्टीले नमिता सुनिता हत्याकाण्डलाई जनस्तरमा ल्याउने हिसाबले सोही घटनालाई मूलविषय बनाएर 'घोषणा' नामको पत्रिका प्रकाशन गर्ने भयो । पत्रिका आजको हिमाल, नेपाल आकारको थियो । रचनाहरू संकलन भए । नमिता सुनिता हत्याकाण्डको रिपोर्ट दिवंगत क. धर्मदत्त देवकोटाले लेख्नुभएको हो । उहाँ भाकपा(माले)मा काम गर्दागर्दै तत्कालीन नेकपा(माले)मा जोडिनुभएको थियो । सम्पादक दिल साहनी हुनुहुन्थो । तम्घासको कथाको पुरस्कार, सिन्धुले आयोजना गरेको कविता प्रतियोगिताको पुरस्कारको अहम् तथा पोखरामै दाजु विजय बजिमयले आयोजना गर्ने साहित्य गोष्ठीहरूमा पाइएका पुरस्कारहरूले गर्दा म आफैले आफैलाई नम्बरी लेखक, साहित्यकारको रूपमा लिने गर्दथे । मैले पनि घोषणाको लागि कुनै किसानको दैनिकीको चर्चा गर्दै एउटा कथा लेखेँ । सम्पादक दिल साहनीले मेरो कथा छाप्न सकिने खालको भनेर मलाई ढाढसमात्र दिनुभएन, छापिदिनु पनि भयो । तर पछि बनारसबाट कथा छापिएर आउँदा कथाका केही लाइन संवादहरू हटेछन् । कथा कताकता नमिले जस्तो भयो । तर पनि छापियो । कथा छापिनु नै मेरो लागि हिमाल चढ्नु जस्तै थियो । मेरो छापा मिडियामा छापिएको यो पहिलो कथा पनि त थियो । त्यसैले गौरवबोध हुने नै भयो ।

यसरी बाल्यकालमै मेरा दुई रचना पुरस्कृत भए । एउटा गुरु शशि पन्थीको छत्रछाँयामा र अर्को गुरु कीर्तिराज बरालको स्नेहमा । तत्कालीन माले पार्टीको अर्धसाहित्यिक पत्रिकाले कथा छाप्यो, आजका वरिष्ठ पत्रकार साहित्यकार दिल साहनीको सम्पादनमा । पछि मेरो लेखन कार्य अवरूद्ध भयो । राजनीतिको झोले जीवन र प्रवासको हातमुखको छिनाझपटीले लेखन हराएर गयो । लेखन निरन्तरता पनि रहेछ, लेखक स्वयम् र लेखकीय जीवनको लागि । लेख्न छोडेपछि भावनाको पनि मृत्यु हुँदोरहेछ । मेरा मनका भावनाहरूको पनि मृत्यु भयो । प्रवासमा बिताएका पूरापूर बाह्र वर्ष कलम नसमाएरै बिते । कलम नसमाएपछि मेरो लागि साहित्य पनि मरेर गयो ।

किंकर्तव्यविमूढ, माटोको मायाँ र घोषणामा छापिए कथासहित तीन रचनाहरू, मेरा होनहार सन्तानहरू हुन् । भला ती आज मेरो साथमा छैनन्, तर पनि उनीहरू मेरो आजको लेखनप्रवाहका अजस्र प्रेरणाहरू हुन् । किंकर्तव्यबिमूढ

लेखेको नै लगभग ४० वर्ष भयो । आदरणीय गुरु शशि पन्थी आफै पाको भइसक्नुभयो । मेरो कथाको संझनाबिर्सना पनि सोहीअनुसार पाको भइसक्यो । माटोको मायाँ छापिएको सिन्धु पत्रिका कहिल्यै बन्द भइसक्यो होला । पूरा अंक मदनपुस्कार पुस्तकालयमा हुनु पर्ने । त्यहाँ गएर खोजतलास गर्ने मरो औकातले भेट्ने कुरो भएन । घोषणाको प्रकाशनपछि दिल साहनीले पार्टी छोड्नुभयो । उहाँसँगै म पनि सिलाङ्ग हुँदै आसामातिर हानिएँ । आजको यो विशाल पार्टीले ती पुराना संग्रहहरू संगालेर राख्ने कुरै भएन । हाम्रो नेता वामदेव हुनुहुन्थ्यो, उनको संझनामा यति पुराना कुराहरू सायदै होलान् ।

रचना हराउनुको पीडा अघोरी हुँदोरहेछ । त्यसमा पनि ती रचनाहरू जसले लेखकलाई खास समयमा पहिचान, हौसला र मार्गप्रसस्त गर्ने काम गरेका हुन् । मेरा हराएका यी तीन थान रचनाहरू जसले मलाई विशाल जनसमुदायको बीचमा उभिएर गौरवको स्वास फेर्ने अवसर प्रदान गरे, फल्नाको छोरो, फल्नाको भाइ, फल्नाको चेलो, फल्नाको आफन्त भन्ने आत्मगौरव दिए, भेटिएलान् नभेटिएलान्, दोसाँध र संभावनाका कुरा हुन् तर पनि तिनीहरू सधैभरिको मेरो सम्झनामा रहिरहने छन् । जसरी आजसम्म पनि रहेका छन् ।

लेखक, पत्रकार, हाल-बुटवल, रूपन्देही ।

–ooo–

नगरवासीहरूमा हार्दिक अनुरोध

- ❑ फोहर सकेसम्म कम उत्पादन गर्न र जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं । फोहर व्यवस्थापनको लागि तोकिएको शुल्क समयमा नै तिरी सभ्य नागरिकको परिचय दिऔं ।
- ❑ जन्मदर्ता, विवाह दर्ता, मृत्यु दर्ता, सम्बन्ध विच्छेद एवम् बसाईंसराइ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- ❑ सार्वजनिक स्थल, नदी एवम् खोलानालालाई फोहर ढल विसर्जन स्थलको रूपमा प्रयोग नगरौं ।
- ❑ घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- ❑ आफ्नो टोललाई हप्ताको एक दिन नियमित रूपमा सफा गर्ने गरौं ।
- ❑ आफ्ना चौपाया छाडा नछाडौं, दुर्घघना न्यूनीकरणमा सहकार्य गरौं ।
- ❑ गाउँपालिकामा तोकिएको कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- ❑ रूख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं, स्वच्छ वातावरण बनाऔं ।
- ❑ खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- ❑ प्लाष्टिकका झोला प्रयोगलाई निरूत्साहित गरौं ।

कमला शर्मा
उप-प्रमुख

तथा

सोमनाथ सापकोटा
प्रमुख

मुसिकोट नगरपालिका

वामीटक्सार, गुल्मी

५० वर्षे यात्राको क्रममा अतिथि तथा आगन्तुक पुस्तिकाका उद्‌गारहरू

आज गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा रहेको श्री किरण पुस्तकालयको निरीक्षण गरें । पुस्तकालयमा पुस्तकहरू र अन्य पत्रपत्रिका सुव्यवस्थित तरिकाबाट राखेको पाएँ र साथै ०३४ सालको तिहारमा पुस्तकालयका सहयोगी सदस्य, स्थानीय शिक्षक र विद्यार्थीहरूको सहयोगबाट भैलो खेली जम्मा रकम रू.१९००।- (एक हजार नौसय मात्र) उठेको रहेछ । त्यसमध्ये रू.१७९।७५ मैन्टोलको जाली किन्न, मट्टितेल, नाँच्ने गाउने बजाउनेलाई सिगरेट, सलाई, चिया, रोटी आदिमा खर्च भै बाँकी रहेको १६८३।५० को फर्निचर जस्तै दराज ५ वटा, कुर्सी ३ वटा, टेबुल २ वटा, एक दानपात्र, एक पत्रपात्र, एक टोकरी र पाँचवटा पेपरवेटमा खर्च गरेको रेकर्डबाट देखिन्छ । खर्च गरी बाँकी रहेको रकम रू.३६।७५ बैंकमा जम्मा भएको छ भनी सचिव श्री शशि पन्थीज्यूले अवगत गराउनुभयो । अन्त्यमा पुस्तकालयको उत्तरोत्तर वृद्धिको कामना गर्दछु ।

लक्ष्मण पाण्डे
नि.जि.शि.अ.-जि.का.शि.शा., गुल्मी
२०३४।११/२३

लुम्बिनी अञ्चल भ्रमणको सिलसिलामा यहाँ आई पुगी किरण पुस्तकालयको अवलोकन एवं निरीक्षण गर्न पाउँदा खुसी लागेको छ ।

यस भेगमा अत्यावश्यक महसुस भएको खाँचोलाई पूरा गरी सबैलाई शिक्षा र ज्ञान प्रदान गर्न यो पुस्तकालय सफल हुनेछ भन्ने विश्वास लिंदै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

- शैलेन्द्रप्रसाद सिंह
लुम्बिनी अञ्चलाधीश
२०३५/०८/१७

यस पुस्तकालयको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

- पशुपति शम्शेर जवरा
शिक्षा राज्यमन्त्री
२०३५/१०/०५

गुल्मी स्थित रेसुङ्गा तपोभूमिमा आउने सौभाग्य पाएको अवसरमा यो किरण पुस्तकालयमा पनि आउने मौका पाएँ । यहाँका सबै पक्षमा हुँदै गएका विकासहरू देखेर सारै राम्रो लाग्यो । हामीले आफ्ना कुरा र पनहरूको सधै संरक्षण र विकास गर्दै जान सकौं र यो पुस्तकालयको उत्तरोत्तर विकास हुँदै जावोस् भन्ने हार्दिक कामना गर्दै यसको उन्नतिका लागि निरन्तर प्रयास गरिरहनुहने सम्बन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

- बद्रीविक्रम थापा
अध्यक्ष : गुठी संस्थान
२०३६/०७/२६

आज गुल्मीको सदरमुकाम गुल्मी तम्घासमा रहेको किरण पुस्तकालयको निरीक्षण गर्दा ज्यादै प्रभावित भएको छु । जनताले आफ्नो स्रोतबाट सञ्चालन गरेको यो पुस्तकालयले उन्नति गर्दै जाओस् मेरो हार्दिक शुभेच्छा छ । धन्यवाद !

- मनमोहन मिश्र
अञ्चलाधीश, लुम्बिनी
२०३६/०८/०१

किरण पुस्तकालयको निरीक्षण गर्ने शुभ अवसर पाएँ । गुल्मीका उत्साही युवकहरू एवम् बुद्धिजीवीहरूबाट गरिएको अति राम्रो कामको यो एउटा अनुपम उदाहरण एवम् प्रतीकको रूपमा रही उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

- मदनबहादुर प्रधान
२०३७/०६/२०

किरण पुस्तकालयको बारेमा मैले सुनेको थिएँ र अहिले यस भेगको भ्रमणमा आउँदा यस पुस्तकालयमा केही क्षण बिताउने मौका मिल्यो । यहाँ पुस्तकालयको खाँचो निकै छ र त्यसलाई पूर्ति गर्न यसका सञ्चालकहरूले गरेको योगदान निकै प्रशंसनीय छ । सबैले यस्ता सामाजिक काममा अभिरुचि लिएर सक्दो योगदान गरे समाज सप्रिन कति धेरै समय लाग्दो हो र ! पुस्तकालयको निरन्तर प्रगतिको कामना गर्दछु ।

- टीका कार्की
बल्ढेङ गढी, पाल्पा, हाल-काठमाडौं
२०३८/०२/१२

I am proud that Tamghas has such a fine library as the Kiran Library. Many villages that I have visited have no library and therefore the villagers cannot receive news from outside. Tamghas does not have this problem and every person in Tamghas benefits from this library and its fine staff. Shashi Panthi, Din Panthi and Bhes Bahadur Kunwar.

For me, Kiran Library is a way of having communication with Nepal and Tamghas. I hope that for many years to come I will correspond with my wonderful, dear friends from Tamghas. Not only the people of Tamghas, but I also benefit from the Kiran Library.

Forever Yours,
Michael Harris
American Peace Corps Volunteer
Nov. 17, 1981

मुझे किरण पुस्तकालयका अवलोकन कर के बडी खुसी हुई । पुस्तकालय के सचिव श्री शशि पन्थी जी ने इसको बहुत अच्छी प्रकार चलाया हुया है । भारत के भूतपूर्व सैनिक तथा उनके बालक भी इस पुस्तकालय से लाभ उठाते है । सचिवजी ने पुस्तकालय के लिए जो सहायता की इच्छा प्रकट की हैं उसको भारत के भूतपूर्व सैनिक अवश्य पूरी करेंगे ।

शुभकामना सहित !

- प्रकाश सिंह चौहान
मिलिटर एवं एयर उटैशे, काठमाडौं
नोभेम्बर १९, १९८१

I visit this library (Tamghas) first time (June 29, 1982) very fine. Such, this library is very good for villager (Tamghas).

I hope more development.

JOCV
Tatsohisa Flyiwara
June 29, 1982

ज्ञानको किरण फैलाउनमा यस किरण पुस्तकालयलाई अझ बढी सफलता मिलोस् भन्ने मेरो कामना छ ।

– खड्गविक्रम शाह
२७/०९/२०३९

जिल्ला गुल्मी, तम्घास स्थित किरण पुस्तकालयको सरसरी निरीक्षण गर्न पाउँदा खुसी लागेको छ ।

२०२५ सालमा स्थापित भएको किरण पुस्तकालयले यस क्षेत्रका आवश्यकताको परिपूर्ति गर्ने काममा योगदान गरेको छ । कुनै पनि पुस्तकालय ज्ञान प्राप्तिको आधार मात्र नभई विचारको आदानप्रदान गर्ने केन्द्र पनि हो । ४००० भन्दा बढी पुस्तकहरू र ३० प्रकारका साप्ताहिक, पाक्षिक र मासिक पत्रिकाहरू भएको यस पुस्तकालयको आफ्नै भवनसमेत निर्माण भई दुई कर्मचारीहरूसमेत नियुक्ति गरी दैनिक रूपमा सञ्चालन गरेको र दैनिक पुस्तक लाने ल्याउने गरेकाले पढन्ते जनसंख्याको निमित्त सेवा सहयोग गरेको प्रशंसनीय कार्य भइरहेको बुझ्न पाउँदा खुसी नहुने विरलै होलान् ।

यी सबै व्यवस्था मिलाई सुचारू रूपले सञ्चालन गरेकोमा किरण पुस्तकालयका सञ्चालक समिति विशेष गरी अध्यक्ष तथा सचिव शशि पन्थीको प्रयासको सराहना गर्दछु । यस पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ' पत्रिका मैले केही वर्षदेखि हेरिरहेको छु । यसले लुम्बिनी अञ्चलका समस्त साहित्यिक क्षेत्रको सशक्त रूपले प्रतिनिधित्व गरिरहेको छ भन्ने मलाई लागेको छ ।

किरण पुस्तकालयको समुन्नतिका निमित्त सबैको सहयोग आवश्यक छ ।
धन्यवाद सहित ।

काजीमान कन्दङ्वा
अञ्चलाधीश, लुम्बिनी
२०४१/९/८

यो लाइब्रेरीलाई देखेर हामी दुई जनालाई खुसी लाग्यो । नेपाल गरीब देश हो तर मान्छेको मन र आत्मा धनी छ । अर्को देशको भन्दा नेपालीहरू एकदम राम्रा छन् । त्यो संसार जस्तै ठूलो हामी सम्झन्छौं । ल ..... हामीलाई कहिले पनि नबिर्सनु होला ।

– माइकल एडवर्डस, नेन्सी बामान, *Paklihawa*
२४ मार्च, १९८५

यस गुल्मी जिल्लाको वामीटक्सारस्थित श्री महेन्द्र आदर्श माध्यमिक विद्यालयको श्री नेपाल जुनियर रेडक्रस सर्कलद्वारा आयोजित प्रथम राष्ट्रिय दैवी प्रकोप पूर्व तयारी तथा उद्धार कार्यशाला गोष्ठीमा भाग लिई फर्कदा यहाँ तम्घासमा आई किरण पुस्तकालय हेर्ने सौभाग्य पाएँ ।

यो पुस्तकालय व्यवस्थित ढङ्गले चलिरहेको पाएँ । यसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

- स्वयम्भूलाल श्रेष्ठ
उपाध्यक्ष : नेपाल रेडक्रस सोसाइटी
२०४२/३/२

मान्छे भनेको हाड-छाला मात्र होइन; अपितु मन मस्तिष्कसमेत हो । मानव-जातिको समुन्नति र मानव-सभ्यताको विकासका लागि भौतिक समृद्धि मात्र पर्याप्त छैन; अपितु मानव मन र आत्माको पनि उत्तिकै उत्थान हुन आवश्यक छ । मान्छेको मनभित्र अन्तर्निहित उत्सुकता, नव-नूतनको चाहना र संकल्पले ज्ञान-विज्ञानका अनन्त द्वारहरू खोल्न लगाएका छन् र मानव-सभ्यतालाई क्रमिक रूपमा अगाडि बढाउँदै आएका छन् ।

वर्तमान नेपालको उपभोक्तावादी संस्कृतिले अत्यधिक जनता प्रभावित भइरहेको सन्दर्भमा ज्ञान-विज्ञानको संरक्षण र सम्वर्धन गर्न किरण पुस्तकालय प्रयत्नशील रहेको फेला पारिनु प्रसन्नताको विषय हो । अझ महत्त्वपूर्ण कुरा त के छ भने यसको संस्थागत विकासका लागि स-साना तर महत्त्वपूर्ण कदमहरू चालिएका छन् । भवन, कार्यसञ्चालन गर्ने क्षमताको विकास र अन्य भौतिक सामग्रीको विकासमा पुस्तकालयले ध्यान दिदै गएको अनुभव हुन्छ ।

ज्ञान भनेको नयाँ पुस्तालाई पुरानो पुस्ताले छोडेर जाने बहुमूल्य सम्पत्ति हो । यसको संरक्षण र संवर्धनमा सबैको समान चिन्ता, समान अधिकार र समान कर्तव्य पनि हुन्छ । पुस्तकालयको संरक्षण र संवर्धन गर्ने कार्यमा नयाँ-नयाँ पुस्ताबाट पनि उत्तिकै चासो देखाइने छ भन्ने अपेक्षासहित 'किरण पुस्तकालय' उत्तरोत्तर ज्ञान-विज्ञानका अनन्त द्वारहरू खोल्ने काममा बढी सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

- बद्री खनाल
प्रमुख : संगठनात्मक गतिविधि विभाग,
नेपाल रेडक्रस केन्द्रीय कार्यालय, ताहाचल, काठमाडौं
२०४२/०३/०३

खास गरी गुल्मी जिल्लावासीका लागि ज्ञान-ज्योतिको अनन्त भण्डार, किरण पुस्तकालय हो । यसको उन्नति र प्रगतिका लागि सहयोग पुऱ्याउनु विशेष गरी यो जिल्लावासी र हामी सबैको परं कर्तव्य हो । यसले उत्तरोत्तर प्रगति गर्दै जाओस् भन्ने कामना गर्दछु ।

- लक्ष्मीप्रसाद शर्मा
केन्द्राध्यक्ष
गुल्मी परीक्षा केन्द्र
२०४२/०९/१२

शृङ्ग ऋषिको तपोभूमि रेसुङ्गाको यात्रामा आउँदा मलाई अत्यन्त खुसी लाग्यो । परन्तु धार्मिक र आध्यात्मिक दृष्टिले मात्रै होइन अपितु सामाजिक ज्ञानको दृष्टिले पनि प्रभावित भएको छु । यस क्षेत्रका सन्त शशिधर शर्मा मुनि र लक्ष्मीधर गुल्मी जिल्ला तम्घासका मात्र गौरवशाली नभएर समग्र नेपाल राष्ट्रका गौरवशाली महापुरुष हुन् । ती महापुरुषहरूको चरण परेको ठाउँ अवश्य पनि तीर्थ हुन्छ । त्यसमा पनि ती महापुरुषहरूलाई चिनाउने ज्ञान-मन्दिर (पुस्तकालय) छ भने अझ पूर्ण तीर्थस्थल हुन जान्छ । ज्ञान-मन्दिरको उपासना साना ठूला आस्तिक नास्तिक सबैले गर्दछन् । धार्मिक तथा आध्यात्मिक तीर्थ जस्तै ज्ञान-मन्दिर पनि समाज र राष्ट्रको गौरव हो । जसलाई लोक भाषामा पुस्तकालय र वाचनालय भनिन्छ । तम्घासमा आउँदा किरण पुस्तकालयको अवलोकन गरेर मैले निकै ठूलो अनुभव गरेको छु । पुस्तकालयको अध्यक्ष हाल सचिव श्री शशि पन्थीजीसँग साक्षात्कार गरेर पुस्तकालयसम्बन्धी चर्चा प्राप्त गरें । पुस्तकालयले अहिलेसम्म कैयौं साहित्य प्रकाशन पनि गरेको छ । यसरी नै भविष्यमा पनि नेपाली साहित्य प्रकाशन र जनसेवा गर्दै जाला भन्ने विश्वास गर्छु । परन्तु केवल अध्यक्ष अथवा कर्मचारीहरूबाट मात्र पुस्तकालयको उन्नति हुन सक्दैन । त्यसो भएको हुनाले सरकार र जनसेवाको पनि उत्तिकै आवश्यकता देखिन्छ । निकट भविष्यमा यो पनि साकार होला भन्ने ठानेको छु । पुस्तकालय सञ्चालन समिति र अध्यक्ष हाल सचिव श्री पन्थीजी प्रशंसाका पात्र हुनुहुन्छ । एतदर्थ धन्यवाद ।

- डा. स्वामी प्रपन्नाचार्य
१५ सेण्ट्रल स्कूल कालोनी
काशी हिन्दू विश्वविद्यालय, वाराणसी ५
२०४४/४/१२

Kiran Library is one of the best achievements of the people of Gulmi District. Any library in the world, whatever its size, is a fundamental contribution to the universal human quest for knowledge. But it is particularly to the great merit of its founders to have created and maintained such an enterprise during 19 years, if one looks at the "minimum" material conditions of this part of Nepal. This creation is directly to the great intellectual tradition of the Chaubise country. It is also one of the essential steps to development and democracy in Nepal. Let it's creators and helpers are proud of such an achievement.

- Philippe Ramirez
French National Centre for Scientific Research (CNRS)
24 November, 1987

C.N.R.S. को गुल्मी र अर्घाखाँची विषयक ऐतिहासिक स्थलगत सर्वेक्षणका क्रममा यस जिल्लाको सदरमुकाम तम्घास आई यहाँ संस्थापित ज्ञानकुटी, किरण पुस्तकालयमा क्षणिक विश्रान्ति एवं श्रद्धासुमन अर्पण गर्न पाउँदा यो घटरूप शरीरभित्र सीमित मन, अथाह आत्मालाई अत्यन्त आल्हाद पारेको छ, किन हो कुन्नि ? पीडित पश्चिम नेपालमा एउटा आलोक जो, प्रच्छन्नावस्थामा थियो त्यसको मुसमुसे बास्ना यो तम्घासले आरक्षण गर्न सफल छ । स्वनामधन्य साहित्यानुरागी, मिष्टभाषी, व्यवहारपटु एवं यसै पुस्तकालयका संस्थापकको न्यानो छहारीले गुल्मी पुलकित छ । यदाकदा भ्रमणानुरागी व्यक्तिहरूप्रति उहाँको व्यवहार साह्रै हृदयस्पर्शी छ । यस संस्थाको उत्तरोत्तर उन्नतिको शततः कामना गर्दछु । यस संस्थालाई सकेसम्म सहयोग गर्ने औकात पल्हाई लायक हुन सके आफूलाई धन्य ठान्ने छु ।

- राजाराम सुवेदी
उप-प्राध्यापक, केन्द्रीय इतिहास शिक्षण विभाग
कीर्तिपुर, त्रिभुवन विश्वविद्यालय, काठमाडौं
२०४४/०८/०८, ६:०० बजे

गुल्मी जिल्लाका उत्साही युवकहरूद्वारा २०२५ सालमा तम्घासमा संस्थापित किरण पुस्तकालयले यस ठाउँका जनताका लागि पुस्तक तथा पत्रपत्रिकाको पठन-वाचनको व्यवस्था गर्दै आइरहेको थाहा भयो । पुस्तकालयबाट नियमित रूपमा 'हाम्रो पुरुषार्थ' नामक अर्थवार्षिक पत्रिका प्रकाशित हुने गरेको रहेछ ।

यस पत्रिकाले गुल्मेली प्रतिभाहरूको सिर्जनाशक्ति बढाउनामा राम्रो अवसर प्रदान गरेको छ । यसका अतिरिक्त पुस्तकालयद्वारा नै हालसम्म ५ प्रकारका पुस्तकहरू प्रकाशित भएका हुनाले यस क्षेत्रको साहित्यको विकासमा ठूलो योगदान पुगेको अनुभव भयो । पुस्तकालयको विकासका लागि सबैको सहयोग निरन्तर प्राप्त हुँदै गई यस क्षेत्रको ज्ञानको भण्डार वृद्धि गराउनमा पूर्ण सफलता प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

- ग्रीष्मबहादुर देवकोटा
सदस्य : राजसभा स्थायी समिति
२०४४/९/२८

During my visit to Tamghas I was, among many other things, toured in the Kiran Library. Books being one of my big interests, and I know the big interest for many people of Nepal and Sweden also, it was very interesting to visit your library. It is impressing to create, by voluntarily contributions and work alone, such a library and place for recreation and education. I wish the Library Committee, and all it's enthusiastic members, all luck in the future. Your work is needed.

With many thanks for a very pleasant time in Gulmi district and Tamghas.

- Gellert Tameas
Sweden

आज म दोस्रो पल्ट यस पुस्तकालयमा आइरहेको छु । हाम्रो पुरुषार्थ पत्रिकाको प्रकाशन र यसका विविध विशेषता ओगटेका विशेषाङ्कहरूले नेपाली पुस्तकालय जगत् र साहित्य जगत्मा यस अञ्चलको एशोवर्धन गरेका छन् भन्दा कुनै अत्युक्ति छैन । शशि पन्थीज्यूको अथक परिश्रमको साकार स्वरूप नै यस पुस्तकालयको वर्तमान समृद्ध स्वरूप हो । म पुस्तकालय सञ्चालक समितिका समस्त सदस्यहरूलाई हार्दिक धन्यवाद टक्र्याउँछु । फेरि पछि भेटघाटको प्रतीक्षासाथ अहिले यत्ति ।

लाटो साथी
- विष्णुराज आत्रेय
अतिथि प्राध्यापक, भाषा विज्ञान विभाग
सम्पूर्णानन्द संस्कृत वि.वि., वाराणसी
२०४४/१०/२३

It is now a friend than as a foreign that I sign here ! The Kiran library enters its 21st year and I wish that its activity continues and expels. Having visited many cities in Nepal I was my that this library is unique in its setting and unfoutence.

- Carville Jest
CNRS France
26 March, 1989, Easter Day

यस किरण पुस्तकालयले गुल्मी जिल्लाको ठूलो सेवा गरेको छ । बितेका काला र अन्धकारपूर्ण दिनहरूमा पनि आफ्ना किरणद्वारा यथाशक्य गुल्मीवासी चेतनशील वर्गमा थोरै मात्रामा भए पनि ज्ञानको प्रकाश फैलाउने प्रयास गरेको सर्वविदितै छ । अब त देशमा प्रजातन्त्रको लहर चलेको छ र निर्वाध रूपले आफ्ना क्रियाकलापहरू जिल्लामा मात्र होइन देशभरमा सम्पूर्ण नेपालीलाई ज्ञानको किरण फैलाउन सफल हुनेछ र यसको उत्तरोत्तर उन्नति हुनेछ भन्ने पूर्ण विश्वास गर्दछु ।

– नीलाम्बर पन्थी
सदस्य : नेपाली काँग्रेस, केन्द्रीय समिति
२०४७/०३/०५

पुस्तकालय आधुनिक ज्ञान, विज्ञान र शिक्षा संस्कृति प्रसारको अति आवश्यक अंग हो र आजको मानव जातिनिम्ति यो अति नै गौरवशाली संस्था हो ।

पुस्तकालय सञ्चालन सामाजिक क्षेत्रको ज्यादै महत्त्वपूर्ण काम हो । यस काममा स्वयंसेवाको ज्यादै महत्त्वपूर्ण स्थान रहन्छ ।

गुल्मी जस्तो पहाडी जिल्लामा पुस्तकालय स्थापना र सञ्चालन गर्नु, जनतामा यसको महत्त्व बुझाउनु एउटा सामाजिक क्रान्ति नै हो । यस पुस्तकालयमा जस्तो पुस्तक संकलन छ, जस्तो पत्रिकाहरूको व्यवस्था छ र जसरी यसले प्रकाशनमा समेत हात हालेको छ । त्यो ठाउँ र स्थितिभन्दा उम्दा स्तरमा रहेको मान्नैपर्छ । यसको स्थापना र सञ्चालनमा क्रियाशील साथीहरू अभिनन्दनीय हुनुहुन्छ । उहाँहरूका प्रयत्नको म सदा प्रशंसक रहेको छु ।

यसको सञ्चालन अबको प्रजातान्त्रिक वातावरणमा अझ व्यापक र व्यवस्थित ढङ्गले अघि बढ्नुपर्छ । यस काममा सबै राजनीतिक पार्टीहरू, जनवर्गीय संगठनहरू, सामाजिक संस्थाहरू, शिक्षण संस्थाहरू र सरकारी संस्थाहरूको

राम्रो सहयोग रहोस् र साथीहरूको प्रयत्न अझ क्रियाशील होस् भन्ने हार्दिक कामना व्यक्त गर्दछु ।

- मोदनाथ प्रश्रित
२०४७/८/१

आज किरण पुस्तकालयमा आएर यहाँको व्यवस्था हेर्दा मलाई बढी प्रोत्साहन मिलेको अनुभव गर्दछु ।

यो पुस्तकालयको स्थापना यहाँबाट प्रकाशित पुस्तकहरू र 'हाम्रो पुरुषार्थ' जस्ता कृतिहरूले यस गुल्मी जिल्लाकै गौरव बढाउँदै नेपाली साहित्यको क्षेत्रलाई नै मलजल गरेको छ । गुल्मी जिल्लावासी एउटा नागरिकको हैसियतले र मेरो आजसम्मको अनुभव र समझले यस्तो प्रशंसनीय काम गर्ने प्रिय शशि पन्थीजी एवं संलग्न सबैमा आभार आदर प्रकट गर्दै उहाँहरूबाट प्रेरणा लिन्छु ।

- सूबसेन
२०४८/०८/०९

आकस्मिक रूपमा म भोजपुरको कन्दराबाट गगनचुम्बी सहर काठमाडौंको प्रवासमा भएको बेला जिल्ला विकास समितिको अति नै महत्त्वपूर्ण निर्वाचन ताका यही २०४९ साल आषाढ २५ गते यस रमणीय गुल्मी जिल्लामा आउने मौका पाएँ ।

यहाँको बसाइमा आदिकवि भानुभक्तको जन्म जयन्ती समारोह तथा साहित्य गोष्ठीमा सहभागी बन्ने सुनौला अवसरको नाजायज फायदा पनि मैले उठाउने सुअवसर पाएँ । म यो किरण पुस्तकालयले प्रजातन्त्रको पक्षमा ज्ञानका सुनौला किरण छर्ने अवसर प्रदान गरोस् भनी शुभकामना व्यक्त गर्दछु ।

- नारायणबहादुर कार्की
भोजपुर
२०४९/३/२९

धेरै समय अघिदेखि किरण पुस्तकालयका गतिविधिका बारेमा धेरै सुनेको थिएँ । यस पुस्तकालयद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ' सँग पनि परिचित थिएँ तर प्रत्यक्ष रूपमा पुस्तकालय हेर्न लालायित थिएँ । गुल्मी जिल्लाको तम्घास जस्तो ठाउँमा पनि यस्तो पुस्तकालय स्थापना गर्न सक्रिय रहने मित्र शशि पन्थी र अन्य सहयोगी साथीहरू धन्यवादका पात्र हुनुहुन्छ ।

पुस्तकालय सभ्य समाजको इज्जत हो, मान हो र प्रतिष्ठा हो । यसले सदा ज्ञानका किरणद्वारा अज्ञानरूपी अन्धकारलाई नाश गर्नेछ । र चेतनशील नागरिक तयार गर्नमा सक्षम हुनेछ । आजको प्रजातान्त्रिक युगमा जनताका सुसूचित हुने अधिकारलाई यसले संरक्षण गर्नेछ भन्ने कुरामा म विश्वस्त छु । पुस्तकालयको भवन, पत्रपत्रिकाको व्यवस्था, गतिविधिबारे जस्तो सुनेको थिएँ त्यस्तै पाएँ । पत्रपत्रिका, पुस्तकहरू साहित्यिक धरोहरका रूपमा यस पुस्तकालयले संरक्षण गरी अनुसन्धानकर्ताहरूका लागि ठूलो योगदान पुऱ्याउन सक्नेछ भन्दै पुस्तकालयको अझ विस्तार र उत्तरोत्तर प्रगतिको लागि कामना गर्दछु ।

- वनमाली निराकार
तानसेन, पाल्पा
२०५०/०३/२१

२०२५ साल कार्तिक २० गतेका दिन गुल्मी खास गरी सदरमुकाम तम्घास निवासी चेतनशील नौजवानहरूको अदम्य उत्साहबाट स्थापित यो किरण पुस्तकालयले निरंकुश निर्दलीय पञ्चायती व्यवस्थाको विरूद्धमा समेत जागरण ल्याउने काममा एउटा महत्त्वपूर्ण भूमिका खेलेको मैले अनुभव गरेको छु । विभिन्न किसिमका प्रताडनाका बावजुद यो पुस्तकालय सञ्चालक तथा संस्थापक महानुभावहरूद्वारा वार्षिक र अर्धवार्षिक रूपमा 'हाम्रो पुरुषार्थ' नामक पत्रिका प्रकाशित गरेर पुस्तकालयको परिचयको साथै जनचेतना र जनजागरण ल्याउन जुन भूमिका खेलियो यो स्तुत्य छ ।

अहिलेको बहुदलीय व्यवस्था प्राप्तिपछि यो पुस्तकालय र पुस्तकालयद्वारा प्रकाशित हुँदै आएको 'हाम्रो पुरुषार्थ' जति फक्रनुपर्ने हो त्यति हुन नसकेको कुरा महसुस भयो । प्रजातन्त्रका हिमायती सबै महानुभावहरूबाट यो पुस्तकालयलाई आजको आवश्यकतानुसार यसको संवृद्धिको लागि सहयोग मिलोस् र यसको उत्तरोत्तर प्रगति होस् भन्ने हार्दिक कामना गर्दछु ।

- सिद्धिनाथ ज्ञवाली
राष्ट्रिय सभा सदस्य
२०५०/०६/१९

आज दिनाङ्क २०५५/१/१६ का दिन यस गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा स्थित श्री किरण पुस्तकालयको स्थलगत निरीक्षण गरियो । २०२५ सालमा स्थापित भई शिक्षा नियमावली २०२७ को परिच्छेद १७ अन्तर्गत जिल्ला शिक्षा अधिकारीको कार्यालय पाल्पाबाट अनुमति प्राप्त गरी हालसम्म अविच्छिन्न रूपमा सञ्चालन भइरहेको यस पुस्तकालयमा हाल भवन १ ढुङ्गाको छाना भएको, कोठा

५, काठका दराज १८, स्टील दराज ३, कुर्सी, बेञ्च, टेबुल प्रशस्त र करीब ५००० जति विभिन्न किसिमका पुस्तकहरू तथा स्वदेशी तथा विदेशी दैनिक, साप्ताहिक, मासिक पत्रपत्रिकाहरू रहेको पाइयो । करीब १ रोपनी आफ्नै जग्गामा रहेको यस पुस्तकालयले विगत २५ वर्षदेखि 'हाम्रो पुरुषार्थ' नामक शुरूमा वार्षिक र हाल अर्धवार्षिक पत्रिका प्रकाशन गर्दै आएको र विभिन्न ७ वटा पुस्तकहरूसमेत प्रकाशित गरेको देखिन्छ । यस पुस्तकालयले आफ्नो नामअनुरूप ज्ञानको किरण प्रसारण गर्ने कार्यमा प्रशस्त योगदान पुऱ्याएको र अझै बढी पुऱ्याउने दिशातर्फ अग्रसर देखिन्छ । अतः शिक्षा नियमावली २०४९ (छैठौ संशोधन २०५४ सहित) को परिच्छेद २४ को नियम १२२ को उपनियम ३ बमोजिम जिल्ला शिक्षा कार्यालय गुल्मीबाट यस पुस्तकालयलाई स्वीकृति प्रदान गर्न मनासिव देखिन्छ । अन्त्यमा यस पुस्तकालयको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

- सूर्यप्रसाद भूसाल
नि.जि.शि.अ.
जि.शि.का., गुल्मी
२०५५।१।१६

किरण पुस्तकालय गुल्मी जिल्लाको गहना हो र राष्ट्रकै सम्पत्ति हो भन्ने कुरामा अब विवाद छैन । ३३ वर्षदेखि गुल्मी जिल्लामा निरन्तर ज्ञानको बत्ती बालेर यसले प्रज्ञाको विकासमा ठूलो योगदान गरिसकेको छ ।

'हाम्रो पुरुषार्थ' पत्रिका र अन्य पुस्तकहरूको प्रकाशन किरण पुस्तकालयको अर्को पुरुषार्थ हो । करीब सात हजार पुस्तकको संकलन, थुप्रै पत्रपत्रिकाको नियमित पठनव्यवस्था, प्रशस्त पत्रपत्रिकाको संकलन जस्ता कुराले पुस्तकालय समृद्ध भएको छ ।

यसपालि निकै वर्षपछि तम्घास आउँदा किरण पुस्तकालय भवनको सुन्दर अनुहार र भित्रको सजावट हेर्दा मन हरक्क भयो । यसमा निरन्तर आफ्नो श्रम र प्रतिभा खर्चने समाजसेवी र ज्ञानसेवीहरूलाई धेरै धन्यवाद !

किरण पुस्तकालय पुस्तकहरूको माइक्रो फिल्म बनाउने, इन्टरनेटबाट पाठ्यसामग्री उपलब्ध गराउने र अडियो, भिडियो जस्ता सामग्रीलाई पनि पाठ्य, श्रव्य-दृश्य माध्यमहरूको विकास गर्न पनि सफल होस् भन्ने हार्दिक शुभकामना !

- मोदनाथ प्रश्रित
२०५८।६।२७

पूर्वमा रेसुङ्गा र पश्चिमतिर अर्जुन पहाडले संरक्षण दिएको प्राकृतिक सुरम्य स्थल तम्घासमा आइपुग्दा हृदय नै प्रफुल्लित भएको छ ।

मित्र शशि पन्थी र भाइ दीन पन्थी तीन दशकअघिदेखिका आत्मीय व्यक्तिका रूपमा स्थापित हुनुहुन्छ । तम्घास र वरपर धेरै जना मित्र र परिचितहरू छन् । आँखाले नदेखे पनि कर्णश्रुतिद्वारा पूर्ण परिचित छु । परिचित थिएँ ।

यसपटक प्रत्यक्ष देख्ने अवसर पाएँ ।

हाम्रो पुरुषार्थ र किरण पुस्तकालय देशका थोरै साहित्यिक पत्रिका र शैक्षिक जागरणमा यी दुबैको यस भेगमा महत्त्वपूर्ण योगदान छ ।

दुर्गम क्षेत्रमा पनि यति व्यवस्थित र विकसित पुस्तकालय सञ्चालन गर्न सक्नु गौरवपूर्ण कार्य हो ।

पुस्तकालयलाई ज्ञान-मन्दिर, सरस्वतीवासस्थान भनिन्छ । व्यवस्थापन, संरक्षण र संवर्धन अत्यन्तै कठिन कार्य हो । यस निम्ति ठूलो त्याग र लगनशीलता आवश्यक छ । निश्चय पनि यो किरण पुस्तकालय राष्ट्रको अमूल्य ज्ञाननिधिका रूपमा स्थापित हुनेछ ।

- डा. तुलसी भट्टराई
सदस्य सचिव : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
२०५७/१२/१९
चैत्रशुक्ल महाष्टमी, बिहान ८:३० बजे

स्नेही मित्र शशि पन्थीज्यूबाट तम्घासको किरण पुस्तकालय र पुस्तकालयको मुखपत्र हाम्रो पुरुषार्थका विषयमा पूर्व परिचित थिएँ । आदरणीय डा. टीकाराम पन्थीज्यूबाट लिखित 'केही जनश्रुतिहरू' भन्ने पुस्तकबाट पुण्यभूमि रेसुङ्गा र वरिपरिका स्थलका विषयमा थाहा पाएको थिएँ र यस क्षेत्रमा आउने ठूलो धोको थियो । किरण पुस्तकालयको आयोजकत्वमा हुन लागेको नेपाली भाषिक संगोष्ठीमा सहभागी हुन पाउँदा अत्यन्त हर्षित छु र पुण्यभूमि रेसुङ्गा, रिडीको दर्शन गर्ने धोको पूरा भयो ।

जनचेतना, साहित्यिक विकास र सामाजिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने किरण पुस्तकालय हेर्ने सुअवसर प्राप्त भयो । २०२५ सालमा स्थापित र आफ्नै भवन भएको यस पुस्तकालयमा झण्डै छ हजार पुस्तक पुस्तिका रहेछन् । यस पुस्तकालयले समय समयमा साहित्यिक कार्यक्रम गर्नुका साथै "हाम्रो पुरुषार्थ" जस्तो साहित्यिक पत्रिका प्रकाशन गरेर, नेपाली भाषा साहित्यको क्षेत्रमा ठूलो

योगदान पुऱ्याएको छ । यस पुस्तकालयका सम्पूर्ण सञ्चालक मित्रहरू र मेरा पूर्व परिचित अभिन्न मित्र शशि पन्थी र दीन पन्थीहरूको परिश्रम अत्यन्त सराहनीय छ । म यस पुस्तकालयको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

- सनत रेग्मी
२०५७/१२/१९

नेपाल अधिराज्यको पहाडी भू-खण्डमा पठनपाठन र चिन्तन मननको संस्कृति विकसित भएका ठाउँहरू कमै छन् । औपचारिक शिक्षाका केन्द्रका रूपमा स्थापित विद्यालय र क्याम्पसहरूको संख्या बढ्दै गएको पाइए तापनि पुस्तकालय र वाचनालयको सञ्चालन नियमित रहेका ठाउँ पाउन गाह्रो पर्दछ । यस्ता सीमित संस्थाहरूमा पर्दछ गुल्मी तम्घासमा सञ्चालित किरण पुस्तकालय । यसले आफूलाई जीवन्त संस्थाका रूपमा अघि बढाउँदै आएको छ र सिङ्गो समाजबाटै शैक्षिक, सांस्कृतिक चेतना प्रसारित गरिराखेको छ । यस्ता संस्थाले नै नेपाल र नेपालीहरूको उन्नति र प्रगति एवं निजत्वको पहिचानमा सही बाटो देखाउन सक्छन् । अतः यो संस्था आफ्नो यात्रामा अझ बढी सशक्त बन्दै जान सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

- व्रतराज आचार्य
२०५७/१२/१९

वि.सं. २०२५ देखि चल्दै आएको किरण पुस्तकालयले आफ्नो ३२ वर्षे जीवनावधि पार गरेको छ । यसले अनेक मौलिक अनुसन्धानात्मक ग्रन्थहरू प्रकाशित गरिसकेको छ । यसमा यदुकानन्द स्वामी (रेसुङ्गाका राणाकालीन प्रभु) को आश्रममा रहेका वेद र पुराणदेखि लिएर अहिलेसम्म विभिन्न ठाउँमा अनेक देशहरूमा प्रकाशित पुस्तकहरू सञ्चित छन् । यसले हाम्रो पुरुषार्थ पत्रिका पूर्णाङ्क ४१ सम्म प्रकाशित गरिसकेको छ । आगामी अनेकौं वर्षसम्म यसले आफूलाई विकसित, समृद्ध र समुज्ज्वल बनाउँदै लैजाने छ भन्ने हार्दिक शुभाकाङ्क्षा व्यक्त गर्दछु ।

- डा. टीकाराम पन्थी
प्राज्ञ सदस्य : ने.रा.प्र. प्रतिष्ठान
२०५७/१२/१९

कुनै पनि गाउँ वा नगरका लागि पुस्तकालयको खास महत्त्व हुन्छ । पुस्तकालय विनाको मानव सभ्यता अपूर्ण जस्तो हुन्छ । पुस्तकालयले समाजमा आफै पुस्तक किनेर पढ्न नसक्ने वर्ग वा समूहलाई मात्र नभएर सम्पन्न वर्गका अध्येताहरूलाई पनि आफ्नो सेवाद्वारा लाभान्वित पार्दछ भन्ने त छँदै छ । साथै यसले अध्ययन संस्कार बसालेर समाजलाई सुविज्ञ र सुसूचित भएर सुसंस्कृत पार्नमा पनि महत्त्वपूर्ण भूमिका खेल्छ । भर्खर नगरायण प्रक्रियामा लागेको गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा एक नगरका लागि चाहिने आधारभूत संस्थाहरूको स्थापना र निर्माणका सिलसिलामा किरण पुस्तकालयको स्थापना भएको र यसले आफ्नो सेवा विस्तार गर्दै गएको र त्यसअन्तर्गत नियमित रूपमा पत्रिका प्रकाशित गरेर स्थानीय प्रतिभाहरूलाई आफ्नो प्रतिभा र ज्ञानको प्रकाशनका अवसरसमेत दिएको देखी म अत्यन्त प्रभावित भएको छु । म यस पुस्तकालयको सेवा विस्तार र विकासका लागि आफ्नो हार्दिक शुभकामना अर्पित गर्दछु ।

- केशवप्रसाद उपाध्याय (घिमिरे)
२०५७/१२/१९

यद्यपि गुल्मीको यस सदरमुकाम तम्घासको भ्रमण गर्ने अवसर मलाई कतिपय नितान्त व्यक्तिगत कारणले प्राप्त भएको थिएन । तथापि स्नेही मित्र शशि पन्थीज्यूका माध्यमले तम्घासको किरण पुस्तकालयका विषयमा जान्ने सुन्ने मौका पाएको थिएँ । तर पनि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान र यस पुस्तकालयका आयोजनामा भएको नेपाली भाषिक गोष्ठीमा यहाँ आएर यस पुस्तकालयलाई नजिकबाट हेर्न बुझ्न पाउँदा मलाई साह्रै खुसी लाग्यो ।

साहित्यिक, सामाजिक तथा जनचेतनाका विकासका निम्ति यस क्षेत्रमा किरण पुस्तकालयले महत्त्वपूर्ण भूमिका खेलेको कुरा गर्नु अतिशयोक्ति नहोला । मेरा केही रचनाहरूलाई आफ्ना प्रकाशनमा स्थान दिने यस पुस्तकालयप्रति म आभारीसमेत छु ।

यस पुस्तकालयले यस क्षेत्रमा यस्तो महत्त्वपूर्ण नेपाली भाषिक संगोष्ठी सफलतापूर्वक सञ्चालन गरेर निश्चय नै एक गहकिलो काम गरेको छ । यसका विभिन्न पक्षहरूमा गरिएका कार्यहरूको योगदान महत्त्वपूर्ण छ । यसका लागि पुस्तकालय सञ्चालक समितिका सदस्यहरू र मेरा स्नेही मित्रहरू श्री शशि पन्थीज्यू एवं श्री दीन पन्थीज्यूको प्रयास, उत्साह र परिश्रमको हार्दिक सराहना गर्दछु । यस पुस्तकालयले उत्तरोत्तर प्रगति गरोस् हार्दिक शुभकामना !

- चोलेश्वर शर्मा
नेपाली भाषिक संगोष्ठी
२०५७/१२/१९

किरण पुस्तकालय तम्घास गुल्मीको नाम मैले धेरै पहिलेदेखि सुन्दै, पढ्दै आएको थिएँ । परन्तु आफ्नै आँखाले यस पुस्तकालयलाई देख्ने अवसर २०५७/१२/१९ गते प्राप्त भयो । यस पुस्तकालयको साहित्यिक सुवास (किरण) अधिराज्यभर फैलिएको सन्दर्भले सबै साहित्यिक सुजनहरूलाई उत्प्रेरित गरेको मैले महसुस गरेको छु । यसर्थ यस्तो सत्कार्यको म व्यक्तिगत रूपमा वन्दना गर्दछु । आगामी दिनमा यसले आफ्नो ज्ञान, विज्ञान, साहित्य एवं भाषाको किरण अझ उत्तरोत्तर विस्तार गरेर मुलुकलाई पथ-प्रदर्शन गर्नमा थप टेवा दिन सकोस् भन्ने सदाशयता व्यक्त गर्दछु ।

- नेत्रप्रसाद न्यौपाने
नेपाली विभाग, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा
२०५७/१२/१९

गुल्मी तम्घास भन्ने बित्तिकै मैले रेसुङ्गा र किरण पुस्तकालयलाई सम्झन पुग्छु । प्राचीन कालमा रेसुङ्गाबाट धार्मिक ज्ञानको किरणले यस क्षेत्रलाई प्रकाशित गरे जस्तै किरण पुस्तकालयले हाम्रो पुरुषार्थका माध्यमले ज्ञानको किरण फैलाइरहेको छ जस्तो लागेको छ ।

किरण पुस्तकालयका संस्थापक, सञ्चालक र सहयोगी सम्पूर्ण महानुभावहरूलाई साधुवाद ! किरण पुस्तकालयको सञ्चालन तथा हाम्रो पुरुषार्थको प्रकाशनमा सक्रिय रहने मित्र शशि पन्थी, दीन पन्थीहरूलाई धन्यवाद ! यस्तो विकट क्षेत्रमा पनि पुस्तकालय स्थापना गरेर ज्ञानको किरण फैलाउने कार्य स्तुत्य छ ।

किरण पुस्तकालयको सञ्चालन र हाम्रो पुरुषार्थको प्रकाशनले निरन्तरता पाइरहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु । पुस्तकालयको उत्तरोत्तर प्रगतिको कामनासहित !

- वनमाली निराकार
नेपाली भाषिक संगोष्ठी, कथाकार तानसेन, पाल्पा
२०५७/१२/१८ र १९

तम्घासमा पहिलो पटक आउँदा यहाँको प्राकृतिक वातावरणले मलाई प्रभावित गऱ्यो । मैले किरण पुस्तकालय र शशि पन्थीको नाम सुनेको थिएँ । पन्थीज्यूले लामो समयदेखि यस क्षेत्रको साहित्यिक वातावरण र प्राज्ञिकताको उन्नयनमा गरेको प्रयास प्रशंसनीय छ । यस ठाउँको प्राकृतिक, प्राज्ञिक र साहित्यिक वातावरणको संरक्षण र संवर्धनमा यहाँहरूलाई सफलता मिलोस् र किरण पुस्तकालयले आगामी दिनहरूमा अझ प्रगति गरोस् भनी कामना गर्दछु ।

- चूडामणि बन्धु
२०५७/१२/१९

आज किरण पुस्तकालय, गुल्मीको अवलोकन गर्ने ठूलो संयोग मिल्यो । ज्ञान-केन्द्रको रूपमा पुस्तकालयले मानव तथा समाज विकासको क्षेत्रमा योगदान गर्ने कुरा यस पुस्तकालयले स्थापित गरेको छ । पुस्तकालयले विश्वभरिका ज्ञानलाई सहज रूपमा ज्ञान-पिपासु समक्ष प्रस्तुत गर्दछ र अन्धकारबाट प्रकाशतिर डोऱ्याउँछ । यस दिशामा गुल्मेली समाजको बौद्धिक चेतनालाई जागृत गराई यसलाई उत्तरोत्तर उन्नत गराउनमा ठूलो योगदान गरेको छ । म यस किरण पुस्तकालयको उत्तरोत्तर प्रगति र विकासको कामना गर्दछु र यसको स्थापना र सुसञ्चालनमा संलग्न मित्रहरूको हार्दिक प्रशंसा गर्दछु ।

- हर्षनारायण धौभडेल
२०५८।६।२७

किरण पुस्तकालयले गुल्मी जिल्लामा चेतना जागृत गर्न अत्यन्त ठूलो योगदान गरेको छ । थोरै स्रोत साधनबाट पनि कठिन र अतुलनीय प्रयत्नका साथ पुस्तकालयलाई आजको अवस्थामा ल्याउन मेरा आदरणीय व्यक्तित्वबाट जुन योगदान रहँदै आएको छ, यो अत्यन्त सम्मानजनक छ । म जनप्रतिनिधिको हैसियतले मात्रै नभएर व्यक्तिगत रूपमा पनि पुस्तकालयको विकासमा आवश्यक सहयोगको लागि सधै तयार छु । किरण पुस्तकालय गुल्मीको लागि मात्रै नभएर नेपालकै लागि उदाहरण बन्न सकोस् मेरो यही हार्दिक शुभकामना !

- गोकर्ण विष्ट
२०५८।६।२७

किरण पुस्तकालयमा आउँदा र यसले लामो समयदेखि गुल्मी जिल्लालाई परिचय गराउन जुन प्रयास गरिआएको छ त्यो देख्दा प्रभावित हुन नसक्ने को होला ? स्थानीय बौद्धिक व्यक्तिहरूको विशेष योगदान समाज समक्ष निरन्तर प्रस्तुत गर्ने सत्कार्य गरी यसका संस्थापकज्यूहरूले समाजप्रति धेरै ठूलो गुन लगाउनुभएको छ । यस्तो सत्प्रयासमा निरन्तर सफलता र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

- सुरेशराज शर्मा
काठमाडौं विश्वविद्यालय

- होमनाथ भट्टराई
विश्वविद्यालय अनुदान आयोग

२०५८।६।२७

सबैभन्दा ठूलो ज्ञानकोश पुस्तकालय हो भने सबैभन्दा ठूलो जिज्ञासु पुस्तकालयको पुजारी हो जस्तो मलाई लाग्छ । अचेत, अशिक्षित र अविकसित जनताहरूका बीचमा अथक परिश्रम, निःस्वार्थ सेवाभाव र सक्रिय तथा सार्थक कर्तव्यबोधका साथ तयार पारिएको किरण पुस्तकालय हेर्दा गुल्मीको अमूल्य

सम्पत्तिको दर्शन मिल्यो भने यसका योजनाकार र सञ्चालकहरूसँग मिल्दा प्रेरकहरूको सान्निध्यको अनुभव भयो । जस्तो कि, धेरै कमाएर नभई कमाएको धन बचाएर मान्छे धनी हुन्छ, धेरै खाएर नभई खाएको पचाएर मान्छे बलियो हुन्छ, धेरै पढेर नभई पढेको कुरा बुझेर मान्छे ज्ञानी बन्छ, त्यसरी नै यस पुस्तकालयको सदुपयोग गरेर नै गुल्मी जिल्लाको चेतनाले प्रौढता प्राप्त गर्दै जानेछ । त्यस्तो होला भनी सोच्न मन लागेको छ । किरण पुस्तकालयको एउटा किरणले मलाई पनि सोधेजस्तो लाग्यो - 'गुल्मीको हावापानी र जीवनदानको बदलामा तिम्रो दायित्व के हो ? तिमी यहाँको माटो, हावा, पानीका लागि के सोच्दै छौ ? के गर्दै छौ ? उत्तरमा यति मात्र भन्न सकें - त्यो पनि मनमनमा - "गर्न त केही सकेको छैन तर बिर्सेको पनि छैन, कृतघ्नचाहिं पक्कै बन्दिनँ ।"

किरण पुस्तकालयले जिल्लालाई मात्र नभई राष्ट्रलाई नै सन्देश दिएजस्तो मलाई लागेको छ । यसको निरन्तर समृद्धि, सदुपयोग र सुव्यवस्थापनको हार्दिक शुभकामना !

- रामप्रसाद ज्ञवाली
२०५८।७।१३

पुस्तकालयमा विद्वान् लेखक, कविहरू चिरनूतन भई जीवन्त रहन्छन् । त्यस्ता वाग्देवीका उपासकहरूको यशः शरीरको साक्षात् दर्शन पुस्तकालयमा हुने हुँदा ती अनमोल कृतिहरू सार्वकालिक र पठनीय हुन्छन् । क्षेत्र र जनसंख्याको दृष्टिले सानो देखिए पनि रेसुङ्गाको काखमा क्रीडाशील तम्घासको किरण पुस्तकालयले 'यथा नाम तथा गुणः' लाई चरितार्थ गरेको छ । पुस्तक प्रकाशन र हाम्रो पुरुषार्थ जस्तो पत्रिकाको अविच्छिन्न प्रकाशनले तम्घास (गुल्मी) बासी र यस स्वनामधन्य पुस्तकालयको परिवार निश्चय पनि धन्यवादको पात्र रहेको अनुभव हुन्छ । किरण पुस्तकालयको किरणमा ऊर्जाको कमी नहोस् । यसको प्रकाशले चौधै अञ्चललाई सत्प्रेरणा प्रदान गर्न सकोस् भन्ने चाहनालाई रेसुङ्गा महाप्रभुको निरपेक्ष करूणा प्राप्त भइरहोस् । शिवं भूयात् ।

- पुरुषोत्तम सापकोटा
वरिष्ठ धार्मिक कार्यक्रम सञ्चालक तथा निर्देशक
रेडियो नेपाल, काठमाडौं
२०६०।२।२९

सिद्धपुरी रेसुङ्गाको काखमा अवस्थित तम्घास नगरको मुटु बनेर रहेको किरण पुस्तकालय आफ्नो नाम सार्थक तुल्याउँदै प्रज्ञाका किरण विस्तारित गर्ने आदर्श

प्रज्ञा मन्दिरका रूपमा रहेको पाउँदा निस्सीम हर्ष र आनन्दको अनुभूति भइरहेको छ । यहाँका विद्वान्, विदुषी, समाजसेवी एवं विद्याप्रेमी महानुभावहरूको सत्सङ्कल्प, श्रम र योगदानको फलका रूपमा रहेको किरण पुस्तकालय अहिले गुल्मी जिल्ला, लुम्बिनी अञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रको मात्र सीमा नभई राष्ट्रकै प्राज्ञिक सौन्दर्यको पर्याय बनेर रहेको पाएँ । यसले यस क्षेत्रबाट 'हाम्रो पुरुषार्थ' नामक पत्रिकाको माध्यमबाट विद्या, विद्वान्, कवि, काव्य, समाज एवं संस्कृतिको उन्नतिका लागि गरेको योगदान प्रेरणादायक र प्रशंसनीय छ ।

पर्यन्तमा किरण पुस्तकालय तम्घास गुल्मीको युगानुकूल विकासका लागि हृदयतः मङ्गल कामना गर्दै मेरो मन्तव्य टुङ्ग्याउँछु ।

- वेणीमाधव ढकाल
वाल्मीकि क्याम्पस, काठमाडौं
२०६६।७।२०

नेपाल माताका काखमा असङ्ख्य तपस्वीहरूले सिद्धि प्राप्त गर्दै आएका छन् । यहाँ रेसुङ्गाजस्ता सिद्धपुरीहरू रहेका छन् । पहिलो पटक रेसुङ्गा पुग्दा र त्यसकै काखमा रहेको तम्घास हेर्दा भूस्वर्ग यहीं हो जस्तो लाग्यो । 'सुनमा सुगन्ध' किरण पुस्तकालय लाग्यो, किनभने ज्ञानको रश्मिलाई चहकिलो हुने गरी फैलाउने प्रयासमा यसले आफूलाई सक्रिय गरेको मैले पाएँ । गुरु वेणीमाधव ढकालज्यूको काव्य समीक्षाको कार्यक्रममा सहभागी हुँदै गर्दा सिद्धहरूको आशीषले यस गरिमामय संस्थालाई अझ पल्लवित हुने अनेकन अवसर प्रदान गर्दै जानेछ भन्ने विश्वास मनमा पलायो । किनभने यस संस्थाले निःस्वार्थी कार्यकर्ता र समाजसेवी प्राप्त गरेको रहेछ । सरस्वती आमाको आराधनाको आफ्नो प्रयासमा किरण पुस्तकालय कुनै विघ्नवाधामा अल्झिनु नपरोस् र विश्वव्यापी ज्ञानरश्मिलाई आत्मसात् गर्दै अघि बढ्दै जाओस्, मेरो शुभकामना !

- अवतार सुवेदी
सहायक प्राध्यापक, पाटन संयुक्त क्याम्पस, ललितपुर
२०६६।७।२०

गुल्मी जिल्लाको सदरमुकाम तथा रेसुङ्गा र अर्जुनको काखमा रहेको किरण पुस्तकालयले स्थापना कालदेखि नै धेरै उकाली-ओराली पार गर्दै आएको छ । साहित्यका हरेक विधाको उन्नति एवं प्रगतिका निम्ति आजीवन संघर्ष गर्दै आएको किरण पुस्तकालयले आफ्नो जीवन यात्रामा धेरै कष्टको सामना गर्नु परे पनि पुस्तकालय सञ्चालक समितिका पदाधिकारीहरूको अथक प्रयासका कारण निरन्तर अघि बढिरहेको छ ।

नेपाली साहित्यका विशिष्ट विद्वान्हरूका पुस्तकहरू प्रकाशित गरेर नेपाली भाषा र साहित्यका क्षेत्रमा समर्पित किरण पुस्तकालयले महत्त्वपूर्ण काम गर्दै आएको छ । किरण पुस्तकालयले 'हाम्रो पुरुषार्थ' नामक पत्रिका प्रकाशित गरी नेपाली साहित्यानुरागीहरूलाई साहित्यको मीठो रसमा डुबुल्की मार्ने अवसर प्रदान गरेको छ ।

विगतमा किरण पुस्तकालयकले जे जस्ता कठिनाइहरूको सामना गर्नु परे पनि भविष्यमा सजिलै अघि बढ्ने अवसर मिलोस् यही नै हाम्रो हार्दिक शुभकामना !

विष्णु पन्थी
भनभने-६, गुल्मी

भानुभक्त मरासिनी
कान्तिपुर पब्लिकेशन
काठमाडौं

युवराज पाण्डेय
पूर्व उपाध्यक्ष
भगवती गा.वि.स.,अर्घाखाँची

२०६६।७।२०

आज २०६६ भाद्र २८ मा किरण पुस्तकालय तम्घासको निरीक्षण गर्ने अवसर मिल्यो । मैले २०३०।०३१ तिर पाएको किरण पुस्तकालयको हाल शैक्षिक, भौतिक र गुणात्मक दुबै प्रगति भएको देख्दा खुशी लाग्यो । गुल्मी जिल्लाका जनमानसलाई बौद्धिक खुराक दिदै आएको यस पुस्तकालयले भविष्यमा अझ उचाइ लिदै जाओस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

मूलतः यसका योजनाकार, संस्थापक, प्रवर्धक आदरणीय दाजु शशि पन्थी र उहाँको सहयोगी समूहलाई हार्दिक बधाइ र शुभकामना दिन चाहन्छु । 'हाम्रो पुरुषार्थ' ले हामीलाई अघि बढ्न बारम्बार झक्झकाइरहेको छ । किरण पुस्तकालयको उज्ज्वल भविष्यको लागि पुनः शुभकामना व्यक्त गर्न चाहन्छु ।

- युवराज भुसाल
सचिव
वन तथा भूसंरक्षण मन्त्रालय, काठमाडौं
२०६६।५।२९

आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी समारोह तथा लुम्बिनी वाङ्मय प्रतिष्ठानको गुल्मी प्रथम अधिवेशनका सन्दर्भमा आज मिति २०७१ साल जेठ १७ गते शनिबारका दिन आयोजित समारोहमा सहभागी हुन आउँदा आजभन्दा साढे चार दशकअघि स्थापित किरण पुस्तकालयका संस्थापक श्री शशि पन्थीज्यूको सक्रिय नेतृत्वमा सञ्चालित सम्वर्धित यो पुस्तकालय पाल्पाको धवल पुस्तकालयपछि अञ्चलकै महत्त्वपूर्ण ऐतिहासिक पुस्तक प्रतिष्ठानका रूपमा रहेको पुस्तकालय हो । 'हाम्रो पुरुषार्थ' जस्तो पत्रिका निरन्तर रूपमा प्रकाशन गरी यस पुस्तकालयले नेपाली वाङ्मयको विकासमा विशिष्ट योगदान गरेको छ । यस

क्षेत्रका नागरिकहरूमा चेतनाको प्रवाहमा निरन्तरता दिदै रेसुङ्गा संस्कृतिको उन्नयन र सामाजिक रूपान्तरणमा यस पुस्तकालय र यसका प्रकाशनले अहम् भूमिका निर्वाह गरिरहने छन् भन्ने कामनासहित यस पुस्तकालयको विकास विस्तार र संवर्धनमा योगदान गर्ने सम्बद्ध सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । हार्दिक शुभकामना सहित ।

- प्रा.डा. कपिलदेव लामिछाने
अध्यक्ष
प्रश्रित प्रतिष्ठान नेपाल, भैरहवा

- बालकृष्ण भट्टराई
अञ्चल संयोजक
आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह
लुम्बिनी

२०७१।२।१७

आज यस किरण पुस्तकालयको निरीक्षण भ्रमण गर्ने सौभाग्य प्राप्त गऱ्यौं । पुस्तकालयले भौतिक तथा प्राज्ञिक क्षेत्रमा गरेको प्रगति प्रशंसनीय छ । यस पुस्तकालयको सर्वाङ्गीण पक्षमा भएका प्रगतिको लागि श्री शशि पन्थीज्यूको प्रयास स्तुत्य छ । यस पुस्तकालयको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं । धन्यवाद !

- खेमराज रेग्मी
कार्य समिति सदस्य टी.आई. नेपाल
तथा
पूर्व शिक्षा एवं गृह सचिव

- विष्णुबहादुर के.सी.
अध्यक्ष टी.आई. नेपाल
तथा
पूर्व महालेखापरीक्षक

२०७१।३।५

एउटा आकस्मिक यात्रा गर्दै रिडीमा हरिबोधिनी एकादशीका अवसरमा पुगेपछि मलाई तम्घासको यात्रा गर्ने वर्षौंदेखिको तमन्ना पूरा गर्न सुगम भयो । यहाँ मेरो परिचय सीमित थियो । श्रीमान् शशि पन्थीज्यूसँग फोनमा वार्ता गर्दा उहाँ तम्घासमै रहनुभएको सुनेर अत्यन्त खुशी लाग्यो । कति बेला यहाँ पुगूँ र उहाँसँग भेटघाट गर्न सकौं भन्ने उत्सुकता बढ्यो । २०७१ साल कार्तिक १८ गते रिडीबाट म तम्घासको यात्रामा लागें । जति जति अगाडि उति उति रमाइला स्वर्गीय दृश्यले म भावविभोर हुँदै थिएँ । एक ठाउँमा पहाडको चोटीमा गाडी दौड्दै थियो । बलेटक्सारबाट अलि अगाडिका दायाँपट्टि त एउटा भरभराउँदो आगोको फिलिंगो जस्तो निश्चल आकाशलाई रक्तिम रंग छर्दै सूर्यास्त हुँदै गरेको मनमोहक दृश्यले मेरो हृदय प्रफुल्लित भयो । यति राम्रो सूर्यास्त क्षण सायद पहिलेको सम्झना हुन्न । यो त स्वर्गभूमि रहेछ । म अति आह्लादित भएँ, मेरा सहयात्री साथीहरूलाई भनें तपाईंहरू त यहाँको हावा, पानी र वातावरणले नै बाँच्न सक्नुहुन्छ जस्तो लाग्छ । अचम्म छ । यहाँका विद्वान्वृन्द यत्रा ठाउँ निर्जन बनाई अन्यत्र दुःख पाई भएको ठाउँको विकास नगरी अन्यत्र अन्यत्र

जाने काम किन गर्नुहुन्छ होला ? साँझ परिसकेपछि पुगेकोले बढी दृश्यावलोकन गर्न पाइन । झमक्कै साँझ परिहाल्यो । बिहान शशि सरको आँगनबाट उज्यालो मुहारको तम्घास, शृङ्गऋषिको आश्रम रहेको रेसुङ्गाको टाकुरा देख्दा मन भरियो । ओह ! यो त स्वर्गीय भूमि पो रहेछ । हरित शहर कस्तो प्राकृतिक छटा ! यहाँ प्रदूषण भन्ने कतै देखिनँ । अनुशासित, शिष्ट र सभ्य, भद्रहरू रहने बस्ती, यस्तो नमुना मेलै देखेको छैन । यहाँ मेरा सगोत्रीय बन्धुहरूको आधिक्य छ । आधिक्य हुनु एउटा कुरा होला । तर यति बढी शिक्षित, प्रशिक्षित सायदै अन्यत्र होला । यो वातावरणका सर्जक हाम्रा सगोत्रीय बन्धु र उहाँहरूका नाता कुटुम्बकै प्रयास थिएन कसरी मान्नु ? बिहान क्याम्पस पुगें । यति राम्रो वातावरण कायम रहेछ । अनुकरणीय लाग्यो । पुस्तकालयमा बसें । यति राम्रा पठनीय पुराना पुस्तक देख्दा साहित्यकार, लेखक, कविहरू मरेका रहेनछन् । उनीहरूलाई शशि पन्थीज्यू र उहाँका सहयोगीहरूले यसरी संरक्षण गरिएको पाएँ । मलाई लाग्छ यस्तो संग्रहालय सीमित साधनबाट दुःख कष्ट गरी जोगाइएछ । किरण पुस्तकालय विद्याकी देवीबाट ज्ञानका किरण छरिरहनुभएको छ । यहाँबाट प्रकाशित एक अङ्क मैले धेरै अगाडिको 'हाम्रो पुरुषार्थ' पढ्ने सौभाग्य पाएको थिएँ । त्यस अङ्कमा किरण पुस्तकालय सञ्चालक एवं सहयोगी प्रा.डा. टिकाराम पन्थी, प्रा.डा. लक्ष्मीकान्त पन्थी, प्रा. शशि पन्थीले लिएको स्व. योगी नरहरिनाथ बाबाको अन्तर्वार्ता पढेपछि म 'हाम्रो पुरुषार्थ' प्रकाशनको स्तरीयताबाट अति प्रभावित थिएँ र सदैव छु । त्यो अङ्कमा महाकवि देवकोटाको अन्तिम महाकाव्य 'सुन्दरीजल' को चर्चा छ । नेपाली साहित्यमा अभिरुचि हुनेका निमित्त अनमोल लेख थियो । त्यो लेखको आधारमा अगाडिका प्रगति पाइएनन् । म त्यसबाट अति दुःखी छु । यस्ता महत्त्वपूर्ण कुराको जानकारीलाई त राष्ट्रले कति आभार प्रकट गर्नुपर्थ्यो, खोइ त नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रतिक्रिया त आएन आएन । साहित्यिक अनुसन्धानमा लागेका मदन पुरस्कार गुठीका पुस्तकालय, महाकवि लक्ष्मीप्रसाद देवकोटा अध्ययन अनुसन्धान केन्द्र, त्रि.वि. र अरू विश्वविद्यालयबाट के भए त ? उनीहरू निर्लज्ज भई कति बस्दा रहेछन्, हेर्दैछु । त्यस कार्यका लागि विशेष र अन्य बुद्धिजीवी, लेखक, साहित्यकारका अन्तर्वार्ता गरी एउटा कुनाबाट यत्रो महान् कामको लागि कसरी अभिवादन गरूँ जस्तो लाग्दै छ । जे होस् यो उत्साह अझ वयस्क भई 'हाम्रो पुरुषार्थ' बढ्यो भने तम्घास एउटा अनुकरणीय कर्मशील पुरुषार्थी बस्ने स्थान हुनेछ भन्ने मेरो ठम्याइ छ । प्रगतिको कामना गर्दछु । सधन्यवाद !

चौतन्यराज देवकोटा
अध्यक्ष
भारद्वाज संस्कृति सम्वर्धन केन्द्र, काठमाडौं
२०७१।७।१९

गुल्मी जिल्लाअन्तर्गतका विभिन्न स्थलहरूको अवलोकन भ्रमण गरी पुरातात्त्विक, ऐतिहासिक र धार्मिक महत्त्वका शिलालेख, लालमोहर, ताम्रपत्र वा अन्य यस्तै महत्त्वपूर्ण कागजात अभिलेखहरूको जानकारी लिने, संकलन गर्ने उद्देश्यका साथ राष्ट्रिय अभिलेखालय, राम शाह पथ, काठमाडौंमा कार्यरत कर्मचारीहरूको टोलीले मिति २०७२/०३/१० मा यस किरण पुस्तकालयको अवलोकन भ्रमण गऱ्यो । अत्यन्त सीमित साधनस्रोतको अधिकतम उपयोग गरी कुशल व्यवस्थापनको उत्कृष्ट नमूना यस पुस्तकालयका पदाधिकारीहरूले प्रदर्शन गर्नुभएको पाइयो । निजी पाण्डुलिपिहरू संकलन, संरक्षण गर्दै पाठक वर्गहरूको ज्ञानको भोकलाई मेटाउँदै आउनुभएको कार्य सह्राहनीय रहेको छ ।

भविष्यमा सरकारी निकायले खुला मनले सहयोग गरी यस पुस्तकालयको संग्रहलाई वृद्धि गर्नुपर्ने, पुस्तकहरूको भण्डारणका लागि उपयुक्त भवनको व्यवस्था गर्नुपर्ने र यसलाई दिगो र स्थायी रूपमा सञ्चालन गर्न स्रोतको निरन्तर उपलब्धता सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा यस ऐतिहासिक र उच्च महत्त्वको पुस्तकालयको भ्रमण गर्ने, संग्रहसम्बन्धी जानकारी प्राप्त गर्ने अवसर प्रदान गर्नुभएकोमा पुस्तकालय सञ्चालक समितिका अध्यक्ष श्री नरप्रसाद श्रेष्ठ र सचिव शशि पन्थीज्यूप्रति आभार व्यक्त गर्दै पुस्तकालयको सर्वाङ्गीण विकासको कामना गर्दछु ।

- राजु रिमाल
अनुसन्धान अधिकृत
टोली संयोजक - राष्ट्रिय अभिलेखालय, काठमाडौं
२०७२।३।१०

धेरै पहिलेदेखिको चाहना आज पूरा भयो, किरण पुस्तकालय अवलोकनको । आदरणीय शशि पन्थीज्यूको अथक परिश्रमपछि किरण पुस्तकालय आज यो अवस्थामा आइपुगेछ । हामी जस्ता कलमजीवीहरूका लागि यो अत्यन्तै गौरव गर्ने थलोका रूपमा परिणत भएको छ । किरण पुस्तकालयलाई आजका युवाहरूले आफ्नो ठानिदिएमा यसले अवश्य पनि फट्को मार्नेछ । किरण पुस्तकालयको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

- मधुसूदन पाण्डेय
लेखक/पत्रकार, काठमाडौं महानगरपालिका-६, बौद्ध, रामहिटी, वाल्मीकि विद्यापीठ
काठमाडौं
२०७२।७।१०

२०२५ सालमा स्थापना भएको यो किरण पुस्तकालयलाई गुल्मी जिल्लाकै बासिन्दा भएर पनि यसको सबै रूप हेर्ने मौका मिलेको थिएन । आज सौभाग्य मिल्यो । यस पुस्तकालयको सबै कक्ष हेर्ने अवसर मिल्यो ।

गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा सञ्चालित यस पुस्तकालयबाट प्रकाशित हाम्रो पुरुषार्थले संसारभरि गुल्मी जिल्लाको मात्र नभै लुम्बिनी अञ्चल र नेपालकै भाषा-साहित्यलगायत विविध विधाका प्रकाशन गरेर ज्ञानका किरण फैलाउन सफल भएको छ । यसका लागि गुल्मेलीको नाताले गौरव अनुभूति गर्दै यस पुस्तकालयका संस्थापन कालदेखि आजसम्मका सबै सहयोगी र विशेष गरी शशि पन्थीज्यूलाई सादर धन्यवाद दिन चाहन्छु ।

यसको निर्माण, विकास र समृद्धिमा यस जिल्लाका सबै शिक्षाप्रेमी, इतिहासकर्मी, साहित्य र कला क्षेत्रका साधकहरू सबैबाट सक्दो सहयोग प्रदान गरी जिल्लाको शैक्षिक गहनाको रूपमा यसको उन्नति गर्ने प्रण गरौं । आजसम्मको प्रगति प्रशंसनीय छ । युवा पुस्ताले यसलाई अझ तीव्र गतिमा अगाडि बढाउने प्रयास गरोस् भन्ने अनुरोध गर्दछु ।

- हिमलाल ज्ञवाली
अध्यक्ष : लुम्बिनी वाङ्मय प्रतिष्ठान, नेपाल
२०७२।७।२४

अन्धकारका विरूद्ध ज्ञान, विज्ञान र प्रविधिरूपी किरण छर्दै सामाजिक रूपान्तरण गर्ने उद्देश्यले गुल्मी तम्घास भेकका सचेत र जागरूक युवाहरूले २०२५ सालमा स्थापना गरेको किरण पुस्तकालयले गुल्मी क्षेत्रमा मात्रै होइन हाम्रो पुरुषार्थ जस्ता साहित्यिक कृति स्मारकहरूको माध्यमबाट सर्वत्र किरण छर्न सफल भएको छ । किरण पुस्तकालय भवनमा म केही वर्ष पहिले उपस्थित हुने अवसर पाए पनि हाम्रो पुरुषार्थ त मैले झण्डै ३ दशकपहिले पढ्ने अवसर पाएको थिएँ । त्यसैले पनि मैले किरण पुस्तकालयको महत्त्वलाई राम्ररी बुझेको छु भन्ने लाग्छ । संयोग नै भन्नुपर्छ यो पुस्तकालय आज २०७२/०७/२४ का दिन ४७ वसन्तहरू पूरा गरेर ४८ वसन्तमा प्रवेशको अवसरमा पुस्तकालयमा उपस्थित भई थप जानकारी लिने सुवर्ण अवसर प्राप्त भयो । यो पुस्तकालय ५० वर्षको भएको अवसरमा अबका दुई वर्षपछि मनाउने स्वर्ण महोत्सवको अवसरमा महत्त्वपूर्ण स्मारक ग्रन्थ प्रकाशन गरेर निरन्तरता दिन सफल होस्, दुर्गम पहाडी क्षेत्रमा रहेको यो पुस्तकालयले आवश्यक थप भवन निर्माणका लागि जागरूकता उठाएको प्रत्यक्ष देखियो । नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले आवश्यक बजेट विनियोजन गरेर यस पुस्तकालयलाई सहयोग

पुऱ्याउँदा राजस्वको सदुपयोग हुने देखियो । म पुस्तकालयको उत्तरोत्तर प्रगतिको कामना गर्दै पुस्तकालय सञ्चालन र व्यवस्थापनमा खटिरहनुभएका शशि पन्थी, दीन पन्थीलगायत सबै मित्रहरूलाई हार्दिक बधाइ टक्र्याउँछु ।

– भपेन्द्र जी.सी.
संयोजक
प्रकाशन विभाग, सिर्जनशील लुम्बिनी वाङ्मय प्रतिष्ठान, लुम्बिनी
२०७२।७।२४

आज मिति २०७२ साल फागुन १२ गतेका दिन यस किरण पुस्तकालय तम्घास गुल्मीको निरीक्षण/अनुगमन गर्दा देहायअनुसार भए गरेको देखिएको छ ।

- वि.सं. २०२५ सालदेखि स्थापित यस पुस्तकालयको आफ्नै लालपुर्जा भएको जग्गामा पुरानो ७ कोठे भवन रहेको छ ।
- स्थापना कालदेखि नियमित रूपमै निरन्तर सञ्चालनमा रहेको देखियो ।
- यस पुस्तकालयमा पुराना टेबुल, च्याक, दराजहरूलगायत विद्युत्, टेलिफोन, खानेपानी र शौचालयको व्यवस्था भएको देखियो । साथै अध्ययन कक्ष, बैठक कक्ष र भण्डारण कक्षसमेतका कोठाहरू व्यवस्थापन गरी राखिएको पाइयो ।
- यस पुस्तकालयमा विभिन्न ८००० भन्दा बढी पुराना ऐतिहासिक महत्त्वका पुस्तकहरू तथा पत्रपत्रिकाहरू रहेको बुझिएको छ ।
- वि.सं. २०३० सालदेखि हाम्रो पुरुषार्थ नामक साहित्यिक पत्रिकाको प्रकाशन शुरू गरी हाल सो प्रकाशनलाई त्रैमासिक रूप दिई विभिन्न विशेषाङ्कसहित हालसम्म ६८ औं अङ्क प्रकाशित भएको पाइयो ।
- पुस्तकालयको दैनिक सञ्चालन कार्यमा सहयोग गर्न दुईजना स्वयंसेवकको व्यवस्था भएको र निजहरूलाई खाजा खर्चबापत मासिक न्यूनतम रकम उपलब्ध गराउने व्यवस्था गरेको पाइयो ।
- पुस्तकालयले विभिन्न विद्वान्हरूद्वारा लिखित ऐतिहासिक महत्त्वका एक दर्जनभन्दा बढी पुस्तकहरू प्रकाशन गरेको देखिन्छ ।
- पुस्तकालयले आफ्नो स्थायी आर्थिक स्रोत जुटाउन आवश्यक देखिन्छ । हाल छाप्राको बहालबाट प्राप्त केही रकम र विज्ञापनबाट प्राप्त हुने न्यूनतम रकमबाहेक अन्य आय देखिदैन ।

- पुस्तकालय भवन निर्माण गर्ने प्रयोजनका लागि गत आ.व.मा राष्ट्रिय योजना आयोगबाट १ लाख रकम विनियोजन भएको र शिक्षा मन्त्रालयबाट रू.२ लाख अनुदान सहयोग प्राप्त भएको देखियो । उल्लिखित रकमबाट पर्खाल निर्माण कार्य शुरू गरिएको तथा केही पुस्तक र पत्रपत्रिकाहरू किन्नुका साथै हाम्रो पुरुषार्थ पत्रिका प्रकाशन र पुस्तकालय सञ्चालन कार्य भएको देखियो ।

- पुस्तकालयले पुस्तकालय सभा तथा सञ्चालक समितिका बैठकहरू नियमित रूपले गर्दै आएको पाइयो । साथै विभिन्न साहित्यिक गोष्ठी र कविजयन्ती मनाउने कार्यलाई पनि निरन्तरता दिइएको देखियो ।

- पुस्तकालयको आन्तरिक लेखापरीक्षण नियमित हुने गरेको देखियो । लेखापरीक्षण प्रतिवेदनअनुसार अक्षयकोषमा रू.२ लाख मौज्दात रहेको पाइयो ।

- गत वैशाख १२ गतेको भूकम्पले केही क्षति पुऱ्याएको पुस्तकालय भवनलाई सामान्य मर्मत गर्नुपर्ने र पुस्तकालयको वर्तमान अवस्थामा प्राप्त उपलब्धिको संरक्षण गर्दै यसको उत्तरोत्तर उन्नतिका लागि सबै क्षेत्रबाट उचित सहयोग पुग्नु आवश्यक छ ।

पीताम्बर पन्थी | **अमरबहादुर के.सी.** | **मित्रमणि खनाल**
वि.नि. | **वि.नि.** | **जिल्ला शिक्षा अधिकारी**
जिल्ला शिक्षा कार्यालय, गुल्मी

२०७२।११।१२

आज मिति २०७३/०२/३० गते यस किरण पुस्तकालय तम्घास गुल्मीको ४८ औं पुस्तकालय सभामा सहभागी हुने अवसर मिल्यो । सभामा यस पुस्तकालयको विकासक्रम, प्रकाशन र भावी विकासको कार्ययोजनालगायतका विषयमा संस्थापक, संरक्षक, आजीवन सदस्यहरू, शिक्षाप्रेमी र समाजसेवीहरूले प्रकाश पार्नुभयो ।

यस सभाको सफलताको लागि शुभकामना दिन चाहन्छु ।

– मित्रमणि खनाल
जि.शि.अ. : जिल्ला शिक्षा कार्यालय, गुल्मी
२०७३।२।३०

धेरै समयपछि तम्घास आउँदा बजारको विस्तारको साथसाथै किरण पुस्तकालयले पनि आत्मनिर्भरताको स्थिति प्राप्त गरेको देख्दा ज्यादै खुसी लाग्यो । भावी योजनासमेत सुन्दा तम्घासले गौरवमय स्थान प्राप्त गर्नेछ भन्ने आशा पलायो ।

निर्धारित र परिकल्पित योजनाहरू सफल हुँदै जाऊन्, हार्दिक शुभकामना !

- मोदनाथ प्रश्रित
२०७३।३।३

आज मिति २०७४ माघ २२ गते सोमबारको दिन विश्व हिन्दू महासंघ नेपाल राष्ट्रिय समिति काठमाडौं दर्ता नं. ३३८ को गुल्मी शाखाको जिल्ला सभामा केन्द्रदेखि गुल्मीको तम्घासमा आउँदाखेरि यस श्री किरण पुस्तकालय तम्घासको अवलोकन गर्ने सुअवसर प्राप्त भयो । लुम्बिनीको पहाडी जिल्लामा रहेको नेपालकै प्रतिष्ठित यो पुस्तकालयको अवलोकन गर्न पाउनु अहोभाग्य ठान्यौं । चेतना-दीप निरन्तर बलिरहेको यो प्रज्ञास्थलको अतीत जति गौरवशाली रहेको छ भविष्य झनै समुज्ज्वल बनोस् भनी माङ्गलिक प्रार्थना गर्दछौं । धर्म, संस्कृति र सभ्यताको सन्दर्भमा विश्वकै जेठो सम्पदा रहेको वैदिक सनातन हिन्दू धर्म, संस्कृति र सभ्यताको झलक हेर्न पनि यो पुस्तकालयले अर्थपूर्ण उपस्थिति राखिरहने छ भन्नेमा दृढ आस्था र विश्वाससमेत प्रकट गर्दछौं ।

डा. रामचन्द्र अधिकारी — **अध्यक्ष**
भरतराज पौडेल — **महासचिव**
दधिराम शर्मा — **कार्यसम्पादन सदस्य**
विश्व हिन्दू महासंघ राष्ट्रिय समिति, काठमाडौं
२०७४।१०।२२

आज मिति २०७४/११/२० का दिन मदन पुरस्कार पुस्तकालयका तर्फबाट हामी दीपक अर्याल र राजीव रञ्जन सिंह २०२५ कार्तिक २० गते स्थापना भएको यस ऐतिहासिक किरण पुस्तकालयमा आएर यहाँको वस्तुस्थिति हेर्न पाउँदा अद्भुत खुसी लागेको छ ।

चेतना, सूचना र ज्ञानको अभाव रहेको सो समयमा यस पुस्तकालयले पुऱ्याएको महत्त्वपूर्ण योगदानका निम्ति पुस्तकालय, पुस्तकालय परिवार र यसका संस्थापकहरू धन्य हुनुहुन्छ ।

मदन पुरस्कार पुस्तकालयका तर्फबाट पुस्तकालयको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं । यहाँका ऐतिहासिक सामग्रीहरू सुरक्षित राख्ने काममा हाम्रो तर्फबाट हुन सक्ने प्राविधिक सहयोगको प्रतिबद्धता व्यक्त गर्दछौं । किरण पुस्तकालय (गुल्मी) र मदन पुरस्कार पुस्तकालय (पाटन ढोका) आपसी सम्बन्ध र सहयोग विस्तार

गर्नेतर्फ उन्मुख हुनेछन् भन्ने विश्वासका साथ यहाँहरूको माया र सद्भावको अपेक्षासहित यहाँहरूबाट प्राप्त उपहारका निम्ति हार्दिक धन्यवाद ।

दीपक अर्याल
सदस्य सचिव
मदन पुरस्कार गुठी/अनुसन्धानकर्ता
मदन पुरस्कार पुस्तकालय
९८५१०७८८९४

राजीव रञ्जन सिंह
मदन पुरस्कार पुस्तकालय
९८४१३७६८६७

२०७४।११।२०

आज मिति २०७४ साल चैत्र ५ गते पुस्तकालय भ्रमण गरी किरण पुस्तकालयका अन्तरवस्तुका बारेमा आदरणीय शशि पन्थीज्यू एवं दीन पन्थीज्यूसँग विचार साटासाट गर्ने अवसर प्राप्त भयो । मोफसलमा सामुदायिक स्तरबाट स्थापित यो पुस्तकालय र यसका गतिविधिहरू गर्व गर्नलायक छन् । सबै स्तरका पाठकका लागि यसले विविध पठनीय सामग्री पस्केको छ । आगामी दिनमा सूचना प्रविधिसँग जोडी यसलाई अझ उपयोगी बनाउन पुस्तकालय र यसको नेतृत्व सफल हुनेमा विश्वस्त छौं । जिल्लामा बसुन्जेल यसको विकासमा आफ्नो ठाउँबाट सक्दो सहयोगको प्रयत्न गर्ने प्रतिबद्धतासहित पुस्तकालय आफ्नो उद्देश्यमा सफल हुन सकोस् भन्ने सफलताको शुभकामना व्यक्त गर्दछौं ।

- पीताम्बर पन्थी
विद्यालय निरीक्षक

- टीकाराम शर्मा
जिल्ला शिक्षा अधिकारी

२०७४।१२।५

आज मिति २०७५ साल भाद्र २५ गते यस किरण पुस्तकालयको अवलोकन गर्ने अवसर प्राप्त भयो । २०२५ सालमा स्थापना भएको यो पुस्तकालयले यस वर्षभरि विविध कार्यक्रमहरूको आयोजना गरेर स्वर्ण महोत्सव मनाइरहेको थाहा पाउँदा खुसी लाग्यो । स्वर्ण महोत्सवकै अवसर पारेर प्रदेश नं. ५ भरि रहेका सामुदायिक एवम् सार्वजनिक पुस्तकालयका साझा समस्या पहिचान गर्ने एक अर्काका सफलताका अनुभव आदानप्रदान गर्ने उद्देश्यले प्रदेश स्तरीय पुस्तकालय सम्मेलनको सफलतापूर्वक आयोजना गरी सात बुँदे घोषणापत्रसमेत जारी गर्न सफल हुनुभएकोमा आयोजकलाई हार्दिक बधाइ ज्ञापन गर्दछौं ।

साथै १५३ औं मोतिजयन्ती, १०५ औं बी.पी.जयन्तीका अवसरमा गुल्मीका स्रष्टा सूब सेनलाई सम्मान गर्नुभएकोमा, साहित्य गोष्ठीको समेत आयोजना गर्नु भएकोमा हार्दिक बधाइ ज्ञापन गर्दछौं ।

प्रकृति रमणीय एवं ऐतिहासिक/सांस्कृतिक नगरी तम्घासको मुटुमा रहेको यस किरण पुस्तकालय र हाम्रो पुरुषार्थ पत्रिकाले अमूल्य सांस्कृतिक संरक्षण गरेको छ ।

तुलसी भट्टराई, इन्दिरा दली, यादवचन्द्र निरौला, सुनिता सेन, ऋषिकेशव भारद्वाज, केशवराज शर्मा, सुधा भट्टराई, रमेशकुमार भुसाल, टोपबहादुर ओली आदि ।

आज मिति २०७५ कात्तिक १८ गते किरण पुस्तकालय गुल्मीको पुस्तकालय भवन शिलान्यास गर्ने अवसर दिनुभएकोमा आभार प्रकट गर्दछु । ५० वर्षदेखि 'हाम्रो पुरुषार्थ' नामक साहित्यिक पत्रिकाको निरन्तर प्रकाशन जस्ता अत्यन्तै सह्रानीय काम यस पुस्तकालयले गरेको छ । साथै यस पुस्तकालयबाट विभिन्न महत्त्वपूर्ण पुस्तक प्रकाशन गरेर नेपाली साहित्य, संस्कृतिमा महत्त्वपूर्ण योगदान पुऱ्याएको महसुस मैले गरेको छु । यस किरण पुस्तकालय गुल्मीको आगामी दिनमा उत्तरोत्तर प्रगतिको शुभकामना प्रकट गर्दछु ।

- गोकर्ण विष्ट, मन्त्री
श्रम, रोजगार तथा सामाजिक सुरक्षा
२०७५।७।१८

किरण पुस्तकालय स्वर्ण वर्ष पूरा भई ५१ वर्ष प्रवेशको सुखद अवसर अवलोकन गर्न पाउँदा अत्यन्त हर्षित छु । यस पुस्तकालयले नेपाली वाङ्मयको संरक्षण गरी ऐतिहासिक पुस्तक, पत्रपत्रिका समेटी पाठकलाई सुनौलो अवसर प्रदान गरेको प्रति विशेष आभार व्यक्त गर्दछु ।

- चेतनाथ धमला
बोर्ड सदस्य : प्रेस काउन्सिल, नेपाल
२०७५।७।३०

किरण पुस्तकालयको यस कार्यालयमा आउन पाउँदा अत्यन्तै खुसी लागेको छ । यस पुस्तकालयले ५० औं वर्ष पूरा गरी ५१ औं वर्षमा प्रवेश गरेको सुखद घडीमा खुसी व्यक्त गर्दै यस पुस्तकालयको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

- संगीता खड्का
सदस्य : प्रेस काउन्सिल, नेपाल
२०७५।७।३०

गुल्मीको तम्घासस्थित किरण पुस्तकालयले ५० औं वर्ष पूरा गरेको सुखद अवसरमा यस पुस्तकालयमा आउन पाउँदा खुसी लागेको छ । उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछु ।

- महेन्द्रराज सिंह
वरिष्ठ प्रशासन सहायक : प्रेस काउन्सिल, नेपाल
२०७५।७।३०

.....

.....

गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा रहेको किरणपुस्तकालयले २५वर्षयतादेखि हाम्रो पुरुषार्थनामक पत्रिका प्रकाश गर्दै आएको कुरा प्रशंसनीय छ। यस पत्रिकामा गुल्मी र यसवरिपरिका अरू ठाउँका इतिहासविषयमा प्रकाश पार्ने सामग्री पनि यथाशक्य प्रकाश गरियोस् भन्ने कामना गर्दछु।

वि सं.२०५४।६।५

किरण पुस्तकालय
अवसर मे सोपाय

श्री [illegible] सरकार

शिक्षा मन्त्रालय शिक्षा विभाग

प्रमुख जिल्ला अधिकारी कार्यालय

शिक्षा शाखा गुल्मी

प्रमुख जिल्ला अधिकारी
गुल्मी
२०२८

तमघास

प्राप्त पत्र संख्या र मितिः—

पत्र संख्याः — प्रशासन.च.नं. २४९ मिति २०२८।५।२

विषयः— पुस्तकालय संचालन गर्ने अनुमति दिए बारे ।

श्री किरण पुस्तकालय, ...

तमघास, गुल्मी ।

त्यस पुस्तकालयलाई २०२८।३।३० को निरीक्षण रिपोर्ट अनुसार र शिक्षा मन्त्रालय शिक्षा विभाग प्रशासन शाखाको पत्र संख्या ४०६८।०२८ मिति २०२८।३।३२ को पत्रानुसार निम्न बमोजिम सर्त पुरा गर्ने गरी हाल पुस्तकालय संचालन गर्न अनुमति दिईएकोछ ।

(क) पुस्तकालयकोलागि कमसेकम २ दुई कोठा भएको घर ।

(ख) टेबिल कुर्ची दराज आदिको प्रवन्ध भएको ।

(ग) कमसेकम १००० एक हजार शैक्षिक तथा समाज उपयोगी साहित्यिक पुस्तकहरू ।

(घ) २,३ दैनिक पत्रिकाको अतिरिक्त अन्य केही पत्र-पत्रिकाहरू ।

(ङ०) नमुना बमोजिमको दर्ता पुस्तक तथा पुस्तक दिईदा दिने कार्ड ।

(च) पुस्तकालय संचालनकोलागि संचालक समितिको गठन ।

(छ) प्रत्येक दिन पुस्तकालय कमतिमा ३ तीन घण्टा खोल्ने ।

बोधार्थः-

श्री शिक्षा मन्त्रालय शिक्षा विभाग,
प्रशासन शाखा सिंहदरबार ।

(मीष्म प्रसाद शर्मा)
जिल्ला शिक्षा निरीक्षक

रामजी प्रसाद गौतम
२०२८।५।३
(रामजी प्रसाद गौतम)
शिक्षा उप निरीक्षक

-:कालक:-



शिक्षा मन्त्रालय शिक्षा विभाग

प्रमुख जिल्ला अधिकारी कार्यालय

शिक्षा शाखा गुल्मी

२०२७

तमघास

आप्त पत्र संख्या र मितिः—

पत्र संख्याः—प्रशासन वर्ने ९०८३

मितिः २०२८।१२।२१

विषयः—विनियम स्वीकृत भएको सम्बन्धमा

श्री किरण पुस्तकालय ..... तमघास गुल्मी

त्यस पुस्तकालय बाट स्वीकृतिको लागि पठाउनु भएको विनियम, श्री जिल्ला शिक्षा अधिकारी कार्यालय पाल्पाबाट २०२८।१२।१४ मा स्वीकृत भई २०२८।१२।१४ गते के वं ले १५१५।०२८।२९ को पत्र साथ आएको हुँदा यसै साथ पठाइएको छ।

रामजी प्रसाद गौतम
२०२८।१२।२१

ज.मु. जिल्ला शिक्षा निरीक्षक

नाम बोजापाल

श्री ५ को सरकार
शिक्षा मन्त्रालय
जिल्ला शिक्षा अधिकारी कार्यालय
पाल्पा, तानसेन

च. नं. ४८३/०२३/०६८
पत्र संख्या.....
प्राप्त पत्र संख्या र मिति

मिति....०२१।६।२१.....

विषय पुस्तकालय को स्वीकृती बारे

श्री किरण पुस्तकालय तम्घास गुल्मी

त्यस पुस्तका लयले पु. जि. अ. को कार्यालय शिक्षाशाखा गुल्मी बा ट निरीक्षण हुँ आवश्यक निवेदन सहित अनु मति प्राप्त गरिसकेको र,मि लाउनु पर्ने केही व्यवस्था पनि हाल मात्र पुरा भएकोले स्वीकृति प्रदान गरि योस भनी शिफारिस समेत भएकोले त्यस पुस्तकालय लाई कायम राख्न अनि श्चित ~~गरेकोले~~ समय सम्म आ. स. नपाउने गरी स्वीकृति प्रदान गरिएकोछ । नियमा नुसार पुस्तकालय सम्चालन गर्न गराउनु हुन अनुरोध गरिन्छ ।

बोधार्थ

श्री ~~प्राथमिक शिक्षा~~ उप-शाखा सिंहदरबार
श्री आर्थिक उप-शाखा ,,
श्री क्षात्रिय निर्देशना लय पोखरा
श्री पु. जि. अ. को कार्यालय शिक्षा शाखा गुल्मी

गणेश प्रसाद पौडेल
का. मु. जि. शि. अ.

श्री ५ को सरकार

जिल्ला कार्यालय

तमघास, गुल्मी

पत्र संख्या:— प.प.१।०६५।६६

प्राप्त पत्र संख्या र मिति—

अनुसूची-४ मिति :-२०३५,११।१४।२

विषय:— (नियम ४ को उपनियम(२)संग सम्बन्धित)

समाचार पत्र समाचार पत्रिका वा अन्य पत्रिका प्रकाशित गर्ने दिने प्रमाण पत्र को ढाचा

श्री शशि पन्थी,

सञ्चि,किरण पुस्तकालय,गुल्मी ।

महाशय,

तपाईको ६ महिने साहित्यिक पत्रिका प्रकाशित गर्ने पाउ भन्ने निवेदनको आधार मा निम्न लेखिए बमोजिमको साहित्यिक पत्रिका मण्डारी छापाखाना गुल्मी तम्घासमा छापि प्रकाशित गर्ने अनुमति दिइएको छ ।



(क) नाम :- हाम्रो पुरुषार्थ

(ख)भाषा:- नेपाली

(ग)प्रकार :- साहित्यिक अर्ध वार्षिक वा ६ महिने

(घ)विषय :- साहित्यिक

(ङ०)संस्करण वा कुन कुन दिन प्रकाशित हुने :- कार्तिक र वैशाख

(च)आकार(साईज) :-डबल डिमाईको १।१६

(छ)पृष्ठ संख्या:- १६ पेजे फर्मको ३ देखि ५ सम्म

(ज)छापिने न्यूनतम प्रति :- ५०० पाचसय

(झ)सम्पादकको नाम र ठेगाना :- शशिपन्थी तम्घास,गुल्मी

(ञ)प्रकाशकको नाम र ठेगाना :- किरण पुस्तकालय तम्घास,गुल्मी

(ट)मुद्रकको नाम र ठेगाना :- मण्डारी छापाखाना तम्घास

(ठ) पूजि :- ५००००० पचासहजार

(ड)पत्रिकाको कार्यालय रहने स्थान:- किरण पुस्तकालय,तम्घास

(क)वाड नं. ४ (ख) पंचायत :- तम्घास (ग) जिल्ला:-गुल्मी

(घ) अंचल :- लुम्बिनी

भवदीय

स्थानीय पदाधिकारीको सही:-

पूरा नाम :- दामोदर प्रसाद रेग्मी

दर्जा :- प्रमुख जिल्ला अधिकारी

कार्यालय:- जिल्ला कार्यालय तम्घास,गुल्मी

श्री ५ को सरकार

जिल्ला कार्यालय

तनहुन, गुल्मी

प० सं०:-

च० नं०:- 466

पत्र पत्र संख्या र मितिः-

दर्ता मिति २०३६।७।२४

दर्ता नं.:- ३

विषयः- संस्था दर्ताको प्रमाणपत्र ।

श्री ..... सचिव

शशि पन्थि,

तम्घास ,गुल्मी ।

किरण पुस्तकालय तम्घास गुल्मीको,संस्था दर्ता ऐन,२०३४ को दफा ४ बमोजीम २०३६ साल कार्तिक महिना २४ गतेमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

स्थानीय अधिकारीको सही

२०३६/७/२४

पूरा नाम :- बलराम काफ्ले

दर्जा:- प्र.जि.अ.

कार्यालय:- जिल्ला कार्यालय,गुल्मी

श्री ५ को सरकार

फोन नं. १५३४०

अर्थ मन्त्रालय

कर विभाग

(कानून तथा याद, शाखा)

पत्र संख्या:- ०३८।३९ क.बि.का.१ आ.३ सु.(बि.सु.)

सजन निवास, डिल्लीबजार
काठमाडौं।

मिति ...

विषय:- ब्याज कर छुट सम्बन्धमा ।

श्री राष्ट्रिय वाणिज्य बैंक,
लु.अ.गुल्मी ।

उपरोक्त विषय किरण पुस्तकालय र यस पुस्तकालयलाई "हाम्रो पुरुषार्थ" नामक पत्रिकाको नेपाल राष्ट्रिय वाणिज्य बैंक गुल्मीको मुदति खातामा रहेको रकम मा व्याज कर छुट पाउ भन्ने मिति ०३८।९।१८ को निवेदन पेश हुंदा किरण पुस्तकालय र सो पुस्तकालयले सुचालन गरेको हाम्रो पुरुषार्थ को नाममा रहेको मुदति खाताको रकम को व्याजमा आयकर ऐन ०३१ को दफा ४२(१) अनुसार छुट दिने गरी श्री ५ को सरकार को मिति ०३९।२।२८ को निर्देशानुसार अनुरोध गरेको छ ।

२०३९/२/१२
शाखा अधिकृत

बोधार्थ:-
श्री किरण पुस्तकालय,
लु.अ. गुल्मी ।

304434

श्री ५ को सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
मालपोत विभाग
मालपोत कार्यालय

जग्गाधनी नम्बर ५८

बौठाको छाप	
दायाँ	बायाँ

फोटो प्रमाणित गर्नेको दस्तखत

जग्गा धनीको नाम थर ...विरेन्द्र पुस्तकालय गुल्मी निम्न...
ठेगाना...स्मृतिनगर...अंचल...लुम्बिनी...जिल्ला.....इलाका
.....तम्घास.....नगरपालिका/गाउँ विकास समिति वडा नं. ४.....
जग्गाधनीको बाबु/पतिको नाम थर .....
बाजेको नाम थर .....
नागरिकता नम्बर र मिति .....
नागरिकता प्रदान गर्ने कार्यालय .....
जग्गावालाको दस्तखत.....लेखात्मक.....
जग्गाधनी प्रमाण पत्र दिने कार्यालय.....

(कार्यालयको छाप)

304434

श्री ५ को सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
मालपोत विभाग

को नाम ...विरेन्द्र पुस्तकालय गुल्मी निम्न...

जग्गाधनी दर्ता प्रमा

जिल्ला	नगरपालिका गा.वि.स.	प्रमाण सर्किट	वडा नं. र दस्ता	किल्ला नं.	विवरण	जग्गाधनीको हक हिस्सा	मोहीको नाम थर ठेगाना
गुल्मी	तम्घास		४	१९६	०१९०	पुस	०१५०

जिल्ला	कैफियत	प्रमाणित गर्नेको दस्तखत
पा.दो.लि.०	०-१२-०-१	जग्गाधनी प्रमाण पत्र दिने कार्यालय

२ ३

श्री ५ को सरकार
शिक्षा मन्त्रालय

जिल्ला शिक्षा कार्यालय

तम्घास, गुल्मी

फोन नं. ०७९-२०११३

च. नं. :- ९४३२ मिति २०५५।१।१७

प. सं :-

प्राप्त पत्र संख्या र मिति :-

विषय:- स्वीकृति बारे ।

श्री किरण पुस्तकालय
तम्घास, गुल्मी ।

उक्त सम्बन्धमा तहाँको मिति २०५५।१।१५ को पुस्तकालयको स्वीकृति पाउँ भन्ने दरखास्त अनुसार मिति ०५५।१।१६ गते उक्त पुस्तकालयको निरीक्षण गर्दा आवश्यक पूर्वाधार मौजुद रहेको पाइएकोले शिक्षा नियमावली २०४९ (छैठौं संशोधन २०५४ सहित) को नियम १२२ को उपनियम ३ बमोजिम सो पुस्तकालय खोल्ने स्वीकृति दिइएको छ । शिक्षा ऐन तथा नियमावली अन्तर्गत रही उक्त पुस्तकालय संचालन गर्नु गराउनु हुन अनुरोध छ ।

०५५।१।१६

(सूर्य प्रसाद मुलाल)

फोन नं. प्र.जि.अ.०७९-५२०१३
स.प्र.जि.अ./प्रशासन ०७९-५२०२४
स.प्र.जि.अ./राहदानी ०७९-५२०८३
फ्याक्स नं.०७९-५२०२८१
ई-मेलः- daogulmi2046@gmail.com
Notice Board no.161807952083

नेपाल सरकार
गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

गुल्मी

प.सं.२०७०/०७१
च.नं. ५४८

मिति २०७०/६/२१

विषय-त्रैमासिक साहित्यीक पत्रिका प्रकाशित गर्ने अनुमति

श्री प्रेश रजिष्टारको कार्यालय
सिनामंगल काठमाण्डौं ।

यस कार्यालयमा २०७५/११/१४ मा दर्ता भई अर्ध-वार्षिक रुपमा प्रकाशित हुँदै आएको " हाम्रो पुरुषार्थ " नामक अर्ध-वार्षिक साहित्यीक पत्रिका ऐनको दफा ७ को उपदफा ८ बमोजिम यस कार्यालयको मिति २०७०/६/२१ को निर्णय अनुसार निम्न लिखित विवरण भएको " हाम्रो पुरुषार्थ " नामक त्रैमासिक साहित्यीक पत्रिका प्रकाशित गर्ने अनुमती दिइएको बेहोरा जानकारीको लागि अनुरोध गरिन्छ ।

तपशिल

१ पत्रिकाको विवरण

क	नाम -	हाम्रो पुरुषार्थ
ख.	किसिम-	त्रैमासिक साहित्यीक पत्रिका
ग.	भाषा-	नेपाली
घ.	आकार-	डबल डिमाई १/१६
ङ.	पृष्ठ संख्या-	१६ पेजे फर्माको ३ देखि ५ सम्म
च.	छापिने संख्या-	दुईहजार प्रति
छ.	सम्पादक-	शशि पन्थी
ज.	प्रकाशक-	किरण पुस्तकालय
झ.	मुद्रक-	सुशिला प्रिण्टर्स तम्घास गुल्मी
ञ.	प्रकाशित हुने-	कार्तिक- पुस, माघ-चैत्र, वैसाख-असार, साउन-असौज
ट.	अन्य विवरण-	साविक बमोजिम रहने

बोधार्थ-
श्री किरण पुस्तकालय तम्घास गुल्मी

गौरव [illegible] २०७०/६/२९
महायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग

जिल्ला शिक्षा कार्यालय

गुल्मी

प.सं. ०७१/०७२
च.नं. २९५९

मितिः २०७२/३/२४

विषयः स्वीकृति प्रदान गरिएको ।

किरण पुस्तकालय तम्घास, गुल्मीबाट २०७२/३/२४ मा पुस्तकालय स्वीकृत गर्ने सम्बन्धमा दिइएको निवेदन उपर कारबाही हुँदा पुस्तकालय व्यवस्थापन निर्देशिका, २०६८ बमोजिम शर्तहरू पालना गरेको देखिएकोले अभिलेखीकरण गरी स्वीकृती प्रदान गरिएको व्यहोरा अनुरोध छ ।

पुस्तकालयको नामः किरण पुस्तकालय
पुस्तकालयको ठेगानाः रेसुङ्गा नगरपालिका वडा नं. ६, तम्घास, गुल्मी ।

स्वीकृति प्रदान गर्ने अधिकारीको सहीः
०६१।३।२४
नामथरः वीरेन्द्र कुँवर
जिल्ला शिक्षा अधिकारी
पदः नि. जिल्ला शिक्षा अधिकारी
मितिः २०७२/३/२४

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र

दर्ता मिति

स्थायी लेखा नम्बर	:	६	०	७	४	६	०	७	०	०	आयकर:	१९	१०	२०७४
आन्तरिक राजस्व कार्यालय	:	आन्तरिक राजस्व कार्यालय तुटवल										दिन	महिना	साल

कारोबारको नाम : किरण पुस्तकालय

करदाताको प्रकार : शैक्षिक संस्था

ठेगाना : वार्ड नं. ८, रेसुङ्गा
नगरपालिका: रेसुङ्गा,
गुल्मी

व्यवसायका कारोबारहरु : अन्य शैक्षिक सेवाहरु, सामाजिक तथा प्रतिनिधित्व गर्ने संस्थाहरु,

करदाताको दस्तखत

कर अधिकृतको दस्तखत

कर अधिकृत

करदाताले पालना गर्नुपर्ने कर्तव्यहरु:

- कारोबार गर्दा अनिवार्य रुपमा बिल बिजक जारी गर्नुपर्छ ।
- मू.अ.करमा दर्ता हुनेले प्रत्येक कर अवधि (मासिक वा त्रैमासिक वा चौमासिक) समाप्त भएको २५ दिनभित्र मू.अ.कर विवरण तथा मू.अ.कर रकम बुझाउनु पर्छ ।
- अन्तःशुल्क लाग्ने कारोबार गर्नेले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र मासिकवारी र अन्तःशुल्क रकम बुझाउनु पर्छ ।
- प्रत्येक आर्थिक वर्षका आय विवरण असोज मसान्तभित्र बुझाउनु पर्छ ।
- समयमा विवरण र कर रकम नबुझाएमा ब्याज, शुल्क र जरिवाना लाग्नेछ ।
- यो प्रमाणपत्र देखिने गरी कारोबार स्थल/मुख्य कार्यालयमा राख्नु पर्नेछ ।
- कुनै द्विविधा भएमा कार्यालयमा सम्पर्क राख्नुहोला ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, बुटवल

☎ ०७१-५५०५२४
०७१-५५०५२५
०७१-५५०५२६
०७१-५५०५२७
फ्याक्स: ०७१-५५०५२३

आयकर छुट पाउने संस्था दर्ता प्रमाण-पत्र

आयकर छुट प्रमाण-पत्र नम्बर: ३८ जारी मिति: २०६८।१२।२०

देहायमा उल्लेख भएको संस्था आयकार ऐन, २०५८ को दफा २ को खण्ड (ध) को उपखण्ड (१) को (क) मा उल्लेख भए बमोजिमको नाफा नकमाउने उद्देश्यले स्थापना भएको सुनाफा रहित जनहितकारी संस्था रहेको/(ख) मा उल्लेख भए बमोजिमको सामाजिक संस्था रहेको/खेलकुद सम्बन्धी सुविधा प्रवर्द्धन गर्ने उद्देश्यले गठन भएको अव्यवसायी खेलकुद संस्था रहेको देखिएकोले आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ध) को उपखण्ड (१) तथा आयकर नियमावली, २०५५ को नियम ३ को उपनियम (२) बमोजिम सो संस्थालाई आयकर छुट पाउने संस्थाको रुपमा दर्ता गरी यो प्रमाण-पत्र दिईएको छ ।

१. संस्था सम्बन्धी विवरण

क) स्थायी लेखा नम्बर: ६०६६६०६००
ख) नाम: किरण पुस्तकालय
ग) ठेगाना: देसुङ-गा - ०८, गुल्मी
घ) फोन नम्बर: ९८५११६८८०६
ङ) ईमेल ठेगाना/वेवसाइट: —
च) संस्थाको उद्देश्य: सुनाफा रहित सेवा शैक्षिक र साहित्यिक संस्थाको सेवा कार्य गर्ने
छ) भौगोलिक कार्यक्षेत्र: गुल्मी जिल्ला

२) संस्थाको प्रारम्भिक दर्ता सम्बन्धी विवरण

क) दर्ता गर्ने निकाय: जिल्ला शिक्षा अधिकारी कार्यालय
ख) दर्ता नम्बर: १८६
ग) दर्ता मिति: २०२६।०६।१६

३. मुख्य व्यक्तिको विवरण

क) नाम र ठेगाना: झाक्री पहरी
ख) फोन/मोबाइल नम्बर: ९८५११६८८०६
ग) ईमेल ठेगाना:

२०६८।१२।२०
(.....)
कर अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
शिक्षा विकास तथा समन्वय इकाई

फोन नं. : ५२०११३
फोन नं. : ५२०११४
Email: deogulmi@gmail.c

गुल्मी
जिल्ला प्रशासन कार्यालय
शिक्षा विकास तथा समन्वय इकाई
गुल्मी

प.स. ०७५/०७६
च.नं. ९१९

मिति :२०७५/०६/०८

विषय : अभिलेख नवीकरण सम्वधमा ।

श्री किरण पुस्तकालय
तम्घास गुल्मी ।

प्रस्तुत विषयमा तहाको च.नं. १२ मिति २०७५/०६/०७ को पत्रासाथ कार्यक्रमको प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन प्राप्त भयो । यस कार्यालयबाट किरण पसस्तकालय, तम्घास गुल्मीको स्वीकृतीको अभिलेख नवीकरण गरिएको व्यहोरा अनुरोध छ ।

०७५।६।८

थानेश्वर घिमिरे
इकाई प्रमुख
(उप सचिव)

थानेश्वर घिमिरे
इकाई प्रमुख
उप-सचिव

प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली २०४९ सँग सम्बन्धित

प्रेस काउन्सिल नेपाल

पत्रपत्रिका वितरण संपरीक्षणको

प्रमाण-पत्र

आर्थिक वर्ष २०७३/०७४....को वर्गीकरण अनुसार ...गुल्मी.....

जिल्लाबाट प्रकाशित हुने ...हाम्रो पुरुषार्थ ...साप्ताहिक.....

पत्रिका...साप्ताहिक..... स्तर...क....वर्गमा वर्गीकृत भएको

प्रमाणित गरिन्छ ।

मितिः २०७४।०६।१६.....

सचिव
वितरण संपरीक्षण समिति

अध्यक्ष
वितरण संपरीक्षण समिति

किरण पुस्तकालयका वर्तमान संरक्षक सदस्यहरू

क्र. सं.	नाम, थर	ठेगाना	फोन नं./मो.नं.
१	श्री चेतनारायण उपाध्याय	उपल्लो तम्घास	
२	श्री नरप्रसाद श्रेष्ठ	तम्घास बजार	०७९-५२०१०९, २०९ र ३०९
३	श्री वैकुण्ठबहादुर चन्द	अग्लुङ्ग	
४	श्री शशि पन्थी	तम्घास, आदर्श निकेतन	९८५११४८८०७, ९७४७००२०७९
५	श्री चिरञ्जीवी शर्मा	अर्खले, रोहिंदी	०७९-५२०६७६, ९७४७०५६१५१
६	श्री हरिप्रसाद गौतम	जुभुङ्ग	९७४७०२४७०८, ९७४७०५६३६६
७	श्री भेषबहादुर कुँवर	तम्घास, धागिथुम	९८४७३१०३१३
८	श्री दीन पन्थी	तम्घास, आदर्श निकेतन	०७९-५२०४८३, ९८४७५०६२८८
९	श्री सूर्यप्रसाद आचार्य	पाल्पा	९८५११२३११९, ०१४४३१८४७
१०	श्री नन्दराम भुसाल	तम्घास बजार	०७९-५२०१७२, ९८५७०२२३७५
११	श्री ध्रुवराज पन्थी	उधिनढुङ्गा, तम्घास	०७९-५२०३५५, ९८५७०६४९३३
१२	श्री रामचन्द्र पन्थी	तम्घास, आदर्श निकेतन	९८५७०६७२४२, ९८४७१०५६२०

वर्तमान विशिष्ट सदस्यहरू

क्र.सं.	नाम, थर	ठेगाना	फोन नं./मो.नं.
१	श्री चन्द्र भण्डारी	हुँगा	९८५११५९३३३
२	श्री डिल्लीराज भुसाल	तम्घास बजार	०७९(५२०२३१
३	श्री बालकृष्ण भुसाल	मणिग्राम, रूपन्देही	९८५७०२२२७२
४	श्री मुकुन्दहरि ज्ञवाली	लिम्घा हाल-अमेरिका	
५	शशिध्वज थापा	अर्खले हाल-अष्ट्रेलिया	०६१२४७३३०६९१
६	श्री कृष्णप्रसाद पन्थी (इ)	उपल्लो तम्घास	९८५७०२४२६६
७	श्री राजेन्द्रप्रसाद श्रेष्ठ	तम्घास बजार	९८५७०२२९०९

वर्तमान आजीवन सदस्यहरू

क्र. सं.	नाम, थर	ठेगाना	फोन नं./मो.नं.
१	श्री गणेशप्रसाद शर्मा मुडभरी	माडी पोखराथोक, पाल्पा हाल-नवलपरासी	
२	श्री तुलाराम पाण्डे	भगवती, काहुले, अर्घाखाँची	०७९-५२०१२०
३	श्री दानबहादुर के.सी.	बाँझकटेरी, गुल्मी	९८५७०२७९२५
४	श्री होमनाथ घिमिरे	हर्पुकोट, हस्तिचौर	०७९-५२०१४३
५	श्री गोमराज श्रेष्ठ	तम्घास बजार	०७९-५२०१३९
६	श्री मृगेन्द्रकुमार श्रेष्ठ	तम्घास बजार	०७९-५२०१४१
७	श्री श्यामकुमार पाण्डे	तम्घास	०७९-५२०१३८
८	श्री भुवनप्रसाद अर्याल	दुबीचौर	९८५७०६१७२१
९	श्री कमलप्रसाद शर्मा न्यौपाने	तम्घास, चिदीचौर	९८४७३१०५७०
१०	श्री हरिकुमार श्रेष्ठ	तम्घास, पुरानो बजार	०७९-५२०४९८ ५२०३०२
११	श्री डा. मनिराम पाण्डे	भगवती, देउराली, अर्घाखाँची	
१२	श्री अनन्तराम पौडेल	हुँगा, गुल्मी	९८५७०६१७०४
१३	श्री गोविन्द गौतम	अमरपुर, हाल-तम्घास	९८४७०२६१७०
१४	श्री पवित्रा अर्याल (मरासिनी)	तुराङ्ग, हाल-अमेरिका	१२८१५६४८०८०
१५	श्री लेखनाथ पाण्डेय	तम्घास बजार	०७९-५२०१२०, ९८४७०२६०११
१६	श्री पुनाराम पोखरेल	सिमीचौर	
१७	श्री डा. वीरेन्द्रप्रसाद श्रेष्ठ	तम्घास बजार, हाल-बेलायत	
१८	श्री जयप्रसाद अर्याल	सिमीचौर	९८४७१०६३७८
१९	श्री घनश्याम सुस्मित	चेतेनेटा, सिमीचौर	९८५७०६७६२२
२०	श्री लुमा पन्थी	बाँझ, तम्घास	९८४५२६८४२७
२१	श्री प्रा. डा. बाबुराम ज्ञवाली	बुटवल	९८४७०३८०९५
२२	श्री तोयनारायण सुवेदी	हुँगा	९८४९६९४६२५
२३	श्री कृष्णप्रसाद ज्ञवाली	रूरू-१, थोर्गा	९८५७०६१७२१
२४	श्री कृष्णप्रसाद पाण्डे	उपल्लो तम्घास, सोता, गुल्मी	०७९-५२०४५०, ९८४७०९०६५९

क्र. सं.	नाम, थर	ठेगाना	फोन नं./मो.नं.
२५	श्री केशवराज पाण्डे	तम्घास कोल, साहूटोल	९८४७४४०५१४
२६	श्री कोविदप्रकाश पन्थी	तम्घास, आदर्श निकेतन	९८४३२५९४७३
२७	श्री राधा पन्थी	धागिथुम, तम्घास	९८४७१८५६५२
२८	श्री गोपाल पन्थी	धागिथुम, तम्घास	९८५७०६४७४६
२९	श्री विश्वम्भर पन्थी	उधिनढुङ्गा, हाल-काठमाडौं	९८४१६४४९८४
३०	श्री खिलध्वज पन्थी	अर्खले, खाम्सेपानी	९८५७०६१९२३
३१	श्री गीताकुमारी पन्थी	उधिनढुङ्गा, हाल काठमाडौं	०१-४२७८६५१, ९८४९३३७०२०
३२	श्री कृष्णप्रसाद पन्थी (इ)	बाँझ, तम्घास	९८४१६४०५७९
३३	श्री रामप्रसाद खनाल	उधिनढुङ्गा	९८४७१०५८९६
३४	श्री नमोनारायण पन्थी	मिलनचोक, तम्घास	०७९-५२०३६४, ९८४७३५८७१५
३५	श्री माधवप्रसाद अर्याल	मर्भुङ्ग, गुल्मी	९८४७०६४४९१
३६	श्री महेन्द्रप्रसाद भण्डारी	वस्तु-८, धुर्कोट	९८५७०२५६२२
३७	श्री कृष्णप्रसाद खनाल (रेडक्रस)	भुवनपानी, अर्खले	९८५७०६१८६३
३८	श्री हरिप्रसाद पन्थी	बाँझ, तम्घास	९८५४०४१०४७
३९	श्री रामप्रसाद पन्थी	छापटोला, तम्घास	९८६७११३७८८
४०	श्री प्रेमनारायण पन्थी	गैरा, भलुवाकुण्ड क्याम्पसगेट	९८४७१८४३३३
४१	श्री चनकबहादुर कुँवर	धागिथुम, तम्घास	९८४७१०६६६४
४२	श्री गुणानिधि शर्मा	रेसुङ्गा न.पा.-८, तम्घास	९८५७०६४६४१
४३	श्री अशोक पाण्डेय	भगवती-८, अर्घाखाँची	९७४७००७८२५
४४	श्री चन्द्रकान्त पन्थी	उधिनढुङ्गा, तम्घास	९७४७००६८१५
४५	श्री यज्ञश्वर पन्थी	भलुवाकुण्ड, तम्घास	९८५७०६१७५६
४६	श्री केशरबहादुर थापा	रेसुङ्गा न.पा.-१०, देउराली	०७९-५२०३३९ ९८५७०६४६१०
४७	श्री ढुण्डिराज पोखरेल	रेसुङ्गा न.पा.-२, धागिथुम, तम्घास	९८४७१०५५६६ ०७९-५२०६१३
४८	श्री सुरेशचन्द्र भुसाल	पौंदी अमराई-२, अरेवा	९८५७०६१८२२
४९	श्री जगन्नाथ गौतम	जुभुङ्ग-७, गुल्मी	०७९-५२०३४१ ९८५७०६१६६१

क्र. सं.	नाम, थर	ठेगाना	फोन नं./मो.नं.
५०	श्री जयश्वर पन्थी	उधिनढुङ्गा, ब्रह्मपुरी, तम्घास	९८५७०६१८२२
५१	श्री महा शर्मा भण्डारी	जैसीथोक-७, गुल्मी	९८४७०७१२६५ ०७९-५२०३५३
५२	श्री मुकुन्दहरि गौतम	परालमी, हाल-तम्घास	९७४७००७६६७
५३	श्री अजय पन्थी	उधिनढुङ्गा, ब्रह्मपुरी, तम्घास	९८५७०६१७५५
५४	श्री नरेशकुमार भण्डारी	रजस्थल-७, धुर्कोट	९८५७०६१९६६
५५	श्री डिल्लीराज खनाल	लामडाँडा, भुवनपानी	९७४७००१६९९ ९८६७१४३९२७
५६	श्री भूपाल झवाली	दिगाम-६, बोहा, गुल्मी	९८५७०६२६०१
५७	श्री नन्दराम पाण्डे	भगवती-९, अर्घाखाँची	९७४७००६६१८ ०७९-५२००५४
५८	श्री रामप्रसाद पन्थी	उधिनढुङ्गा, ब्रह्मपुरी, तम्घास	९८५७०२९१२२ ९८४७२१७४१८
५९	श्री कृष्ण पन्थी	रेसुङ्गा न.पा.-१, डाँडा, तम्घास	९८४७३९३५०१
६०	श्री विजय पन्थी	उधिनढुङ्गा, तम्घास	९८५१०७५५३३
६१	श्री गणेश श्रेष्ठ	भुजेलखर्क, तम्घास	९८४६१७८६७१
६२	श्री जयप्रकाश श्रेष्ठ	रेसुङ्गा न.पा.-१, तम्घास	९८४७१५२३७६
६३	श्री चूडामणि पन्थी	उपल्लो तम्घास	०७९-५२०००४ ९८५७०६७१००
६४	श्री चन्द्रबहादुर टण्डन	वीरवास-२, गुल्मी	९७४७००६६१८
६५	श्री ढुण्डिराज पन्थी	उपल्लो तम्घास, पन्थी टोल	९८४७००५५८८
६६	श्री पदमप्रसाद अर्याल	सिमीचौर	९८४७१०५७२५
६७	श्री विद्या पन्थी (आचार्य)	सन्धिखर्क, अर्घाखाँची	९८१६४६४४७५
६८	श्री लक्ष्मी पन्थी (अर्याल)	तम्घास	९८४७०५७६४५
६९	श्री हिमकला राना	तम्घास	९८४७१०४९३९
७०	श्री अखिलेश्वरप्रसाद पाण्डे	तम्घास नयाँबजार	९८५७०२३३४२ ०७९-५२०१३७
७१	श्री हिमलाल झवाली	रुरु, भटकुवा, हाल-नवलपरासी	९८५१०९९८८१
७२	श्री हेमराज मरासिनी	भाडगाउँ, हाल-तम्घास	९८४७१०६३१८

क्र. सं.	नाम, थर	ठेगाना	फोन नं./मो.नं.
७३	श्री मोतीप्रसाद खनाल	सेउवा, हाल-तम्घास	९७४७००७२३३
७४	श्री लोकनाथ गौतम	अर्खले-४, गुल्मी	९८४४७८४९४९
७५	श्री श्यामबहादुर थापा	अर्खले-३, उपल्लो भाडगाउँ	९८४७१८४५२५ ९८४१९०१३०९
७६	श्री अनन्त पन्थी	रेसुङ्गा न.पा.-३, भाडगाउँ, गुल्मी	९८५७०३६५४५
७७	श्री रमा पन्थी	रेसुङ्गा न.पा.-३, भाडगाउँ, गुल्मी	९८४७०८८८४५
७८	श्री खुमानन्द फुल्देल	रेसुङ्गा न.पा.-१,तम्घास, गुल्मी	९८४७००४१००
७९	श्री चन्द्रकान्त आचार्य	सन्धिखर्क न.पा.-४, वाङ्ला, अर्घाखाँची	९८५११०६३८१
८०	श्री शेरजङ्ग बस्नेत	रेसुङ्गा न.पा.-३, भाडगाउँ, गुल्मी	

दिवंगत संरक्षक सदस्यहरू

क्र.सं.	नाम, थर	ठेगाना
१	देवीदत्त पन्थी	तम्घास-१, गुल्मी
२	डिल्लीराज उपाध्याय	तम्घास-१, गुल्मी
३	डा. टीकाराम पन्थी	अर्खले, भाडगाउँ
४	शिवलाल खनाल	धागिथुम, तम्घास

दिवंगत आजीवन सदस्यहरू

क्र.सं.	नाम, थर	ठेगाना
१	दधिराम सापकोटा	तौलिहवा, कपिलवस्तु
२	परमानन्द भण्डारी	धुर्कोट, वस्तु, गुल्मी
३	खड्कबहादुर घर्ती क्षत्री	सिर्सेनी, गुल्मी
४	हिमलाल भण्डारी	रेमी, शान्तिपुर
५	दलबहादुर काउछा	तम्घास, खानीगाउँ
६	लक्ष्मीनिधि उपाध्याय घिमिरे	मुसिकोट
७	बोधविक्रम के.सी.	तम्घास

वर्तमान पुस्तकालय व्यवस्थापन समितिको नामावली

क्र. सं.	नाम, थर	पद	मो.नं./फोन नं.
१	नरप्रसाद श्रेष्ठ	अध्यक्ष	०७९-५२०१०९, २०९, ३०९
२	शशि पन्थी	उपाध्यक्ष	०७९-५२०२०६, ९८५११४८८०७
३	दीन पन्थी	सचिव	९८४७५०६२८८
४	चनकबहादुर कुँवर	कोषाध्यक्ष	९८४७१०६६६४
५	हिमकला राना	सदस्य	९८४७१०४९३९
६	दानबहादुर के.सी.	सदस्य	९८५७०२७९२५
७	नन्दराम भुसाल	सदस्य	०७९-५२०१७२, ९८५७०२२३७५
८	घनश्याम गौतम	सदस्य	९८५७०२०४१०
९	गोपाल पन्थी	सदस्य	९८५७०६४७४६

किरण पुस्तकालय र हाम्रो पुरुषार्थको बारेमा शोधपत्र

त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर तहमा अध्ययन पूरा गर्ने क्रममा गुल्मीका विभिन्न शोधार्थीहरूले शोधपत्र लेखेका छन् । किरण पुस्तकालयमा प्राप्त शोत्रपत्रहरू निम्नानुसार छन् :

१. नेपाली साहित्यमा गुल्मी जिल्लाको योगदान-विष्णुहरि ज्ञवाली (२०६१) ।
२. नेपाली साहित्यमा हाम्रो पुरुषार्थ पत्रिकाको योगदान-गोपाल पन्थी (२०५४)।
३. नेपाली कविता विधामा हाम्रो पुरुषार्थ पत्रिकाको योगदान-गोपाल पन्थी (२०५८)।
४. नेपाली कथा विधामा हाम्रो पुरुषार्थ पत्रिकाको योगदान - राधा पन्थी (२०५८) ।
५. नेपाली भाषा-साहित्यको विकासमा किरण पुस्तकालयको योगदान - धर्माङ्गत ज्ञवाली (२०६१) ।
६. किरण पुस्तकालयको भाषिक योगदान - कविता पन्थी (२०६४) ।
७ नेपाली समालोचनाको क्षेत्रमा हाम्रो पुरुषार्थको योगदान-पशुपति कँडेल (२०६६) ।
८. नेपाली निबन्धमा हाम्रो पुरुषार्थ पत्रिकाको योगदान-चूडामणि रेग्मी (२०६६)।
९. हाम्रो पुरुषार्थ पत्रिकाको समीक्षात्मक अध्ययन - शरद ज्ञवाली (२०६६) ।

-ooo-

देवघाट सार्वजनिक पुस्तकालय

देवताको क्रीडास्थल ऋषिमुनिको तपस्थल नेपालको मध्यभागमा अवस्थित अत्यन्त पवित्र देवघाटधाम राष्ट्रकै प्रमुख तीर्थस्थलको रूपमा प्रसिद्ध छ ।

शालिग्रामवाहिनी कालीगण्डकी र त्रिशूली नदीको संगम एवं प्राचीनकालदेखि नै पुण्यभूमिका रूपमा गरिमामय इतिहास निर्माण गर्दै आएको देवघाटधामले दिनानुदिन विकासको गतिलाई अङ्गीकार गर्दै आफ्नो स्वरूप र संरचनालाई भव्य बनाउँदै ल्याएको अनुभूति हुन्छ । वर्तमान समयसम्म आइपुग्दा देवघाटधाम धर्म, संस्कृति एवं पूर्वीयवाङ्मयको संरक्षण र सम्वर्धन गर्ने कार्यमा नेपालको काशीका रूपमा पहिचान बनाउँदै लोकप्रिय बन्न पुगेको छ । यस धामलाई तीर्थको रूपमा हरिद्वार र विद्याको रूपमा काशीतुल्य बनाउनमा ऋषिमुनि, साधुसन्त, मठ, मन्दिर, आश्रम तथा गुरुकुल, अन्य संघसंस्था र समाजसेवीहरूको महत्त्वपूर्ण योगदान रहेको छ । यस पवित्र धामलाई पूर्वीय वाङ्मयमा निहित ज्ञान-विज्ञानको अध्ययनकेन्द्रका रूपमा विकसित गरी भावी सन्ततिलाई आफ्नो गौरवमय एवम् सभ्य इतिहास र सभ्यता, नयाँ ज्ञान र सूचना सजिलैसँग बोध होस् भन्ने उद्देश्यले स्थानीय शिक्षाप्रेमी, बुद्धिजीवी एवं शिक्षा मन्त्रालयका तत्कालीन सहसचिव श्री महेश्वर पौडेलको समेत सक्रियता र सहयोगमा तत्कालीन क्षेत्र विकास समितिका अध्यक्ष डा. गुरुप्रसाद सुवेदीको अध्यक्षतामा देवघाट सार्वजनिक पुस्तकालय २०६२ स्थापना भयो । जिल्ला प्रशासन कार्यालय, तनहूँमा २०६३ असार १२ मा दर्ता भयो । यो पुस्तकालय गण्डकी प्रदेशको तनहूँ जिल्ला देवघाट गाउँपालिका वडा नं. ५ मा पर्दछ । समाजको सर्वाङ्गीण विकासमा शिक्षाको सर्वोपरि स्थान हुन्छ । शिक्षाको विकासमा पुस्तकालयको अहं भूमिका हुन्छ । स्तरीय शिक्षाको लागि आवश्यक पर्ने शिक्षण सामग्री, गहकिला पाठ्यपुस्तक एवम् दुर्लभ ग्रन्थ र दस्तावेजहरूको सुलभ उपलब्धि तथा छिटो छरितो सूचना खुल्ला पुस्तकालयले मात्रै दिन सक्छ । सामाजिक एवं शैक्षिक विकासको लागि सार्वजनिक पुस्तकालय अपरिहार्य मानिन्छ । यहीं आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले देवघाट सार्वजनिक पुस्तकालय सञ्चालन भएको हो ।

सर्वसाधारणलाई शैक्षिक खुराक उपलब्ध गराउनुका साथै विगतका महत्त्वपूर्ण उपलब्धिहरूलाई वर्तमान र भविष्यका निम्ति संरक्षण गरेर राख्नु नै खुला पुस्तकालयको उद्देश्य हो । प्रस्तुत देवघाट सार्वजनिक पुस्तकालयका उद्देश्य यसरी निर्धाण गरिएका छन् :

१. पूर्वीय दर्शनको अध्ययन केन्द्रका रूपमा विकास गर्ने ।
२. समुदायको सामाजिक एवं शैक्षिक विकासमा टेवा पुऱ्याउने ।

३. सुव्यवस्थित र सम्पन्न पुस्तकालय सञ्चालन गर्ने ।

यस पुस्तकालयको स्थापनाकालमा डा. गुरुप्रसाद सुवेदीको अध्यक्षतामा समिति निर्माण भएको थियो । दोस्रो कार्यकाल श्री टंकप्रसाद भुसालको अध्यक्षतामा बनेको समितिले चलाएको थियो भने तेस्रो वर्तमानको समिति हो जसअनुसार शिवराज पौडेल अध्यक्ष, रश्मी सोती उपाध्यक्ष, महेन्द्रराज प्याकुरेल कोषाध्यक्ष तथा फणीन्द्रप्रसाद पौडेल सचिवका साथै सदस्यहरू अर्जुनप्रसाद पाण्डेय, माधवप्रसाद उपाध्याय, सुकुलाल गुरूङ, कविता ढकाल (न्यौपाने) र नमूना घिमिरे रहनुभएको छ ।

यस पुस्तकालयको डेढ रोपनी जग्गामा आफ्नै भवन छ । भविष्यमा यसलाई अझ विस्तृत र व्यवस्थित गर्ने योजना छ । हाल पुस्तकालयमा दर्ता भएका पुस्तकको संख्या ४,१४५ रहेको छ । अध्ययनका लागि दैनिक-४, पाक्षिक-१, साप्ताहिक-२ र मासिक-१ वटा पत्रपत्रिकाहरूको व्यवस्था गरिएको छ ।

यस पुस्तकालयलाई व्यवस्थित र नियमित रूपमा सञ्चालन गर्नका लागि हाल २ जना कर्मचारी कार्यरत छन् । यस पुस्तकालयका आजीवन सदस्य संख्या ६४ जना छन् । साधारण सदस्य १४० जना र दैनिक पाठक ४९ जना छन् । विगत र वर्तमानको ज्ञान समुदायलाई सहजरूपमा उपलब्ध गराउने लक्ष्यका साथ सञ्चालन गरिएको यस पुस्तकालयले निम्नानुसार भावी योजना अघि सारेको छ ।

१. उद्देश्यअनुरूप लिखित श्रव्य-दृश्य सामग्री र सूचनाको संकलन एवं संरक्षण गर्ने ।
२. आधुनिक पुस्तकालय भवन निर्माण गर्ने ।
३. पुस्तकालयलाई पौरस्त्यवाङ्मय एवं ज्ञान-विज्ञानको प्रामाणिक अध्ययन केन्द्रका रूपमा स्थापित गर्ने ।

जनसाधारणलाई आफूले भ्याएको सेवा सुविधा उपलब्ध गराउँदै आएको 'देवघाट सार्वजनिक पुस्तकालय' विकासको गतिमा अगाडि बढ्दै छ । जसले भविष्यमा देशकै नमूना पुस्तकालय बन्ने उद्देश्य राखेको छ । अस्तु ।

नवराज पाण्डेय 'चातक'
सह-प्राध्यापक
नेपाल संस्कृत विश्वविद्यालय
आजीवन सदस्य : देवघाट सार्वजनिक पुस्तकालय
तनहूँ ।

-०००-

स्वर्ण-जयन्ती

वि.सं. २०२५ साल कार्तिक २० गते संस्थापित किरण पुस्तकालयले २०७५ साल कार्तिक २० गते ५० वष पूरा भई ५१ औं वर्षमा प्रवेश गरयो । २०२९ सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्ती र किरण पुस्तकालयको वार्षिकोत्सव एकै दिन कार्तिक २० गते परेको हुँदा त्यस वर्षदेखि देवकोटा जयन्ती र पुस्तकालको वार्षिकोत्सव एकै दिन मनाउने प्रचलन थियो । विगत ५० वर्षभित्र विभिन्न वर्षहरूमा लक्ष्मीपूजा र पुस्तकालयको वार्षिकोत्सव सञ्जोगले एकै दिन पर्दै आएका पनि हुन् । २०७५ सालमा वर्षभरि स्वर्णजयन्ती मनाइरहँदा तिथिहरू घटबढ भइरहनुपर्ने राय आयो र त्यसैअनुसार मनाउने हुनाले महाकवि देवकोटा जन्मेको कार्तिक २७ गतेलाई देवकोटा जयन्तीको रूपमा मनाउने निर्णय भयो । त्यसैअनुसार पुस्तकालयको वार्षिकोत्सव पनि सँगसँगै कार्तिक २७ गते मनाउने निर्णय गरी सो दिनसम्म स्वर्णमहोत्सवका कार्यक्रमहरू विस्तार गरिएको थियो । २०७५ सालमा पुस्तकालयको स्वर्ण महोत्सवको अवसर पारेर किरण पुस्तकालयले कतिपय पुराना कार्यक्रमहरूलाई निरन्तरता दिनुका साथै केही नयाँ कामहरूको पनि थालनी गरयो । कविजयन्ती, साहित्य गोष्ठी, पुरस्कार वितरण आदि पुस्तकालयका नियमित कामहरू हुन् । यी कामहरूको निरन्तरता भविष्यमा पनि कायम रहने कुरामा कुनै प्रकारको द्विविधा छैन ।

स्वर्ण-जयन्ती वर्षमा पुस्तकालयले सम्पन्न गरेका विशेष स्मरणीय र उल्लेखनीय कार्यहरू निम्न छन् :

- ❑ जानकी साहित्य पुरस्कारको वितरण कार्यको शुभारम्भ । साहित्यकार सूब सेन ओलीलाई पहिलोपटक रू.५ हजार राशिको पुरस्कार र प्रमाण-पत्रद्वारा सम्मान ।
- ❑ ५ नं. प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलनको आयोजना । ७ बुँदे तम्घास घोषणापत्र पारित ।
- ❑ पुस्तकालयका समग्र प्रकाशनहरूको १० दिवसीय प्रदर्शनी । (२०७५ कार्तिक १८ गतेदेखि २०७५ कार्तिक २७ गतेसम्म) ।
- ❑ पुस्तकालयको अत्याधुनिक पुस्तकालय भवनको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण बिष्टबाट २०७५ कार्तिक १८ गते शिलान्यास।
- ❑ स्वर्ण-जयन्ती स्मृति चिह्न वितरण ।
- ❑ डा. लक्ष्मीकान्त पन्थीद्वारा लिखित तथा पुस्तकालयद्वारा प्रकाशित काव्यमालिका नामक ग्रन्थको विमोचन । अन्य २ पुस्तक निकट भविष्यमा प्रकाशन गरिने घोषणा ।
- ❑ हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ८० किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्कको रूपमा प्रकाशित हुने कुराको सूचना प्रसारण ।
- ❑ पुस्तकालयका विभिन्न पक्षमा विशेष सहयोग गर्नेहरूलाई सम्मान ।

-सचिव

-ooo-

नौलो सृष्टि : सानो दृष्टि

१. छ्यासमिस

एस.पी. आसा अर्थात् साहित्यकार श्रीप्रसाद घिमिरेको २६ औं कृतिका रूपमा छ्यासमिस (२०७४) प्रकाशित भएको छ । यसभित्र ऐतिहासिक संस्मरण, लघुकथा, कविता, गीत/गजल र टुक्राटाक्री समावेश छन् । ऐतिहासिक संस्मरणमा लेखकले विगतका आफ्ना र ऐतिहासिक विषय सन्दर्भलाई जोडेर केही अनुच्छेददेखि चार पृष्ठसम्मका सान्दर्भिक विचार उल्लेख छन् । केही सन्दर्भहरू राष्ट्रको ऐतिहासिक पृष्ठभूमि समेट्ने खालका छन् भने केही नितान्त निजी सन्दर्भमा आधारित छन् । यस्ता संस्मरणको संख्या २४ रहेको छ । छ्यासमिसको दोस्रो मिसावट १३ वटा लघुकथाको छ । अधिकांश लघुकथाहरू लघुकथाको धर्मभित्र छन् भने केही कथाले लघुकथाको आयतन नाघेका छन् । जस्तै- ब्रह्माजीको सम्झनाको सम्झना, ब्रह्माजीको ब्रह्मतेज ।



तेस्रो मिसावटमा भिन्न प्रकृतिका ५७ वटा कविता राखिएका छन् । कविताहरू प्रणय सन्दर्भदेखि भक्तिभावसम्मका छन् । छोटामा एक श्लोक (चार पङ्क्ति) देखि लामा पनि छन् । चौथो गीत/गजल रहेको छ । यसभित्र १४ वटा भजन, गीत/गजल छन् । पाँचौं टुक्राटाक्रीमा २२ वटा विभिन्न टुक्राहरू गाँसेर यो खण्ड तयार भएको छ । अन्तिममा स्रष्टाले प्राप्त गरेका विभिन्न सम्मान तथा पुरस्कारहरूका साथै स्रष्टामाथि गरिएका अनुसन्धानहरूको फेहरिस्त दिइएको छ । कृति साँच्चै छ्यासमिस भएको छ । कुनै प्रगीत शैलीमा छन् जस्तै 'प्यारी उठौं कि ?' भिन्न भाव र रचनालाई समेटेर नवीन कृति रचना भएको छ । वर्णविन्यासले पूर्णता पाएको छैन । कृति नौलो छ । स्रष्टाको स्तरीयतालाई अझ उच्चतामा पस्याउन ध्यान दिनुपर्ने देखिन्छ ।

२. तुहेको साँझ



गीताकृष्ण खरेल र तीर्थराज वन्तले २०२४ सालमा प्रथम पटक प्रकाशित गरेपछि तत्कालीन वाग्मती अञ्चलाधीश कार्यालयबाट प्रस्तुत कृति बजारमै आउन नपाईं जफत भएको थियो । वि.सं. २०७४ सालमा यसको दोस्रो संस्करण पुनर्मुद्रण भएको छ । तत्कालीन समाजका विकृति र विसंगतिलाई चित्रण गर्दै सटिक ढाँचामा १० वटा कथाहरू प्रस्तुत संग्रहभित्र छन् । समाजमा, न्यायसेवामा, प्रशासन र अन्य क्षेत्रमा देखिएका विकृतिलाई अत्यन्त शिष्ट ढङ्गबाट कथाहरूमा प्रस्तुत गरिएको छ । तत्कालीन समाज, शासन व्यवस्था, राजनीतिक प्रणाली, राजनीतिकर्मी, न्यायक्षेत्र आदिमा देखिएका विकृतिहरूलाई कथाहरूले उजागर गरेका छन् । साहित्यलाई समाजको दर्पण मान्ने केही साहित्यको परिभाषाभित्र तुहेको साँझ अटाएको छ । छोरी/चेलीको जिउ बेचेर आफ्नो पदोन्नति खोज्नुपर्ने बाबुहरूको अवस्था क्षतिपूर्तिले चित्रण गरेको छ । सट्टापट्टा, कपटी तराजु, एक निराशा-एक जलन जस्ता कथाहरूले न्याय क्षेत्रका विकृतिहरू कोट्याउने प्रयास गरेका छन् । अभाव, गरिबी, विकृति, अशिक्षा आदिलाई आँसुमा दुई छायाँ कथाले चित्रण गरेको छ । यथार्थवादी ढङ्गबाट लेखिएका १० वटै कथाहरू प्रेरणादायी छन् । मझौला आकारमा रचित सबै कथा अत्यन्त उत्कृष्ट छन् । पञ्चायतकालीन राजनीतिकर्मी, कर्मचारी, समाज आदि सबैको यथार्थ चित्रण गर्न 'तुहेको साँझ' एक कथा संग्रह सफल बनेको छ ।

३. अन्ततः

पुष्कर अथक रेग्मीको नवौं कृतिका रूपमा एक सय एकवटा गजलहरूको मुठोको रूपमा अन्ततः प्रकाशित भएको छ । यसभित्र विश्वास, अनुशासन, नैतिकता, आस्तिकता, नास्तिकता, माया, पिरती, यौवन चाहना, रहर, भावना विकृति, विसंगति, संघर्ष, जन्मभूमि तथा राष्ट्रप्रेमलाई विषयवस्तु बनाइएको छ । आलङ्कारिकता, भाव सघनता, व्यङ्ग्यात्मक अभिव्यक्ति, विषयगत विविधता आदि यस कृतिका प्रमुख विशेषता हुन् । संग्रहको नामकरण अन्तिम गजलको शीर्षकबाट राखिएको छ । गजल रचनामा मौलिकता र निजात्मक शैली पछ्याउन अथक लागिपरेका छन् । राष्ट्रियता, समसामयिक सन्दर्भलाई समेटेर

गजलको धर्म निर्वाह गर्ने अथकको प्रयास सराहनायोग्य छ । रचना समय हेर्दा एउटा गजल (१९) २०७२ सालमा रचना भएको देखिन्छ भने बाँकी १०० गजल २०७३/२०७४ सालका विभिन्न मितिमा रचना भएका छन् । अत्यन्त चलाखीपूर्ण रूपबाट शब्दहरू चयन गर्दै सघन भावमा आफ्ना अनुभूतिलाई अनौठो रूपमा प्रकट गर्ने अथकको प्रयास श्लाघनीय छ । नेपाली साहित्य सेवामा साधनारत बन्न परिस्थिति र वागदेवीले निरन्तर साथ दिऊन् ।



४. जीवन, सोंच र समय

स्रष्टा राम ज्ञवालीले १९ वटा निबन्धहरूको संग्रह 'जीवन, सोंच र समय' तयार गर्नुभएको छ । परम्परित निबन्ध साहित्यका संरचनात्मक मूल्यभन्दा भिन्न ढङ्गबाट विश्लेषणात्मक र रैखिक शैली अवलम्बन गर्ने संष्टा ज्ञवाली चिन्तनपरक निबन्धकारका रूपमा देखा परेका छन्। जीवन र आत्मबोध, राष्ट्रप्रेम, राष्ट्रवाद व्यङ्ग्य/विद्रोहात्मकता, चिन्तनपरकता, वैचारिकता, प्रगतिशीलता आदिको केन्द्रीयतामा प्रस्तुत निबन्ध-संग्रह तयार भएको छ । कुनै घटना वा सन्दर्भले स्रष्टालाई दिएको अनुभूतिलाई आधार बनाएर अभिव्यक्तिहरू प्रस्तुत भएका छन् । निबन्धकारले सोंचसँग सम्बद्ध पाँचवटा निबन्ध रचना गरेका छन् । धन/पैसासँग सम्बद्ध तीनवटा निबन्धहरू छन् । सङ्कलित निबन्धहरूमध्ये 'वर्तमान समाजका समस्याहरू' शीर्षकको निबन्ध बढी जीवन्त छ । कतिपय निबन्धहरू आदर्शवादी विचारधारामा आधारित छन् । अन्य निबन्धहरू उत्कृष्ट नै छन् । गहन अभिव्यक्ति, सघन विचारबाट हरेक लेखकले पाठकलाई तान्न सक्दछन् । स्रष्टा ज्ञवालीको लेखनी अझ खारिदै जाओस् हाम्रो शुभकामना छ ।



- अकिञ्चन

-०००-

सूब सेनलाई सम्मान

रूपन्देही (कास)- जानकी साहित्यिक पुरस्कार एवं सम्मानबाट गुल्मीका साहित्यकार सूव सेन (सूर्यबहादुर सेन) सम्मानित भएका छन् । 'जानकी प्रतिष्ठान'ले गत वर्ष निरन्तर साहित्य लेखनमा लागेकालाई प्रोत्साहन गर्ने गरी 'जानकी साहित्यिक पुरस्कार' स्थापना गरेको थियो । सेनले नेपाली आख्यान, नियात्रा, प्रबन्ध, काव्य कविता, इतिहास, खोज-अनुसन्धान र नाटकको क्षेत्रमा निरन्तर कलम चलाउँदै आएका छन् । उमेरले आठ दशकमा पाइला टेक्दै गरेका सेन नेपाली साहित्यमा पछिल्लो समयमा सफल नाटककारका रूपमा समेत चिनिएका छन् । उमेरले आठ दशकमा पाइला टेक्दै गरेका सेन नेपाली साहित्यमा पछिल्लो समयमा सफल नाटककारका रूपमा समेत चिनिएका छन् । उनका ४५ कृति प्रकाशित छन् । आफ्ना भावना र विचार निर्धक्कसाथ प्रस्तुत गर्ने क्षमता र कलाका धनी सेन गुल्मीको साविक बाँझकटेरी गा.विस.मा जन्मिएका थिए । गुल्मीको रुरु गाउँपालिका ४ मा ०३३ सालमा जन्मिएर साहित्य र समाजसेवामा सक्रिय साहित्य सर्जक जानकी झवालीको निधनपछि परिवारले तम्घासको किरण पुस्तकालयका नाममा १ लाख ५१ हजार १ सय ५१ रूपैयाको अक्षयकोष स्थापना गरेका थिए ।

कान्तिपुर राष्ट्रिय दैनिक / २६ भदौ / २०७५

'हाम्रो पुरुषार्थ' अझै प्रकाशित हुँदै रैछ ।

तम्घास गुल्मीबाट तीसको दशमा नेपाली साहित्यिक पत्रिका जगत्मा प्रवेश गरेको हाम्रो पुरुषार्थको नयाँ अङ्क शब्दपथलाई प्राप्त भएको छ । साउन-असोज २०७५ लेखिएको उक्त अङ्कको पूर्णाङ्क ७९ त्रैमासिक पत्रिका हो । उनासीऔं अङ्कमा मोदनाथ पश्रित, वनमाली निराकार, ध्रुव सुमन, ऋषि आजाद, प्रा.डा. दुर्गाप्रसाद अर्ज्याल, शिवशरण झवाली, नेत्रनारायण शर्मा आदिका साहित्यिक रचनाहरू संगृहीत छन् । किरण पुस्तकालय तम्घास, गुल्मीद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ'को सम्पादन शशि पन्थी र सह-सम्पादन दीन पन्थीद्वारा गरिएको छ ।

'हाम्रो पुरुषार्थ'कै आवरणमा पूर्णाङ्क ७६ कविशिरोमणि लेखनाथ पौडेल र पूर्णाङ्क ७७ इन्द्रबहादुर राईको चित्रसहित प्रकाशित भएका रहेछन् ।

यसरी ४५ वर्षदेखि नियमित रूपमा तम्घासबाट साहित्यिक पत्रिका प्रकाशित हुँदै आउनुलाई साहित्य जगत्ले प्रशंसनीय कार्य मानेको छ ।

- शब्दपथ, पत्रपत्रिका विशेष, २०७५ वैशाख २९ गते ।

-०००-

पुस्तकालय सम्मेलनका कुरा सुनियोस् ।

सम्पादकज्यू,
हाम्रो पुरुषार्थ (त्रैमासिक)

साढे चार दशकदेखि गुल्मीको किरण पुस्तकालयबाट 'हाम्रो पुरुषार्थ' पत्रिका निकालेर तपाईंहरूले नेपाली भाषा र साहित्यको विकासमा जुन योगदान गरिरहनुभएको छ, त्यसको हामी प्रशंसा गर्दछौं ।

'हाम्रो पुरुषार्थ'को २०७५ साउन-असोजको सम्पूर्णाङ्क ७९ रङ्गीन कलेवरमा पढ्न पाउँदा अझ खुशी लाग्यो । किरण पुस्तकालयले ५ नं. प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलन गरेर त्यसको सचित्र विस्तृत विवरण यसमा छापिएको रहेछ ।

सरकारले गर्नुपर्ने काम तपाईंहरूले गरिरहनुभएको छ । गतवर्ष २०७४ साल कार्तिक १२ र १३ गते शिक्षा मन्त्रालयको आयोजनामा काठमाडौंमा पहिलो राष्ट्रिय सम्मेलनको आयोजना गरिएको र त्यसले प्रत्येक वर्ष संघ र प्रदेशहरूमा सार्वजनिक र सामुदायिक पुस्तकालयहरूको सम्मेलन आयोजना गर्न माग गरेको कुरा तपाईंहरूकै पत्रिकाबाट थाहा भायो । सरकारले त्यस्तो माग सुनेन । तपाईंहरूले प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलन गर्नुभयो र सरकारलाई पुस्तकालयका माग पूरा गराउन ध्यानाकर्षण गराउनुभयो । कार्यपत्रहरू प्रस्तुत गरिए । छलफहरू भए । प्रस्तावहरू पारित गरिएछ । त्यसको विस्तृत विवरण छापियो । यो अङ्क पुस्तकालय सम्मेलन अङ्क जस्तै देखियो । यस सम्मेलनमा व्यक्त विचारहरू कसले सुन्ने ? कार्यपत्रको विषय कसले अध्ययन गर्ने ? शिक्षाको विकास गर्न चाहने सरकारले सम्मेलनले उठाएका विषयहरू अध्ययन गर्न लगाएर पुस्तकालयहरूको विकासमा निश्चित नीतिनियम बनाई सहयोग गर्ने परिपाटी बसालोस् भन्ने हाम्रो पनि माग छ ।

यस अङ्कमा पुस्तकालयसम्बन्धी सामग्री र विवरणहरू धेरै भए पनि सबै स्थायी स्तम्भका अतिरिक्त साहित्यिक सामग्रीहरू पर्याप्त नै छन् । यिनलाई पढिदिने पाठक चाहिएका छन् ।

– रामप्रसाद र केशव भट्टराई
पोखरा, कास्की ।

–ooo–

किरण पुस्तकालयका आजीवन सदस्यहरूको परिचय

नाम : **चन्द्रकान्त आचार्य**
जन्म : सन् १९५१, वाङ्ला, अर्घाखाँची, नेपाल
माता/पिता : जमुना आचार्य/पोमनारायण आचार्य
शिक्षा : सर्भे इञ्जिनियरिङ्ग डिग्री, मस्को सर्भे इन्स्टच्यूट १९७३
जियोडेसीमा मास्टर, अक्स्फोर्ड विश्वविद्यालय, यु.के.१९७८
स्थायी ठेगाना : वाङ्ला-२ (हाल सन्धिखर्क न.पा.-४), अर्घाखाँची, नेपाल
हाल : १०८ नवसिर्जन मार्ग, नयाँवानेश्वर, काठमाडौं
फोन : ०१-४४७३८९६, ९८५११०६३८१
E-mail : *chandrakantaacharya1@gmail.com*

सामाजिक/साहित्यिक संघ-संस्थामा संलग्नता :

❑ अध्यक्ष : मित्रकुञ्ज (२०१४-२०१५)
❑ संस्थापक संयोजक : अर्घाखाँची सम्पर्कसदन, काठमाडौं
❑ आजीवन सदस्य : नेपाल इञ्जिनियर्स एसोसिएसन, दायित्व वाङ्मय प्रतिष्ठान, नियात्रा समाज नेपाल, कौशिकी, किरण पुस्तकालय, गुल्मी र मोती सामुदायिक पुस्तकालय, अर्घाखाँची ।
❑ विशिष्ट सदस्य : शिवपुरी त्रैमासिक
❑ सहयोगी सदस्य : अभिव्यक्ति द्वैमासिक
❑ प्रधानसम्पादक : नियात्रा चौमासिक बुलेटिन

प्रकाशित साहित्यिक रचनाहरू :

❑ ज्वाला, उपन्यास २०५७, ❑ सम्झनाको क्षितिजबाट यात्रा संस्मरण, २०६१
❑ मित्रता, उपन्यास २०६२ ❑ दासतामुक्ति, उपन्यास २०६३
❑ न्युयोर्क सुन्दरी, उपन्यास २०६३ ❑ हरित भूमि, उपन्यास २०७२
❑ सपनाको देशमा, नियात्रा सङ्ग्रह २०७३

प्रकाशोन्मुख कृति : ❑ सिर्जना, कथासंग्रह

हाम्रो पुरुषार्थ, मधुपर्क, गरिमा र अन्य साहित्यिक पत्रिकाहरूमा नेपाली र मास्को लिटरेचर र रास्तोभ नादोनु पत्रिकामा रूसी भाषामा लेख रचनाहरू प्रकाशित ।

पुरस्कार : ❑ रामराज पन्त स्मृति सम्मान, २०६२
❑ वैजयन्तीश्रष्टा सम्मान २०७१ ❑ नरबहादुर भारती सम्मान
❑ नेपाली साहित्य विश्वसंसद, सम्मान-पत्र २०७२ ।

-ooo-



नाम : **शेरजंगबहादुर बस्नेत**
पिता : (शंकर) दलबहादुर बस्नेत
माता : प्रेमकुमारी बस्नेत
हजुरबुबा/हजुरआमा : कृष्णबहादुर बस्नेत/राधा बस्नेत
जन्ममिति : २०१०/०४/१५
सम्पर्क फोन नं. : ९८५७०६७४२८
ठेगाना : रेसुङ्गा नगरपालिका-३, भाडगाउँ, मन्दिरटोल, गुल्मी
शिक्षा : प्रमाणपत्र तह

२०३२ सालमा सरकारी सेवामा प्रवेश गरी २०५५ कार्तिकसम्म अटूट सेवा गरी सेवानिवृत्त । शिवशक्ति सामुदायिक वन उपभोक्ता समिति, लेकाली सहकारी समितिको सचिव, भाडगाउँ मा.वि. सञ्चालक समितिको अध्यक्ष, महेन्द्र मा.वि. तम्घासको सञ्चालक समितिको सदस्य एवं शिक्षक अभिभावक संघको अध्यक्ष, बस्नेत संघ गुल्मी र रेसुङ्गा संरक्षण समिति गुल्मीको सदस्य भई काम गरेको । नेपाली काँग्रेस गाउँ कमिटी अर्खलेको सचिव र क्षेत्रीय सभापति भई काम गरेको । प्रजातन्त्र, समाजवाद र राष्ट्रियताको विचारधाराप्रति प्रतिबद्ध ।

हाल पूर्व कर्मचारी सेवा परिषद् गुल्मीको सचिव, ज्येष्ठ नागरिक, जिल्ला संघ गुल्मीको कोषाध्यक्ष र जिल्ला सहकारी संघ, गुल्मीको सदस्य भई कार्यरत। विभिन्न धार्मिक, शैक्षिक, सांस्कृतिक अभियान र संस्थाहरूमा विशेष सहयोगसाथ क्रियाशील । धार्मिक र शैक्षिक क्षेत्रमा विशेष अभिरुचि र क्रियाशीलता । नेपाल, भारत, चीनका विभिन्न स्थानको भ्रमण । विभिन्न पत्रपत्रिकाहरूमा लेख-रचना प्रकाशित । 'आत्मकथा' प्रकाशोन्मुख । आध्यात्मिक चिन्तन, सत्संग, अध्ययन-मनन, भ्रमण, लेखन र सेवा-सत्कार्यमा अभिरुचि ।

–ooo–

हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरूको नामावली

९१८. श्री ऋषिराम रेग्मी — तुल्सीपुर उपमहानगरपालिका-१६, दूधरास, दाङ, मो.नं.९७४८५०६१४८
९१९. श्री सरिता देवकोटा — घोराही उपमहानगरपालिका-१०, नारायणपुर, दाङ, मो.नं.९८४७८४६९५६
९२०. श्री ज्ञानबहादुर बस्नेत — तुलसीपुर उपमहानगरपालिका-१८, दूधरास, दाङ, मो.नं.९८५७८३०२५६

–ooo–

स्वर्ण महोत्सव मनाइरहेको किरण पुस्तकालय र यस अवसरमा 'किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क' प्रकाशन गर्न थालेको 'हाम्रो पुरुषार्थ'लाई अझ बढी विकास र विस्तारका लागि मङ्गलमय कामना प्रकट गर्दछौं ।

न्यू शैलजा कमर्सियल सेन्टर

तम्घास, गुल्मी

थोपा, थोपा गरेर गाग्री भरिन्छ; तपाईंले थोरै थोरै जम्मा गर्दै गए पनि धेरै हुन्छ ।

नियमित रूपमा बचतगर्ने बानी बसाली सहकारी अभियानलाई सफल पार्नुहोस् ।

लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.

राममन्दिरलाइन, बुटवल-६, रूपन्देही

फोन : +९७७-७१-५४२०७२, ५४६६७२, फ्याक्स नं. : +९७७-७१-५५००७२

E-mail : lumbinis@yahoo.com, lumbinicop@gmail.com

हार्दिक शुभकामना !

स्वर्ण महोत्सव मनाइरहेको किरण पुस्तकालय र यस अवसरमा 'किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क' प्रकाशन गर्न थालेको 'हाम्रो पुरुषार्थ'लाई अझ बढी विकास र विस्तारका लागि मङ्गलमय कामना प्रकट गर्दछौं ।

कर्मचारी मिलन केन्द्र

तम्घास, गुल्मी

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन-सम्पत्तिको बरवाद गर्दछ । यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपूरणीय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखि टाढा रहौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

किरण पुस्तकालयको स्वर्णजयन्तीको अवसरमा आयोजित विभिन्न कार्यक्रमको अन्त्यमा प्रमुख अतिथि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण बिष्टलाई उपहार प्रदान गर्दै पुस्तकालयका पदाधिकारीहरू

५ नं. प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलनको एक झलक

५ नं. प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलनमा मन्तव्य राख्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पुस्तकालय समन्वय शाखाका प्रमुख उप-सचिव यादवचन्द्र निरौला

हाम्रो पुरुषार्थ त्रैमासिक

जि.का., गुल्मी द.नं.: ०१/२०३५/०३६

किरण पुस्तकालय, गुल्मीको प्रस्तावित नयाँ भवनको रूपरेखा

पुस्तिका प्रिन्टर्स, गुल्मी (०७५०१०)